CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द-रचना र वर्ण-विन्यास

भाषा-वैज्ञानिक पद्धति

मोहनराज शर्मा

प्रकाशक
पाठ्यक्रम विकास केन्द्र
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२

मेघराज केडेल
२०४०।८।२२

१३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द-रचना र वर्ण-विन्यास

भाषा-वैज्ञानिक पद्धति

लेखक

मोहनराज शर्मा

प्रकाशक

पाठ्यक्रम विकास केन्द्र

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाण्डौ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक:

पाठ्यक्रम विकास केन्द्र

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

(सर्वाधिकार त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रमा सुरक्षित)

प्रथम संस्करण ३०००
२५ असोज २०३६
११ अक्टूबर १९७९

मूल्य :

मुद्रक :

साझा प्रकाशनको छापाखाना

पुल्चोक, ललितपुर ।

फोन नं० २१०२३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

त्यो चाहिं त्यो हो र यो चाहिं यो । त्यो भनेको 'शब्द-रचना र वर्ण-विन्यास' हो, अनि यो भनेको 'शब्द-रचना र वर्ण-विन्यास : भाषा-वैज्ञानिक पद्धति' हो । दुवैको फरक विषय-क्षेत्रमा छैन, तर विषय-प्रतिपादनमा भने पुरै विभेद छ । खास भिन्नता के हो भने त्यसको लेखनमा कुनै दृष्टिकोण अँगालिएको थिएन, तर यसमा चाहिं आधुनिक भाषा-वैज्ञानिक दृष्टिकोण अँगालिएको छ । अनि त्यसमा तथ्य-सङ्कलन मात्र गरिएको थियो भने यसमा चाहिं सो तथ्यको छानबिन र केही विश्लेषण पनि गरिएको छ । जे होस्, निकै हदसम्म त्यो पुस्तक नै यस पुस्तकको आधार-सामग्री चाहिं भएको छ ।

परम्परित नेपाली व्याकरणमा नेपाली भाषाको प्रकृति र वृत्तिको ठाउँ-ठाउँ उपेक्षा गरिएको स्पष्ट देख्न सकिन्छ । प्रस्तुत पुस्तकमा वर्णनात्मक पद्धतिबाट नेपाली भाषाको प्रकृति र प्रवृत्ति निक्योली सो आधारमा निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । साँचो कुरो गर्ने हो भने नेपाली भाषाको ज्यादै विशाल फाँटमा यो त अत्यन्त सीमित र अत्यन्त लघु प्रयास हो । यसमा नेपालीको रूपात्मक व्याकरणलाई सारै हलुका पाराले कोट्टयाइएको मात्र छ ।

प्रस्तुत पुस्तकमा सार्वभाषिक आधुनिक व्याकरणका आधारमा विषयको प्रतिपादन गर्ने प्रयास गरिएको छ । यसलाई जति आधुनिक र भाषा-वैज्ञानिक बनाउने मेरो योजना थियो, त्यो समयाभावले गर्दा सम्भव हुन सकेन तापनि यसले नेपाली शब्द-रचनालाई भाषा-वैज्ञानिक दृष्टिबाट हेर्न केही सघाउला भन्ने विश्वास लिएको छु । नेपाली रूपात्मक व्याकरणका फाँटमा पर्ने शब्द-रचनासम्बन्धी यो पुस्तक ज्यादै प्रारम्भिक प्रकारको भएकाले गहन अध्येताका निम्ति त्यति उपयोगी नठहर्ला, तर सिकारुहरूका निम्ति अलिकति पनि उपयोगी हुनसके आफ्नो श्रम खेर नगएको ठान्नेछु ।

विषयगत धारणालाई स्पष्ट र पुष्ट पार्न विभिन्न देशका प्रकाण्ड भाषा-वैज्ञानिकहरूका गहन कृतिहरूबाट प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पाएको हुँदा ती सबैप्रति हार्दिक आभार प्रकट गर्दछु । अन्त्यमा यसलाई प्रकाशित गर्ने 'पाठचक्रम विकास केन्द्र' (त्रि० वि०) लाई धन्यवाद दिंदै आफ्नो भन्ने पनि टुङ्ग्याउँछु ।

—लेखक

२२।८।२०३६

पाको, काठमाण्डौ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

वि. सं. २०४० सम्ममा नेपाली भाषालाई उच्च शिक्षाको माध्यम गराउने त्रिभुवन विश्वविद्यालयको लक्ष्य रहेको छ । सो लक्ष्यलाई ध्यानमा राख्दा विज्ञान, प्रविधि र अन्य क्षेत्रहरूलाई समेत आवश्यक पर्ने पाठ्यपुस्तक एवं सन्दर्भग्रन्थहरू नेपाली भाषामा लेखाई प्रकाशित गर्नु अत्यन्त जरूरी हुन आएको छ । त्यस्तै नेपाली भाषामा जतिसक्यो चाँडो सकभर बढी पुस्तकहरू प्रकाशित गर्नेतर्फ यस केन्द्रले प्रत्येक आर्थिक वर्षको आफ्नो कार्य-योजनामा विशेष जोड दिँदै आएको छ । प्रमाणपत्र-तह उच्च शिक्षाको जग-तह भएकाले यस तहका निमित्त आवश्यक पाठ्यपुस्तकहरू अपवादका अवस्थामा बाहेक अन्य अवस्थामा नेपाली भाषामै तयार गराई प्रकाशित गर्न थालिसकेको छ। तर प्रमाणपत्रतहकै निमित्तमात्र पुस्तकहरू नेपाली भाषामा करार गर्नुपर्दछ भन्ने यस केन्द्रको नीति होइन। स्नातक र स्नातकोत्तर तहहरूका निमित्त पनि नेपाली भाषामा लेखिएका पुस्तकहरू यस केन्द्रबाट प्रकाशित हुने गरेका छन् र अझ प्राथमिकताका साथ प्रकाशित गरिन्छ पनि ।

प्रस्तुत पुस्तक त स्वयं नेपाली भाषासम्बन्धी पुस्तक नै भयो । प्रमाणपत्र र स्नातक दुवै तहमा हुने अनिवार्य नेपाली विषयको अध्ययन-अध्यापनको निमित्त यो पुस्तक तयार भएको हो । नेपाली विषयको अध्यापनमा लामो अनुभव बनाइसक्नुभएका श्री मोहनराज शर्माज्यू (सह-प्राध्यापक)ले प्रस्तुत पुस्तक यस्तै अघिल्लो पुस्तकभन्दा सपरिश्रम परिष्कार र अद्यतनीकरण गरी तयार पार्नुभएको हो । **शब्द-रचना र वर्ण-विन्यास :** भाषा-वैज्ञानिक पद्धति शीर्षक यस पुस्तकले प्रमाणपत्र र स्नातकतहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई मात्र होइन, नेपाली भाषाको माध्यमबाट भाषा-विज्ञानको प्रारंभिक अध्ययन गर्न तम्सेका अन्य जिज्ञासुहरूलाई समेत धेरै सघाउ पुग्ला भन्ने यसको धारणा छ । प्रस्तुत पुस्तक यस केन्द्रको नेपाली भाषामा प्रकाशित २९ औं प्रकाशन हो । लेखक श्री मोहनराज शर्माज्यूको संक्षिप्त प्राज्ञिक जीवनी यस पुस्तकको अन्तमा समाविष्ट छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस केन्द्रको मूल लक्ष्य विद्यार्थीहरूका ज्ञानको विस्तारका लागि जतिसक्यो चाँडो सरल मूल्यमा गहकिला पाठचपुस्तक एवं सन्दर्भग्रन्थहरू उपलब्ध गराउँदै जाने भएकाले यसतर्फ गरिएका संपूर्ण प्रयासमाथि विज्ञजनका समालोचनात्मक दृष्टि जाने नै छन् र सोही अनुसार यस केन्द्रले वहाँहरूबाट मार्गदर्शन पाउँदै जानेछ भन्ने विश्वास समेत राखिएको छ।

बुधवार
२०३६ असोज ३ गते

निर्देशक
पाठ्यक्रम विकास केन्द्र
त्रि. वि., कीर्तिपुर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-सूची

१. शब्द-रचना १–१७

भाषाको व्याकरणात्मक उपव्यवस्था र शब्द-रचना १,
रूपिम र शब्दको संरचना ३,
शब्द र शब्द-रचना १०,
शब्द-वर्ग ११,
व्याकरणात्मक कोटिहरू १४।

२. शब्द-भण्डार : ग्रहण र रचना १८–२८

शब्द-भण्डार १८,
शब्द-ग्रहण र विभिन्न स्रोतहरू १८,
शब्द-रचना र रचना-पद्धतिहरू २३।

३. सर्ग-पद्धति र शब्द-रचना २९–५१

सर्ग-पद्धति र यौगिक विधान २९,
आधार तत्त्व ३३,
आधेय तत्त्व ३५,
सर्ग-विधान र रचना-प्रक्रिया ३६,
रूपध्वनिप्रक्रिया र संपरिवर्तक ३९,
व्युत्पादन र रूपायन ४३।

४. शब्द-रचनाका मूल र व्युत्पन्न तत्त्व ५२–६५

तत्त्व र शब्द ५२,
मूल तत्त्व र व्युत्पन्न तत्त्व ५३,
धातु ५५,
प्रातिपदिक ५९,
सर्ग ६१।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५ धातुसर्ग र प्रथम व्युत्पन्न शब्द ६६–७९
अर्थ, स्वरूप र कार्य ६६,
रूपध्वनिप्रक्रियात्मक परिवर्तन ६९,
धातुसर्ग र अर्थ ७१,
धातुसर्ग र प्रथम व्युत्पन्न नाम ७३,
धातुसर्ग र प्रथम व्युत्पन्न विशेषण ७६,
धातुसर्ग र प्रथम व्युत्पन्न क्रियाविशेषण ७८।

६. संस्कृत कृत् सर्ग र कृदन्त शब्द ८०–८८
संस्कृत कृत् सर्ग ८०,
संस्कृत कृदन्त शब्द ८३।

७. प्रातिसर्ग र द्वितीय व्युत्पन्न शब्द ८९–१११
अर्थ, स्वरूप र कार्य ८९,
धातुसर्ग र प्रातिसर्गमा फरक ९१,
परसर्ग र यसका संयुक्त रूप ९२,
प्रातिसर्ग र द्वितीय व्युत्पन्न नाम, विशेषण, अव्यय ९३,
द्वितीय व्युत्पन्न सर्वनाम १०३,
संख्यावाचक द्वितीय व्युत्पन्न शब्द १०६,
क्षुद्रतावाचक द्वितीय व्युत्पन्न शब्द १०७,
नामधातु १०८,
सर्ग-वैपरीत्य र द्वितीय व्युत्पन्न शब्द ११०।

८. संस्कृत तद्धित र तद्धितान्त ११२–१२०
तद्धित सर्ग ११२,
तद्धितान्त शब्द ११३,
तद्धित र तद्धितान्त ११५।

९. उपसर्ग र शब्द-रचना १२१–१५८
अर्थ, स्वरूप र कार्य १२१,
नेपाली उपसर्ग १३०,
संस्कृत उपसर्ग १३२,
अन्य आगन्तुक उपसर्ग १५६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०. **आगन्तुक सर्ग र आगन्तुक शब्द १५९–१७०**
आगन्तुक शब्द १५९,
आगन्तुक सर्ग १५९,
नेपालीमा आगन्तुक सर्गयुक्त शब्द १५९,
अरबी परसर्ग १६०,
फारसी परसर्ग १६३,
अङ्ग्रेजी परसर्ग १६७,
शब्दको सापटी १६८ ।

११. **समास र समस्त शब्द १७१–२१४**
अर्थ, स्वरूप र कार्य १७१,
तत्पुरुष समास र समस्त शब्द १८६,
कर्मधारय समास र समस्त शब्द १९२,
द्विगु समास र समस्त शब्द १९६,
अव्ययीभाव समास र समस्त शब्द १९८,
द्वन्द्व समास र समस्त शब्द २०१,
बहुव्रीहि समास र समस्त शब्द २०४,
पदसमूहात्मक समस्त शब्द २११ ।

१२. **द्वित्व-पद्धति र द्विरुक्त शब्द २१५–२२३**
अर्थ, स्वरूप र कार्य २१५,
द्विरुक्त शब्दका रचना-विधानहरू २१७,
केही थप कुरा २२२ ।

१३. **अनुकरणात्मक शब्द २२४–२३४**
अर्थ, स्वरूप र कार्य २२४,
अनुकरणात्मक शब्दको संरचना २२७,
अनुकरणात्मक शब्दको प्रयोग २२८,
अनुकरणात्मक शब्दको सूची २३० ।

१४. **निपात २३५–२४२**
अर्थ, स्वरूप र कार्य २३५,
निपातको वर्गीकरण २३९,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीमावर्त्ती निपात २४०,
निपातीय प्रयोग २४२ ।

१५. प्राविधिक (पारिभाषिक) शब्द २४३–२७३
अर्थ, स्वरूप र कार्य २४३,
प्राविधिक शब्दको संरचना २४५,
प्राविधिक शब्दको प्रयोग २४६,
प्राविधिक शब्दको अर्थ २४९,
प्राविधिक शब्दको सूची २६५ ।

१६. टुक्का र उखान २७४–३०७
टुक्काको अर्थ, स्वरूप र कार्य २७४,
टुक्काको संरचना २७९,
उखानको पहिचान २८०,
उखान र टुक्कामा फरक २८१,
टुक्काको प्रयोग २८२,
टुक्काको अर्थ २८५,
उखानको प्रयोग २९१,
उखानको अर्थ २९९ ।

१७. वर्ण-विन्यास ३०८–३३१
वर्ण-विन्यास के हो ३०८,
लेखिकी र लेखन-पद्धति ३०९,
स्तरीकरण के हो ३११,
वर्ण-विन्यासको स्तरीकरण किन ३११,
स्तरीकरणका समस्याहरू ३१३,
देवनागरी वर्णमालासम्बन्धी ३१४,
ह्रस्व-दीर्घसम्बन्धी ३१७,
अनुनासिक र अनुस्वारसम्बन्धी ३२२,
उच्चारण-भिन्नतासम्बन्धी ३२३,
परम्परागत लेखनसम्बन्धी ३२५,
संस्कृत (तत्सम) शब्दसम्बन्धी ३२६,
आगन्तुक शब्दसम्बन्धी ३२७,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदयोग र पदवियोगसम्बन्धी ३२८,
वर्णेतर चिह्नसम्बन्धी ३२९,
उपसंहार ३३० ।

परिशिष्ट

क. वर्ण-विन्यास र चिह्न-परिचय ३३४
ख. नेपाली तद्भव र आगन्तुक शब्दको वर्ण-विन्यास सम्बन्धी नियमको सामान्यीकरण ३५५
ग. संस्कृतमा सन्धिका नियम ३६१
घ. पारिभाषिक शब्द-सूची ३६९
ङ. विशिष्ट चिह्नहरू ३७७

सन्दर्भग्रन्थ-सूची ३७९
अनुक्रमणिका ३८३

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द-रचना र वर्ण-विन्यास

भाषा-वैज्ञानिक पद्धति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक

शब्द-रचना

१. भाषाको व्याकरणात्मक उपव्यवस्था र शब्द-रचना

१.१ भाषा यस्तो व्यवस्था हो जसका केही उपव्यवस्था पनि छन् । विभिन्न भाषिक उपव्यवस्थामध्ये एउटा महत्त्वपूर्ण उपव्यवस्थालाई **व्याकरण** भनिन्छ । भाषाको व्याकरणात्मक उपव्यवस्था बुझ्न सजिलो होस् भन्ने उद्देश्यले व्याकरणको संरचनालाई दुई फ्याकमा विभाजित गरिन्छ, जसमध्ये एउटा फ्याकलाई **वाक्यात्मक संरचना** र अर्कालाई चाहिँ **रूपात्मक संरचना** भनिन्छ । **शब्द-रचना**को सम्बन्ध भाषाको व्याकरणात्मक उपव्यवस्थाका फाँटमा पर्ने रूपात्मक संरचनासंग छ ।

१.२ सरल शब्दमा भन्नुपर्दा शब्द-रचना भनेको शब्द बनाउने काम हो । जसको रचना हुन्छ, त्यसका **संरचना-तत्त्व** पनि अवश्य हुन्छन् । शब्दका संरचना-तत्त्व के हुन् र यिनको विन्यास कसरी गरिन्छ भन्ने बुझ्न भाषाको व्याकरणात्मक संरचना हेर्नु खाँचोपर्दो छ ।

अन्य विभिन्न भाषा झैं नेपालीको पनि आफ्नै व्याकरणात्मक उपव्यवस्था छ । यस उपव्यवस्थामा नेपालीको व्याकरणात्मक संरचना वाक्यात्मक र रूपात्मक गरी दुई फ्याकमा विभाजित छ । नेपाली भाषाको व्याकरणात्मक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संरचनाका पाँच **एकाइ** छन्, जसमध्ये प्रत्येकको निश्चित क्रम वा मान **श्रेणी-मापदण्डमा** यस प्रकार निर्धारित छ –



माथि चित्रित श्रेणी-मापदण्डका माथमा रहेको **वाक्यलाई** सबभन्दा ठुलो व्याकरणात्मक एकाइ र पुछारमा रहेको **रूपिमलाई** सबभन्दा सानो व्याकरणात्मक एकाइ मानिन्छ । एउटा **वाक्यमा** एक वा एकभन्दा बढी उपवाक्य, एउटा **उपवाक्यमा** एक वा एकभन्दा बढी पदसमूह, एउटा **पदसमूहमा** एक वा एकभन्दा बढी शब्द र एउटा **शब्दमा** एक वा एकभन्दा बढी **रूपिम** रहनुबाट यस कुराको दरो पुष्टि हुन्छ । चित्रमा व्याकरणको रूपात्मक संरचनालाई जनाउने तलतिर फर्केका काँड(↓) ले **वाक्य → उपवाक्य → पदसमूह → शब्द → रूपिम** क्रमशः तल्ला वा साना एकाइ हुन् भन्ने र वाक्यात्मक संरचनालाई जनाउने मास्तिर फर्केका काँड (↑)ले **रूपिम → शब्द → पदसमूह → उपवाक्य → वाक्य** क्रमशः माथ्ला वा ठुला एकाइ हुन् भन्ने निर्देशित गरेका छन् ।

१.३ श्रेणी-मापदण्डको कुनै एकाइ आफूभन्दा लगत्तै माथ्ला एकाइमा कसरी क्रियाशील हुन्छ भनेर हेर्नु वाक्यात्मक संरचनाको विषय हो, जसलाई **वाक्य-विज्ञान** भनिन्छ । यसैगरी कुनै एकाइको संरचना त्यसभन्दा लगत्तै तलको एकाइबाट कसरी हुन्छ भनेर हेर्नु रूपात्मक संरचनाको विषय हो, जसलाई **पद-विज्ञान** भनिन्छ । वाक्य-विज्ञान होइन पद-विज्ञानको विषय भएकाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द-रचना व्याकरणको वाक्यात्मक संरचना होइन रूपात्मक संरचनाअन्तर्गत पर्छ ।

१४ श्रेणी-मापदण्डका प्रत्येक माथ्ला एकाइको संरचना प्रत्येक तल्ला एकाइबाट हुन्छ । यसको अर्थ के हो भने माथ्लो एकाइ **वाक्य** (**सरल, मिश्र** र **संयुक्त** गरी तीन थरी)को संरचना तल्लो एकाइ **उपवाक्य**का सदस्यहरू **नाउ** (नाम उपवाक्य), **विउ** (विशेषण उपवाक्य) र **क्रिविउ** (क्रियाविशेषण उपवाक्य) बाट, माथ्लो एकाइ **उपवाक्य**को संरचना तल्लो एकाइ **पदसमूह**का सदस्यहरू **नाप** (नाम पदसमूह), **क्रिप** (क्रिया पदसमूह) र **क्रिविप** (क्रियाविशेषण पदसमूह) बाट, माथ्लो एकाइ **पदसमूह**को संरचना तल्लो एकाइ **शब्द**का सदस्यहरू **आत** (आधार तत्त्व), **आत**+**पर** (परसर्ग), अनि **उप** (उपसर्ग)+ **आत**+**पर**बाट र माथ्लो एकाइ **शब्द**को संरचना तल्लो एकाइ **रूपिम** (**बद्ध** र **मुक्त** गरी दुई थरी) बाट हुन्छ । सबभन्दा तल्लो एकाइ रूपिमको संरचना हुन्न, किनभने यसभन्दा तल्लो व्याकरणात्मक एकाइ हुन्न । व्याकरणको रूपात्मक संरचना भन्नाले उपर्युक्त प्रत्येक एकाइको लगत्तै तलका एकाइबाट संरचना भन्ने बुझिन्छ भने **शब्द-रचना** भन्नाले रूपिमबाट शब्द एकाइको संरचना भन्ने मात्र बुझिन्छ । नेपालीमा केही शब्द (समस्त शब्द)को रचना माथ्लो एकाइ पद-समूहबाट भएको देखिन्छ, तर तिनका पनि प्रत्येक सदस्यको संरचनामा रूपिम नै हुन्छ ।

छोटकरीमा भन्ने हो भने शब्दको संरचना श्रेणी-मापदण्डको सबभन्दा सानो एकाइ रूपिमका सदस्यहरूबाट हुन्छ । यसैले रूपिमलाई शब्दको संरचना-तत्त्व मानिन्छ । शब्दका यिनै संरचना-तत्त्व अर्थात् रूपिमहरूको विन्यास र योगलाई **शब्द-रचना** भनिन्छ । विन्यस्त रूपिमहरूको योग हुँदा तीसँग सम्बन्धित विभिन्न अर्थक शब्दहरूको निर्माण हुन्छ । शब्दको यस निर्माण वा रचनालाई परम्परित शब्दमा **व्युत्पत्ति** भनिन्छ ।

२. रूपिम र शब्दको संरचना

२.१ श्रेणी-मापदण्डको दोस्रो र भाषा एवं व्याकरणको अत्यन्त महत्त्वपूर्ण एकाइ शब्दको रचना रूपिमबाट हुन्छ । **शब्दको संरचनामा क्रियाशील हुने रूपिमलाई अर्थ र व्याकरणिक दृष्टिबाट सबभन्दा सानो वा तल्लो एकाइ मानिन्छ** । यसअनुसार–

क. **रूपिम सबभन्दा सानो व्याकरणिक एकाइ हो** । यस अभिलक्षणका आधारमा रूपिमको पहिचानका निमित्त तल व्याकरणात्मक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकाइहरूको श्रेणी-मापदण्डका क्रमशः तल्ला एकाइहरूमा विश्लेषण गरिएको छ–

(**फराकिलो दृष्टि बनाऊ**) भन्ने उपदेश उनले दिए →वाक्य

(**फराकिलो दृष्टि**) बनाऊ →उपवाक्य

(**फराकिलो**) दृष्टि →पदसमूह

(**फराकिलो**) →शब्द

फराक्,इलो →रूपिम

कोष्ठकद्वारा सीमित अंशको क्रमशः तल्ला एकाइमा विश्लेषण गर्दा सबभन्दा तल्लो एकाइमा [**फराक्–**] र [**–इलो**] दुई तत्त्व प्राप्त भएका छन्। यी दुवै तत्त्व सबभन्दा तल्लो व्याकरणात्मक एकाइमा प्राप्त भएकाले रूपिम हुन्।

ख. **रूपिम अर्थयुक्त एकाइ हो।** यस दृष्टिबाट हेर्दा {**फराकिलो**}को विश्लेषणबाट प्राप्त दुवै खण्डहरू छुट्टाछुट्टै सार्थक देखिन्छन्। रूपिम [**फराक्–**]को अर्थ **विस्तृत** र यसबाट व्युत्पन्न शब्द {फराकिलो} को अर्थ **फराक भएको** भन्ने हो। [**–इलो**] गाँसिनाले {**फराकिलो**}मा **भएको** भन्ने अर्थ थपिएको छ, जो [**फराक्–**]मा छैन। प्रस्तुत सन्दर्भमा थप हुन आएको **भएको** भन्ने अर्थ नै [**–इलो**]को अर्थ हो। यस प्रकार अर्थयुक्त देखिएकाले [**फराक्–**] र [**–इलो**] दुवै रूपिम हुन्।

ग. **रूपिम अर्थका दृष्टिबाट सबभन्दा सानो एकाइ हो।** मोटामोटी भन्ने हो भने त्यस एकाइलाई सबभन्दा सानो मानिन्छ जो अझ वढी खण्डमा टुक्रिन्न। अन्य दृष्टिबाट होइन अर्थका दृष्टिबाट रूपिम सबभन्दा सानो एकाइ भएकाले यसलाई पनि अझ वढी सार्थक खण्डमा टुक्रयाउन सकिन्न। रूपिमलाई अझ बढी टुक्र्याउँदा अर्थको सत्ता नष्ट हुन्छ र निरर्थक खण्डहरू मात्र प्राप्त हुन्छन्। {**फराकिलो**}लाई टुक्रयाउँदा [**फराक्–, –इलो**] का रूपमा यस्ता दुई खण्ड प्राप्त हुन्छन् जुनमा बेग्लाबेग्लै पनि अर्थको सत्ता छ। यी सार्थक खण्डलाई अझै टुक्र्याउँदा [**फरा, क/फर्,आक/फ, र, आ, क**] वा [**इल्, ओ/ इ, ल्, ओ**] टुक्राहरू प्राप्त हुन्छन्, जुनमध्ये कुनै पनि बेग्लाबेग्लै सार्थक खण्ड होइनन्। यसबाट के स्पष्ट हुन्छ भने अर्थका दृष्टिबाट सबभन्दा साना एकाइ [**फराक्–, –इलो**] हुन्, तर यस् भन्दा पनि साना खण्ड [**फरा, क...**] वा [**इल् ओ...**] चाहिं सो एकाइ होइनन्, किनभने [**फराक्–, –इलो**]मा अर्थको सत्ता प्रत्येक खण्डमा छ र [**फरा, क इल्, ओ...**]मा चाहिं प्रत्येक खण्डबाट अर्थको अस्तित्व नामेट भएको छ। निचोर के भने सार्थक लघुतम एकाइ भएकाले [**फराक्–**]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र [–इलो] रूपिम हुन् र अन्य दृष्टि (ध्वनि) बाट टुक्रिए पनि अर्थका दृष्टिबाट निरर्थक खण्ड [**फरा, क... इल् ओ...**] चाहिं रूपिम होइनन् ।

घ. **रूपिम विभिन्न परिवेशमा अपेक्षाकृत स्थिर अर्थका साथ पुनरावृत्त हुने एकाइ हो ।** उदाहरणका निमित्त रूपिम [**दाँत्**–]को {**दँतार दँतुलो, दँतुली, दनासो दतिउन, दाँती**...} जस्ता भिन्न-भिन्न परिवेशमा अपेक्षाकृत स्थिर अर्थका साथ पुनरावृत्ति भएको छ । यसैगरी रूपिम [–**इलो**]को {**हँसिलो, फराकिलो, रसिलो**...} जस्ता भिन्न-भिन्न परिवेशमा अपेक्षाकृत स्थिर अर्थका साथ पुनरावृत्ति भएको छ ।

ङ. **रूपिम सिङ्गो शब्द हो र यो सिङ्गो शब्दको एउटा अंश पनि हो ।** {**फराक**} एउटा शब्द र एउटा रूपिम हो, तर {फराकिलो} एउटा शब्द र दुइटा रूपिम हो, किनभने यस एक शब्दमा [**फराक्+इलो**] दुई रूपिम छन् । पहिलो स्थितिमा रूपिम एउटा शब्द हो र दोस्रो स्थितिमा चाहिं शब्दको अङ्गमात्र हो ।

२.२ एक थरी विभाजनअनुसार रूपिमलाई दुई वर्गमा बाँडिन्छ— **मुक्त र बद्ध । मुक्त रूपिम त्यो हो जो अन्य रूपिमको आड-भर नलिई एक्लै वा स्वतन्त्र रूपमा पनि प्रयुक्त हुन्छ ।** यसका विपरीत **बद्ध रूपिम त्यो हो जो अन्य रूपिमको आड-भर नलिई एक्लै वा स्वतन्त्र रूपमा प्रयुक्त हुन्न ।** उदाहरणका निम्ति {**फराकिलो**}को संरचनामा रहेका दुई रूपिममध्ये [**फराक्**–] मुक्त हो र [–**इलो**] चाहिं बद्ध हो । [**फराक्**–] मुक्त किन हो भने यो एक्लै पनि प्रयुक्त हुन्छ, जस्तै– # **आफ्नो दृष्टि फराक बनाऊ** # वाक्यमा यसको स्वतन्त्र प्रयोग देख्न सकिन्छ । यसका विपरीत [–**इलो**] चाहिं बद्ध रूपिम किन हो भने यो अरू कुनै रूपिममा नगाँसिई एक्लै वा स्वतन्त्र रूपमा प्रयुक्त हुन्न । नेपालीमा प्रयुक्त हुने मूल शब्दहरू मुक्त रूपिम हुन् र धातु, प्रातिपदिक तथा सर्गहरू चाहिं बद्ध रूपिम हुन् ।

नेपालीमा प्रयुक्त हुने शब्दको संरचनामा मुक्त र बद्ध रूपिमको वितरण निम्नमध्ये कुनै एक ढाँचामा हुन्छ :—

ढाँचा–१

शब्दको संरचनामा एउटा मुक्त रूपिम हुन्छ, जस्तै– **फराक, पानी, स्थान, ट्रक**... । यस खालका शब्द र रूपिममा केही फरक नभई दुवैको रूप एकनास हुन्छ ।

ढाँचा–२

शब्दको संरचनामा एउटा मुक्त रूपिम र एक वा एकभन्दा बढी बद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपिम हुन्छ, जस्तै– **फराकिलो, ठगार, घरेलुपन...।** {**फराकिलो**}को संरचनामा एउटा मुक्त रूपिम [**फराक्–**] र एउटा बद्ध रूपिम [**–इलो**], {**ठगार**}का संरचनामा एउटा मुक्त रूपिम [**ठग्–**] र एउटा बद्ध रूपिम [**–आर**], अनि {**घरेलुपन**}को संरचनामा एउटा मुक्त रूपिम [**घर्–**] र दुइटा बद्ध रूपिम [**–इलो, –पन**] छ। यस ढाँचामा एकभन्दा बढी रूपिमहरूको यौगिक विधान निम्नमध्ये कुनै एक प्रकारको हुन्छ—







ढाँचा–३

शब्दको संरचनामा सबै बद्ध रूपिम हुन्छन्, जस्तै– **घुमाउरो, अमिलनसारी...।** {**घुमाउरो**}को संरचनामा तीनोटा बद्ध रूपिम [**घुम्–, –आउ, –रो**] छन् भने {**अमिलनसारी**}का संरचनामा पाँचोटा बद्ध रूपिम [**अ–, मिल्–, अन्, –सार्, –ई**] छन्। यस ढाँचामा स्वतन्त्र अर्थ भएको एउटा रूपिम **आधार तत्त्व** (हेर्नू : तल–२.३) हुन्छ र त्यसैका पछाडि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वा अगाडि-पछाडि स्वतन्त्र अर्थ नभएका अन्य रूपिमको यौगिक विधान गरिन्छ, जस्तै–



ढाँचा–४

शब्दको संरचनामा एकभन्दा बढी मुक्त रूपिम हुन्छन्, जस्तै– **घामपानी, दाल-भात-डुकु, शाही नेपाल वायुसेवा निगम**...। पहिलामा [**घाम**+**पानी**] दुई मुक्त रूपिम, दोस्रामा [**दाल**+**भात**+**डुकु**] तीन मुक्त रूपिम र तेस्रामा [**शाही**+**नेपाल**+**वायु**+**सेवा**+**निगम**] पाँच मुक्त रूपिम छन्। यस प्रकारका शब्दलाई व्युत्पन्न शब्द नभनी समस्त शब्द भनिन्छ।

२.३ अर्को प्रकारको वर्गीकरणमा पनि रूपिमलाई दुई खालमा नै बाँडिन्छ– **आधार तत्त्व** (आत) र **आधेय तत्त्व** (आध)। **शब्दको संरचनामा एउटा अवयवका रूपमा रहने त्यस रूपिमलाई आधार तत्त्व भनिन्छ जसमा अर्थको प्रधानता हुन्छ।** यसलाई शब्दको **अनिवार्य संरचना-तत्त्व** पनि भनिन्छ, किनभने यसविना शब्दको रचना हुन्न। परम्परित व्याकरणमा यसलाई **प्रकृति** भन्ने चलन छ। नेपालीका सबै धातु र सबै प्रातिपदिक यसै वर्गमा पर्छन्। यसका विपरीत **आधेय तत्त्व त्यस रूपिमलाई भनिन्छ जसमा अर्थको प्रधानता हुन्न।** यसलाई शब्दको **परिधीय संरचना-तत्त्व** पनि भनिन्छ, किनभने यो आधार तत्त्वमा निर्भर हुन्छ र यसको उपयोग पनि ऐच्छिक रूपमा गरिन्छ। परम्परित व्याकरणमा यसैलाई **प्रत्यय** भनिन्छ। यहाँ प्रत्ययका सट्टा **सर्ग/गाँस** शब्दको प्रयोग गरिएको छ। यी दुवै तत्त्वहरू (**आत र आध**) शब्दका **संरचना-तत्त्व** हुन् र एउटाका अभावमा अर्कोबाट मात्र शब्दको व्युत्पादन हुन्न।

आधार तत्त्व दुई किसिमका हुन्छन्– **मुक्त** र **बद्ध**। मुक्त आधार तत्त्व त्यो हो जो एक्लै पनि प्रयुक्त हुन्छ, जस्तै–{घरेलु}मा [घर्–]। साथै त्यसलाई पनि मुक्त आधार तत्त्व नै मानिन्छ जसका मुक्त **संरूप** वा **संपरिवर्तक**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(हेर्नू :तीन–५.२) हुन्छन्, जस्तै–{**पनौतो**}मा [**पन् ∽ पानी**]। यसको उल्टो बद्ध आधार तत्त्व चाहिँ त्यो हो जसको एक्लो प्रयोग हुन्न, जस्तै–{**मिलन**}मा [**मिल्-**]। नेपालीमा मुख्यतः धातुहरू बद्ध आधार तत्त्वका रूपमा देखा पर्छन्। मुक्त होस् वा बद्ध, एउटा शब्दको संरचनामा एउटाभन्दा बढी आधार तत्त्व हुन्न।

आधार तत्त्व कैं आधेय तत्त्व पनि दुई प्रकारका हुन्छन्– **अगाडि गाँसिने** र **पछाडि गाँसिने**। आधार तत्त्वका अघाडि गाँसिने आधेय तत्त्वको प्रचलित नाउँ **उपसर्ग** र पछाडि गाँसिनेको प्रचलित नाउँ **परसर्ग** हो। नेपालीका सबै सर्गहरू यसै वर्गका सदस्य अर्थात् आधेय तत्त्व हुन्। प्रत्येक व्युत्पन्न शब्दका संरचनामा कम्तीमा एउटा आधेय तत्त्व अवश्य हुन्छ।

सबै व्युत्पन्न शब्दका संरचनामा एउटा **सन्निकट अवयव** (सअ) चाहिं आधार तत्त्व हुन्छ र अर्को वा अर्का सन्निकट अवयव चाहिं आधेय तत्त्व मात्र हुन्छन्, जस्तै–

क.



ख.



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पहिचानका निमित्त तल केही शब्दका आधार तत्त्व र आधेय तत्त्वलाई छुट्टयाएर देखाइएको छ :

शब्द	आत (अनिवार्य संरचना-तत्त्व)	आध (परिधीय संरचना-तत्त्व)
घरानियाँ	घर्–	–आन्,–इयाँ
पनौतो	पानी ∽ पन्	–औतो
फराकिलो	फराक्–	–इलो
सझियार	साझा ∽ सझ्	–इया, –आर
स्थानीयता	स्थान्–	–ईय, –ता
बुद्धिज्म	बुद्ध्–	–इज्म
पेन्टिङ	पेंन्ट्–	–इङ
कुचाला	चाल्	कु–, –आ
अवस्थित	स्थित–	अव–

माथिको विवेचनाका आधारमा नेपालीका मूल र व्युत्पन्न शब्दको संरचना यस प्रकार देखाउन सकिन्छ–

क.

शब्द : खर्च
संरचना-तत्त्व : खर्च
संरचना : आत

ख.

शब्द : खर्चालु
संरचना-तत्त्व : खर्च, आलु
संरचना : आत–आध

ग.

शब्द : बेखर्च
संरचना-तत्त्व : बे, खर्च
संरचना : आध–आत

घ.

शब्द : बेखर्ची
संरचना-तत्त्व : बे, खर्च, ई
संरचना : आध-आत-आध ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. शब्द र शब्द-रचना

३.१ श्रेणी-मापदण्डको दोस्रो माथ्लो एकाइ शब्द हो जसको संरचनामा तल्लो एकाइ रूपिम वा रूपिम-समूह हुन्छ। **जुन रूपिम वा रूपिम-समूहमा व्याकरणिक प्रयोगअनुसार अर्थबोध गराउने क्षमता हुन्छ, त्यसलाई शब्द भनिन्छ,** जस्तै–{घर}, {घरायस} र {घरायसी}। यी तीनै शब्दको व्याकरणिक प्रयोग र अर्थबोध गराउने क्षमताको खोलुवा तल दिइएको छ–

क. **घर** (बस्ने ठाउँ)को व्याकरणिक प्रयोग **नाम**का रूपमा हुन्छ र यसले सो प्रयोगअनुरूप **वस्तु**को अर्थबोध गराउँछ।

ख. **घरायस** (गृहस्थी)को व्याकरणिक प्रयोग **भाववाचक नाम**का रूपमा हुन्छ र यसले सो प्रयोगअनुरूप **भाव**को अर्थबोध गराउँछ।

ग. **घरायसी** (घरायससम्बन्धी)को व्याकरणिक प्रयोग **विशेषण**का रूपमा हुन्छ र यसले सो प्रयोगअनुरूप **विशेषक**को अर्थबोध गराउँछ।

३.२ व्युत्पत्तिका दृष्टिबाट शब्द दुई प्रकारका हुन्छन्– **मूल शब्द** र **व्युत्पन्न शब्द**। संरचनामा **एउटा मात्र मुक्त रूपिम हुने त्यस शब्दलाई मूल शब्द भनिन्छ जो अरू कुनै रूपबाट व्युत्पन्न हुन्न,** जस्तै– {घर}। परम्परित व्याकरणमा यसलाई **रूढ शब्द** भन्ने चलन छ। यसका विपरीत, संरचनामा रूपिम-समूह (मुक्त+बद्ध..., ...बद्ध+मुक्त, ...बद्ध+मुक्त+बद्ध...) हुने त्यस शब्दलाई **व्युत्पन्न शब्द भनिन्छ जो अरू कुनै रूपबाट निर्मित हुन्छ,** जस्तै–{घरायस} र {घरायसी}। परम्परित व्याकरणमा यसैलाई **यौगिक शब्द** भन्ने चलन छ। यस खालका शब्दको व्युत्पादन मूल शब्द र व्युत्पन्न शब्द दुवैबाट हुन्छ, जस्तै–

क. मूल शब्दबाट– **घर्**+आयस→**घरायस**

ख. व्युत्पन्न शब्दबाट– **घरायस्**+ई→**घरायसी**।

३.३ एउटा प्रचलित शब्द (रूपिम वा रूपिम-समूह)बाट अर्को प्रचलित शब्द व्युत्पादन गर्ने प्रक्रिया वा विधानलाई **शब्द-रचना** भनिन्छ, जस्तै– **घर** (रूपिम) →**घरायस**; **घरायस**(रूपिम-समूह) →**घरायसी**। शब्द-रचनाको सम्बन्ध व्युत्पादनसँग भएको हुँदा यसले **अव्युत्पन्न** (मूल वा रूढ) शब्दको होइन, **व्युत्पन्न** (यौगिक) शब्दको रचना भन्ने बुझाउँछ। सर्गद्वारा व्युत्पादनबाहेक अन्य पद्धति (हेर्नू : दुई –३.२)बाट शब्दको प्रजनन गर्नु पनि शब्द-रचना नै हो।

उपर्युक्त **वर्णनात्मक** दृष्टिका विपरीत **ऐतिहासिक** दृष्टिबाट विचार गर्दा **मूल शब्द**को पनि व्युत्पत्ति हेर्न सकिन्छ, जस्तै– नेपालीको मूल शब्द {**स्थान**} को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्युत्पत्ति स्रोत-भाषा संस्कृतका अनुसार **स्था**+**अन**→**स्थान** हुन्छ । नेपालीमा **स्था** र **अन**ले छुट्टाछुट्टै अर्थ नबुझाउने हुँदा मूल भाषामा {**स्थान**} यौगिक शब्द भए पनि नेपालीमा चाहिँ यस्तो मूल शब्द हो जसको सार्थक टुक्रा गर्न सकिन्न । तसर्थ **नेपालीमा शब्द-रचना भनेको एउटा प्रचलित शब्द** (रूढ वा यौगिक)**मा रूपिम** (बद्ध वा मुक्त)**को योग गरेर अर्को प्रचलित शब्द प्रजनन गर्ने प्रक्रिया वा विधान हो ।**

४. शब्द-वर्ग

४.१ शब्दको वर्गीकरणलाई **शब्द-वर्ग** भनिन्छ । परम्परित व्याकरणमा यसलाई **शब्द-विभाग** वा **पद-विभाग** भन्ने चलन छ । नेपालीको परम्परित शब्द-विभाग वा पद-विभागमा **नाम** र **क्रिया**को विभाजन अर्थका आधारमा र बाँकीको विभाजन प्रयोगका आधारमा गरिएको पाइन्छ । सम्पूर्ण विभाजन समान आधारमा नगरी केही शब्दको विभाजन एउटा आधार (अर्थ)मा र केहीको अर्को आधार (प्रयोग)मा गर्नु न उचित ठहरिन्छ न उपयुक्त नै ।

४.२ यसमा शब्द-वर्गअन्तर्गत शब्दको वर्गीकरण **अर्थ, रूप** र **कार्य**का आधारमा गरिएको छ । वर्गीकरणको यस पद्धतिमा एउटा वर्गका जे-जति भेद हुन्छन् ती सबैलाई त्यसै वर्गका **उपवर्ग**मा विभाजित गरिन्छ । उदाहरणका निम्ति **नाम** एउटा वर्ग हो र **व्यक्तिवाचक, जातिवाचक** आदि यसैका उपवर्ग हुन् ।

४.३ नेपालीमा शब्दको वर्गीकरण **दुई** (विकारी र अविकारी), **तीन** (नामिक, क्रिया र अव्यय), **पाँच** (नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय), **आठ** (नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक र विस्मयादिबोधक) र **नौ** (नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात) भागमा गरिएको पाइन्छ । यसमा चाहिँ शब्दलाई निम्न **पाँच वर्ग**मा विभाजित गरिएको छ –

क. नाम : वस्तु, व्यक्ति, ठाउँ, भावलाई बुझाउने शब्द **नाम** (ना) हो । यसको रूपायन **लिङ्ग, वचन** र **कारक**का अनुसार हुन्छ, जस्तै–

अ		आ
छोरो, छोराले	;	**छोराहरू, छोराहरूले**
केटी, केटीले	;	**केटीहरू, केटीहरूले**
फलाम, फलामले	;	× ×
रिस, रिसले	;	× ×

उपर्युक्त रूप भएका ती शब्द पनि नाम नै हुन् जो वस्तु, व्यक्ति, ठाउँ वा भावका नाउँ होइनन्, जस्तै–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाठो, बाठाले; बाठाहरू, बाठाहरूले
बुढो, बुढाले ; बुढाहरू, बुढाहरूले
छुल्याहा, छुल्याहाले; छुल्याहाहरू, छुल्याहाहरूले
खन्चुवा, खन्चुवाले; खन्चुवाहरू, खन्चुवाहरूले
बुरुक्कड, बुरुक्कडले; बुरुक्कडहरू, बुरुक्कडहरूले
लाटो, लाटाले ; लाटाहरू, लाटाहरूले ...।

नाम **गणनीय** (घर ...) वा **अगणनीय** (पानी ...), **सजीव** (गाई ...) वा **निर्जीव** (पहाड ...), **मानवीय** (राम ...) वा **अमानवीय** (चरो ...), **एकल** (घोडो ...) वा **समूह** (फौज ...), **मूर्त** (आगो ...) वा **अमूर्त** (दया ...) हुन्छ। यसलाई **व्यक्तिवाचक, जातिवाचक, भाववाचक** उपवर्गमा विभाजित गरिन्छ।

यो बन्द होइन **खुल्ला** प्रकारको शब्द-वर्ग हो। यस वर्गमा कुनै सदस्यलाई आउने वा जाने छेक-थुन छैन।

ख. सर्वनाम : पुरुष (व्यक्ति)लाई जनाउने र नामको पुनरुक्तिलाई रोक्न त्यसका सट्टा प्रयुक्त हुने शब्द **सर्वनाम** (सर्व) हो। यसको रूपायन **पुरुष, वचन** र **कारक**अनुसार हुन्छ, जस्तै—

अ. **उत्तम पुरुष** →
- —एव →
  - —सका → **म**
  - —तिका → **मैले ...**
- —बव →
  - —सका → **हामी**
  - —तिका → **हामीले ...**

आ. **मध्यम पुरुष** →
- —एव →
  - —सका → **तँ**
  - —तिका → **तैंले ...**
- —बव →
  - —सका → **तिमी**
  - —तिका → **तिमीहरूले ...**

इ. **अन्य पुरुष** →
- —एव →
  - —सका → **ऊ, त्यो, यो, जो ...**
  - —तिका → **उसले, त्यसले ...**
- —बव →
  - —सका → **यिनी, उनी तिनी ...**
  - —तिका → **यिनीहरूले ...**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाम र सर्वनाममा प्रमुख फरक चाहिं निम्नलिखित छन्—

अ. लिङ्गअनुसार नामको रूप फरक हुन्छ, तर सर्वनामको हुन्न;

आ. नामको सम्बोधन कारक हुन्छ, तर सर्वनामको हुन्न;

इ. नामको एउटा मात्र पुरुष हुन्छ, तर सर्वनामका तीन पुरुष हुन्छन्;

ई. नामका पूर्व विशेषण आउँछ, तर सर्वनामका पूर्व आउन्न;

उ. नामको एकवचनभन्दा बहुवचनको रूप (**छोरो** →**छोराहरू**) त्यति भिन्न हुन्न, तर सर्वनामको चाहिं एकदमै भिन्न (**म** →**हामी**, **तँ** →**तिमी** ...) हुन्छ;

ऊ. नाम खुल्ला प्रकारको शब्द-वर्ग हो भने सर्वनाम चाहिं बन्द प्रकारको शब्द-वर्ग हो, किनभने सर्वनामहरू निश्चित छन् ।

सर्वनाम सबै स्थितिमा नामका सट्टामा आउन्न । # **म** मोहनराज... # मा {**म**} कुनै नामका सट्टामा आएको छैन । यसैगरी # ती दुखी **केटाहरू** कता गए # को # ती दुखी **उनीहरू** कता गए # हुन्न ।

ग. विशेषण : नाम र सर्वनामको विशेषता (गुण वा दोष) जनाउने शब्द **विशेषण** (वि) हो। यसको रूपायन **वचन** र **लिङ्ग**का अनुसार हुन्छ, जस्तै–

सेतो घर (एव), **सेता** घरहरू (बव);
राम्रो केटो (पु), **राम्री** केटी (स्त्री ।

कारकका अनुसार पनि विशेषणमा विकार हुनसक्छ, तर यसको **तिर्यक् रूप** चाहिं हुन्न । तिर्यक् कारकलाई जनाउने **पश्च सर्ग**को योग हुँदा यो विशेषण नरहेर नाम हुन्छ ।

एउटा विशेषणभन्दा पूर्व अर्को पनि विशेषण आउनसक्छ। विशेषण प्रायः नामका पूर्व आउँछ, तर यो त्यसका पछि पनि आउँछ, जस्तै–

त्यो **मोटी** केटी हो ।
त्यो केटी **मोटी** हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेषणलाई **तुलनावाची** शब्द मानिन्छ, जस्तै—

त्यसभन्दा **राम्रो**, त्यसभन्दा **सुन्दर**... ।
सबैभन्दा **राम्रो**, सबैभन्दा **सुन्दर**... ।

घ. क्रिया : व्यापारलाई बुझाउने शब्द **क्रिया** हो । यसको रूपायन **लिङ्ग**, **वचन**, **पुरुष**, **काल**, **पक्ष**, **अर्थ** आदिका अनुसार हुन्छ । यसले सर्वाधिक **व्याकरणिक कोटिहरू** (लिङ्ग, वचन...)को अभिव्यक्ति गर्छ, जस्तै—

गर्छ, **गऱ्यो**, **गर्ला**, **गर्नेछ** ;
गर्छु, **गरें**, **गरुँला**, **गर्नेछु** ;
गर्छौं, **गऱ्यौं**, **गरौंला**, **गर्नेछौं**...।

क्रिया धातुको मुक्त रूप हो । यसलाई **सकर्मक** र **अकर्मक** गरी दुई उपवर्गमा बाँडिन्छ ।

ङ. अव्यय: उपर्युक्त कुनै वर्गमा नपर्ने र रूपायन नहुने शब्द **अव्यय** (अव्य) हो । यसका निम्नलिखित उपवर्ग छन्—

अ. **क्रियाविशेषण**,
आ. **संयोजक**,
इ. **नामयोगी**,
ई. **विस्मयादिबोधक**,
उ. **निपात** ।

५. व्याकरणात्मक कोटिहरू

५.१ शब्दको विभाजन **व्याकरणात्मक कोटिहरू**मा पनि गरिन्छ । नेपाली भाषाका कोटिहरूबाट व्याकरणिक अर्थको अभिव्यक्ति हुन्छ । भाषाको व्याकरणात्मक कोटिबाट नै शब्दहरूमाझ रहेको अन्तर्सम्बन्ध र शब्दका वाक्यात्मक कार्यको बोध हुन्छ ।

५.२ शब्द-वर्गका विकारी सदस्यहरूको **रूप-भेद**मा व्याकरणात्मक कोटिहरूको अभिव्यक्ति भएको देख्नसकिन्छ । नेपाली भाषामा निम्नलिखित प्रमुख कोटिहरू छन्—

क. वचन : यस व्याकरणात्मक कोटिले मुख्यत: **संख्या**को बोध गराउँछ। नेपालीमा वचन दुई छन्—एउटालाई बुझाउने **एक वचन** (एव) र एकभन्दा बढीलाई बुझाउने **बहुवचन** (बव) । यस कोटिको अभिव्यक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाम, सर्वनाम, विशेषण र **क्रियामा** हुन्छ । उदाहरण—

- **वचन** →
  - **एक वचन** →
    - नाम → **घोडो...**
    - सर्वनाम → **म...**
    - विशेषण → **सेतो...**
    - क्रिया → **जान्छ...**
  - **बहुवचन** →
    - नाम → **घोडा(हरू)...**
    - सर्वनाम → **हामी...**
    - विशेषण → **सेता...**
    - क्रिया → **जान्छन्...**

ख. लिङ्ग : यस व्याकरणात्मक कोटिले **जातिको** बोध गराउँछ । नेपालीमा लिङ्ग दुई छन्—भाले जातिलाई बुझाउने **पुलिङ्ग** (पु) र पोथी जातिलाई बुझाउने **स्त्रीलिङ्ग** (स्त्री) । लिङ्ग मुख्यतः **नामसंग** सम्वद्ध भए पनि यसको अभिव्यक्ति **विशेषण** र **क्रियामा** पनि हुन्छ । नेपालीमा **सजीव मानवीय नाममा** मात्र लिङ्ग-भेद गरिन्छ । उदाहरण—

- **लिङ्ग** —→
  - **पुलिङ्ग** →
    - नाम → **छोरो ...**
    - विशेषण → **ठुलो ...**
    - क्रिया → **गयो...**
  - **स्त्रीलिङ्ग** →
    - नाम → **छोरी...**
    - विशेषण → **ठुली ...**
    - क्रिया → **गई ...**

ग. पुरुष : यस व्याकरणात्मक कोटिले **व्यक्तिको** बोध गराउँछ । नेपालीमा पुरुष तीन छन्—बोल्ने व्यक्ति अर्थात् आफूलाई जनाउने **उत्तम पुरुष** (उपु), सुन्ने व्यक्ति अर्थात् दोस्रालाई जनाउने **मध्यम पुरुष** (मपु) र उपर्युक्त दुईबाहेक अर्कालाई बुझाउने **अन्य पुरुष** (अपु) । यस कोटिको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिव्यक्ति **सर्वनाम** र **क्रियामा** हुन्छ । उदाहरण—

- पुरुष →
  - उत्तम पुरुष →
    - सर्वनाम– →**म** (एव), **हामी** (बव)
    - क्रिया — →**जान्छु** (एव) ..., **जान्छौं** (बव) ...
  - मध्यम पुरुष →
    - सर्वनाम →**तँ** (एव), **तिमीहरू** (बव)
    - क्रिया — →**जान्छस्** (एव)..., **जान्छौ** (बव) ...
  - अन्य पुरुष →
    - सर्वनाम →**यो** (एव) ..., **यिनीहरू** (बव) ...
    - क्रिया →**जान्छ** (एव) ..., **जान्छन्** (बव) ...

घ. कारक : यस व्याकरणात्मक कोटिले क्रियामा भनिएको **कार्य गर्नेलाई** बुझाउँछ । नेपालीमा कारक तीन छन्– विभक्ति नगाँसिने (शून्य विभक्ति लाग्ने) **सरल कारक** (सका), विभक्ति गाँसिने **तिर्यक् कारक** (तिका) र बोलाउँदा प्रयुक्त हुने **सम्बोधन कारक** (संका) । यस कोटिको अभिव्यक्ति **नाम** र **सर्वनाममा** हुन्छ । उदाहरण—

- कारक →
  - सरल कारक →
    - नाम — →**छोरो** जान्छ...
    - सर्वनाम →**त्यो** जान्छ...
  - तिर्यक् कारक →
    - नाम — → **छोराले** भन्छ...
    - सर्वनाम →**त्यसले** भन्छ...
  - सम्बोधनकारक → [नाम — → **छोरा !**, **रामे** ! ...

ङ. काल : यस व्याकरणात्मक कोटिले **समयको** बोध गराउँछ । नेपालीमा काल तीन छन्—**वर्तमान, भूत** र **भविष्यत्** । यस व्याकरणात्मक कोटिको अभिव्यक्ति **क्रियामा** हुन्छ । उदाहरण—

- काल →
  - वर्तमान → **जान्छ, जान्छु, जान्छौं, जान्छन्** ...
  - भूत — → **गयो, गएँ, गयौं, गए**...
  - भविष्यत् →**जानेछ, जाला, जानेछु, जाउँला** ...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

च. पक्ष : यस व्याकरणात्मक कोटिले **कालावधि र अवस्थाको** बोध गराउँछ। नेपालीमा पक्ष तीन छन्—**सामान्य, अपूर्ण र पूर्ण**। यस व्याकरणात्मक कोटिको अभिव्यक्ति **क्रियामा** हुन्छ। उदाहरण—

पक्ष →
- सामान्य → **जान्छु...**
- अपूर्ण → **जाँदो छु...**
- पूर्ण → **गएको छु...**

छ. वाच्य : यस व्याकरणात्मक कोटिले क्रियाको **विषय** (कर्ता कर्म, भाव) लाई जनाउँछ। नेपालीमा वाच्य तीन छन्—कर्ताको प्रधानता हुने **कर्तृवाच्य**, कर्मको प्रधानता हुने **कर्मवाच्य** र भाव (धातुको अर्थ) को प्रधानता हुने **भाववाच्य**। यस व्याकरणात्मक कोटिको अभिव्यक्ति **क्रियामा** हुन्छ। उदाहरण—

वाच्य →
- कर्तृवाच्य → **म जान्छु...**
- कर्मवाच्य → **चिठी लेखियो...**
- भाववाच्य → **यहीं बसिन्छ...**

ज. अर्थ (वृत्ति) : यस व्याकरणात्मक कोटिले विधान गर्ने रितलाई जनाउँछ। नेपालीमा अर्थ पाँच छन्—**निश्चयार्थ, आज्ञार्थ, सम्भावनार्थ, सङ्केतार्थ** र **सन्देहार्थ**। यस व्याकरणात्मक कोटिको अभिव्यक्ति **क्रियामा** हुन्छ। उदाहरण—

अर्थ →
- निश्चयार्थ → **म घर जान्छु...**
- आज्ञार्थ → **म घर जाऊँ...**
- सम्भावनार्थ → **म घर जाउँला...**
- सङ्केतार्थ → **म घर गए बेस हुनेछ...**
- सन्देहार्थ → **म घर जाँदो हुँला...**

नेपालीमा प्राय: वर्ग-परिवर्तनद्वारा शब्द-रचना गरिन्छ। कोटिमा परिवर्तन गर्दा चाहिं रूपको रचना हुन्छ।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुई

□

शब्द-भण्डार : ग्रहण र रचना

१. शब्द-भण्डार

१·१ प्रत्येक भाषामा केही शब्दको चलन गरिन्छ। चलन गरिने शब्दहरूको संख्या भाषापिच्छे फरक-फरक हुन्छ। एउटै भाषामा पनि चलन गरिने शब्दहरूको संख्या सदा स्थिर हुन्न, त्यसमा वेला-वेला घट-वढ भएको देखन सकिन्छ। जे होस्, **एउटा भाषामा चलन गरिने जति जम्मै शब्दहरूलाई सगोलमा त्यस भाषाको शब्द-भण्डार भनिन्छ,** जस्तै– नेपालीमा प्रयोग गरिने यावत् शब्दहरूको सामूहिक नाउँ **नेपाली शब्द-भण्डार** हो।

१.२ युगको विकासवाट हासिल उपलब्धिहरूलाई अभिव्यक्त गर्नका निमित्त प्रत्येक जिउँदो भाषाले आफ्ना शब्द-भण्डारको निरन्तर वृद्धि गर्छ। यसलाई भाषाको विकास-प्रक्रिया भनिन्छ र यस क्रममा शब्द–भण्डारको अभिवृद्धि दुई प्रक्रियावाट हुन्छ– क. **अन्य भाषावाट शब्द-ग्रहण गर्ने प्रक्रिया** र ख. **नयाँ-नयाँ शब्दहरूको रचना गर्ने प्रक्रिया**। नेपाली भाषाले पनि आफ्ना शब्द-भण्डारको अभिवृद्धिका निमित्त यिनै दुई प्रक्रियाहरूलाई अँगालेको छ र निरन्तर विकास गर्दो छ।

२. शब्द-ग्रहण र विभिन्न स्रोतहरू

२.१ नेपाली शब्द-भण्डारमा केही शब्द यस्ता छन् जो आफ्नै हुन् र केही शब्द यस्ता छन् जो अन्य भाषावाट ग्रहण गरिएका छन्। पहिलो प्रकारका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द नेपालीका **निजी शब्द** हुन् र दोस्रो प्रकारका चाहिं **सापटी** वा **आगन्तुक शब्द** हुन् । जुनसुकै भए पनि अन्य भाषाबाट ग्रहण गरिएका जति सापटी शब्द हुन् र यीबाहेक अन्य चाहिं निजी शब्द हुन् । शब्दको परम्परित वर्गीकरणमा जसलाई **तत्सम** र **विदेशी शब्द** भनिन्छ ती, अनि आफ्नै देशभित्र बोलिने अन्य विभिन्न भाषाहरूबाट ग्रहण गरिएका शब्दहरू पनि दोस्रो वर्गमा पर्छन् । पहिलो वर्गमा चाहिं ती शब्दहरू पर्छन् जसलाई परम्परित वर्गीकरणमा **तद्भव** र **देशज** भनिन्छ । आफ्नै भाषाको प्रकृतिमा पूर्णतः अनुकूलित गरिएको हुँदा र सो अनुकूलित रूप स्रोतभाषामा नपाइने हुँदा यसमा **तद्भव** (अनुकूलित) शब्दलाई **निजी** वर्गभित्र राखिएको हो । निजी वर्गभित्र पर्ने यस प्रकारका शब्दमध्ये अधिकांशको अनुकूलन गरिएका (तद्भव) रूप र अनुकूलन नगरिएका (तत्सम) रूप दुवै नै नेपालीमा प्रचलित छन् । यिनमा पहिलालाई **निजी** र दोस्रालाई **आगन्तुक** रूप मान्नुपर्ने देखिन्छ । यस्ता केही शब्दको उदाहरण तल दिइएको छ –

आगन्तुक (तत्सम रूप)	**निजी** (तद्भव/अनुकूलित रूप)	**आगन्तुक** (तत्सम रूप)	**निजी** (तद्भव/अनुकूलित रूप)
पुष्प	**फुल**	रात्रि	**रात**
अग्नि	**आगो**	पद	**पाउ**
मध्य	**माझ**	श्रावण	**साउन**
पृष्ठ	**पिठ्यूँ**	निद्रा	**निद**
नव	**नयाँ**	मित्र	**मित**
पश्चात्ताप	**पछुतो**	कुपुत्र	**कपुत**
पत्र	**पात**	राक्षस	**राकस**
शुष्क	**सुख्खा**	गम्भीर	**गहिरो**
शृङ्गार	**सिंगार**	श्वास	**साँस**
स्वर्ण	**सुन**	काष्ठ	**काठ**
हास्य	**हाँसो**	ग्रन्थि	**गाँठो**
ताम्र	**तामा**	अश्रु	**आँसु**
कार्य	**काज**	अन्धकार	**अँध्यारो**
शृङ्खला	**साङ्लो**	विवाह	**बिहे**
सर्प	**साँप**	सन्ध्या	**साँझ**
लज्जा	**लाज**	स्फूर्ति	**फुर्ती**
सत्य	**साँचो**	उज्ज्वल	**उज्यालो**
तीक्ष्ण	**तिखो**	भिक्षा	**भिख**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आगन्तुक (तत्सम रूप)	निजी (तद्भव/अनुकूलित रूप)	आगन्तुक (तत्सम रूप)	निजी (तद्भव/अनुकूलित रूप)
खूब	खुप	अफसोस	अफसोच
गुलाब	गुलाफ	किस्सा	खिस्सा
फैसला	फसेला	मदद	मद्दत
माइल	मिल	हस्पिटल	अस्पताल
क्याप्टेन	कप्तान	एप्रिल	अप्रेल
थिएटर	ठेठर	इयरिङ	यार्लिङ
वल्ब	गुलुफ	व्रस	बुरुस
रिक्रुट	रिकुटे ...।		

२.२ नेपालीमा देशभित्र र देशबाहिरका विभिन्न भाषाहरूबाट शब्द ग्रहण गरिएका छन्। जुन शब्द जुन अन्य भाषाबाट ग्रहण गरिन्छ त्यसलाई सो शब्दको **स्रोत** वा **स्रोत-भाषा** भनिन्छ। नेपाली शब्द-भण्डारमा पाइने अधिकांश आगन्तुक शब्दहरू सोझै स्रोत-भाषाबाट आएका छन्, तर केही अन्य भाषाका मार्फत पनि आएका छन्। प्रमुख स्रोत र तिनबाट आएका आगन्तुक शब्दहरूको छोटो सूची तल दिइएको छ –

स्रोत-भाषा	**आगन्तुक शब्द**
क. संस्कृत	अश्रु, आश्रय, आश्चर्य, किरण, चूर्ण, नग्न, निद्रा, पक्षी, पुत्र, बाहु, बिन्दु, मस्तक, मस्तिष्क, मुख, मूर्ति, बन्ध्या, वर, वार्ता, विभूति, सर्प, सौभाग्य, सूत्र, स्वर... (हेर्नू : छ, आठ, नौ)।
ख. अरबी	अखबार, अख्तियार, अमन, अमानत, अमिर, असर, आखिर, आदत, आफत, आसामी, इजाजत, इज्जत, इनकार, इनाम, इन्साफ, इमान, इमारत, इलाका, इलाज, इसारा, इस्तिफा, ऐब, कदम, कदर, कर्जे, कसर, कसम, कसरत, कसुर, किला, किस्सा, किमत, किताब, कुर्सी, खबर, खराब, खतम, खिदमत, गरिब, गायब, गैर, जवाब, जहाज, जासुस, जुलुस, जिक्री, तकदिर, तकिया, तलब, तरफ, तमाम, तमासा, तारिख, दफा, दलाल, दिक, दिमाग, दोकान, दुनिया, दौलत, नतिजा, नगद, नकल, नसा, नहर, नाल, फकिर, फाइदा, फिक्री, फैसला, बहस, बाँकी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मजबुर, मजमुन, मतलब, मनसुवा, मदद, मर्जी, मह्ल, महसुस, मामुली, माल, मालिक, मालुम, माने, मुनाफा, मुनासिब, मुलाकात, मुसाफिर, मौका, मौसम, यकिन, रइस, राय, लायक, लिफाफा, वकिल, वतन, वारिस, सन्दुक, सबुत, हक, हद, हमला, हजाम, हरफ, हरामी, हाकिम, हाजिर, हाल, हिम्मत, हिसाब, हैजा, हौसला ... (हेर्नू : नौ–४.१, दस–४) ।

ग. **फारसी** अनार, अन्दाज, आइन्दा, आतसबाजी, आमदानी, आफत, आवाद, आराम, आवाज, उम्मेद, उस्ताद, कम, किनारा, किसमिस, कुस्ती, खाक, खुद, खुराक, खुस, गज, गल्ला, गरम, गिरफ्तार, गुम, गुलाफ, गोला, चलाक, चर्खा, चस्मा, चादर, चाबुक, चासनी, चिराग, चेहरा, जखम, जहर, जागिर, जादू, जानवर, जिन्दगी, जोर, जोस, तनखा, तमासा, ताजा, तेज, दरबार, दस्तुर, देहात, नाजुक, नामर्द, नौजवान, पर्दा, पलङ, पस्त, पाइजामा, पाजी, पारा, पुर्जा, पुल, पुस्ता, पेसा, पैदावार, मकान, मजा, मादा, मुफ्त, मोर्चा, याद, यार, रफ्तार, रोगन, लगाम, लस्कर, सरकार, सरदार, सरासर, सितार, सितारा, सुद, सौदागर, हप्ता, हजार, होस ... (हेर्नू : नौ–४.१, दस–५) ।

घ. **तुर्की** कल्की, कालिन, काबू, कुली, कुर्की, कैंची, खाँ, गलिचा, चमचा, चकमक, चक्कू, जाजिम, तक्मा, तगार, तोप, तलास, दरोगा, बहादुर, मुगल, मुचलका, लफङ्गा, लास, सौगात, सुराग ... ।

ङ. **अङ्ग्रेजी** इन्फ्लुएन्जा, इन्जेक्सन, आइडिन, अपरेसन, एक्सरे, कम्पाउन्डर, क्यान्सर, ग्लुकोज, टनिक, डक्टर, डिस्पेन्सरी, नर्स, प्लेग, ब्लड-प्रेसर, मलेरिया, भ्यासलिन, भिटामिन, सर्जन, सर्जरी ... (**चिकित्सा-सम्बन्धी**) ;

इन्जन, एक्सप्रेस, कन्डक्टर, कल्भर्ट, ग्यारेज, जिप, टिकट, टायर, ट्रक, ट्रली, ट्रेन, ड्राइभर, प्यासेन्जर, बस, बिल्टी, ब्रेक, मेल, मोटर, रिटर्न-टिकट, रेल, वर्कसप, एरोप्लेन. जेट, पाइलट .. (**यातायातसम्बन्धी**) ;

टेलिग्राम, टेलिफोन, टेलिभिजन, माइक्रोफोन, लाउडस्पीकर, वायरलेस, पोल ... (**संचारसम्बन्धी**) ;

ट्र्याक्टर, डेयरीफर्म, फर्म-हाउस, ट्युववेल ... (**कृषिसम्बन्धी**) ;

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

करेन्ट, क्रेन, जेनरेटर, टर्बाइन, डाइनेमो, डिजेल, पम्प, पाइप, प्लग, फ्युज, बल्ब, मिल, मिटर, स्प्रिङ, हर्सपावर... (**उद्योग-सम्बन्धी**);
पजिटिभ, निगेटिभ, प्रोटिन, फोकस, ब्यारोमिटर, भोल्ट, ग्रेड, अक्सिजन, क्याल्सियम, पेट्रोल, रेडियम, सेल्युलाइड, स्टेनलेस, हाइड्रोजन... (**रासायनिक**);
एक्ट, कन्फरेन्स, कर्पोरेसन, गभर्नर, ग्रुप, नोटिस, पिकेटिङ, पार्टी, पलिसी, पासपोर्ट, पोलिङ, प्राक्टिस, बोर्ड, म्यानेजर, मिटिङ, युनियन, रिपोर्ट, सेसन, स्कीम, टेस्ट ... (**सामाजिक**);
अर्केस्ट्रा, आर्टिस्ट, कन्सर्ट, की-बोर्ड, क्यामराम्यान, क्लब, ग्यालरी, जर्नल, थिएटर, पिक्चर, पार्क, पम्फलेट, पोस्टर, पियानो, फोटो, लाइब्रेरी, सर्कस, सिनेमा, स्टेज... (**संस्कृति–सम्बन्धी**);
अलबम, आइसक्रिम, ओभरकोट, कलर, क्रिम, चकलेट, जकेट, टर्च, टिन, ट्रन्क, डायरी, पाउडर, पिन, पेन्सिल, प्लेट, बटन, बुट, वेल्ट, ब्याग, मनीब्याग, रिस्टवाच, लिपस्टिक, सिगरेट, सुट, सुटकेस, सेफ्टीपिन, स्टोभ, स्पन्ज ... (**वस्तुसम्बन्धी**);
(हेर्नू : नौ–४.१, दस–६)।

च. पुर्तगाली अनन्नास, अलकत्रा, अचार, आलपिन, आलमारी, इस्पात, इस्त्री, कमिज, कनिस्टर, कमरा, कम्पू, कफी, काजू, काकातुआ, किरिच, क्रिस्तान, किरानी, गमला, गारद, गिर्जा, गोभी, गोदाम, चाबी, तमाखू, तौलिया, निलाम, परात, परेड, पाउ (रोटी), पादरी, पिउन, पिपा, पेडा, पेस्तोल, फर्मा, फाल्टू, फिता, फेटा, बटुको, बाल्टी, बिस्कुट, बुजो, बुताम, बोतल, भारदार, मास्केबारी, मिस्कट, मिस्त्री, मेज, यिसु, सन्तरा, सागू (दाना), साबुन, साया...।

छ. डच तुरुप, बम...।

ज. इटालियन भाइलिन, सोडा, स्टुडियो...।

झ. ग्रीक थर्मस, थिसिस, थ्योरी, प्रोग्राम, फिलासफी... ।

ञ. ल्याटिन क्याम्पस, अपरेटर, एजेन्डा, कोटा, कोरम, क्यालेन्डर, डिक्टेटर, डिपोजिट, डिभिडेन्ड, डेलिगेट, बोनस, प्रोफेसन, मिसन...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ट. फ्रेन्च इन्जिनियर, औन्स, कर्फ्यू, कन्स्टेबल, कन्ट्रोल, कलेज, कार्तुस, कार्टुन, कुपन, जज, टुरिस्ट, डिलक्स, बविन, बिगुल, ब्यान्क, ब्लाउज, पुलिस, मार्सल, मेम, रेस्ट्राँ ...।

ठ. जर्मन किन्डरगार्टन, निकेल, फरेनहाइट, भ्यागन, सेमिनार..।

ड. रूसी जार, भोद्का, भोल्सेविक, रूबल, सोभियत, स्पुतनिक...।

ढ. चिनियाँ चाउचाउ, चाउमिन, लिची, तुफान...।

ण. जापानी कराते, जुडो, रिक्सा, येन, सेक...।

उपर्युक्त विभिन्न भाषा कैं स्वदेशका र भारतका विभिन्न भाषाहरूबाट पनि नेपालीमा शब्दहरू ग्रहण गरिएका छन् ।

३. शब्द-रचना र रचना-पद्धतिहरू

३.१ भाषाको शब्द-भण्डारलाई भरिपूर्ण तुल्याउने अर्को प्रक्रिया शब्द-रचना हो। शब्दको रचना जथाभावी नभई निश्चित यौगिक विधानबाट हुन्छ। **यौगिक विधानका ढङ्गलाई शब्दको रचना-पद्धति भनिन्छ ।**

३.२ नेपालीमा विभिन्न पद्धतिहरूबाट शब्दको रचना गरिन्छ। तल उल्लेख गरिएकामध्ये प्रथम तीन (क, ख, ग) चाहिं नेपाली शब्द-रचनाका प्रमुख पद्धति हुन्—

क. सर्ग-पद्धति : आधार तत्त्वमा उपसर्ग, परसर्ग अथवा दुवैको यौगिक विधान गरेर शब्द-रचना गर्ने रितलाई **सर्ग-पद्धति** भनिन्छ, जस्तै—

शब्द	उपसर्ग	आधार तत्त्व	परसर्ग
ढकनी	×	ढाक् ~ ढक्–	–अन्,–ई
धुपौरो	×	धूप् ~ धुप्–	–औरो
आँटिलोपन	×	आँट्–	-इलो,–पन
लठिङ्गरे	×	लाठ् ~ लठ् –	-इङ्गर,-ए
औगुन	औ–	गुन–	×
कुठाउँ	कु–	ठाउँ–	×
सुबोल	सु–	बोल्–	-अ
अव्यावहारिकता	अ-,वि-,अव-	हार्–	इक,-ता
सबकमेटी	सब–	कमेटी–	×

(हेर्नू : पाँच, सात, नौ)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. **समास-पद्धति** : स्वतन्त्र रूपमा प्रयुक्त हुने एकभन्दा वढी शब्दको यौगिक विधानद्वारा शब्द-रचना गर्ने रितलाई **समास-पद्धति** भनिन्छ, जस्तै·—

समस्त शब्द	शब्द-१	सम्बन्ध तत्त्व	शब्द-२	सम्बन्ध तत्त्व	शब्द-३	सम्बन्ध तत्त्व	शब्द-४	सम्बन्ध तत्त्व	शब्द-५
भाइमारा	भाइ	लाई	मारा (৲ मार्ने)	×	×	×	×	×	×
दाल-भात-डुकु	दाल	र	भात	र	डुकु	×	×	×	×
मखिबुट्टे	मखि (৲ माखो)	जस्तो	बुट्टे	×	×	×	×	×	×
मनविकी र सामाजिकशास्त्र अध्ययन संस्थान	मानविकी	र	सामाजिक	×	शास्त्र	को	अध्ययन	का निमित्त	संस्थान

(हेर्नू : एघार)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. द्वित्व-पद्धति : एउटा शब्दलाई डब्ल्याउने विधानद्वारा शब्द-रचना गर्ने रितलाई द्वित्व-पद्धति भनिन्छ, जस्तै—

शब्द	द्वित्व-प्रक्रिया	रूपध्वनिप्रक्रिया	यौगिक विधान
घरघर	घर →घर	×	घर+घर
हाताहात	हात →हात	अ →आ	हात्+आ+हात
तात्तातो	तातो →तातो	ओ →○	तात्+तातो
ऐंचोपैंचो	पैंचो →पैंचो	प् →○	ऐंचो+पैंचो
बेरबार	वेर →वेर	ए →आ	वेर +वार
गर्गहना	गहना →गहना	गहना →गर्	गर् +गहना
गाडगुड	गाड →गाड	आ →उ	गाड+गुड
भातसात	भात →भात	भ् →स्	भात+सात

(हेर्नू : बार)

घ. अनुकरण-पद्धति : ध्वनि वा गतिका आधारमा नयाँ-नयाँ शब्द रचना गर्ने रितलाई अनुकरण-पद्धति भनिन्छ, जस्तै–

अ. कोइलीको बोली → **कोहो-कोहो**

आ. नदी बगेको अवाज → **कलकल**

इ. भट्भट् अवाज गर्ने → **भटभटे**

ई. काँ-काँ बोल्ने → **काग**

उ. बत्तीको निभ्ने गति → **फुप्**

ऊ. सूर्यको अस्ताउने गति → **झमक्,**

ए. फुट्ट देखिई हराउने गति → **झिलिक्, मिलिक्।**

(हेर्नू : तेर)

ङ. कर्तन-पद्धति : शब्द-रचनाको त्यस विधानलाई **कर्तन-पद्धति** भनिन्छ जसमा शब्दको कुनै अंश कत्रेर झिकिन्छ र नयाँ शब्दको निर्माण गरिन्छ । कर्तन-लाई लुप्त गर्नु पनि भन्न सकिन्छ ।

कर्तन-पद्धतिबाट निर्मित शब्दको नाउँ **कतर्ना-शब्द** हो । जुन शब्दको कर्तन गरिन्छ त्यसभन्दा भिन्न अर्थ कतर्ना-शब्दको हुन्न । निम्नलिखित कर्तन-विधान-बाट यस प्रकारका शब्दहरूको निर्माण गरिन्छ –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अ. **शब्दको पछिल्ला अंशको कर्तन**, जस्तै–

नेपाल →**नेप**, नेपाल परिचय →**नेप परिच**,
इङ्गलिश →**इङ्ग**, म्याथम्याटिक →**म्याथ**,
त्रिभुवन-चन्द्र →**त्रि-चन्द्र**, माइक्रोफोन →**माइक**,
फोटोग्राफ →**फोटो**, सर्वनाम →**सर्व**,
अकर्मक →**अक**, कर्नेल →**कर**, जर्नेल → **जर**,
समसेर →**सम**, काठमाण्डू →**काठ**, किलोग्राम →**किलो**...।

आ. **शब्दको अघिल्ला अंशको कर्तन**, जस्तै–

टेलिफोन →**फोन**, एयरोप्लेन →**प्लेन**,
ओम्निवस →**बस**, लाटोकोसेरो →**कोसेरो**,
कलावत्तू →**बत्तू**, गलगाँड →**गाँड**...।

इ. **शब्दका अघिल्ला–पछिल्ला दुवै अंशको कर्तन**, जस्तै–

एन्फ्लुएन्जा →**फ्लु**,रेफ्रिजिरेटर →**फ्रिज**...
(यस प्रक्रियाबाट नेपालीमा शब्द-रचना भएको देखिन्न) ।

च. संक्षेप-पद्धति : शब्दहरूका आदि-आदि अक्षरबाट शब्दको रचना गर्ने विधानलाई **संक्षेप–पद्धति** भनिन्छ । नेपालीमा यस पद्धतिबाट **संक्षेपित** शब्द बनाउने निकै चलन देखिन्छ, जस्तै–

नायब सुब्बा →**नासु**, आर्थिक सहायता →**आस**,
महालेखापरीक्षण →**मलेप**, नेपाल बिस्कुट कम्पनी →**नेबिको**,
आन्तरिक मूल्याङ्कन →**आमू**, असिस्टेन्ट सबइन्सपेक्टर →**असइ**,
कायम मुकायम →**कामु**, कार्यवाहक →**कावा**,
क्षेत्रीय शिक्षा निर्देशनालय →**क्षेशिनि**, त्रिभुवन विश्वविद्यालय →**त्रिवि**,
राष्ट्रिय पञ्चायत सदस्य →**रापस**, क्याम्पस प्रमुख →**क्याप्र**,
कागत सरकारी →**कास**, प्रमुख जिल्ला अधिकारी →**प्रजिअ**,
गोर्खा दक्षिण बाहु →**गोदबा**, गाउँ पञ्चायत →**गापं**,
राष्ट्रिय समाचार समिति →**रासस**, नोट गन्न जान्ने →**नोगजा**,
खत्रीक्षेत्री →**केसी**, आचार्य-दीक्षित →**आदी**,
नेपाल एसोसिएसन अफ फाइन आर्ट्स →**नाफा**,
पाठ्यक्रम विकास केन्द्र →**पाविके**,
सेन्टर फर नेपाल एन्ड एसिएन स्टडिज →**सिनास**,
नर्थ एटलान्टिक ट्रिटी अर्गेनाइजेसन →**नेटो**,
रेडियो डिटेक्टर एन्ड रेन्जिङ →**रेडार**,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेसिन फर अटोम्याटिक ग्राफिज इन्टरफेस टु ए कम्प्युटर →**म्याजिक**, पेसेन्ट इनिसिएटेड लाइट अपरेटेड टेलि-कन्ट्रोल →**पाइलट** (अपाङ्गले चलाउने टाइपराइटर) ...।

छ. मिश्रण-पद्धति : शब्द-रचनाको त्यस विधानलाई **मिश्रण-पद्धति** भनिन्छ जसमा दुई शब्दलाई एउटैमा मिसाएर तेस्रो शब्द बनाइन्छ। मिश्रण गर्दा दुई शब्दमध्ये अघिल्लाको पछिल्लो अंश र पछिल्लाको अघिल्लो अंश कर्तन गरेर झिकिन्छ र **मिश्रित शब्द**को निर्माण गरिन्छ। मिश्रित शब्दमा दुवै शब्दको अर्थ रहन्छ, जस्तै–

बँदेल →**बँ**
सुँगुर →**गुर** } →बङ्गुर

भारतेली →**भार्**
युरोपेली →**ओपेली** } →भारोपेली

रूपक →**रू**
निवन्ध →**बन्ध** } →रूबन्ध

दुई →**दु**
एक्की →**क्की** } →दुक्की

टङ्कक →**टङ्क**
कारिन्दा →**आरिन्दा** } →टङ्कारिन्दा

यस पद्धतिबाट निम्न प्रकारका शब्दहरूको रचना गर्न सकिने देखिन्छ-

सुरुवाल–मयलपोस →**सुरुलपोस**
सेल–बिस्कुट →**सेल्कुट** (डोनोट)
सोफा–ओछ्यान (वेड) →**सोछ्यान**
बैगुन–टमाटर →**बैटर**
भुस्याहा–अल्सेसियन →**भुल्सेसियन**
भाले–कुकुर →**भाकुर**...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज. प्रतिनामीकरण पद्धति : शब्द-रचनाको त्यस विधानलाई **प्रतिनामीकरण** भनिन्छ जसमा कुनै व्यक्ति वा ठाउँको नामबाट शब्द बनाइन्छ। यस प्रक्रियाबाट निर्मित शब्दलाई **प्रतिनाम शब्द** भनिन्छ। प्रतिनाम शब्दको रचना व्यक्तिवाचक नामबाट जातिवाचक नाम, अनि विशेषण र क्रियामा गरिन्छ, जस्तै–

ने (मुनि) पाल →**नेपाल** (देश), विभीषण (रावणको भाइ) →**विभीषण** (घरको भेद दिने), राजा हरिश्चन्द्र → **हरिश्चन्द्र** (सत्यवादी), सती सावित्री →**सावित्री** (असल स्त्री), मोतीटार →**मोतीटारे** (केली), पोखरा → **पोखराली** (चामल), भदगाउँ →**भदगाउँले**, रोमियो → **रोमियो** (प्रेमी), महेन्द्रमल्ल →**महेन्द्रमल्ली** (रुपियाँ), स्यान्डो →**स्यान्डो** (बाँकटे गन्जी) ...।

नेपालीमा प्रतिनाम शब्दको क्रियाका रूपमा प्रयोग भएको देखिन्न, तर यस रूपमा निर्माण र प्रयोग गर्न सकिने देखिन्छ—

अ. तिम्रो यस कवितामा रोमान्सेली भावधारा **देवकोटिएको छ।**

आ. नेपाली साहित्यको विकासका निम्ति कोही त **भानुभक्तिएला ?**

३.३ उपर्युक्तबाहेक शब्द-रचनाका अरू पनि सानातिना पद्धतिहरू छन्। प्रत्येक भाषाले ग्रहण र रचनाका यिनै प्रक्रियाहरूबाट आफ्ना शब्द-भण्डारको वृद्धि गर्छ।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीन

□

सर्ग-पद्धति र शब्द-रचना

१. सर्ग-पद्धति र यौगिक विधान

१.१ शब्द-रचना विभिन्न पद्धतिहरू (हेर्नू : दुई–३.२) मध्ये नेपालीमा सर्ग-पद्धतिको प्रमुखता छ। **सर्ग-पद्धति** भनेको सर्ग (बद्ध रूपिम) का योगबाट कोशीय अर्थले सिद्ध शब्दको **व्युत्पादन** गर्ने विधान हो। यस विधानबाट व्याकरणिक अर्थले सिद्ध र प्रयोगयोग्य पदको **रूपायन** पनि गरिन्छ।



सर्ग-पद्धतिभित्र परे पनि **रूपायन** (हेर्नू : तल–६.३) चाहिं शब्द-रचनाका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फाँटमा नपरेर पद-रचनाका फाँटमा पर्छ । तसर्थ यसमा मुख्यतः **व्युत्पादन** अर्थात् **सर्गद्वारा कोशीय शब्दको निर्माण** गर्ने विधान र प्रक्रियाको उल्लेख गरिएको छ ।

१.२ सर्ग-पद्धतिबाट निर्मित प्रत्येक **व्युत्पन्न शब्द** (व्युश) को संरचनामा दुई खालका तत्त्व हुन्छन्– **आधार तत्त्व** (आत) र **आधेय तत्त्व** (आध) । आधार तत्त्वमा आधेय तत्त्वको योग गर्ने विधान र तीसंग सम्वन्धित विभिन्न अर्थक शब्दको व्युत्पादन गर्ने प्रक्रिया नै **सर्ग-पद्धति** हो । नेपाली शब्दको संरचनामा आत र आधको योग निम्नमध्ये कुनै एक ढाँचामा हुन्छ –

क.	**आत**	+	**आध**	→	**व्युश**
	↓		↓		↓
	मिल् (धातु)		आउ (सर्ग)		**मिलाउ**
	↓		↓		↓
	लठ् (प्राति)		इङ्गर (सर्ग)		**लठिङ्गर**

ख.	**आत**	+	**आध...**	→	**व्युश**
	↓		↓		↓
	मिल्		आउ+ओट+ई+पन		**मिलावटीपन**
	↓		↓		↓
	लठ्		इङ्गर+ए+पन		**लठिङ्गरेपन**

ग.	**आध**	+	**आत**	→	**व्युश**
	↓		↓		↓
	कु (सर्ग)		ठाउँ (प्राति)		**कुठाउँ**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घ.	**आध**	+	**आत**	+	**आध**	→	**व्युश**
	↓		↓		↓		↓
	नि (सर्ग)		खन् (धातु)		एको (सर्ग)		निखनेको
	↓		↓		↓		↓
	वि (सर्ग)		रस (प्राति)		इलो (सर्ग)		बिरसिलो

ङ.	**आध**	+	**आत**	+	**आध...**	→	**व्युश**
	↓		↓		↓		↓
	अ		मिल्		अन+सार+ई+ता		**अमिलनसारिता**
	↓		↓		↓		↓
	अ+सम्		प्रेषण (प्राति)		ईय+ता		**असम्प्रेषणीयता**

१.३ नेपालीमा उपर्युक्तमध्ये कुनै एक ढाँचामा आधार तत्त्व र आधेय तत्त्वको योग गरी शब्दको रचना गरिन्छ । यहाँ के स्पष्ट्याउनु आवश्यक छ भने माथि एउटा आधार तत्त्वमा एक पटकका एकभन्दा बढी आधेय तत्त्वको योग (जस्तै–१.२–ख,घ, ङ मा) गरिए तापनि व्युत्पादनको एक पटकमा एउटा आतमा एकभन्दा बढी आधेय तत्त्वको योग हुन्न । एउटा शब्दका संरचनामा रहने जति जम्मै सर्गलाई छुट्टाछुट्टै तर एकै पटक देखाउने उद्देश्यले अँगालिएको उपर्युक्त ढङ्गका विपरीत सर्गको योग र शब्दको रचना निम्न प्रकारबाट पटक-पटक गरिन्छ–

क :	मिल्	अकर्मक धातु
ख :	(मिल्)-आउ	अक →सकर्मक धातु
ग :	[(मिल्)-आउ]-ओट	सक धातु →नाम
घ :	{[(मिल्)-आउ]-ओट}-ई	नाम →विशेषण
ङ :	({[(मिल्)-आउ]-ओट}-ई)-पन	विशेषण →नाम

शब्दको संरचनामा पाइने आत र आधलाई **सन्निकट** वा **सन्निहित अवयव** पनि भनिन्छ । सर्गको यौगिक विधान र शब्दको रचना-प्रक्रियालाई सन्निकट अवयवको निर्देशसाथ यस ढङ्गमा पनि देखाउन सकिन्छ–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



माथि देखाउन खोजिएको खास कुरो के हो भने कुनै शब्दको संरचनामा सन्निकट अवयव भएर एउटा अनिवार्य संरचना-तत्त्व (जस्तै, **मिल्–**) र जतिसुकै परिधीय संरचना-तत्त्व जस्तै, (**–अन्,–सार,–ई,–ता**) रहे तापनि यौगिक विधान गर्दा आधार तत्त्वभित्र अन्तिम परिधीय संरचना-तत्त्वबाहेक जम्मैको **युक्त-सङ्क्रमण** हुन्छ, जस्तै–[मिलनसारिता →**मिलनसारी**+ता, मिलनसारी →**मिलनसार**+ई, **मिलनसार** →**मिलन**+सार...] र आधेय तत्त्वभित्र अन्तिम परिधीय संरचना-तत्त्व मात्र **मुक्त-सङ्क्रमण**को स्थितिमा रहन्छ, जस्तै–[मिलनसारिता →मिलनसारी+**ता**, मिसनसारी →मिलनसार+**ई**...]। शब्दको रचना गर्दा जहिले पनि अन्तिम परिधीय संरचना-तत्त्वका रूपमा रहेको सर्गको यौगिक विधान गरिन्छ जसद्वारा मुक्त-सङ्क्रमण (**मिलनसारी+ता**) रहेका आधार तत्त्व र आधेय तत्त्वमा युक्त-सङ्क्रमण (**मिलनसारिता**) भई शब्दको रचना हुन्छ। तलका कोठामा **निवेश** र **निर्गत**लाई दाँजेर हेर्दा यो कुरो झन् स्पष्ट हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१	२				३	४
	आत				आध	
निवेश	अनिवार्य संरचना-तत्त्व	परिधीय संरचना-तत्त्व			(अन्तिम परिधीय संरचना-तत्त्व)	निर्गत
क. मन्	मन्	×	×	×	उ	मनु
ख. मनु	मन्	उ	×	×	अ	मानव
ग. मानव	मन्	उ	अ	×	ईय	मानवीय
घ. मानवीय	मन्	उ	अ	ईय	ता	मानवीयता

कोठा–१ र कोठा–३ का तत्त्वमा मुक्त-सङ्क्रमण छ, तर कोठा–४ मा पुग्दा युक्त-सङ्क्रमण भई नयाँ शब्दको रचना हुन्छ। आधार तत्त्वमा मूल धातु वा मूल प्रातिपदिक मात्र छ भने पनि त्यो मुक्त-सङ्क्रमणको स्थितिमा रहन्छ र आधेय तत्त्वसंग योग हुँदा दुवैको युक्त-सङ्क्रमण हुन्छ, जस्तै– **देख्+आन →देखान, मन्+उ →मनु...** ।

२. आधार तत्त्व

२.१ **आधार तत्त्व त्यो हो जसमा सर्ग गाँसिन्छ।** मुक्त वा बद्ध रूपिमबाट संरचित यस तत्त्वलाई **प्रकृति** पनि भनिन्छ। शब्द-रचनामा यसले **अनिवार्य संरचना-तत्त्व** (हेर्नू : एक–२.४)को कार्य गर्छ। यसको मुख्य पहिचान के हो भने यसले एक्लै वा स्वतन्त्र रूपमा अर्थको बोध गराउँछ। कुनै **वस्तु, भाव** वा **व्यापार**लाई बुझाउनु नै अर्थ-बोध हो, जस्तै–

क. {**घरेलु**}मा [**घर्–**]ले **वस्तु**को अर्थबोध गराउँछ।
ख. {**बैंसालु**}मा [**बैंस्–**]ले **भाव**को अर्थ-बोध गराउँछ।
ग. {**बोली**}मा [**बोल्–**]ले **व्यापार**को अर्थ-वोध गराउँछ।

जसरी स्वतन्त्र रूपमा [घर्–, बैंस्-,बोल्–]ले अर्थ-बोध गराउँछन्, त्यसैगरी स्वतन्त्र रूपमा [**–एलु,–आलु,–ई**]ले अर्थ-बोध गराउन्नन्। तसर्थ उपर्युक्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्दमा [**घर्–, बँस्–, बोल्–**] आधार तत्त्व हुन् र [**–एलु,–आलु,–ई**] चाहिँ होइनन् । आधार तत्त्वबिना सर्गको योग र शब्दको रचना नहुने हुँदा यसलाई शब्दको अनिवार्य संरचना-तत्त्व मानिएको हो ।

२.२ सर्गको योग हुने आधार तत्त्व दुई खालका हुन्छन्–**आत^{1}** र **आत^{2}**। जसले कुनै व्यापारलाई बुझाउँछ त्यो **आत^{1}** हो, जस्तै–{**बोली**}मा [**बोल्–**] । प्रचलित शब्दमा यसैलाई **धातु** (हेर्नू : चार–३) भनिन्छ । अनि जसले वस्तु वा भावलाई बुझाउँछ त्यो चाहिं **आत^{2}** हो, उस्तै– {**घरेलु**}मा [**घर्–**] र {**बँसालु**}मा [**बँस्–**] । यसका निमित्त प्रयुक्त हुने परम्परित शब्द **प्रातिपदिक** (हेर्नू : चार–४) हो । यी दुवै ग्वाले आधार तत्त्व (परम्परित व्याकरणको **प्रकृति-तत्त्व**)का दुई-दुई भेद हुन्छन् । सबै खाले आधार तत्त्वको छोटो खोलुवा तल दिइएको छ–

आत →
- **आत^{1}** →
  - **आत^{1} क** → मूल धातु, जो चरम रूप भएकाले अव्युत्पन्न हुन्छ, जस्तै–{**बोलक्कड**}मा [**बोल्–**], {**चलन**}मा [**चल्–**], {**भनोट**}मा [**भन्–**] ... ।
  - **आत^{1} ख** → व्युत्पन्न धातु, जो मूल धातु वा व्युत्पन्न शब्दबाट निर्मित हुन्छ, जस्तै– {**बोलाउने**}मा [**बोलाउ–**], {**निदाउरो**}मा [**निदाउ–**] ... ।
- **आत^{2}** →
  - **आत^{2} क** → मूल प्रातिपदिक, जो चरम रूप भएकाले अव्युत्पन्न हुन्छ, जस्तै– {**कर्जा**}मा [**कर्ज्–**], {**दँतार**}मा [**दाँत्–**], {**गोठालो**}मा [**गोठ्–**] ... ।
  - **आत^{2} ख** → व्युत्पन्न प्रातिपदिक, जो मूल वा व्युत्पन्न प्रातिपादिकबाट निर्मित हुन्छ, जस्तै–{**धुपौरे**}मा [**धुपौर्–**], {**देखावटी**} मा [**देखावट्**], {**घरानियाँ**}मा [**घरान्–**] ... ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्ग-पद्धतिमा सर्गको यौगिक विधान उपर्युक्त चार प्रकारका आधार तत्त्वमध्ये कुनै एकमा गरिन्छ। यस प्रक्रियाबाट नयाँ-नयाँ शब्दको व्युत्पादन हुन्छ। व्युत्पन्न शब्द नै **यौगिक शब्द** हो, किनभने यसका संरचनामा एकभन्दा बढी तत्त्व (आत+आध)को योग हुन्छ।

३. आधेय तत्त्व

३.१ **आधेय तत्त्व त्यो हो जसलाई आधार तत्त्वमा गाँसिन्छ।** बद्ध रूपिमबाट संरचित यसै तत्त्वलाई **सर्ग** भनिन्छ। शब्द-रचनामा यसले **परिधीय संरचना-तत्त्व** (हेर्नू : एक–२.४)को कार्य गर्छ। यसको मुख्य पहिचान के हो भने यो ऐच्छिक हुन्छ र अर्थका दृष्टिबाट स्वतन्त्र नभएर आधार तत्त्वमा निर्भर रहेको हुन्छ, जस्तै–

क. {घरेलु}मा [–एलु]
ख. {बैंसालु}मा [–आलु]
ग. {बोली}मा [–ई]।

जस्तो स्वतन्त्र अर्थ [घर–, बैंस्–, बोल्–]मा गाभिएको छ, त्यस्तो स्वतन्त्र अर्थको अस्तितव [–एलु, –आलु, –ई]मा छैन। भाषाका मूल तत्त्व भए पनि यस अभावले गर्दा आधेय तत्त्वमा एक्लै वा स्वतन्त्र रूपमा प्रयुक्त हुने क्षमताको कमी हुन्छ। यसले अर्थवान् हुन आधार तत्त्वको परिधि वा आश्रयमा जानै पर्छ। प्रयुक्त हुन वा अर्थवान् हुन कुनै-न-कुनै आधारको आवश्यकता पर्ने हुनाले सर्गलाई आधेय तत्त्व भनिएको हो। यसबिना पनि शब्दको सत्ता रहने हुनाले (जस्तै–**घर, बैंस**...) सर्गलाई ऐच्छिक तत्त्व मानिन्छ। सर्ग-पद्धतिबाट शब्दको रचना गर्ने क्रममा भने यसको पनि अनिवार्यता नै हुन्छ, किनभने यसको योगबिना शब्दको व्युत्पादन हुन्न। सर्गको अनिवार्यता देखिए तापनि यस पद्धतिमा यसको योग ऐच्छिक, परिधीय र आधेय रूपमा नै हुन्छ।

३.२ आधार तत्त्वमा गाँसिएर शब्दको व्युत्पादन गर्ने आधेय तत्त्व तीन प्रकारका हुन्छन्–**आध**^{1}, **आध**^{2}, **आध**^{3}। यो विभाजन सर्गको गाँसिने ठाउँ र वितरणका आधारमा गरिएको हो। सबैको छोटकरी चिनारी तल दिइएको छ–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आध →

- **आध^1** → उपसर्ग, जो आधार तत्त्वका अगाडि गाँसिन्छ, जस्तै– {**निडर**}मा [**नि–**], {**औगुन**}मा [**औ–**], {**परिबन्द**}मा [**परि–**] ... ।
- **आध^2** → धातुसर्ग, जो धातुका पछाडि गाँसिन्छ (परम्परित व्याकरणमा यसैलाई **कृत्** भनिन्छ,) जस्तै– {**बोलक्कड**}मा [**–अक्कड**], {**चलन**} मा [**–अन**], {**भन्नु**}मा [**–नु**] ... ।
- **आध^3** → प्रातिसर्ग, जो प्रातिपदिकका पछाडि गाँसिन्छ (परम्परित व्याकरणमा यसैलाई **तद्धित** भनिन्छ), जस्तै– {**रोगी**}मा [**–ई**], {**धुपौरो**}मा [**–औरो**], {**घरानियाँ**} मा[**–आन, –इयाँ**] ... ।

३.३ **आध^1**मा पर्ने कुनै सर्गले कुनै स्थितिमा पनि रूपायन गर्दैनन् । **आध^2** र **आध^3**मा पर्ने केही सर्ग चाहिं व्युत्पादन र रूपायनका सीमावर्त्ती छन्, जस्तै– [**राखन्+ई →रखनी**]मा [**–ई**] व्युत्पादक र रूपायक दुवै हो । **आध^2** अर्थात् **धातुसर्ग**को अर्थ **धातुमा गाँसिने परसर्ग** र **आध^3** अर्थात् **प्रातिसर्ग**को अर्थ **प्रातिपदिक (प्राति)मा गाँसिने परसर्ग** हो ।

४. सर्ग-विधान र रचना-प्रक्रिया

४.१ सर्ग-पद्धतिमा आधार तत्त्व र आधेय तत्त्वको योग गर्नुलाई **सर्ग-बिधान** भनिन्छ । जुनसुकै आधार तत्त्वमा जुननुकै आधेय तत्त्वको योग नभएर निश्चित आधार तत्त्वमा निश्चित आधेय तत्त्वको योग हुने हुँदा यसलाई विधान भनिएको हो । नेपाली सर्ग-विधानअनुसार आधार तत्त्व र आधेय तत्त्वको निम्नलिखित वितरण हुन्छ–

क. → अ. **आत^1 क+आध^2 →व्युश**

आ. **आत^1 ख+आध^2 →व्युश**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इ. आत[२] क + आध[३] → व्युश

ई. आत[२] ख + आध[३] → व्युश ।

ख → अ. आध[१] + आत[२] क → व्युश

आ. आध[१] + आत[२] ख → व्युश

शब्दको रचना गर्न **आत**मा सर्गको यौगिक विधान यस प्रकार गरिन्छ–

क–अ. **ढाक्** + **अन** → – – –

क–ई. **मिलावटी** + **पन** → – – –

उपर्युक्त ढङ्गबाट आधार तत्त्वमा वितरण भएका सर्गको योग गर्ने विधान आरम्भ भएपछि यौगिक प्रक्रिया वा रचना प्रक्रिया घटित हुन्छ र कोशीय अर्थको सिद्धि गर्ने शब्दको व्युत्पादन हुन्छ, जस्तै–

क–अ. ढाक् + अन → **ढक्कन**

क–ई. मिलावटी + **पन** → **मिलावटीपन** ।

४.२ रचना-प्रक्रिया घटित हुँदा कतै-कतै विकार पनि हुन्छ, जसलाई **रूपध्वनिप्रक्रियात्मक परिवर्तन** (हेर्नू : पाँच–२) भनिन्छ। (क–अ)मा यस प्रकारको परिवर्तन निम्न रूपमा देख्न सकिन्छ–

क. **आ** → **अ** (ढाक् → ढक् ...)

ख. **क्** → **क्क्** (ढक् → ढक्क् ...)

[**ढाक्**–]को [**ढक्क्**–] हुनु नै विकार वा रूपध्वनिप्रक्रियात्मक परिवर्तन हो, जो नेपाली ध्वनि-नियमको (क) **ह्रस्वीकरण** र (ख) **द्वित्वीकरण**का अनुरूप घटित भएको छ। रचना-प्रक्रियामा यसरी देखापर्ने रूपहरूलाई **संपरिवर्तक** (हेर्नू : तल–५.२) भनिन्छ, जस्तै– **ढाक्** ~ **ढक्क्** दुई संपरिवर्तक हुन् । यस प्रकारको विशिष्ट परिवर्तन (क–ई)को रचना-प्रक्रियामा घटित भएको छैन ।

४.३ नेपाली सर्ग-पद्धतिका सबै खाले व्युत्पादक सर्ग-विधान तल उदाहरणसाथ देखाइएका छन्–

(क–अ)	आत[१] क +	आध[२] →	व्युश
	↓	↓	↓
	मिल्	अन	मिलन
	↓	↓	↓
	चल्	ती	चल्ती...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(क–आ) आत^{1} ख + आध^{2} → व्युश

↓	↓	↓
मिलाउ	ने	मिलाउने
↓	↓	↓
चाल्	आ	चाला
↓	↓	↓
निदाउ	रो	निदाउरो ...

(क–इ) आत^{2} क + आध^{3} → व्युश

↓	↓	↓
बैंस्	आलु	बैंसालु
↓	↓	↓
घर्	एलु	घरेलु ...

(क–ई) आत^{2} ख + आध^{3} → व्युश

↓	↓	↓
मिलन	सार	मिलनसार
↓	↓	↓
मिलनसार	ई	मिलनसारी
↓	↓	↓
बैंसालु	पन	बैंसालुपन
↓	↓	↓
मिलाउने	वाला	मिलाउनेवाला ...

(ख–अ) आध^{1} + आत^{2} क → व्युश

↓	↓	↓
कु	ठाउँ	कुठाउँ
↓	↓	↓
नि	सास	निसास

(ख–आ) आध^{1} + आत^{2} ख → व्युश

↓	↓	↓
अ	मिलन	अमिलन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अ	मिलनसार	**अमिलनसार**
↓	↓	↓
अ	मिलनसारिता	**अमिलनसारिता**
↓	↓	↓
कु	चाला	**कुचाला**
↓	↓	↓
बे	चल्ती	**बेचल्ती...।**

५. रूपध्वनिप्रक्रिया र संपरिवर्तक

५.१ आधार तत्त्व र आधेय तत्त्व गाँसिने यौगिक प्रक्रियामा केही परिवर्तन पनि घटित हुन्छ र शब्द व्युत्पन्न हुँदा कि आधार तत्त्वको कि आधेय तत्त्वको कि दुवैको रूप केही वा सिनित्तै फेरिन्छ। रचना-प्रक्रियामा हुने यस परिवर्तनलाई भाषा-विज्ञानमा **रूपध्वनिप्रक्रियात्मक परिवर्तन** (हेर्नू : पाँच–२) र परम्परित व्याकरणमा **सन्धि** (हेर्नू : परिशिष्ट–ख) भनिन्छ। यसका केही उदाहरण तल प्रस्तुत गरिएका छन्–

क →
- अ. काम् + आइ → **कमाइ** (आ → अ)
- आ. रु + आइ → **रुवाइ** (○ → व / उ—आ)
- इ. धु + एर → **धोएर** (उ → ओ)
- ई. जिस्कि + आहा → **जिस्क्याहा** (इ → य् / —आ)

ख →
- अ. हु + ई → **भई** (हु → भ / —ई)
- आ. जा + एर → **गएर** (जा → ग / —ए)
- इ. उन् + **बीस** → **उन्नाइस** (बीस → **नाइस**)
- ई. ऊ + **को** → **उसको**
- उ. म + **को** → **मेरो**
- ऊ. आफू + **को** → **आफ्नो**

(ई–ऊ: क् → क्, र्, न्,)

माथि (क)का परिवर्तनहरू **ध्वनिप्रक्रियात्मक** र (ख)का परिवर्तनहरू **रूपप्रक्रियात्मक** हुन्। ध्वनिप्रक्रियात्मक परिवर्तन भाषाको ध्वनि–नियमअनुसार र रूपप्रक्रियात्मक परिवर्तन रूप-रचनाका नियमबमोजिम हुन्छ। यी दुवैको सम्मिलित रूपलाई रूपध्वनिप्रक्रियात्मक परिवर्तन भनिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५.२ रूपध्वनिप्रक्रियात्मक परिवर्तनले गर्दा केही आधार तत्त्व वा आधेय तत्त्वका विभिन्न रूप देखापर्छन् । यी रूपलाई **संपरिवर्तक** वा **संरूप** भनिन्छ जो दुई खालका हुन्छन्— **ध्वनिप्रक्रियात्मक संपरिवर्तक** र **रूपप्रक्रियात्मक संपरिवर्तक**। पहिलो संपरिवर्तक भाषाको ध्वनि-नियमअन्तर्गत पर्छ र **ध्वनिप्रक्रियात्मक दृष्टिबाट प्रतिबन्धित** हुन्छ। दोस्रो चाहिं रूप-रचनाका नियमअन्तर्गत पर्छ र **रूपप्रक्रियात्मक दृष्टिबाट प्रतिबन्धित** हुन्छ। माथि प्रस्तुत गरिएका उदाहरणमा निम्नलिखित संपरिवर्तकहरू देखापरेका छन्–

क → अ. **काम् ∽ कम्,** आ. **आइ ∽ वाइ**
इ. **धु ∽ धो.** ई. **आहा ∽ याहा।**

ख → अ. **हु ∽ भ** आ. **जा ∽ ग,**
इ. **बीस ∽ नाइस,** ई-उ-ऊ. **क् ∽ र् ∽ न्।**

उपर्युक्तमध्ये (क)मा सँगालिएका ध्वनिप्रक्रियात्मक संपरिवर्तक हुन् र (ख)मा सँगालिएका चाहिं रूपप्रक्रियात्मक संपरिवर्तक हुन्। यिनमा केही **आधार तत्त्व संपरिवर्तक** र केही चाहिं **आधेय तत्त्व संपरिवर्तक** छन्। कतै-कतै आधार तत्त्व र आधेय तत्त्व दुवैमा रूपध्वनिप्रक्रियात्मक परिवर्तन भएको पनि देख्न सकिन्छ।

आधार तत्त्व संपरिवर्तक → काम् ∽ कम्, धु ∽ धो, हु ∽ भ, जा ∽ ग, बीस ∽ नाइस, ऊ ∽ उस आफू ∽ आफ्, म ∽ मे।

आधेय तत्त्व संपरिवर्तक → आइ ∽ वाइ, आहा ∽ याहा, को ∽ रो ∽ नो।

दुवैमा परिवर्तन ——→ (क–ई) **आत**–जिस्कि ∽ जिस्क्, **आध**–आहा ∽ याहा; (ख–उ) **आत**–म ∽ मे, **आध**–को ∽ रो; (ख–ऊ) **आत**–आफू ∽ आफ्, **आध**–को ∽ नो।

५.३ कुनै आधार तत्त्व वा आधेय तत्त्वको एउटा संपरिवर्तकभन्दा अर्को वा अर्का संपरिवर्तक रूपमा भिन्न हुन्छन्, तर तिनको अर्थ चाहिं फरक-फरक नभएर एउटै हुन्छ। रूपको भिन्नता भएर पनि अर्थको चाहिं अभिन्नता हुनु र समानार्थी भएर पनि **व्यतिरेकी** होइन **परिपूरक वितरणमा** रहनु नै संपरिवर्तकको पहिचान हो। जुन **परिवेश** वा ठाउँमा एउटा प्रयुक्त हुन्छ त्यही परिवेशमा अर्को पनि प्रयुक्त हुनु व्यतिरेकी वितरण हो। यसका विपरीत जुन परिवेशमा एउटा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आउँछ त्यस परिवेशमा अर्को नआएर आआफ्ना निश्चित ठाउँमा मात्र प्रयुक्त हुनु चाहिं परिपूरक वितरण हो । यस कुरालाई अझै टड्कारो पार्न तल केही उदाहरण दिइएको छ –

संपरिवर्तक रूपको भिन्नता → परिपूरक वितरणको स्थिति → अर्थको अभिन्नता

काम् → क्–आ–म् → परसर्गको आदिमा ह्रस्व स्वर अथवा व्यञ्जन अथवा एक-अक्षरे परसर्ग भएमा (**काम, काम्ने, कामी** ...)
कम् → क्–अ–म → आदिमा दीर्घ स्वर भएको एकभन्दा वढी अक्षरको परसर्ग भएमा (**कमाइ, कमौत** ...)
कम्म् → क्–अ–म्–म् → उपसर्ग भएमा (**बेकम्मा** ...)}
→ **काम**

बीस → ब्–ई–स्–अ → केही नगाँसिएमा (**बीस**)}
नाइस → न्–आ–इ–स्–अ → [उन्] उपसर्ग गाँसिएमा (**उन्नाइस**)}
→ २०

आइ → आ–इ → व्यञ्जनान्त आत भएमा (**गराइ, पढाइ, सुताइ** ...)
वाइ → व्–आ–इ → उकारान्त आत भएमा (**रुवाइ, धुवाइ, खवाइ लवाइ** ...)
याइ → य्–आ–इ → इकारान्त आत भएमा (**जिस्क्याइ**) ...}
→ **भाववाचकता**

क् → क् → {ऊ, यो, त्यो, को, जो}का पछाडि आएमा (**उसको, यसको, त्यसको** ...)
क् → र् → {म, तँ, तिमी, हामी}का पछाडि आएमा (**मेरो, तेरो, तिम्रो** ...)
क् → न् → {आफू}का पछाडि आएमा (**आफ्नो, आफ्नी, आफ्ना**)
→ **सम्बन्धवाचकता**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५.४ नेपालीको ध्वनिप्रक्रियात्मक संपरिवर्तक नेपाली ध्वनिनियमबाट प्रतिबन्धित हुन्छ। [**काम्**-] मा [**-आइ**] को योग हुँदा रचना-प्रक्रियामा ध्वनि-प्रक्रियात्मक परिवर्तन हुन्छ र नेपाली ध्वनि-नियमबमोजिम आधार तत्त्वका आदि स्वरको ह्रस्वीकरण (आ →अ) भई [**काम्** →**कम्**] मा परिवर्तित हुन्छ । रूपमा परिवर्तन भए पनि [**काम** ∽ **कम्**] संपरिवर्तकले दुई भिन्न अर्थ नजनाएर एउटै अर्थ जनाएका छन्, किनभने {**कमाइ**} का सन्दर्भमा जे [**काम्**-] को अर्थ हो त्यही नै [**कम्**-] को पनि हो । यी दुवै संपरिवर्तक नेपाली ध्वनि-नियमबाट प्रतिबन्धित छन्, किनभने

काम् →**काम्** / — { **ह्रस्व** + ··· / **व्यञ्जन** + ··· / **एउटा स्वरमात्र** } र **काम्** →**कम्**/—**दीर्घस्वर** + ··· हुन्छ,
(हेर्नू : पाँच–२)

जस्तै–**बेकाम, कामदार, धेकामी** ···, **कमाउ, कमाइ** ···। { **बिकम्मा** }मा देखिने तेस्रो रूप [**कम्म्**-] समेत गरी एउटै आधारतत्त्वका तीनौटा संपरिवर्तक देखिन्छन्–**काम्** ∽ **कम्** ∽ **कम्म्**, तर तीनैको अर्थ भने एउटै छ । यसैगरी [**रु**+**आइ**] को योग हुँदा सर्गमा परिवर्तन हुन्छ र आधेय तत्त्व संपरिवर्तकलाई देख्न सकिन्छ । शब्द-रचनाका क्रममा ध्वनिप्रक्रिया भएर [**-आइ**] को [**-वाइ**] हुन्छ । यी दुवै संपरिवर्तकको रूपमा समानता नभए पनि अर्थमा भने असमानता छैन, किनभने दुवैले **त्यसको भाव** भन्ने अर्थको अभिव्यक्ति गर्छन् । [**-आइ**] को [**-वाइ**] मा परिवर्तन नेपालीको यस ध्वनि-नियमअनुसार भएको छ– ○ →**व्**/**उ**—**आ** (हेर्नू : पाँच–२); जो अन्यत्र पनि लागू हुन्छ, जस्तै { **धुवाइ, छुवाइ, खवाइ, लवाइ** ··· } । तेस्रो रूपसमेत गरी **आइ** ∽ **वाइ** ∽ **याइ** सबैनै ध्वनि-नियमद्वारा प्रतिबन्धित छन्, किन-भने अगाडि /**उ**/ छ भने [**-वाइ**], /**इ**/ छ भने [**-याइ**] र व्यञ्जन छ भने [**-आइ**] को परिपूरक वितरण हुन्छ, जस्तै– **धुवाइ** ··· ; **जिस्क्याइ** ··· ; **सुताइ** ···।

यसका विपरीत रूपप्रक्रियात्मक संपरिवर्तक चाहिं कुनै पनि ध्वनि-नियम-द्वारा कजिएको हुन्न । तसर्थ यस वर्गको संपरिवर्तकलाई प्रतिबन्धित गर्ने कुनै निश्चित ध्वनि-नियमको निर्देश गर्न सकिन्न । यस वर्गमा पर्ने संपरिवर्तकले एउटै प्रकारको रचनामा पनि बेग्लाबेग्लै रूप लिएको देखिन्छ, जस्तै– { **भई, गई** } । [**हु**+**ई**] को योग हुँदा **हु** ∽ **भ** र [**जा**+**ई**] को योग हुँदा **जा** ∽ **ग** संपरिवर्तक कसरी भए भनेर तोकुवा ध्वनि-नियमतर्फ औंल्याउन सकिन्न । यिनका सम्बन्धमा के मात्र भन्न सकिन्छ भने स्वरको योग हुँदा [**भ**-], [**ग**-] र व्यञ्जनको योग हुँदा [**हु**-], [**जा**-] को वितरण हुन्छ । तसर्थ **हु** ∽ **भ** र **जा** ∽ **ग** ध्वनि-नियमबाट प्रतिबन्धित नभई रूपबाट प्रतिबन्धित छन् । यसैगरी { **बीस, तीस, पचास, असी** } मा [**उन्**-] उपसर्गको योग गर्दा { **उन्नाइस, उनन्तीस, उनन्चास, उनासी** } को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्युत्पादन हुन्छ । यस हुलमा **बीस, ∽ नाइस, तीस ∽ अन्तीस, पचास ∽ अन्चास, असी ∽ आसी** संपरिवर्तक देखापरेका छन्, जसबारे निश्चित ध्वनि-नियमको एकीन गर्न सकिन्न । यिनका बारेमा के मात्र भन्न सकिन्छ भने [**उन्–**] उपसर्गको योग गर्दा {**बीस, तीस, पचास, असी**} का [**नाइस, अन्तीस, अन्चास, आसी**] रूप हुन्छन् । यस प्रकार रूपद्वारा प्रतिबन्धित भएकाले यिनलाई रूपप्रक्रियात्मक संपरिवर्तक भनिन्छ ।

यसमा संपरिवर्तकलाई जनाउनु पर्दा ∽ चिह्नको प्रयोग गरिएको छ । संपरिवर्तकहरूमा कुन चाहिं **प्रधान** हो भनेर खुट्ट्याउने खास आधार नभए पनि मोटामोटी जुन रूपको वढी प्रयोग हुन्छ त्यसलाई प्रधान संपरिवर्तक भन्न सकिन्छ । यसमा प्रधान संपरिवर्तकलाई कोष्ठकबाहिर र अन्य संपरिवर्तकलाई कोष्ठकभित्र राखेर यस प्रकार छुट्ट्याइएको छ– **आइ (∽ वाइ)** ।

६. व्युत्पादन र रूपायन

६.१ यौगिक प्रक्रिया वा रचना-प्रक्रियामा सर्गको प्रकार्य दोहोरो छ– **व्युत्पादन** र **रूपायन** । आधार तत्त्वमा केही सर्ग जोड्दा व्युत्पादन, केही सर्ग जोड्दा रूपायन र केही सर्ग जोड्दा व्युत्पादन एवं रूपायन दुवै हुन्छ । नेपाली यौगिक विधानमा चलन गरिने सर्गमध्ये **आध** [१], **आध** [२], **आध** [३] चाहिं व्युत्पादक कोटिका र यी बाहेक अरू जम्मै रूपायक कोटिका सर्ग हुन् । **आध** [२] र **आध** [३] का केही सर्गले व्युत्पादनका साथै रूपायन पनि गर्छन्, तर **आध** [१] ले चाहिं व्युत्पादन मात्र गर्छ ।

६.२ एउटा व्याकरणिक **वर्ग**का रूपिम वा शब्द (**आत** →सबै प्रकारका धातु, सबै प्रकारका प्रातिपदिक) बाट प्रायः अर्को वर्ग वा **उपवर्ग**का **कोशीय शब्द**को रचना गर्ने यौगिक प्रक्रियालाई **व्युत्पादन** भनिन्छ । उदाहरणका निमित्त सर्ग गाँसेर धातु वर्गबाट नाम वर्गका शब्द अथवा नाम वर्गबाट विशेषण वर्गका शब्द अथवा विशेषणबाट क्रियाविशेषण उपवर्गका शब्द अथवा अरू कुनै वर्गबाट अरु कुनै वर्गका शब्दको रचना गर्नु व्युत्पादन हो । नाम वर्गको जातिवाचक (**जाति**) उपवर्गबाट व्यक्तिवाचक (**व्यक्ति**) वा भाववाचक (**भाव**) उपवर्गको शब्द बनाउनु अथवा अरु कुनै वर्गको एउटा उपवर्गबाट सोही वर्गका अरू कुनै उपवर्गको शब्द बनाउनु पनि व्युत्पादन नै हो । यसै अनुरूप ती सर्गहरूलाई **व्युत्पादक सर्ग** भनिन्छ जुनले एक वर्ग वा उपवर्गका रूपिम अथवा शब्दबाट अर्को वर्ग वा उपवर्गका शब्दको निर्माण गर्ने व्याकरणिक कार्य गर्छन् । संक्षेपमा भन्ने हो भने **शब्द-वर्ग**का पाँच वर्ग (हेर्नु : एक–४) मध्ये कुनै एक वर्गलाई कुनै अर्को वर्ग वा उपवर्गमा परिवर्तित गरेर नयाँ-नयाँ शबदको रचना गर्ने प्रक्रिया व्युत्पादन हो, जस्तै–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. →	दय् (आत [1] धातु)	+	[अ+आ] (आध[2] नाम व्युत्पादक सर्ग +स्त्री सर्ग)	→	दया (व्युश, ना, भाव)		दय् + अ → दय + आ → दया । यो व्युत्पत्ति संस्कृत को हो, जसमा [-अ] ले धातुको वर्ग परिवर्तन गरी नाम र [-आ] ले स्त्री तुल्याएको छ ।
ख. →	दया (आत [2] क ना-प्राति)	+	[-लु] (आध [3] वि-व्युत्पादक सर्ग)	→	दयालु (व्युश, वि, गुण)		प्रस्तुत सन्दर्भमा यहाँदेखि नेपाली शब्दको रचना-प्रक्रिया आरम्भ हुन्छ । (क) रचना-प्रक्रियाबाट व्युत्पन्न भएको हुँदा संस्कृतमा [दया-] आत[2] ख हो, तर नेपालीमा यो अविभाज्य खण्ड भएकाले मूल प्रातिपदिक अर्थात् आत [2] क हो । [-लु]ले नामवर्गको प्रादिपदिकलाई विशेषण वर्गको शब्दमा परिवर्तित गरेको छ ।
ग. →	दयालु (आत [2] ख, वि-प्राति)	+	[-ता] (आध [3] ना-व्युत्पादक सर्ग)	→	दयालुता (व्युश, ना, भाव)		[-ता] ले विशेषण वर्गको प्रातिपदिक-लाई नाम वर्गको शब्दमा परिवर्तित गरेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घ. →	**मनु** (∽ **मनुष्**) (आत २ क, ना-प्रति, व्यक्ति)	+	**[-य]** (आध ३ ना-व्युत्पादक सर्ग)	→	**मनुष्य** (व्युश, ना, जाति	**[-य]** ले **व्यक्तिवाचक** उपवर्गको नामलाई **जातिवाचक** उपवर्गको नाममा परिवर्तित गरेको छ ।
ङ. →	**मनुष्य** (आत २ ख ना-प्राति जाति)	+	**[-त्व]** (आध ३ ना-व्युत्पादक सर्ग)	→	**मनुष्यत्व** (व्युश, ना, भाव	**[-त्व]** ले **जातिवाचक** उपवर्गको नाम प्रातिपदिकलाई **भाववाचक** उपवर्गको शब्दमा परिवर्तित गरेको छ ।

६.३ खास तरहको वाक्यात्मक सम्बन्ध देखाउन र व्याकरणिक अर्थको अभिव्यक्ति गर्न कोशीय शब्दमा गरिने परिवर्तनलाई **रूपायन** भनिन्छ । रूपायन भएपछि शब्द **पद** वा मुक्त शब्दको रूपमा सिद्ध हुन्छ । यस प्रक्रियाद्वारा **नाम, सर्वनाम र विशेषण**मा **लिङ्ग, वचन, कारक** (हेर्नू : एक–पाँच) को परिवर्तन तथा **क्रिया**मा **लिङ्ग, वचन, पुरुष** र **काल** (हेर्नू : एक–५)को परिवर्तन गरी उक्त चारै वर्गका शब्दहरूको पदका रूपमा **रूपावली** तयार पारिन्छ । यसै अनुरूप ती सर्गलाई **रूपायक सर्ग** भनिन्छ जुनले व्याकरणिक अर्थको अभिव्यक्ति गरी वाक्यमा पदहरूको वाक्यात्मक सम्बन्ध निर्देशित गर्छन् । नेपालीमा रूपायक सर्गद्वारा वाक्यात्मक सम्बन्ध देखाउन लिङ्ग, वचन, पुरुष, कारक, काल आदिको अभिव्यक्ति गरिन्छ । संक्षेपमा भन्ने हो भने **व्याकरणिक कोटिहरू** (हेर्नू : एक–५) को अभिव्यक्तिका निमित्त गरिने परिवर्तन रूपायन हो, जसबाट शब्द प्रयोगयोग्य पद बन्छ, जस्तै–

Jayatu Sanskritam, Kathmandu, Nepal



[-ओ] ले प्रातिपदिकलाई **पुलिङ्ग**, एकवचन, सरल कारक पदमा परिवर्तित गरेको छ, तर वर्ग (**ना, जाति**) भने फेरिएको छैन ।

[-ई] ले प्रातिपदिकलाई **स्त्रीलिङ्ग**, एकवचन, सरल कारक पदमा परिवर्तित गरेको छ, तर वर्ग (**ना, जाति**) भने फेरिएको छैन ।

[-आ] ले प्रातिपदिकलाई पुलिङ्ग, **बहुवचन**मा परिवर्तित गरेको छ, तर वर्ग (**ना, जाति**) भने फेरिएको छैन ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. → { छोरी (एव) + [-हरू] (बव-रूपायक सर्ग) → छोरीहरू (रूप, बव) } [-हरू] ले **एक वचन**को कोटि परिवर्तित गरी **बहुवचन** तुल्याएको छ, तर दुवैको वर्ग (**नाम**) चाहिं अपरिवर्तित छ।

ग. → { छोरो (सका) + [-ले] (तिका-रूपायक सर्ग) → छोराले (रूप, तिका) } [-ले] ले **सरल कारक**लाई **तिर्यक् कारक**मा परिवर्तित छ।

(घ)— { जा (धातु) } →
- { [न्] आगम } ——→ जान् (असिद्ध)
- { [छ्] (वर्त-रूपायक सर्ग) } ——→ जान्छ् (असिद्ध)
- { [उ] (पुलि-एव-उपु-सका रूपायक सर्ग } ——→ जान्छु (सिद्ध रूप, क्रियापद)

यस क्रियापदको रूपायन तीन चरणमा भएको छ–

अ. जा → **जान्**

आ. जान् → **जान्छ्**

इ. जान्छ् → **जान्छु**।

तेस्रो चरणमा क्रियापद { **जान्छु** } को सिद्धि हुँदा यसले पुलिङ्ग, एक वचन, उत्तम पुरुष, वर्तमान काल, सरल कारक कोटिहरूको अभिव्यक्ति गरेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६.४ सर्ग-पद्धतिमा शब्द र पदको रचना उपर्युक्त व्युत्पादन र रूपायन-प्रक्रियाबाट हुन्छ । यी दुवै प्रक्रियाको फरक अझै टड्कारो गरी बुझन {भँडुवीहरू} को निम्नलिखित विश्लेषणले सघाउ पुऱ्याउनेछ–

भाँड् + [**उवा**] → **भँडुवा**
(आत[१] क, धातु) (आध[२], ना-व्युत्पादक सर्ग) (व्युश, ना, पुरुषवाचक)

भँडुव् + [–ई] → **भँडुवी**
(आत[२] ख, ना-प्राति (स्त्री-रूपायक सर्ग) (रूप, स्त्री)

भँडुवी + [–हरू] → **भँडुवीहरू**
(ना, स्त्री, एव) (बव–रूपायक सर्ग) (रूप, बव)

यी दुवै प्रक्रियाहरूको फरक झन् स्पष्ट पार्न तल # **सब केटाहरू दयालु हुन्छन्** # भन्ने वाक्यमा प्रयुक्त **रूपिम-शृङ्खला**को विश्लेषण गरिएको छ—



यस वाक्यमा प्रयुक्त रूपिम-शृङ्खलाको छानबीन गर्दा निम्न दुई वर्गका रूपिमहरू फेला पर्छन्—

क. **सब, केट्, दया हु** ।

ख. **पु+बव, लु, वर्त** ।

खण्ड (क)का रूपिमहरू आधार तत्त्व र (ख)का रूपिमहरू आधेय तत्त्व हुन् । यी दुवै खाले रूपिमहरूको शृङ्खला चाहिँ यस प्रकारको छ—

ग. **केट्+पु–बव** →...

घ. **दया+लु** →...

ङ. **हु +वर्त** →... ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्ड (ख)मा आधेय तत्त्वका रूपमा निम्न दुई किसिमका सर्गहरू देखा परेका छन्—

च. लु ।

छ. पु+बव, वर्त ।

(च) खण्डको आधेय तत्त्व व्युत्पादक सर्ग हो र (छ) खण्डमा भेला गरिएका दुवै आधेय तत्त्व चाहिं रूपायक सर्ग हुन् । **दया** + लु → **दयालु** किन व्युत्पादन हो भने [**–लु**]ले भाववाचक नाम [**दया–**]लाई गुणवाचक विशेषण {**दयालु**}मा परिवर्तित गरेको छ । यसका विपरीत **केट्** + **पु–बव** (**आ-हरू**) → **केटाहरू** चाहिं किन रूपायन हो भने [**–आ-हरू**]ले [**केट्–**] प्रातिपदिकलाई पुलिङ्ग, बहुवचन, सरल कारक पद {**केटाहरू**}का रूपमा सिद्ध र वाक्यात्मक सम्बन्धले युक्त तुल्याएको छ । यस कर्तासंग मेल हुने गरी [हु–]को वर्तमान कालमा रूपायन [**–न्** (आगम)], [**–छ्** (वर्त)] र [**–अन्** (बव, पु, सका, अपु)]द्वारा भई { **हुन्छन्** } क्रियापदको रचना भएको छ ।

६.५ सालाखाला भन्ने हो भने व्युत्पादन र रूपायनमा भिन्नताका मुख्य-मुख्य बुँदाहरू निम्नलिखित छन्—

क. व्युत्पादनमा आधार तत्त्व धातु वा प्रातिपदिक हुन्छ र त्यसैमा सर्ग गाँसिन्छ, जस्तै– **बोल्** + **अक्कड** → **बोलक्कड**, **दाँत्** + **उलो** → **दँतुलो** । यसका विपरीत रूपायनमा चाहिं मूल वा व्युत्पन्न कोशीय शब्द आधार तत्त्व हुन्छ र त्यसैमा सर्ग गाँसिन्छ, जस्तै– **बोलक्कड** + **हरू** → **बोलक्कडहरू**, **दाँत** + O → **दाँत**, **दँतुल्** + **ई** → **दँतुली** ।

ख. व्युत्पादनमा शब्दको **आन्तरिक संरचना** र रूपायनमा **बाह्य संरचना** हुन्छ, जस्तै– [**बोल्** + **अक्कड** +**हरू**]मा [**–अक्कड**] आधार तत्त्व [**बोल्-**]को निकटस्थ र आन्तरिक अवयव भएर रहेको छ, अनि [**–हरू**] चाहिं दूरस्थ र बाह्य अवयवका रूपमा रहेको छ । आन्तरिक संरचनाको सम्बन्ध **अर्थ**संग भएकाले व्युत्पादक सर्ग [**–अक्कड**]को [**बोल्–**]मा योग हुँदा कोशीय अर्थले सिद्ध शब्द {**बोलक्कड**}को व्युत्पादन हुन्छ । यसका विपरीत बाह्य संरचना चाहिं **कार्य**संग सम्बन्धित भएकाले रूपायक सर्ग [**–हरू**]को [**बोलक्कड–**]मा योग हुँदा वाक्यात्मक स्तरमा बहुवचनको कार्य गर्ने {**बोलक्कडहरू**} पदको सिद्धि हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. व्युत्पादनमा सर्गको **पुनरावर्तन** पनि हुन्छ, जस्तै– **गोठ्**+**आल्** +**ए**, तर रूपायनमा पुनरावर्तन हुँदैन । पुनरावर्तन हुने भएकाले व्युत्पन्न शब्दको संरचनामा एकभन्दा बढी व्युत्पादक सर्गको योग देख्न सकिन्छ, जस्तै– गोठ्+**आल्** →गोठाल्+**ए** →गोठाले, कुल्+**ईन** →कुलीन →**ता** → कुलीनता, तर कुनै पनि पदको संरचनामा रूपायक सर्ग चाहिं एउटा-भन्दा बढी देख्न सकिन्न । कुनै पदमा रूपायक सर्गपछि अर्को पनि सर्ग देखिन्छ भने त्यो चाहिं **पश्च सर्ग** नै हुनु पर्छ, जस्तै– **बोलक्कडहरूबाट** → बोल् (**धातु**) + अक्कड (**व्युत्पादक सर्ग**) + हरू (**रूपायक सर्ग**) + बाट (**पश्च सर्ग**) । पश्च सर्गले पदहरूमा रहेको **अप्रत्यक्ष सम्बन्ध** (सरल कारक)लाई **प्रत्यक्ष** (तिर्यक्) तुल्याउँछ ।

घ. रचना-प्रक्रियामा व्युत्पादनको प्रक्रिया **पहिला** घटित हुन्छ र रूपायनको प्रक्रिया **त्यसपछि** मात्र घटित हुन्छ । शब्दको संरचनामा व्युत्पादक सर्गको स्थान-क्रम **प्रथम** र रूपायक सर्गको स्थान क्रम चाहिं त्यसपछि हुने कारण यही हो ।

ङ. व्युत्पादित शब्दको **रूपावली** हुन्न, तर रूपायित पदको **रूपावली** हुन्छ, जस्तै– { **छोरो-छोरी-छोरा** ...}, { **जान्छ-गयो-जानेछ-जाला-जान्छु, जान्छन्, जान्छौं** ...} ।

च. व्युत्पादनमा शब्दको **वर्ग** वा **उपवर्ग** प्रायः फेरिन्छ, तर रूपायनमा वर्ग चाहिं उही रहन्छ, **कोटि** मात्र फेरिन्छ ।

छ. व्युत्पादनबाट **शब्द**को रचना हुन्छ जसको स्थिति व्याकरणात्मक र कोशीय एकाइको मध्यवर्ती हुन्छ । यसका विपरीत रूपायनमा **पद**को रचना हुन्छ । व्याकरणिक अर्थको अभिव्यक्ति गर्ने पद चाहिं सिद्ध रूप हो, जो कोशीय नभएर **व्याकरणात्मक** हुन्छ ।

ज. व्युत्पादनमा नयाँ-नयाँ शब्दको प्रजनन हुन्छ, किनभने व्युत्पादक सर्गमा प्रायः एक वर्गका शब्दबाट अर्का वर्गका शब्द व्युत्पादन गर्ने क्षमता हुन्छ । यसका विपरीत रूपायनमा चाहिं नयाँ-नयाँ पदको प्रजनन हुँदैन । यसको कारण चाहिं के हो भने वाक्यात्मक संरचनामा क्रियाशील हुँदा शब्दमा रूपायक सर्गको योग हुन्छ र यस प्रक्रियाबाट पदमा परिवर्तित शब्द

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निश्चित व्याकरणिक परिवेशमा प्रतिबन्धित हुन पुग्छ । रूपायनले पदलाई व्याकरणिक विधानमा प्रतिबन्धित गर्ने हुनाले रूपायक सर्गबाट नयाँ-नयाँ पदको प्रजनन हुन पाउँदैन ।

ऋ. व्युत्पादन-प्रक्रियाबाट प्रजनित शब्दले सामूहिक रूपमा एकै पटक विभिन्न अर्थको बोध गराउन्न, तर रूपायित पदले चाहिं सामूहिक रूपमा एकै पटक विभिन्न अर्थको अभिव्यक्ति गर्छ, जस्तै– **लिङ्ग, वचन, पुरुष, कारक, काल** ... ।

ञ. सूचीबद्ध गर्दा व्युत्पादक सर्गको संख्या बढी र रूपायक सर्गको संख्या घटी पाइन्छ, तर वितरणका दृष्टिले व्युत्पादक सर्गको क्षेत्र सानो र रूपायक सर्गको क्षेत्र ठुलो देखिन्छ । व्युत्पादक सर्ग [–**आडी**]को वितरण [**खेल्–, जुवा–, गफ्–** ...]मा मात्र सीमित छ भने रूपायक सर्ग [–**हरू**]को वितरण सबैजसो **नाम, सर्वनाम** र **विशेषण**मा हुन्छ ।

६.६ उपर्युक्त फरक हुँदाहुँदै पनि कहिलेकाहीं यस्तो स्थितिसमेत देखापर्छ जसमा व्युत्पादक सर्ग र रूपायक सर्ग एकनास हुन्छन् र प्रजनितलाई **शब्द** र **पद** दुवै भन्न सकिन्छ, जस्तै– # **यो अम्खोरी ज्यादै राम्रो** छ # वाक्यमा {**अम्खोरी**} । {**अम्खोरी**} को [–**ई**] ले [**अम्खोर्–**] प्रातिपदिकको **क्षुद्रार्थ**लाई जनाउँछ, जसको बोध {**अम्खोरो/ अम्खोरा**}बाट हुन्न । यस रूपमा [–**ई**] व्युत्पादक सर्ग हो । साथै उपर्युक्त वाक्यमा {**अम्खोरी**}को [–**ई**]ले सरल कारक, एक वचन, नपुंसक लिङ्ग भन्ने व्याकरणिक कोटिलाई पनि सूचित गरेको छ । यस रूपमा [–**ई**] रूपायक सर्ग पनि हो । तसर्थ माथिका वाक्यमा [–**ई**]द्वारा [**अम्खोर्–**] प्रातिपदिकबाट {**अम्खोरी**} शब्दको व्युत्पादन र {**अम्खोरी**} पदको रूपायन पनि भएको छ ।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चार

□

शब्द-रचनाका मूल र व्युत्पन्न तत्त्व

१. तत्त्व र शब्द

१.१ शब्दको संरचनामा क्रियाकील हुने खुद प्रकार्यात्मक एकाइलाई यसमा **रचना-तत्त्व** भनिएको छ । नेपालीमा यस्ता तत्त्व दुई खालका छन्—एउटा ती जो आफैं बनेका छन् र अर्का ती जो आफैं नबनी अरू कुनै तत्त्वबाट बनेका छन् । पहिलो खालमा पर्ने **मूल तत्त्व** हुन्, जसमध्ये केहीले **आधार तत्त्व**को कार्य गर्छन्, जस्तै– {**घुमाउरो**}मा [**घुम्–**], {**केटौलो**}मा [**केट्–**], {**फराकिलो**}मा [**फराक्–**] ... र केहीले **आधेय तत्त्व**को कार्य गर्छन्, जस्तै– उपर्युक्त उदाहरणमा [**–आउरो**], [**–औलो**], [**–इलो**] ... । यसका विपरीत दोस्रो खालमा पर्ने चाहिं **व्युत्पन्न तत्त्व** हुन् जो आधार तत्त्व र आधेय तत्त्वका योगबाट निर्मित हुन्छन् जस्तै– [**घुमाउर्–**], [**–केटौल्**], [**फराकिल्–**] ... ।

१.२ पहिलो खालमा पर्ने आधार तत्त्वको कोशीय रूपलाई **मूल शब्द** भनिन्छ, जस्तै– [**केट्–**]को {**केटो**} र [**फराक्–**]को {**फराक**} । मूल शब्द अर्थात् {**केटो, फराक**} नै मुक्त रूपिम हुन् । यसैगरी दोस्रो खालमा पर्ने आधार तत्त्वको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कोशीय रूपलाई **व्युत्पन्न शब्द** भनिन्छ, जस्तै– [**घुमाउर्–**]को {**घुमाउरो**}, [**केटौल्–**]को {**केटौलो**} र [**फराकिल्–**]को {**फराकिलो**}। व्युत्पन्न शब्दको संरचनामा एकभन्दा बढी रूपिमहरू हुन्छन्।

२. मूल तत्त्व र व्युत्पन्न तत्त्व

२.१ **शब्द-रचनाका मूल वा व्युत्पन्न तत्त्व भनेको त्यो अनिवार्य संरचना-तत्त्व अथवा परिधीय संरचना-तत्त्व हो जसले शब्दको यौगिक प्रक्रियामा आधार तत्त्व वा आधेय तत्त्वको कार्य गर्छ।** मूल तत्त्वको संरचनामा एउटा र व्युत्पन्न तत्त्वको संरचनामा एकभन्दा बढी रूपिम हुन्छ। कुरो खुलस्त पार्न तल {**मिलावटीपन**}को विश्लेषण र त्यसको व्याख्या गरिएको छ—



यसमा काँडभन्दा देब्रे तर्फको एउटा एकाई (**मिलावटीपन**)लाई काँडभन्दा दाहिनेतर्फको ठुलो कोष्ठकभित्रका पाँच साना कोष्ठकहरूमा टुक्र्याइएको छ। यस विश्लेषणबाट [१, २, ३, ४, ५] प्राप्त भएका छन्, जो रूपिम अर्थात् सार्थक लघुतम खण्ड भएकाले शब्दका रचना-तत्त्व हुन्। यी पाँचै तत्त्वहरू अरू कुनै तत्त्वबाट नबनी आफैं बनेका छन्, तसर्थ मूल तत्त्व हुन्। यिनलाई [**अ**] र [**आ**] गरी दुई वर्गमा विभाजित गरिएको छ, जसमध्ये [**अ**]ले आधार तत्त्व र [**आ**]ले आधेय तत्त्वलाई जनाउँछ। विश्लेषित पाँच मूल तत्त्वमध्ये [**अ–१**]ले आधार तत्त्व अथवा अनिवार्य संरचना-तत्त्वको कार्य गरेको छ भने [**आ–२, आ–३, आ–४ आ–५**]ले आधेय तत्त्व अथवा परिधीय संरचना-तत्त्वको कार्य गरेका छन्। दुई मूल तत्त्व [**अ–१, आ–२**]को यौगिक विधान (**अ–१+आ–२**)बाट प्रजनित तेस्रो तत्त्व [**क**(मिलाउ–)] चाहिं व्युत्पान्न तत्त्व हो। [**अ–१+आ–२**]का योगबाट निर्मित [**क**] व्युत्पन्न तत्त्व किन हो भने यसको रचना अन्य तत्त्व (**अ–१+आ–२**)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाट भएको छ। यसैगरी [क+आ–३]बाट प्रजनित[ख (मिलवट्–)], [ख+आ–४]बाट प्रजनित [ग (मिलावटी–)] र [ग+आ–५]बाट प्रजनित [घ (मिलावटीपन–)] पनि व्युत्पन्न तत्त्व हुन्।

माथि [क]को यौगिक विधान र [ख, ग, घ]को यौगिक विधानमा स्पष्ट अन्तर देख्न सकिन्छ, जस्तै– [क]को विधान [अ–१+आ–२ →क] हो, तर [ख]को विधान[अ–१ (मिल्–) +आ–२ (–आउ)+आ–३ (–ओट ∽ वट) → ख (मिलावट्–)] नभई [क (मिलाउ–) + आ–३ (ओट ∽ वट) → ख (मिलावट्–) हो, [ग]को विधान [अ–१+आ–२+आ–३+आ–४ →ग] नभई [ख (मिलावट्–)+आ–४ (–ई) →ग (मिलावटो–)] हो र [घ]को विधान [अ–१+आ–२+आ–३+आ–४+आ–५ →घ] नभई [ग (मिलावटी–)+ आ–५ (पन) →घ (मिलावटीपन)] हो। यसको अर्थ के हो भने [क]को संरचनामा [अ–१] अर्थात् मूल तत्त्वले आधार तत्त्वको कार्य गरेको छ, तर [ख]को संरचनामा चाहिं [क] अर्थात् व्युत्पन्न तत्त्वले आधार तत्त्वको कार्य गरेको छ जो [अ–१+आ–२]को यौगिक रूप हो। यसैगरी [ग]को संरचनामा [ख]ले आधार तत्त्वको कार्य गरेको छ जो [अ–१+आ–२+आ–३]को यौगिक रूप हो र [घ]को संरचनामा [ग]ले आधार तत्त्वको कार्य गरेको छ जो [अ–१+आ–२+आ–३+आ–४]को यौगिक रूप हो। यसबाट के सिद्ध हुन्छ भने मूल तत्त्व झैं व्युत्पन्न तत्त्व पनि शब्दको संरचनामा आधार तत्त्व भएर क्रियाशील हुन्छन् र नयाँ-नयाँ शब्दको व्युत्पादन गर्छन्। मूल तत्त्वमध्ये केही (अ–१)ले आधार तत्त्व र केही (आ–२ ...)ले आधेय तत्त्वको कार्य पनि गर्छन्, तर व्युत्पन्न तत्त्व (क, ख, ग, घ)ले चाहिं आधार तत्त्वको कार्य मात्र गर्छन्। छोटकरीमा के भने मूल तत्त्वअन्तर्गतका **आत** र **आध**को योग नभई अथवा व्युत्पन्न तत्त्वको **आत** र मूल तत्त्वको **आध** नगाँसिई सर्ग-पद्धतिबाट शब्दको रचना हुन्न।

	मूल तत्त्व	**व्युत्पन्न तत्त्व**
आत	मिल्–	**मिलाउ** **मिलावट** **मिलावटी** **मिलावटी पन**
आध	–आउ –ओट –ई –पन	×

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.२ शब्दको संरचनामा क्रियाशील हुने मूल र व्युत्पन्न तत्त्वको पुरा बेहोरा तल खुलाइएको छ–



३. धातु

३.१ त्यस क्रियार्थक वा व्यापारबोधक रचना-तत्त्वलाई धातु भनिन्छ जसले शब्दको संरचनामा आधार तत्त्वको कार्य गर्छ र जो आफूबाट प्रजनित सबै रूपहरूमा विद्यमान हुन्छ, जस्तै–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



माथि अर्थ्याइएअनुसार धातुका मुख्य अभिलक्षणहरू निम्नलिखित हुन्–

क. **धातु स्वतन्त्र रूपमा अर्थ-बोध गराउने मूल तत्त्व हो ।** यो क्रियार्थक हुन्छ, किनभने यसले वस्तु वा भावलाई नजनाएर कुनै व्यापारको अर्थ-बोध गराउँछ। माथि **महल–१** को तत्त्वले **देख्ने क्रिया** वा **व्यापार**को बोध गराउने हुनाले धातु हो । यस प्रकारको अर्थ-बोध **महल–२** का तत्त्वहरूले नगराउने हुँदा धातु होइनन् ।

ख. **धातु यस्तो रूपिम हो जो स्वतन्त्र रूपमा अर्थ बुझाउन सक्षम भए पनि बद्ध हुन्छ,** जस्तै– **महल–१** को तत्त्व अर्थबोधक भएर पनि **महल–३** का तत्त्व झैं मुक्त छैन । धातु बद्ध त अवश्य हुन्छ तर यसमा **आबद्धता** पनि हुन्छ । बद्ध भएको हुँदा प्रयोगयोग्य हुन यसले कुनै सर्गको अपेक्षा गर्छ, तर आबद्धता भएकाले सर्गलाई आफूतर्फ तानेर बाँध्ने काम गर्छ, जस्तै– **महल–१** को तत्त्व धातुले **महल–२** का तत्त्व सर्गलाई आबद्ध गरेको छ र **महल–३** मा निर्मित विभिन्न व्युत्पन्न शब्दका रूपमा प्रयोगयोग्य हुन पुगेको छ ।

ग. **धातु शब्दको संरचनामा क्रियाशील हुने मूल तत्त्व हो,** तसर्थ यो शब्दको **पूर्वावस्था** वा **पूर्वरूप** हो, जस्तै– **महल–१** बाट **महल–३** का तत्त्वहरूको निर्माण भएको हुँदा **महल–३** को पूर्वरूप वा पूर्वावस्था **महल–१** हो ।

घ. **धातु आधार तत्त्व हो, आधेय तत्त्व होइन ।** **महल–१** को तत्त्वले स्वतन्त्र रूपमा देख्ने व्यापारको अर्थ-बोध गराउँछ, तर **महल–२** का

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्वले क्रमशः **त्यो व्यापार गर्नु, त्यो व्यापार गर्ने, त्यो व्यापार गर्दा, त्यो व्यापार गरेर, त्यो व्यापार गरी** र **त्यो व्यापार** भन्ने अर्थ सूचित गर्छन् । यहाँ प्रत्येक त्योले **महल–१** को तत्त्वतर्फ सङ्केत गरेको छ, जसबाट **महल–१** को तत्त्व आधार हो भन्ने स्पष्ट हुन्छ । **महल–२** का तत्त्वलाई **महल–१** को तत्त्वसंग नगाँसी सो महल (**महल–२**) कै अन्य कुनै तत्त्वसंग गाँस्दा शब्दको रचना हुन्न ।

ङ. **धातु परिधीय होइन अनिवार्य संरचना-तत्त्व हो** । यस कारण धातु अर्थका निमित्त अन्य तत्त्व (परिधीय)मा निर्भर हुन्न, अन्य तत्त्व यसमा निर्भर हुन्छन् । माथि **महल–२** का तत्त्वहरू **महल–१** को तत्त्वमा निर्भर छन्, तर **महल–१** को तत्त्व **महल–२** का तत्त्वमा निर्भर छैन । **महल–१** को तत्त्व किन निर्भर छैन भने यसमा **महल–२** का तत्त्वहरूको ऐच्छिक योग हुन्छ ।

च. **धातु आफूबाट प्रजनित सबै रूपहरूमा विद्यमान हुन्छ । महल–१** को धातुबाट प्रजनित केही शब्द **महल–३** मा सँगालिएका छन् । **महल–३** का सबै रूपहरूमा **महल–१** को तत्त्व छ, तर **महल–२** का तत्त्व चाहिं रूपैपिच्छे फेरिएका छन् ।

छ. **धातु रूपिम भएकाले यसलाई पनि सार्थक टुक्रामा विभाजित गर्न सकिन्न । महल–३** का शब्दहरूलाई **महल–२** र **१** का सार्थक खण्डमा टुक्र्याउन सकिन्छ, तर **महल–१** र **२** का तत्त्वलाई अझ बढी सार्थक खण्डमा टुक्र्याउन सकिन्न । **महल–२** का तत्त्वलाई सार्थक टुक्रामा विभाजित गर्न नसकिए पनि ती धातु होइनन्, किनभने, ती परिधीय र आधेय तत्त्व हुन् ।

संक्षेपमा के भने व्यापारबोधक आबद्ध रूपिम नै धातु हो, जस्तै– **देख्**... ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.२ सरल शब्दमा भन्ने हो भने शब्दबाट गाँसिएका जति तत्व झिक्दा बाँकी रहेको भागका रूपमा धातु प्राप्त हुन्छ, जस्तै–

बुरुक्कड → बुरु् + अक्कड

देखावटी → देख् + आउ + ओट (~ वट) + ई

देखाउ + ओट (~ वट) + ई

सुबोल → सु + बोल् + अ

उपर्युक्त प्रक्रियाबाट धातु नै प्राप्त हुन्छ भन्ने छैन, प्रातिपदिक पनि प्राप्त हुन्छ, जस्तै—

धुपौरे → धूप् (~ धुप्) + और् + ए

घरानियाँ → घर् + आन + इयाँ

सक्र्िया → साक्र् (~ सक्र्) + इया

पनौतो → पानी (~ पन्) + औतो

प्राप्त भएको तत्त्व धातु हो वा होइन भनेर ठम्याउन त्यसको [–नु]संग वितरण छ वा छैन भन्ने हेर्नु पर्छ । क्रियार्थक नाम व्युत्पादन गर्ने सर्ग [–नु]सँग वितरण हुने धातु हुन्छ र वितरण नहुने चाहिं धातु हुन्न, जस्तै—

वितरणको स्थिति	**वितरणका अभावको स्थिति**
बुरु् + नु → बुरुनु	धूप् + नु → धुप्नु
देख् + नु → देख्नु	घर् + नु → घर्नु
देखाउ + नु → देखाउनु	साक्र्+ नु → साक्रनु
बोल् + नु → बोल्नु	पानी + नु → पानिनु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीमा [बुझ्नु, देख्नु, देखाउनु, बोल्नु]को प्रयोग गरिन्छ, तसर्थ [बुझ्, देख्, देखाउ, बोल्]मा [–नु]को वितरण छ । [–नु]को वितरण भएकाले [बुझ्...] धातु हुन् । यसका विपरीत [*धुप्नु, घर्नु, साझ्नु, पानिनु]को प्रयोग नेपालीमा गरिन्न, तसर्थ [धूप्, घर्, साझ्, पान्]सँग [–नु]को वितरण छैन । [–नु]को वितरण नभएकाले [धूप्··] धातु होइनन् ।

३.३ धातु खासमा दुई प्रकारका हुन्छन्– **मूल र व्युत्पन्न । त्यस क्रियार्थक वा व्यापारबोधक चरम रूपलाई मूल धातु भनिन्छ जो अरू कुनै रूपबाट व्युत्पन्न भएको हुन्न** । यसका विपरीत **व्युत्पन्न धातु चाहिं मूल धातु वा अन्य कुनै शब्द-वर्गबाट निर्मित भएको हुन्छ,** जस्तै–गर् → **गराउ,** चल् →**चाल,** वतास →**बतासि,** निद् → **निदाउ** ··· । नेपालीमा निम्न प्रकारका धातु देखापर्छन्—

धातु →
- **मूल धातु** →
  - **अकर्मक** →हु, वस्, सुक्, चल्...
  - **सकर्मक** →गर्, खा, हेर्, भन्...
- **व्युत्पन्न धातु** →
  - **प्रेरणार्थक** → गराउ, भनाउ...
  - **सकर्मक** → चाल्, मार्...
  - **नाम** → निदाउ, वतासि...

४. प्रातिपदिक

४.१ धातु र प्रातिपदिक दुवै प्रकृति हुन्, तर दुवै समानार्थक होइनन् । **वस्तु (निर्जीव-सजीव, मानवीय-अमानवीय, गणनीय-अगणनीय) वा भाव (मूर्त्त अमूर्त्त)को अर्थ-बोध गराउने त्यस रचना-तत्त्वलाई नेपालीमा प्रातिपदिक भनिन्छ जसले शब्दको संरचनामा आधार तत्त्वको कार्य गर्छ,** जस्तै–

दँतार →**दाँत** (∽ दँत्) : वस्तु, सजीव, गणनीय
करिङ्गर →**कसर्** (∽ कस्) : वस्तु, निर्जीव, अगणनीय
पठेग्रो →**पाठ्** (∽ पठ्) : वस्तु, सजीव, अमानवीय, गणनीय
केटौलो →**केट्** : वस्तु, सजीव, मानवीय, गणनीय
होसियार →**होस्** : भाव, अमूर्त
बुढेस →**बूढ्** (∽ बुढ् : भाव, मूर्त ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि अर्थ्याइएअनुसार प्रातिपदिकका मुख्य-मुख्य अभिलक्षण निम्न-लिखित हुन्—

क. प्रातिपदिक स्वतन्त्र रूपमा अर्थबोध गराउने मूल तत्त्व हो। यो सत्त्वबोधक हुन्छ, किनभने यसले सत्त्व (वस्तु वा भाव)को अर्थ-बोध गराउँछ, जस्तै–**दाँत्, कसर्**...।

ख. प्रातिपदिक स्वतन्त्र रूपमा अर्थ बुझाउन सक्षम बद्ध रूपिम हो। बद्ध भए पनि यसमा आबद्धता चाहिं हुन्छ, जस्तै– {**दँतार**}मा [**दाँत्–**] प्रातिपदिकले [**–आर**] सर्गलाई आफूतर्फ तानेर आबद्ध गरेको छ।

ग. प्रातिपदिकमा शब्दको पूर्वरूप वा पूर्वावस्था देख्न सकिन्छ, जस्तै– {**केटौलो**}को [**केट्–**] र {**बुढेस**}को [**बूढ्**] पूर्वावस्था हो।

घ. प्रातिपदिक आधार तत्त्व हो, आधेय तत्त्व होइन, जस्तै–माथि [**–आर, –इङ्गर, –एग्रो, –औलो, –इयार, –एस**] सर्गहरू क्रमशः [**दाँत्–, कसर्–, पाठ्–, केट्–, होस्–,बूढ्–**] प्रातिपदिकका आधारमा प्रयोगयोग्य भएका छन्।

ङ. प्रातिपदिक परिधीय होइन, अनिवार्य संरचना तत्त्व हो, जस्तै– [**–आर, –इङ्गर**...] सर्गहरू [**दाँत–, कसर्–**]मा निर्भर छन्, तर [**दाँत्–, कसर्**...] प्रातिपदिक भएकाले [**आर–, –इङ्गर**...]मा निर्भर छैनन्।

च. प्रातिपदिक आफूबाट प्रजनित सबै रूपहरूमा विद्यमान हुन्छ, जस्तै–{**दँतार, दाँती, दनेसो, दँतुलो, दतिउन**}मा [**दाँत्–**]।

४.२ प्रातिपदिक खासमा दुई प्रकारका हुन्छन्—**मूल र व्युत्पन्न। त्यस सत्त्वबोधक चरम रूपलाई मूल प्रातिपदिक भनिन्छ जो अरू कुनै रूपबाट व्युत्पन्न भएको हुन्न,** जस्तै– **दाँत्**...। यसका विपरीत **व्युत्पन्न प्रातिपदिक** चाहिं **मूल प्रातिपदिक वा धातुबाट निर्मित भएको हुन्छ,** जस्तै–{धुपौरे}मा [धुपौर्–], {देखवटी}मा {देखावट्–}...। नेपालीमा निम्न प्रकारका प्रातिपदिक देखापर्छन्—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

- **प्रातिपदिक** →
  - **मूल प्रातिपदिक** →
    - **नाम** → घर्–, दाँत्–...
    - **सर्वनाम** → उ–, त्य–, ज–...
    - **विशेषण** → सेत्–, मोट्–, छोट्–...
    - **अव्यय** → भित्र्–, बाहिर्–...
  - **व्युत्पन्न प्रातिपदिक** →
    - **नाम** → घरायस्–, डढेल्–...
    - **सर्वनाम** → उत्र्–, जस्त्–...
    - **विशेषण** → ढाँटुव्–, खन्चुर्–...
    - **अव्यय** → भित्रिन्–, बाहिरिय्–...

५. सर्ग

५.१ स्वतन्त्र रूपमा अर्थ (वस्तु, भाव वा व्यापार)को बोध नगराउने त्यस रचना-तत्त्वलाई सर्ग भनिन्छ जसले शब्दको संरचनामा आधेय तत्त्वको कार्य गर्छ, जस्तै– माथि ३.१ मा महल–२ का तत्त्वहरू ।

सर्ग पनि मूल तत्त्व हो । यसका संरचनामा एउटा बद्ध रूपिम हुन्छ । यसले स्वतन्त्र रूपमा अर्थको बोध नगराए पनि त्यसको द्योतन चाहिं अवश्य गर्छ (हेर्नू : माथि– ३.१ घ) ।

५.२ सर्गको मूल र व्युत्पन्न भन्ने भेद हुन्न, किनभने सबै सर्ग आफैं बनेका मूल तत्त्व हुन् । आधार तत्त्वमा गाँसिने क्रम वा ठाउँका आधारमा भने यसका निम्नलिखित भेद देखिन्छन्–

- **सर्ग** (आध) →
  - **उपसर्ग** (आध१)
  - **मध्यसर्ग**
    - **आध२** (धातुसर्ग) } ← व्युत्पादक
    - **आध३** (प्रातिसर्ग) } ← व्युत्पादक
  - **परसर्ग** (आध) →
    - **आध४** (रूपायक सर्ग) } ← रूपायक
    - **आध५** (पश्च सर्ग) } ← रूपायक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली शब्द-रचनाका फाँटमा उपसर्ग र परसर्ग जति **मध्यसर्ग**को कार्य वा प्रधानता नदेखिएकाले यसमा त्यसको जिक्री गरिएको छैन ।

५.३ सर्ग-पद्धतिशाट शब्दको-रचना गर्दा सर्गको **पुनर्स्थापन** र **पुनरावर्तन** गरिन्छ । एउटा सर्ग झिकी त्यसका ठाउँमा अर्कै एउटा सर्ग राख्नु **पुनर्स्थापन** र एउटा सर्गपछि अर्को पनि सर्ग जोड्नु **पुनरावर्तन** हो । यी दुवै प्रक्रियालाई तलका उदाहरणले बढी स्पष्टचाएका छन् –

(क) पुनर्स्थापन

(अ) बोल् + - - - [अक्कड, ऐया, ने, दै…] → बोलक्कड…

(आ) बोल् + - - - [ऐया ने, दै… अक्कड] → बोलैया…

(इ) बोल् + - - - [ने, दै… अक्कड, ऐया] → बोल्ने…

(ई) बोल् + - - - [दै… अक्कड, ऐया, ने] → बोल्दै…

(उ) बोल् + - - - [… अक्कड, ऐया, ने, दै] → - - -

(ख) पुनरावर्तन

(अ) हाँस् + - - - + - - - ⟶ हँसेउली

[ओ , एउली]

(आ) रस् + - - - + - - - ⟶ रसिलोपन

[इलो, पन]

(इ) धूप + - - - + - - - + - - - ⟶ धुपौरेहरू

[औरो , ए , हरू]

(ई) लू + - - - + - - - + - - - + - - → लावण्यमयी

[अन य मय ई]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि (ख–ई) को उदाहरण संस्कृतको हो। [लू+अन→लवण] को व्युत्पादन नेपालीमा हुन्न, किनभने संस्कृतमा सार्थक भए पनि नेपालीमा [लू–] निरर्थक एकाइ हो। [लवण्–] का पछाडि [य+मय+ई] सर्गको पुनरावर्तन चाहिं नेपाली शब्द-रचनाका फेटमा पनि पर्छ।

५.४ नेपालीमा धातुसर्गहरूको मुख्यतः **पुनर्स्थापन** हुन्छ। माथि (क–अ) मा [**–अक्कड**] धातुसर्गको पुनर्स्थापन रित्तो ठाउँ (---) मा भएको छ। (क–आ) मा [**–ऐया**] धातुसर्गको पुनर्स्थापन गर्दा (क–अ) मा पुनर्स्थापित [**–अक्कड**] सर्गलाई झिकेर मात्र गाँस्ने काम गरिएको छ। यसै क्रमबाट (क–इ, क–ई, क–उ) मा पनि धातुसर्गको पुनर्स्थापन भएको छ। यसो नगरी धातुसर्गको पुनरावर्तन गर्ने हो भने शब्दको रचना हुन्न, जस्तै– **बोल्+अक्कड+ने→ *बोलक्कडने, बोल्+ऐया+अक्कड→*बोलैयाक्कड**...। यसको तात्पर्य के हो भने एउटा धातुसर्गका पछाडि अर्को धातुसर्गको योग हुन्न। [**बोल्–**] मा वितरण हुने केही धातुसर्गहरू तल कोष्ठकभित्र सँगालिएका छन्, जसमध्ये सबैको पुनर्स्थापन गर्न सकिन्छ, तर कुनै एकका पछाडि कुनै अर्काको पुनरावर्तन चाहिं गर्न सकिन्न।



धातुसर्गको पुनरावर्तन नहुने कारण के हो भने नेपालीका अधिकांश धातुसर्ग **पुनरावर्ती** छैनन्। **कुनै एक सर्गका पछि आउने वा आउन सक्ने अर्को चाहिं सर्ग पुनरावर्ती हुन्छ।** माथि ठुलो कोष्ठकभित्रका दुई साना कोष्ठकमध्ये दुवै कोष्ठकका कुनै पनि सर्ग पुनरावर्ती अर्थात् अरू कुनै सर्गका पछि गाँसिने खालका होइनन्। पुनरावर्ती नभए पनि केही धातुसर्ग **पुनरावर्तक** चाहिं हुन्छन्। **जुन सर्गका पछि अर्को पनि सर्ग आउँछ वा आउन सक्छ त्यो पुनरावर्तक हुन्छ।** माथिका साना दुई कोष्ठकमध्ये कोष्ठक–१ का सर्गहरू पुनरावर्तक हुन् र कोष्ठक–२ का सर्गहरू पुनरावर्तक होइनन्। कोष्ठक–१ का सर्गहरू पुनरावर्तक भएकाले तिनका पछाडि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[–हरू,–ले ...] सर्ग गाँस्न सकिन्छ, तर कोष्ठक–२ का सर्गहरू पुनरावर्तक नभएकाले तिनका पछाडि अरू कुनै सर्ग गाँस्न सकिन्न ।

अधिकांश धातुसर्गको पुनस्र्थापन भए पनि केही (जस्तै– **ने, नु, न, तै/दै, तो/दो ...**)को अत्यन्त सीमित परिवेश (जस्तै– **आउ, आइ** ... का पछाडि)मा मात्र पुनरावर्तन हुन्छ, जस्तै– बोल+आउ+**ने** → **बोलाउने**, बोल्+आइ+**नु** → **बोलाइनु**...।

सबै प्रातिसर्गहरूको पुनरावर्तन हुन्छ, जस्तै– (ख–अ)मा [**–एउली**], (ख–आ)मा [**–इलो, –पन**], (ख–इ)मा [**–औरो, –ए, –हरू**] र (ख–ई)मा [**–य, –मय, ई–**]को पुनरावर्तन भएको छ । (ख–अ)मा धातुसर्ग [**–ओ**] पछि प्रातिसर्ग [**–एउली**] आएकोहुँदा [**–एउली**]को पुनरावर्तन भएको छ । (ख–आ)-मा [**–इलो**] र (ख–इ)मा [**–औरो**]का अगाडि कुनै सर्ग देखिन्न तापनि दुवैको पुनरावर्तन नै भएको छ। उपर्युक्त दुवै सर्गहरूको पुनरावर्तन किन भएको छ भने (ख–आ)मा {**रस्+अ →रस**} शब्दको प्रातिपदिक रूप [**रस्–**] र (ख–इ)मा {**धूप्+अ →धुप**} शब्दको प्रतिप्रदिक रूप [**धूप्–**] प्रयुक्त भएको छ। प्रत्येक प्रातिपदिकको संरचनामा कम्तीमा एउटा सर्ग अवश्य हुन्छ तसर्थ उपर्युक्त दुवै पुनरावर्तन हुन् । (ख–ई)मा संस्कृत तद्धित सर्गहरूको पुनरावर्तन भएको छ ।

नेपालीका सबै प्रानिसर्गहरू **पुनरावर्ती** छन्, किनभने तिनको योग प्रातिपदिकमा हुन्छ । सबै जसो प्रातिसर्गहरू **पुनरावर्तक** पनि छन्, किनभने तिनका पछाडि अर्को तद्धित सर्ग वा रूपायक सर्ग गाँस्न सकिन्छ । यसको अर्थ प्रातिसर्गको **पुनस्र्थापन** हुन्न भन्ने होइन । केही सर्गको पुनस्र्थापन पनि हुन्छ र त्यसपछि पुनरावर्तन पनि गर्न सकिन्छ, जस्तै–

घर्+ ---← { **–एलु** } →घरेलु
{ **–आन** } →घरान्+**इयाँ** →घरानियाँ
{ **–आयस** } →घरायस्+**ई** →घरायसी

रूपायक सर्गको **पुनरावर्तन** हुन्छ । रूपायक सर्गहरू पुनरावर्तक नभएर **पुनरावर्ती** मात्र हुन्छन् । कुनै शब्दमा प्रातिसर्ग नभए धातुसर्गपछि र प्रातिसर्ग भए सोपछि रूपायक सर्गको पुनरावर्तन हुन्छ, जस्तै–

पिराही → पिर्+आहा + **ई**
हँसेउलीहरू → हाँस्+ओ+एउली+**हरू** ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५.५ शब्द-रचना गर्दा सर्गहरू निश्चित क्रममा गाँसिन्छन्, जस्तै—

	शब्द	धातु	प्राति	प्रथम क्रम	द्वितीय क्रम	तृतीय क्रम
१	ढलौट	ढाल्		औट	ए	
२	पिराही	पिर्		आहा	- -	ई
३	धुपौराले		धूप्	- -	औरो - -	ले
४	धुपौरेहरू		धूप्	- -	औरो, ए	हरू
५	हँसेउलीहरू	हाँस्		ओ	एउली	हरू

सर्गको योग निश्चित क्रममा हुन्छ भन्ने तथ्य केबाट प्रमाणित हुन्छ भने उपरोक्त क्रमलाई पल्टाउँदा नेपाली शब्दको रचना हुन्न, जस्तै—

	धातु	प्राति	तृतीय क्रम	द्वितीय क्रम	प्रथम क्रम	परिणाम
१.	ढाल्			ए	औट	*ढालेऔट
२.	पिर्		ई		आहा	*पिरीआहा
३.		धूप्	ले	औरो		*धुप्लेऔरो
४.		धूप्	हरू	ए, औरो		*धुप्हरूएऔरो
५.	हाँस्		हरू	एउली	ओ	*हाँस्हरूएउलीओ

सामान्यतः धातुसर्ग **प्रथम** क्रममा, प्रातिसर्ग **द्वितीय** क्रममा र रूपायक सर्ग **तृतीय** क्रममा आउँछन्, तसर्थ धातुमा गाँसिने प्रथम क्रमका सर्ग, प्रातिपदिकमा गाँसिने द्वितीय क्रमका सर्ग र रूपायक चाहिँ तृतीय क्रमका सर्ग हुन्। अघिल्ला क्रमका सर्ग नभएका खण्डमा मात्र पछिल्ला क्रमका सर्ग अघिल्ला क्रमको ठाउँमा आएर गाँसिन सक्छन्, जस्तै— माथि (२) मा तृतीय क्रमको [–ई] द्वितीय क्रमका ठाउँमा, अनि (३) मा द्वितीय क्रमको [–औरो] प्रथमका ठाउँमा र तृतीय क्रमको [–ले] द्वितीय क्रमका ठाउँमा आएर गाँसिएका छन्।

५.६ उपरोक्त मूल-तत्त्वहरूको व्यवस्थित योगबाट व्युत्पादित शब्दहरू नै **बनौटे शब्द** हुन्। यस्ता शब्द आफैं नबनी अरू कुनै तत्त्व (मूल-तत्त्व) बाट बनेका हुँदा यिनलाई **प्रजनित वर्ग** वा **सन्तान खलक** पनि भन्न सकिन्छ। नेपालीमा मूल-तत्त्वभन्दा यस ख्यालका शब्दहरू कता-कता बढी छन्। ☐

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाँच

□

धातुसर्ग र प्रथम व्युत्पन्न शब्द

१. अर्थ, स्वरूप र कार्य

१.१ परम्परित नेपाली व्याकरणमा प्रयुक्त हुने **कृत्** संस्कृत व्याकरण-बाट लिइएको शब्द हो। संस्कृतमा कृत् भन्ने सर्गहरूको समूह छ, जसलाई सगोलमा जनाउने काम कृत् शब्दले गर्छ। नेपालीमा कृत् भन्ने सर्ग नभएकाले यस नाउँको सार्थकता देखिन्न। यसका सट्टा **धातुसर्ग** (धातुमा गाँसिने सर्ग) को प्रयोग गर्नु बढी उपयुक्त र उपयोगी पनि देखिन्छ।

नेपालीमा **धातुसर्ग भनेको सर्गहरू (परिधीय संरचना-तत्त्वहरू)को त्यो समूह हो जसको यौगिक विधान धातु (अनिवार्य संरचना-तत्त्व) का पछाडि हुन्छ र नाम, विशेषण, अव्यय वर्गका शब्दको व्युत्पादन गरिन्छ,** जस्तै–



धातुसर्गको स्वरूप स्पष्ट पार्ने केही बुँदाहरू तल दिइएका छन्–

क. शब्दको रचनामा धातुसर्गले **संरचना–तत्त्वको** कार्य गर्छ, तसर्थ यसलाई शब्दको **मूल-तत्त्व** मानिन्छ। यो यस्तो मूल-तत्त्व हो जसका संरचनामा एउटा **बद्ध रूपिम** हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. शब्दको रचना-प्रक्रियामा धातुसर्ग **परिधीय संरचना–तत्त्वका** रूपमा क्रियाशील हुन्छ, तसर्थ यो **सर्ग** हो। धातुसर्ग केही सर्गहरूको साझा नाउँ हो ।

ग. धातुसर्ग **अनिवार्य संरचना-तत्त्व** धातुमा गाँसिन्छ। **धातुमा** यसको योग **ऐच्छिक** हुन्छ ।

घ. धातुबाहेक अरू कुनै **आधार तत्त्वमा** नगाँसिने धातुसर्ग (आधेय तत्त्व)को वर्ग **परसर्ग** हो । यो परसर्ग किन हो भने यसको गाँसिने निश्चित ठाउँ **आत**[1] का पछाडि हो ।

ङ. धातुसर्गअन्तर्गतका परसर्गहरूबाट **व्युत्पादन-प्रक्रियाद्वारा** विभिन्न व्याकरणात्मक वर्गका शब्दको निर्माण गरिन्छ। धातुसर्गका योगबाट खासमा **नाम, विशेषण** र **अव्यय वर्ग**का शब्दको व्युत्पादन हुन्छ ।

च. धातुसर्ग **प्रथम क्रम**को परसर्ग हो । कुनै शब्दको संरचनामा धातुसर्ग छ भने त्यसभन्दा पूर्व अरू कुनै परसर्ग आउन्न । यसैले धातुसर्गका योगबाट व्युत्पादित शब्दलाई **प्रथम व्युत्पादन** भनिन्छ ।

छ. धातुमा यसको योग **पुनर्स्थापन-प्रक्रियाबाट** हुन्छ। यसको **पुनरावर्तन** चाहिँ अत्यन्त सीमित परिवेशमा मात्र हुन्छ ।

१·२ धातुसर्गको योगबाट व्युत्पादित शब्दलाई **प्रथम व्युत्पन्न शब्द** भनिन्छ। परम्परित व्याकरणमा यसका निमित्त प्रयुक्त हुने शब्द **कृदन्त** हो । शब्दमा अन्त्यमा **कृत् सर्ग** हुनु नै कृदन्तको पहिचान हो, तर नेपालीमा अन्त्यको सर्गबाट कृदन्तलाई पहिल्याउनु सजिलो छैन, किनभने अन्त्यमा आउने केही सर्ग **कृत्** र **तद्धित** दुवै फाँटमा पर्छन् । दुवै फाँटमा पर्ने सर्गहरूको संख्या प्रशस्त छ, जसमध्ये केही चाहिँ निम्नलिखित हुन्–

कृदन्त		सर्ग		तद्धितान्त
↓		↓		↓
[चरुवा, ढँटुवा ...]	←	**उवा**	→	[बटुवा, गेरुवा ...]
[बुनोट, लेखोट ...]	←	**ओट**	→	[फर्स्योट, दुनोट ...]
[पोलाहा, सुताहा ...]	←	**आहा**	→	[गँज्याहा, घुस्याहा ...]
[पढैया, गरैया ...]	←	**ऐया**	→	[बनैया, गँवैया ...]
[रोपाइँ, बसाइँ ...]	←	**आइँ**	→	[कजाइँ, रजाइँ ...]
[धुतार, लुटार ...]	←	**आर**	→	[दँतार, भँडार ...]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस अप्ठ्याराले गर्दा नेपालीमा कृदन्तको पहिचान सर्गबाट नभएर धातुबाट हुन्छ । सर्ग (आध) होइन धातु (आत)बाट पहिचान गर्नु पर्ने हुँदा नै यसमा **कृत्**का सट्टा **धातुसर्ग** शब्दको प्रयोग गरिएको हो । धातुसर्ग र यसबाट निर्मित प्रथम व्युत्पन्न शब्दको पहिचान निम्नलिखित आधारमा हुन्छ–

क. धातुसर्गबाट निर्मित **प्रथम व्युत्पन्न** शब्दका संरचनामा एउटा मात्र परसर्ग हुन्छ । एकभन्दा बढी परसर्ग भएको शब्द **प्रथम व्युत्पन्न शब्द** हुन्न ।

ख. यो एउटा मात्र परसर्ग पनि **प्रथम क्रम**को हुन्छ । अन्य क्रमको परसर्ग प्रथम क्रममा आएर गाँसिएको छ भने त्यो **धातुसर्ग** होइन ।

ग. प्रथम क्रमको यो एकमात्र परसर्ग **धातु**मा गाँसिएको हुन्छ । धातुबाहेक अन्य आधार तत्त्वमा परसर्ग गाँसिएको छ भने त्यो **प्रथम व्युत्पन्न शब्द** हुन्न ।

यी बुँदाले के स्पष्ट पारेका छन् भने **प्रथम व्युत्पन्न शब्द**मा गाँसिएको एकमात्र परसर्ग हटाउनासाथ **धातु** प्राप्त हुन्छ । प्राप्त भएको तत्त्व धातु हो वा होइन भनेर छानबीन गर्न त्यसमा [–नु] गाँस्नु पर्छ, किनभने सबै नेपाली धातुमा यसको अनिवार्य वितरण हुन्छ । माथि उदाहरणमा आएका चरुवा → चर्नु, ढँटुवा →**ढाँट्नु**, बुनोट →**बुन्नु**, लेखोट →**लेख्नु**... मा [–नु] को वितरण भएकाले सो बाहेकका अंश चर्नु → **चर्**, ढाँट्नु →**ढाँट्**, बुन्नु →**बुन्**, लेख्नु →**लेख्**··· धातु हुन् । यसका विपरीत बटुवा →**बाटोनु**, गेरुवा →**गेरुनु**, फरयाँट →**फार्सेनु**, दुनोट → **दुनानु**... मा [–नु]को वितरण छैन, किनभने सो गाँसिदा बन्ने रूपको प्रयोग नेपालीमा गरिन्न । तसर्थ [–नु] झिकेपछि बाँकी रहेको अंश बाटोनु →**बाटो**, गेरुनु →**गेरु**, फार्सेनु →**फार्से**, दुनानु →**दुना**... धातु होइनन् ।

१·३ व्याकरणात्मक वर्गका दृष्टिबाट प्रथम व्युत्पन्न शब्द **नाम**, **विशेषण** र **अव्यय** हुन्छन्, तर अर्थका दृष्टिबाट निम्न प्रकारका हुन्छन्–

क. **भाववाचक** →बुझनी, रुवाइ, अडेस, बोल, उठत...
ख. **कर्तृवाचक** →छिपा, जोतार, हनैया, चोर...
ग. **कर्मवाचक** →चटनी, छापा, तुहेत्रो...
घ. **करणवाचक** →कोरेंसो, खेलौना, कप्टेरो, छन्नी, खेल...
ङ. **गुणवाचक** →धुतार, खँदिलो, पढालु, रहल, उडन्ता...
च. **कालवाचक** →हेरिन्जेल, फलुन्जेल...
छ. **रीतिवाचक** →लस्की, ढाकेर...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. रूपध्वनिप्रक्रियात्मक परिवर्तन

२·१ दुई भाषिक तत्त्वको योगबाट तेस्रो तत्त्वको प्रजनन हुँदा त्यसमा **रूपध्वनिप्रक्रियात्मक** परिवर्तन भएको हुन्छ । रूपध्वनि प्रक्रियालाई परम्परित व्याकरणमा **सन्धि** भनिन्छ । यस प्रक्रियाबाट हुने परिवर्तन सामान्य र विशिष्ट गरी दुई खालका हुन्छन् । रूपध्वनिप्रक्रियात्मक परिवर्तन तत्त्वहरू गाँसिएकै ठाउँमा वा अन्यत्र पनि घटित हुन सक्छ, जस्तै–

क. सामान्य– देख् + आन → देखान, चर् + उवा → चरुवा
ख. विशिष्ट– आउ + अत → आवत, ढाक् + अनी → ढकनी

२·२ यसमा विशिष्ट प्रकारको रूपध्वनिप्रक्रियात्मक परिवर्तनको नियम (रूपनि) निर्देशित गर्न निम्न प्रणाली अँगालिएको छ–



माथिको तिर्यक् रेखा (/)ले दुई–दुई कोठा वा महललाई विभाजित गरेको छ– १,२ / ३,४ मा । यसैगरी तिर्यक् रेखाभन्दा देब्रे वा दाहिनेतर्फका दुई–दुई कोठाहरू पनि विभक्त छन्– कोठा १ → २ काँडद्वारा र कोठा ३—४ लामो तेर्सो धर्कोद्वारा / रूपध्वनिप्रक्रियाबाट जेमा परिवर्तन हुने हो त्यस एकाइ (वा एकाइहरू)लाई काँडभन्दा देब्रेतर्फ (१ मा) राखिन्छ र जे परिवर्तन (वा परिवर्तनहरू) हुने हो त्यसको उल्लेख काँडभन्दा दाहिनेतर्फ (२ मा) गरिन्छ । तिर्यक् रेखापछाडिको लामो तेर्सो धर्कोद्वारा विभाजित कोठाहरूमा चाहिं कोठा १ का एकाइको परिवेश जनाइन्छ । लामो तेर्सो धर्कोभन्दा देब्रेतर्फ (३ मा) जेमा परिवर्तन हुन्छ त्यस (१)भन्दा लगत्तै पूर्वको र तेर्सो धर्कोभन्दा दाहिनेतर्फ (४ मा) सो (१) कै लगत्तै पछिको परिवेश बताइन्छ, जस्तै–

[१] [२] [३] [४]

रूपनि : त् → { त्, द् } / अघोष व्यञ्जन —— स्वर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदाहरण : खोक्ता/खोक्दा

स्पष्टीकरण : /त्/ भन्दा लगत्तै पूर्वको परिवेशमा अघोष व्यञ्जन /क्/ र लगत्तै पछिको परिवेशमा /आ/ स्वर छ, तसर्थ /त्/ को रूपध्वनिप्रक्रियात्मक परिवर्तन विकल्पले /त्/ वा /द्/ मा भई {खोक्ता/खोक्दा} दुवैको रचना हुन्छ ।

रूपध्वनिप्रक्रियात्मक परिवर्तनका केही नियम १ → २ को उल्लेख गर्दैमा र केही १ → २ / ३–४ पुरैको उल्लेख गरेमा मात्र लागू हुन्छन् । यसैगरी केही नियम १ → २ पछि ३— वा —४ को मात्र उल्लेख गर्दा पनि लागू हुन्छन् । यस प्रणाली-मा कुनै कोठामा वैकल्पिक वा एकभन्दा बढी एकाइ छन् भने कोष्ठकको प्रयोग गरिन्छ, जस्तै– {त्, द्} ।

२.३ यसमा सँगालिएका प्रथम व्युत्पन्न शब्दहरू (हेर्नू : तल– ४.१, ५.१, ६.१) मा विशिष्ट खालका निम्नलिखित रूपध्वनिप्रक्रियात्मक परिवर्तन भएको पाइन्छ–

रूपनि–१ : उ → व्/ — {अ, आ, ऐ}

उदाहरण : आवत, जावत, धावन्ती, लवाइ, गवैया, खवैया ··· ।

रूपनि–२ : ○ → व् / उ—आ

उदाहरण : धुवाइ, धुंवानी, रुवाइ ··· ।

रूपनि–३ : उ → ओ / — {ई, ए}

उदाहरण : फोई, रोई, धोई, छोएर, फोएर, रोएको ··· ।

रूपनि–४ : हु → भ / — {ई, ए}

उदाहरण : भई, भएर, भएको ··· ।

रूपनि–५ : दीर्घ → ह्रस्व/○ + व्यञ्जन–व्यञ्जन + स्वर

उदाहरण : ढकनी, हनाइ, जनाउ, हराउनी, कटान, चलानी, पकुवा, कपेत्रो, मसोट, छनौटो, हनक्कड, हनैया, मगन्ते, हँसिलो, पुजारी ··· ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपनि–६ :

$$\text{व्यञ्जन} \rightarrow \text{द्वित्व} / \left\{\begin{matrix} +\text{ह्रस्वीकरण} \\ -\text{ह्रस्वीकरण} \end{matrix}\right\} - \left\{\begin{matrix} +\text{ह्रस्वीकरण} \\ -\text{ह्रस्वीकरण} \end{matrix}\right\}$$

उदाहरण : पक्कु, कट्टु, छन्नी, कट्टी, छुट्टी, छर्रा, रोक्का··· ।

रूपनी–७ :

$$\text{त्} \rightarrow \left\{\begin{matrix} \text{त्} \\ \text{द्} \end{matrix}\right\} / \text{ अघोष } —$$

उदाहरण : पोख्तो/ पोख्दो, टोक्तो/ टोक्दो ··· ।

रूपनि–८ : त् → द् / घोष —

उदाहरण : लाग्दो, बुन्दो, मर्दो ··· ।

रूपनि ९ :

$$\left\{\begin{matrix} \text{इ} \\ \text{ई} \end{matrix}\right\} \rightarrow \text{य्} / — \left\{\begin{matrix} \text{अ} \\ \text{आ} \\ \text{उ} \\ \text{ऊ} \end{matrix}\right\}$$

उदाहरण : खुल्क्याइ, जिस्क्याहा ··· ।

रूपनि–१० :

$$\bigcirc \rightarrow \text{य्} / \left\{\begin{matrix} \text{इ} \\ \text{ई} \end{matrix}\right\} — \left\{\begin{matrix} \text{अ} \\ \text{आ} \\ \text{उ} \\ \text{ऊ} \end{matrix}\right\}$$

उदाहरण : पियक्कड ··· ।

रूपनि ११ :

$$\text{ज्} \rightarrow \text{ग्} / — \left\{\begin{matrix} \text{ई} \\ \text{ए} \end{matrix}\right\}$$

उदाहनण : गई, गएर ··· ·· ।

३. धातुसर्ग र अर्थ

३.१ प्रथम व्युत्पन्न शब्दको रचना गर्ने विभिन्न धातुसर्गहरू रूप र आकारमा समान भएर पनि अर्थका दृष्टिबाट बेग्लाबेग्लै हुन्छन्, जस्तै– {बोल} को [–अ], {खोल} को [–अ], {चोर} को [–अ], {घोल} को [–अ], {ढाँट} को [–अ] । पहिलो [–अ] ले सो (बोल्ने) व्यापारको भाव वा काम, दोस्राले सो (खोल्ने) व्यापार गर्ने साधन, तेस्राले सो (चोर्ने) व्यापार गर्ने व्यक्ति, चौथाले सो (घोल्ने) व्यापार गरिएको वस्तु र पाँचौंले सो (ढाँट्ने) व्यापारको गुण भन्ने जनाएकाले अर्थका दृष्टिबाट एउटै सर्ग नभई पाँच भिन्न सर्ग हुन् । यस्ता सर्गहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एउटै रूपाकार (जस्तै-अ) का बेग्लाबेग्लै सदस्य अर्थात् अ¹,अ²,अ³,अ⁴,अ⁵ हुन् ।

३.२ समान रूपाकार भएका तर अर्थका दृष्टिबाट भिन्न सर्गहरूको नेपालीमा वर्गीकरण गरिएको देखिन्न । यस्ता धातुसर्गहरूको केही उदाहरण तल दिइएको छ–

सर्ग	अर्थ	प्रकार	उदाहरण
(क) अ	भाव	अ¹ (ना)	बोल्+अ → बोल
	करण	अ² (ना)	खोल्+अ → खोल
	कर्तृ	अ³ (ना)	चोर्+अ → चोर
	कर्म	अ⁴ (ना)	घोल्+अ → घोल
	गुण	अ⁵ (वि)	ढाँट्+अ → ढाँट
(ख) अन	भाव	अन¹ (ना)	चल्+अन → चलन
	करण	अन² (ना)	ढाक्+अन → ढाकन
	कर्म	अन³ (ना)	चर्+अन → चरन
(ग) आ	भाव	आ¹ (ना)	चाल्+आ → चाला
	कर्तृ	आ² (ना)	छिप्+आ → छिपा
	कर्म	आ³ (ना)	छाप्+आ → छापा
(घ) आनी	भाव	आनी¹ (ना)	काट्+आनी → कटानी
	करण	आनी² (ना)	मथ्+आनी → मदानी
(ङ) आर	भाव	आर¹ (ना)	छेक्+आर → छेकार
	करण	आर² (ना)	पोत्+आर → पोतार
	कर्तृ	आर³ (ना)	जोत्+आर → जोतार
	गुण	आर⁴ (वि)	धुत्+आर → धुतार
(च) ई	भाव	ई¹ (ना)	काट्+ई → कट्टी
	करण	ई² (ना)	छान्+ई → छन्नी
	रीति	ई³ (क्रिवि)	रु+ई → रोई
(छ) एत्रो	करण	एत्रो¹ (ना)	झाप्+एत्रो → झपेत्रो
	कर्म	एत्रो² (ना)	तुह्+एत्रो → तुहेत्रो
	गुण	एत्रो³ (वि)	चुह्+एत्रो → चुहेत्रो
(ज) ती	भाव	ती¹ (ना)	सुक्+ती → सुक्ती
	गुण	ती² (वि)	फिर्+ती → फिर्ती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.३ नेपालीका केही धातुसर्गहरू **विकसित** सर्ग हुन्, जस्तै–

अन्त →लडन्त, उडन्त, रटन्त...

अन्ता →लडन्ता, उडन्ता, रटन्ता...

अन्ती →लडन्ती, उडन्ती, रटन्ती...

अन्ते →लडन्ते, उडन्ते, रटन्ते...।

यस्ता सर्गहरू जसबाट विकसित भएका हुन् त्यसैका हाँगाबिगा हुन्। प्रत्येक विकसित सर्गको संरचनामा त्यति अंश अवश्य हुन्छ जति त्यस सर्गमा छ जसबाट त्यसको विकास भएको हो, जस्तै–**अन्त्**+अ →अन्त, **अन्त्**+आ →अन्ता, **अन्त्**+ई →अन्ती, **अन्त्**+ए →अन्ते। नेपालीमा यस्ता सर्गहरू अरू पनि छन्।

४. धातुसर्ग र प्रथम व्युत्पन्न नाम

४.१ धातुमा नाम व्युत्पादक परसर्ग जोडेर व्युत्पन्न गरिएका शब्दहरू **प्रथम व्युत्पन्न नाम** हुन्। यस फेटमा पर्ने नामको रचना गर्न तल दिइएका विभिन्न धातुसर्गहरूको योग गरिन्छ –

क. **अ** →	खोल् →**खोल**	घोल् →**घोल**	बोल् →**बोल**
	तौल् →**तौल**	तोक् →**तोक**	भेट् →**भेट**
	थप् →**थप**	खोप् →**खोप**	फाप् →**फाप**
	ढाँट् →**ढाँट**	माग् →**माग**	हाँक् →**हाँक**...।
ख. **अत** →	लिख् →**लिखत**	लेख् →**लेखत**	लाग् →**लागत**
	लग् →**लगत**	बच् →**बचत**	खप् →**खपत**
	उठ् →**उठत**	आउ →**आवत**	जाउ →**जावत**...।
ग. **अन** →	चर् →**चरन**	मर् →**मरन**	व्याप् →**व्यापन**
	चल् →**चलन**	भुट् →**भुटन**	राख् →**राखन**
	जोर् →**जोरन**	खट् →**खटन**	लर्क् →**लर्कन**
	लिप् →**लिपन**	धर् →**धरन**	हग् →**हगन**...।
घ. **अनी** →	ढाक् →**ढकनी**	काट् →**कटनी**	चाट् →**चटनी**
	चाल् →**चलनी**	चाख् →**चखनी**	पच् →**पचनी**
	बुझ् →**बुझनी**	सोध् →**सोधनी**	साट् →**सटनी**
	सोच् →**सोचनी**	मर् →**मरनी**	सुर्क् →**सुर्कनी**...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्त →	लड् → लडन्त	भिड् → भिडन्त	गढ् → गढन्त
	ठोक् → ठोकन्त	घोक् → घोकन्त	डुल् → डुलन्त
	ढुक् → ढुकन्त	फुक् → फुकन्त	रट् → रटन्त
	सुल् → सुलन्त	घिच् → घिचन्त	मिच् → मिचन्त …।
च. आ →	छाप् → छापा	छिप् → छिपा	बाच् → बाचा
	चाल् → चाला	रोक् → रोक्का	लेख् → लेखा
	छर् → छर्रा …।		
छ. आइँ →	बस् → बसाइँ	लड् → लडाइँ	रोप् → रोपाइँ
	बढ् → बढाइँ …।		
ज. आइ →	हान् → हनाइ	भन् → भनाइ	पढ् → पढाइ
	गर् → गराइ	लाउ → लवाइ	छाप् → छपाइ
	हिंड् → हिंडाइ	बक् → बकाइ	पल्क् → पल्काइ
	ढल्क् → ढल्काइ	चम्क् → चम्काइ	जोत् → जोताइ
	मिच् → मिचाइ	केर् → केराइ	ओगट् → ओगटाइ
	धु → धुवाइ	रु → रुवाइ …।	
झ. आउ →	भन् → भनाउ	पक्र् → पक्राउ	जान् → जनाउ
	घेर् → घेराउ	बच् → बचाउ	तान् → तनाउ
	पिर् → पिराउ	चुन् → चुनाउ …।	
ञ. आउनी →	लेख् → लेखाउनी	फुक् → फुकाउनी	सुर्क् → सुर्काउनी
	बक्स् → बक्साउनी	हार् → हराउनी	पुछ् → पुछाउनी …।
ट. आन →	देख् → देखान	उठ् → उठान	चाल् → चलान
	काट् → कटान	ढाल् → ढलान	चिर् → चिरान
	बज् → बजान	जड् → जडान	किट् → किटान
	छाप् → छपान …।		
ठ. आनी →	काट् → कटानी	चिर् → चिरानी	चाल् → चलानी
	ढाल् → ढलानी	लग् → लगानी	छाप् → छपानी
	धु → धुवानी	मथ् → मथानी/मदानी …।	
ड. आर →	छेक् → छेकार	कस् → कसार	जोत् → जोतार
	पोत् → पोतार	चिन् → चिनार	काट् → कटार …।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ढ. आरी → { पुछ् → पुछारी   पूज् → पुजारी   चिन् → चिनारी
सुन् → सुनारी ···।

ण. आरो → { छेक् → छेकारो   जोत् → जोतारो   पोत् → पोतारो
कोच् → कोचारो ।

त. आलो → { उक्ल् → उकालो   ओर्ल् → ओरालो ···।

थ. ई → { छान् → छन्नी   काट् → कट्टी   चोर् → चोरी
खोक् → खोकी   कस् → कसी   छुट् → छुट्टी ···।

द. उ → { काट् → कट्टु   बढार् → बढारु   झाड् → झाडु
पाक् → पक्कु ···।

ध. उवा → { थुन् → थुनुवा   खोस् → खोसुवा   खोल् → खोलुवा
फुल् → फुलुवा   बढ् → बढुवा   कुर् → कुरुवा
चर् → चरुवा   पाक् → पकुवा ···।

न. एँसो → { कोर् → कोरेंसो/कोऱ्याँसो ···।

प एटो → { घस् → घसेटो ···।

फ. एत्रो → { कुह् → कुहेत्रो   तुह् → तुहेत्रो   झाप् → झपेत्रो
घुम् → घुमेत्रो/घुएँत्रो ···।

ब. एलो → { डढ् → डढेलो ···।

भ. एरो → { कप्ट् → कप्टेरो ···।

म. एस → { अड् → अडेस ···।

य. एसो → { अड् → अडेसो ···।

र. ओ → { टाँस् → टाँसो   तिर् → तिरो   चिर् → चिरो
घेर → घेरो   हाँस् → हाँसो   छेक् → छेको
खोप् → खोपो   चपेट् → चपेटो   घोच् → घोचो
खाम् → खामो ···।

ल. ओट/औट/आवट → { लेख् → लेखोट/लेखौट/लेखावट   सज् → सजावट
बन् → बनोट/बनौट/बनावट   चुह् → चुहावट
छान् → छनोट/छनौट   गन् → गनोट/गनौट
ढाल् → ढलोट/ढलौट   भर् → भरोट/भरौट
धर् → धरोट/धरौट   मास् → मसोट
बुन् → बुनोट/बुनौट/बुनावट ···।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व. औटो → { छान् → **छनौटो** थाक् → **थकौटो** पस् → **पसौटो**
घुम् → **घुमौटो/घुम्टो** ···।

श. औना → { खेल् → **खेलौना** बिसाउ → **बिसौना** ···।

ष. औलो → { फुर् → **फुरौलो** उफ्र् → **उफ्रौलो** ···।

स. नु → { हेर् → **हेर्नु** फेर् → **फेर्नु** डुल् → **डुल्नु**
फुक् → **फुक्नु** कोर् → **कोर्नु** डाम् → **डाम्नु** ···।

ह. ती → { मिल् → **मिल्ती** चल् → **चल्ती** सुक् → **सुक्ती**
भर् → **भर्ती** चुक् → **चुक्ती** ···।

५. धातुसर्ग र प्रथम व्युत्पन्न विशेषण

५.१ धातुमा विशेषण व्युत्पादक परसर्ग जोडेर व्युत्पन्न गरिएका शब्दहरू **प्रथम व्युत्पन्न विशेषण** हुन् । यस फेटमा पर्ने विशेषणको रचना गर्न तल दिइएका विभिन्न धातुसर्गहरूको योग गरिन्छ–

क. अ → { ढाँट् → **ढाँट** भाँड् → **भाँड** थप् → **थप**
चोर् → **चोर** ···।

ख. अक्कड → { बुझ् → **बुझक्कड** बोल् → **बोलक्कड** घुम् → **घुमक्कड**
सुत् → **सुतक्कड** भुल् → **भुलक्कड** डुल् → **डुलक्कड**
हान् → **हनक्कड** पि → **पियक्कड** ···।

ग. अन्ता → { उड् → **उडन्ता** घोक् → **घोकन्ता** फिर् → **फिरन्ता**
डुल् → **डुलन्ता** पढ् → **पढन्ता** हिँड् → **हिँडन्ता**
मिच् → **मिचन्ता** ···।

घ. अन्ती → { धाउ → **धावन्ती** सुल् → **सुलन्ती** रट् → **रटन्ती**
फुक् → **फुकन्ती** उड् → **उडन्ती** भिड् → **भिडन्ती**
बढ् → **बढन्ती** ···।

ङ. अन्ते → { उड् → **उडन्ते** घोक् → **घोकन्ते** माग् → **मगन्ते**
फुक् → **फुकन्ते** ढुक् → **ढुकन्ते** रट् → **रटन्ते**
सुल् → **सुलन्ते** घुम् → **घुमन्ते** घिच् → **घिचन्ते** ...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

च. अल → { रह् → रहल पर् → परल फर् → फरल
गड् → गडल तिर् → तिरल चिन् → चिनल ... ।

छ. आउने → { हिंड् → हिंडाउने तर्स् → तर्साउने रिङ → रिङाउने
मान् → मनाउने बोल् → बोलाउने चम्क् → चम्काउने
रु → रुवाउने धु → धुवाउने ... ।

ज. आउरो/औरो → { घुम् → घुमाउरो/घुमौरो फुक् → फुकाउरो/फुकौरो
भन् → भनाउरो/भनौरो ... ।

झ. आर → { धुत् → धुतार लुट् → लुटार हेप् → हेपार
खेप् → खेपार ... ।

ञ. आरु → { सिक् → सिकारु चिन् → चिनारु फुट् → फुटारु
फुल् → फुलारु डुल् → डुलारु ... ।

ट. आलु → { उड् → उडालु बढ् → बढालु पढ् → पढालु
अड् → अडालु फर्क् → फर्कालु घोक् → घोकालु
सुत् → सुतालु खप् → खपालु लुछ् → लुछालु
पिर् → पिरालु हाँस् → हँसालु ... ।

ठ. आस → { घिच् → घिचास धुत् → धुतास सुत् → सुतास ... ।

ड. आहा → { पोल् → पोलाहा सुत् → सुताहा पिर् → पिराहा
टोक् → टोकाहा धुत् → धुताहा थिच् → थिचाहा
मिच् → मिचाहा जिस्क् → जिस्काहा ... ।

ढ. इलो → { दच्क् → दच्किलो भर् → भरिलो अड् → अडिलो
खाँद् → खँदिलो हाँस् → हँसिलो चम्क् → चम्किलो
पोस् → पोसिलो आँट् → आँटिलो लेस् → लेसिलो ... ।

ण. उवा → { चल् → चलुवा थुङ → थुङुवा ठुङ → ठुङुवा
टोक् → टोकुवा भाँड् → भँडुवा टिप् → टिपुवा
तिर् → तिरुवा सर् → सरुवा मर् → मरुवा
माड् → मडुवा धुत् → धुतुवा घिच् → घिचुवा
खाँद् → खँदुवा ढाँट् → ढँटुवा ढाल् → ढलुवा ... ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त. एको → { गम् → गमेको | ठोक् → ठोकेको | काढ् → काढेको
थुन् → थुनेको | कप् → कपेको | कुल्च् → कुल्चेको
ठेक् → ठेकेको | गुन् → गुनेको | थुक् → थुकेको ... ।

थ. एत्रो → {चुह → चुहेत्रो ... ।

द. ऐया → { पढ् → पढैया | हान् → हनैया | गाउ → गवैया
खाउ → खवैया | गर् → गरैया | भन् → भनैया
भज् → भजैया | दिउ → दिवैया ... ।

ध. औटो → { गन् → गनौटो | घुम् → घुमौटो/घुम्टो
छान् → छनौटो ... ।

न. तो/दो { पोख् → पोख्तो/पोख्दो | टोक् → टोक्तो/टोक्दो
काट् → काट्तो/काट्दो | हेप् → हेप्तो/हेप्दो
वस् → वस्तो/बस्दो | रोप् → रोप्तो/रोप्दो
मर् → मर्दो | बग् → बग्दो | लाग् → लाग्दो
बुन् → बुन्दो | फार् → फार्दो

प. ने → { देख् → देख्ने | चक् → चक्ने | छिन् → छिन्ने
कुट् → कुट्ने | उभि → उभिने | खस् → खस्ने
सप्र → सप्रने | लुछ् → लुछ्ने | दर्क → दर्कने
बल् → बल्ने | ढल्क → ढल्कने ... ।

६. धातुसर्ग र प्रथम व्युत्पन्न क्रियाविशेषण

६.१ धातुमा क्रियाविशेषण व्युत्पादक परसर्ग जोडेर उत्पन्न गरिएका शब्दहरू **प्रथम व्युत्पन्न क्रियाविशेषण** हुन् । यस फेटमा पर्ने क्रियाविशेषणको रचना गर्न तल दिइएका विभिन्न धातुसर्गहरूको योग गरिन्छ–

क. इन्जेल / उन्जेल { हेर् → हेरिन्जेल/हेरुन्जेल | ढुक् → ढुकिन्जेल/ढुकुन्जेल
काट् → काटिन्जेल/काटुन्जेल | फल् → फलिन्जेल/फलुन्जेल

ख. ई → { खाम् → खामी | लस्क् → लस्की | तुन् → तुनी
भन्क् → भन्की | कोतर् → कोतरी | फु → फोई
रु → रोई | हु → भई ... ... ।

ग. एको → { (हेर्नू: माथि–५.१ त) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घ. एर → { पुछ् → पुछेर गन् → गनेर खोप् → खोपेर
ढल्क् → ढल्केर थाम् → थामेर गाउ → गाएर
माग् → मागेर पुर् → पुरेर सोच् → सोचेर …।

ङ. ता/दा (तै)/(दै) → { मास् → मास्ता/मास्दा फुक् → फुक्ता/ फुक्दा
भुट् → भुट्ता/भुट्दा कोच् → कोच्ता/कोच्दा
खन् → खन्दा चढ् → चढ्दा अड् → अड्दा
मर् → मर्दा तुन् → तुन्दा … …।

च. तो/दो → {(हेर्नू : माथि–५.१ न)।

छ. न → { तोक् → तोक्न दपेट् → दपेट्न खिप् → खिप्न
खट् → खट्न टन्क → टन्कन रेल् → रेलन
बार् → बार्न हम्क → हम्कन गल् → गल्न
भिर् → भिर्न तुहु → तुहुनु
लि → लिन …

ज. ने → {(हेर्नू : माथि–५.१ प)।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ

□

संस्कृत कृत् सर्ग र कृदन्त शब्द

१. संस्कृत कृत् सर्ग

१.१ संस्कृत व्याकरणमा शब्द-रचनाको अत्यन्त सूक्ष्म, गहन र विस्तृत विवेचन पाइन्छ। व्यवस्थित पद्धति र सुनिश्चित नियम भएकाले संस्कृतमा निर्धारित प्रक्रियाभन्दा बाहिर गएर शब्दको रचना गर्नु संभव छैन। कतिसम्म भने वेनियमसंग निर्मित हुने **निपातित** शब्दहरूको समेत किटान गरेर अव्यवस्था र अनियमिततालाई सीमित गर्ने प्रयास गरिएको देखिन्छ।

१.२ संस्कृतमा पदको रूपायन र शब्दको व्युत्पादन गर्ने परसर्गहरूका मुख्य समूह छओटा छन्– **सुप्, तिङ, कृत्, तद्धित, धातु** र **स्त्री**। यी छमध्ये खास व्युत्पादन गर्ने परसर्गका समूह चाहिं **कृत्** र **तद्धित** हुन्। कृत् सर्ग-समूहद्वारा धातुबाट र तद्धित सर्ग-समूहद्वारा प्रातिपदिकबाट शब्दको व्युत्पादन गरिन्छ।

१.३ धातुमा गाँसेर नाम, विशेषण र अव्यय शब्दको व्युत्पादन गर्ने सर्ग-समूहलाई **कृत्** भनिन्छ। संस्कृतमा तिङबाहेक धातुमा गाँसिने जम्मैजसो सर्ग-हरू कृत् फाँटमा पर्छन्, जसमध्ये केही निम्नलिखित हुन् –

	अङ	**अच्**	**अप्**	**अण्**
अयुच्	**अनीयर्**	**आलुच्**	**इक्**	**इत्नु**
इष्णुच्	**उ**	**उण्**	**ऊक**	**क**
कि	**कुरच्**	**केलिमर्**	**क्त**	**क्तवत्**
क्तिन्	**क्त्वा**	**कु**	**क्यच्**	**क्यप्**
क्रु	**क्वरप्**	**क्विप्**	**खच्**	**घञ्**
घिनुण्	**घुरच्**	**ड**	**डु**	**ण**
णिनी	**णमुल्**	**ण्यत्**	**ण्वुल्**	**तृच्**
तुमुन्	**नङ**	**यत्**	**र**	**ल्यप्**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यूल्ट वनिप् वरच् वुञ् श
शतृ शानच् ष्ट्रन्...।

संस्कृतमा कृत् सर्गहरू दुई मुख्य भागमा बाँडिएका छन्–

क. **कृत्–** क्त, क्त्वा, क्तवत्, णमुल्,
तृच्, इष्णिच्, शतृ, शानच्...।

ख. **कृत्य–** अनीयर्, केलिमर्, क्यप्, तव्य,
तव्यत्, ण्यत्, यत्।

कृत् सर्ग-समूहको तेस्रो वर्गमा **उणादिलाई** पनि राखिएको पाइन्छ। यो कुरो विवादास्पद छ, किनभने उणादिलाई केही वैयाकरणहरूले कृत् फाँटमा नपर्ने सर्ग-समूह मानेको पनि देखिन्छ।

कृत् र कृत्य गरी दुई वर्गभित्र पर्ने माथिका यावत् सर्गहरूलाई सामूहिक रूपमा **कृत्** मानिन्छ। जुन संस्कृत शब्दको संरचामा धातुपछि यस समूहको कुनै सर्ग अन्तिम भएर आउँछ त्यसलाई नै कृदन्त भनिन्छ। (संस्कृतमा **कृत्** र **कृदन्त** नाउँ सार्थक भएकाले यहाँ तिनका सट्टा **धातुसर्ग र प्रथम व्युत्पन्न शब्दको** प्रयोग गरिएको छैन।)

१.४ शब्दको रचना-प्रक्रियामा **निवेश** गरिने सबैजसो संस्कृत सर्ग सो प्रक्रियापछि **निर्गत** हुँदा निकै फेरिएका हुन्छन्। संस्कृतका अधिकांश कृत् सर्ग पनि एक्लै (अप्रयुक्त) हुन्जेल अर्थात् शब्दको संरचनामा क्रियाशील नहुन्जेल एक रूपका र क्रियाशील भएर **आत**[१] (धातु) मा गाँसिएपछि अर्कै रूपका हुन्छन्, जस्तै–



तलको कोठे बेहोरामा संस्कृतका मुख्य-मुख्य कृत् सर्गहरूको एक्लो र परिवर्तित रूपका साथै तिनका योगबाट व्युत्पन्न शब्दको बान्की पनि प्रस्तुत गरिएको छ। कुनै धातुमा गाँसिदा कुनै सर्गबाट व्युत्पन्न हुने कृदन्त शब्द नेपालीमा अप्रचलित वा अप्रयुक्त छ भने सो महलको सो कोठामा ऋण (–) चिह्न राखिएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृत् र कृदन्तको कोठे बेहोरा

संख्या →		१.	२.	३.	४.	५.	६.	७.	८.	९.	१०.	११.	१२.	१३.	१४.	१५.
	सर्ग(एक्लै) →	अङ	अच्	अण्	अप्	घञ्	अनीयर्	क्त	क्तिन्	तव्यत्	तृच्	ल्युट्	ण्वुल्	ण्यत्	क्यप्	यत्
↓	परिवर्तित रूप → धातु ↓	अ	अ	अ	अ	अ	अनीय	त	ति	तव्य	ता, तृ	अन	अक, इका	य	य	य
१.	भू	—	—	—	भव	भाव	—	भूत	भूति	भवितव्य	भवितृ	भवन	भावक, भाविका	—	—	भव्य
२.	कृ	कारा	कर	कार	कर	कार	करणीय	कृत	कृति	कर्तव्य	कर्तृ, कर्ता	करण	कारक, कारिका	कार्य	कृत्य	—
३.	पठ्	—	—	—	—	पाठ	पठनीय	पठित	—	—	—	पठन	पाठक, पाठिका	पाठ्य	—	—
४.	दृश्	—	—	—	—	दर्श	दर्शनीय	दृष्ट	दृष्टि	द्रष्टव्य	दर्शयितृ, द्रष्टा	दर्शन	दर्शक, दर्शिका	—	दृश्य	—
५.	गम्	—	—	—	—	—	गमनीय	गत	गति	गन्तव्य	—	गमन	—	—	—	—
६.	लिख्	लेखा	—	—	—	लेख	लेखनीय	लिखित	—	—	—	लेखन	लेखक, लेखिका	लेख्य	—	—
७.	वच्	—	—	—	—	—	वचनीय	उक्त	उक्ति	वक्तव्य	वक्ता	वचन	वाचक	वाच्य	—	—
८.	सृज्	—	सर्ज	—	—	सर्ग	सर्जनीय	सृष्ट	सृष्टि	—	स्रष्टा	सर्जन	सर्जक, सर्जिका	—	—	—
९.	स्था	—	—	—	—	—	स्थानीय	स्थित	स्थिति	—	—	स्थान	—	—	—	—
१०.	रम्	—	रम	—	—	राम	रमणीय	रत	रति	—	—	रमण	—	—	—	—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. संस्कृत कृदन्त शब्द

२.१ संस्कृतसंग सोझो र नजिकको साइनो भएकाले नेपालीमा औला-दौला संस्कृत शब्द पाइन्छन् । संस्कृतबाट ओहिरिएका र नेपालीमा तत्सम रूपमा ग्रहण गरिएका शब्दहरूमध्ये कृदन्तको निकै ठुलो शब्द-भकारी छ । मानक नेपालीमा संस्कृत कृदन्त शब्दको ग्रहण र प्रयोग बढी छ र बढ्दो पनि छ ।

२.२ संस्कृतका सबै होइन केही कृत् सर्गबाट निर्मित शब्द मात्र नेपालीमा ग्रहण गरिएका छन् । यसैले नेपालीमा कुनै कृत् सर्ग गाँसिएका शब्द मनग्गै र कुनै कृत् सर्ग गाँसिएका शब्द थोरै मात्र आएका छन् भने कुनै कृत् सर्ग गाँसिएका शब्द ठचाम्मै नआएका पनि छन् । नेपालीमा आएका र रतिएर बसेका केही संस्कृत कृदन्त शब्द र तिनका संरचनामा रहने कृत् सर्ग निम्नलिखित हुन्–

सर्ग	धातु → व्युत्पन्न शब्द	स्पष्टीकरण
अङ [–अ]	कथ् → कथा,[१] क्षम् → क्षमा[१], चिन्त् → चिन्ता,[१] दय् → दया,[१] भाष् → भाषा,[१] रक्ष् → रक्षा,[१] भिक्ष् → भिक्षा,[१] लज्ज् → लज्जा,[१] स्पर्ध → स्पर्धा,[१] लिख् → लेखा[१-२]...	[व्युत्पन्न शब्दमाथिका अङ्कले स्पष्टीकरणको संख्या जनाउँछन् ।] संख्या–१ : स्त्रीलिङ्ग शब्दमा [-अङ] पछि [-टाप् =आ] पनि हुन्छ । संख्या–२ : आधार तत्त्वमा गुण (इ → ए, उ → ओ ऋ → अर्) हुन्छ ।
अच् [–अ]	बल → बल, रस् → रस, शील् → शील, मद् → मद, गन्ध् → गन्ध, खेल् → खेल, दीप् → दीप, हठ् → हठ, क्षि → क्षय,[३] जि → जय,[३] नी → नय,[३] रु → रव,[४] चर् → चर, बुध् → बुध, खल् → खल, दक्ष् → दक्ष, ग्रह् → ग्रह, चुर् → चोर,[२] स्मृ → स्मर,[२] धृ → धर,[२] दिव् → देव[२]...	संख्या–३ : एक अक्षरे आधार तत्त्वको इकार → य् हुन्छ । संख्या–४ : एक अक्षरे आधार तत्त्वको उकार → व् हुन्छ ।
अप् [–अ]	यम् → यम,[५] कृ → कर,[५] स्फुर् → स्फुर,[५] गम् → गम,[५] द्रु → द्रव,[४] नु → नव,[४] ईर्ष्य् → ईर्ष्या[१]...	संख्या–: ५ नेपालीमा प्रायः उपसर्गयुक्त भएर प्रयुक्त हुन्छन् → (संयम,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुष्कर, निर्झर, सङ्गम ...)

घञ् [–अ]	पठ्→पाठ,[६] भू→भाव,[४-६] नश्→नाश,[६] भज्→भाग,[६-८] रम्→राम[६] त्यज्→त्याग,[६-८] पच्→पाक,[६-९] रञ्ज्→राग,[६-८] तप्→ताप,[६] कम्→काम, लभ्→लाभ,[६] व्यध्→व्याध,[६] ग्रह्→ग्राह,[६] दिश्→देश, लिख्→लेख,[२] लिप्→लेप,[२] खिद्→खेद,[२] क्रुध→क्रोध,[२] भुज्→भोग,[२-८] युज्→योग,[२-८] रुज्→रोग,[२-८] कुप्→कोप,[२] बुध्→बोध,[२] दुष्→दोष[२], लुप्→लोप[२], क्षुभ्→क्षोभ[२], मुह्→मोह, स्तृ→स्तर[२], सृप्→सर्प[२], सृज्→सर्ग,[२-८] हृ→हार,[७] धृ→धार,[७] कृ→कार,[७]...	**संख्या–६ :** आधार तत्त्वमा वृद्धि (अ→आ, ए→ऐ, ओ→औ) हुन्छ । **संख्या–७ :** आधार तत्त्वमा **गुण** र वृद्धि दुवै पनि हुन्छ । जस्तै– हृ (**गुण**→हृ+अर, वृद्धि→हृ+आर्) +घञ्→हार । **संख्या–८ :** आधार तत्त्वको अन्तिम ज्→{क्, ग्} हुन्छ । **संख्या–९ :** आधार तत्त्वको अन्तिम च्→क् हुन्छ ।

ण्वुल् [-अक]	ग्रह्	→ग्राहक[६] →ग्राहिका[१],	सेव्	→सेवक →सेविका[१]
	वद्	→वादक[६] →वादिका[१],	पच्	→पाचक[६] →पाचिका[१]
	कृ	→कारक[२-६] →कारिका,[१]	नृत्	→नर्तक[२] →नर्तिका[१]
	गै	→गायक →गायिका[१],	लिख्	→लेखक[२] →लेखिका[१]
	युज्	→योजक[२] →योजिका[१],	पठ्	→पाठक[६] →पाठिका[१]

(पुलिङ्ग : स्त्रीलिङ्ग
↓ ↓
अक←——→इका)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृश् →दर्शक[२] →दर्शिका,[१]

पुष् →पोषक[२] →पोषिका[१]

भू →भावक[४-६] →भाविका[१],

शुष् →शोषक[२] →शोषिका[१]...

ल्युट् [-अन]	सह् →सहन, भू →भवन[४], भुज् → भोजन[२], शी →शायन[३], स्था →स्थान, हु →हवन[४], दा →दान, नन्द् →नन्दन, सूद् →सूदन, मद् →मदन, मुह् → मोहन[२], साध् →साधन, पाल् →पालन, पू →पवन[४], मृ →मरण[२-१०], रक्ष् → रक्षण[१०], स्मृ →स्मरण[२-१०], हृ → हरण-[२-१०] रम् → रमण,[१०] रू → रावण,[४-१०] श्रु →श्रवण[४-१०], नी →नयन[३], या → यान, वह् →वाहन,[६] वद् →वदन, चर् →चरण,[१०] भूष् →भूषण,[१०]...	संख्या–१०: आधार तत्त्वको मूर्द्धन्य (ऋ,र्,ष्) छ भने सर्गको न → ण हुन्छ । मूर्द्धन्यपछि स्पर्श-कण्ठ्य (क्, ख्, ग्, घ्, ङ्,) स्पर्श-ओष्ठ्य (प,फ,ब, भ,म), अन्तः स्थ (य्,र्,व्), ऊष्म (ह्) आउँदा पनि न → ण नै हुन्छ । (अनीय ∽ अणीय)
अनीयर् [-अनीय]	दृश् → दर्शनीय[२], मन् → माननीय[६], शुच् → शोचनीय[२], पूज् → पूजनीय, स्था → स्थानीय, पठ् → पठनीय, लिख् → लेखनीय[२], सृज् → सर्जनीय[२], श्रु → श्रवणीय[४-१०], स्मृ → स्मरणीय[४-१०] रम् → रमणीय[१०], कृ → करणीय[५-१०] वि + चर् → विचारणीय[५-१०], आ + दृ ← आदरणीय[५-१०]...	
टाप् [·आ]	इष् → इच्छा[११], पूज् → पूजा, व्यथ् → व्यथा, क्रीड् → क्रीडा, शिक्ष् → शिक्षा, चिन्त् → चिन्ता, तृष् ← तृषा...	संख्या११ : [○ → च्/ह्रस्व–छ] । दीर्घ भएमा यो नियम विकल्पले लागू हुन्छ ।
णिनि [–ई]	त्यज् → त्यागी[६-८], दुष् → दोषी[२], युज् → योगी[२-८], वद् → वादी[६], द्विष् → द्वेषी[२], द्रुह् → द्रोही[२], हन् → घाती[१२]...	संख्या१२ : [हन् → घात्/— णिनी]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उक [-उक]	भिक्ष् → भिक्षुक, भू → भावुक[४-६]...	
ऊक [-ऊक]	जागृ → जागरूक[२], वल् → उलूक[१३] ...	संख्या-१३ : आधार तत्त्वको प्रथम अक्षर व → उ हुन्छ।
क्त [-त]	गम् → गत, मृ → मृत, हन् → हत, त्यज् → त्यक्त[८], भू → भूत, मद् → मत्त च्यू → च्युत, श्रु → श्रुत, क्रु → क्रुत, जा → जात, ख्या → ख्यात, वच् → उक्त[६-१३], तृप् → तृप्त, मन् → मत, त्रस् → त्रस्त...	संख्या-१४ : { श् ष् स् } ष्/—त। (त ∽ त)
	सिध् → सिद्ध, बुध् → बुद्ध, युध् → युद्ध...	(त ∽ द)
	हा → हीन, भिद् → भिन्न, भञ्ज् → भग्न[८] म्लै → म्लान, ली → लीन...	(त ∽ न)
	क्षी → क्षीण[१०], जृ → जीर्ण[२-१०], रुज् रुग्ण[८-१०], त्रा → त्राण[१०], पूर् → पूर्ण[१०]...	(त ∽ ण)
	पच् → पक्व[६]...	(त ∽ व)
	नश् → नष्ट[१४], शास् → शिष्ट[१४], दुष् → दुष्ट[१४], दृश् → दृष्ट[१४], कृष् → कृष्ट[१४]..	(त ∽ ट)
	रुह् → रूढ, गुह् → गूढ[१] मुह् → मूढ...	(त ∽ ढ)
	मुह् → मुग्ध, दह् → दग्ध...	(त ∽ ध)
	शुष् → शुष्क...	(त ∽ क)
	पत् → पतित, पठ् → पठित, स्था → स्थित कथ् → कथित, पूर् → पूरित, मूर्च्छ् → मूर्च्छित, ग्रह् → गृहीत, विद् → विदित...	(त ∽ इत)
तव्यत् [-तव्य]	भू → भवितव्य[४], गम् → गन्तव्य, श्रु → श्रोतव्य[२], कृ → कर्तव्य[२], भुज् → भोक्तव्य[८], दृश् → द्रष्टव्य[१४], ज्ञा → ज्ञातव्य वच्, वक्तव्य[६], दा → दातव्य...	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृच्
[-तृ]

वच् → वक्तृ / वक्ता / वक्त्री   भुज् → भोक्तृ / भोक्ता / भोक्त्री   कृ → कर्तृ / कर्ता / कर्त्री   (तृ → ता)
(ता → पुलिङ्ग,
त्री → स्त्रीलिङ्ग)

भृ → भर्तृ / भर्ता / भर्त्री   हन् → हन्तृ / हन्ता / हन्त्री   श्रु → श्रोतृ / श्रोता / श्रोत्री

दा → दातृ / दाता / दात्री   धा → धातृ / धाता / धात्री

क्तिन
[-ति]

मन् → मति, कृ → कृति, श्रु → श्रुति
स्मृ → स्मृति, रम् → रति, ख्या → ख्याति
क्षण् → क्षति, मुच् → मुक्ति, युज् → युक्ति (ति ↝ ति)
गै → गीति, तृप् → तृप्ति, गम् → गति
नी → नीति, शक् → शक्ति, भ्रम् → भ्रान्ति
शम् → शान्ति, स्था → स्थिति, प्री → प्रीति ...
दृष् → दृष्टि, पुष् → पुष्टि, सृज् → सृष्टि.. (ति ↝ टि)
ग्ले → ग्लानि, म्लै → म्लानि, हा → हानि ... (ति ↝ नि)
शुध् → शुद्धि, बुध् → बुद्धि ... (ति ↝ दि)

यत्
[-य]

क्षम् → क्षम्य, लभ् → लभ्य, जन् → जन्य,
हन् → वध्य[१६], सह् → सह्य, गद् → गद्य,
मद् → मद्य, पद् → पद्य, पा देय[१५]
धा → धेय[१५], दा → देय[१५], ध्या → ध्येय[१५]
गै → गेय[१५], जि → जेय[१५], हा → हेय[१५]
छेद् → छेद्य[१५], भिद् → भेद्य[१५] ...

संख्या-१५ : स्वरान्त आधार तत्त्व छ भने सो स्वर → ए हुन्छ ।
संख्या-१६ : हन् ↝ वध् ।

क्यप्
[-य]

स्तु → स्तुत्य[१७], कृ → कृत्य[१७], भृ → भृत्य[१७]
वृ → वृत्य[१७], वृध् → वृध्य, दृश् → दृश्य
शास् → शिष्य, ग्रह् → गृह्य ...

संख्याः-१७ : [○ → त्/ह्रस्व —य] ।

ण्यत्
[-य]

कृ → कार्य[७], धृ → धार्य[७], हृ → हार्य[७]
पठ् → पाठ्य[६], पच् → पाच्य[६], वच् → वाच्य[६]/वाक्य[६-९], बुध् → बोध्य[२], हस् → हास्य[२], त्यज् → त्याज्य[२] ...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ल्यप्   सम्+क्षिप् → **संक्षिप्य**[५],   अनु+कृ →
[-य]   **अनुकृत्य**[५], प्र+काश् → **प्रकाश्य**[५], वि+
          जि → **विजित्य**[५]-[१७] सम्+आप् → **समाप्य**[५]...

संस्कृतका अधिकांश कृदन्त शब्दहरू नेपालीमा आउँदा व्युत्पन्न नरहेर मूल शब्द भएका छन् ।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सात

□

प्रातिसर्ग र द्वितीय व्युत्पन्न शब्द

१. अर्थ, स्वरूप र कार्य

१.२ नेपालीमा **तद्धित** नाउँको सार्थकता नभएकाले यसमा त्यसका सट्टा **प्रातिसर्ग**को प्रयोग गरिएको छ । **प्रातिसर्ग भनेको अनिवार्य संरचना–तत्त्व प्रातिपदिकका पछाडि परिधीय संरचना–तत्त्व भएर गाँसिनेजति जम्मै व्युत्पादक परसर्गहरूको सामूहिक नाउँ हो** । त्यसो त रूपायक परसर्गहरू पनि प्रातिपदिकमै गाँसिन्छन्, तर तिनबाट शब्दको व्युत्पादन नभएर पदको रूपायन मात्र हुन्छ र प्रातिसर्गबाट चाहिँ पदको रूपायन नभएर शब्दको व्युत्पादन मात्र हुन्छ, जस्तै–



माथि एउटै प्रातिपदिक (**बाठ्**)बाट व्युत्पादन र रूपायन गरेर देखाइएको छ । [**बाठ्–**]मा गाँसिएको [**–आइँ**]ले प्रजनित शब्द {**बठ्याइँ**}को वर्ग परि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्तन (वि →ना) गरेको छ, तसर्थ [–आई] व्युत्पादक परसर्ग हो । यसको विपरीत सोही [बाठ्–] मा गाँसिएका [–ओ,–ई,–अ]ले वर्ग परिवर्तन नगरी कोटि परिवर्तन (वि →वि, पु / वि, स्त्री / वि, बव) गरेका छन्, तसर्थ रूपायक परसर्ग हुन्। व्युत्पादन गर्नुका साथै प्रातिपदिकमा गाँसिएको हुँदा [–आइँ] प्रातिसर्ग हो र प्रातिपदिकमा गाँसिए तापनि व्युत्पादन नगरेका हुँदा [–ओ, –ई,– आ] प्रातिसर्ग होइनन् । यसैगरी {बसाइँ ...} को[–आइँ] समरूप भए पनि प्रातिसर्ग होइन, किनभने यो [–आइँ] प्रातिपदिकमा नगाँसिएर [बस्–] धातुमा जोडिएको छ ।

१·२ प्रातिसर्ग-समूहको कुनै एक वा एकभन्दा बढी सदस्यका योगबाट व्युत्पादित शब्दलाई **द्वितीय व्युत्पन्न शब्द** भनिन्छ । परम्परित व्याकरणमा यसैलाई **तद्धितान्त** मानिन्छ । शब्द–रचनाको यस फेटमा प्रातिपदिकबाट **नाम, सर्वनाम, विशेषण** र **अव्ययको** प्रजनन गरिन्छ ।

१.३ सर्ग-पद्धतिमा बद्ध रूपिम गाँसेर शब्द–रचनाको दोस्रो जमर्को प्रातिसर्गद्वारा गरिन्छ । यस फाँटमा दोस्रो पटक शब्द व्युत्पादन गर्ने प्रक्रिया सम्पन्न हुन्छ र **द्वितीय क्रम** (हेर्नु : चार– ५·५)को सर्ग वा सर्गहरू गाँसेर प्रायः एकभन्दा बढी परसर्ग भएका शब्दको निर्माण गरिन्छ । यहाँ के सम्झना गराउनु विषयान्तर नहोला भने पहिलो पटक सर्ग गाँसिने प्रक्रिया धातुसर्गका फाँटमै पूरा भइसकेको हुन्छ । यही **प्रथम व्युत्पन्न शब्दको** बद्ध रूप अर्थात् प्रातिपदिकमा दोस्रो पटक परसर्ग जोडेर **द्वितीय व्युत्पन्न शब्दको** रचना गरिन्छ । व्युत्पादनको पहिलो पटकमा एउटापछि अर्को परसर्ग अर्थात् एकभन्दा बढी धातुसर्ग गाँस्न पाइन्न, तर यस दोस्रो पटकअन्तर्गत चाहिं एक वा क्रमशः अनेक प्रातिसर्ग गाँसी शब्दको रचना गरिन्छ । तल धातुसर्ग र प्रातिसर्गबाट व्युत्पादनको प्रक्रिया र क्षेत्र स्पष्ट पारिएको छ–



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि के देखाइएको छ भने जहाँ पहिलो पटक व्युत्पादन गर्ने प्रक्रिया समाप्त हुन्छ ठीक त्यहींबाट दोस्रो पटक व्युत्पादन गर्ने प्रक्रिया आरम्भ हुन्छ। यस समाप्ति र आरम्भको सन्धि–स्थल चाहिं **व्युश/प्राति** हो । वास्तवमा पहिलो पटक व्युत्पादन गर्दा जे **व्युश** (जस्तै, **छेरौट**) हो त्यही नै दोस्रो पटकको व्युत्पादन कार्यमा क्रियाशील हुँदा **प्राति** (जस्तै, **छेरौट्**(हुन्छ । **प्रातिको** संरचना-मा एउटा परसर्ग (जस्तै, धातुसर्ग –**औट**) अवश्य हुन्छ जसमा अर्को परसर्ग (जस्तै, प्रातिसर्ग –**ई**) गाँसेर शब्दको दोस्रो पटक (जस्तै– छेर् + औट →**छेरौट** + ई →**छेरौटी**) व्युत्पादन गरिन्छ । यस ढङ्गबाट दोस्रो वा दोस्रा परसर्गद्वारा दोस्रो पटक शब्दको व्युत्पादन गरिने हुँदा प्रातिसर्गद्वारा निर्मित शब्दलाई **द्वितीय व्युत्पादित शब्द** भनिन्छ ।

प्रातिसर्गको योग **प्रथम व्युत्पन्न प्रातिपदिक** जैं **द्वितीय व्युत्पन्न प्राति-पदिकमा** पनि हुन्छ । कुनै शब्दको संरचनामा एकभन्दा बढी प्रातिसर्ग गाँसिन्छन् भने पहिलोबाहेक अरू चाहिं द्वितीय व्युत्पन्न प्रातिपदिकसा जोडिन्छन्, जस्तै–



प्रातिसर्गको योग प्रथम व्युत्पन्न प्रातिपदिक र द्वितीय व्युत्पन्न प्रातिपदिकबाहेक **मूल** प्रातिपदिक (हेर्नू : चार–४·२) मा पनि गरिन्छ, जस्तै– **घर्**+**एलु** →**घरेलु** ।

यस फाँटमा व्युत्पन्न शब्द पनि कोशीय अवस्थामा नै रहने हुनाले वाक्यात्मक सम्बन्ध जोड्न सक्षम हुन्नन् ।

२. धातुसर्ग र प्रातिसर्गमा फरक

२·१ सर्ग-पद्धतिबाट शब्दको रचना गर्ने यी दुवै आधेय तत्त्वमा मुख्य फरक निम्नलिखित देखापर्छ–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धातुसर्ग

क. धातुमा मात्र गाँसिन्छ । तसर्थ धातुबाहेक अन्य आधार तत्त्वमा परिधीय संरचना-तत्त्व भएर क्रियाशील हुन्न ।

ख. प्रथम क्रम (हेर्नू : चार-५·५) को हुन्छ । तसर्थ धातु र यसका माथ्र अरू कुनै परसर्ग हुन्न ।

ग. सर्गको संख्या कम छ ।

घ. व्युत्पादनको फाँट सानो छ, किनभने मात्र धातुबाट नाम, विशेषण र अव्ययको रचना गरिन्छ ।

ङ. भिन्न वर्गका शब्दको व्युत्पादन गर्छ, जस्तै– धातुबाट नाम, धातुबाट विशेषण र धातुबाट क्रियाविशेषण ।

प्रातिसर्ग

क. प्रातिपदिकमा मात्र गाँसिन्छ । तसर्थ मूल र व्युत्पन्न प्रातिपदिकबाहेक अन्य आधार तत्त्वमा परिधीय संरचना-तत्त्व भएर क्रियाशील हुन्न ।

ख. द्वितीय क्रम (हेर्नू : चार–५·५) को हुन्छ । तसर्थ धातु र यसका माथ्र अर्को परसर्ग पनि हुन्छ ।

ग. सर्गको संख्या बढी छ ।

घ. व्युत्पादनको फाँट ठुलो छ, किनभने नामबाट नाम, विशेषण र अव्यय, अनि सर्वनामबाट नाम, सर्वनाम, विशेषण र अव्यय, अनि विशेषणबाट नाम, विशेषण र अव्यय, अनि अव्ययबाट नाम, विशेषण र अव्ययको रचना गरिन्छ ।

ङ. उही वर्गका शब्दको पनि व्युत्पादन गर्छ, जस्तै– एउटा उपवर्गको नामबाट अर्को उपवर्गको नाम, एउटा उपवर्गको विशेषणबाट अर्को उपवर्गको विशेषण र एउटा उपवर्गको क्रियाविशेषणबाट अर्को उपवर्गको क्रियाविशेषण ।

३. परसर्ग र यसका संयुक्त रूप

३·१ नेपाली व्याकरणमा निम्नलिखित प्रत्येकलाई एउटा–एउटा परसर्ग मानिन्छ–

क. आन,

ख. इयाँ,

ग. आनियाँ ··· ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषावैज्ञानिक कसीमा घोटेर हेर्दा उपरोक्त प्रत्येकलाई एउटा-एउटा परसर्गमा दर्न मिल्दैन । यस तथ्यलाई स्पष्ट पार्न तल प्रत्येकबाट केही शब्दको व्युत्पादन गरिएको छ–

क. **आन** →घर्+आन →**घरान**

मुगल्+आन →**मुगलान**

ख. **इयाँ** →धरान्+इयाँ →**घरानियाँ**

मुगलान्+इयाँ →**मुगलानियाँ**

ग. **आनियाँ** →घर्+आनियाँ →**घरानियाँ**

मुगल् →आनियाँ →**मुगलानियाँ**

यस उदाहरणमा (क) भन्दा भिन्न शब्द (ख) मा व्युत्पन्न भएका छन्, जस्तै–(क) मा {**घरान, मुगलान**} र (ख)मा {**घरानियाँ, मुगलानियाँ**} । (ग)मा चाहिं कुनै भिन्न शब्दको रचना नभएर (ख) मै निर्मित शब्दको व्युत्पादन भएको छ । (क)+(ख) मा जुन शब्दको निर्माण भएको छ (ग) मा पनि तिनै शब्दको रचना भएको हुँदा (ग) को [**–आनियाँ**] स्वतः अनावश्यक सर्ग प्रमाणित हुन्छ ।

फाल्टू र अनावश्यक भएकाले [**–आनियाँ**] चाहिं [**–आन**] वा [**–इयाँ**] जस्तै एउटा छुट्टै वा स्वतन्त्र परसर्ग होइन । खास कुरो के भने [**–आनियाँ**] बेग्लो परसर्ग नभएर (क) र (ख) को संयुक्त रूप हो – **आन**+**इयाँ** →**आनियाँ** । यस्ता संयुक्त रूपको शब्द-रचनामा छुट्टै कार्य वा अरू कुनै प्रयोजन हुन्न, जस्तै–[**–आनियाँ**] ले गर्ने कार्य [**–आन**] र [**–इयाँ**] बाटनै पुरा हुन्छ । तसर्थ परम्परित नेपाली व्याकरणमा छुट्टै परसर्ग मानिए तापनि यस्ता प्रत्येक संयुक्त रूपलाई एउटा छुट्टै परसर्गमा दर्नु नेपाली परसर्गहरूको संख्या अवास्तविक एकाइबाट निरर्थक रूपमा बढाउनु मात्र हो ।

३·२ उपर्युक्त कारणबाट यसमा (हेर्नू : तल–४) एकभन्दा बढी सर्गको संयुक्त रूपलाई एउटा छुट्टै र स्वतन्त्र परसर्गका रूपमा दर्ता गरिएको छैन ।

४. प्रातिसर्ग र द्वितीय व्युत्पन्न नाम, विशेषण, अव्यय

सर्ग	वर्गबाट →वर्गमा	प्रातिपदिक+व्युश
१. अड	क. ना →ना	क. थप्पा (~ थप्प्) →थप्पड···
	ख. ना →वि	ख. फक् →फक्कड···

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. अडी	क. ना → ना ख. ना → वि	क. थप्प् → थप्पडी/थपडी, थुप्रो (∽ थुप्) → थुपडी, झुप्रो (∽ झुप्) झुपडी ··· ख. फुक् → फक्कडी, भाँग् → भँगडी, गाँजा (∽ गाँज्) → गँजडी, गफ् → गफडी ···
३. अरी	वि → क्रिवि	बेस् → बेसरी, राम्र् → राम्ररी ···
४. आ	क. ना → ना ख. ना → वि	क. खात् → खाता, कर्ज् → कर्जा, ओड् → ओडा, आड् → आडा, टाँक् → टाँका, गिर् → गिर्रा, धुर् → धुरा, बुँद् → बुँदा, तल् → तला ··· ख. साँढ् → साँढा, बेकाम् → बेकम्मा, पच्छिम् → पच्छिमा ···
५. आइँ	क. ना → ना ख. वि → ना	क. काज् → कजाइँ, राज् → रजाइँ, सर्धा → सर्धाइँ, पजन् → पजाइँ ··· ख. तेर्प् → तेर्पाइँ, चेप्र् → चेप्राइँ, चुर्क् → चुक्र्याइँ, कुप्र् → कुप्र्याइँ, दुष्ट् → दुष्टचाइँ, पुष्ट् → पुष्टचाइँ, छुच्च् → घुच्चयाइँ, लुच्च् → लुच्चयाइँ, गुन्ड् → गुन्डचाइँ, धूर्त् → धुर्त्याइँ, चतुर् → चतुऱ्याइँ ···
६. आइ	क. वि → ना ख. ना → ना ग. क्रिवि → ना	क. चौड् → चौडाइ, लाम् → लमाइ, भल् → भलाइ, गोल → गोलाइ, होच् → होचाइ, उँच् → उँचाइ, अग्ल् → अग्लाइ ··· ख. भल् → भलाइ ··· ग. पर् → पराइ ···
७. आउरी/ औरी	ना → ना	सिंग् → सिंगाउरी/सिंगौरी, जित् → जिताउरी/जितौरी, जाड् → जडाउरी/जडौरी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

		तिल् →तिलौरी, लाख् →लखौरी, दाँत् →दँतौरी ···
८. आउरो/ औरो	ना →ना	सुठ् →सुठाउरो/सुठौरो, कुनो (∽ कुन्) →कुनाउरो/कुनौरो, मुस् →मुसाउरो, कोश् →कोसाउरो, झिग् →झिगाउरो, भुस् →भुसाउरो, निद् →निदाउरो, थुन् →थुनौरो, धुप् →धुपौरो ··
९. आडि	अव्य →अव्य	पछि(∽ पछ्)पछा →डि,अघि(∽ अघ्) →अघाडि अगि (∽ अग्) →अगाडि ···
१०. आडी	ना →वि	जुवा (∽ जुव्) →जुवाडी, खेल् →खेलाडी, गफ् →गफाडी ···
११. आन	ना →ना	गुजर् →गुजरान, घुर् →घुरान, मुह् →मुहान, रज् (∽ रछ्) →रछान, रैत् →रैतान, घर् →घरान, बैठ् →बैठान, ओइर् →ओइरान, मुगल् →मुगलान ···
१२. आनी	ना →ना	मुह् →मुहानी, चुक् →चुकानी ···
१३. आर	क. ना →ना ख. ना →वि ग. वि →वि	क. दाँत् →दँतार, भाण्ड (∽ भाँड्) →भँडार, घच्चा →घचार, छेक् →छेकार, लोह् →लोहार, सुन् →सुनार, चाम् →चमार, फल् →फलार ··· ख. दाँत् →दँतार, निम्ता →निम्तार ··· ग. ठग् →ठगार, ढाँट् →ढँटार, ठगाह् →ठगाहार ··
१४. आरी	क. ना →ना	क. मुख् →मुखारी, तेल् →तेलारी,

Jayatu Sanskritam, Kathmandu, Nepal

	ख. ना → वि	भाण्ड् → **भँडारी**, लोह् → **लोहारी**,
	ग. वि → ना	सुन् → **सुनारी**, फल् → **फलारी**,
		पुज् → **पुजारी** ···
		ख. नाफा → **नाफारी**, भिख् → **भिखारी** ···
		ग. ठग् → **ठगारी** ···
१५. आरु	क. ना → ना	क. हाट् → **हटारु** ··
	ख. ना → वि	ख. निम्ता → **निम्तारु**, ठग् → **ठगारु**,
		भिख् → **भिखारु** ···
१६. आरो	ना → ना	छेक् → **छेकारो**, घच्च् → **घचारो**,
		सुत् → **सुतारो**, पोत् → **पोतारो** ···
१७. आली	क. ना → ना/वि	क. थाक् → **थकाली**, लेक् → **लेकाली**,
	ख. वि → वि	दाङ → **दङाली**, दुम्ज् → **दुम्जाली**,
	ग. वि → ना	पोखर् → **पोखराली** ···
		ख. कोर्रा (∽ कोर्क) → **कोर्काली** ···
		ग. अपुत् → **अपुताली**, हरिय् → **हरियाली** ··
१८. आलु	ना → वि	इख् → **इखालु**, विख् → **बिखालु**,
		खर्च् → **खर्चालु**, तन्द्र् → **तन्द्रालु**,
		दुध् → **दुधालु**, झगड् → **झगडालु**,
		माइत् (∽ मैत्) → **मैतालु**, लाज् → **लजालु/लज्जालु**
१९. आलो	क. ना → ना	क. खेत् → **खेतालो**, गोठ् → **गोठालो**,
	ख. ना → वि	भिर् → **भिरालो**, कण्ठ् (∽ कठ्) → **कठालो**,
		भुङ्ग्र् → **भुङ्ग्रालो**, दिय् → **दियालो** ···
		ख. ओइर् → **ओइरालो** ···
२०. आस	वि → ना	मिठ् → **मिठास** ···
२१. आसो	ना → ना	दाँत् (∽ दन्) → **दन्तासो**, गाथा (∽ गथ्) → **गथासो**,
		गोल् → **गोल्याँसो**, गुञ्ज् (∽ गुन्) → **गुनासो** ···

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२२. **आहा**	क. ना → वि ख. वि → वि	क. झौंज् → **झौंजाहा**, उपद्र् → **उपद्र्याहा**, खुन् → **खुन्याहा**, अलच्छिन् → **अलच्छिनाहा**, घुस् → **घुस्याहा**, गाँजा → **गँज्याहा**, बाथ् → **बथ्याहा**, भुस् → **भुस्याहा**, मूल् → **मुल्याहा**, जाँड् → **जँड्याहा**, अमिल् → **अमिल्स्याहा**, गाँड् → **गँड्याहा**, कल् → **कल्याहा**, बिग् → **बिग्याहा** … ख. ठग् → **ठगाहा**, छुल् → **छुल्याहा**, छुस्क् → **छुस्क्याहा** …
२३. **इङ्गर**	क. ना → ना ख. ना → वि ग. वि → वि	क. कसर् → **कसिङ्गर**, पात् → **पतिङ्गर**, आँठ् → **अठिङ्गर**, झाँट् → **झटिङ्गर** … ख. लाठ् → **लठिङ्गर**, जोइ(< जोइट्) → **जोइटिङ्गर** … ग. लाठ् → **लठिङ्गर**, धुस्र् (< धस्) → **धसिङ्गर** …
२४. **इयाँ**	ना → वि	कयालखान् → **कयालखानियाँ**, चीन् → **चिनियाँ**, जहान् → **जहानियाँ**, घरान् → **घरानियाँ**, मुगलान् → **मुगलानियाँ**, पल्टन् → **पल्टनियाँ** …
२५. **इया**	क. ना → ना ख. ना → वि ग. वि → ना घ. अव्य → ना	क. कर् → **करिया**, भार् → **भरिया**, झगड् → **झगडिया** … ख. सहर् → **सहरिया**, सदर् → **सदरिया**, औल् → **औलिया**, गोत् → **गोतिया**, जाँगर् → **जाँगरिया**, पहाड् → **पहाडिया**, डोर् → **डोरिया**, झगड् → **झगडिया**, झन्झट् → **झन्झटिया**, मोहर् → **मोहरिया**, सरकार् → **सरकारिया** … ग. साझ् → **सझिया**,, आध् → **अधिया**, पतित् (< पत्) → **पतिया** … घ. भित्र् → **भित्रिया**, बाहिर् → **बाहिरिया** …
२६. **इलो**	ना → वि	बाफ् → **बाफिलो**, ओस् → **ओसिलो**, ठाँट् → **ठाँटिलो**, चहक् → **चहकिलो**,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नुन् →नुनिलो, फुस् →फुसिलो,
उच्चाट् →उच्चाटिलो, मल् →मलिलो,
रस् →रसिलो, चुक् →चुकिलो,
उराठ् →उराठिलो फाँद् →फाँदिलो
उब्ज। (उब्ज ↶) → उब्जिलो …

२७. इन्ना/इन्दा	ना →अव्य		रोज् →रोजिन्ना / रोजिन्दा, साल्→ सालिन्ना / सालिन्दा …
२८. ई	क. ना →ना	क.	नेपाल् →नेपाली, मन्त्र्→ मन्त्री,
	ख. ना → वि		बोल् →बोली, पुर्जा (↶ पुर्ज्) → पुर्जो,
	ग. ना →अव्य		साँध् →साँधी, सिउर् →सिउरी,
	घ. वि → ना		नोकर् → नोकरी, चाकर् →चाकरी,
	ङ. अव्य →ना		चटक् → चटकी, ओफ्ले्ल् →ओफ्लेली,
	च. अव्य → वि		छेरौट् →छेरौटी …
	छ. अव्य → अव्य ←	ख.	आँट् →आँटी, घाँस् →घाँसी, रोग् → रोगी, अक्कल् →अक्कली, घरायस्→ घरायसी, टेक्→ टेकी, अनिकाल्—अनिकाली, नेपाल्—नेपाली, ढाँच् →ढाची, ढाड् →ढाडी …
		ग.	फ्लफ्ल् →फ्लफ्ली, कलकल् →कलकली …
		घ.	लाल्→ लाली, काल्→ काली, कङ्गाल् →कङ्गाली, आतुर् →आतुरी …
		ङ.	भित्र्→ भित्री, बाहिर् →बाहिरी, छिमेक् →छिमेकी …
		च.	उपर् →उपरी, अन्यत्र्→ अन्यत्री …
		छ.	सरासर्→ सरासरी, बराबर→ बराबरी, दनदन्→ दनदनी …
२९. उरो	क. ना →ना	क.	ढिक् →ढिकुरो …
	ख. ना →वि	ख.	बात् →बतुरो, लिख् →लिखुरो …
३०. उलो/ उल्लो	क. ना →ना	क.	दाँत्→ दँतुलो, वक्→ बकुल्लो,
	ख. ना →वि		वेस्स् →बेसुल्लो, थाक्→ थकुल्लो …

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ग. वि→वि	ख. थास्→थसुल्लो...
	घ. वि→ना	ग. चर्क्→चर्कुलो, साख्→साखुल्लो,
		ठाड्→ठडुल्लो, चिप्ल्→चिपुल्लो...
		घ. ठाड्→ठडुल्लो...
३१. उवा	क. ना→ना	क. टहल्→टहलुवा, बाट्→बटुवा,
	ख. ना→वि	ढेडु→ढेडुवा, जर्→जरुवा,
	ग. वि→वि	तल्→तलुवा, काठ्→कठुवा...
		ख. टहल्→टहलुवा, गेरु→गेरुवा...
		ग. ठाड्→ठडुवा, लाट् (∽ लठ्)→लठुवा...
३२. ए	क. ना→ना	क. आँठ्→आँठे, कोत्→कोते,
	ख. ना→वि	जाँघ्→जाँघे, काप्→कापे,
	ग. वि→वि	तुर्क्→तुर्के, आइतवार्→आइतवारे,
	घ. वि→ना	अङ्कुश→अङ्कुसे, ढोक्→ढोके,
		डोक्→डोके...
		ख. जगट्→जगटे, ओठ्→ओठे,
		आरिस्→आरिसे, कनिक्→कनिके,
		टाउक्→टाउके, आश्→आसे,
		कन्धन्→कन्धने, अकास्→अकासे,
		खैरांत्→खैरांते, आँख्ल्→आँखले
		माघ्→माघे...
		ग. जक्ख्→जक्खे, जघन्→जघने,
		फक्कड्→फक्कडे, डल्ल्→डल्ले,
		ठाड्→ठाडे...
		घ. घोप्ट्→घोप्टे, दोहोर्→दोहोरे...
३३. एउली/	क. ना→ना	क. रात्→रतेउली / रत्यौली,
औली	ख. वि→ना	हाँस्→हँसेउली / हँस्यौली
		ठट्ट्→ठटेउली / ठटयौली,
		कलश्→कलसेउली / कलस्यौली,
		पुस्त्→पुस्तेउली / पुस्त्यौली,
		पुर्ख्→पुर्ख्यौंली, पूर्व्→पुर्व्यौंली,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

		खण्ड् (~ खँड्) → खँडेउली, काँध् → कँधेउली ...
		ख. बुढ् → बुढेउली / बुढौली / बुढचौली,
		पुर्ख् → पुख्यौंली, पुस्त् → पुस्त्यौली ...
३४. एउलो/ औलो	क. ना → ना ख. ना → वि	क. वर्षा → बर्सेउलो / बस्यौंलो,
		बर्कर् → बक्यौंलो, पिण्ड् → पिंडौलो,
		हाँस् → हँसेउलो / हँस्यौलो,
		केट् → केटचौलो, टिट् → ठिटचौलो ...
		ख. छोक्र् → छोक्रेउलो, माट् → मटेउलो,
		ठट्ट् → ठटेउलो, हाँस् → हँसेउलो,
		माऌ → मऌौलो, सुन् → सुनौलो,
		केट् → केटौलो, ठिट् → ठिटौलो ...
३५. एग्रो	ना → ना	पाठ् → पठेग्रो, भुत् → भुतेग्रो ...
३६. एङग्रो / याङग्रो	क. ना → ना ख. वि → वि	क. माट् → मटेङग्रो / मटचाङग्रो ...
		ख. गोंज् → गोंजेङग्रो, लाट् → लठेङग्रो
		लुत् → लुतेङग्रो ...
३७. एटी	वि → ना	चिप्ल् → चिप्लेटी ...
३८. एटो	ना → ना	जिब्र् → जिब्रेटो, कुन् → कुनेटो,
		खर् → खरेटो, गाग्र् → गग्रेटो,
		खुर्प् → खुर्पेटो, रस् → रसेटो,
		फ्याक् (~ फग्ल्) → फग्लेटो ...
३९. एत्रो	क. ना → ना ख. वि → वि	क. खोट् → खोटेत्रो, मुज् → मुजेत्रो/मजेत्रो,
		कुश् → कुसेत्रो, चुल् → चुलेत्रो,
		तल् → तलेत्रो ...
		ख. लुस् → लुसेत्रो ...
४०. एन	क. ना → ना ख. ना → वि	क. ढुङग् → ढुङ्गेन, ढुट् → ढुटेन,
		ढड्ड → ढडेन, जुठ् → जुठेन,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. वि → ना बुट् → **बुटेन**...
ख. ढुङ्ग् → **ढुङ्गेन**, पत्थर् (∽ पथ्र्) **पथ्रेन**,
गेगर् → **गेगरेन**...
ग. चोख् → **चोखेन**...

४१. **एनी** क. ना → ना क. मौजा (∽ मौज्) → **मौजेनी**...
ख. ना → वि ख. मौज् → **मौजेनी/मौज्यानी**...
ग. ना → अव्य ग. मौज् → **मौजेनी**, वर्ष् → **बर्सेनी**,
साल् → **सालेनी**...

४२. **एल** क. ना → ना क. वन् → **बनेल**, डाँड् → **डँडेल**...
ख. ना → वि ख. खुँज् → **खुँजेल**, जाँड् → **जँडेल**,
डोट् → **डोटेल**, वन् → **बनेल**...

४३. **एली** क. ना → ना क. जुर् → **जुरेली**, जुन् → **जुनेली**,
ख. ना → वि रात् → **रतेली**, वर्मा (∽ वर्म्) → **बर्मेली**...
ख. आध् → **अधेली**...

४४. **एलु** ना → वि वन् → **बनेलु**, घर् → **घरेलु**...

४५. **एलो** ना → ना जुर् → **जुरेलो**, डाँड् → **डँडेलो**...

४६. **एरी** ना → ना मित् → **मितेरी**, काँध् → **कँधेरी**,
माछ् → **मछेरी**, घर (∽ घड्) → **घडेरी**...

४७. **एरो** ना → वि पात् → **पतेरो**, बच्चो (∽ बच्) → **बचेरो**,
पानी (∽ पान्) **पनेरो**, बोक्स् → **बोक्सेरो**,
साँप् → **सँपेरो**, घट्ट् → **घटेरो**,
दाइँ (∽ दँह्) → **दँहेरो**, गोज् → **गोजेरो**,
काठ् (∽ कट्) → **कटेरो**, बाच्छ् (∽ वछ्) → **बछेरो**...

४८. **एसो** क. ना → ना क. सुख् → **सुखेसो**, दुख् → **दुखेसो**,
ख. वि → ना कुल् → **कुलेसो**, डोक् → **डोकेसो**,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

		खुट्ट् → **खुट्टेंसो**, चिल्ल् → **चिलेसो**...
		ख. गोल् → **गोलेंसो/गोल्याँसो**...
४९. ऐया	क. ना → वि	क. वन् → **बनैया**, घर् → **घरैया**,
	ख. वि → ना	गाउँ → **गँवैया**...
		ख. अढाइ → **अढैया**..
५०. ओ	क. ना → ना	क. औल् → **औलो**, जोह् → **जोहो**,
	ख. ना → वि	ठसक् (ᔕ ठस्क्) → **ठस्को**, जर् → **जरो**,
	ग. वि → वि	जड् → **जरो**, जाल् → **जालो**...
	घ. वि → ना	ख. भोक् → **भोको**, प्यास् **प्यासो**...
	ङ. अव्य → वि	ग. जाग् → **जागो**, जर्कट → **जर्कटो**,
		अन्ध् → **अन्धो**, नग्न् (ᔕ नाङ्ग्) → **नाङ्गो**,
		लुच्च् → **लुच्चो**...
		घ. अन्ध् → **अन्धो/अन्नो**,
		उटुङ्ग् → **उटुङ्गो**...
		ङ. पहिल् → **पहिलो**...
५१. औट	ना → ना	चाम् → **चमौट**, फार्स् → **फर्स्यौट**,
		दुन् → **दुनौट/दुनोट**,
		तामो (ᔕ ताम्) → **तमौट/तमोट**...
५२. औटी	क. ना → ना	क. कस् → **कसौटी**, लाख् → **लखौती**...
	ख. वि → वि	ख. एकल् → **एकलौटी**...
५३. औटे	क. ना → ना	क. ताम् → **तमौटे**, चुर → **चुरौटे**,
	ख. ना → वि	भाड् → **भरौटे**...
		ख. वालु → **बलौटे**, कुर् → **कुरौटे**,
		शङ्क → **संख्यौटे**, भाड् → **भरौटे**,
		मास् → **मस्यौटे**...
५४. औटो	क. ना → ना	क. चन्दन् (ᔕ चन्) **चनौटो**, धुल् → **धुलौटो**,
	ख. ना → वि	जिल् → **जिलौटो**, लिख् → **लिखौटो**,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. वि → वि — गाजल (↶ गज्र्) **गज्रौटो**, मास् → **मस्यौटो**,
राज् → **रजौटो**, शिल् → **सिलौटो** ...
ख. घाँस → **घस्यौटो**, बालु → **बलौटो**,
गाँज् → **गँजौटो** ...
ग. आल् → **अलौटो** ...

५५. औतो क. ना → ना — क. काख् → **कखौतो**,
ख. ना → वि — अर्घ् → **अघौंतो**, खाग् → **खगौतो**,
सार् → **सरौतो** ...
ख. पानी (↶ पन्) → **पनौतो** ...

५६. औरा ना → ना — मास् → **मसौरा / मस्यौरा**,
घाम् → **घमौरा**, काँस् (↶ कच्) → **कचौरा**
पक्ष् → **पछौरा** ...

५७. ली ना → वि — पाल्पा → **पाल्पाली**, गोर्खा → **गोर्खाली**,
झापा → **झापाली**, पाँगा → **पाँगाली**,
दुम्जा → **दुम्जाली**, सिन्जा → **सिन्जाली** ...

५८. ले ना → वि — च्याख् → **च्याख्ले**, कुम् → **कुम्ले**,
आँख् → **आँख्ले**, मह → **महले**,
ठिमी → **ठिमीले**, भादगाउँ → **भादगाउँले** ...

५९. लो ना → ना — च्याख् → **च्याख्लो**, कुम् → **कुम्लो**,
आँख् → **आँख्लो**, डाँठ् (↶ डाँख्) → **डाँख्लो**,
मह → **महलो** ...

५. द्वितीय व्युत्पन्न सर्वनाम

५.१ सर्वनाम मूल शब्द हुन् र यिनमा सर्ग गाँसेर निर्मित गरिएका चाहिं **द्वितीय व्युत्पन्न शब्द** हुन् ।

अधिकांश नेपाली सर्वनामका विभिन्न **संपरिवर्तक** छन् । शब्दको निर्माणमा यिनै संपरिवर्तकहरू आधार तत्त्व भएर क्रियाशील हुन्छन् । व्युत्पादनका दृष्टिबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीका प्रमुख सर्वनामहरू र तिनका संपरिवर्तकहरू निम्नलिखित हुन्—

क. **ऊ** ~ उ ~ उस् ~ उत् ~ उस्त्,
ख. **को** ~ क ~ कस् ~ कत् ~ कस्त्,
ग. **जो** ~ ज ~ जस् ~ जत् ~ जस्त्,
घ. **यो** ~ य ~ अ ~ यस् ~ यत् ~ यस्त्,
ङ. **त्यो** ~ त्य ~ त ~ त्यस् ~ त्यत् ~ त्यस्त् ।

५.२ सर्वनामबाट द्वितीय व्युत्पन्न शब्दको रचना गर्दा **मुख्य संपरिवर्तक** अर्थात् **ऊ, को, यो, त्यो** क्रियाशील हुन्नन् । मुख्य संपरिवर्तकहरू **मुक्त रूप** र अन्य संपरिवर्तकहरू **बद्ध रूप** भएकाले अन्य संपरिवर्तकहरूमा सर्गको योग गरेर विभिन्न शब्दको रचना गरिन्छ, जस्तै—

ऊ (~ उ) + हाँ → **उहाँ**
ऊ (~ **उस्**) + अरी → **उसरी**
ऊ (~ **उत्**) + आ → **उता**
को (~ **क**) + हिले → **कहिले**
को (~ **कस्त्**) + अरी → **कस्तरी**
को (~ **कस्**) + ओ → **कसो**
जो (~ **जस्**) + ऐ → **जस्तै**
जो (~ **ज**) + ब → **जब**
जो (~ **जत्**) + इन्जेल → **जतिन्जेल**
यो (~ **अ**) + ब → **अब**
यो (~ **य**) + हाँ → **यहाँ**
यो (~ **यस**) + ओ → **यसो**
त्यो (~ **त्य**) + हाँ → **त्यहाँ**
त्यो (~ **त्यस्**) + ऐ → **त्यसै**
त्यो (~ **त**) + ब → **तब**

५.३ नेपालीमा सर्वनामबाट मुख्यतः **सर्वनाम, विशेषण** र **अव्यय**को व्युत्पादन गरिन्छ । सर्वनामबाट निर्मित विभिन्न शब्दहरू तल दिइएका छन्—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५			व्युत्पन्न वर्ग
त्यो			
त्यस्	त्यत्	त्यस्त्	
त्यसरी		त्यस्तरी	अव्यय (प्रकारवाचक)
	त्यता		अव्यय (दिशावाचक)
	त्यति		वि (परिमाणवाचक)
	त्यतिन्जेल		अव्यय (अवधिवाचक)
			अव्यय (समयवाचक)
त्यसै			(९ को निश्चयवाचक)
	त्यतै		(२ को निश्चयवाचक)
		त्यस्तै	(१० को निश्चयवाचक)
त्यसो			अव्यय (प्रकारवाचक)
		त्यस्तो	वि (तुल्यतावाचक)
			अव्यय (समयवाचक)
	त्यत्रो		वि (तुल्यतावाचक)
			सर्व (मानवाचक)
			अव्यय (स्थितिवाचक)
			(१४ को निश्चयवाचक)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वनाम → द्वितीय व्युत्पन्न शब्द

संख्या →		१				२				३				४				५				व्युत्पन्न वर्ग
	सर्वनाम →	ऊ				को				जो				यो				त्यो				
↓	सर्ग प्राति → ↓	उ	उस्	उत्	उस्त्	क	कस्	कत्	कस्त्	ज	जस्	जत्	जस्त्	य/अ	यस्	यत्	यस्त्	त्य/त	त्यस्	त्यत्	त्यस्त्	
१	अरी		उसरी		उस्तरी		कसरी		कस्तरी		जसरी		जस्तरी		यसरी		यस्तरी		त्यसरी		त्यस्तरी	अव्यय (प्रकारवाचक)
२	आ			उता				कता				जता				यता				त्यता		अव्यय (दिशावाचक)
३	इ			उति				क त				जति				यति				त्यति		वि (परिमाणवाचक)
४	इन्जेल			उतिन्जेल				कतिन्जेल				जतिन्जेल				यतिन्जेल				त्यतिन्जेल		अव्यय (अवधिवाचक)
५	इले ~ हिले	उइले/ उहिले				कइले/ कहिले				जइले/ जहिले				अइले/ अहिले				तइले/ तहिले				अव्यय (समयवाचक)
६	ऐ		उसै				कसै				जसै				यसै				त्यसै			(९ को निश्चयवाचक)
७	ऐ			उतै				कतै				जतै				यतै				त्यतै		(२ को निश्चयवाचक)
८	ऐ				उस्तै				कस्तै				जस्तै				यस्तै				त्यस्तै	(१० को निश्चयवाचक)
९	ओ		उसो				कसो				जसो				यसो				त्य सो			अव्यय (प्रकारवाचक)
१०	ओ				उस्तो				कस्तो				जस्तो				यस्तो				त्यस्तो	वि (तुल्यतावाचक)
११	व					कव				जब				अब				तब				अव्यय (समयवाचक)
१२	रो			उत्रो				कत्रो				जत्रो				यत्रो				त्यत्रो		वि (तुल्यतावाचक)
१३	हाँ	उहाँ/वहाँ/ वाहाँ												यहाँ/ याहाँ				त्यहाँ/ त्याहाँ				सर्व (मानवाचक)
१४	हाँ	उहाँ/ वहाँ/वाहाँ				कहाँ/ काहाँ				जहाँ/ जाहाँ				यहाँ/ याहाँ				त्यहाँ/ त्याहाँ				अव्यय (स्थितिवाचक)
१५	हीं	उहीं				कहीं				जहीं				यहीं				त्यहीं				(१४ को निश्चयवाचक)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५.४ उपरोक्तबाहेक **आफू** र **म** सर्वनामबाट पनि निम्न **नाम**को व्युत्पादन हुन्छ—

आफ्+अन्त →आफन्त
आफ्+उस →आफुस/आफस/आपुस
आफ्+अस्त →आफस्त/आपस्त
म (~मप्)+आइँ →मपाइँ ।

६. संख्यावाचक द्वितीय व्युत्पन्न शब्दहरू

अर्थ	सर्ग	व्युत्पन्न शब्द
१. गणना	क. ओटा/औटा	यौटा, दोटा, तीनोटा/तीनौटा, चारोटा/चारौटा, पाँचोटा/पाँचौटा ...
	ख. एउटा/वटा/टा	एकवटा, दुइवटा/दुइटा, तीनवटा/तीनटा, चारेउटा/चारवटा/चारटा, पाँचेउटा/पाँचवटा/पाँचटा ...
२. क्रम	ग. ई	छैटी/छैठी, चौथी ...
	घ. ऐं	दसैं ...
	ङ. ओ	पहिलो, दोस्रो, तेस्रो, चौथो ...
	च. औं	पाँचौं, नवौं, बारौं, बीसौं, पचासौं, सयौं, हजारौं, लाखौं, करोडौं....
३. आवृत्ति	छ. बर/ब्बर	दोबर/दोब्बर, तेबर/तेब्बर ...
	ज. हरो/होरो	एकहरो/एकोहोरो, दोहरो/दोहोरो, तेहरो/तेहोरो ...
	झ. सरो	एकसरो, दुइसरो ...
४. बहुलता	ञ. अन्	पचासन्, सयन्, हजारन्, लाखन् कडोरन्....
	ट. औं	पचासौं, सयौं, हजारौं, लाखौं, कडोरौं ...
५. समुदाय	ठ. आ	एक्का, दुवा, तिया, चौका/चौक, पन्जा, छक्का, सत्ता, अट्ठा ...
	ड. लो	एक्लो, दोक्लो, तेक्लो ...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ढ. ई	जोडी, कुडी/कोरी, बीसी ...
	ण. हर	नहर, दहर ...
६. गुणा	त. आ	दुना, छक्का, सत्ता/साता, आठा ...
	थ. आन्/आँ	एकान्, तियाँ, नवाँ, दसान् ...
	द. ए	दुने, चौके, पन्चे, छक्के, सत्ते आठे ...
७. प्रत्येक	ध. ओटा	एकोटा ...
८. अपूर्णाङ्क	न. आइ	अढाइ, सवाइ, चौथाइ ... ।

उपर्युक्तबाहेक निम्न संख्यावाचक तद्धितान्त शब्द पनि नेपालीमा देखा पर्छन्—

पाउ, पौने, सवा, आधा, डेढ, साढे, पसेरी, एकपल्ट, दुइपालि, तीनताली, तियाली, दसबाजी ...।

७. क्षुद्रतावाचक द्वितीय व्युत्पन्न शब्द

७.१ कुनै बस्तुको **ठुलो** रूप र **सानो** रूप निम्न प्रकारबाट व्युत्पन्न गरिन्छ—

क. थाल् → [**ठुलो** → अ → **थाल** ; **सानो** → इया → **थलिया**]

ख. थैल् → [**ठुलो** → ओ → **थैलो** ; **सानो** → ई → **थैली**]

ग. कण् → [**ठुलो** → अ → **कण** ; **सानो** → इका → **कनिका**]

७.२ क्षुद्रतावाचक शब्दको छोटो सूची तल दिइएको छ—

सर्ग	**ठुलो → सानो**
क. इका	पत्र → **पत्रिका**, पुस्तक → **पुस्तिका**, पुष्प → **पुष्पिका** ...
ख. इया	खाट → **खटिया**, हाट → **हटिया**, डालो → **डलिया** ...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. ई थाल →**थाली**, गेडो →**गेडी**, घ्याम्पो →**घ्याम्पी**, वटुको →**बटुकी**, गोला →**गोली**, फुल →**फुली**, चोलो →**चोली**, कचौरा → **कचौरी**, ठेको →**ठेकी**, घैंटो →**घैंटी**, अम्खोरा →**अम्खोरी**, पोतारो →**पोतारी**, घुमाउरो →**घुमाउरी**, उकालो →**उकाली** डढेला →**डढेली**, बिलौना →**बिलौनी** फुरौला →**फुरौली**... ।

८. नामधातु

८.१ व्युत्पन्न वा यौगिक धातुलाई नामधातु भनिन्छ । **धातुबाहेक अन्य शब्दमा सर्गको योग गर्दा जुन धातु व्युत्पन्न हुन्छ त्यो नामधातु हो** । यसको रचना **नाम, विशेषण** र **अव्ययबाट** गरिन्छ जस्तै—

नाम : राँक् →**राँकि**, डर् →**डराउ**, मुन्ट् →**मुन्टयाउ**...
विशेषण : होच् →**होचि**, मैल् →**मैलाउ**, चोख् →**चोख्याउ**...
अव्यय : बाहिर् →**बाहिरि**, भित्र् →**भित्र्याउ**, डिस्स् →**डिस्स्याउ**... ।

८.२ [–इ,–आउ] सर्गका योगबाट निर्मित नामधातु प्रायः **अकर्मक** र [–याउ] का योगबाट निर्मित चाहिं **सकर्मक** हुन्छन् । [इ →इइ, आउ → आइ] द्वारा अकर्मकलाई **भाववाच्य** र [याउ →याइ] द्वारा सकर्मकलाई **कर्मवाच्य** तुल्याइन्छ, जस्तै —

	अकर्मक ↓	भाववाच्य ↓	सकर्मक ↓	कर्मवाच्य ↓
नाम	धुल् →धुलि	धुलिइ	धुल्याउ	धुल्याइ
	डर् →डराउ	डराइ	×	×
विशेषण	तेर्स् →तेर्सि	तेर्सिइ	तेर्स्याउ	तेर्स्याइ
अव्यय	भित्र् →भित्रि	भित्रिइ	भित्र्याउ	भित्र्याइ

८.३ नामधातुको छोटो सूची तल दिइएको छ–

सर्ग	वर्गबाट	प्रातिपदिक →नामधातु
१. इ	क. नाम ख. विशेषण ग. अव्यय	क. टिम्मुर् →**टिम्मुरि**, बतास् →**बतासि**, राँक् →**राँकि**, माट् →**माटि**, ढाँच् → **ढाँचि**, लोभ् →**लोभि**, दाउर् →**दाउरि**, विदेस् →**विदेसि**...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. तेर्स् →**तेर्सि**, सोझ् →**सोझि**, ठाड् →**ठाडि**,
छोट् →**छोटि**, चिप्ल् →**चिप्लि**, बाउँठ् →
बाउँठि, एकोहोर् →**एकोहोरि**, नेप्ट् →
नेप्टि...

ग. बाहिर् →**बाहिरि**, भित्र् →**भित्रि**, छिमेक् →
छिमेकि...

२. **आउ**	क. नाम ख. विशेषण ग. अव्यय	क. काम् →**कमाउ**, मोल् →**मोलाउ**, हल्क् → **हल्काउ**, घिन् →**घिनाउ**, रोग् →**रोगाउ**, भोक् → **भोकाउ**, रस् →**रसाउ**, लाज् →**लजाउ**, गउँत् →**गौंताउ** ... ख. मोट् →**मोटाउ**, दुब्ल् →**दुब्लाउ**, लाम्च् →**लम्चाउ**, मैल् →**मैलाउ**, जर्कट् →**जर्कटाउ**, छुस्क् →**छुस्काउ**, चेप्र् →**चेप्राउ** ... ग. भित्र् →**भित्राउ** ...
३. **याउ**	क. नाम ख. विशेषण ग. अव्यय	क. इच्छ् →**इच्छ्याउ**, इख् →**इख्याउ**, गोबर् →**गोब्र्याउ**, धोक्र् →**धोक्र्याउ**, पोक् →**पोक्याउ**, डन्ठ् →**डन्ठ्याउ**, मुन्ट् →**मुन्ट्याउ**, लात् →**लत्याउ**, माट् →**मट्ट्याउ**, हात् →**हत्याउ**, थैल् →**थैल्याउ**, गुजुल्ट् →**गुजुल्ट्याउ**, घुर्क् →**घुर्क्याउ**, मात् →**मत्याउ**, खोट् → **खोट्ट्याउ**... ख. लठ्ठ् →**लट्ठ्याउ**, चोख् →**चोख्याउ**, डल्ल् →**डल्ल्याउ**, साँच् →**सच्च्याउ**, सोझ् →**सोझ्याउ**, सम्म् →**सम्म्याउ**, अमिल् →**अमिल्याउ**, धमिल् →**धमिल्याउ**, चिप्ल् → **चिप्ल्याउ**, गहिर् →**गहिऱ्याउ**, होच् →**होच्याउ**, चेप्ट् → **चेप्ट्याउ** ... ग. भित्र् →**भित्र्याउ**, डिस्स् →**डिस्स्याउ** ...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९. सर्ग-वैपरीत्य र द्वितीय व्युत्पन्न शब्द

९.१ **यहाँ सर्ग-वैपरीत्यको** तात्पर्य **यस्ता सर्गहरूको समूह हो जसका प्रत्येक सर्गको अर्थ चाहिं** समान तर लिङ्ग भने विपरीत हुन्छ । लिङ्ग-वैपरीत्य भएका यस्ता सर्गहरूबाट नेपालीमा **पुरुषवाचक** र **स्त्रीवाचक** शब्दको व्युत्पादन गरिन्छ । उदाहरणका निम्ति सर्ग [-ए] र सर्ग [-**इनी**] को अर्थ समान छ, तर एउटाले पुरुषवाचक र अर्काले स्त्रीवाचक शब्दको रचना गर्छ, जस्तै–

भोट् → { पु → **ए** → भोटे ...
स्त्री → **इनी** → भोटिनी ... }

९.२ नेपालीमा केही पुरुषवाचक सर्गका एकभन्दा बढी स्त्रीवाचक सर्ग देखा पर्छन् । वैपरीत्य भएका सर्ग र तिनबाट व्युत्पन्न शब्दको केही बान्की तल दिइएको छ ।

सर्ग पु ←→	**सर्ग स्त्री**	**प्राति → पु → स्त्री**
१. अ ←→	क. इनी/एनी	क. मित् → मित → मितिनी/मितेनी,
	ख. नी	भुत् → भुत → भुतिनी/भुतेनी,
	ग. आ	खस् → खस → खसिनी/खसेनी,
		ख. मालिक् → मालिक → मालिक्नी,
		सरदार् → सरदार → सरदार्नी,
		पण्डित् → पण्डित → पण्डित्नी,
		चोर् → चोर → चोर्नी ...
		ग. शिष्य् → शिष्य → शिष्या,
		छात्र् → छात्र → छात्रा
		सदस्य् → सदस्य → सदस्या,
		प्रिय् → प्रिय → प्रिया,
		अध्यक्ष् → अध्यक्ष → अध्यक्षा,
		वृद्ध् → वृद्ध → वृद्धा,
		प्रौढ् → प्रौढ → प्रौढा ...
२. अक ←→	इका	लेख् → लेखक → लेखिका,
		सेव् → सेवक → सेविका,
		दर्श् → दर्शक → दर्शिका ...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. आ ← →	क. इनी/एनी	क. छिप् →छिपा →छिपिनी/छिपेनी,
	ख. ई	डिट्ठ् →डिट्ठा →डिट्ठिनी/डिट्ठेनी,
	ग. नी	हुद्द् →हुद्दा →हुद्दिनी/हुद्देनी,
		पुर्विय् →पुर्विया →पुर्विनी/पुर्वेनी
		ख. काक् →काका →काकी,
		भान्ज् →भान्जा →भान्जी,
		परेव् →परेवा →परेवी,
		सुग् →सुगा →सुगी,
		भँगेर् →भँगेरा →भँगेरी
		ग. सापकोट् →सापकोटा →सापकोट्नी,
		ढुङ्गान् →ढुङ्गाना →ढुङ्गान्नी ...।
४. ई ← →	इनी	योग् →योगी →योगिनी,
		जैस् →जैसी →जैसिनी,
		सिपाह् → सिपाही →सिपाहिनी,
		काज् →काजी →कजिनी,
		काम् →कामी →कमिनी ...।
५. ऊ← →	उनी	साह् →साहू →साहुनी,
		ज्याप् →ज्यापू ←ज्यापुनी ...।
६. ए ← →	इनी/एनी	भँडार् →भँडारे →भँडारिनी,/भँडारेनी,
		भोट् →भोटे→ भोटिनी/भोटेनी,
		दाउर् →दाउरे →दाउरिनी/दाउरेनी,
		माहुत् →माहुते →माहुतिनी/माहुतेनी
		काँठ् →काँठे ←कँठिनी/कँठेनी ...।
७. ओ ← →	ई	छोर् →छोरो→ छोरी,
		केट् →केटो → केटी,
		भेड् →भेडो →भेडी ...।

वैपरीत्य भएका उपर्युक्त सात सर्ग-समूहद्वारा प्रायः नेपालीमा लिङ्ग-परिवर्तन गरिन्छ र पुरुषवाचक एवं स्त्रीवाचक शब्दको निर्माण गरिन्छ ।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आठ

□

संस्कृत तद्धित र तद्धितान्त

१. तद्धित सर्ग

१.१ प्रातिपदिकमा जोडिने जति जम्मै परसर्गहरूलाई संस्कृतमा **तद्धित सर्ग** भनिन्छ। संस्कृतमा तद्धितको ज्यादै ठुलो सर्ग-समूह छ। मोटामोटी भन्ने हो भने धातुमा गाँसिनेवाहेक जम्मै जसो संस्कृत सर्गहरू तद्धित फाँटमा पनि पर्छन्। संस्कृतका मुख्य-मुख्य तद्धित सर्गहरूको सूची यस प्रकार छ–

	अञ्,	**अण्,**	**असुन्,**	**अस्ताति**
आलच्,	**आलुच्,**	**इञ्,**	**इतच्,**	**इमनिच्**
इलच्,	**इष्ठन्,**	**इस्,**	**ईकक्,**	**ईयसुन्**
ईरच्,	**उरच्,**	**उलच्,**	**ऊङ,**	**ऋ**
एद्यसुच्,	**क,**	**क्स्न,**	**खञ्,**	**ङीप्**
चणम्,	**छ,**	**ञ,**	**ञ्य,**	**ट्युल्**
ठक्,	**ठञ्,**	**ठन्,**	**डतमच्,**	**इतर्**
ढक्,	**ण्य,**	**तरप्,**	**तमप्,**	**तसिल**
त्यक्,	**त्यप्,**	**त्रल्,**	**थाल्,**	**दघ्नच्**
फक्,	**फञ्,**	**म,**	**मतुप्,**	**मयट्**
मात्रच्,	**य,**	**यञ्,**	**र,**	**लच्**
वतुप्,	**वलच्,**	**विन्,**	**ष्कन्,**	**ष्यञ्**
सन्,	**ह...।**			

तद्धित र तद्धितान्त शब्द संस्कृत व्याकरणमा अत्यन्त प्रचलित भएकाले यहाँ तिनका सट्टा **प्रातिसर्ग** र **द्वितीय व्युत्पन्न शब्द**को प्रयोग गरिएको छैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.२ अर्थ (वाचक)का आधारमा तद्धित सर्गहरूलाई निम्न वर्गहरूमा बाँडिन्छ–

क. कर्तृवाचक — शिक्षा + अक → शिक्षक
ख. भाववाचक — लघु + ता → लघुता
ग. गुणवाचक — गुरु + इष्ठ → गरिष्ठ
घ. अपत्यवाचक — दिती + य → दैत्य
ङ. ऊनवाचक — बाल + क → बालक
च. सम्बन्धवाचक — शिव + अ → शैव
छ. रीतिवाचक — क्रम + शः → क्रमशः
ज. कालवाचक — सर्व + दा → सर्वदा
झ. स्थानवाचक — अन्य + त्र → अन्यत्र
ञ. अनिश्चयवाचक — यत् + वत् → यावत्
ट. समूहवाचक — जन + ता → जनता
ठ. प्रकारवाचक — बहु + धा → बहुधा
ड. तुल्यतावाचक — मातृ + वत् → मातृवत्
ढ. विकारवाचक — काष्ठ + मय → काष्ठमय
ण. त्यो जान्ने — तर्क + इक → तार्किक ।

२. तद्धितान्त शब्द

२.१ तद्धित सर्ग जोडिएर बनेका शब्दलाई तद्धितान्त भनिन्छ । संस्कृत तद्धितान्त शब्द **नाम, सर्वनाम, विशेषण र अव्यय** हुन्छन् ।

२.२ नेपाली शब्द-ढुकुटी संस्कृत तद्धितान्त शब्दद्वारा लदाबद छ। संस्कृत नेपालीका निमित्त प्रमुख स्रोत-भाषा भएकाले त्यसबाट नेपालीमा तद्धितान्त शब्दको ठुलो छाल आउनु आसर्जेलाग्दो कुरो होइन । नेपालीमा संस्कृत शब्द (कृदन्त वा तद्धितान्त)को मान **पाहुना शब्द** (आगन्तुक शब्द) भित्र परे तापनि उपर्युक्त कारणबाट यसलाई **तत्सम** भन्ने विशेष नाउँ दिइएको पाइन्छ । संस्कृत तद्धितान्त शब्दले नेपाली भाषा-भँडारलाई निकै पुट्ट, पुक्क र पुष्ट पारेका छन् ।

२.३ कृदन्त कैं तद्धितान्त शब्दको व्युत्पादनमा पनि निम्नलिखित विशिष्ट प्रक्रियाहरू घटित हुन्छन्–

क. **वृद्धि** : अ → आ, ओ → औ, ए → ऐ। [**दशरथ**] मा [**-इञ्**] सर्ग जोड्दा [***दशरथि**]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्युत्पन्न हुन्छ । वृद्धि गरेर आदि स्वर द्+अ (द)को द्+आ (दा) पारिन्छ र {दाशरथि} शब्द बन्छ ।

ख. **लोप** : स्वर/व्यञ्जन → ○/ ।[**गङ्गा–**] मा [**-ढक्**] सर्ग लाउँदा [**गङ्गा+एय**] हुन्छ । शब्दान्तको स्वर लोप (आ → ○) गरी [**गङ्गा → गङग्**] पारिन्छ र वृद्धि गरेर {**गाङगेय**} शब्द बनाइन्छ ।

ग. **आगम** : ○ → स्वर / व्यञ्जन । [**मनु-**]मा [**-यत्**] सर्ग जोड्दा [***मनुय**] बन्छ, तर शब्द र सर्गका माझमा आगम (○ →षुक्) गरेर {**मनुष्य**} शब्द बनाइन्छ।

घ. **आदेश** : घ... →इय... । [**राष्ट्र-**]मा [**–घ**] सर्ग जोड्दा [**राष्ट्र+ घ**] हुन्छ । [-घ]का ठाउँमा [**-इय**] आदेश गरेर {**राष्ट्रिय**} शब्द बनाइन्छ ।

ङ. **विकल्प** : .../...। [**तपस्-**]मा [**-विन्**] सर्ग जोडेर {**तपस्वी**} शब्द बनाइन्छ, तर [**माया-**]मा विकल्पले [**-विन्**] हुन्छ । यसले गर्दा {**मायावी/मायावान्**} दुई शब्द बन्छन् ।

च. **निपातन** : बेनियम । [**इदम्-**]मा [**-दानीम्**] गाँस जोड्दा {**इदानीम्**} शब्द बन्छ, तर निपातन गरेर {**अधुना**} शब्द पनि बनाइन्छ ।

छ. **अपवाद** : नियम वैपरीत्य । [**-मतुप्**] सर्ग लाउँदा [**-मान्**] (जस्तै–**श्रीमान्**) र [**-वतुप्**] गाँस लाउँदा [**-वान्**] (जस्तै–**धनवान्**) हुन्छ । [**लक्ष्मी-**]मा [**-मतुप्**] सर्ग लाउँदा {***लक्ष्मीमान्**} नभएर अपवादले {**लक्ष्मीवान्**} हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. तद्धित र तद्धितान्त

३.१ संस्कृतका सबै तद्धित सर्गद्वारा व्युत्पन्न शब्द नेपालीमा ग्रहण गरिएका छैनन् । नेपालीमा प्रचलित केही तद्धितान्त शब्द र तिनको रचना गर्ने तद्धित सर्गको बान्की तल प्रस्तुत गरिएको छ ।

सर्ग	वाचक (अर्थ)	प्रतिपदिक → व्युत्पन्न शब्द
१. अण् [–अ]	क. अपत्य ख. भाव ग. सम्बन्ध	क. मनु → **मानव**, दनु → **दानव**, मधु → **माधब** वसुदेव → **वासुदेव**, कुरु → **कौरव**, पुत्र → **पौत्र** रघु → **राघव**, यदु → **यादव**, रक्षस् → **राक्षस** उरस् ← **औरस**, पृथा → **पार्थ** ... । ख. गुरु → **गौरव**, लघु → **लाघव**, मुनि → **मौन** लोह → **लौह**, शिशु → **शैशव**, यून → **यौवन** कुशल → **कौशल** .. । ग. पृथिवी → **पार्थिव**, निशा → **नैश**, शिव → **शैव** शक्ति → **शाक्त**, विष्णु → **वैष्णव** ... ।
२. आलुच् [–आलु]	गुण	दया → **दयालु**, कृपा → **कृपालु**, श्रद्धा → **श्रद्धालु** निद्रा → **निद्रालु**, तन्द्रा → **तन्द्रालु** ... ।
३. ठक् [–इक]	क. गुण ख. सम्बन्ध ग. त्यो जान्ने	क. धर्म → **धार्मिक**, अस्ति → **आस्तिक**, नास्ती → **नास्तिक**, नौ → **नाविक**, वर्ष → **वार्षिक**, मास → **मासिक** दिन → **दैनिक**, योग → **यौगिक**, नीति → **नैतिक** तत्काल → **तात्कालिक**, समय → **सामयिक** ... । ख. समाज → **सामाजिक**, मनस् → **मानसिक**, लोक → **लौकिक**, शरीर → **शारीरिक**, इतिहास → **ऐतिहासिक**, पुराण → **पौराणिक**, क्षण → **क्षणिक**, कल्पना → **काल्पनिक** ... । ग. अलङ्कार → **आलङ्कारिक**, तर्क → **तार्किक**, वेद → **वैदिक**, न्याय → **नैयायिक** .. ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. इतच् [-इत]	गुण	क्रोध → **क्रोधित**, पीडा → **पीडित**, पण्डा → **पण्डित**, फल → **फलित**, कुसुम → **कुसुमित**, पुष्प → **पुष्पित**, चिन्त् → **चिन्तित**, दुःख → **दुःखित**, हर्ष → **हर्षित**, आनन्द → **आनन्दित**, पूजा → **पूजित** ... ।
५. डिमच् [-इम]	गुण	अग्र → **अग्रिम**, अन्त → **अन्तिम**, पश्च → **पश्चिम** ... ।
६. इमनिच् [इमा]	गुण	गुरु → **गरिमा**, नील → **नीलिमा**, महत् → **महिमा**, रक्त → **रक्तिमा**, अणु → **अणिमा**, अरुण → **अरुणिमा**, लघु → **लघिमा** ... ।
७. घ [-इय]	गुण	राष्ट्र → **राष्ट्रिय**, क्षत्र → **क्षत्रिय**, यज्ञ → **यज्ञिय** ... ।
८. इलच् [-इल]	गुण	फेन → **फेनिल**, पङ्क → **पङ्किल**, जटा → **जटिल**, तुन्द → **तुन्दिल** ... ।]
९. इष्ठन् [-इष्ठ]	गुण	वृद्ध → **ज्येष्ठ**, बलवत् → **बलिष्ठ**, अल्प → **कनिष्ठ**, गुरु → **गरिष्ठ**, श्रेयस् → **श्रेष्ठ**, पापिन् → **पापिष्ठ** ... ।
१०. इनी [-ई]	कर्तृ	दुःख → **दुःखी**, सुख → **सुखी**, धन → **धनी**, ज्ञान → **ज्ञानी**, बल → **बली**, हल → **हली**, योग → **योगी**, शास्त्र → **शास्त्री**, पक्ष → **पक्षी**, क्रोध → **क्रोधी**, दान → **दानी** ... ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११. खञ् [–ईन]	गुण	कुल → **कुलीन**, ग्राम → **ग्रामीण**, नव → **नवीन** प्राच् → **प्राचीन** ... ।
१२. छ [–ईय]	सम्बन्ध	भवत् → **भवदीय**, स्वर्ग → **स्वर्गीय**, नरक → **नारकीय**, पर → **परकीय**, नारद → **नारदीय**, राजन् → **राजकीय**, क्षेत्र → **क्षेत्रीय**, पर्वत → **पर्वतीय**, आत्मा → **आत्मीय** ... ।
१३. ढक् [–एय]	क. अपत्य ख. सम्बन्ध	क. गङ्गा → **गाङ्गेय**, कुन्ति → **कौन्तेय**, अञ्जना → **आञ्जनेय**, विनता → **वैनतेय** ... । ख. पुरुष → **पौरषेय** ... ।
१४. ष्कन् [–क]	क. ऊन ख. समूह ग. कर्तृ	क. पुत्र → **पुत्रक**, बाल → **बालक**, नौ → **नौका** ... । ख. पञ्च → **पञ्चक**, सप्त → **सप्तक**, दश → **दशक** अष्ट → **अष्टक** ... । ग. पथिन् → **पथिक** ... ।
१५. चित् [–चित्]	अनिश्चय	कदा → **कदाचित्** ... ।
१६. ट्युल् [–तन]	काल, सम्बन्ध	पुरा → **पुरातन**, अधुना → **अधुनातन**, अद्य → **अद्यतन**, नव → **नूतन**, चिर → **चिरन्तन** ... ।
१७. तमप् [–तम]	तुलना	श्रेष्ठ → **श्रेष्ठतम**, प्रिय → **प्रियतम**, उत् → **उत्तम**, लघु → **लघुतम**, पटु → **पटुतम**, अति → **अतितम** ... ।
१८. तरप्	तुलना	श्रेष्ठ → **श्रेष्ठतर**, प्रिय → **प्रियतर**,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[–तर]		उत् → **उत्तर** लघु → **लघुतर**, पटु → **पटुतर**, अति → **अतितर** ...।
१९. तसिल् [–तः]	रीति	एतस्मात् → **अतः**, मूल → **मूलतः**, अंश → **अंशतः** प्रथम → **प्रथमतः** ...।
२०. त्रल् [–त्र]	स्थान	परस्मिन् → **परत्र**, अन्यस्मिन् → **अन्यत्र**, सर्वस्मिन् → **सर्वत्र**, यस्मिन् → **यत्र**, एकस्मिन् → **एकत्र** ...।
२१. तल्/त्व [–ता/-त्व]	क. भाव ख. समूह	क. मित्र → **मित्रत्व/मित्रता**, गुरु → **गुरुत्व/गुरुता** लघु → **लघुत्व / लघुता**, प्रभु → **प्रभुत्व/प्रभुता** पशु → **पशुत्व/पशुता**, मूर्ख → **मूर्खत्व / मूर्खता** नवीन → **नवीनता**, मधुर → **मधुरता**, सम → **समता**, आवश्यक → **आवश्यकता**, विशेष → **विशेषता**, सती → **सतीत्व**, राज → **राजत्व**, पुरुष → **पुरुषत्व** ...। ख. जन → **जनता**, बन्धु → **बन्धुत्व/बन्धुता** ...।
२२. थाल् [–था]	रीति	यद् → **यथा**, तद् → **तथा**, सर्व → **सर्वथा** अन्य → **अन्यथा** ...।
२३. दा [–दा]	काल	एक → **एकदा**, यद् → **यदा**, सर्व → **सर्वदा** ...।
२४. धा [–धा]	प्रकार	अनेक → **अनेकधा**, द्वि → **द्विधा**, शत → **शतधा** सहस्र → **सहस्रधा** ...।
२५. म [–म]	गुण	मध्य → **मध्यम**, आदि → **आदिम**, द्रु → **द्रुम** अधस् → **अधम** ...।
२६. मयट्	विकार,	स्वर्ण → **स्वर्णमय**, जल → **जलमय**,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	[–मय]	व्याप्ति	वाग्मि →**वाङ्मय,** अन्न →**अन्नमय,** काष्ठ →**काष्ठमय,** मृत्तिका →**मृण्मय,** हिरण्य→ **हिरण्यमय,** रौप्य →**रौप्यमय**...।
२७.	मतुप् [–मान्]	गुण	श्री → **श्रीमान्,** मति→ **मतिमान्,** लक्ष्मी →**लक्ष्मीवान्,** धी →**धीमान्,** आयुष्य →**आयुष्मान्**...।
२८.	यञ् [–य]	क. भाव ख. अपत्य	क. सुन्दर →**सौन्दर्य,** निपुण →**नैपुण्य,** शूर →**शौर्य** लवण →**लावण्य**...। ख. गर्ग →**गार्ग्य,** चणक →**चाणक्य**...।
२९.	ण्य [–य]	अपत्य	दिति →**दैत्य**...।
३०.	यत् [–य]	अपत्य, विकार	मनु →**मनुष्य,** देश →**देश्य,** स्वर्ग →**स्वर्ग्य** स्वस्थ →**स्वास्थ्य,** वणिज् → **वाणिज्य,** धीर→ **धैर्य,** गो → **गव्य,** प्राच् → **प्राच्य**...।
३१.	र [–र]	गुण	मधु →**मधुर,** नग →**नगर,** मुख→ **मुखर** कुञ्ज →**कुञ्जर**...।
३२.	लच् [–ल]	गुण	मांस →**मांसल,** श्याम →**श्यामल,** शीत→ **शीतल,** वत्स→ **वत्सल,** मञ्जु →**मञ्जुल**...।
३३.	वति [–वत्]	तुल्य	पितृ →**पितृवत्,** मातृ →**मातृवत्,** पुत्र →**पुत्रवत्,** स्पर्श →**स्पर्शवत्,** शब्द→ **शब्दवत्**...।
३४.	वतुप्	गुण	बल→ **बलवान्,** गुण →**गुणवान्,**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[–वान्]		धन → **धनवान्**, माया → **मायावान्**, प्रतिभा → **प्रतिभावान्**, विद्या → **विद्यावान्**, चरित्र → **चरित्रवान्**, वल → **बलवान्** ... ।
३५. विन् [–वी]	गुण	माया → **मायावी**, मेधा → **मेधावी**, तपस् → **तपस्वी**, तेजस् → **तेजस्वी**, यशस् → **यशस्वी** ... ।
३६. शस् [–शः]	रीति	क्रम → **क्रमशः**, अक्षर → **अक्षरशः** बहु → **बहुशः** कोटि → **कोटिशः** ... ।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नौ

□

उपसर्ग र शब्द-रचना

१. अर्थ, स्वरूप र कार्य

१.१ उपसर्ग व्युत्पादक वर्गको **सर्ग/गाँस** हो । यसलाई भारोपेली भाषा-खलकको प्रमुख विशेषता मानिन्छ । यस शब्दको परम्परित व्युत्पत्ति यस प्रकार गरिन्छ–**उप+सृज्+घञ् →उपसर्ग** । यस शाब्दिक व्युत्पत्तिअनुसार उपसर्गको अर्थ आधार तत्त्वका नजिक आएर अर्थात् त्यसमा गाँसिएर सिर्जना अर्थात् व्युत्पादन गर्नु हो भन्ने देखिन्छ । माथिको व्युत्पत्तिमूलक अर्थले उपसर्गको सामान्य चिनारी मात्र गराउने हुँदा तल यसको पुरा स्वरूप बुझाउने प्रयास गरिएको छ ।

सर्ग-पद्धतिमा **उपसर्ग भनेको आधार तत्त्वका अघिल्तिर गाँसिने त्यो व्युत्पादक सर्ग हो जसको योगबाट आधार तत्त्वको मूल अर्थ प्रभावित पनि हुन्छ ।**

यस भनौटले उपसर्गको वास्तविक स्वरूपलाई छर्लङ्ग्याउने निम्नलिखित मुख्य अभिलक्षणतर्फ टड्कारै औंल्याएको छ–

क. शब्दका रचना-तत्त्वमध्ये उपसर्ग **सर्ग** (हेर्नू : चार-५.१) कोटिको **रचना-तत्त्व** (हेर्नू : चार–१.१) हो । सर्ग कोटिको रचना-तत्त्व भएको हुँदा यसले शब्दको संरचनामा **आधेय तत्त्व** (हेर्नू : तीन–३.१) वा **परिधीय संरचना-तत्त्व** (हेर्नू : एक–२.४) को कार्य गर्छ, जस्तै–

आत	आध	व्युश
↓	↓	↓
पढ	अ–	अपढ
गुन	औ–	औगुन
काठ	कु–	कुकाठ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खनेर	नि–	निखनेर
वारिस	ला–	लावारिस
ख्यात	वि–	विख्यात
इन्सपेक्टर	सब–	सबइन्सपेक्टर...।

ख. सर्ग-पद्धतिमा उपसर्गको योग आधार तत्त्वमा हुन्छ । आधार तत्त्व भनेको **धातु** (हेर्नू : चार–३) र **प्रातिपदिक** (हेर्नू : चार–४) हो । प्रातिपदिकमा उपसर्गको योग नाम, विशेषण र क्रियाविशेषणमा मात्र हुन्छ, जस्तै–

अपढ →**पढ** (धातु)
औगुन →**गुन** (नाम)
विख्यात →**ख्यात** (विशेषण)
निखनेर →**खनेर** (क्रियाविशेषण) ।

ग. उपसर्गको योग आधार तत्त्वका अघिल्तिर हुन्छ, पछिल्तिर हुन्न । तसर्थ जुन र जस्तो स्थितिमा पनि आधार तत्त्वमा उपसर्गको योग निम्न विधिबाट मात्र हुन्छ–

विधि :	**उप**	+**आत**	→**व्युश**
	↓	↓	↓
परिणाम :	**प्र**	हार	प्रहार
	↓	↓	↓
	कु	साइत	कुसाइत
	↓	↓	↓
	नि	डर	निडर

घ. आधार तत्त्वमा उपसर्गको योग भएपछि यसले त्यसको मूल अर्थलाई विभिन्न किसिमबाट प्रभावित पार्छ, जस्तै–

आत	**मूल अर्थ**	**उप**	**व्युश**	**प्रभावित अर्थ**
↓	↓	↓	↓	↓
गुण	विशेषता	**अव**	अवगुण	दोष
अग्र	अघिल्लो	**सम्**	समग्र	जम्मै
एक	एउटा	**प्रति**	प्रत्येक	हरेक
उच्च	उँचो	**अति**	अत्युच्च	धेरै उँचो
आख्यान	कथा	**वि**	व्याख्यान	भाषण

उपसर्गले निम्नलिखित चार प्रकारबाट आधार तत्त्वको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूल अर्थलाई प्रभावित पारेको वा त्यसमा भिन्नता ल्याएको देखिन्छ–

अ. अर्थ बदलेर अथवा विपरीत पारेर, जस्तै
क्रेता (किन्ने) →**विक्रेता** (बेच्ने)
अङ्ग (अवयव) →**अपाङ्ग** (पङ्गु)
आदर (इज्जत) →**निरादर** (वेइज्जत)
कर्म (काम) →**दुष्कर्म** (नकाम) ।

आ. अर्थमा विशेषता ल्याएर, जस्तै–
चर (हिंड्ने) →**अनुचर** (पछि-पछि हिंड्ने चाकर)
लिपि (लेख्ने प्रणाली) →**प्रतिलिपि** (कुनै लेखोटको नक्कल)
शिक्षण (सिकाउने काम) →**प्रशिक्षण** (व्यावहारिक शिक्षा दिने काम)
कर्षक (तान्ने) →**आकर्षक** (आफूतिर तान्ने)।

इ. साबिक अर्थ कायम राखेर, जस्तै–
ज्ञाता (जान्ने) →**विज्ञाता** (राम्ररी जान्ने)
अर्पण (दिनु वा सुम्पिनु) →**समर्पण** (श्रद्धासाथ दिनु वा सुम्पिनु)
खर (उग्र, तिखो) → **प्रखर** (ज्यादै उग्र, ज्यादै तिखो)
उदय (उदाउने काम, उन्नति) → **अभ्युदय** (उदाउने काम, उन्नति) ।

ई. निरर्थक रूपमा प्रयुक्त भएर, जस्तै–
श्रम (मिहिनेत) →**परिश्रम** (मिहिनेत)
रोध (रोक्का) →**प्रतिरोध** (रोक्का)
क्षेप (फ्याँक्ने काम) →**प्रक्षेप** (फ्याँक्ने काम)
बुद्ध (जागा, ज्ञानी) →**प्रबुद्ध** (जागा, ज्ञानी)।

ङ. उपसर्ग व्युत्पादक सर्ग हो । व्युत्पादक सर्ग भएकाले यसको योगबाट प्रायः आधार तत्त्वको **वर्ग** (हेर्नू : एक–४) मा परिवर्तन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ, तर **कोटि** (हेर्नू : एक–५) मा भने परिवर्तन हुन्न। नेपालीमा उपसर्गद्वारा शब्द-रचनाका निम्न यौगिक विधान पाइन्छन् र प्रत्येकमा प्रायः वर्ग-परिवर्तनको उदाहरण स्पष्ट रूपमा देखन सकिन्छ–

अ. **उप** + **नाम** → **नाम**
↓ ↓ ↓
अ काज अकाज

आ. **उप** + **नाम** → **विशेषण**
↓ ↓ ↓
दु बलो दुब्लो

इ. **उप** + **नाम** → **क्रियाविशेषण**
↓ ↓ ↓
स परिवार सपरिवार

ई. **उप** + **विशेषण** → **विशेषण**
↓ ↓ ↓
कु ख्यात कुख्यात

उ. **उप** + **विशेषण** → **नाम**
↓ ↓ ↓
बद नामी बदनामी

ऊ. **उप** + **क्रियाविशेषण** → **क्रियाविशेषण**
↓ ↓ ↓
नि खनेर → निखनेर

ए. **उप** + **धातु** → **नाम**
↓ ↓ ↓
अन कनाइ अनकनाइ

ऐ. **उप** + **धातु** → **विशेषण**
↓ ↓ ↓
अ पढ्-अ अपढ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि (अ), (ई) र (ऊ) बाहेक सबैतिर वर्ग-परिवर्तन भएको छ ।

१.२ नेपालीमा उपसर्गको योग प्राय मूल शब्दमा गरिन्छ, जस्तै–

उप +	मूल शब्द →	व्युश
↓	↓	↓
औ	**जस**	औजस
उन्	**तीस**	उनन्तीस
अन	**रीत**	अनरीत
नि	**र्पास**	निर्पासि
भर	**दिन**	भरदिन
परि	**कार**	परिकार
अ	**छुत**	अछुत
कु	**ठाउँ**	कुठाउँ
बे	**इज्जत**	बेइज्जत
बै	**राग**	बैराग
ला	**जवाफ**	लाजबाफ
स	**जीव**	सजीव
सब	**रजिस्ट्रार**	सबरजिस्ट्रार
सु	**फल**	सुफल ...।

मूल शब्दबाहेक व्युत्पन्न शब्दको संरचनामा पनि उपसर्गको योग भएको पाइन्छ, जस्तै—

उप +	व्युत्पन्न शब्द →	व्युश
↓	↓	↓
बे	**इज्जत्-ई**	बेइज्जती
बे	**काम् (~ कम्म्)-आ**	बेकम्मा
अ	**पूत् (~ पुत्)-ओ**	अपुतो
अ	**बोल्-आ**	अबोला
ला	**परवाह्-ई**	लापरवाही ...।

व्युत्पन्न शब्दको संरचनामा उपसर्ग र आधार तत्त्व **निकटस्थ अवयव** हुन्छन् । यस्ता शब्दमा उपसर्गसंग परसर्गको सम्बन्ध आधार तत्त्वका माध्यमबाट मात्र हुन्छ, जस्तै —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi





उपसर्ग र परसर्गको सोझो सम्बन्ध नहुने हुँदा नै नेपालीमा अधिकांश उपसर्गयुक्त शब्दको प्रयोग उपसर्गरहित अवस्थामा पनि हुन्छ, जस्तै—

औजस → राम्रो काम गर्नेलाई कसैले **औजस** दिन्न ।
जस → राम्रो काम गर्नेलाई सबैले **जस** दिन्छन् ।

उनन्तीस → म यस पालि **उनन्तीस** वर्षको भएँ ।
तीस → म यस पालि **तीस** वर्षको भएँ ।

अन्य उदाहरण—अनरीत / **रीत**, निर्पसि / **पसि**,
दुर्दिन / **दिन**, अछुत / **छुत**,
कुठाउँ / **ठाउँ**, बेइज्जत / **इज्जत**,
वैराग / **राग**, लाजवाफ / **जबाफ**,
सजीव/**जीव**, सबरजिस्ट्रार/**रजिस्ट्रार**,
सुफल/**फल**... ।

यसका साथै नेपालीमा केही यस्ता शब्द पनि छन्, जसको प्रयोग उपसर्गरहित अवस्थामा हुन्न, जस्तै—

बेइज्जती → **इज्जती**
बेकम्मा → **कम्मा**
अपुतो → **पुतो**
अलग्ग → **लग्ग**
भरिभन्ड → **भन्ड**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिकार → **कार**
वेचैनी → **चैनी**...।

१.३ माथिका खोलुवाबाट उपसर्गका मुख्य-मुख्य अभिलक्षण र तिनबाट यसको स्वरूप स्पष्ट भएको छ। स्वरूप बुझेपछि उपसर्गका सम्बन्धमा के स्पष्टयाउनु आवश्यक छ भने यसलाई गाँसिन कुनै-न-कुनै आधार तत्त्व खाँचोपर्दो हुन्छ, तर यसको अर्थ उपसर्गको योग जुन पायो उही आधार तत्त्वमा हुन्छ भन्ने होइन। प्रत्येक उपसर्गको योग सीमित भएकाले कुनै पनि उपसर्ग केही निश्चित आधार तत्त्वमा मात्रै गाँसिन्छ। यसको तात्पर्य के हो भने यौगिक विधानमा निश्चित आधार तत्त्वसंग निश्चित उपसर्गको वितरण हुन्छ, जस्तै—

वितरणको स्थिति	वितरणका अभावको स्थिति
प्र + **कोष्ठ** → प्रकोष्ठ	**परा** + **कोष्ठ** → *पराकोष्ठ
परा + **काष्ठा** → पराकाष्ठा	**प्र** + **काष्ठा** → *प्रकाष्ठा
अभि + **प्राय** → अभिप्राय	**अव** + **प्राय** → *अवप्राय
अव + **काश** → अवकाश	**अभि** + **काश** → *अभिकाश

उपसर्गको निश्चित वितरण हुन्छ भन्ने तथ्य माथिको उदाहरणले छर्लङ्ग पारेको छ। निश्चित वितरण भएकाले कुनै पनि उपसर्ग निश्चित आधार तत्त्वमा मात्र गाँसिन्छ, सो बाहेक अन्यमा गाँसिन्न।[**प्र-**]को वितरण [**कोष्ठ**]संग भएकाले [**प्रकोष्ठ**] व्युत्पन्न हुन्छ, तर सोही [**प्र-**]को वितरण [**काष्ठा**]संग नभएकाले [***प्रकाष्ठा**]व्युत्पन्न गरिंदैन। यस तथ्यले के प्रमाणित गर्छ भने कुन उपसर्ग कुन-कुन आधार तत्त्वमा गाँस्ने भन्ने कुरो पूर्वनिश्चित हुन्छ। निश्चित वितरणभन्दा बाहेकका आधार तत्त्वमा उपसर्ग गाँस्दा व्युत्पन्न भएको शब्दलाई मान्न सकिन्न, किनभने [***प्रकाष्ठा, *पराकोष्ठ, *अभिकाश, *अवप्राय**...] रूपको नेपाली भाषामा कुनै अर्थ र प्रयोग हुन्न। यहाँनेर के स्पष्टयाउन आवश्यक छ भने उपर्युक्त भनाइको आशय कुनै शब्दमा एउटा उपसर्ग गाँसिन्छ भने त्यसलाई झिकेर सो ठाउँमा अर्को उपसर्ग गाँस्न सकिन्न भन्ने होइन। कुनै शब्दमा गाँसिएको एउटा उपसर्गलाई झिकेर त्यसका ठाउँमा अरू-अरू उपसर्ग पनि राख्न सकिन्छ, जस्तै [**आ**+**हार**, **वि**+**हार**, **सम्**+**हार**, **प्र**+**हार**, **परि**+**हार**...], तर प्रत्येक उपसर्ग निश्चित शब्दभन्दा बढीमा गाँसिन्न, जस्तै–[**हार**] मै [**अभि**, **परा**, **दुस्**, **निर्**...]को योग हुँदैन।

१.४ सामान्य रूपमा एउटा आधार तत्त्वमा एउटा उपसर्गको योग

Jayatu Sanskritam, Kathmandu, Nepal

गरिन्छ तापनि एउटै आधार तत्त्वमा कति ओटासम्म उपसर्ग गाँसिन्छ भन्ने कुरो नियाल्दा संस्कृतमा चार ओटासम्म उपसर्गको योग भएको पाइन्छ, तर; नेपालीमा भने एकभन्दा बढी उपसर्ग गाँसिने प्रवृत्ति उस्तो देखिन्न। एकभन्दा बढी उपसर्ग गाँसिदा निम्न निश्चित विधिबाट योग हुन्छ—

विधि : **आत** → **उप²** + **उप¹** + **आत** = **उप²उप¹आत**

↓ ↓ ↓ ↓ ↓

परिणाम : आय → निर् उप आय निरुपाय

एउटा शब्दमा एकभन्दा बढी उपसर्गको योग उपर्युक्त निश्चित क्रममा हुन्छ। कुनै उपसर्गले पनि अर्को उपसर्गको क्रम मिचेर गाँसिन पाउँदैन। कुनै पनि खास शब्दका सन्दर्भमा उपसर्गको क्रम-निर्धारण यस प्रकार गर्न सकिन्छ— **प्रथम क्रम**को उपसर्ग (**उप¹**), **द्वितीय क्रम**को उपसर्ग (**उप²**)...। एकभन्दा बढी उपसर्गको योग हुँदा सोझै आधार तत्त्वमा गाँसिने उपसर्ग प्रथम क्रमको हुन्छ र उपसर्गयुक्त प्रातिपदिकमा जोडिने उपसर्ग चाहिं दोस्रो क्रमको हुन्छ। यसै गरी तेस्रो (**उप ³**) र चौथो (**उप ⁴**) क्रमका उपसर्ग पनि हुन्छन्। उही उपसर्ग कुनै आधार तत्त्वमा गाँसिदा प्रथम क्रमको र अर्को आधार तत्त्वमा गाँसिदा द्वितीय क्रमको पनि हुन सक्छ। कुन उपसर्ग कहाँ कुन क्रमको हुने हो भन्ने कुरो प्रयोगको निरीक्षणबाट खुट्टिन्छ, जस्तै—



माथि [**आय**]मा [**निर्–**] र [**उप–**] दुई उपसर्गको योग गरिएको छ। [**आय**]का सन्दर्भमा [**उप-**]को क्रम **उप¹** र [**निर्-**]को क्रम **उप²** छ। यस क्रमलाई मिचेर **उप¹**+**उप²**+**आत** गर्न सकिन्न, किनभने त्यसो गर्दा व्युत्पन्न शब्द [***उपनिराय**]को नेपाली भाषामा प्रयोग हुन्न।

[**आय**]का सन्दर्भमा [**उप-**]को क्रम **उप¹** छ, तर [**-अक्ष**]का सन्दर्भमा त्यही [**उप-**]को क्रम **उप²** छ। यहाँ त्यसले क्रम मिचेर **उप¹** मा जाने हो भने [***अधिउपाक्ष**] शब्द व्युत्पन्न हुन्छ जो निरर्थक भाएकाले नेपालीमा

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रयुक्त हुने शब्द होइन । उपर्युक्त कारणबाट एकभन्दा बढी उपसर्गको योग गर्दा तिनको क्रम हेर्नु आवश्यक हुन्छ ।

१.५ उपसर्गको आफ्नो वा स्वतन्त्र अर्थ हुन्छ वा हुँदैन भन्ने कुरामा उहिल्यैदेखि ठुलो बाक्लाबाक्ल रहेको देखिन्छ । **गार्ग्य** र **यास्क** जस्ता संस्कृतका प्रकाण्ड वैयाकरणहरूले यसको आफ्नै पनि अर्थ हुन्छ भन्ने तोकुवा गरेका छन् भने **शाकटायन, भर्तृहरि, कैय्यट, नागेश** आदि धुरन्धर वैयाकरणहरूले चाहिं उपसर्गको स्वतन्त्र अर्थ हुन्न भन्ने ठोकुवा गरेका छन् । पाणिनीले यस विषयमा सोझै केही भनेका छैनन् । उनी कतै पक्षमा र कतै विपक्षमा भएजस्ता देखिन्छन् ।

अर्थका दृष्टिबाट नेपाली उपसर्गतर्फ हेर्दा परसर्गभन्दा यसमा अर्थको बढी स्पष्टता र प्रधानता देखिन्छ । नेपालीमा परसर्गको अर्थ आधार तत्त्वबाट निर्धारित हुन्छ, जस्तै **{गुठियार}** मा **[–इयार]** को अर्थ आधार तत्त्व **[गूठ् ~ गुठ्]** ले गर्दा **त्यससंग सम्बन्धित व्यक्ति** भएको छ भने **{हतियार}** मा यही **[–इयार]** को अर्थ आधार तत्त्व **[हात् ~ हत्]** ले गर्दा **साधनबोधक** भएको छ । यो प्रवृत्ति उपसर्गमा नपाइने हुँदा आधार तत्त्वबाट उपसर्गको अर्थ निर्धारित हुन्न, जस्तै **[अ–]** उपसर्ग जुनसुकै आधार तत्त्वमा गाँसिए पनि त्यसले **निषेध** वा **अभाव**कै अभिव्यक्ति गर्छ । यसै आधारमा माथि परसर्गभन्दा उपसर्गको अर्थ बढी स्पष्ट वा मुखर हुन्छ भनिएको हो ।

उपर्युक्त अभिलक्षणले गर्दा उपसर्गले समासको जस्तो प्रवृत्ति झल्काएको देखिन्छ । संस्कृतमा **प्रादि समास** भन्ने एउटा छुट्टै उपभेदको व्यवस्था भएबाट यस तथ्यको केही पुष्टि पनि हुन्छ । समासको अघिल्लो पद विशेषक भएझैं उपसर्गले पनि नेपालीमा विशेषक जस्तै काम गरेको देख्न सकिन्छ, उदाहरणका निमित्त **{कुठाउँ, बेकाम, अकाल, सुफल,...}** मा **[कु-,बे-,अ-,सु-...]** ले **[ठाउँ-, काम-, काल-, फल–...]** को गुणसूचक विशेषता जाहेर गरेका छन् । यस रूपमा उपसर्गले समासजस्तो प्रवृत्ति झल्काए पनि उपसर्गबाट समास नभएर व्युत्पादन नै हुन्छ । यस भनाइको आधार के हो भने समासमा स्वतन्त्र अर्थ भएका र एक्लै प्रयुक्त हुने मुक्त शब्दहरूमा योग हुन्छ र व्युत्पादनमा एक्लै प्रयुक्त नहुने बद्ध रूपिमहरूको योग हुन्छ । उपसर्ग एक्लै वा स्वतन्त्र रूपमा प्रयुक्त नहुने बद्ध रूपिम भएकाले नेपालीमा यसबाट समास नभएर व्युत्पादन हुन्छ ।

निचोर के भने उपसर्ग पनि परसर्ग झैं बद्ध रूपिम हो, तर यसमा अर्थको प्रधानता परसर्गभन्दा बढी हुन्छ । अर्थको अपेक्षाकृत प्रधानता भएको हुँदा नै परसर्गका दाँजामा उपसर्गले बढी स्पष्टता र मुखरताका साथ अर्थको द्योतन गर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.६ नेपालीमा दुई प्रकारका उपसर्ग देखा पर्छन्— एक, **नेपाली उपसर्ग** र दुई, **आगन्तुक उपसर्ग** । पहिलो वर्गभित्र मुख्यतः **तद्भव** र **देशजका** साथै नेपाली शब्द-रचनाका फाँटमा बढी स्वतन्त्रतापूर्वक प्रयुक्त हुने केही **तत्सम** र **विदेशी** उपसर्गहरू पनि पर्छन् । दोस्रो वर्गमा चाहिं जुनसुकै अन्य भाषाबाट नेपालीमा आएका उपसर्गहरू पर्छन् । नेपालीमा **आगन्तुक** वर्गका उपसर्गहरू खासमा **संस्कृत, अरबी फारसी** र **अङ्ग्रेजी** भाषाबाट आएका छन् ।

उपसर्गको योग गर्ने सामान्य नियम के हो भने जुन स्रोतको उपसर्ग हुन्छ त्यसै स्रोतको आधार तत्त्वमा गाँसिन्छ । उपसर्गको यौगिक विधान गर्दा नेपालीमा यसको पालन भएको देखिन्छ । यस नियमका विपरीत **मिश्रित योग**को उदाहरण चाहिं फाट्टफुट्ट मात्रै पाइन्छ, जस्तै—

कु (संस्कृत) + साइत (फारसी) → **कुसाइत**
बे (फारसी) + रस (संस्कृत) → **बेरस**
सर (फारसी) + पञ्च (संस्कृत) → **सरपञ्च**
बे (फारसी) + जोड (तद्भव) → **बेजोड**
कु (तत्सम) + काठ (तद्भव) → **कुकाठ**
क (तत्सम) + पूत (तद्भव) → **कपुत**
स (तत्सम) + पूत (तद्भव) → **सपुत**...।

२. नेपाली उपसर्ग

२.१ नेपाली उपसर्गको फाँटमा निकै व्यापकता देखिन्छ । संस्कृतमा उपसर्गहरू तोकिएका र निश्चित छन्, तर नेपालीमा यस प्रकारको कुनै बन्देज छैन । **तद्भव** र **देशज**बाहेक **तत्सम** र **विदेशी** उपसर्गहरूलाई पनि अँगल्नाले नेपाली उपसर्गको फाँट निकै फराकिलो भएको छ । प्रमुख नेपाली उपसर्ग र तिनका **योगबाट** निर्मित शब्दको सूची तल दिइएको छ—

उपसर्ग	**अर्थ**	**व्युत्पन्न शब्द**
अ	निषेध	अकाज, अकाल, अकुण्ठ, अगल्चो, अचुक अचेत, अछापे, अछुत, अजस, अजान अटल, अटेरी, अडिग, अनाडी, अनिदो अनिधो, अपढ, अपुग, अपुतो, अफाप अबाटो, अबुझ, अबेला, अबेहोर, अबोला अभच्छे, अमोल, अलग्ग, अलिनो, असन्तोकी...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन	निषेध, अभाव	अनगन्ती, अनजान, अनपढ, अनपत्यार, अनपराध, अनमेल, अनमोल, अनरित...
औ	हीनता, निषेध	औगुन, औजस, औडाहा, औतार, औसर...
उन्	एक कम	उन्नाइस, उनन्तीस, उनन्चालीस, उनन्चास, उनसठ्ठी, उनान्सत्तरी, उनासी, उनान्नब्बे, उनान्सय...
कु (∽ क कुइ)	खराप, हीन	कुकाठ, कुख्यात, कुघाती, कुचक्री, कुठाउँ, कुचाला, कुजात, कुढङ्गी, कुदिन, कुनामी, कुफल, कुबाटो, कुबानी, कुबेला, कुरङ्ग, कुरित, कुलत... कपुत... कुइगन्ध...
दु (∽ दुर्)	हीन, कठिन	दुच्छर, दुब्लो, दुसह... दुर्नाम, दुर्नामी, दुर्मुखा...
नि (∽ निर्, निस्)	अभाव	निकास, निकासा, निकोर्सि, निखन्नु, निखित्ते, निखुनी, निखुर, निछ्याम, निडर, निर्पासि, निमुखा, निसास, निरोगी... निर्घिनी, निर्छलो, निर्छली निर्व्याजी... निस्पट्ट, निस्फिक्री, निस्लोट...
पर (∽ परि)	प्र	परताप, परसाद... परिकार, परिपञ्च, परिबन्द...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बि	निषेध, अभाव	विकाम, बिकामी, बितल, बिथान्को, बिथिति, बिरक्त, बिरङ्ग, बिरूप, बिलिनो, बिसुर, बिस्याहार...
बे	बिना	बेगन्ती, बेछन्द, बेढङ्ग, बेढङ्गी, बेताल, बेनाम, बेनामी, बेरित, बेसाँध, बेकम्मा...
बैं	अभाव	बैंगुन, बैंगुनी, बैराग, बैरागी...
स	राम्रो, सहित	सगुन, सगोत्री, सगोल, सजिलो, सजग, सचल, सटीक, सधुवा, सपुत, सवेर, सरूप...
सु	श्रेष्ठ	सुकाल, सुघर, सुघरी, सुचाला, सुजन, सुडौल, सुदिन, सुनाम, सुपथ, सुफल, सुबान, सुबोल, सुश्री, सुहारी...।

३. संस्कृत उपसर्ग

३.१ संस्कृत व्याकरणमा उपसर्गलाई अव्ययको एउटा भेदका रूपमा हेरिएको छ । अव्ययको संज्ञा चाहिं निपात मानिएको छ । तसर्थ [प्र, परा...] क्रियामा जोडिएर प्रयोग हुँदा उपसर्ग, नत्र निपात भनिन्छन् । क्रियाविशेषक उपसर्गलाई संस्कृत व्याकरणमा यस्तो अव्यय मानिन्छ जो धातु वा धातुबाट बनेका नाम, विशेषण आदिका अगाडि जोडिन्छ । अचेल उपसर्गलाई यस्तो रूपिम ठानिन्छ जो क्रियामा मात्र होइन, सो बाहेक अन्य शब्द-वर्गमा पनि गाँसिन्छ ।

नेपालीमा प्रयुक्त संस्कृत उपसर्गहरू अन्य भाषाका भएकाले आगन्तुक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्गभित्र पर्छन् । संस्कृतबाट नफेरिई नेपालीमा आएका उपसर्गलाई **तत्सम** उपसर्ग भन्ने चलन पनि देखिन्छ। नेपालीमा संस्कृत उपसर्गयुक्त शब्दको प्रयोग प्रचुरताका साथ गरिन्छ ।

संस्कृत उपसर्गको संख्या निम्न **उन्नाइस** छ—

३.१.१ अति (धेरै, बढ्ता)

	क्रम →**अतिक्रम**	क्रमण →**अतिक्रमण**
चार →**अतिचार**	रञ्जन →**अतिरञ्जन**	रिक्त →**अतिरिक्त**
वादी →**अतिवादी**	वृष्टि →**अतिवृष्टि**	व्याप्ति →**अतिव्याप्ति**
शय →**अतिशय**	सार →**अतिसार**	इत →**अतीत**
इव →**अतीव**	अन्त →**अत्यन्त**	उक्ति →**अत्युक्ति**...।

३.१.२ अधि (माथि, धेरै, श्रेष्ठ)

	करण →**अधिकरण**	कार →**अधिकार**
कृत →**अधिकृत**	ग्रहण →**अधिग्रहण**	त्यका →**अधित्यका**
नायक →**अधिनायक**	नियम → **अधिनियम**	पति →**अधिपति**
पत्र →**अधिपत्र**	मास →**अधिमास**	मूल्य → **अधिमूल्य**
राज → **अधिराज**	राज्य →**अधिराज्य**	वेशन →**अधिवेशन**
स्थाता →**अधिष्ठाता**	स्थान →**अधिष्ठान**	अक्ष →**अध्यक्ष**
अयन →**अध्ययन**	आत्म →**अध्यात्म**	आपक → **अध्यापक**
आपन →**अध्यापन**	आय →**अध्याय**	ईक्षक →**अधीक्षक**...।

३.१.३ अनु (पछि, नजिक, क्रम)

	कम्पा → **अनुकम्पा**	करण →**अनुकरण**
कूल →**अनुकूल**	कृति →**अनुकृति**	क्रम →**अनुक्रम**
क्रमणिका → **अनुक्रमणिका**	ग्रह →**अनुग्रह**	चर →**अनुचर**
छेद →**अनुच्छेद**	ज →**अनुज**	ज्ञा →**अनुज्ञा**
ताप → **अनुताप**	दान →**अनुदान**	देश →**अनुदेश**
नय →**अनुनय**	नासिक →**अनुनासिक**	पात →**अनुपात**
बन्ध →**अनुबन्ध**	भव →**अनुभव**	भूति →**अनुभूति**
मति →**अनुमति**	मान →**अनुमान**	मोदन →**अनुमोदन**
यायी →**अनुयायी**	रक्त →**अनुरक्त**	रणन →**अनुरणन**
राग →**अनुराग**	रूप → **अनुरूप**	रोध →**अनुरोध**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाद →अनुवाद	शंसा→ अनुशंसा	शासन →अनुशासन
शीलन →अनुशीलन	स्थान →अनुष्ठान	सरण →अनुसरण
सार →अनुसार	सूची →अनुसूची	स्वार →अनुस्वार
अय →अन्वय	ईक्षक→ अन्वीक्षक	ईषण →अन्वेषण ...।

३.१.४ अप (तुच्छ, हीन, खराप, विरुद्ध, अभाव)

	कर्म → अपकर्म	कर्ष →अपकर्ष
कार →अपकार	कीर्ति →अपकीर्ति	गति →अपगति
घात →अपघात	भ्रंश →अपभ्रंश	मान →अपमान
मृत्यु →अपमृत्यु	यश →अपयश	राध→ अपराध
रूप →अपरूप	वाद →अपवाद	व्यय →अपव्यय
शकुन→ अपशकुन	शब्द →अपशब्द	हरण→ अपहरण
हृत →अपहृत	अङ्ग→ अपाङ्ग	ईक्षा →अपेक्षा
आन →अपान ...।		

३.१.५ अभि (तिर, नजीक, छेउमा, वढी)

	कथन→ अभिकथन	करण→ अभिकरण
चार→ अभिचार	जात →अभिजात	ज्ञ→ अभिज्ञ
ज्ञान →अभिज्ञान	धा →अभिधा	नन्दन →अभिनन्दन
नय →अभिनय	नव →अभिनव	नीत→ अभिनीत
नेता →अभिनेता	नेत्री→ अभिनेत्री	प्राय→ अभिप्राय
प्रेत→ अभिप्रेत	भावक →अभिभावक	भाषण→ अभिभाषण
भूत →अभिभूत	मान →अभिमान	मानी→ अभिमानी
मुख→ अभिमुख	यन्ता→ अभियन्ता	यान →अभियान
युक्त →अभियुक्त	योग→ अभियोग	रुचि →अभिरुचि
लाषा →अभिलाषा	लेख→ अभिलेख	वक्ता →अभिवक्ता
वादन →अभिवादन	वृद्धि →अभिवृद्धि	व्यक्ति →अभिव्यक्ति
व्यञ्जना→ अभिव्यञ्जना	शाप→ अभिशाप	षेक →अभिषेक
सिक्त →अभिषिक्त	सार →अभिसार	सारिका →अभिसारिका
अन्तर →अभ्यन्तर	अर्चना →अभ्यर्चना	अर्थना→ अभ्यर्थना
अर्थी →अभ्यर्थी	अस्त →अभ्यस्त	आस →अभ्यास
इष्ट →अभीष्ट	ईप्सा →अभीप्सा	ईप्सित →अभीप्सित
उदय →अभ्युदय ...।		

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.१.६ अव (खराप, हीन, तल, निश्चय)

	काश → अवकाश	गत → अवगत
गाहन → अवगाहन	गुण → अवगुण	गुण्ठित → अवगुण्ठित
चेतन → अवचेतन	छिन्न → अवच्छिन्न	छेद → अवच्छेद
ज्ञा → अवज्ञा	तरण → अवतरण	तरणिका → अवतरणिका
तार → अवतार	तीर्ण → अवतीर्ण	दान → अवदान
धारणा → अवधारणा	धि → अवधि	धूत → अवधूत
नत → अवनत	नति → अवनति	मूल्यन → अवमूल्यन
यव → अवयव	रोध → अवरोध	रोह → अवरोह
लम्ब → अवलम्ब	लेह → अवलेह	लोकन → अवलोकन
शेष → अवशेष	श्य → अवश्य	सन्न → अवसन्न
सर → अवसर	साद → अवसाद	सान → अवसान
स्था → अवस्था	स्थित → अवस्थित	हेलना → अवहेलना
आन्तर → अवान्तर...।		

३.१.७ आ (आफूतिर, सम्म, विपरीत)

	कण्ठ → आकण्ठ	कर → आकर
कर्षक → आकर्षक	कर्षण → आकर्षण	कलन → आकलन
काङ्क्षा → आकाङ्क्षा	कार → आकार	काश → आकाश
कुल → आकुल	कृति → आकृति	क्रमण → आक्रमण
क्रान्त → आक्रान्त	क्रोश → आक्रोश	क्षेप → आक्षेप
खेट → आखेट	ख्यात → आख्यात	ख्यान → आख्यान
गत → आगत	गन्तुक → आगन्तुक	गम → आगम
गमन → आगमन	गामी → आगामी	गार → आगार
ग्रह → आग्रह	घात → आघात	चमन → आचमन
चरण → आचरण	चार → आचार	चार्य → आचार्य
छाद → आच्छाद	जानु → आजानु	जीवन → आजीवन
जीविका → आजीविका	ज्ञप्ति → आज्ञप्ति	ज्ञा → आज्ञा
डम्बर → आडम्बर	तङ्क → आतङ्क	तप → आतप
तुर → आतुर	दर → आदर	दर्श → आदर्श
दान → आदान	दि → आदि	देश → आदेश
धार → आधार	धेय → आधेय	नत → आनत
अनन → आनन	नन्द → आनन्द	पत्ति → आपत्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पद् →आपद्	पात →आपात	बद्ध →आबद्ध
बाल →आबाल	भरण →आभरण	भा → आभा
भार →आभार	भूषण →आभूषण	भास →आभास
मन्त्रण →आमन्त्रण	मरण →आमरण	मुख →आमुख
मूल →आमूल	मोद →आमोद	य→ आय
यत →आयत	यात →आयात	याम →आयाम
यास →आयास	युक्त →आयुक्त	युध → आयुध
यु →आयु	योग→ आयोग	योजन →आयोजन
रक्षण →आरक्षण	रति →आरति	रम्भ →आरम्भ
राधना →आराधना	राम →आराम	रूढ →आरूढ
रोग्य →आरोग्य	रोप→ आरोप	रोपण →आरोपण
रोह →आरोह	रोहण →आरोहण	लम्ब →आलम्ब
लम्बन →आलम्बन	लय →आलय	लस्य →आलस्य
लाप →आलाप	लिङ्गन →आलिङ्गन	लेख →आलेख
लेप →आलेप	लोक →आलोक	लोकन →आलोकन
लोचक →आलोचक	लोचना →आलोचना	वरण →आवरण
वर्त →आवर्त	वास →आवास	वाहन →आवाहन
विष्ट →आविष्ट	वृत्ति →आवृत्ति	वेग →आवेग
वेदन →आवेदन	वेश →आवेश	शङ्का→ आशङ्का
शय →आशय	शिष् →आशिष्	श्वासन →आश्वासन
श्रम→ आश्रम	श्रय→ आश्रय	श्रित→ आश्रित
सक्त →आसक्त	सन्न →आसन्न	सव →आसव
स्था →आस्था	स्वाद →आस्वाद	हत →आहत
हार →आहार	हुति →आहुति	ह्लाद →आह्लाद
ह्वान →आह्वान...।		

३.१.८ उत्–उद् (माथि, उच्च, श्रेष्ठ)

	च →उच्च	चाटन→ उच्चाटन
चार →उच्चार	चारण →उच्चारण	शिष्ट→ उच्छिष्ट
श्रृङ्खल →उच्छृङ्खल	छेद→ उच्छेद	श्वास →उच्छ्वास
ज्वल→ उज्ज्वल	डयन →उड्डयन	कट →उत्कट
कण्ठा →उत्कण्ठा	कर्ष →उत्कर्ष	कीर्ण →उत्कीर्ण
कृष्ट →उत्कृष्ट	क्षिप्त →उत्क्षिप्त	तप्त →उत्तप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तम →उत्तम	तर →उत्तर	ताप →उत्ताप
ताल →उत्ताल	तुङ्ग →उत्तुङ्ग	तेजक →उत्तेजक
थान →उत्थान	पत्ति →उत्पत्ति	पन्न →उत्पन्न
पात →उत्पात	पादन → उत्पादन	फुल्ल →उत्फुल्ल
सर्ग →उत्सर्ग	सव →उत्सव	साह →उत्साह
सुक →उत्सुक	अय →उदय	अर →उदर
आत्त→ उदात्त	आन →उदान	आर→ उदार
आस →उदास	आसीन →उदासीन	गम →उद्गम
गार →उद्गार	घोष →उद्घोष	दण्ड →उद्दण्ड
दाम →उद्दाम	दिष्ट →उद्दिष्ट	दीपक →उद्दीपक
देश्य →उद्देश्य	हत →उद्धत	हरण →उद्धरण
हार →उद्धार	हृत →उद्धृत	बुद्ध→ उद्बुद्ध
बोधन→ उद्बोधन	भट →उद्भट	भव →उद्भव
भूत →उद्भूत	भ्रान्त →उद्भ्रान्त	यत →उद्यत
यम →उद्यम	यान →उद्यान	योग →उद्योग
रेक →उद्रेक	विग्न →उद्विग्न	वेग →उद्वेग
वेलित →उद्वेलित	नत →उन्नत	नति →उन्नति
मत्त →उन्मत्त	माद→ उन्माद	मीलन →उन्मीलन
मुक्त →उन्मुक्त	मुख →उन्मुख	मूलन →उन्मूलन
मेष →उन्मेष	लास →उल्लास	लेख →उल्लेख...।

३.१.९ **उप** (सहायक, नजिकको, तल्लो)

	कथा →उपकथा	करण →उपकरण
कार →उपकार	क्रम →उपक्रम	ग्रह →उपग्रह
चार →उपचार	जीव्य →उपजीव्य	त्यका →उपत्यका
दंश →उपदंश	देश →उपदेश	द्रव →उपद्रव
नयन →उपनयन	नाम →उपनाम	भोग →उपभोग
मा →उपमा	मान →उपमान	मिति →उपमिति
मेय →उपमेय	युक्त →उपयुक्त	योग →उपयोग
लक्षण →उपलक्षण	लब्ध →उपलब्ध	लब्धि →उपलब्धि
वन →उपवन	वास →उपवास	सर्ग →उपसर्ग
स्थिति →उपस्थिति	हार →उपहार	हास →उपहास
अङ्ग →उपाङ्ग	अन्त →उपान्त	आय→ उपाय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्जन →**उपार्जन**	आसक → **उपासक**	आसना →**उपासना**
ईक्षा → **उपेक्षा...।**		

३.१.१० **दुर–दुस्** (खराप, दुष्ट, हीन, कठिन)

	अन्त →**दुरन्त**	आत्मा →**दुरात्मा**
आशा →**दुराशा**	उक्ति →**दुरुक्ति**	ऊह →**दुरूह**
ग →**दुर्ग**	गति →**दुर्गति**	गम →**दुर्गम**
गुण →**दुर्गुण**	घटना →**दुर्घटना**	जन →**दुर्जन**
जय → **दुर्जय**	दमन →**दुर्दमन**	दान्त →**दुर्दान्त**
दशा →**दुर्दशा**	दिन →**दुर्दिन**	दैव →**दुर्दैव**
नाम →**दुर्नाम**	गन्ध →**दुर्गन्ध**	नीति →**दुर्नीति**
वल →**दुर्वल**	वुद्धि →**दुर्बुद्धि**	बोध →**दुर्बोध**
भाग्य →**दुर्भाग्य**	भाव →**दुर्भाव**	भिक्ष →**दुर्भिक्ष**
भेद्य →**दुर्भेद्य**	मति →**दुर्मति**	मुख →**दुर्मुख**
योग →**दुर्योग**	योधन → **दुर्योधन**	लङ्घ्य →**दुर्लङ्घ्य**
लभ →**दुर्लभ**	वचन →**दुर्वचन**	वाच्य →**दुर्वाच्य**
चरित्र →**दुश्चरित्र**	चेष्टा →**दुश्चेष्टा**	कर →**दुष्कर**
कर्म →**दुष्कर्म**	कीर्ति →**दुष्कीर्ति**	कृति →**दुष्कृति**
तर →**दुस्तर**	सह →**दुस्साहस**	साहस →**दुःसह, दुस्साहस**
स्वप्न →**दुःस्वप्न, दुस्वप्न...।**		

३.१.११ **निं** (भित्र, सहित, तल, बाहिर)

	कट →**निकट**	कष →**निकष**
कुञ्ज →**निकुञ्ज**	काय→ **निकाय**	कृष्ट →**निकृष्ट**
केतन→ **निकेतन**	क्षेप →**निक्षेप**	गम →**निगम**
गमन →**निगमन**	ग्रह →**निग्रह**	ज →**निज**
तान्त →**नितान्त**	त्य →**नित्य**	दान →**निदान**
धन →**निधन**	धि →**निधि**	पात →**निपात**
पुण →**निपुण**	बन्ध →**निबन्ध**	भृत →**निभृत**
मग्न →**निमग्न**	मन्त्रण →**निमन्त्रण**	मित्त →**निमित्त**
मेष →**निमेष**	म्न →**निम्न**	यत →**नियत**
यति →**नियति**	यन्त्रण →**नियन्त्रण**	यम →**नियम**
यमित →**नियमित**	योग →**नियोग**	योजन →**नियोजन**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुपण → निरूपण	रोध → निरोध	लय → निलय
वास → निवास	वृत्त → निवृत्त	वेदन → निवेदन
श्वास → निश्वास	सिद्ध → निषिद्ध	सेध → निषेध
स्थ → निष्ठ	स्था → निष्ठा	स्थुर → निष्ठुर
सर्ग → निसर्ग	हित → निहित	हार → नीहार
पथ्य → नेपथ्य	आय → न्याय	आस → न्यास
ऊन → न्यून ...।		

३.१.१२ निर्–निस् (रहित, बाहिर, टाढा, निषेध)

	अस्त → निरस्त	अस्त्र → निरस्त्र
अङ्कुश → निरङ्कुश	अन्तर → निरन्तर	अर्थक → निरर्थक
आशा → निराशा	ईक्षक → निरीक्षण	ईह → निरीह
उक्त → निरुक्त	गन्ध → निर्गन्ध	गमन → निर्गमन
गुण → निर्गुण	घात → निर्घात	जन → निर्जन
जल → निर्जल	जीव → निर्जीव	क्रूर → निर्क्रूर
नय → निर्णय	नायक → निर्णायक	दय → निर्दय
देश → निर्देश	देशक → निर्देशक	दोष → निर्दोष
द्वन्द्व → निर्द्वन्द्व	धन → निर्धन	धारण → निर्धारण
बल → निर्बल	बुद्धि → निर्बुद्धि	भय → निर्भय
भर → निर्भर	भीक → निर्भीक	मम → निर्मम
मल → निर्मल	माण → निर्माण	माता → निर्माता
मूल → निर्मूल	मोही → निर्मोही	यात → निर्यात
लज्ज → निर्लज्ज	लिप्त → निर्लिप्त	वचन → निर्वचन
वाचन → निर्वाचन	वाण → निर्वाण	वासित → निर्वासित
वाह → निर्वाह	चय → निश्चय	चल → निश्चल
चिन्त → निश्चिन्त	चेष्ट → निश्चेष्ट	छल → निश्छल
शस्त्र → निशशस्त्र	कण्टक → निष्कण्टक	कपट → निष्कपट
कर्म → निष्कर्म	कम्प → निष्कम्प	कर्ष → निष्कर्ष
काम → निष्काम	काशन → निष्काशन	
क्रिय → निष्क्रिय	पक्ष → निष्पक्ष	पत्ति → निष्पत्ति
पन्न → निष्पन्न	प्राण → निष्प्राण	फल → निष्फल
तत्त्व → निस्तत्त्व	तेज → निस्तेज	सार → निस्सार
सीम → निस्सीम	सृत → निस्सृत	स्वार्थ → निस्स्वार्थ ...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.१.१३ **परा** (पछि, उल्टो)

	क्रम →**पराक्रम**	ग →**पराग**
जय → **पराजय**	जित →**पराजित**	भव →**पराभव**
मर्श →**परामर्श**	वर्तन →**परावर्तन**	अस्त → **परास्त**
काष्ठा →**पराकाष्ठा**	भूत →**पराभूत**...।	

३.१.१४ **परि** (चारैतिर, छेउछाउ, पूर्ण, राम्रो)

	कल्पना →**परिकल्पना**	क्रमा →**परिक्रमा**
गणना →**परिगणना**	चय →**परिचय**	चर्या →**परिचर्या**
चालक →**परिचालक**	चित →**परिचित**	छेद →**परिच्छेद**
जन →**परिजन**	नत →**परिणत**	नति →**परिणति**
नय →**परिणय**	नाम →**परिणाम**	ताप →**परिताप**
त्याग →**परित्याग**	धान → **परिधान**	धि →**परिधि**
निष्ठित →**परिनिष्ठित**	पक्व →**परिपक्व**	पत्र →**परिपत्र**
पाटी →**परिपाटी**	पाठ →**परिपाठ**	पालन →**परिपालन**
पूर्ण → **परिपूर्ण**	भाषा →**परिभाषा**	भ्रमण →**परिभ्रमण**
मल →**परिमल**	मान →**परिमाण**	मार्जन →**परिमार्जन**
मित →**परिमित**	वर्तन →**परिवर्तन**	वर्धन →**परिवर्धन**
वहन →**परिवहन**	वार →**परिवार**	वेश →**परिवेश**
शिष्ट →**परिशिष्ट**	शीलन →**परिशीलन**	श्रम →**परिश्रम**
सद् →**परिषद्**	कार →**परिष्कार**	कृत →**परिष्कृत**
संख्या →**परिसंख्या**	सर →**परिसर**	स्थिति →**परिस्थिति**
हार →**परिहार**	हास →**परिहास**	ईक्षक →**परीक्षक**
ईक्षा →**परीक्षा**	अङ्क →**पर्यङ्क**	अटन →**पर्यटन**
अन्त →**पर्यन्त**	आप्त →**पर्याप्त**	आय →**पर्याय**...।

३.१.१५ **प्र** (धेरै, ज्यादै, अघि, माथि)

	कट →**प्रकट**	कम्प → **प्रकम्प**
करण →**प्रकरण**	काण्ड →**प्रकाण्ड**	कार → **प्रकार**
काश →**प्रकाश**	कृति → **प्रकृति**	कोप →**प्रकोप**
क्रिया →**प्रक्रिया**	क्षेप →**प्रक्षेप**	खर →**प्रखर**
गति →**प्रगति**	गाढ →**प्रगाढ**	चण्ड →**प्रचण्ड**
चलन →**प्रचलन**	चार → **प्रचार**	चुर →**प्रचुर**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जनन →प्रजनन	जा →प्रजा	ज्ञा →प्रज्ञा
ज्ञापन →प्रज्ञापन	ज्वल →प्रज्वल	नय् →प्रणय
नाम →प्रणाम	नाली →प्रणाली	नेता →प्रणेता
दर्शन →प्रदर्शन	देश →प्रदेश	बन्ध →प्रबन्ध
बल →प्रबल	बुद्ध →प्रबुद्ध	मान →प्रमाण
मोद →प्रमोद	यास → प्रयास	योग →प्रयोग
लय →प्रलय	लाप →प्रलाप	लेख → प्रलेख
लेप → प्रलेप	वचन →प्रवचन	वास → प्रवास
वाह →प्रवाह	विधि →प्रविधि	वृत्ति →प्रवृत्ति
वेश →प्रवेश	शंसा →प्रशंसा	शस्ति →प्रशस्ति
शान्त →प्रशान्त	शासन → प्रशासन	शिक्षण → प्रशिक्षण
सङ्ग →प्रसङ्ग	सन्न →प्रसन्न	साद →प्रसाद
सार →प्रसार	सिद्ध →प्रसिद्ध	स्ताव →प्रस्ताव
स्थान →प्रस्थान	हर →प्रहर	हसन →प्रहसन
हार →प्रहार	ह्लाद →प्रह्लाद	अर्थी →प्रार्थी
आप्त → प्राप्त	आप्ति → प्राप्ति	ईक्षक →प्रेक्षक
ईक्षा →प्रेक्षा	ईषण →प्रेषण ...।	

३.१.१६ प्रति (विरुद्ध, सामुन्ने, प्रत्येक)

	कार →प्रतिकार	कूल →प्रतिकूल
कृति →प्रतिकृति	क्रिया →प्रतिक्रिया	गामी →प्रतिगामी
घात →प्रतिघात	छवि →प्रतिच्छवि	च्छाया →प्रतिच्छाया
ज्ञा →प्रतिज्ञा	दान → प्रतिदान	द्वन्द्वी →प्रतिद्वन्द्वी
ध्वनि → प्रतिध्वनि	निधि →प्रतिनिधि	पक्ष →प्रतिपक्ष
पादन →प्रतिपादन	पालक →प्रतिपालक	फल →प्रतिफल
वद्ध →प्रतिबद्ध	वन्ध →प्रतिबन्ध	बिम्ब →प्रतिबिम्ब
भा →प्रतिभा	मा →प्रतिमा	मान →प्रतिमान
मूर्त्ति →प्रतिमूर्त्ति	योगी →प्रतियोगी	रूप →प्रतिरूप
रोध →प्रतिरोध	लिपि →प्रतिलिपि	वचन →प्रतिवचन
वाद →प्रतिवाद	शत →प्रतिशत	शोध →प्रतिशोध
सेध →प्रतिषेध	स्था →प्रतिष्ठा	स्थान →प्रतिष्ठान
स्पर्धा →प्रतिस्पर्धा	हिंसा →प्रतिहिंसा	ईक्षा →प्रतीक्षा
इत →प्रतीत	अक्ष →प्रत्यक्ष	अर्पण →प्रत्यर्पण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आशा →प्रत्याशा   उक्त→ प्रत्युक्त   एक →प्रत्येक   ...।

३.१.१७ वि (विशेष, ज्यादै, बढी, भिन्न, अभाव, प्रतिकूल)

	कट →विकट	कराल →विकराल
कल →विकल	कल्प →विकल्प	कसित → विकसित
कार→ विकार	कास →विकास	किरण →विकिरण
कृत →विकृत	क्रम →विक्रय	क्रय → विक्रम
क्रान्त →विक्रान्त	क्रेता →विक्रेता	क्षत →विक्षत
क्षिप्त →विक्षिप्त	क्षुब्ध → विक्षुब्ध	क्षेप →विक्षेप
क्षोभ →विक्षोभ	खण्डित →विखण्डित	गत →विगत
ग्रह →विग्रह	घटन →विघटन	घ्न →विघ्न
चक्षण →विचक्षण	चरण →विचरण	चलन →विचलन
चलित→ विचलित	चार→ विचार	चित्र →विचित्र
छेद→ विच्छेद	जय →विजय	जाति →विजाति
ज्ञ →विज्ञ	ज्ञप्ति→ विज्ञप्ति	ज्ञान →विज्ञान
ज्ञापन →विज्ञापन	तरण→ वितरण	तर्क →वितर्क
तल →वितल	तान →वितान	दग्ध →विदग्ध
दारक →विदारक	दीर्ण →विदीर्ण	दूषक →विदूषक
देश →विदेश	द्युत् →विद्युत्	द्रोह→ विद्रोह
द्वेष →विद्वेष	धर्मी →विधर्मी	धवा→ विधवा
धा →विधा	धाता →विधाता	धान→ विधान
धि →विधि	धुर →विधुर	धेय →विधेय
ध्वंश →विध्वंश	नत→ विनत	नम्र →विनम्र
नायक →विनायक	नाश →विनाश	नीत →विनीत
नोद →विनोद	पक्ष →विपक्ष	पत्ति→ विपत्ति
पद् →विपद्	पन्न →विपन्न	पुल →विपुल
प्लव →विप्लव	फल →विफल	भक्त →विभक्त
भक्ति →विभक्ति	भव →विभव	भा →विभा
भाग →विभाग	भाजन →विभाजन	भाव →विभाव
भिन्न →विभिन्न	भीषिक→ विभीषिका	भूति→ विभूति
भूषण →विभूषण	भेद→ विभेद	भोर →विभोर
मत →विमत	मर्श →विमर्श	मल →विमल
माता →विमाता	मान →विमान	मुक्त →विमुक्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुख → **विमुख**	मुग्ध → **विमुग्ध**	मूढ → **विमूढ**
मोचन → **विमोचन**	योग → **वियोग**	रक्त → **विरक्त**
रचित → **विरचित**	रप → **विरत**	रल → **विरल**
रस → **विरस**	रह → **विरह**	हित → **विहित**
राग → **विराग**	राजित → **विराजित**	राट् → **विराट्**
राम → **विराम**	रुद्ध → **विरुद्ध**	रूप → **विरूप**
रेचन → **विरेचन**	रोध → **विरोध**	लक्षण → **विलक्षण**
लम्ब → **विलम्ब**	लयन → **विलयन**	लाप → **विलाप**
लास → **विलास**	लीन → **विलीन**	लोम → **विलोम**
वर → **विवर**	वरण → **विवरण**	वर्ण → **विवर्ण**
वश → **विवश**	वाद → **विवाद**	वाह → **विवाह**
विध → **विवेक**	वेक → **विवेक**	वेचन → **विवेचन**
शद → **विशद**	शाखा → **विशाखा**	शारद → **विशारद**
शाल → **विशाल**	शिष्ट → **विशिष्ट**	शुद्ध → **विशुद्ध**
शेष → **विशेष**	शृङ्खल → **विशृङ्खल**	श्रान्ति → **विश्रान्ति**
श्राम → **विश्राम**	श्रुत → **विश्रुत**	श्लेषण → **विश्लेषण**
शस्त → **विश्वस्त**	श्वास → **विश्वास**	सम → **विषम**
सय → **विषय**	साद → **विषाद**	सर्ग → **विसर्ग**
सर्जन → **विसर्जन**	स्तार → **विस्तार**	स्था → **विष्ठा**
स्फोट → **विस्फोट**	स्मय → **विस्मय**	स्मरण → **विस्मरण**
हार → **विहार**	हीन → **विहीन**	ह्वल → **विह्वल**
ईक्षण → **वीक्षण**	ईप्सा → **वीप्सा**	अक्ति → **व्यक्ति**
अग्र → **व्यग्र**	अङ्ग्य → **व्यङ्ग्य**	अञ्जक → **व्यञ्जक**
अञ्जन → **व्यञ्जन**	अय → **व्यय**	अर्थ → **व्यर्थ**
असन → **व्यसन**	अस्त → **व्यस्त**	आपक → **व्यापक**
आपी → **व्यापी**	आप्त → **व्याप्त**	ऊह → **व्यूह**...।

३.१.१८ **सम्** (राम्रो, पूर्ण, साथै)

	ज्ञा → **संज्ञा**	यत → **संयत**
युक्त → **संयुक्त**	योग → **संयोग**	योजन → **संयोजन**
रक्षक → **संरक्षक**	लग्न → **संलग्न**	लाप → **संलाप**
वत् → **संवत्**	वरण → **संवरण**	वर्द्धन → **संवर्द्धन**
वाद → **संवाद**	वेग → **संवेग**	वेदना → **संवेदना**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शय →**संशय**	शोधन→ **संशोधन**	श्लेषण →**संश्लेषण**
सद् →**संसद्**	सर्ग → **संसर्ग**	सार →**संसार**
करण →**संस्करण**	कार →**संस्कार**	कृत →**संस्कृत**
कृति →**संस्कृति**	स्था →**संस्था**	स्थान→ **संस्थान**
स्थापक →**संस्थापक**	स्मरण → **संस्मरण**	हार→ **संहार**
हिता →**संहिता**	कट →**सङ्कट**	कर →**सङ्कर**
कलन →**सङ्कलन**	कल्प→ **सङ्कल्प**	कीर्ण →**सङ्कीर्ण**
कुचित→ **सङकुचित**	कुल →**सङकुल**	केत →**सङकेत**
कोच →**सङकोच**	क्रमण →**सङक्रमण**	क्रान्ति →**सङक्रान्ति**
क्रामक →**सङक्रामक**	क्षेप→ **सङक्षेप**	ख्या →**सङख्या**
गठन →**सङ्गठन**	गत→ **सङ्गत**	गम →**सङ्गम**
गीत→ **सङ्गीत**	ग्रह →**सङग्रह**	घ →**सङ्घ**
घटन →**सङ्घटन**	घर्ष→ **सङ्घर्ष**	चय →**सञ्चय**
चार→ **सञ्चार**	चालन →**सञ्चालन**	जय →**सञ्जय**
जीवनी →**सञ्जीवनी**	तति →**सन्तति**	तप्त→ **सन्तप्त**
तान →**सन्तान**	ताप →**सन्ताप**	तुलन →**सन्तुलन**
तुष्ट→ **सन्तुष्ट**	तोष →**सन्तोष**	त्रस्त→ **सन्त्रस्त**
दर्भ →**सन्दर्भ**	दिग्ध →**सन्दिग्ध**	देश →**सन्देश**
देह →**सन्देह**	धान →**सन्धान**	धि →**सन्धि**
ध्या →**सन्ध्या**	नद्ध →**सन्नद्ध**	अक्ष→ **समक्ष**
अय→ **समय**	अग्र →**समग्र**	अर →**समर**
अर्थ →**समर्थ**	अर्थन →**समर्थन**	अर्पण →**समर्पण**
अस्त →**समस्त**	अस्या→ **समस्या**	आज →**समाज**
आन →**समान**	आपन →**समापन**	आप्त →**समाप्त**
आस→ **समास**	इति →**समिति**	ईक्षा →**समीक्षा**
ऊह →**समूह**	ऋद्ध→ **समृद्ध**	पत्ति →**सम्पत्ति**
पन्न →**सम्पन्न**	पर्क→ **सम्पर्क**	पादन→ **सम्पादन**
पूर्ण →**सम्पूर्ण**	पृक्त →**सम्पृक्त**	प्रति →**सम्प्रति**
बन्ध→ **सम्बन्ध**	बोधन→ **सम्बोधन**	भव→ **सम्भव**
भार →**सम्भार**	भोग →**सम्भोग**	मत →**सम्मत**
मान →**सम्मान**	राट्→ **सम्राट्**...।	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.१.१९ सु (असल, राम्रो, ज्यादै)

कण्ठ → **सुकण्ठ**	कर → **सुकर**	
कर्म → **सुकर्म**	काल → **सुकाल**	कुमार → **सुकुमार**
कृति → **सुकृति**	ख्याति → **सुख्याति**	गति → **सुगति**
गन्ध → **सुगन्ध**	गम → **सुगम**	ग्रीव → **सुग्रीव**
चरित्र → **सुचरित्र**	चारु → **सुचारु**	जन → **सुजन**
जात → **सुजात**	तीक्ष्ण → **सुतीक्ष्ण**	दर्शन → **सुदर्शन**
दूर → **सुदूर**	दृढ → **सुदृढ**	दृष्टि → **सुदृष्टि**
धी → **सुधी**	नाम → **सुनाम**	पथ → **सुपथ**
बोध → **सुबोध**	भाषित → **सुभाषित**	मति → **सुमति**
मन → **सुमन**	मार्ग → **सुमार्ग**	मेरु → **सुमेरु**
यश → **सुयश**	योग → **सुयोग**	रक्षा → **सुरक्षा**
रम्य → **सुरम्य**	रुचि → **सुरुचि**	लक्षण → **सुलक्षण**
लभ → **सुलभ**	वर्ण → **सुवर्ण**	वास → **सुवास**
शासन → **सुशासन**	शिक्षित → **सुशिक्षित**	शील → **सुशील**
शोभित → **सुशोभित**	सुप्त → **सुषुप्त**	धा → **सुधा**
रभि → **सुरभि**	रा → **सुरा**	उक्त → **सूक्त**
उक्ति → **सूक्ति**	अयम् → **स्वयम्**	अर्ग → **स्वर्ग**
अर्ण → **स्वर्ण**	अल्प → **स्वल्प**	अस्ति → **स्वस्ति**
अस्तिक → **स्वास्तिक**	आहा → **स्वाहा**...।	

३.२ माथिका उन्नाइस रूपिमहरू संस्कृतका तोकिएका उपसर्ग हुन् । यी बाहेक अरूलाई उपसर्ग भनिदैन, तसर्थ संस्कृतमा उपसर्गको संख्या निश्चित छ । यिनै निश्चित उपसर्गहरू संस्कृतबाट नेपालीमा आएका हुँदा तत्सम उपसर्गको संख्या पनि उन्नाइस मात्रै छ । उपसर्गको संज्ञा नपाए पनि संस्कृतमा केही यस्ता विशेषण र अव्ययहरू पनि छन् जुनको **उपसर्गवत्** प्रयोग हुन्छ । यस्ता विशेषण र अव्ययहरूको चलन नेपालीमा पनि सोही रूपमा गरिन्छ । **उपसर्गवत्** प्रयुक्त हुने संस्कृतका मुख्य-मुख्य शब्द निम्न हुन्—

३.२.१. अधस् (तल, तल्लो)

	तल → **अधस्तल**	गति → **अधोगति**
गमन → **अधोगमन**	गामी → **अधोगामी**	मति → **अधोमति**
मार्ग → **अधोमार्ग**	मुख → **अधोमुख**	भाग → **अधोभाग**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वस्त्र →अधोवस्त्र वायु →अधोवायु लिखित →अधोलिखित
पतन →अधःपतन...।

३.२.२ अन्तर् (भित्र)

आत्मा →अन्तरात्मा ईक्ष →अन्तरिक्ष, अन्तरीक्ष
ईप →अन्तरीप कथा →अन्तर्कथा गत →अन्तर्गत
दशा →अन्तर्दशा दाह →अन्तर्दाह देशीय →अन्तर्देशीय
धान →अन्तर्धान पट → अन्तर्पट भाव →अन्तर्भाव
मन → अन्तर्मन लीन →अन्तर्लीन यामी → अन्तर्यामी
राष्ट्रिय →अन्तर्राष्ट्रिय वर्त्ती →अन्तर्वर्त्ती भूत →अन्तर्भूत
वाणी →अन्तर्वाणी वेदना →अन्तर्वेदना हृदय →अन्तर्हृदय
ज्ञान →अन्तर्ज्ञान करण →अन्तस्करण, अन्तःकरण
चेतना →अन्तश्चेतना
काल →अन्तःकाल पुर →अन्तःपुर शुल्क →अन्तःशुल्क
वार्ता →अन्तर्वार्ता...।

३.२.३ कु, का, कद (खराप, नीच)

कर्म → कुकर्म कृत्य → कुकृत्य
ख्यात →कुख्यात चक्र → कुचक्र चेष्टा →कुचेष्टा
जन्म →कुजन्म जात → कुजात तर्क →कुतर्क
दिन →कुदिन दृष्टि →कुदृष्टि नाम →कुनाम
पथ →कुपथ पात्र →कुपात्र पुत्र →कुपुत्र
प्रथा →कुप्रथा प्रबन्ध → कुप्रबन्ध फल →कुफल
बुद्धि →कुबुद्धि मति →कुमति मन्त्र →कुमन्त्र
मार्ग →कुमार्ग योग →कुयोग रीति →कुरीति
रूप →कुरूप लक्षण →कुलक्षण वचन →कुवचन
वाक्य →कुवाक्य पुरुष →कापुरुष आचार →कदाचार
अर्थ →कदर्थ...।

३.२.४ नञ् =न, अ, अन् (निषेध, अभाव, विपरीत)

योग्य →अयोग्य कण्टक →अकण्टक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्म →अकर्म	काट्य →अकाट्य	कारण →अकारण
कीर्ति →अकीर्ति	किञ्चन →अकिञ्चन	कुण्ठित →अकुण्ठित
कृतज्ञ →अकृतज्ञ	क्षत →अक्षत	क्षम →अक्षम
क्षय →अक्षय	खण्ड →अखण्ड	खाद्य →अखाद्य
गति →अगति	गम्य →अगम्य	गाध →अगाध
घोर →अघोर	चूक →अचूक	चेत →अचेत
तृप्त →अतृप्त	तुल →अतुल	द्वितीय →अद्वितीय
धर्म →अधर्म	धीर →अधीर	नाथ →अनाथ
पार →अपार	पुत्र →अपुत्र	पुष्ट →अपुष्ट
पूर्ण →अपूर्ण	पूर्व →अपूर्व	प्रिय →अप्रिय
अन्त →अनन्त	आचार →अनाचार	आदर →अनादर
आदि →अनादि	आयास →अनायास	इष्ट →अनिष्ट
एक →अनेक	ऐतिहासिक →अनैतिहासिक	क्षत्र →नक्षत्र
ग → नग	गण्य → नगण्य	पुंसक →नपुंसक
आस्तिक →नास्तिक...।		

५.२.५ पुरस् (अघि, सामुन्ने)

	चरण →पुरश्चरण	कार →पुरस्कार
कृत →पुरस्कृत	गामी →पुरोगामी	भाग →पुरोभाग
हित →पुरोहित...।		

३.२.६ पुनर् (फेरि)

	आगमन →पुनरागमन	
	आवृत्ति →पुनरावृत्ति	
उक्त →पुनरुक्त	उत्थान →पुनरुत्थान	जन्म → पुनर्जन्म
जीवन →पुनर्जीवन	भोग →पुनर्भोग	विवाह →पुनर्विवाह..।

३.२.७ पुरा (पहिले, पुरानो)

	ण →पुराण	तत्त्व →पुरातत्त्व
तन →पुरातन...।		

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.२.८ प्राक् (पहिले)

अवस्था →प्रागवस्था कथन →प्राक्कथन
कर्म →प्राक्कर्म काल →प्राक्काल जन्म →प्राग्जन्म
मुख→ प्राङ्मुख सन्ध्या →प्राक्सन्ध्या
ऐतिहासिक →प्रागैतिहासिक...

३.२.९ स (साथ)

कर्मक→ सकर्मक कल →सकल
काम →सकाम काल →सकाल क्रिय →सक्रिय
गुण →सगुण दय →सदय नाथ →सनाथ
पक्ष→ सपक्ष पत्नी →सपत्नी पिण्ड →सपिण्ड
फल→ सफल भा →सभा मूल →समूल
रस →सरस हृदय →सहृदय अङ्ग→ साङ्ग
अवकाश →सावकाश अवधान →सावधान आश्चर्य →साश्चर्य
अधिकार →साधिकार...।

३.२.१० सत् (असल)

आचार →सदाचार कर्म →सत्कर्म
कार →सत्कार गति →सद्गति चरित्र →सच्चरित्र
चिद् →सच्चिद् जन →सज्जन पात्र→ सत्पात्र
भाव →सद्भाव मान →सन्मान मित्र →सन्मित्र
सङ्ग →सत्सङ्ग हेतु →सद्धेतु...।

३.२.११ स्व (आफ्नो)

गत →स्वगत छन्द →स्वच्छन्द
जन →स्वजन तन्त्र→ स्वतन्त्र भाव →स्वभाव
राज →स्वराज रूप →स्वरूप स्थ→ स्वस्थ
अधीन →स्वाधीन अध्याय→ स्वाध्याय अर्थ →स्वार्थ
इच्छा →स्वेच्छा...।

३.२.१२ स्वयम् (आफैं)

पाकी →स्वयम्पाकी भू →स्वयम्भू
वर→ स्वयंवर सिद्ध→ स्वयंसिद्ध सेवक →स्वयंसेवक
एव →स्वयमेव...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.३ एउटा आधार तत्त्वमा एकभन्दा बढी उपसर्ग गाँसेर पनि शब्द-प्रजनन गरिन्छ । एकभन्दा बढी उपसर्गको योग हुने शब्दलाई **बहुउपसर्गी शब्द** भन्न सकिन्छ । संस्कृतमा दुई, तीन र चार उपसर्ग गाँसिएका शब्द फेला पर्छन्, तर नेपालीमा चाहिँ दुईभन्दा बढी उपसर्ग जोडिएका शब्दको उस्तो चलन गरिन्न । तल केही **बहुउपसर्गी शब्द**को बान्की दिइएको छ—

अति + उत् + कट → अत्युत्कट
अति + आ + चार → अत्याचार
अधि + आ + देश → अध्यादेश
अधि + अव + सान → अध्यवसान
अधि + आ + साय → अध्यवसाय
अधि + आ + हार → अध्याहार
अनु + प्र + आस → अनुप्रास
अनु + सम् + धान → अनुसन्धान
अप + प्र + दान → अपप्रदान
अभि + अनु + ज्ञा → अभ्यनुज्ञा
अभि + आ + गत → अभ्यागत
अभि + उत् + थान → अभ्युत्थान
अभि + उत् + पन्न → अभ्युत्पन्न
अभि + उद् + आ + हरण → अभ्युदाहरण
अभि + सम् + ताप → अभिसन्ताप
आ + प्र + वास → आप्रवास
आ + प्र + व्रजन → आप्रव्रजन
उद् + आ + हरण → उदाहरण
उत् + प्र + ईक्षा → उत्प्रेक्षा
उप + आ + ख्यान → उपाख्यान
उप + आ + दान → उपादान
उप + आ + लम्भ → उपालम्भ
उप + आ + हार → उपाहार
उप + उद् + घात → उपोद्घात
उप + नि + आस → उपन्यास
उप + नि + वेश → उपनिवेश
उप + नि + पद् → उपनिषद्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उप+सम्+हार →उपसंहार
उप+सम्+नि+आस →उपसंन्यास
उप+वि+भाग →उपविभाग
दुर्+अति+क्रमण →दुरतिक्रमण
दुर्+अनु+अय →दुरन्वय
दुर्+अभि+सन्धि →दुरभिसन्धि
दुर्+अव+स्था →दुरवस्था
दुर्+आ+ग्रह →दुराग्रह
दुर्+आ+चार →दुराचार
दुर्+उत्+तर →दुरुत्तर
दुर्+उप+योग →दुरुपयोग
दुर्+नि+वार्य →दुर्निवार्य
दुर्+वि+असन →दुर्व्यसन
दुर्+वि+नय →दुर्विनय
दुर्+वि+अव+स्था → दुर्व्यवस्था
दुर्+वि+अव+हार → दुर्व्यवहार
दुस्+प्र+आप्य →दुष्प्राप्य
दुस्+प्र+कृति →दुष्प्रकृति
दुस्+प्र+वृत्ति →दुष्प्रवृत्ति
निर्+अनु+नासिक →निरनुनासिक
निर्+अप+ईक्ष →निरपेक्ष
निर्+अप+राध →निरपराध
निर्+अभि+मान →निरभिमान
निर्+अव+लम्ब →निरवलम्ब
निर्+अव+शेष →निरवशेष
निर्+आ+करण →निराकरण
निर्+आ+दर →निरादर
निर्+आ+धार →निराधार
निर्+आ+कार →निराकार
निर्+आ+लम्ब → निरालम्ब
निर्+उत्+साह → निरुत्साह
निर्+उद्+योग → निरुद्योग
निर्+उप+आय → निरुपाय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्+नि+मेष →निर्निमेष
निर्+वि+कल्प →निर्विकल्प
निर्+वि+रोध →निर्विरोध
निर्+वि+वाद →निर्विवाद
निस्+प्र+योजन →निष्प्रयोजन
निस्+सम्+देह →निस्सन्देह
परि+अव+ईक्षक →पर्यवेक्षक
परि+अव+सान →पर्यवसान
परि+आ+लोचन→ पर्यालोचन
परि+सम्+आपन →परिसमापन
प्रति+अभि+ज्ञान →प्रत्यभिज्ञान
प्रति+अभि+योग →प्रत्यभियोग
प्रति+आ+देश →प्रत्यादेश
प्रति+आ+रोध →प्रत्यारोध
प्रति+आ+हार→ प्रत्याहार
प्रति+उद्+चारण →प्रत्युच्चारण
प्रति+उत्+पत्त →प्रत्युत्पन्न
प्रति+उप+कार →प्रत्युपकार
प्रति+प्र+हार →प्रतिप्रहार
प्रति+वि+ऊह→ प्रतिव्यूह
प्रति+सम्+हार →प्रतिसंहार
वि+नि+यम →विनियम
वि+नि+योग→ विनियोग
वि+नि+योजन →विनियोजन
वि+नि+आस →विन्यास
वि+निर्+मुक्त →विनिर्मुक्त
वि+परि+इत →विपरीत
वि+प्र+कर्ष →विप्रकर्ष
वि+प्र+लब्ध →विप्रलब्ध
वि+प्र+लम्भ →विप्रलम्भ
वि+प्रति+सेध →विप्रतिषेध
वि+सम्+गत→ विसङ्गत
वि+सम्+वाद →विसंवाद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वि + अति + क्रम → व्यतिक्रम
वि + अति + रेक → व्यतिरेक
वि + अति + ईत → व्यतीत
वि + अधि + करण → व्यधिकरण
वि + अभि + चार → व्यभिचारी
वि + अव + साय → व्यवसाय
वि + अव + स्था → व्यवस्था
वि + अव + हार → व्यवहार
वि + आ + करण → व्याकरण
वि + आ + कुल → व्याकुल
वि + आ + ख्यान → व्याख्यान
वि + आ + धि → व्याधि
वि + आ + पार → व्यापार
वि + आ + याम → व्यायाम
वि + उत् + पत्ति → व्युत्पत्ति
सम् + अनु + ज्ञा → समनुज्ञा
सम् + अनु + अय → समन्वय
सम् + अव + आय → समवाय
सम् + अभि + वि + आ + हार → समभिव्याहार
सम् + आ + ख्यान → समाख्यान
सम् + आ + गम → समागम
सम् + आ + चार → समाचार
सम् + आ + धान → समाधान
सम् + आ + धि → समाधि
सम् + आ + योजन → समायोजन
सम् + आ + रोह → समारोह
सम् + आ + विष्ट → समाविष्ट
सम् + आ + वेश → समावेश
सम् + आ + हार → समाहार
सम् + आ + अव + आय → समावाय
सम् + उत् + कर्ष → समुत्कर्ष
सम् + उद् + चय → समुच्चय
सम् + उद् + नत → समुन्नत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम् + उद् + आ + चार → समुदाचार
सम् + उद् + आ + हरण → समुदाहरण
सम् + उप + भोग → समुपभोग
सम् + उप + आर्जन → समुपार्जन
सम् + प्र + ईषण → सम्प्रेषण
सम् + प्र + आप्ति → सम्प्राप्ति
सम् + प्र + दान → सम्प्रदान
सम् + प्र + दाय → सम्प्रदाय
सु + आ + गत → स्वागत
सु + प्र + सिद्ध → सुप्रसिद्ध
सु + वि + चार → सुविचार
सु + वि + धा → सुविधा
सु + वि + अव + स्था → सुव्यवस्था
सु + सम् + कृत → सुसंस्कृत
सु + सम् + गत → सुसङ्गत
सु + सम् + पन्न → सुसम्पन्न
सु + सम् + आ + चार → सुसमाचार...।

३.४ केही शब्दमा विभिन्न उपसर्गको वितरण हुन्छ। वितरण भएका प्रत्येक उपसर्गलाई यस्ता शब्दमा छुट्टाछुट्टै गाँसिन्छ र विभिन्न अर्थ दिने शब्दको व्युत्पादन गरिन्छ, जस्तै–

अङ्ग → अपाङ्ग, उपाङ्ग, निरङ्ग, साङ्ग ...।
ईक्षक → अधीक्षक, अन्वीक्षक, निरीक्षक, परीक्षक, प्रेक्षक, समीक्षक ...।
ईक्षा → अपेक्षा, उपेक्षा, परीक्षा, प्रतीक्षा, प्रेक्षा, समीक्षा ...।
कट → उत्कट, निकट, प्रकट, विकट, सङ्कट ...।
कर → आकर, दुष्कर, निकर, परिकर, सङ्कर, सुकर ...।
करण → अधिकरण, अनुकरण, अभिकरण, उपकरण, प्रकरण, विकरण, सङ्करण ...।
कर्म → अपकर्म, दुष्कर्म, निष्कर्म, विकर्म, सुकर्म ... ।
कर्ष → अपकर्ष, उत्कर्ष, निष्कर्ष, प्रकर्ष, सङ्कर्ष ...।
कार → अनुकार, अपकार, आकार, उपकार, प्रकार, प्रतिकार, विकार ...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काश → अवकाश, आकाश, प्रकाश, विकाश, सङ्काश...।

कीर्ण → अवकीर्ण, उत्कीर्ण, प्रकीर्ण, विकीर्ण, सङ्कीर्ण...।

कृति → अधिकृति, अनुकृति, अपकृति, आकृति, उपकृति, दुष्कृति, निष्कृति, प्रकृति, विकृति, सुकृति...।

क्रम → अनुक्रम, अतिक्रम, अपक्रम, आक्रम, पराक्रम, विक्रम, सङ्क्रम...।

क्रिया → अनुक्रिया, प्रक्रिया, प्रतिक्रिया, विक्रिया, सङ्क्रिया...।

क्षिप्त → आक्षिप्त, उत्क्षिप्त, निक्षिप्त, प्रक्षिप्त, विक्षिप्त, संक्षिप्त...।

गत → अधिगत, अनुगत, अभिगत, अपगत, अवगत, आगत, उपगत, निर्गत, विगत, सङ्गत...।

गम → अधिगम, अनुगम, अभिगम, अवगम, आगम, उद्गम, उपगम, दुर्गम, निगम, सङ्गम, सुगम...।

ग्रहण → अधिग्रहण, अभिग्रहण, उद्ग्रहण, परिग्रहण, सङ्ग्रहण...।

चय → अपचय, अवचय, उपचय, निचय, निश्चय, परिचय, सञ्चय...।

चार → अतिचार, अपचार, अभिचार, आचार, उपचार, परिचार, प्रचार, विचार, सञ्चार...।

छेद → अनुच्छेद, अवच्छेद, उच्छेद, परिच्छेद, विच्छेद...।

जन → अभिजन, दुर्जन, निर्जन, परिजन, विजन...।

ज्ञा → अवज्ञा, अनुज्ञा, आज्ञा, प्रज्ञा, प्रतिज्ञा, संज्ञा...।

ज्ञान → अभिज्ञान, परिज्ञान, प्रज्ञान, विज्ञान, संज्ञान...।

दान → अनुदान, आदान, निदान, प्रदान, सम्प्रदान...।

देश → अनुदेश, अतिदेश, अपदेश, आदेश, उपदेश, निदेश, निर्देश, प्रदेश, विदेश, सन्देश...।

धान → अभिधान, अवधान, आधान, उपधान, निधान, परिधान, प्रधान, विधान, सन्धान...।

धि → अवधि, आधि, निधि, सन्धि...।

नत → अवनत, आनत, उन्नत, परिणत, प्रणत, विनत, सन्नत...।

नय → अनुनय, अपनय, अभिनय, उपनय, परिणय, प्रणय, विनय...।

नेता → अपनेता, अभिनेता, उपनेता, प्रणेता, परिणेता...।

पन्न → अभिपन्न, आपन्न, उत्पन्न, निष्पन्न, प्रतिपन्न, प्रपन्न, विपन्न, सम्पन्न...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पात →अनुपात, आपात, उत्पात, निपात, प्रपात ...।

पादक →उत्पादक, उपपादक, निष्पादक, प्रतिपादक, सम्पादक ...।

बन्ध →अनुबन्ध, उपबन्ध, निबन्ध, प्रतिबन्ध, प्रबन्ध, सम्बन्ध ...।

बल →अतिबल, अनुबल, दुर्बल, निर्बल, प्रबल ...।

भव →अनुभव, अभिभव, पराभव, विभव, सम्भव ...।

भूत →अनुभूत, अभिभूत, आभूत, उद्भूत, पराभूत, प्रभूत, सम्भूत...।

मान →अनुमान, अपमान, अभिमान, अवमान, उपमान, निर्माण, परिमाण, प्रतिमान, प्रमाण, विमान, सम्मान ...।

मुख →अभिमुख, आमुख, प्रमुख, विमुख, सम्मुख ...।

युक्त →अभियुक्त, आयुक्त, उपयुक्त, नियुक्त, प्रयुक्त, संयुक्त ...।

योगी →अनुयोगी, अपयोगी, उद्योगी, उपयोगी, प्रतियोगी, वियोगी, संयोगी ...।

योजन →अपयोजन, अभियोजन, आयोजन, नियोजन, उपयोजन, प्रयोजन, वियोजन, संयोजन ...।

रूप →अनुरूप, अपरूप, अभिरूप, परिरूप, प्रतिरूप, प्ररूप, विरूप ...।

रोध →अनुरोध, अवरोध, अपरोध, निरोध, प्रतिरोध, विरोध, संरोध ...।

लाप →अनुलाप, अपलाप, अभिलाप, आलाप, प्रलाप, विलाप, संलाप ...।

लेख →अभिलेख, अपलेख, प्रलेख, विलेख, सुलेख ...।

वक्ता →अधिवक्ता, अनुवक्ता, अभिवक्ता, प्रतिवक्ता, प्रवक्ता, सुवक्ता ...।

वचन →अनुवचन, अपवचन, अभिवचन, निर्वचन, प्रवचन ...।

वर्तन →अनुवर्तन, अपवर्तन, अभिवर्तन, आवर्तन, परावर्तन, परिवर्तन, प्रतिवर्तन, प्रवर्तन, विवर्तन, संवर्तन ...।

वर्धन →अभिवर्धन, आवर्धन, परिवर्धन, प्रवर्धन, विवधन, संवर्धन ...।

वाद →अनुवाद, अपवाद, अभिवाद, दुर्वाद, परिवाद, प्रतिवाद, प्रवाद, विवाद, संवाद ...।

वास →अधिवास, अभिवास, आवास, उपवास, निवास, प्रवास ...।

वृत्ति →अनुवृत्ति, आवृत्ति, परिवृत्ति, प्रवृत्ति, संवृत्ति ...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेदन →अनुवेदन, आवेदन, निवेदन, परिवेदन, प्रतिवेदन, संवेदन...।

वेश →अनुवेश, आवेश, निवेश, परिवेश, प्रवेश...।

शय →अतिशय, अनुशय, आशय, उपशय, परिशय, विशय, संशय...।

सार →अनुसार, अपसार, अभिसार, निस्सार, परिसार, प्रसार, विसार, संसार...।

स्था → अवस्था, आस्था, प्रतिष्ठा, संस्था...।

स्थान →अधिस्थान, अनुष्ठान, उत्थान, प्रतिष्ठान, प्रस्थान, संस्थान, सुस्थान...।

हरण →अपहरण, आहरण, उद्धरण, परिहरण, प्रहरण, विहरण...।

हार →अनुहार, अपहार, अभिहार, अवहार, आहार, उपहार, परिहार, प्रहार, विहार, संहार...।

हास →अभिहास, परिहास, प्रहास, विहास, सुहास...।

४. अन्य आगन्तुक उपसर्ग

४·१ नेपालीमा संस्कृतबाहेक **अरबी**, **फारसी** र **अंग्रेजीबाट** पनि उपसर्गहरू भित्र्याइएका छन् । नेपालीमा देखा पर्ने अन्य आगन्तुक उपसर्ग र तिनबाट निर्मित शब्द निम्नलिखित हुन्–

उपसर्ग	अर्थ	स्रोत	व्युत्पन्न शब्द
कम	थोर	**फारसी**	कमखर्च, कमजोर, कमसल...
गैर	निषेध, अन्य	**अरबी**	गैरआबाद, गैरइलाका, गैरकानूनी, गैरजिम्मेदारी, गैरसरकारी, गैरहाजिर...
दर	मा, भित्र	**फारसी**	दरकार, दरखास्त...
ना	अभाव	**फारसी**	नाजायज, नातागत, नाबालिग, नामन्जुर, नामर्द, नालायक...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बद	खराब	**फारसी**	बदख्वाइँ, बदनाम, बदनियत, बदमास ...
बर	माथि, बाहिर	**फारसी**	बरखास्त, बरबाद, बरबादी, बरामद ...
बिल्	साथै	**अरबी**	बिल्कुल ...
बे	बिना	**फारसी**	बेअदप, बेइज्जत, बेइलम, बेकावू, बेकाम, बेकार, बेजोड, बेनाम, बेफाइदा, बेफिक्री, बेमतलब, बेमेल, बेमौका, बेवास्ता, बेहाल, बेहिसाव, बेहोस ...
ला	बिना	**अरबी**	लाचार, लावारिस, लापरवाह, लावरपाही ...
सर	(क) मुख्य	**फारसी**	सरकार, सरकारी, सरगर्मी, सरजिमिन, सरदार ...
	(ख) अति-रिक्त	**अंग्रेजी**	सरचार्ज ...
सब	उप	**अंग्रेजी**	सबइन्सपेक्टर, सबकमिटी, सबरजिस्ट्रार, सबस्टेसन, सबहेडिङ ...
भाइस	उप	**अंग्रेजी**	भाइसचान्सलर, भाइसप्रिन्सिपल, भाइस-प्रेसिडेन्ट ...
हर	प्रत्येक	**फारसी**	हरघडी, हरतरह, हरदिन, हरसाल, हरहमेसा ...
ट्रान्स	परा	**अंग्रेजी**	ट्रान्सपोर्ट, ट्रान्समीटर, ट्रान्सफर ...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टेलि	दूर	अंग्रेजी	टेलिफोन, टेलिग्राम, टेलिप्रिन्टर, टेलिकम्यूनिकेसन, टेलिभिजन, टेलिस्कोप...।

अंग्रेजीमार्फत आएका हुँदा यसमा **ग्रीक, ल्याटिन र फ्रेन्च** उपसर्गको स्रोत छुट्ट्याइएको छैन ।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दस

□

आगन्तुक सर्ग र आगन्तुक शब्द

१. आगन्तुक शब्द

१.१ खाँचोअनुसार सम्पन्न भाषाले पनि अन्य भाषाबाट शब्द सापट लिन्छन्, जस्तै–अंग्रेजीले संस्कृतबाट **योग, सन्धि, बहुव्रीहि** आदि शब्द सापट लिएको छ। आफूसंग नभएका शब्द अरू भाषाबाट लिएर खाँचो टार्ने प्रवृत्तिलाई भाषाको बेगुन वा असम्पन्नता ठानिन्न। यो त जुन पनि जिउँदो भाषाले बढी फस्टाउनाका निमित्त अँगाल्ने खास प्रक्रिया नै हो।

१.२ **कुनै एक भाषामा कुनै अर्को भाषाबाट ग्रहण गरिएको शब्दलाई आगन्तुक शब्द** भनिन्छ। यसलाई **पाहुना शब्द, सापटी शब्द, ऋण शब्द** र **विदेशी शब्द** पनि भनिन्छ।

२. आगन्तुक सर्ग

२.१ **आगन्तुक शब्दका संरचनामा पाइने आधेय तत्त्व वा परिधीय संरचना-तत्त्वलाई आगन्तुक सर्ग** भनिन्छ।

२.२ नेपालीमा प्रयुक्त हुने अनेक आगन्तुक शब्दमा अनेक आगन्तुक सर्ग देखापर्छन्। यीमध्ये केही आगन्तुक सर्गले नेपालीमा पनि शब्दको रचना गर्छन् (हेर्नू: चार–२), तर अधिकांशले यो काम आफ्नै भाषामा गर्छन्।

३. नेपालीमा आगन्तुक सर्गयुक्त शब्द

३.१ नेपाली शब्द-ढुकुटीमा पनि आफ्नै भाषाका मात्र शब्द छैनन्। यसले खाँचोअनुसार विभिन्न भाषाबाट सर्गयुक्त आगन्तुक शब्द ग्रहण गरेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीमा ग्रहण गरिएका आगन्तुक सर्गयुक्त शब्दहरूमा वढी संख्या **संस्कृतको**, त्यसपछि **फारसी** र **अरबी**को छ । उपर्युक्तवाहेक **अंग्रेजी** र **तुर्की** सर्गयुक्त आगन्तुक शब्द पनि नेपालीमा देखापर्छन् ।

३.२ उपसर्गयुक्त आगन्तुक शब्द (हेर्नूः नौ–३, ४) र संस्कृत परसर्गयुक्त आगन्तुक शब्दको चर्चा यसपूर्व गरिसकिएको हुँदा यहाँ **अरबी**, **फारसी** र **अंग्रेजी** परसर्गयुक्त शब्दको मात्र विवरण प्रस्तुत गरिएको छ ।

४. अरबी परसर्ग

	परसर्ग	प्रकार	आत → व्युश
क.	**अफअल** [अ/ ... /अ/ ...]	**धातुसर्ग**	कबीर → **अकबर** ...
ख.	**इफ्आल** [इ/अ्/आ ...]		नकर → **इन्कार** (इनकार) ...
ग.	**इफ्तिआल** [इ/त/आ ... /]		अरज → **इतराज** (एतराज) ...
घ.	**इस्तिफ्आल** [इ/स्ति/आ/ ...]		अमल → **इस्तिमाल** (इस्तेमाल) ...
ङ.	**तफ्ईल** [त/ ... /ई/ ...]		हसल → **तहसील** (तहसिल), अलम → **तअलीम** (तालिम) ...
च.	**फअ्ल** [... /अ्/ ...]		कतल → **कत्ल** (कत्तल), तलब → **तल्ब** (तलब) ...
छ.	**फअ्ला** [... / ... /आ]		दअव → **दअवा** (दावा) ...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज.	फआल [.../आ/...]	सलम →**सलाम**...
झ.	फअ्आन [.../द्वित्व/आ/...]	जलद →**जल्लाद**, सरफ →**सर्राफ** (सराफ)...
ञ.	फअलान [.../अ/आ/...]	दरन →**दवरान** (दौरान)...
ट.	फआलत [.../आ/... /त]	बगव →**बगावत**...
ठ.	फऊल [.../ऊ/...]	जर्र →**जरूर**, कबल →**कबूल** (कवुल, कवोल, कबल)...
ड.	फऊलत [.../ऊ/... /त]	जर्र →**जरूरत**...
ढ.	फाइल [आ/इ/...]	हकम →**हाकिम**, गफल →**गाफिल**...
ण.	फिअल [इ/अ्/...]	अलम→ **इल्म** (इलम)...
त.	फिअलत [इ/.../.../त]	खदम →**खिदमत**...
थ.	फिआल [इ/आ/...]	कतब →**किताब**...
द.	फुअ्ल [उ/अ्/...]	हकम →**हुक्म** (हुकुम)...
ध.	फुअलत [उ/.../.../त]	कदर →**कुदरत** (कुद्रथ)...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न.	फुआल [उ/आ/ ...]		संवल → **सुवाल** (सवाल) ...
प.	मफ्इल [म/ ... /इ/ ...]		सजद → **मसजिद**, जलस → **मजलिस**, नजल → **मन्जिल** ...
फ.	मफ्ऊल [म/ ... /ऊ/ ...]		अलम → **मालूम** (मालुम), नजर → **मन्जूर** (मन्जुर), शहर → **मशहूर** (महसुर) ... .
ब.	मुफ्इल [मु/अ्/इ/ ...]		नसफ → **मुन्सिफ** ...
भ.	मुफाअलत [मु/आ/ ... /आ]		कवल → **मुकाबला**, अमल → **मुआमला**, (मामला) ... ।
क.	इयत	प्रातिसर्ग	कैफ → **कैफियत**, इन्सान → **इन्सानियत** ...
ख.	ई		इल्म → **इल्मी** (इलमी), आदम → **आदमी**, हैरान → **हैरानी**, सफा → **सफाई** (सफाइ), अर्ज → **अर्जी**, रईस → **रईसी** (रइसी), हिकमत → **हिकमती** ...
ग.	ची तुर्कीबाट आएको)		बाबर → **बाबरची** (बावर्ची), अफीम → **अफीमची** (अफिमची), मशाल → **मशालची** (मसालची), तबला → **तबलची** (तबल्ची), खजाना → **खजानची** (खजान्ची) ...
घ.	म (तुर्कीबाट आएको)		बेग → **बेगम** ... ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. फारसी परसर्ग

परसर्ग		प्रकार	आत →व्युश
क.	अ	धातुसर्ग	खरीद् →खरीद (खरिद), रसीद् →रसीद (रसिद) ...,
ख.	आ		रिह →रिहा, मुर्द →मुर्दा ...
ग.	इन्दा		जी → जिन्दा, बाश →बाशिन्दा (बासिन्दा) ...
घ.	इश		कोश →कोशिश (कोसिस), नाल →नालिश (नालिस), माल →मालिश (मालिस), फरमाय →फरमाइश (फरमाइस, फुर्मास) ...
ङ.	ई		आमदन →आमदनी (आमदानी) ... ।
क.	आ	प्रातिसर्ग	चश्म →चश्मा (चस्मा), पेश →पेशा (पेशा), लतीफ →लतिफा (लतिफा), हफ्त →हफ्ता ...
ख.	आना		मर्द →मर्दाना, जन →जनाना, हर्ज →हर्जाना, नजर →नजराना, बय →बयाना(बैना), मस्त →मस्ताना, जुर्म →जुर्माना (जरिमाना), दस्त →दस्ताना, साल →सालाना (सालिन्ना), मिहनत →मिहनताना (मेहनताना) ...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. आब — गुल →गुलाब (गुलाफ) ...

घ. इन्दा — शर्म →शर्मिन्दा,
कार →कारिन्दा ...

ङ. ई — खुश →खुशी (खुसी),
कारीगर →कारीगरी (कालिगडी),
आसमान →आसमानी (आस्मानी),
सर्द →सर्दी, शाह →शाही,
सियाह→ सियाही (स्याही),
नवाब →नवाबी (नवाफी),
दुश्मन →दुश्मनी, रोज →रोजी
मन्जूर →मन्जूरी, (मन्जुरी)
खून →खूनी (खुनी),
देहात →देहाती, खाक →खाकी, ...

च. ईन — शौक → शौकीन (सोखिन), रङ्ग→ रङ्गीन (रङ्गिन), सङ्ग → सङ्गीन (सङ्गिन), नमक → नमकीन (निमकिन) ...

छ. ईना — माह → महीना (महिना), रोज → रोजिना (रोजिन्ना), पश्म → पश्मीना (पस्मिना), नग → नगीना (नगिना) ...

ज. कार — सलाह → सलाहकार (सल्लाहकार), काश्त → काश्तकार (कास्तकार), पेश →पेशकार (पेसकार) ...

झ. गर — कार →कारीगर(कालिगढ),सौदा →सौदागर, जादू→ जादूगर (जादुगर) ...

ञ. गार — मदद →मददगार (मद्दतगार), रोज →रोज-गार, याद → यादगार...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ट. गी		जिन्दा → **जिन्दगी**, गन्दा → **गन्दगी**, मर्दाना → **मर्दानगी**, परवाना → **परवानगी** (परमाङ्गी) ...
ठ. चा		देग → **देगचा** (डेक्ची), बाग → **बागीचा** (बगचा), गाल → **गालीचा** (गलैंचा), चम → **चमचा** ...
ड. जादा		शाह → **शाहजादा**, हराम → **हरामजादा** ...
ढ. दान		कलम → **कलमदान**, खान → **खानदान**, पान → **पानदान**, शमा → **शमादान** (समादान), फिक्र → **फिकदान** (पिकदान, पिचदान) ...
ण. नाक		खतरा → **खतरनाक**, दर्द → **दर्दनाक** ...
त नामा		मुख्तार → **मुख्तारनामा** (मुख्तियारनामा), सुलह → **सुलहनामा**, बै → **बैनामा**, राजी → **राजीनामा** (राजिनामा) ...
थ. बान		मेज → **मेजबान** (मेजमान), दर → **दरबान** ...
द. मन्द		अक्ल → **अक्लमन्द** (अक्किलमन्द), दौलत → **दौलतमन्द** (दौलथमन्द) ...
ध. वर		जान → **जानवर** (जनावर), हिम्मत → **हिम्मतवर**, ताकत → **ताकतवर** ...
न. वार		उम्मीद → **उम्मीदवार** (उम्मेदवार), जिम्मा → **जिम्मेवार**, माह → **माहवार** ... ।
क. इस्तान	← (यी सर्ग नभएर	तुर्क → **तुर्किस्तान**, पाक → **पाकिस्तान** ...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. **खोर**	फारसीका कृदन्त शब्द हुन् ।	घूस → **घूसखोर** (घुसखोर), सूद → **सूदखोर** (सुदखोर), गोता → **गोताखोर**...
ग. **जार**	त्यहाँ यिनका योगबाट समस्त	अबा → **बाजार** (बजार), गुल → **गुलजार**...
घ. **दार**	शब्द बनाइन्छ तर नेपालीमा चाहिं परसर्गवत् प्रयोग भएको देखिन्छ ।)	फौज → **फौजदार**, दूकान → **दूकानदार** (दोकानदार), सूवा → **सुबेदार**, ईमान → **ईमानदार**, जमीन → **जमीनदार** (जिमिदार), खबर → **खबरदार**, हवल → **हवलदार**, खरीद → **खरीददार** (खरिदार, खर्दार) माल → **मालदार**, कर्ज → **कर्जदार**, हक → **हकदार**, चोब → **चोबदार**...
ङ. **नशीन**		परदा → **परदानशीन**, तख्त → **तख्तनशीन**...
च. **पोश**		मेज → **मेजपोश** (मेजपोस), जीन → **जीनपोश** (जिनपोस), सफेद → **सफेदपोश**...
छ. **बन्द**		नाल → **नालबन्द**, इजार → **इजारबन्द**, बिस्तर → **बिस्तरबन्द**, कमर → **कमरबन्द**, मुहर → **मुहरबन्द**, हथियार → **हथियारबन्द** (हतियारबन्द)...
ज. **बाज**		नशा → **नशेबाज** (नसाबाज), धोखा → **धोखेबाज**, चाल → **चालबाज**, मुकदमा → **मुकदमेबाज**...
झ. **बार**		दर → **दरबार**...
ञ. **माल**		रु → **रुमाल**...
ट. **साज**		घडी → **घडीसाज**, जाल → **जालसाज**, जिल्द → **जिल्दसाज**... ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६. अङ्ग्रेजी परसर्ग

परसर्ग	वर्ण–विन्यास	व्युश
क. अर	[-ER,-OR]	स्टिमर, गभर्नर, रिभाल्भर, अफिसर, इन्स्पेक्टर, डाइरेक्टर, जेलर, स्पिकर, चान्सलर, प्रोफेसर, रिडर, रेक्टर, म्यानेजर, होल्डर, भोटर, एक्टर, अपरेटर...
ख. अरी	[-ARY]	मिसनरी, डिक्सनरी, अनररी, टेम्परारी...
ग. आइज	[-IZE]	हस्पिटलाइज, मडर्नाइज, एडभर्टाइज, स्क्रुटिनाइज, कम्प्रोमाइज...
घ. इक	[-IC]	इलेक्ट्रिक, मेट्रिक...
ङ. इङ	[-ING]	ड्राइभिङ, रासनिङ, पेन्टिङ, बिल्डिङ, मिटिङ, सुटिङ, ट्रेनिङ, स्पेलिङ, बोर्डिङ, प्लानिङ...
च. इज	[-ESE]	नेपालिज, चाइनिज, जपानिज...
छ. इज्म	[-ISM]	बुद्धिज्म, हिन्दुइज्म, सोसलिज्म, क्यापिटलिज्म...
ज. इयर	[-EER]	इन्जिनियर...
झ. इस	[-ISH]	टर्किस, पोलिस, स्विडिस...
ञ. इस्ट	[-IST]	आर्टिस्ट, डेन्टिस्ट, सोसलिस्ट, बुद्धिस्ट...
ट. एज	[-AGE]	वेस्टेज, ड्रेनेज, म्यारेज, क्यारेज...
ठ. एरी	[-ERY]	मेसिनेरी...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ड. कल	[-CAL]	इलेक्ट्रिकल, पलिटिकल, प्र्याक्टिकल, क्लासिकल ...
ढ. नेस	[-NESS]	बिजिनेस (बिजनेस) ...
ण. मेन्ट-मन्ट	[-MENT]	गभ्नमन्ट (गभर्मेन्ट), पिपरमेन्ट, एप्वाइन्टमेन्ट, एग्रिमेन्ट, स्टेटमेन्ट, जजमेन्ट ...
त. सन	[-TION,-SION]	अटेन्सन, प्रोमोसन, डिमोसन, पार्टिसन, इम्प्रेसन, एक्सन, इन्जेक्सन, परमिसन, पोजिसन, ट्युसन, अपरेसन (अप्रेसन) ...।

नेपालीमा उपर्युक्तबाहेक अरू पनि आगन्तुक परसर्गहरू छन् । माथि कोष्ठकभित्र राखिएका चाहिं आगन्तुक शब्दका नेपाली रूप हुन् ।

७. शब्दको सापट

७·१ ग्राहीका रूपमा कुनै भाषाले अर्को भाषाहरूबाट शब्द-ग्रहण गर्ने कार्यलाई **सापट** भनिन्छ । सापटद्वारा ग्रहण गरिएका अन्य भाषाका शब्दलाई ग्राही भाषामा **सापटी शब्द** वा **आगन्तुक शब्द** वा **विदेशी शब्द** भन्ने चलन छ ।

७·२ सापटद्वारा संसारका विभिन्न भाषाले अन्य भाषाहरूबाट शब्द लिने कार्य प्रचुरतासाथ गरेको पाइन्छ तापनि ग्राही भाषाहरूको सापट लिने प्रवृत्ति वा बानीमा भने ठुलो अन्तर वा विभेद देखिन्छ । अन्य भाषाबाट शब्द ग्रहण गर्ने बानीका दृष्टिबाट हेर्दा **अंग्रेजीमा** सापट लिने मुक्त प्रवृत्ति र अतिशय बानी देखिन्छ भने **जर्मनमा** चाहिं यसको न्यूनता नै परिलक्षित हुन्छ । जर्मन भाषामा सकेसम्म निजी स्रोतबाट शब्द-निर्माण गर्ने कठोर प्रवृत्ति भएकाले सापट लिने न्यून बानी बसेको हो । अन्य भाषाहरूबाट शब्द सापट लिने प्रवृत्ति **नेपालीमा** पनि छ जसलाई न्यून चाहिं भन्न सकिन्न ।

७·३ एउटा भाषाबाट अर्को भाषामा शब्दको आगमन प्रायः ती वस्तुका साथ हुन्छ जसको ती शब्दले प्रतिनिधित्व गरेका हुन्छन् । एउटा भाषा-समुदायमा अर्को भाषा-समुदायका नयाँ वस्तु (जस्तै– **मोटर, कार्तोस, सिनेमा, कफी, चिया** ...) को प्रवेश र परिचयका संगसगै त्यसलाई जनाउने शब्द (जस्तै–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोटर, कार्तोस, सिनेमा, कफी, चिया ...) को पनि प्रवेश र परिचय सो भाषा-भाषीहरूमा हुने गर्छ। यस तवरबाट शब्दले एउटा भाषाबाट अर्को वा अर्का भाषामा यात्रा गर्छन् र आगन्तुक रूपमा सो वस्तुका संगसगै भाषा-भाषीहरूबाट ग्रहण गरिन्छन्। यसरी ग्रहण गरिएपछि ग्राही भाषामा आगन्तुक शब्दको स्थिति र विकास निम्न दुईमध्ये कुनै एक प्रकारबाट भएको पाइन्छ– (क) कि त आगन्तुक शब्दले ग्राही भाषामा पनि आफ्ना स्रोत-भाषा वा मूल भाषाकै गुण, अभिलक्षण र ढाँचालाई कायम राख्छ जसले गर्दा सो शब्द सदा नै विदेशी शब्दका रूपमा रहन्छ, जस्तै– नेपालीमा अंग्रेजीका **गभर्नर, म्यानेजर, इन्जिनियर, बिजिनेस, पिपरमेन्ट, इन्जेक्सन, अपरेसन ...**, (ख) कि आगन्तुक शब्द ग्राही भाषाको भाषिक व्यवस्था र ढाँचामा पूर्णतः मिसिन्छ र सो भाषाको निजी शब्द-भण्डारमा नछुट्टिने भएर बस्दछ, जस्तै– नेपालीमा **सुहारी, सुका, परसाङ्गी, ऐजन, रिकुटे ...**।

७·४ कुनै पनि भाषामा आगन्तुक शब्दको पहिचान गर्ने कार्य कठिन र मूल पहिल्याउने संभावना वहुतै सीमित हुन्छ। यसो हुने खास कारण चाहिं के हो भने यसको पहिचान मुख्यतः **बहिर्भाषिक** तथ्य (**ऐतिहासिक** वा **तुलनात्मक** साक्ष्य) का आधारमा हुन्छ। **अन्तर्भाषिक** तथ्य (**वर्णनात्मक** वा **समकालिक** साक्ष्य) का आधारमा चाहिं यसको पहिचान सारै सीमित रूपमा गर्नसकिन्छ। वर्णनात्मक अथवा समकालिक आधारमा त कुनै भाषाको शब्द-ढुकुटीलाई दुई मोटा वर्गहरूमा विभाजित गरी यति निजी शब्द र यति विदेशी शब्द छन् भनेर छुटचाउन मात्र सकिन्छ। भाषामा शब्द-प्रयोगको न्यून आवृत्ति, उत्पादनको अनुर्वरता र शब्दमा भाषामै नभएका ध्वनिहरूको उपस्थिति आदि मात्र कुनै भाषाको शब्द-भण्डारबाट सापटी शब्दलाई छुटचाउने शुद्ध वर्णनात्मक आधार देखिन्छन्। यस पद्धतिका विपरीत ऐतिहासिक वा तुलनात्मक पद्धतिबाट प्रायः आगन्तुक शब्दको पत्तो लगाउने कार्य गरिन्छ, तर यस पद्धतिको पनि निश्चित आधार देखापर्दैन।

७·५ शब्द सापट लिंदा प्रायः मूल अर्थमा अंन्तर आएको पनि देखिन्छ, जस्तै– अङ्ग्रेजी 'Rail' (लीक), नेपाली 'रेल' (सो लीकमा चल्ने गाडी) ...।

७·६ कुनै पनि ग्राही भाषामा शब्दभन्दा तल्लो एकाइ (उपसर्ग, परसर्ग ...) बाट वहुतै कम सापट लिइन्छ। शब्दभन्दा माथ्ला एकाइ (पदसमूह, उपवाक्य ...) बाट पनि न्यून मात्रामा नै सापट लिइएको देखिन्छ। एउटा भाषामा अर्का भाषाबाट सापट लिइने खास एकाइ **शब्द** नै हो। यस एकाइबाट पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वनाम, विशेषण, अव्यय आदि वर्गका शब्द ग्रहण नगरिएर **नाम वर्गका** शब्दै मात्र सापट लिइन्छन् ।

७·७ अन्य भाषाबाट **रूपिमहरू** ग्रहण गरिए तापनि ज्ञान-विज्ञानका क्षेत्रमा प्रयुक्त गर्नाका निमित्त हाल जानाजान र सायाश रचना गरिने शब्दलाई सापटका दृष्टिले नहेरेर अर्कै दृष्टिले हेर्नुपर्छ, किनभने यसरी बनाइएका शब्दको आफ्ना भाषाको व्यवस्था र रचना-पद्धतिसंग तालमेल हुन्छ, जस्तै– नेपालीमा **पुनरावेदन, रूपिम, बन्दीप्रत्यक्षीकरण** ...।

७·८ शब्द सापट लिंदा प्रायः मूल रुपाकार र विषय-वस्तु (Motor →**मोटर**) का साथ ग्रहण गरिन्छ तापनि कहिलेकाहीं त्यसको अर्थ मात्रै पनि सापट लिइन्छ र कुनै निजी शब्दमा सो अर्थ गर्भित गरेर **अनूदित सापटी शब्द** पनि बनाइन्छ, जस्तै– **मोटरसाइकलका** निमित्त **भटभटे** ।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एघार

□

समास र समस्त शब्द

१. अर्थ, स्वरूप र कार्य

१.१ नेपाली शब्द-रचनाका तीन पद्धतिमध्ये दोस्रो महत्त्वपूर्ण पद्धति समास हो । सर्ग-पद्धति झैं यसमा पनि निश्चित विधान र प्रक्रियाबाट विभिन्न सार्थक शब्दको रचना गरिन्छ । शब्द-रचनाका यी दुई पद्धतिमा फरक चाहिं के छ भने सर्ग-पद्धतिमा शब्दका बद्ध रूपहरूको र समास-पद्धतिमा मुक्त रूपहरूको योग हुन्छ । यी दुवै थरीमा विभेद गर्नाका निमित्त यसमा बद्ध रूपहरूबाट निर्मित शब्द-लाई **यौगिक शब्द** र मुक्त रूपहरूबाट निर्मित शब्दलाई **समस्त शब्द** भनिएको छ ।

बोल्दा जसको उच्चार निश्चित अर्थका साथ स्वतन्त्र रूपमा गरिन्छ अथवा जसको प्रयोग वाक्यात्मक संरचनामा एक्लै हुन्छ, त्यो नै शब्दको **मुक्त रूप** हो, जस्तै– **मामा, घर, आफू, राम, मन**...। यसका विपरीत **बद्ध रूप** चाहिं त्यो हो जसको स्वतन्त्र उच्चार गरिन्न र जो वाक्यात्मक संरचनामा एक्लै क्रियाशील हुन्न, जस्तै– **बे, आ, अ, सु, नि, ऐ, ता, इक**...। यसअनुरूप {**बेमाख, आजन्म, अपुग, सुनाम, निमुखा, हिजैं, सुन्दरता, शारीरिक**...} मा [**बे-, आ-, अ-, सु-, नि-, ऐ-, ता-, -इक**...] को बोल्दा स्वतन्त्र उच्चार वा वाक्यमा एक्लै प्रयोग नगरिने हुँदा उपर्युक्त सबै शब्दहरू समस्त नभएर सर्ग अर्थात् बद्ध रूपका योगबाट बनेका यौगिक वा व्युत्पन्न शब्द हुन् । यसैगरी {**यथाशक्ति, प्रत्यक्ष, नाटककार, पङ्कज, गृहस्थ, तटस्थ, कृतघ्न, सूक्ष्मदर्शी, सप्ताह, उरग, विहग, कृतज्ञ, दिवा-कर**...} संस्कृतमा समस्त शब्द हुन्, तर नेपालीमा चाहिं यौगिक शब्द हुन् । उपर्युक्त शब्दमा गाँसिएका [**यथा–, –अक्ष, –कार, –ज, –स्थ, –घ्न, –दर्शी, –अह, –ग, –ज्ञ, –कर**. . .] को स्वतन्त्र प्रयोग नगरिने हुँदा यस प्रकारका शब्द-लाई नेपालीमा समस्त शब्द मान्न सकिन्न ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीमा {**मामाघर, आफूराम, तँतँ-मम, भन-भन, सूर्योदय, दृष्टिकोण पाउरोटी, क्लासरूम, पोस्ट-अफिस**...} समस्त शब्द हुन्, किनभने यिनमा दुई मुक्त रूपको योग भएको छ। [**मामा–**] र [**–घर**], [**आफू–**] र [**–राम**], [**तँतँ–**] र [**–मम**], [**भन–**] र [**–भन**], [**सूर्य–**] र [**–उदय**], [**दृष्टि–**] र [**–कोण**], [**पाउ–**] र [**–रोटी**], [**क्लास–**] र [**–रूम**], [**पोस्ट–**] र [**–अफिस**] मध्ये प्रत्येकको स्वतन्त्र रूपमा सार्थक उच्चार गरिन्छ र वाक्यमा एक्लै प्रयोग पनि गरिन्छ। यसैगरी {**रतन्धो, कनफट्टा, मखिबुट्टा, हत्तेहाला, हतकंडी, घोडचढी, सान्नानी**...} पनि समस्त शब्द हुन्। यिनमा [**रत्–, कन–, –फट्टा, मखि–, –हाला, हत–, घोड–,–चढी, सान्-**] वाक्यात्मक संरचनामा एक्लै क्रियाशील नहुने भएकाले बद्ध रूप जस्ता देखिन्छन्, तर यिनको स्थिति {**यथाशक्ति, प्रत्यक्ष**...} का [**यथा–, –अक्ष**...] भन्दा भिन्न छ। यी दुवैमा फरक के छ भने [**रत्–, कन–**...] रूपध्वनिप्रक्रियात्मक परिवर्तनका परिणाम हुन् र [**यथा–, –अक्ष**...] चाहिं यस प्रक्रियाबाट विकृत भएका रूप होइनन्। जसमा रूपध्वनिप्रक्रियात्मक परिवर्तन अर्थात् विकार भएको हुन्छ त्यसको **मुक्त संपरिर्तक** पनि अवश्य हुन्छ। यस दृष्टिबाट हेर्दा [रत् ∽ **रात**, कन ∽ **कान**, फट्टा ∽ **फटाएको**, मखि ∽ **माखे**, हाला ∽ **हाल्ने**, हत ∽ **हात**, घोड ∽ **घोडा**, चढी ∽ **चढ्ने**, सान् ∽ **सानी**...]संपरिवर्तकहरूमा दोस्रा चाहिं मुक्त रूप हुन् जुनको वाक्यमा एक्लै प्रयोग हुन्छ। निचोर के भने रूपध्वनिप्रक्रियात्मक विकारबाट बद्ध देखिए तापनि मुक्त संपरिवर्तक हुने उपर्युक्त खालका शब्द गाँसिएर बनेका शब्द पनि समस्त शब्द हुन्।

१.२ **सन्निकट अवयव भएर रहेका एकभन्दा बढी मुक्त शब्दहरूको यौगिक विधानलाई समास भनिन्छ,** जस्तै– माखा जस्तो बुट्टा हुने → **मखिबुट्टे**, साग र पात → **सागपात**...। समासको प्रक्रियामा योग मात्र हुन्न, लोपद्वारा **संक्षेपीकरण** पनि हुन्छ। अनि यसमा योग र लोपमात्र हुन्न, यी प्रक्रियाबाट अर्को तर विशिष्ट अर्थयुक्त शब्दको निर्माण पनि गरिन्छ। माथिका दुई समस्त शब्दहरूमा घटित भएको समासको पुरा प्रक्रियालाई तल स्पष्ट पारिएको छ।

मखिबुट्टे →
- (क) माखा जस्तो → {माखो → माख्– / जस्तो → –ए} → **माखे** } संक्षेपीकरण
- (ख) बुट्टा हुने → {बुट्टा → बुट्ट्– / हुने → –ए} → **बुट्टे** } संक्षेपीकरण
- (ग) माखे {**सन्धि** : आ → अ, ए → इ} ∽ मखि + बुट्टे → **मखिबुट्टे**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सागपात →
(क) साग → **साग**
(ख) र → ○
(ग) पात → **पात**
} **संक्षेपीकरण**
(घ) साग + पात → **सागपात**

समासको उपर्युक्त यौगिक विधानद्वारा निर्मित शब्दलाई **समस्त शब्द (सश)** भनिन्छ। समस्त शब्दले समस्त रूपमा एउटा र विशिष्ट अर्थको बोध गराउँछ, जस्तै–

(क) **मखिबुट्टे** → कपडा विशेष,
(ख) **सागपात** → तरकारीका रूपमा खाइने बस्तु,
(ग) **दोबाटो** → बाटाहरू जोरिएको ठाउँ विशेष,
(घ) **हिजोआज** → अचेल।

१·३ **श्रेणी-मापदण्ड** (हेर्नू : एक–१.२) का जुन एकाइको संरचनामा एकभन्दा बढी मुक्त शब्द क्रियाशील हुन्छन् त्यसलाई **पदसमूह** भनिन्छ। यस मांथ्लो एकाइबाट लगत्तै तलको एकाइ अर्थात् शब्दको रचना गर्नु समास हो, जस्तै–



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदसमूहमा समासको यौगिक प्रक्रिया घटित भएको यस प्रकार देखाउन सकिन्छ–



दुई वा दुईभन्दा बढी मुक्त रूपहरूबाट निर्मित भए पनि समासको विधान एवं प्रक्रियाद्वारा बनेको समस्त शब्द पदसमूह नभएर शब्द हुन्छ र यसले वाक्यात्मक संरचनामा एउटा शब्दको कार्य गर्छ । यस वेहोराले गर्दा समस्त शब्दको पनि त्यही स्वरूप, अभिलक्षण र कार्य हुन्छ जो शब्द एकाइका सदस्यहरूको हुन्छ । समस्त शब्द र शब्दको समानता, अनि समस्त शब्द र पदसमूहको भिन्नतालाई तलका बुँदाहरूमा स्पष्ट पारिएको छ–

क. **ध्वन्यात्मक दृष्टिबाट शब्द स्वतन्त्र रूपमा उच्चरित हुने यस्तो एउटा एकाइ हो जसका अगाडि र पछाडि विराम हुन्छ ।** शब्दको यो अभिलक्षण समस्त शब्दमा पनि पाइन्छ, जस्तै–

अ. त्यो **जेठो बाठो** हो ।

आ. त्यो **जेठोबाठो** हो ।

माथि (अ) मा {**त्यो, जेठो, बाठो, हो**} चार शब्द छन् । यिनमा {**त्यो**} को उच्चारण / **त्** /, / **यो**/अथवा {**जेठो**} को उच्चारण / **जे** /, / **ठो** / का रूपमा गरिन्न । यसबाट के स्पष्ट हुन्छ भने / जे / र / ठो / का माझमा विराम संभव छैन । यसका विपतीत # **त्यो** # **जेठो** # **बाठो** # **छ** # का वीचमा चाहिं केही विराम अवश्य गरिन्छ, जसले गर्दा # चिह्नद्वारा विभाजन संभव भएको छ । विरामका आधारमा विभाजन गर्दा चार एकाइहरू प्राप्त भएकाले यस वाक्यमा चार शब्द छन् । (आ) मा पनि # **त्यो** # **जेठोबाठो** # **हो** # मा विराम भएकाले {**जेठोबाठो**} को उच्चारण एउटा शब्द झैं एक एकाइका रूपमा गरिन्छ र यस तथ्यले शब्द र समस्त शब्दको स्वरूपलाई समान देखाउँछ । समस्त शब्द # **जेठोबाठो** # को उच्चारण (आ) झैं एक साथ नगरेर (अ) झैं # **जेठो** # **बाठो** # का रूपमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बीचमा पनि विराम दिएर गरिन्छ भने त्यो एक शब्द नरहेर दुई स्वतन्त्र शब्द हुन्छ । यस अवस्थामा त्यो समस्त शब्द नभएर श्रेणी मापदण्डको पदसमूह एकाइ हुन्छ, जसलाई परम्परित शब्दमा **वाक्यांश** भनिन्छ । निचोर के भने दुई वा दुईभन्दा बढी स्वतन्त्र शब्दको उच्चारण **युक्त-सङ्क्रमण** (# जेठोबाठो #) मा हुँदा समस्त शब्द हुन्छ र **मुक्त–सङ्क्रमण**(# जेठो # बाठो # मा) हुँदा चाहिं पदसमूह हुन्छ।

ख. एउटा शब्दको संरचनामा रहेका ध्वनिहरूमध्ये एउटा ध्वनिमा प्रमुख र बाँकी ध्वनिमा गौण आघात हुन्छ । शब्दको पहिचान गराउने यो अभिलक्षण समस्त शब्दको पनि पहिचान हो, जस्तै–

अ. त्यो **गोरु गाडा** तान्छ ।
आ. त्यो **गोरुगाडा** तान ।

माथि (अ) को {**गोरु**} मा प्रमुख आघात / ↑**गो** / र गौण आघात / ↓**रु** / मा छ, तसर्थ { ↑**गो**↓**रु** } एउटा शब्द हो । यसैगरी (आ) मा {**गोरुगाडा**} को [↑**गोरु**] मा प्रमुख आघात र [↓**गाडा**] मा गौण आघात परेकाले {↑**गो**↓**रु**} झैं {↑**गो**↓**रु**↑**गा**↓**डा**} पनि एउटा शब्द हो । समस्त शब्दका दुवै शब्दमा समान आघात भएमा त्यो समस्त शब्द नरहेर पदसमूह हुन्छ, जस्तै–(अ) को {↑**गोरु** ↑**गाडा**} दुवैमा प्रमुख आघात रहेकोले यो पदसमूह हो । यसका विपरीत (आ) को {↑**गोरु**↓**गाडा**} मा अघिल्लो अंश [↑**गोरु**] मा मात्र प्रमुख आघात रहेकाले यो समस्त शब्द हो ।

ग. शब्दमा ध्वनिको जुन क्रम हुन्छ त्यसलाई **उल्टोपाल्टो गर्न सकिन्न,** जस्तै {**गोरु**} को {**रुगो**} हुन्न । ठीक यही स्वरूप समस्त शब्दको पनि हुन्छ, किनभने {**गोरुगाडा**} को {**गाडागोरु**} हुन्न । क्रम पल्टिएका खण्डमा जसरी {**रुगो**} शब्द रहन्न, त्यसैगरी {**गोरुगाडा**} पनि समस्त शब्द नरहेर {**गाडा गोरु**} का रूपमा पदसमूह हुनजान्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गाडा गोरु तान्छ वाक्यमा **गाडा गोरु** समस्त शब्द नभएर पदसमूह हो । यसैगरी **रातो पुर्जी** पदसमूह भएकाले **पुर्जी रातो छ** हुन्छ, तर {**लालपुर्जी**} समस्त शब्द भएकाले **पुर्जीलाल** छ चाहिं हुन्न ।

घ. **कुनै पनि शब्दको ध्वनि-समूहका माझमा अरू कुनै ध्वनि घुसार्न सकिन्न,** जस्तै– {**गोरु**} को /**गो**/ र /**रु**/ का माझमा /**को**/ हालेर **गो-को-रु** गर्न सकिन्न । शब्दको यो अभिलक्षण समस्त शब्दमा पनि घटित हुन्छ, किनभने यसका माझमा पनि अरू कुनै शब्द घुसाउन सकिन्न, जस्तै– {**गोरुगाडा**} को **गोरु-राम्रो-गाडा** हुन्न । यसका विपरीत **गोरु गाडा** चाहिं पदसमूह भएकाले यसका माझमा अर्को शब्द पनि घुसाउन सकिन्छ, जस्तै– **एउटा गोरु राम्रो गाडा तान्छ** । यसैगरी **रातो पुर्जी** पदसमूहका माझमा अन्य शब्द हालेर **रातो र सेतो पुर्जी** अथवा **रातो र च्यातिएको पुर्जी** गर्न सकिन्छ, तर समस्त शब्द {**लालपुर्जी**} लाई **लाल-सेतो-पुर्जी** अथवा **लाल--च्यातिएको–पुर्जी** गर्न सकिन्न । निचोर के भने दुई शब्दका माझमा अर्को शब्द आउन सक्ने भएमा त्यो समस्त शब्द नभएर पदसमूह हुन्छ ।

ङ. **शब्दले वाक्यात्मक संरचनामा एउटा व्याकरणिक एकाइको कार्य गर्छ** । यसैगरी दुई स्वतन्त्र शब्दको योगबाट निर्मित समस्त शब्दले पनि वाक्यात्मक संरचनामा दुइटा होइन एउटा एकाइ-को व्याकरणिक कार्य गर्छ । यसको कारण चाहिं के हो भने समस्त शब्दका दुई वा सोभन्दा बढी शब्दले रूपात्मक संरचनामा आआफ्नो पृथक् सत्ता छाडेर एउटा व्याकरणिक एकाइको रूप लिन्छन् । उदा-हरणका निम्ति **विशेषण** (शुभ) र **नाम** (आगमन) का योगबाट निर्मित समस्त शब्द **नाम** (शुभागमन) हुन्छ भने यसले वाक्यमा **विशेषण** र **नाम**को छुट्टाछुट्टै कार्य नगरी **नाम**को एउटा कार्य मात्र गर्छ, जस्तै–

अ. वाहाँको **शुभ आगमन**ले हर्षित पारेको छ ।

आ. वाहाँको **शुभागमन**ले हर्षित पारेको छ ।

माथि (अ) मा {**शुभ**} ले विशेषणको र {**आगमन**} ले नामको कार्य बेग्लाबेग्लै गरेका छन्, तर (आ) को {**शुभागमन**} मा चाहिं दुवैको सत्ता बेग्लाबेग्लै छैन । यसमा दुवैले संयुक्त रूपमा नामको कार्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेका हुँदा {शुभागमन} समस्त शब्द हो। यस ढङ्गमा एउटा व्याकरणिक कार्य नगरी दुवैले आआफ्नो सत्ता कायम राखेर बेग्लाबेग्लै कार्य गरेका खण्डमा पदसमूह हुन्छ, जस्तै– (अ) मा **शुभ आगमन**।

च. रूपात्मक संरचनामा शब्द आधार तत्त्वका रूपमा क्रियाशील हुन्छ भने समस्त शब्दले पनि यो कार्य गर्छ। जसरी आधार तत्त्वमा सर्ग गाँसेर शब्दको रचना गरिन्छ त्यसैगरी समस्त शब्दमा पनि सर्गको यौगिक विधानद्वारा शब्दको रचना गरिन्छ, जस्तै–

अ. पश्चायत्+ई →पश्चायती
आ. दोबाट्+ए→दोबाटे
इ. घरपाल्+उवा →घरपालुवा
ई. पुस्तकालय्+ईय →पुस्तकालयीय
उ. धर्मविमुख+ता →धर्मविमुखता ।

छ. अर्थात्मक दृष्टिबाट वाक्यात्मक संरचनाका प्रत्येक शब्दले एउटा–एउटा अर्थको बोध गराउँछन्। शब्दको यो बेहोरा समस्त शब्दमा पनि पाइन्छ, किनभने समस्त शब्दका दुवै शब्दले बेग्लाबेग्लै दुई अर्थको बोध नगराई संयुक्त रूपमा एउटा अर्थको बोध गराउँछन्, जस्तै–**गुरुआमा**... । {**गुरुआमा**} ले **गुरु** र **आमा** दुई भिन्न व्यक्तिलाई जनाउँछ भने पदसमूह हो, तर **गुरूकी पत्नी** भन्ने एउटै व्यक्तिलाई बुझाउँछ भने समस्त शब्द हो। संरचनामा दुई शब्द रहेर पनि दुई भिन्न अर्थको बोध नगराई एउटा अर्थको बोध गराउनु समस्त शब्दको पहिचान हो।

समासको विधान भएर बनेको **समस्त शब्दमा** शब्दका उपर्युक्त अभिलक्षणहरू हुनु आवश्यक छ।

१.४ समासको विधान जुनसुकै दुई वा दुईभन्दा बढी मुक्त रूपमा हुन्न। समासको विधान त्यस्ता स्वतन्त्र शब्दहरूमा मात्र हुन्छ जो वाक्यात्मक संरचनामा **सन्निकट अवयव** हुन्छन्। समासका सन्दर्भमा **सन्निकट अवयवको अर्थ वाक्यका त्यस्ता शब्दहरू हुन् जो सम्बन्ध–विशेषले गर्दा आपसमा जोडिएका हुन्छन्।** समासको प्रक्रिया घटित भएर समस्त हुनाका निमित्त सन्निकट अवयवहरूमा **अर्थको एकता** हुनु आवश्यक छ। अर्थका दृष्टिबाट एउटा अवयव अर्को अवयवको पूरक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनु र प्रत्येकले वेग्लावेग्लै होइन एउटै अर्थको बोध गराउनु नै अर्थको एकता हो। यसका साथै समासका निम्ति सन्निकट अवयवहरूमा आपसमा मिलेर **नाम, सर्वनाम, विशेषण,** क्रिया र अव्ययमध्ये कुनै एक व्याकरणिक **वर्गमा** परिवर्तित हुने क्षमता रहनु पनि आवश्यक छ।

निम्नमध्ये कुनै एक तरहको सम्बन्ध हुने शब्दहरूलाई **सन्निकट अवयव** भनिन्छ–

क. **समानार्थक** हुनु, जस्तै– **चिठीपत्र, रुपियाँ-पैसा, भुलचुक, धन-दौलत, घरघर, भातसाल...।**

ख. **विपरीतार्थक** हुनु, जस्तै– **रातदिन, भएनभएको, हिजोआज, घटवढ, धर्म-अधर्म...।**

ग. **भेदक–भेद्य** हुनु, जस्तै– **भान्साघर, बाबुठग, घोड-चढी, पुलिस-स्टेसन, कामचोर, नदीकाट, हतकडी...।**

घ. **विशेषण–विशेष्य** हुनु, जस्तै– **निलडाम, लालपुर्जी, चौबन्दी, सप्तकोसी, गुप्तचर, राँकेभुत...।**

ङ. **समान व्याकरणात्मक कार्य** गर्नु, जस्तै–**गोरुगाडा जाँदैछ** वाक्यमा **गोरु** र **गाडा** दुवैले **क्रियाको कर्त्ता**का रूपमा कार्य गरेका छन्।

समासको विधान सन्निकट अवयवमा मात्र हुन्छ, तर प्रत्येक सन्निकट अवयवहरूमा समास हुनै पर्छ भन्ने छैन, जस्तै– **बुढाको लट्ठी, सुनमा सुगन्ध, धान-बाट चामल, चाँदीको जुत्ता, सुनको मिर्ग...** समस्त हुन्नन्।

१.५ समस्त शब्दका संरचनामा पाइने मुक्त रूपहरू त्यसका सन्निकट अवयव हुन्। समस्त शब्दका सन्निकट अवयवहरू दुई प्रकारका हुन्छन्– **प्रधान अवयव** (प्रअ) र **अप्रधान अवयव** (अअ)। समस्त शब्दमा **जुन अवयवका अर्थ र कार्यको प्रधानता** हुन्छ त्यो **प्रधान** अवयव हो, जस्तै– {**साहुमारा**} मा [**–मारा**] {**राँकेभुत**} मा [**–भुत**]...। यसका विपरीत **जुन अवयव अर्थ र कार्यका दृष्टिबाट अन्य अवयवको आश्रित** हुन्छ त्यो **चाहिं अप्रधान अवयव** हो, जस्तै–उपर्युक्त समस्त शब्दमा [**साहु–**], [**राँके–**]...।

अवयवको प्रधानताका आधारमा नेपालीमा निम्न तीन प्रकारका समास र समस्त शब्द हुन्छन्–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. प्रधान अवयव र अप्रधान अवयवमा यौगिक विधान हुने समास र यस प्रक्रियाबाट निर्मित समस्त शब्द, जस्तै–

अ.	**प्रअ**	+	**अअ**	→	**सश**
	↓		↓		↓
	आफू		काजी		आफूकाजी
	बाल		कलाकार		बालकलाकार
आ.	**अअ**	+	**प्रअ**	→	**सश**
	↓		↓		↓
	साहु		मारा		साहुमारा
	राँके		भुत		राँकेभुत

परम्परित व्याकरणमा जसलाई **तत्पुरुष, कर्मधारय, द्विगु** र **अव्ययीभाव** भनिन्छ ती समास यसै वर्गभित्र पर्छन् ।

ख. प्रधान अवयव र प्रधान अवयवमा यौगिक विधान हुने समास र यस प्रक्रियाबाट निर्मित समस्त शब्द, जस्तै–

प्रअ	+	**प्रअ**	→	**सश**
↓		↓		↓
कागत		पत्र		कागतपत्र
तेरो		मेरो		तेरोमेरो

परम्परित व्याकरणमा यसलाई **द्वन्द्व** समास भनिन्छ ।

ग. अप्रधान अवयव र अप्रधान अवयवमा यौगिक विधान हुने समास र यस प्रक्रियाबाट निर्मित समस्त शब्द, जस्तै–

अअ	+	**अअ**	→	**सश**
↓		↓		↓
माखे ∽ मखि		बुट्टे		मखिबुट्टे
कान ∽ कन		फट्टा		कनफट्टा

परम्परित व्याकरणमा यसलाई **बहुव्रीहि** समास भनिन्छ ।

एउटा समस्त शब्दको संरचनामा कतिओटासम्म सन्निकट अवयव हुन्छन् भनेर हेर्दा नेपालीमा तत्पुरुष र द्वन्द्वबाहेक अन्यमा दुइटा मात्र सन्निहित अवयव देखापर्छन् । तत्पुरुषमा दुईभन्दा वढी पनि सन्निहित अवयव हुन्छन् र द्वन्द्वमा त एकभन्दा वढी जति पनि सन्निहित अवयव हुनसक्छन्, जस्तै–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्पुरुष →
- पर्यटन तालीम केन्द्र (३)
- नेपाल पुनर्वास कम्पनी (४)
- हेटौंडा कपडा उद्योग लिमिटेड (४)
- रामपुर टार सिंचाइ योजना (५)

द्वन्द्व →
- दाल-भात-डुकु (३)
- तन-मन-धन (३)
- किताप-कागत-कलम-मसी (४)
- चाँप-गुराँस-बेली-जाई-गुलाफ (५)

१.६ समस्त शब्दका सन्निहित अवयवहरूलाई छुट्ट्याउने र अर्थ्याउने प्रक्रियालाई परम्परित व्याकरणमा **विग्रह** भनिन्छ। विग्रहबाट समस्त शब्दका संरचनामा रहेका पदहरूको आपसी सम्बन्ध व्यक्त भएर अर्थ स्पष्ट हुन आउँछ।

समासको प्रकार छुट्ट्याउने आधार पनि विग्रह नै हो। एउटै समस्त शब्दमा पनि विग्रह र अर्थका भेदले गर्दा विभिन्न समास भएको देखिन्छ, जस्तै—

	विग्रह	प्रकार
धर्मबुद्धि	धर्म र बुद्धि	द्वन्द्व
	धर्ममा बुद्धि	तत्पुरुष
	धर्ममा छ जुन बुद्धि	कर्मधारय
	धर्ममा छ बुद्धि जसको	बहुव्रीहि

केही शब्दको विग्रहमा एउटै अर्थ भए पनि विग्रह गराइबाट समासको प्रकारमा भिन्नता हुनजान्छ, जस्तै—

	विग्रह	प्रकार
लक्ष्मीकान्त	लक्ष्मीका कान्त	तत्पुरुष
	लक्ष्मी छन् कान्ता जसकी	बहुव्रीहि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विग्रह सकेसम्म समस्त शब्दका संरचनामा रहेका पदका अनुसार गर्नु राम्रो ठानिन्छ, जस्तै—

लम्बोदर → { बेठीक → लामो भुँडी भएको ; ठीक → लम्ब उदर भएको }

पीताम्बर → { बेठीक → पहेंलो कपडा छ जसको ; ठीक → पीत अम्बर छ जसको }

संस्कृत वा नेपालीका पनि अव्ययीभाव र बहुव्रीहि समासको विग्रह गर्न अप्ठचारो पर्ने हुनाले अन्य पदको पनि सहायता लिनुपर्ने देखिन्छ ।

१.७ समासको यौगिक प्रक्रियामा **रूपध्वनिप्रक्रियात्मक परिवर्तन** पनि भएको देखिन्छ । यसको तात्पर्य के हो भने समासको यौगिक प्रक्रियामा **सन्धि** पनि हुन्छ । सन्धि भनेको दुई ध्वनिका माझ हुने ध्वनिप्रक्रियात्मक परिवर्तन हो जो भाषाको ध्वनि-नियमअनुसार घटित हुन्छ । समास भनेको ध्वनिको यौगिक प्रक्रिया नभएर शब्दहरूको यौगिक प्रक्रिया हो र यस यौगिक प्रक्रियामा सन्धि पनि हुन्छ; जस्तै—

क. { समास → अन्न + अभाव → **अन्नाभाव** ; सन्धि → अ + अ → **आ** }

ख. { समास → महा + उत्सव → **महोत्सव** ; सन्धि → आ + उ → **ओ** }

ग. { समास → जगत् + नाथ → **जगन्नाथ** ; सन्धि → त् + न् → **न्न्** }

घ. { समास → घोडा + चढी → **घोडचढी** ; सन्धि → आ → **अ** }

ङ. { समास → माखे + बुट्टे → **मखिबुट्टे** ; सन्धि → ए → **इ** }

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपध्वनिप्रक्रियात्मक परिवर्तन हुने भएकाले समस्त शब्दका कुनै-कुनै सन्निकट अवयवका संपरिवर्तक पनि हुन्छन्, जस्तै–

क. ध्वनिप्रक्रियात्मक संपरिवर्तक–

अ. मखिबुट्टे → माखे ∽ मखि
आ. घोरमुखा → घोडा ∽ घोर
इ. रजहाँस → राजा ∽ रज
ई. कनसुत्लो → कान ∽ कन
उ. लमकन्ना → लामो ∽ लम
ऊ. सान्नानी → सानो ∽ सान्

ख. रूपप्रक्रियात्मक संपरिवर्तक–

अ. लमकन्ना → काने ∽ कन्ना
आ. भातसात → भात ∽ सात
इ. पचन्नी → पाँच ∽ पच्
ई. दोसाँध → दुई ∽ दो
उ. चौबाटो → चार ∽ चौ
ऊ. जालफुक्का → फुकेको ∽ फुक्का

१.८ शब्द-रचनाका विभिन्न पद्धति हुँदाहुँदै समास-पद्धतिलाई पनि अँगाल्नु अकारण होइन। बद्ध होइन मुक्त रूपबाट शब्दको रचना गर्नुबाहेक समासका निम्नलिखित मुख्य प्रयोजन देखिन्छन्–

क. नयाँ-नयाँ शब्दको निर्माण गरेर भाषाको शब्द-भण्डारलाई समृद्ध तुल्याउनु, जस्तै–

प्रज्ञापन + पत्र → प्रज्ञापन-पत्र
ध्वनि + अविकारी → ध्वनि-अविकारी
अध्ययन + संस्थान → अध्ययन-संस्थान
महिला + संगठन → महिला-संगठन
खाम + बम → खामबम...।

ख. दुई परिचित वस्तु दुध र चामलबाट तेस्रो परिचित वस्तु खिर बनाए झैं दुई परिचित शब्दबाट तेस्रो परिचित शब्द

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनाउनु, जस्तै–

हावा + जहाज → **हावाजहाज**

पानी + घट्ट → **पानीघट्ट**

बिजुली + अड्डा → **बिजुलीअड्डा**

हनुमान + ढोका → **हनुमानढोका**

घन्टा + घर → **घन्टाघर**

कल + घर → **कलघर**...।

ग. थोरैमा धेरै भन्नाका निमित्त विभिन्न तत्त्वको **लोप** गरेर शब्दको आकार छोटो-छरितो पार्नु, जस्तै–

दहीमा डुबेको बारा → **दहीबारा**

कालो मसीले छापिएको अच्छेर → **कालोअच्छेर**

आफू नै काजी हुने → **आफूकाजी**

तन र मन र धन → **तन-मन-धन**...।

घ. सन्निकट अवयवको अर्थभन्दा **भिन्न** वा **विशिष्ट अर्थ** भएका शब्दको रचना गर्नु, जस्तै–

रातो (रङ्ग) **माटो** (पदार्थ) → **रातमाटे** (कमिला)

लम्ब (लामो) **उदर** (भुँडी) → **लम्बोदर** (गणेश)

नील (निलो) **कण्ठ** (घाँटी) → **नीलकण्ठ** (ठेउवा)

घडी (समय) **चरो** (पक्षी) → **घडीचरो** (कुखुरो)...।

१.९ नेपाली भाषाले संस्कृतको अतुल शब्द-सम्पत्तिको भोग-चलन गरेको छ। यिनै मध्ये समस्त शब्दहरूमा केन्द्रीभूत हुँदै नेपाली व्याकरणमा समासका नियमहरू संस्कृतकै आधारमा निर्धारित गरिएका छन्। समासको वर्गीकरण र यसका भेद-उपभेदहरूको नामकरण पनि संस्कृतकै बमोजिम छ। प्रत्येक भेद र उपभेदका उदाहरण समेत संस्कृतबाट लिने अथवा संस्कृतकै आधारमा कल्पने चलन देखिन्छ।

नेपाली समासको स्वरूप, विधान र आधार सिनित्तै संस्कृतका अनुरूप छैन। यसको प्रवृत्ति केही मात्रामा संस्कृतसँग मिल्दो छ, तर धेरै मात्रामा अमिल्दो पनि छ। खास कुरो के भने नेपाली समासको आफ्नै विधान र आफ्नै प्रवृत्ति छ जसतर्फ ध्यान दिइएको देखिन्न। तत्पुरुष, द्विगु जस्ता समासमा नेपाली र संस्कृतको प्रवृत्ति उस्तै भए पनि दुवैको सालाखाला समास-पद्धति चाहिँ भिन्न छ। यस तथ्यको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुष्टि संस्कृत समासमा **सन्धि** (हेर्नू : परिशिष्ट–ख) आवश्यक हुनु र नेपाली समासमा आवश्यक नहुनुबाट हुन्छ, जस्तै–

				नेपाली विधानअनुसार हुने रूप		**संस्कृत विधानअनुसार हुनु पर्ने रूप**
				↓		↓
जस	+	अनुसार	→	**जसअनुसार**	→	जसानुसार
हिजो	+	आज	→	**हिजोआज**	→	हिजाज
डेढ	+	अक्कली	→	**डेढअक्कली**	→	डेढक्कली
घर	+	आँगन	→	**घर-आँगन**	→	घराँगन
बिरालो	+	आँखे	→	**बिरालआँखे**	→	बिरालाँखे
बुढी	+	औंलो	→	**बुढीऔंलो**	→	बुढ्यौंलो
हस्ती	+	हाड	→	**हस्तीहाड**	→	हस्तिहाड ...।

कतिसम्म भने संस्कृतका सन्धियुक्त अधिकांश समस्त शब्दलाई पनि नेपालीले आफ्ना विधान र प्रवृत्तिअनुरूप **विच्छेद** गरेर लिएको छ, जस्तै–

संस्कृत		**नेपाली**
↓		↓
परमौजस्वी	→	**परम-ओजस्वी**
तेजोपुञ्ज	→	**तेज-पुञ्ज**
विद्यार्थीपरिषद्	→	**विद्यार्थी-परिषद्**
प्रभ्वादेश	→	**प्रभु-आदेश**
नेतृगण	→	**नेता-गण**
पितृवचन	→	**पिता-वचन**
ध्वन्यालोक	→	**ध्वनि-आलोक**
स्वास्थ्याधिकारी	→	**स्वास्थ-अधिकारी।**

यसको अर्थ नेपालीले सर्वत्र **विच्छेद** गरेरै समस्त शब्द ग्रहण गरेको छ भन्ने होइन। आफ्ना प्रवृत्तिमा पाइक पर्ने सन्धिभएका समस्त शब्दलाई विच्छेद नगरी पनि अपनाएको छ, जस्तै–{**जगदीश, जगन्नाथ, भाग्योदय, यशोधरा, पदोन्नति, वाङमय, दिग्गज** ...}।

संस्कृत **कर्मधारय**मा विशेषण र विशेष्य दुवैमा विभक्ति हुन्छ र समास हुँदा विशेष्यका विभक्तिको लोप हुन्छ, तर नेपालीमा विग्रहकै अवस्थामा पनि विभक्ति हुन्न अथवा त्यसको लोप हुन्न, जस्तै–

संस्कृत		**नेपाली**
नीलम् उत्पलम् → **नीलोत्पलम्**		लाल पुर्जी → **लालपुर्जी**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृष्णः सर्पः → कृष्णसर्पः   सेतो बाघ → सेतोबाघ
सुन्दरी वालिका → सुन्दरबालिका   निलो गाई → निलगाई

आफ्नो प्रवृत्तिअनुरूप भएको हुँदा नेपालीले संस्कृत तत्पुरुषका मनग्गै शब्द ग्रहण गरेको छ, तर **व्यतिहार बहुब्रीहिका** कुनै पनि शब्द स्वीकार गरेको छैन। प्रतिकूल भएको हुँदा बरु नेपालीले यस खालका आफ्नै शब्दको रचना गरेको छ, जस्तै–

संस्कृत	**नेपाली**
↓	↓
केशाकेशी	लुछालुछ
दण्डादण्डी	लाठालाठी
मुष्टामुष्टी	मुक्कामुक्की ।

यसैगरी संस्कृत **बहुब्रीहिका** {**निर्मलजल** (तलाउ), **दत्तधन** (दरिद्र), **वीरपुरुष** (देश), **दत्तपुस्तक** (शिष्य), **उद्धृतजल** (भाँडो), **प्राप्तोदक** (गाउँ), **आरूढवानर** (रूख) ...} जस्ता समस्त शब्दको रचना नेपालीमा हुन्न । **पीताम्बर, नीलकण्ठ, लम्बोदर, चक्रपाणि**... चाहिँ धार्मिक कारणबाट रूढ रूपमा नेपालीमा आएका देखिन्छन् ।

समासका **नञ्** (अनुचित, अकार्य ...), **प्रादि** (आमरण, व्यर्थ ...), **उपपद** (कुम्भकार, विहग ...), **सह** (सपरिवार, सचेत ...) आदि उपभेदहरू संस्कृतमा छन्, तर नेपालीमा चाहिँ यस्ता शब्दको रचना बद्ध रूपबाट हुने भएकाले यिनमा समस्त शब्दको होइन **यौगिक शब्दको** अभिलक्षण देखापर्छ ।

नेपालीमा संस्कृतका **एकशेषको** सत्ता पनि देखिन्न। संस्कृतमा [**ब्राह्मणश्च ब्राह्मणीच →ब्राह्मणौ**] हुन्छ, तर नेपालीमा [**बाहुन र बाहुनी →बाहुनहरू**] समस्त शब्द बनाउँदा यसबाट **बाहुनीको** अर्थ-बोध हुन्न । संस्कृतको [**रामश्च रामश्च → रामौ**]का पाराले नेपालीमा [**राम र राम →रामहरू**] गर्दा बद्ध रूप [**-हरू**]को आगम भएर समस्त होइन **यौगिक शब्दको** रचना हुन्छ ।

संस्कृतमा लामा-लामा समासको चलन छ, जस्तै– [**पशुपतिदर्शनार्थ, पीताम्बरवनमाला, चरणकमलन्यासयोग्य** ...], तर नेपालीमा अधिकांश समास दुई शब्दमा हुन्छ ।

सालाखाला के भने नेपाली समासका आफ्नै पनि आधार छन् र नेपाली समस्त शब्दको छानबीन गरेर यसको विधान पहिल्याउनु आवश्यक छ ।

१.१० नेपालीमा समास गर्दा सामान्यतः **निजी वर्गका** शब्दमा निजी वर्गकै शब्दको र **आगन्तुक वर्गका** शब्दमा सोही स्रोतका शब्दको यौगिक विधान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिन्छ तापनि केही समस्त शब्दहरू छ्यासमिस भएर पनि बनेका देखिन्छन्, जस्तै–

इज्जत (अरबी) **अर्पण** (संस्कृत) →**इज्जत-अर्पण**
दल (संस्कृत) **बन्दी** (फारसी) →**दलबन्दी**
पाउ (पुर्तगाली) **रोटी** (नेपाली) →**पाउरोटी**
रेल (अङ्ग्रेजी) **गाडी** (नेपाली) →**रेलगाडी**
हेड (अङ्ग्रेजी) **गुरु** (संस्कृत) →**हेडगुरु**
चिडिया (नेपाली) **खाना** (फारसी) →**चिडियाखाना**
हस्ती (संस्कृत) **हाड** (नेपाली) →**हस्तीहाड**
दर (फारसी) **रेट** (अङ्ग्रेजी) →**दर-रेट**
डिल्ली (नेपाली) **बजार** (फारसी) →**डिल्लीबजार**
मर्करी (अङ्ग्रेजी) **बत्ती** (नेपाली) →**मर्करी-बत्ती**
हाते (नेपाली) **मसिन** (अङ्ग्रेजी) →**हातेमसिन**
ग्यालरी (अङ्ग्रेजी) **बैठक** (नेपाली) →**ग्यालरी-बैठक**...।

१.११ समस्त शब्दका दुई अवयवमाझ **योजक-चिह्न** (–) राख्ने चलन अङ्ग्रेजीबाट आएको हो । नेपालीमा यसको प्रयोगको एकरूपता देखिन्न, जस्तै– **नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान** (**प्रज्ञा प्रतिष्ठान** होइन), **मातृ-शिशु कल्याण केन्द्र** (**मातृ शिशु** होइन), **सिक्योरिटी खरीद बिक्री केन्द्र** (**खरीद-बिक्री** होइन), **कृषि औजार कारखाना** (**कृषि-औजार** होइन) ...।

१.१२ नेपालीमा समासको यौगिक विधान **नाम**, **सर्वनाम**, **विशेषण**, **क्रिया** र **अव्ययमा** हुन्छ ।

२. तत्पुरुष समास र समस्त शब्द

२.१ नेपालीमा तत्पुरुषको समास-विधान **अअ+प्रअ→सश** हो । यसका आफ्ना प्रमुख अभिलक्षण चाहिं निम्नलिखित हुन्–

क. **समासको प्रक्रियामा सम्बन्ध-तत्त्वको लोप हुन्छ ।** समासको विधान हुँदा सन्निकट **अवयव–१** (अअ) तिर्यक् रूपमा र **अवयव–२** सरल रूपमा हुन्छ । सम्बन्ध-तत्त्व [**–ले,–लाई,–देखि,-बाट,–को,–मा...**] मध्ये कुनै एउटा **अवयव–१** मा गाँसिएको हुन्छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसको समस्त शब्दमा लोप हुन्छ । सम्बन्ध-तत्त्वको लोप यसको खास विशेषता र पहिचान पनि हो, जस्तै–



ख. **समासको विधान हुने सन्निकट अवयवहरूमा भेदक-भेद्यसम्बन्ध हुन्छ ।** सम्बन्ध-तत्त्व गाँसिएर तिर्यक् रूपमा रहेको अवयव–१ भेदक हुन्छ जसले अवयव–२ भेद्यलाई त्यसै प्रकारका अन्यबाट वेग्ल्याउंछ र त्यसमा भेद उत्पन्न गर्छ । भेद उत्पन्न गर्नु भनेको भेद्यलाई खास अर्थमा सीमित गर्नु हो, जस्तै–

भेदक (अअ)	+	भेद्य (प्रअ)	→	सश
↓		↓		↓
कक्षालाई		कोठा		कक्षा-कोठा
↓		↓		↓
खाममा		बम		खामबम
↓		↓		↓
वोडाको		सदस्य		वोडा-सदस्य

माथि भेदक [कक्षा–] ले भेद्य [–कोठा] लाई अन्य विभिन्न प्रकारका कोठाहरूबाट वेग्ल्याएको छ । यसप्रकार {कक्षा-कोठा} मा भेद उत्पन्न गरिएको हुँदा यो अन्य कोठा होइन कक्षाका निमित्त प्रयोग गरिने कोठाका खास अर्थमा सीमित भएको छ । भेदक [खाम-] ले भेद्य [–बम] लाई यसका सामान्य प्रकारबाट छुट्ट्याएर भेद उत्पन्न गरेको छ र यसलाई खामभित्र रहने खास बमको विशिष्ट प्रकारमा सीमित गरेको छ । यसैगरी {वोडा-सदस्य} मा [–सदस्य] को अर्थ जुनसुकै संस्थाको सदस्य नभएर वोडाकै सदस्य हो ।

ग. **सन्निकट अवयवहरूमा दोस्रो चाहिं प्रधान हुन्छ ।** अवयवको प्रधानता र अप्रधानता छुट्ट्याउने आधार चाहिं त्यसको व्याकरणिक कार्य हो । वाक्यात्मक संरचनामा अवयव–२ ले क्रिया-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संग सोझै कारकीय सम्बन्ध स्थापित गर्छ र यसैका कारक, लिङ्ग, वचनबाट क्रियाको कारक, वचन, लिङ्ग निर्धारित हुन्छ । व्याकरणिक कार्य गर्ने प्रमुख अङ्ग भएकाले नै यसलाई प्रधान अवयव मानिएको हो, जस्तै--

अ. **घरभँडुवा** → घरभँडुवा आउँदै छ ।
आ. **घरभँडुवी** → घरभँडुवी आउँदै छे ।
इ. **घरभँडुवाहरू** → घरभँडुवाहरू आउँदै छन् ।

माथि व्याकरणिक कार्यका निमित्त [घर–] को होइन [भँडुव्] को रूपायन [भँडुवा, भँडुवी, भँडुवाहरू]मा भएको छ र यिनैका कारक, लिङ्ग, वचनअनुसार क्रियाको पनि कारक, वचन, लिङ्ग यस प्रकार परिवर्तित भएको छ–

अ. **सरल कारक, एकवचन, पुलिङ्ग** → आउँदै छ ।
आ. **सरल कारक, एकवचन, स्त्रीलिङ्ग** → आउँदै छे ।
इ. **सरल कारक, बहुवचन** → आउँदै छन् ।

वाक्यात्मक संरचनामा क्रियाशील भएर व्याकरणिक कार्य गर्ने दृष्टिबाट समस्त शब्दका दुई सञ्चियार (घर+भँडुवा) मध्ये पहिलो निष्क्रिय र दोस्रो सक्रिय सञ्चियार भएकाले **अवयव–२** लाई प्रधान शब्द भनिएको हो ।

घ. **अवयव–१ चाहिं प्रधान नभएर अप्रधान हुन्छ ।** वाक्यात्मक संरचनामा अवयव–१ प्रधान अवयवको आश्रित हुन्छ र त्यसैका माध्यमबाट यसले अप्रत्यक्ष रूपमा मात्र क्रियासंग सम्बन्ध स्थापित गर्छ । फलस्वरूप यसको व्याकरणिक कार्य गौण हुन्छ जसले गर्दा अवयव–१ वाक्यात्मक संरचनामा सक्रिय नभएर निष्क्रिय सञ्चियार बन्न पुग्छ, जस्तै–माथि (अ) मा आउने काम [–भँडुवा] ले गर्छ, [घर–] ले होइन, (आ) मा [–भँडुवी] ले गर्छे, [घर-] ले होइन र (इ) मा [–भँडुवाहरू] ले गर्छन्, [घर–] ले होइन । निचोर के भने **अवयव–१** मा क्रियाको कर्ता भएर आउने क्षमता हुन्न र यसै कारणले यसलाई अप्रधान शब्द मानिन्छ ।

२.२ तत्पुरुष समासको उपर्युक्त रचना-विधानबाट निर्मित समस्त शब्दको छोटो सूची तल दिइएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकार	समस्त शब्द	टिप्पणी
क. कर्म तत्पुरुष [भाइलाई + मार्ने (मारा) → भाइमारा]	भाइमारा, साहुमारा, निचमारा, बगलीमारा, पकेटमारा, जाँगरमरुवा, भुँडीफोरा, घरफोरा, हुतीहारा, हत्तेहाला, गोडधुवा, घरभँडुवा, बुख्पेलाहा, पैसाठग, बाबुठग, कुखुराचोर, वेतनभोगी, गगनचुम्बी, हृदयविदारक, मनमोहक, स्वर्गप्राप्त, सुखप्राप्त, देशागत...।	सम्वन्ध-तत्त्व [-लाई] हुन्छ, जसको समासका प्रक्रियामा लोप हुन्छ । सम्बन्ध-तत्त्वले **अवयव-२ का कार्यको प्रभाव अवयव-१ मा** परेको देखाउँछ। मार्ने ∽ मारा फोर्ने ∽ फोरा हार्ने ∽ हारा हाल्ने ∽ हाला धुने ∽ धुवा चुम्ने ∽ चुम्बी।
ख. करण तत्पुरुष [भोकले + मर्नु (मरी) → भोकमरी]	भोकमरी, पानीमरुवा, तरवारहनैया, नदीकाट, डरछेरुवा, हलोजोता, मनचिन्ते, मनगढन्त, रसभरी, कपडछान, प्रभावपूर्ण, सजावटपूर्ण, सौन्दर्यपूर्ण, आश्चर्यचकित, भयभीत, पददलित, श्रमरहित, बाढीपीडित, अकालपीडित, रोगपीडित, वचनवद्ध, मदमत्त, ईश्वरदत्त, मेघाच्छन्न, रससिक्त, बुद्धिजीवी, श्रमजीवी, भानुभक्तरचित, गर्वशून्य, गुणहीन...।	सम्बन्ध-तत्त्व **[-ले, -बाट,-द्वारा]** हुन्छ, जसको समासका प्रक्रियामा लोप हुन्छ । सम्बन्ध-तत्त्वले **अवयव-१ लाई अवयव -२ को साधनका** रूपमा प्रकट गर्छ । काटिएको ∽ काट जोत्ने ∽ जोता चिन्तित ∽ चिन्ते

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

		भरिएको ∽ भरी कपडा ∽ कपड छान्नु ∽ छान ।
ग. सम्प्रदान तत्पुरुष [आरामलाई + कुर्सी → आरामकुर्सी]	आरामकुर्सी, भान्साघर, हतकडी, मिलापत्र, कामलायक, बाटोखर्च, डाकखर्च, बिन्तीपत्र, पुजासामा, अध्ययन-संस्थान, दन्त-मन्जन, गठवन्धन, स्मृति-भवन, क्लासरूम, गेस्ट-हाउस, मालगोदाम, क्षमाप्रार्थी, भोगवन्धक, देशभक्ति, कन्यायोग्य, पुत्रशोक, स्नानघर, पाठशाला, बलिदान, बलिपशु, देवालय, सभाभवन, कृष्णार्पण ... ।	सम्वन्ध-तत्त्व **[-लाई]** हुन्छ, जसको समासका प्रक्रियामा लोप हुन्छ । सम्वन्ध-तत्त्वले **अवयव-१ का निमित्त (का लागि) अवयव- २** भन्ने जनाउँछ । हात ∽ हत मिलाप ∽ मिला सामान ∽ सामा ।
घ. अपादान तत्पुरुष [जन्मदेखि + रोगी → जन्मरोगी]	जन्मरोगी, जाँगरचोर, कामचोर, गोलफुट्टा, भुइँफट्टा, हातकट्टा, जालफुक्का, रिनमुक्त, गुरुभाइ, कार्यमुक्त, पापमुक्त, पदच्युत, दृष्टिगोचर, जन्मान्ध, देशनिकाला, बुद्धिहीन, शक्तिहीन, नेत्रहीन, धर्मविमुख, लोकोत्तर, मरणोत्तर ... ।	सम्वन्ध–तत्त्व **[–देखि,-बाट,-भन्दा]** हुन्छ, जसको समासका प्रक्रियामा लोप हुन्छ । सम्वन्ध-तत्त्वले **अवयव–२ को अवयव– १ बाट वियोग, विच्छेद दुरी अवधि ...** जनाउँछ । फुटेको ∽ फुट्टा । फटाएको ∽ फट्टा फुकेको ∽ फुक्का

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ङ. सम्बन्ध तत्पुरुष
[खुद्राको + पसल
→ खुद्रापसल]

खुद्रापसल, थोकव्यापारी, मालपोत, धनजमानी, बचत-खाता, चल्तीखाता मालगाडी, रेलगाडी, गोरुगाडी, पानीघट्ट, इँजारघर, गौचर, गाईगोठ, गाईजात्रा, गाईदान, गोदान, नलीहाड, हस्तीहाड, वनमान्छे, गुँदपाक, घरज्वाइँ, हात्तीदाँत, घरजम, घोडेजात्रा, घोडादौड, मिर्गछाला, भुइँचालो, लगनगाँठो, भिरमाहुरी, घरकाज, सँघारठेलो, रामकहानी, महिला-संगठन, वाल-संगठन, नेपाली-साहित्य, नेपाली-शैली, अंग्रेजी-पत्रिका, भाषा-विज्ञान, समाजशास्त्र, वोडा-अध्यक्ष, चरित्र-चित्रण, चरित्र-निर्माण, सभापति, आँसुग्याँस, आइसक्रीम, टी-पार्टी, फुटवल, क्रिकेट-म्याच, अणुयुग, कर-निर्धारण, शोधपरक, दृष्टिकोण, कुलधर्म, निर्वाचन-सूची, अनुसन्धानमूलक, धनादेश, कर्णधार, राष्ट्रसेवक, पुस्तकालय गङ्गाजल, अधिकारपत्र, सन्देहजनक,

सम्बन्ध-तत्त्व [-को -की, -का] हुन्छ, जसको समासका प्रक्रियामा लोप हुन्छ। सम्बन्ध-तत्त्वले अवयव-१ को अवयव -२ संग सम्बन्ध बताउँछ।
गाई ~ गौ ~ गो
घोडा ~ घोड
चाल ~ चालो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	फलदायक, श्रमदान, नगरपञ्चायत, हिमालय, डाकघर, डाकदर, मनीब्याग, शिक्षा-समिति...।	
च. अधिकरण तत्पुरुष [रात (७ रत्) मा +अन्धो → रतन्धो]	रतन्धो, कानेखुसी, घोडचढी, कर्मचन्डाल, कर्मचारी, बनभोज, दहीबारा, खामबम, ओछ्यानमुतुवा, घरपाला, गल्लीडुलुवा, गल्लीढुकुवा, बाटोढुकुवा, कलाप्रवीण, कविश्रेष्ठ, मुनिश्रेष्ठ, नरोत्तम, नरसिंह, दानवीर, प्रेममग्न, गृहप्रवेश, शरणागत, आनन्दमग्न, रणशूर, हरफनमौला...।	सम्बन्ध-तत्त्व [-मा]हुन्छ, जसको समासका प्रक्रियामा लोप हुन्छ। सम्बन्ध-तत्त्वले **अवयव-२ को आधार अवयव-१** हो भन्ने व्यक्त गर्छ। कान ७ काने खासखुस ७ खुसी पालिएको ७ पाला। (हरफन → प्रत्येक मौला → पट्ट)।

३. कर्मधारय समास र समस्त शब्द

३.१ नेपालीमा कर्मधारयको समास-विधान पनि अअ+**प्रअ** →**सश** हो। यसका आफ्ना प्रमुख अभिलक्षण चाहिं निम्नलिखित हुन्-

क. सन्निकट अवयवहरूका माझमा सम्बन्ध-तत्त्व हुन्न, तसर्थ समासका प्रक्रियामा लोप हुने प्रश्न उठ्दैन जस्तै-

अअ	+	प्रअ	→	सश
↓		↓		↓
कालो		मरिच		कालोमरिच
↓		↓		↓
अन्ध		कूप		अन्धकूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. अवयव–१ र अवयव–२ को समानाधिकरण हुन्छ । समानाधिकरण भनेको एउटै अधिकरण वा ठाउँ हो र यहाँ यसको तात्पर्य दुवै अवयवको समान विभक्ति, लिङ्ग र वचन हो, जस्तै–

अ. **पु, एव + पु, एव → सश**
↓ ↓ ↓
जेठो बाठो जेठोबाठो

आ. **स्त्री, एव+स्त्री, एव → सश**
↓ ↓ ↓
जेठी बाठी जेठीबाठी

इ. **बव + बव→ सश**
↓ ↓ ↓
जेठा बाठा जेठाबाठा

ग. सन्निकट अवयवहरूमा विशेषण-विशेष्यसम्बन्ध हुन्छ, जो यसको खास विशेषता र पहिचान पनि हो । जुन अवयवले विशेषता बताउँछ त्यो विशेषण हो र जुन अवयवको विशेषता बताइन्छ त्यो चाहिं विशेष्य हो । जुनसुकै व्याकरणिक वर्गको भए पनि **अवयव–१** ले विशेषणको र **अवयव–२** ले विशेष्यको कार्य गर्छ । समस्त शब्दमा-विशेषण विशेष्यको यौगिक विधान निम्नमध्ये कुनै एक-प्रकारको हुन्छ–

अ. **विशेषण+विशेष्य (नाम) →सश**
↓ ↓ ↓
निलो डाम निलडाम

आ. **विशेषण+विशेषण (विशेष्यवत्) →सश**
↓ ↓ ↓
अध मरो अधमरो

इ. **नाम (विशेषणवत्)+विशेष्य (नाम) →सश**
↓ ↓ ↓
मामा ससुरा मामाससुरा

घ. केही सन्निकट अवयवहरूमा उपमान-उपमेय-सम्बन्ध हुन्छ । जेसँग दँजनी वा उपमा गरिन्छ त्यो उपमान र जसको दँजनी गरिन्छ त्यो उपमेय हो । समासको प्रक्रियामा **वाचक-तत्त्व [झैं, जस्तो]** को लोप हुन्छ । उपमान र उपमेयको यौगिक विधान निम्नमध्ये एक प्रकारको हुन्छ–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अ. **उपमान + उपमेय → सश**

गहुँ कैं ↓ गोरो ↓ गहुँगोरो ↓

आ. **उपमेय + उपमान → सश**

नर ↓ सिंहजस्तो ↓ नरसिंह ↓

ङ. केही सन्निकट अवयवहरूमा आरोप-आरोप्यसम्बन्ध हुन्छ। उपमेयलाई उपमानको रूप दिनु अर्थात् दुवैमा फरक नदेखाउनु नै आरोप हो। दुई अवयवमध्ये उपमान चाहिं आरोप र उपमेय चाहिं आरोप्य हुन्छ। यसमा र (घ–आ) मा मात्र विग्रहको भेद छ। समासका प्रक्रियामा **वाचक-तत्त्व** [नै, रूपी] को लोप हुन्छ, जस्तै–

आरोप्य + आरोप → सश

नर नै ↓ सिंह ↓ नरसिंह ↓

मुखरुपी ↓ चन्द्र ↓ मुखचन्द्र ↓

३·२ कर्मधारय समासको उपर्युक्त रचना विधानबाट निर्मित समस्त शब्दको छोटो सूची तल दिइएको छ।

प्रकार	**समस्त शब्द**	**टिप्पणी**
क. विशेषण + नाम [लाल + मोहर → लालमोहर]	लालमोहर, निलडाम, कालोअक्षर, कालोमरिच, कालीमाटी, राँकेभुत, दाँतेगुहु, घाटेवैद्य, ठाडोबोली, कानेटोपी, माखेसाङ्लो, घुसमुन्टो, पल्लोकिरात, कान्छीऔंलो, बुढीऔंलो, ठुल्दाइ, सानाबा, रटन्तविद्या, गोलमाल, वकपत्र, भालेढुकुर, पोथीमिर्ग, अन्धकूप, घरेलु-उद्योग, चलचित्र, शीतलपेय, शीतयुद्ध, पारपत्र, भलाद्मी, गुप्तचर, नवयुवक, शुभागमन, पीताम्वर, उडनतस्तरी...।	**अवयव–१ विशेषण भएकाले सम्बन्ध तत्त्व हुन्न।** घोसे ∽ घुस ठुला ∽ ठुल् बकेको ∽ वक आदमी ∽ आद्मी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. विशेषण+विशेषण [बुढो+पाको →बुढोपाको]	बुढोपाको, जेठोबाठो, जेठा-कान्छा, सानीठुली, गारो-साँघुरो, रातोपिरो, जान्ने-सुन्ने, देखनेसुन्ने, असल-कम्सल, हर्ताकर्ता, कर्ताधर्ता, शीतोष्ण, शुद्धाशुद्ध, श्यामसुन्दर...।	अवयव–२ विशेषण भए पनि यो अवयव–१ को विशेष्य हुन्छ ।
ग. नाम+नाम [गुरु+आमा →गुरुआमा]	गुरुआमा, भान्दाइ, मामा-ससुरा, बाबुसाहेब, कलघर, घिउकुमारी, धुर्कोपानी, पाखाविर्ता, नातागोता, खानतलासी, खानदान, नानीमैयाँ, महिला-सदस्य, महिलायात्री, अणुबम, गुरुदेव, हिमगिरि, धर्मवुद्धि...।	भानिज ∽ भान् खान ∽ खाना (खानतलासी) खाँ ∽ खान (खानदान) ।
घ. उपमान+उपमेय [चन्द्रजस्तो+बिन्दु →चन्द्रबिन्दु]	चन्द्रबिन्दु, धोक्रेसुरुवाल, चोरमोरो, मखिबुट्टा, पानबुट्टा, बाघझमट, गहुँगोरो, मुसलधारा, घन्टाउको, भुङ्ग्रेजरो, चन्द्रहार, घनश्याम, प्राणप्रिय, चन्द्रमुख, कमलनयन, पाषाणहृदय, लौहपुरुष, सिंहनाद, बोकेदारी, बकुल्लाभगत, बारुलेकम्मर...।	यस प्रकारका केही समस्त शब्दको रचना नेपालीमा गरिए पनि अधिकांश चाहिं संस्कृतबाट आएका छन् । माखो ∽ मखि घन ∽ घन् ।
ङ. उपमान+उपमेय चरण+कमलजस्तो →चरणकमल]	चरणकमल, नररत्न, नरसिंह, मुखचन्द्र, करपल्लव, अधरपल्लव, देहलता...।	यस प्रकारका जम्मै जसो आलङ्कारिक समस्त शब्द संस्कृतबाट ग्रहण गरिएका छन् ।
च. आरोप्य+आरोप	दुखसमुद्र, भवसागर, धन-	यसलाई रुपक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[दुखरुपी + समुद्र →दुखसमुद्र]	पिचास, द्रव्यपिचास, करकमल, चरणकमल, पादपङ्कज, जीवन-चङ्गा, जीवनदीप, जीवन-सङ्गीत, आशालता, देहलता, भक्ति-सुधा, विद्याधन, पुरुषरत्न, स्त्रीरत्न... ।	**कर्मधारय** पनि भनिन्छ । यसप्रकार-का समस्त शब्दको रचना नेपालीमा भएको देखिन्न ।

४. द्विगु समास र समस्त शब्द

४·१ नेपालीमा द्विगुको समास-विधान पनि **अअ + प्रअ → सश** हो । यसका आफ्ना प्रमुख अभिलक्षण चाहिं निम्नलिखित हुन्–

क. **अवयव–१ संख्यावाचक** हुन्छ। यो नै यसको प्रमुख विशेषता र पहिचान पनि हो, जस्तै–

संख्या	+ **प्रअ**	→ **सश**
↓	↓	↓
चार (ᔕ चौ)	मास	चौमास
↓	↓	↓
सात	घुम्ती	सातघुम्ती

ख. **सन्निकट अवयवहरूमा विशेषण-विशेष्यसम्बन्ध हुन्छ।** **अवयव–१** संख्यावाचक विशेषण र **अवयव–२** विशेष्य हुन्छ, जस्तै–

विशेषण	+ **विशेष्य**	→ **सश**
↓	↓	↓
दुई (ᔕ दो)	मन	दोमन
↓	↓	↓
दस	दान	दसदान

ग. **समस्त शब्द समूहबोधक** हुन्छ । यो यसको आवश्यक अभिलक्षण हो, किनभने **अवयव–१** संख्यावाचक भएर पनि समूहको बोध नगराएमा **द्विगु** हुन्न । यसले समूहको अर्थ निम्न प्रकारबाट जनाउँछ–

चार मासहरूको समूह → **चौमास**
सात घुम्तीहरूको समूह → **सातघुम्ती**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुई मनहरूको समूह →दोमन
दस दानहरूको समूह →दसदान ।

४·२ द्विगु समासको उपर्युक्त रचना-विधानबाट निर्मित समस्त शब्दको छोटो सूची तल दिइएको छ ।

संख्या + विशेष्य	समस्त शब्द	टिप्पणी
क. दुई + विशेष्य [दुई + छायाँको समूह →दोछायाँ]	दोछायाँ, दोबाटो, दोभान, दोमन, दोसाँध, दोधार, दोलख ... ।	दुई ∽ दो मुहान ∽ भान ।
ख. तीन + विशेष्य [त्रि (तीन) + फलको समूह →त्रिफला]	त्रिफला, त्रिहत्ती, त्रिलोक, त्रिकाल, त्रिताल, त्रिकोण, त्रिशूल, त्रिपासा, त्रिभुवन, त्रिवेणी, त्रिभुज ... ।	फल ∽ फला हात ∽ हत्ती ।
ग. चार + विशेष्य [चार + बाटाको समूह →चौबाटो]	चौबाटो, चौगिर्दा, चौबन्दी, चौमास, चौहद्दी, चौपाइ, चौखण्ड, चौकोस, चौंडिलो, चतुर्वेद, चतुर्वर्ण, चतुष्कोण, चतुष्पदी ... ।	चार ∽ चौ ∽ चौं पाउ ∽ पाइ चतुर् ∽ चतुष्
घ. पाँच + विशेष्य [पञ्च (पाँच) + आयतको समूह →पञ्चायत]	पञ्चायत, पञ्चगव्य, पञ्चतत्त्व, पञ्चपाण्डव, पञ्चशील, पञ्चाङ्ग, पञ्चामृत ... ।	
ङ. छ + विशेष्य [षट् (छ) + कोणको समूह →षट्कोण]	षट्कोण, षट्पदी, षट्चक्र, षड्यन्त्र, खडयन्त्र, षड्-राग ... ।	षट् ∽ षड् षट् ∽ खड
च. सात + विशेष्य [सप्त (सात) + ऋषिको	सप्तर्षि, सप्तकोसी, सप्त-गण्डकी, सातघुम्ती,	ऋ → अर् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समूह →सप्तर्षि]	सातपगरिया... ।
छ. आठ + विशेष्य [आठ + पहरियाको समूह →आठपहरिया]	आठपहरिया, अष्टदल, अष्टधातु, अष्टपाद, अष्टा- ध्यायी... ।
ज. नौ + विशेष्य [नौ + गेडीको समूह →नौगेडी]	नौगेडी, नौरथा, नवदुर्गा नवग्रह, नवरत्न नवरस... ।
झ. दस + विशेष्य [दस + अवतारको समूह →दसावतार]	दसावतार, दसकर्म, दस- दान, दसदिक्पाल... ।

५. अव्ययीभाव समास र समस्त शब्द

५.१ नेपालीमा अव्ययीभावको समास-विधान पनि अअ + प्रअ → सश हो । यसका आफ्ना प्रमुख अभिलक्षण चाहिं निम्नलिखित हुन्–

क. समस्त शब्द अव्यय हुन्छ । जुन शब्द अव्यय वर्गको हुन्न त्यो पनि समास हुँदा अव्यय हुनु यसको खास विशेषता र पहि-चान हो, जस्तै–

अ.	**नाम**	+	**नाम**	→	अव्यय
	↓		↓		↓
	रात		दिन		रातदिन
	↓		↓		↓
	घर		घर		घरघर
आ.	**सर्वनाम**	+	**नाम**	→	**अव्यय**
	↓		↓		↓
	यस		कारण		यसकारण
	↓		↓		↓
	त्यस		अर्थ		तसर्थ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. सन्निकट अवयवहरूमा दुवै अव्यय वर्गका अथवा दुवै विकारी वर्गका हुन्छन् । एउटा अवयव अव्यय र एउटा अवयव विकारी पनि हुन्छ, जस्तै–

अ. **अव्यय** + **अव्यय** → **सश**
↓ ↓ ↓
यता उता यताउता

आ. **विकारी** + **विकारी** → **शस**
↓ ↓ ↓
कान कान कानाकान

इ. **विकारी** + **अव्यय** → **सश**
↓ ↓ ↓
आज्ञा अनुसार आज्ञानुसार

ई. **अव्यय** + **विकारी** → **सश**
↓ ↓ ↓
हर दिन हरदिन

ग. केही समस्त शब्दले **अभिवादन**को अर्थबोध गराउँछन् जस्तै– {**जयनेपाल**...} । भेट हुँदा वा छुट्टिँदा अभिवादनस्वरूप भनिने यो शब्द **जय भानुभक्त, जय शहीद**... भन्दा भिन्न हो ।

घ. द्वित्व भएर समस्त शब्दको रचना हुँदा आगम पनि हुनसक्छ, जस्तै– {**केही-न- केही, हाताहात** }।

५.२ अव्ययीभाव समासको उपर्युक्त रचना-विधानबाट निर्मित समस्त शब्दको छोटो सूची तल दिइएको छ ।

क. भेदक (नाम) + भेद्य (अव्यय) [**नियमको**+**अनुसार** →**नियमानुसार**]	नियमानुसार, आज्ञानुसार, इच्छानुसार, कथानानुसार, वचनानुसार, निश्चयपूर्वक, नियमपूर्वक, आग्रहपूर्वक, परिणामस्वरूप, फलस्वरूप, जीवनपर्यन्त, मृत्युपर्यन्त, भोजनोपरान्त, मरणोपरान्त,	**भेदकमा गाँसिएको सम्बन्ध तत्त्वको लोप हुन्छ ।** पेटलाई+भरेर सकले+भरी दिनको+भरी गाउँको+भरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	घरबाहिर, झ्यालनिर, ढोकामुन्तिर, पेटभर, सकभर, दिनभर, वर्षभर, गाउँभर...।	
ख. विशेषण (सर्वनाम)+ विशेष्य (नाम) [यस+प्रकार] →यसप्रकार	यसप्रकार, त्यसप्रकार, जस-तरह, यसर्थ, तसर्थ, यस कारण, त्यसकारण....।	**अवयवहरूमा विशेषण-विशेष्य सम्बन्ध हुन्छ ।**
ग. नाम+नाम [रात+दिन →रातदिन]	रातदिन, साँझबिहान, हाता-हात, कानाकान, दिनदिन, भनभन, घरघर, जय-नेपाल, जयराम...।	नेपालको+जय, रामको+जय **(अभिवादन)**,
घ. नाम+अव्यय [पेट+भरेर →भरपेट]	भरपेट, भरजन्म, भरदिन...।	**समास हुंदा क्रम उल्टिन्छ ।** जन्म+भरी दिन+भरी ।
ङ. विशेषण+विशेषण [जस्तो+त्यस्तो →जस्तोतस्तो]	जस्तोतस्तो, यस्तोउस्तो, थोरबहुत, एकाएक...।	{एकाएक} मा अवयवहरू(एक+एक) को अर्थभन्दा समस्त शब्दको अर्थ भिन्न भएको छ ।
च. अव्यय+अव्यय [खाई+पिई →खाइपिई]	खाइपिई, हिलिमिली, देखिसुनी, गइवरी, घट-घटी, पटापट, नइँ-नाइँ, हँ-हँ, हिजोआज, आजभोली जतातता, जहिले-तहिले, जसैतसै, यताउता, अघि-अघि, तल-तल, संगसंगै,	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	बिस्तार-बिस्तार, वरिपरी, भित्र-बाहिर, छेउछाउ, रोजरोज, पोहोर-परार, तल-माथि, रहँदा-बस्दा, उठ्दा-बस्दा, सुत्दा-उठ्दा...।
ङ. अव्यय+नाम [हर+दिन→हरदिन]	हरदिन, हरवखत, हरघडी...।

६. द्वन्द्व समास र समस्त शब्द

६.१ नेपालीमा द्वन्द्वको समास-विधान प्रअ+प्रअ →सश हो। यसका प्रमुख अभिलक्षण निम्नलिखित हुन्—

क. **सन्निकट अवयवहरू समुच्चयबोधक [र, तथा] द्वारा जोडिएका हुन्छन्।** समासको प्रक्रियामा समुच्चयबोधकको लोप हुन्छ, जस्तै—

अवयव-१	→समुच्चय	→अवयव-२
↓	↓	↓
आमा	र	बाबु→आमाबाबु
↓	↓	↓
साना	र	ठुला→सानाठुला

ख. **अवयव-१ र अवयव-२ दुवै नै प्रधान हुन्छ।** यसमा दुईभन्दा बढी अवयवहरूको पनि यौगिक विधान हुन्छ र सबै नै अवयवहरू प्रधान हुन्छन्। सबै अवयवहरूको प्रधानता नै यसको खास विशेषता र पहिचान पनि हो। समस्त हुँदा पनि अवयवहरूले आआफ्नो अस्तित्व कायम राख्छन्, जस्तै—

अ. **भाइबहिनी**→भाइबहिनी आउँदैछन्।

आ. **तेरो-मेरो**→धेर तेरो-मेरो नगर्।

माथि (अ) मा आउने काम [-बहिनी] ले मात्र होइन [भाइ-] ले पनि गर्छ। (आ) मा गर्ने भाव [-मेरो] मात्र होइन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[तेरो-]पनि हो। तसर्थ अर्थ र कार्यका दृष्टिबाट अ. र आ. मा दुवै अवयवहरूको प्रधानता छ।

ग. **समासको विधान हुने अवयवहरू कि सादृश्यार्थक कि विपरीतार्थक हुन्छन्**, जस्तै—

अ. **सादृश्यार्थक** →दररेट, कामकाज...

आ. **बिपरीतार्थक** →केटाकेटी, सानाठुला...।

घ. **समूह जनाउने समस्त शब्दमा अर्थको उत्कर्ष हुन्छ।** समूहवाचक समस्त शब्दले अवयवका अर्थबाहेक त्यस्तै अरू पनि केही बुझाउँछ, जस्तै—

अ. हातखुट्टा →हात र खुट्टा मात्र होइन शरीरका अरू अङ्ग पनि।

आ. धोतीटोपी →धोती र टोपी मात्र होइन अन्य पोसाक पनि।

६.२ द्वन्द्वको उपर्युक्त समास-विधानबाट निर्मित समस्त शब्दको छोटो सूची तल दिइएको छ।

प्रकार	**समस्त शब्द**	**टिप्पणी**
क. सादृश्यार्थक अवयव **[जिउ र ज्यान →जिउज्यान]**	जिउज्यान, दाजुभाइ, ऋषिमुनि, धनुषबाण, मानापाथी, दालभात, दुधभात, कन्दमूल, रेखदेख, चलनचाँजो, कागतपत्र, छाँटकाँट, जिउडाल, छेकथुन, घिउतेल, सुनचाँदी, टीकाटिप्पणी, ढोगभेट, हातखुट्टा, कुटोकोदालो, जालझेल, घाँसपात, सागपात, पातपतिङ्गर, नाचगान,	**सबै अवयव विशेषण भए पनि समस्त शब्दले नामको कार्य गर्छ। दुवै अवयव संख्यावाचक भए पनि समस्त शब्दले नामको कार्य गर्छ।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बिहाबारी, भाँडभैलो, पिउँदो ~ पिंदो
मेलोमेसो, रोकथाम, गएको ~ गए
रोबरबाफ, कपडालत्ता, भरिएको ~ भरियो
बोलचाल, जीवजन्तु,
भुतप्रेत, चमकदमक,
खेलकुद, लाजसरम,
नुनतेल, लाटागाँडा,
लुलालँगडा, अन्धाबहिरा, [सब + सब]
भोकाप्यासा, नाङ्गोभुतुङ्गो, मा [-का-] आगम
तीन-पाँच, दस-पन्ध्र, भएको छ ।
बार-सत्ताइस, अन्नजल,
कागतकलम, कोटपेन्ट,
घिउचिनी, चिठीपत्र,
चेलाचपाटा, तोडफोड,
धनदौलथ, रूपियाँ-पैसा,
पानपत्ता, पानफुल,
चियापानी, सोडापानी,
हुक्कापानी, फुलपाती,
लुटमार, दररेट,
बालबच्चा, जहान-छोराछोरी,
हँसीठट्टा, किरा-फटयाङ्ग्रा,
ढुङ्गोमाटो, दियाबाती,
रितिथिति, रङ्गढङ्ग,
फोहरमैला, पढाइ-लेखाइ,
लेखपढ, दौडधुप,
खाँदोपिंदो, हाँस्दोबोल्दो,
लड्दो-पड्दो, रातोपिरो,
हरियोभरियो,
टेढोमेडो, गएगुज्रेको,
हृष्टपुष्ट, हरियाहरिया,
नयाँ-नयाँ, सबकासब,
खाऊ-पिऊ, हाँस्छ-बोल्छ,
दाल-भात-डुकु, तन-मन-धन,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डराउला-धम्काउला, सुरुबुरु,
मारपीट, खानपान ... ।

ख. विपरीतार्थक अवयव हर्कबिस्मत, सीताराम, मरेको ~ मरे
राधेश्याम, आमाबा, लामो ~ लाम

[हर्क र बिस्मात
→हर्कबिस्मत]

नातिनातिना, पाठापाठी,
लोग्नेस्वास्नी, केटाकेटी,
छोराछोरी, गाइगोरू,
गौरीशङ्कर, आम्दानी-खर्च,
नरनारी, घामपानी,
देशविदेश, उँचनिच,
उतार-चढाउ, सानोठुलो,
मरेबाँचेको, घटबढ,
उल्टोपाल्टो, जातकुजात,
थोरबहुत, पापपुण्य,
लाभालाभ, धर्माधर्म,
लामछोटो,
वादविवाद, लागछोड,
राजा-प्रजा, सुखदुख,
तँ-म, मेरो-तेरो,
उसको-आफ्नो, उठबस,
एक्लो-दोक्लो, धेरथोर,
तँछाड-मछाड,
तँतँ-मम, आउनु-जानु,
भन्नु-सुन्नु ... ।

७. बहुव्रीहि समास र समस्त शब्द

७. १ नेपालीमा बहुव्रीहिको समास-विधान अअ + अअ → सश हो । सारै व्यायकता भएको यस समासका प्रमुख अभिलक्षण निम्नलिखित हुन्–

क. सन्निकट अवयव–१ र सन्निकट अवयव–२ दुवै नै अप्रधान हुन्छन् । यो नै यसको खास विशेषता र पहिचान पनि हो,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै–

अ. **गोबरगणेश** → गोबरगणेश आउँदैछ ।

आ. **लामखुट्टे** → लामखुट्टे उड्दैछ ।

माथि (अ) मा **आउने काम** न [**गोबर–**] ले गर्छ न [**–गणेश**] ले गर्छ । आउने चाहिं **तेस्रो** (मूर्ख व्यक्ति) भएकाले दुवै अवयव अप्रधान छन् । यसैगरी (आ) मा **उड्ने काम** न [**लामो–**] ले गर्छ न [**–खुट्टे**] ले गर्छ । उड्ने चाहिं **तेस्रो** (किरो) भएकाले समस्त शब्दका दुवै अवयव अप्रधान छन् ।

ख. **समस्त शब्द खास अर्थमा रूढ हुन्छ** । यसले दुवै अवयव-मा नभएको तेस्रो अर्थ जनाउँछ , जस्तै–



माथि [**पीत–**] को अर्थ **पहेंलो** र [**–अम्बर**] को अर्थ **कपडावाल** हो, तर {**पीताम्बर**} को अर्थ **जुनसुकै पहेंलो कपडावाल** नभएर **विष्णु**का अर्थमा रूढ छ । यसैगरी {**लामखुट्टे**} **मच्छर**का अर्थमा रूढ भएको छ ।

ग. **अवयव–१ प्रायः विशेषण हुन्छ, तर यसको विशेष्य अवयव–२ नभएर अरू नै कुनै (तेस्रो) शब्द हुन्छ** । यसको अर्थ के हो भने समस्त शब्दका दुवै अवयवले संयुक्त रूपमा एउटा विशेषणको कार्य गर्छन्–

अ. **डेढअक्कल** → डेढअक्कल **मानिस** काम लाग्दैन ।

आ. **रौंचिरा**→ यस्ता रौंचिरा **कुरा** नगर ।

घ. **यसको विग्रह पदसमूहात्मक र वाक्यात्मक दुवै नै हुन्छ** । समास हुँदा सन्निकट अवयवहरूबाहेक अन्यको लोप हुन्छ, जस्तै–



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदसमूहात्मक विग्रह → दश आननवाला,
पीत अम्बरवाला ।
वाक्यात्मक विग्रह → दश छन् आनन जसका त्यो,
पीत छ अम्बर जसको त्यो ।

७. २ बहुव्रीहिका उपर्युक्त समास-विधानबाट निर्मित समस्त शब्दको छोटो सूची तल दिइएको छ ।

प्रकार	विग्रह → समस्त शब्द	अथ
क. सम्बन्धार्थी बहुव्रीहि	लामा (൭ लाम) खुट्टा छन् जसका → लामखुट्टे	मच्छर
	लामा (൭ लम) कान छन् जसका → लमकन्ना	बाख्रो, दैत्य
	डेढ (एक र आधा, बढी) छ अक्कल जसको → डेढअक्कली	व्यक्ति
	कान (൭ कन) छ फटाएको जसले →कनफट्टा	जोगी
	कान छ चिराएको जसले →कानचिरा	जोगी
	पाठो (बच्चा) रहने घर हो जुन →पाठेघर	बच्चादानी
	चार तला छन् जसका →चारतले	भवन
	पीत (पहेंलो) छ अम्बर (कपडा) जसको →पीताम्बर	विष्णु
	श्वेत (सेतो) छ अम्बर (कपडा) जसको →श्वेताम्बर	सरस्वती
	नील (निलो) छ कण्ठ (घाँटी) जसको →नीलकण्ठ	शिव, ठेउवा
	ज्यानलाई मार्छ जसले →ज्यानमारा	खुर्सानी
	लम्ब (लामो) छ उदर (भुंडी) जसको	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

→लम्बोदर	गणेश
लाल छ पुर्जी जुन	
→लालपुर्जी	जग्गाको प्रमाणपत्र
चक्र छ पाणी (हात) मा जसको	
→चक्रपाणि	कृष्ण
खाली छ हात जसको	
→खालीहात	निर्धन
दुई छन् जिब्रा जसका	
→दुइजिब्रे	सर्प
कालो बजार हुन्छ जहाँ	अनैतिक व्यापार हुने
→कालोबजार	ठाउँ
बहु (धेरै) मुख भएको छ जे	
→बहुमुखी	आयोजना
शाक्यहरूमा सिंह छन् जो	
→शाक्यसिंह	बुद्ध
लामो (৺ लाम्) छ पुच्छर जसको	
→लाम्पुच्छ्रे	भेडो, ध्रुवतारा
जुँगाको मुठो छ जसको	
→जुँगामुठे	उमेरदार मानिस
दश छन् आनन (मुख) जसका	
→दशानन	रावण
एक (व्यक्तिको) हातबाट रतिएको छ	
जो →एकहाते	जनावर
प्राणका निमित्त घातक छ जे	
→प्राणघातक	ओखती, चोट
बाघ (गोटी) लाई चालिन्छ जसमा	
→बाघचाल	खेल
सय छन् पत्र (पात) जसका	
→सयपत्री	फुल
मुड (৺ मुर् →टाउको) छ काटिएको	
जसको → मुर्कट्टा	भुतप्रेत
पात (৺ पत) झर्छन् जहिले	
→पतझड	ऋतु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुधमा नै छ मुख जसको
→**दुधमुखा** बालख
चार (ᔕ चौ) छन् पाउ जसका
→**चौपाया** जनावर
मक्खी (माखो) सम्म चुस्छ जसले
→**मक्खीचुस** कन्जुस
स्वर छ अन्तमा जसको
→**स्वरान्त** शब्द
बहु (धेरै) छन् रूप जसका
→**बहुरूपी** व्यक्ति
विषलाई धारण गर्छ जसले
→**विषधर**... सर्प

ख. उपमार्थी/ रूपकार्थी बहुव्रीहि

गोबरको गणेश जस्तो छ जो
→**गोबरगणेश** मूर्ख
चैतको बाँदर जस्तो छ जो
→**चैतेबाँदर** सारै दुब्लो
मुला जस्तो रत्न छ जो
→**मुलारत्ने** बेकम्मा मानिस
चरा (ᔕ चरि) को चुच्चो जस्तो छ जे
→ **चरिचुच्चे** नाक, च
माखा (ᔕ मखि) को जस्तो बुट्टा छ
जसमा →**मखिबुट्टे** कपडा
पानको जस्तो बुट्टा छ जसमा
→**पानबुट्टे** कपडा
घोडा (ᔕ घोर) को जस्तो मुख छ
जसको →**घोरमुखा** व्यक्ति
वायु (ᔕ बाइ) को जस्तो पङ्ख छ
जसको →**बाइपङ्खी** घोडा
बाघको जस्तो मुख छ जसको
→**बाघमुखा** व्यक्ति
माखाको जस्तो मुन्द्रा छ जसमा
→**माखेमुन्द्रे** गहना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिक् (दिशा) नै छ अम्बर (कपडा) जसको → **दिगम्बर**	नाङ्गो
पाषाण जस्तो हृदय छ जसको → **पाषाणहृदय**	व्यक्ति
माछाको जस्तो पुछर छ जसको → **माछापुच्छ्रे**	हिमाल
हात्तीको जस्तो पाइला हुन्छ जसमा → **हात्तीपाइले**	रोग
हात्तीको जस्तो खुट्टा हुन्छ जसमा → **हात्तीखुट्टे**	रोग
बिराला (~ बिराल) को जस्तो आँखा छन् जसका → **बिरालआँखे**	कुहिरे
भस्म गरिएको ठुटो जस्तो छ जो → **भस्मेठुटो**	कालो व्यक्ति
गज (हात्ती)को जस्तो आनन (मुख) छ जसको → **गजानन**	गणेश
कोकिल (कोइली) जस्तो कण्ठ (स्वर) छ जसको → **कोकिलकण्ठी**	स्त्री
चन्द्रझैं मुख छ जसको → **चन्द्रमुखी**	स्त्री
राजीव (कमल) झैं लोचन (आँखा) छन् जसका → **राजीवलोचन**	व्यक्ति
रातो (~ रात) माटो जस्तो छ जे → **रातमाटे**	कमिला
हात्तीले छेरेको जस्तो छ जे → **हात्तीछेरा**	मोटो चामल
कानमा सुत्लो झैं पस्छ जे → **कनसुत्लो**	खजुरो, व्यक्ति
मृगका जस्ता लोचन (आँखा) छन् जसका → **मृगलोचनी**	स्त्री
कागको खुट्टा जस्तो छ जे → **कागखुट्टे**	थप जनाउने चिह्न
चराको नङ्ग्रा जस्तो छ जे → **चरिनङ्ग्रे**	बोट
हाँसको खुट्टा जस्तो छ जे → **हाँसखुट्टे**	लहरो
हात्तीको सुँड जस्तो छ जे → **हात्तीसुँडे**	बुटी
बाँदरको पुच्छर जस्तो छ जे → **बाँदरपुच्छ्रे** ...	बुटी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग.	**परिमाणार्थी बहुव्रीहि**	तीन हात परिमाण भएको छ जे →**त्रिहत्ती**	गज, कपडा
		दस हात परिमाण भएको छ जे →**दसहाते**	फरिया
		चार कोस परिमाण भएको छ जे →**चारकोसे**	झाडी
		पाँच गज परिमाण भएको छ जे →**पाँचगजा**	सारी
		तीन फुट परिमाण भएको छ जे →**तीनफुटा...**	मान्छे, काठ
घ.	**व्यतिहार बहुव्रीहि**	लुछेर-लुछेर हुन्छ जुन लडाइँ →**लुछालुछ** भनेर-भनेर हुन्छ जुन लडाइँ →**भनाभन** मुक्का-मुक्कामा हुन्छ जुन लडाइँ →**मुक्कामुक्की** डन्ठा-डन्ठामा हुन्छ जुन लडाइँ →**डन्ठाडन्ठी** हानेर-हानेर हुन्छ जुन लडाइँ →**हानाहान** कुटेर-कुटेर हुन्छ जुन लडाइँ →**कुटाकुट** लाप्पा-लाप्पाबाट हुन्छ जुन लडाइँ →**लाप्पालाप्पी** लात-लातबाट हुन्छ जुन लडाइँ →**लातालात** पिटेर-पिटेर हुन्छ लडाइँ →**पिटापिट** पौंठा-पौंठाबाट हुन्छ जुन लडाइँ →**पौंठापौंठी** लात्ती र मुड्ग्रीबाट हुन्छ जुन लडाइँ →**लात्तीमुड्ग्री...**	यसले घात-प्रतिघात वा लडाइँ भन्ने बुझाउँछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८. पदसमूहात्मक समस्त शब्द

८·१ नेपालीमा केही यस्ता समस्त शब्द पनि छन् जसको संरचना फुट्ट हेर्दा पदसमूहात्मक देखिन्छ, जस्तै {**तँछाड-मछाड**... }। यस समस्त शब्दको पूर्ववर्त्ती सन्निकट अवयव [**तँछाड-**] एउटा सिङ्गो वाक्य नै हो जसमा **उद्देश्य** (तँ) र **विधेय** (छाड्) दुवै नै छन्। यसैगरी उत्तरवर्त्ती सन्निकट अवयव [**-मछाड**] पनि एउटा वाक्य नै हो, किनभने यसमा पनि एउटा **उद्देश्य** (म) र एउटा **विधेय** (छाड्छु) छ। पूर्ववर्ती अवयवका सादृश्यमा उत्तरवर्ती अवयवको सहायक क्रिया [**-छु**] को समास-प्रक्रियामा लोप भएको देखिन्छ।

समस्त शब्द { **तँछाड-मछाड** } का दुवै अवयवहरू [**तँछाड-**] र [**-मछाड**] का संरचामा एउटा-टउटा **कर्ता** र एउटा-एउटा **क्रिया** छन्, तर समासको प्रक्रियामा प्रत्येक अवयवका **सर्वनाम** (कर्ता) र **क्रिया**ले आआफ्नो पृथक् सत्ता छाड्छन् र संयुक्त भएर (जस्तै– तँ छाड् →तँछाड, म छाड्छु →**मछाड**) **नामवर्ग**मा परिवर्तित हुन्छन्। [**तँछाड-**] नामको [**–मछाड**] नामसंग द्वन्द्व समास हुँदा दुवैका माझको समुच्चयबोधक [**र**] को लोप हुन्छ र नाम वर्गको { **तँछाड-मछाड** } समस्त शब्द निर्मित हुन्छ। द्वन्द्व नभएर छुट्टाछुट्टै रहेमा चाहिं समस्त शब्द नभई वाक्य हुन्छ, जस्तै- **तँछाड र म छाड्छु**। { **काफलपाक्यो** } पनि सिङ्गो वाक्य नाममा परिवर्तित भएको समस्त शब्द हो।

८·२ नेपालीमा केही यस्ता समस्त शब्द पनि देखापर्छन् जसका संरचनामा **कर्म** र **क्रिया** हुन्छ, जस्तै– { **गाउँफर्क, कामरोक, देशबनाऊ, वृक्षलगाऊ, दुर्घटनाबचाऊ**··· }। यिनमा पहिला शब्द [**गाउँ-, काम-, देश-,वृक्ष-, दुर्घटना-**] दोस्रा शब्द [**-फर्क,-रोक,-बनाऊ,-लगाऊ,-बचाऊ**] क्रियाका कर्मकारक हुन्। छुट्टाछुट्टै प्रयोग गर्ने हो भने वाक्यात्मक संरचनामा यी दुवैको पृथक्-पृथक् अस्तित्व देख्न सकिन्छ, जस्तै–

क. **तिमी गाउँ फर्क।**
ख. **तिमी काम रोक।**
ग. **तिमी देश बनाऊ।**
घ. **तिमी वृक्ष लगाऊ।**
ङ. **तिमी दुर्घना बचाऊ।**

माथिका वाक्यमा { **गाउँ** } र { **फर्क** }, { **काम** } र { **रोक** }, { **देश** } र { **बनाऊ** }, { **वृक्ष** } र { **लगाऊ** }, अनि { **दुर्घटना** } र { **बचाऊ** } को व्याकरणात्मक कार्य नाम र क्रियाका रूपमा भिन्न-भिन्न भएकाले दुवै खाले शब्दको पृथक्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र स्वतन्त्र सत्ता छ, तर समासका प्रक्रियामा जब यिनले **पूर्ववर्ती अवयवको** रूप लिन्छन् र **उत्तरवर्ती** अवयवमा गाँसिन जान्छन्, तब यिनको पृथक् सत्ता समाप्त हुन्छ र नाममा परिवर्तित हुन पुग्छन्, जस्तै–

पूर्ववर्ती अवयव	+	उत्तरवर्ती अवयव
↓		↓
गाउँफर्क		राष्ट्रिय अभियान
कामरोक		प्रस्ताव
देशबनाऊ		नारा
वृक्षलगाऊ		कार्यक्रम
दुर्घटनाबचाऊ		सप्ताह

उपर्युक्त स्थितिमा पूर्ववर्त्ती अवयव र उत्तरवर्त्ती अवयवमा **भेदक-भेद्य-सम्बन्ध** हुन्छ र समासका प्रक्रियामा सम्बन्ध-तत्त्वको लोप हुन्छ, जस्तै–

भेदक	+	भेद्य	→	सश
↓		↓		↓
गाउँफर्कको		राष्ट्रिय अभियान		गाउँफर्क राष्ट्रिय अभियान
कामरोकको		प्रस्ताव		कामरोक प्रस्ताव
देशबनाऊको		नारा		देशबनाऊ नारा
वृक्षलगाऊको		कार्यक्रम		वृक्षलगाऊ कार्यक्रम
दुर्घटनाबचाऊको		सप्ताह		दुर्घटनाबचाऊ सप्ताह

भेदक-भेद्य अभिलक्षणका साथ उत्तरवर्त्ती अवयवको प्रधानता पनि भएकाले र समस्त शब्दको रूपात्मक संरचना नाम वर्गको भएकाले **गाउँफर्क** (राष्ट्रिय अभियान), **कामरोक** (प्रस्ताव), **देशबनाऊ** (नारा), **वृक्षलगाऊ** (कार्यक्रम) र **दुर्घटनाबचाऊ** (सप्ताह) तत्पुरुष हुन् ।

८·३ छुट्टै हेर्दा पदसमूहात्मक स्थितिमा देखिन्छन्, तर निम्नलिखित पनि समस्त शब्द नै हुन्–

कानून तथा न्याय मन्त्री,
मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान,
जूट विकास तथा व्यापार संस्थान,
बाँसबारी छाला तथा जुत्ता कारखाना,
नेपाल परिवार नियोजन तथा मातृ-शिशु कल्याण योजना,
खानेपानी तथा ढलनिकास समिति,
महाशक्ति सोप एण्ड केमिकल इण्डस्ट्रीज ...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपर्युक्त उदाहरणमा आएका **कानून तथा न्याय, मानविकी र सामाजिक शास्त्र, जूट विकास तथा व्यापार, बाँसवारी छाला तथा जुत्ता, नेपाल परिवार तथा मातृ-शिशु कल्याण, खानेपानी तथा ढलनिकास, महाशक्ति एण्ड केमिकल**... निश्चय नै पदसमूह हुन्, तर यी पूर्ववर्ती अवयव जब भेदक भएर उत्तरवर्ती अवयव भेद्यमा गाँसिन जान्छन् तब सम्बन्ध-तत्त्वको लोप भएर यिनले समस्त शब्दको रूप लिन्छन्, जस्तै–

अ. कानून तथा न्यायका (भेदक) + मन्त्री (भेद्य)
→**कानून तथा न्याय मन्त्री ।**

आ. मानविकी र सामाजिक शास्त्रको (भेदक) + अध्ययन संस्थान (भेद्य)
→**मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान ।**

इ. जूट विकास तथा व्यापारको (भेदक) + संस्थान (भेद्य)
→**जूट विकास तथा व्यापार संस्थान ।**

ई. बाँसवारी छाला तथा जुत्ताको (भेदक) + कारखाना (भेद्य)
→**बाँसवारी छाला तथा जुत्ता कारखाना ।**

उ. नेपाल परिवार नियोजन तथा मातृ-शिशु कल्याणको (भेदक) + योजना (भेद्य)
→**नेपाल परिवार नियोजन तथा मातृ-शिशु कल्याण योजना ।**

ऊ. खानेपानी तथा ढलनिकासको (भेदक) + समिति (भेद्य)
→**खानेपानी तथा ढलनिकास समिति ।**

ए. महाशक्ति सोप एण्ड केमिकलको (भेदक) + इण्डस्ट्रीज (भेद्य)
→**महाशक्ति सोप एण्ड केमिकल इण्डस्ट्रीज ।**

भेदक-भेद्य अभिलक्षण र उत्तरवर्ती अवयवको प्रधानता भएकाले (अ) देखि (ए) सम्मका समस्त शब्दहरू **तत्पुरुष** हुन् ।

८.४ नेपालीमा देखा पर्ने {**शिक्षाध्यक्षको कार्यालय**...} चाहिं खास अर्थमा रूढ भएका **पदसमूह** (वाक्यांश) हुन् । समस्त शब्दका सन्निकट अवयवका माझमा अर्को शब्द घुसाउन सकिन्न, जस्तै– **बाबु-योग्य-ठग, तरवार-कुशल-हनैया** हुन्न, तर उपर्युक्त पदसमूहमा अर्को शब्द यस प्रकार घुसाउन सकिन्छ–

शिक्षाध्यक्षको कुशल कार्यालय ।

नेपालीमा यस्ता प्रशस्त पदसमूह छन् जसका सबै शब्दले मिलेर एउटा अर्थको अभिव्यक्ति गर्छन् । खास अर्थमा रूढ भए पनि निम्न प्रकारका पदसमूहहरू समस्त शब्द होइनन्–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुढाको लट्ठी, कुवाको ब्याङ, सुनमा सुगन्ध, जोगीको तुम्बा, कलाका निमित्त कला, अल्छीको पिण्ड, पाउको धुलो, आँखाको कसिङ्गर, कुहिराको काग, कागतको घोडा, घैंटोमा घाम, बाबुको बिहे, चाँदीको जुत्ता, आँखाको नानी, नाकमा दम, सुनको मिर्ग, गल्लीको कुकुर, मनको लड्डु, टुप्पाबाट पलाएको, फरियाको नाता, राँडाको छोरो...।

८·५ उपर्युक्त ढङ्गमा समस्त शब्दको निर्माण गर्ने प्रक्रियालाई नेपालीमा **अलुक् समास** भन्ने गरेको पनि पाइन्छ। संस्कृतमा विभक्ति लोप नहुने समासलाई अलुक् भनिन्छ भने नेपालीमा वेनियम वा अनुचित रित (जस्तै– समुच्चयबोधकको अलोप → कानून **तथा** न्याय मन्त्री..., कालसूचक सर्गको अलोप → काफलपाक्**यो**..., वृत्तिसूचक सर्गको अलोप → गाउँफर्क...) हुने समासलाई अलुक् भन्न सकिन्छ।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बार

□

द्वित्व-पद्धति र द्विरुक्त शब्द

१. अर्थ, स्वरूप र कार्य

१.१ शब्द-रचनाको तेस्रो महत्त्वपूर्ण पद्धति द्वित्व हो । शब्द-रचनाका **सर्ग र समास पद्धति** झैं यसको पनि निश्चित रचना-विधान हुन्छ । नेपालीमा यस पद्धतिबाट शब्द-विभागका सबै वर्गका नयाँ-नयाँ शब्द निर्मित हुन्छन् ।

सर्ग र समास-पद्धतिमा एकभन्दा बढी तत्त्वहरूको यौगिक विधान गरिन्छ, तर द्वित्व-पद्धतिमा एउटा शब्दलाई **पुनरावृत्तिद्वारा** दुइटा (वा बढी पनि) पारिन्छ र तिनैको यौगिक विधानद्वारा थरी-थरीका शब्दहरूको रचना गरिन्छ । यस पद्धतिमा **व्याकरणिक तत्त्व** (जस्तै– सम्बन्ध-तत्त्व, समुच्चयबोधक) को लोप हुने वा नहुने कुराको चासो हुँदैन ।

१.२ **शब्द–रचनाको त्यस पद्धतिलाई द्वित्व भनिन्छ जसमा एउटा शब्दका पुनरावृत्तिको विधान गरिन्छ ।** यहाँ पुनरावृत्तिको विधान भनेको एउटा शब्दलाई डब्ल्याएर त्यस्तै अर्को अंश प्राप्त गर्नु र सो अंशमा केही परिवर्तन (विकार) गरी वा नगरी त्यसको योग मूल अंशमा गर्नु हो, जस्तै–

परिवर्तन नगरी {

क. मूल अंश → पुनरावृत्ति → प्राप्त अंश

↓ ↓ ↓

घर ← —— घर → घर —— → घर

(१) (१) (२) (२)

ख. मूल अंश + प्राप्त अंश → द्विरुक्त शब्द

↓ ↓ ↓

घर घर घरघर

(१) (२) (१)(२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिवर्तन गरी

क. **मूल अंश** → **पुनरावृत्ति** → **प्राप्त अंश**

गहना (१) — गहना (१) → गहना (२) → गहना (२)

ख. **मूल अंश** + **प्राप्त अंश** (परिवर्तन) → **द्विरुक्त शब्द**

गहना (१) + गहना (२) (ग् → स्) → गहना-सहना (१) (२)

पुनरावृत्तिको यो विधान नै शब्द-रचनाको द्वित्व विधान हो । द्वित्वका अन्य समानार्थक शब्द चाहिं **द्विरुक्ति र पुनरुक्ति** हुन् ।

१.३ पुनरावृत्तिको उपर्युक्त प्रक्रियाबाट बनेका शब्दलाई **द्विरुक्त शब्द** (द्विश) भनिन्छ, जस्तै–**घरघर, गहना-सहना** ... । द्विरुक्त शब्दलाई नै **पुनरुक्त शब्द** पनि भनिन्छ ।

द्वित्व-पद्धतिबाट निर्मित द्विरुक्त शब्दलाई यौगिक शब्द मानिन्छ । एउटै शब्दको पुनरावृत्तिद्वारा निर्मित द्विरुक्त शब्द **यौगिक** किन हो भने यसका संरचनामा दुई (वा सो भन्दा बढी) तत्त्वको योग पाइन्छ, जस्तै–

क. **घर** + **घर** → घरघर,

ख. **गहना** + **गहना** (ग् → स्) → गहना-सहना ।

द्वित्व-पद्धतिबाट बनेका धेरै शब्दहरू **समस्त शब्दको** फेटमा पनि पर्छन् ।

१.४ द्वित्व-पद्धतिमा जुन शब्दको पुनरावृत्ति गरिन्छ त्यो **प्रजनक** हो र पुनरावृत्तिद्वारा जुन अंशको प्राप्ति हुन्छ त्यो चाहिं **प्रजनित** हो, जस्तै–**घर**[१] (प्रजनक) → **घर**[२] (प्रजनित) = **घरघर** (द्विश), **गहना**[१] (प्रजनक) → **गहना**[२] (प्रजनित : ग् → स्) = **गहना-सहना** (द्विश) ।

द्विरुक्त शब्दका संरचनामा रहेका प्रजनक र प्रजनित अंशमध्ये प्रजनकको प्रधानता हुन्छ । प्रजनित अंश चाहिं परिधीय रूपमा यसको आश्रित हुन्छ र बद्ध भए पनि यसकै अर्थबाट सार्थक हुन्छ, जस्तै–{**भातसात**...} मा [-**सात**] बद्ध र निरर्थक भए तापनि प्रजनक [**भात-**] का अर्थबाट सार्थका हुन्छ र यसले **त्यस्तै अरू खाने कुरा** भन्ने अर्थ जनाउँछ ।

द्विरुक्त शब्दको संरचनामा पाइने **सग्लो (परिवर्तन वा विकार नभएको) अंश चाहिं प्रजनक वा मूल** हो । शब्दको रचना हुँदा कहिले यो अंश अघि र कहिले पछि पनि हुन्छ, जस्तै–{**गहना सहना**} मा अघिल्लो अंश [**गहना-**] प्रजनक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो भने {**ऐँचोपैँचो**} मा पछिल्लो **अंश [-पैँचो]** प्रजनक हो ।

१.५ द्वित्व-पद्धतिको प्रयोजन पनि शब्द-भण्डारको अभिवृद्धि गर्नु नै हो । एउटा परिचित शब्दबाट अन्य परिचित रूपको रचना गर्नु यसको खास प्रयोजन हो, जस्तै–गहना → **गहनैगहना, गहना-सहना, गर्गहना** ... । यस पद्धतिबाट केही यस्ता शब्दको रचना पनि हुन्छ, जसको निर्माण अन्य कुनै पद्धतिबाट सम्भव छैन, जस्तै–**झ्ैझ्गडा, तम्तयार,** खन्खाँचो, **मर्मसला, आलोपालो, चाटचुट** ... ।

२. द्विरुक्त शब्दका रचना-विधानहरू

२.१ द्वित्व-पद्धतिमा द्विरुक्त शब्दको निर्माण निम्नमध्ये कुनै एक रचना-विधानबाट गरिन्छ–

क. **प्रजनक अंशको जस्ताकोतस्तै पुनरावृत्तिद्वारा** । यस विधानमा प्रजनक र प्रजनितको रूप भिन्न नभई एउटै हुन्छ, जस्तै–

प्रजनक + प्रजनित → द्विश

↓ ↓ ↓

घर घर घरघर

द्वित्वको यो विधान सबै वर्गका शब्दमा लागू हुने भएकाले प्रत्येक वर्गबाट यस्ता द्विरुक्त शब्दको रचना गरिन्छ, जस्तै–

अ. **नामबाट :** ढोका → **ढोकाढोका,** थोपा → **थोपाथोपा,** ख्याल → **ख्यालख्याल,** छोरा → **छोराछोरा,** केटी → **केटीकेटी,** देश → **देश-देश,** च्याँ → **च्याँच्याँ,** दन → **दनदन** खट → **खटखट** ।

आ. **सर्वनामबाट :** तँ → **तँ-तँ,** जो → **जो-जो,** आफ्नो → **आफ्नो-आफ्नो,** कोही → **कोही-कोही** ... ।

इ. **विशेषणबाट :** मिठो → **मिठो-मिठो,** साना → **साना-साना,** पुराना → **पुराना-पुराना,** राता → **राता-राता,** खल्लो → **खल्लो-खल्लो,** एक → **एक-एक,** चार → **चार-चार,** नया → **नयाँ-नयाँ** ... ।

ई. **क्रियाबाट :** खान्छ → **खान्छ-खान्छ,** हेर → **हेर-हेर,** आउनोस् → **आउनोस्-आउनोस्,** जा → **जा-जा,** बस्यौं → **बस्यौं-बस्यौं,** भन्ला → **भन्ला-भन्ला** ... ।

उ. **अव्ययबाट :** जब → **जब-जब,** पछि → **पछि-पछि,** तल → **तल-तल,** कहिले → **कहिले-कहिले,** संग → **संग-संग,** फर्की → **फर्की-फर्की,**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुग्दा →पुग्दा-पुग्दा, नाइँ →नाइँ-नाइँ,
खै →खै-खै, छि →छि-छि,
शिव →शिव-शिव, हरे →हरे-हरे ... ।

ख. **प्रजनकको पुनरावृत्ति गरी प्रजनित अंशका आदि-व्यञ्जनको परिवर्तनद्वारा ।** प्रजनकको आदिमा स्वर छ भने प्रजनितमा व्यञ्जन थपिन्छ । आदि-व्यञ्जनको परिवर्तन धेरजसो /स्/ द्वारा हुन्छ तापनि अन्य व्यञ्जनद्वारा पनि गरिन्छ, जस्तै —

प्रजनक	+ प्रजनित	(परिवर्तन)	→ द्विश
↓	↓	↓	↓
काठ	काठ	(क् → स्)	काठसाठ
भाउ	भाउ	(भ् → त्)	भाउताउ
कटनी	कटनी	(क् → म्)	कटनी-मटनी
खटन	खटन	(ख् → प्)	खटन-पटन
चाल	चाल	(च् → ढ्)	चालढाल
उठती	उठती	(उ → पु)	उठती-पुठती
आम	आम	(आ → सा)	आम-साम
इलम	इलम	(इ → सि)	इलम-सिलम ...

यो विधान पनि सबै शब्द-वर्गमा लागू हुन्छ, जस्तै—

अ. **नामबाट :** घाम →घामसाम, रायो →रायोसायो,
डिल →डिलसिल, टाटो →टाटोसाटो,
अखवार →अखबार-सखबार,
सिसा →सिसा-तिसा, पैसा →पैसा-सैसा,
राधेश्याम→ राधेश्याम-साधेश्याम,
आलस →आलस-तालस, अडको→ अडको-पडको,
उकुस →उकुस-मुकुस ... ।

आ. **सर्वनामबाट :** उ →उ-सु, जो →जो-सो,
त्यस →त्यस-स्यस, आफू →आफू-साफू,
यो →यो-स्यो ... ।

इ. **विशेषणबाट :** उस्तो →उस्तो-सुस्तो, ठाडो →ठाडो-साडो,
राम्रो →राम्रो-साम्रो, पहेंलो →पहेंलो-सहेंलो,
एक →एक-सेक, सय →सय-तय,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आसे →**आसे-पासे**, उल्टो →**उल्टो-पुल्टो** ...।

ई. क्रियाबाट : देखाउला → **देखाउला-सेखाउला**,
दिन्छ → **दिन्छ-सिन्छ**,
फकायो →**फकायो-सकायो**, पुग्छन् →**पुग्छन्-सुग्छन्**,
भन्यौं →**भन्यौं-सन्यौं** ...।

उ. अव्ययबाट : हेर्न → **हेर्न-सेर्न**, मली →**मली-तली**,
आज →**आज-साज**, हुँ →**हुँ-सँ**,
अरे →**अरे-सरे**, गरी →**गरीवरी** ...।

ग. प्रजनकको पुनरावृत्ति गरी प्रजनित अंशक आदि-स्वरको परिवर्तनद्वारा । अन्य आदि-स्वरको परिवर्तन प्रायः /आ/ द्वारा र /आ/ आदि-स्वरको परिवर्तन /उ/ द्वारा गरिन्छ, जस्तै–

प्रजनक +	**प्रजनित**	**(परिवर्तन)** →	**द्विश**
↓	↓	↓	↓
गोद	गोद	(ओ →आ)	गोदगाद
भुट	भुट	(उ → आ)	भुटभाट
चाट	चाट	(आ →उ)	चाटचुट
माड	माड	(आ →उ)	माडमुड ...।

यस विधानमा प्रजनक अंश पछाडि पनि जान सक्छ, जस्तै–

प्रजनित	**(परिवर्तन)** +	**प्रजनक**	→**द्विश**
↓	↓	↓	↓
गोद	(ओ →आ) +	गोद	गादगोद
कोर	(ओ →आ) +	कोर	कारकोर
फुक	(उ →आ) +	फुक	फाकफुक
पुर	(उ →आ) +	पुर →	पारपुर ...।

यी विधान मुख्यतः धातुबाट निर्मित रूपमा लागू हुन्छ, जस्तै–

अ. टिपन →**टिपनटापन**, चोर →**चोरचार**, फेर→ **फेरफार**, पुछ →**पुछपाछ**, काट →**काटकुट**, लुट →**लुटलाट**, माड →**माड़मुड**, कोर →**कोरकार**, चाट →**चाटचुट**, तान →**तानतुन**, गोद →**गोदगाद**, छिमल →**छिमलछामल**, तिरन→ **तिरनतारन**, छेड →**छेडछाड**, दल →**दलदाल**, कोच →**कोचकाच**, भिड →**भिडभाड**, खन →**खनखान**, झिक →**झिकझाक**, पोत →**पोतपात**, ढाक →**ढाकढुक**, थुन →**थुनथान**,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाँध →**बाँधबुध**, सोर →**सोरसार**...।

आ. कुट →**कुटकाट**, लुट → **लुटलाट**, मुड → **मुडमाड** पुर →**पुरपार**, फुक →**फुकफाक**, चुट →**चुटचाट**, तुन → **तुनतान**, ढुक →**ढुकढाक**...।

इ. टिपन → **टापनटिपन**, चोर →**चारचोर**, फेर →**फारफेर** पुछ → **पाछपुछ**, पुर →**पारपुर**, कोर →**कारकोर**, फुक →**फाकफुक** गोद →**गादगोद**, सोर →**सारसोर**...।

माथि (अ) वा (आ) वर्ग (**प्रजनक+प्रजनित**) का द्विरुक्त शब्द (इ) वर्ग (**प्रजनित+प्रजनक**) मा आउँदा अर्थको परिवर्तन हुन्न, जस्तै– **टिपनटापन** (अ), **टापनटिपन** (इ); **फुकफाक** (आ), **फाकफुक** (इ) .. । अर्थमा परिवर्तन भएमा (इ) वर्गको नभएर (अ) वा (आ) वर्गको हुन्छ, जस्तै– **चाटचुट** (अ), **चुटचाट** (आ); **तुनतान** (आ) **तानतुन** (अ) ...।

घ. **प्रजनकको पुनरावृत्ति गरी प्रजनितका आदिव्यञ्जनको लोपद्वारा** । यस विधानमा प्रजनक पछाडि जान्छ, जस्तै–

प्रजनित	**(परिवर्तन)** +	**प्रजनक**	→ **द्विश**
↓	↓	↓	↓
टाले	(ट् → ○)	टाले	आलेटाले
पैंचो	(प् → ○)	पैंचो	ऐंचोपैंचो
मिलिक	(म् → ○)	मिलिक	इलिकमिलिक...।

यो विधान मुख्यतः **नाम र विशेषणमा** लागू हुन्छ । यस ढङ्गमा बनेका केही अव्यय पनि देखा पर्छन्, जस्तै–

अ. **नामबाट :** पालो → **आलोपालो**, कोल्टो →**ओल्टोकोल्टो** ,
वानी →**आनीबानी**, तान →**आनतान**
पत्तो → **अत्तोपत्तो**, वलीद →**अदली-बदली**,
मात्रा → **आत्रामात्रा**, मानु →**आनुमानु**,
दौला →**औलादौला**...।

आ. **विशेषणबाट :** जैरे → **ऐरेजैरे**, फाल्टू → **आल्टूफाल्टू**,
गैरे →**ऐरेगैरे**, गिने →**इनेगिने**,
पाते →**आतेपाते**, दोहोरो →**ओहोरो-दोहोरो**...।

इ. **अव्ययबाट :** मिलिक →**इलिक–मिलिक**,
चिन्तु →**इन्तु-चिन्तु**...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ङ. प्रजनकको पुनरावृत्ति गरी प्रजनित अंशको आदि-व्यञ्जन-बाहेक सबैको लोप र लोपका सट्टा /अर्/ को आगमद्वारा। यस विधानमा प्रजनक पछाडि जान्छ, जस्तै–

प्रजनित	(लोप : आगम)	+ प्रजनक	→ द्विश
↓	↓ . ↓	↓	↓
गहना	(गहना → ग् + अर् → गर्)	गहना	गर्गहना
मसला	(मसला → म् + अर् → मर्)	मसला	मर्मसला
तमसुक	(तमसुक → त् + अर् → तर्)	तमसुक	तर्तमसुक
खटन	(खटन → ख् + अर् → खर्)	खटन	खर्खटन
घडेरी	(घडेरी → घ् + अर् → घर्)	घडेरी	घर्घडेरी
छिमेक	(छिमेक → छ् + अर् → छर्)	छिमेक	छर्छिमेक
बन्दोबस्त	(बन्दोबस्त → ब् + अर् → बर्)	बन्दोबस्त	बर्बन्दोबस्त
सल्लाह	(सल्लाह → स् + अर् → सर्)	सल्लाह	सर्सल्लाह
सामान	(सामान → स् + अर् → सर्)	सामान	सर्सामान
मिजास	(मिजास → म् + अर् → मर्)	मिजास	मर्मिजास
खजना	(खजना → ख् + अर् → खर्)	खजना	खर्खजना
खेताला	(खेताला → ख् + अर् → खर्)	खेताला	खर्खेताला

/अर्/ का सट्टा अरू नै केहीको आगम पनि हुन्छ, जस्तै–

प्रजनित	(लोप : आगम)	+ प्रजनक	→ द्विश
↓	↓ ↓	↓	↓
तयार	(तयार → त् + अम् → तम्)	तयार	तम्तयार
खाँचो	(खाँचो → ख् + अन् → खन्)	खाँचो	खन्खाँचो
झगडा	(झगडा → झ् + ऐ → झै)	झगडा	झैझगडा ...।

च. प्रजनकको पुनरावृत्ति गरी प्रजनितका अन्तिमबाहेक अन्य अक्षरको लोपद्वारा, जस्तै–

प्रजनक	+ प्रजनित	(लोप)	→ द्विश
↓	↓	↓	↓
कल	कल	(कल → ल)	कलल
टन	टन	(टन → न)	टनन ...।

यस विधानमा लोपपछि अन्तिमभन्दा पूर्वको अक्षरलाई स्वर रहित पनि पारिन्छ, जस्तै–

कल + कल → कल्ल, टक + टक → टक्क,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तुर + तुर → तुर्र, सुरुप + सुरुप → सुरुप्प...।

द्विरुक्त शब्दको यस रचना–प्रक्रियामा पुनरावृत्ति एकभन्दा बढी पटक पनि गरिन्छ, जस्तै–

कल + कल + कल → कललल, कलल्ल

कल + कल + कल + कल → कलललल, कललल्ल ।

यो विधान मुख्यत: अनुकरणात्मक शब्दमा लागू हुन्छ, जस्तै–

फुसु → फुसुसु, फुसुसुस्सु; गम → गम्म,

प्यार → प्यार्र, गुडुङ → गुडुङ्ङ,

भ्वाक → भ्वाक्क, तुरु → तुरुरु, तरुरर्र,

टक → टक्क, खत → खत्त, खतत्त, खततत्त,

अकमक → अकमक्क, कऱ्याम → कऱ्याम्म,

पितिक → पितिक्क, फ्रमक → फ्रमक्क,

छर्लङ → छर्लङ्ङ, ह्वाल → ह्वाल्ल,

स्वाइँय → स्वाइँय्य, ल्वात → ल्वात्त,

च्वाम → च्वाम्म, गल → गलल, गल्ल,

फर → फरर, फररर, फर्र, फरर्र, फररर्र,

सलक → सलक्क, तप → तप्प,

गडर → गडरर, गडर्र, गडरर्र...।

छ. प्रजनकको पुनरावृत्ति गरी प्रजनितका प्रथम अक्षरबाहेक अन्यको लोपद्वारा। यस विधानमा प्रजनक पछाडि जान्छ, जस्तै–

प्रजनित	(लोप)	+ प्रजनक	→ द्विश
↓	↓	↓	↓
फ्लको	(फ्लको → फ)	फ्लको	फफ्लको
थर्को	(थर्को → थ)	थर्को	थथर्को
छल्को	(छल्को → छ)	छल्को	छछल्को
सुर्को	(सुर्को → सु)	सुर्को	सुसुर्को...।

२·२ पुनरावृत्तिका उपर्युक्त विधानवाहेक अरू केही सानातिना विधान पनि छन्।

३. केही थप कुरा

३·१ द्वित्व-पद्धतिबाट शब्दको रचना गर्दा प्रजनक र प्रजनितका माझमा अन्य तत्त्वको पनि योग हुनसक्छ, जस्तै–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आँप + नँ + आँप → **आँ-पनँ-आँप**

घर + ऐ + घर → **रँघर**

भात + न + सात → **भात-न-सात**

अक्क + न + वक्क → **अक्क-न-बक्क**

आबा + न + काबा → **आबा-न-काबा**

सब + का + सब → **सबकासब**

माल + को + माल → **मालकोमाल**

हात + आ + हांत → **हाताहात**

रात + आ + रात → **रातारात**

थुक + आ + थुक → **थुकाथुक ...।**

३.२ द्विरुक्त शब्दमा **सर्गको** योग हुन्छ। सर्गको योग द्वित्व-पद्धतिसंग होइन सर्ग-पद्धतिसंग सम्बन्धित विधान हो।

द्विरुक्त प्रातिपदिक + सर्ग → व्युपन्न शब्द

↓	↓	↓
घरघर्	ए	घरघरे
भनाभन्	ई	भनाभनी
हाताहात्	ई	हाताहाती
बढिबढ्	आउ	बढिबढाउ
भरिभर्	आउ	भरिभराउ ...।

३.३ द्वित्व-पद्धतिमा एउटै शब्दको पुनरावृत्ति हुनु आवश्यक छ। यसका विपरीत दुई भिन्न शब्दको योग भएका खण्डमा द्विरुक्त शब्दको रचना नभएर **समस्त** शब्दको रचना हुन्छ जस्तै—

शब्द—१ + शब्द—२

↓	↓
आवत	जावत → **आवत-जावत**
आचार	विचार → **आचार-विचार**
सिर	खुर → **सिरखुर**
आलाप	विलाप → **आलाप-विलप**
आहार	विहार → **आहार-विहार**
उल्टाइ	पल्टाइ → **उल्टाइ-पल्टाइ ...।**

३.४ संसारका विभिन्न भाषाहरूमा यस पद्धतिबाट शब्दको रचना गरिन्छ।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेर

□

अनुकरणात्मक शब्द

१. अर्थ, स्वरूप र कार्य

१.१ अनुकरणात्मक शब्दलाई निर्मित शब्द मानिन्छ। संसारका विभिन्न भाषामध्ये धेरैंजसोका शब्द-ढुकुटीमा यस खालका शब्द पाइन्छन् तापनि केही भाषाको भण्डार यसबाट रित्तो पनि छ, जस्तै–**अथवस्की** भाषा। अनुकरणात्मक शब्दका दृष्टिबाट नेपाली भाषा निकै धनी छ।

१.२ **ध्वनि (बोली, अवाज) वा गतिका आधार (अनुकरण) मा निर्मित शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ।** यस प्रकारको शब्दले कुनै अवाज वा गतिको अर्थबोध गराउँछ, जस्तै–

क. चराको बोली → **चिर**
ख. घन्टीको अवाज → **टिन**
ग. बत्ती निभ्ने गति → **क्वप**
घ. बग्ने गति → **सल**

१.३ अनुकरणात्मक शब्दले **सजीव** र **निर्जीव** दुवैका अवाजको अर्थबोध गराउँछ, जस्तै–

अ. **सजीव** →
- क. कागको बोली → **काँ-काँ**
- ख. कोइलीको बोली → **कोहो-कोहो**
- ग. गाईको बोली → **बाँ-बाँ**
- घ. साँढेको बोली → **होक्काँ...।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आ. **निर्जीव** → { क. घन्टीको अवाज → **टन**
ख. चुहिएको अवाज → **तप**
ग. चिरिएको अवाज → **चर**
घ. हावा चलेको अवाज → **सर...।** }

१·४ अनुकरणात्मक शब्दको अर्थ त्यो **सजीव प्राणी** वा **निर्जीव वस्तु** पनि जसबाट सो अवाज निस्किन्छ, जस्तै–

अ. **सजीव प्राणी–**

क. काँ-काँ गर्ने →**काग**
ख. कोहो-कोहो गर्ने →**कोइली**
ग. भुँ-भुँ गर्ने →**भुमरो**
घ. बो-ओ गर्ने →**बोको**
ङ. हुटिट्-टाउँ गर्ने →**हुटिटचाउँ**
च. कुखुरी-काँ गर्ने →**कुखुरो**
छ. कुइँ-कुइँ गर्ने →**कुकुर**
ज. ढुकुर्-कुर् गर्ने →**ढुकुर**
झ. टिक्-टिक् गर्ने →**टिकटिके**
ञ. झयाउँ-झयाउँ गर्ने →**झयाउँकिरी**
ट. काफल्-पाको भन्ने →**काफलपाक्यो**
ठ. कन्याङ-कुरुङ गर्ने →**कन्याङकुरुङ**
ड. म्याउँ-म्याउँ गर्ने →**म्याउँ**
ढ. फ्याउ-फ्याउ गर्ने →**फ्याउरो**
ण. न्याउ-न्याउ गर्ने →**न्याउली**
त. लौकाट्-लौकाट् गर्ने →**लौकाट**
थ. भ्याँ-भ्याँ गर्ने →**भेडो**
द. लखर्-खर् गर्ने →**लोखर्के**
ध. तितिर्-तिर् गर्ने →**तित्रो**
न. चिर्-बिर् गर्ने →**चिबिर्चे**
प. सुवी-सुवी गर्ने →**सुबिउ...।**

आ. **निर्जीव वस्तु–**

क. छङ-छङ गर्ने →**छाँगो**
ख. छर्-छर् गर्ने →**छहारी, छर्छरे**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. घन्-घन् गर्नें → **घन्ट**

घ. भट्-भट् गर्ने → **भट्भटे**

ङ. टुर्-टुर् गर्ने → **टुर्रो**

च. डम्-डम् गर्ने → **डमरु**

छ. डिब्-डिब् गर्ने → **डिबडिबे**

ज. डुग्-डुग् गर्ने → **डुगी**

झ. पटट् गर्ने → **पटका**

ञ. वडङ्ग गर्ने → **बन्दुक**

ट. टयाम्-टयाम् गर्ने → **टयाम्को**

ठ. चट्-चट् गर्ने → **चट्टी, चप्पल**...।

१·५ नेपालीमा अनुकरणात्मक शब्दहरू मुख्यत: **अव्यय वर्ग**का छन्। केही अनुकरणात्मक शब्द **नाम** र केही अनुकरणात्मक शब्द **विशेषण वर्ग**का पनि छन्। वाक्यात्मक संरचनामा केहीले **क्रिया**को कार्य पनि गर्छन्। उपर्युक्त चारै प्रकारका अनुकरणात्मक शब्दको उदाहरण तल दिइएको छ–

क. **नाम** →झल्को, चस्को, टलक, मिरमिर, कलकल...।

ख. **विशेषण** →सलवले, करकरे, जलजलाउँदो, कलकलाउँदो...।

ग. **क्रिया** →तिर्मिराउँछ, झलमलिन्छ, सगबगाउला, टल्कियो, टल्पलायो...।

घ. **अव्यय** →किरिङ-मिरिङ, अक्कमक्क, प्याट्ट, सुँक्क-सुँक्क, टुप्लुक्क, दनदन, कपाकप...।

१·६ एउटा अनुकरणात्मक शब्दबाट अन्य विभिन्न अनुकरणात्मक शब्दको रचना हुन्छ। यस फाँटमा मुख्यत: **द्वित्व-पद्धति** र **सर्ग-पद्धति**बाट शब्दको निर्माण गरिन्छ, जस्तै–

क. **द्वित्व-पद्धति** →कपाकप, टनटन, क्वाँ-क्वाँ, सारसुर, गललल्ल, भ्यात्त, लतक्क, फ्यास्स...।

ख. **सर्ग-पद्धति** →झल्झल्+ई, कलकल्+आउ+दो, करकर्+ए, दनदन्+ती, सगबग्+आइ...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. अनुकरणात्मक शब्दको संरचना

२.१ अनुकरणात्मक शब्दको संरचनामा रहने तत्त्वको विश्लेषण **ध्वनि-संवेदन**का आधारमा गरिन्छ । अनुकरणात्मक शब्दले ध्वनिको ज्ञेय संवेदनद्वारा अर्थ-बोध गराउँछ भन्ने ठानिन्छ । यस विश्लेषण अनुसार अनुकरणात्मक शब्दलाई दुई खण्डमा टुक्र्याइन्छ जसमध्ये **आदि-व्यञ्जन वा व्यञ्जन-गुच्छको एउटा खण्ड र शेष अंशको अर्को खण्ड** हुन्छ । उपर्युक्त ढङ्गमा टुक्र्याइएका खण्डलाई नै अनुकरणात्मक शब्दको संरचना-तत्त्व मानिन्छ, जस्तै—

संरचना-तत्त्व

ट् + ईन → **टिन**

↓ ↓

ट् + इक → **टिक**

अनुकरणात्मक शब्दका संरचनामा रहने तत्त्वहरूमा केही-न-केही **ज्ञेयता** वा **इन्द्रियगोचरता** हुनु आवश्यक ठानिन्छ । माथि [ट्-] ले टकारात्मक ध्वनिको प्रतिनिधित्व गरेको छ । यसबाट प्राप्त हुने टकारात्मक संवेदन ज्ञेय वा इन्द्रियगोचर कुरो हो, जसले { **टिन** } वा { **टिक** } को अर्थ बुझ्न मद्दत गर्छ । यसैगरी [**-इन**] ले **केही घन्किने अवाज** र [**-इक**] ले **केही बोधो अवाज**को अभिव्यक्ति गर्छ । [**-इन**] र [**-इक**] ले सूचित गर्ने अवाजको कम र बढी मुखरता ज्ञेय कुरो हो, किनभने संवेदनका आधारमा दुवैलाई छुट्ट्याउन सकिन्छ ।

इन्द्रियगोचरतावाहेक संरचना-तत्त्वले उही क्रममा त्यस्तै अरू शब्दका साथमा आउँदा **सोही** अर्थको अभिव्यक्ति गर्नु पनि आवश्यक ठानिन्छ, जस्तै—

अ. { **टन, टन्न, टिन, टिनिन्न, टङ्ग, टचाङ्ग, ट्वाङ्ग, टक, टिक, टचाक, टचाक्क, टर्र, टिर्र, टुर्र, ट्वार्र** ... } का आदिक्रममा आउने सबै [ट्-] ले टकारात्मक ध्वनिलाई जनाएका छन् ।

आ. { **टन्न, घन्न, गन्न, छन्न, ठन्न** ... } मा सबै [**-अन्न** [ले एउटै अर्थको अभिव्यक्ति गरेका छन् ।

२.२ ध्वनि-संवेदनका आधारमा उपर्युक्त प्रकारबाट सबै अनुकरणात्मक शब्द (खासगरी **गति** जनाउने) को तर्क-संगत र अर्थ-संगत व्याख्या-विश्लेषण गर्न गारो पर्ने देखिन्छ। ध्वनि र सो आधारमा निर्मित शब्द दुवैमा टकारात्मकता भएकाले सोही सादृश्यमा { **टन** } भयो भन्न सजिलो छ, तर निभ्ने बत्तीका **गति**को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इन्द्रियगोचर संवेदनका आधारमा { रूप } को तर्क-संगत र अर्थ-संगत व्याख्या-विश्लेषण गर्न चाहिं गारो छ।

३. अनुकरणात्मक शब्दको प्रयोग

३.१ अनुकरणात्मक शब्दको प्रयोग बोलचाल र साहित्यिक लेखनमा बहुलताका साथ गरिन्छ। प्राविधिक वा सैद्धान्तिक लेखनमा चाहिं यसको प्रयोग ज्यादै न्यून हुन्छ।

३.२ अनुकरणात्मक शब्दको उचित प्रयोगबाट वाक्यात्मक अभिव्यक्तिमा बढी स्पष्टता आउँछ। यसले वाक्यमा ध्वन्यात्मक र अर्थात्मक विशिष्टता पनि उत्पन्न गर्छ, जस्तै–

अकमक्क → आफ्ना घरमा आगलागी हुँदा अब के गर्ने भनेर रामे **अकमक्क** पर्‍यो।

अरिमट्ठ → गिलास फुटालेकामा पिटाइ खाइन्छ भन्ने डरले रामे **अरिमट्ठ** परेको छ।

अल्याङ-मल्याङ → पढ्ने बेलामा अरूतिर **अल्याङ-मल्याङ** गर्नु बेस होइन।

कपक्क → त्यति त एकै गाँसमा **कपक्क** पारन।

किटिक्क → डक्टरले सुई लगाउँदा रामेलाई कमिलाले **किटिक्क** टोके जस्तै लाग्यो।

किरिङ-मिरिङ → लेखोट ज्यादै **किरिङ-मिरिङ** भएकाले यो अभिलेख पढ्न गारो छ।

कुरुम-कुरुम → ओसिएको यो बिस्कुट कत्ति पनि **कुरुम-कुरुम** छैन।

खङग्रङ्ङ → दाजु गएको बस पल्टियो भन्ने सुनेर रामे **खङग्रङ्ङ** भयो।

खचाखच → ठाउँ **खचाखच** भरिएकाले प्रवचन सुन्न गएका धेरै जना त्यसै फर्किए।

खुरुखुरु → रामकी सानी बहिनीले अखबार पनि **खुरुखुरु** पढ्छे।

गमक्क → म नै खुब जान्ने हुँ भनेर **गमक्क** पर्ने खालको मानिस रामे होइन।

गुजुमुज्ज → यस गोलीको धागो त अल्झेर **गुजुमुज्ज** परेको छ।

घटघटी → रामे त्यस्तो तातो चिया पनि **घटघटी** खान्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ड्याच्च → बिरालाले मुसालाई दुलामा पस्नु अघि **ड्याच्च** पाऱ्यो ।

चटचट → यो मक्किएको धागो त **चटचट** चुँडिएर जान्छ ।

च्याट्ट → रामेका जिउमा यो कमेज **च्याट्ट** मिलेको छ ।

छक्क → मानिस शुक्र ग्रहमा पुग्नु अब **छक्क** पर्ने कुरो रहेन ।

छप्ल्याङ-छुप्लुङ → सडकभरि पानी जमेकाले **छप्ल्याङ-छुप्लुङ** गर्दै आइयो ।

जुरुक्क → राष्ट्रिय गीत प्रारम्भ हुँदा बसेका पनि **जुरुक्क** उठ्छन् ।

झलझली → मेरी सानी बहिनी यहाँ छैन, तर म उसको अनुहार **झलझली** देख्छु ।

झ्वाम्म → नुहाउनाका निम्ति अरू त बिस्तारै पोखरीमा पसे, तर रामेले **झ्वाम्म** फाल हाल्यो ।

टङटङ → घण्टाघरको घडीले **टङटङ** दस बजायो ।

टहटह → उज्यालो पक्षको रात दिनदिनै **टहटह** हुँदै जान्छ ।

ठिङ्गिग्रङ्ग → सोमत नभएको रामे ठूला-बडाका सामु पनि **ठिङ्गिग्रङ्ग** उभिन्छ ।

डम्म → अहिले त सिकुटे रामे पनि मोटाएर **डम्म** परेको छ ।

ढकमक्क → यतिखेर खुब फुल फुलेकाले बघैंचाहरू **ढकमक्क** छन् ।

ढसमस्स → त्यत्रो कोचमा रामे एक्लै **ढसमस्स** बसेको छ ।

तनतनी → यस्तो चिसो पानी रामेले साँस नफेरी **तनतनी** खायो ।

तानतुन → यस महँगीमा तलबले **तानतुन** महिना कट्छ ।

थप्प → आमाले भनेका कुरा रामे **थप्प** मान्छ ।

थामथुम → बच्चा रुन थालेपछि **थामथुम** पार्न गारो हुन्छ ।

दनदन्ती → फुक्दा-फुक्दा बल्ल यो मुढो **दनदन्ती** बल्यो ।

धुरुधुरु → दाजुले चित्त दुख्ने कुरा भनेकाले रामे **धुरुधुरु** रोयो ।

ध्यार्र → कुर्सीको किलामा अड्केर रामेको पेन्ट **ध्यार्र** च्यातियो ।

निथ्रुक्क → ओत लाग्ने ठाउँमा पुग्न नपाउँदै दर्के पानीले **निथ्रुक्क** भिजायो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निस्पट्ट → अपर्झट् विजुली निभेकाले पुरै टोल **निस्पट्ट** भयो ।
पट्ट → रामेले त्यति मोटो लौरो **पट्ट** भाँच्यो ।
पुलुक्क → कुरो नबुझेर उसले मतिर **पुलुक्क** हेऱ्यो ।
फटाफट → **फटाफट** नगरे यो काम आज पनि सकिन्न ।
फतक्क → त्यस डाँडाबाट यस डाँडामा आउँदा **फतक्क** गलियो ।
बर्बरी → रामे त यति जाबो कुरामा पनि **बर्बरी** आँसु खसाल्छ ।
बुलुक्क → चना देखाउँदा त्यो सानो पाठो **बुलुक्क** उफ्रेर आयो ।
भुक्क → यस पिठाको रोटी **भुक्क** फुल्छ ।
भुसुक्क → रामेले धेर चकचक गरेको देख्दा आमाले हिजोको थप्पड **भुसुक्क** बिर्सिस् भन्नु भयो ।
मक्ख → भने जस्तै घडी किन्न पाउँदा रामे **मक्ख** पऱ्यो ।
मुसुमुसु → रामेका अल्लारे कुरा सुनेर उसका दाजु **मुसुमुसु** हाँसे ।
रन्न → रामेलाई एकैछिन **रन्न** जरो आएर ओर्लियो ।
रिमरिम → **रिमरिम** परेको यो पानी छिटै थामिने चाल छैन ।
लहलह → सिंचाइको जति सुविधा हुन्छ, त्यति नै खेत **लहलह** हुन्छ ।
लुसुक्क → रामे **लुसुक्क** आएको कसैले देखेन ।
सुँक्क-सुँक्क → उसको करुण कथा सुनेर कोही-कोही त **सुँक्क-सुँक्क** गर्न थाले ।
स्वाँ-स्वाँ → यो ठाडो उकालो चढ्दा त **स्वाँ-स्वाँ** हुन्छ ।
हाटहुट → पुँजी थोर भए पनि रामेले **हाटहुट** घर बनायो ।
हुरुक्क → भाइ भने पछि **हुरुक्क** हुने सीताले उसलाई किन पिट्थीर !

माथि एउटा अर्थमा मात्र प्रयोग गरिए तापनि धेर जसो अनुकरणात्मक शब्द एकभन्दा बढी अर्थमा प्रयुक्त हुन्छन् ।

४. अनुकरणात्मक शब्दको सूची

४.१ नेपाली शब्द-भण्डारमा प्रशस्त अनुकरणात्मक शब्द छन् । यसको छोटो सूची तल दिइएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ढक्क, डक्क, पक्क, थक्क, फक्क, टक्क, छक्क, भक्क, ठक्क ...।

झट्ट, छट्ट, पट्ट, फट्ट, सट्ट, कट्ट, चट्ट, भट्ट, खट्ट ...।

पच्च, मच्च, थच्च, घच्च, कच्च ...।

थप्प, खप्प, तप्प, टप्प, झप्प, कप्प, ढप्प, धप्प, सप्प, चप्प, घप्प, लप्प ...।

डम्म, ठम्म, ढम्म, टम्म, झम्म, गम्म, लम्म ... ।

सल्ल, झल्ल, खल्ल, हल्ल, टल्ल छल्ल गल्ल भल्ल पल्ल ...।

क्याक्क, ख्याक्क, ड्याक्क, छ्याक्क, ट्याक्क, ठ्याक्क, प्याक्क, फ्याक्क ...।

च्वाक्क, ट्वाक्क, प्वाक्क, ख्वाक्क ...।

ट्याङ्ग, ढ्याङ्ग, प्वाङ्ग, ह्वाङ्ग, ड्वाङ्ग, ठ्वाङ्ग ...।

क्याच्च, घ्याच्च, थ्याच्च, प्याच्च, ड्याच्च, ल्याच्च, फ्याच्च, क्वाच्च, प्वाच्च, ग्वाँच्च ...।

फ्यात्त, प्यात्त, भ्यात्त, ख्वात्त, ह्वात्त, फ्वात्त, स्वात्त ...।

च्याट्ट, छ्याट्ट, ख्याट्ट, प्याट्ट, फ्याट्ट, भ्याट्ट ...।

क्याप्प, च्याप्प, छ्याप्प, झ्याप्प, ल्याप्प, ख्याप्प, ट्याप्प, ठ्याप्प, च्वाप्प ...।

झ्याम्म, ठ्याम्म, ड्याम्म, न्वाम्म, ग्वाम्म, च्वाम्म, ह्वाम्म, झ्वाम्म...।

क्यार्र, ध्यार्र, च्यार्र, छ्यार्र, ड्यार्र, स्यार्र, प्यार्र, ख्वार्र, झ्वार्र, त्वार्र, ह्वार्र, ट्यार्र ...।

प्याल्ल, फ्याल्ल, न्याल्ल, ख्वाल्ल, ह्वाल्ल, छ्वाल्ल, ह्वाल्ल...।

ख्यास्स, ठ्यास्स, ढ्यास्स, पयास्स, भ्यास्स, छ्वास्स, झ्वास्स, ह्वास्स, फ्वास्स ...।

कुइँय्य, लुइँय्य, सुइँय्य, हुइँय्य ...।

कुइँ-कुइँ, खुइँ-खुइँ, लुइँ-लुइँ ...।

घुँक्क-घुँक्क, सुँक्क-सुँक्क, चुँक्क-चुँक्क ...।

क्वाँ-क्वाँ, घ्वाँ–घ्वाँ, च्वाँ-च्वाँ ड्वाँ-ड्वाँ, भ्वाँ-भ्वाँ, फ्वाँ-फ्वाँ, स्वाँ-स्वाँ ...।

ग्याइँग्याइँ, क्याइँक्याइँ, ठ्याइँठ्याइँ, न्याइँन्याइँ, स्याइँ-स्याइँ ...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कक्रक्क, फक्रक्क, टक्रक्क, ठक्रक्क...।

खनक्क, घनक्क, झनक्क, टनक्क, फनक्क, रनक्क, ठनक्क, सनक्क...।

कटक्क, पटक्क, चटक्क, फटक्क, लटक्क...।

गमक्क, चमक्क, झमक्क, लमक्क...।

हलक्क, झलक्क, टलक्क, सलक्क...।

झपक्क, टपक्क, तपक्क, धपक्क, लपक्क...।

फतक्क, लतक्क...।

कचक्क, घचक्क, थचक्क, मचक्क, लचक्क, हचक्क...।

चरक्क, परक्क, मरक्क, जरक्क, फरक्क, लरक्क, सरक्क, तरक्क...।

झिमिक्क, चिमिक्क...।

चिरिक्क, तिरिक्क, सिरिक्क, हिरिक्क...।

गिलिक्क, झिलिक्क, मिलिक्क, पिलिक्क...।

खिस्रिक्क, घिस्रिक्क...।

कुक्रुक्क, टुक्रुक्क...।

टुसुक्क, भुसुक्क, मुसुक्क, लुसुक्क...।

खुर्लुक्क, बुर्लुक्क...।

सुरुक्क, जुरुक्क, तुरुक्क, धुरुक्क, फुरुक्क, बुरुक्क, खुरुक्क, भुरुक्क, लुरुक्क, हुरुक्क...।

घुप्लुक्क, टुप्लुक्क...।

चकचक, बकबक, भकभक, सकसक...।

दनदन, गनगन, खनखन, फनफन, टनटन, झनझन...।

झमझम, टमटम, लमलम...।

खलखल, झलझल, थलथल, भलभल, कलकल...।

सलबल, खलबल...।

टहटह, लहलह...।

कटकट, खटखट, छटछट, गटगट, घटघट, पटपट, फटफट, भटभट...।

चसचस, खसखस, ठसठस, फसफस, भसभस, मसमस...।

कपाकप, खपाखप, घपाघप, लपालप, सपासप...।

झकाझक, चकाचक, पकापक, फकाफक भकाभक...।

कटाकट, खटाखट, चटाचट, झटाझट, पटापट, फटाफट,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झटाझट, सटासट ...।

झरङ्ग, चङ्ङ्ग, पङ्ङ्ग, फसङ्ग ...।

खङ्ग्रङ्ग, टङ्ग्रङ्ग, ठङ्ग्रङ्ग, डङ्ग्रङ्ग ...।

फङ्लङ्ग, गम्लङ्ग, फम्लङ्ग ...।

जिङ्ग्रिङ्ग, ठिङ्ग्रिङ्ग, टिङ्ग्रिङ्ग, खिन्रिङ्ग, किर्लिङ्ग ...।

फलफली, टलटली, सलसली, कलकली, हलहली, पलपली, खलखली ...।

मर्मरी, बर्बरी, लर्लरी, पर्परी, फर्फरी, धर्धरी, दर्दरी, तर्तरी, चर्चरी, छर्छरी, कर्करी, खर्खरी ...।

पटपटी, भटभटी, फटफटी, छटछटी, कटकटी, घटघटी, चटचटी ...।

खनखनी, दनदनी, फनफनी, भनभनी, सनसनी, हनहनी, तनतनी ...।

ख्यासख्यास, ठ्यासठ्यास, फ्यासफ्यास, भ्यासभ्यास... ।

घुट्टुघुट्टु, गुट्टुमुट्टु, लुट्टुपुट्टु, कुट्टुकुट्टु ...।

खुसुखुसु, ढुसुढुसु, मुसुमुसु, लुसुलुसु ...।

टुलुटुलु, पुलुपुलु, सुलुसुलु ...।

कुपुकुपु, लुपुलुपु, सुपुसुपु, टुपुटुपु ...।

अलमल्ल, असरल्ल, खलमल्ल ...।

गलल्ल, खलल्ल, हलल्ल ...।

अक्कमक्क, ढकमक्क .. ।

चकमन्न, लमतन्न ...।

झिमझिम, टिमटिम, रिमरिम, सिमसिम ...।

पिलपिल, टिलपिल, झिलझिल ...।

गामगुम, चामचुम, छामचुम, झामझुम, ढामढुम, सामसुम ...।

खारखुर, घारघुर, ङारङुर, हारहुर ...।

हाटहुट, फाटफुट, चाटचुट, फाटफुट ...।

खासखुस, चासचुस ...।

ठाकठुक, पाकपुक, हाकहुक, टाकटुक, ढाकढुक ...।

कुरुङ-कुरुङ, जुरुङ-जुरुङ ...।

कुरुम-कुरुम, झुरुम-झुरुम ...।

कन्याककुरुक, खन्याकखुरुक, जन्याकजुरुक, भन्याकभुरुक,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फ्न्याकफुरुक, म्न्याकमुरुक ...।

मस्याकमुसुक, लस्याकलुसुक, खस्याकखुसुक, चस्याकचुसुक, ठस्याकठुसुक ...।

गल्याकगुलुक, फ्ल्याकफ्लुलुक, पल्याकपुलुक, मल्याक-मुलुक ...।

खर्ल्यामखुर्लुम, गर्ल्यामगुर्लुम ...।

गज्याङगुजुङ, कच्याङकुचुङ, कटचाङकुटुङ, चटचाङचुटुङ, गडचाङगुडुङ, भडचाङभुडुङ, लम्रचाङलुम्रुङ, गम्रचाङगुम्रुङ, खम्रचाङखुम्रुङ ...।

लन्याङलुरुङ, सन्याङसुरुङ, कन्याङकुरुङ ...।

अल्याङमल्याङ, खल्याङमल्याङ, लस्याङपस्याङ ...।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौध

□

निपात

१. अर्थ, स्वरुप र कार्य

१.१ नेपालीमा निपातको स्वरूप परिभाषित छैन। मोटो तवरमा यसलाई **अव्यय** त भनिन्छ, तर अव्यय भन्दैमा यसको पहिचान चाहिं हुँदैन। अव्ययअन्तर्गत पर्ने विभिन्न उपवर्ग (क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयादिबोधक...)बाट निपातलाई छुट्टयाउने आधार खुलस्त नभएकाले अन्य अव्यय र यसका माझ स्पष्ट विभाजक-रेखा कोरिएको पाइन्न।

१.२ **वाक्यतमक संरचनामा आश्रितका रूपमा प्रयुक्त भई अर्थवान् हुने र वाक्यात्मक धारणाको अभिव्यक्ति गर्ने निक्षिप्त अव्ययलाई निपात भनिन्छ, जस्तै–नि, नै, पो, खै, ल, हगि, क्या...।**

माथि बताइएबमोजिम निपातको पहिचान र यसलाई अव्ययका अन्य उपवर्गबाट वेग्ल्याउने कार्य निम्नलिखित आधारमा गर्न सकिन्छ–

क. **निपात वाक्यात्मक संरचनामा क्रियाशील हुँदा मात्र अर्थवान् हुन्छ।** यसको तात्पर्य के हो भने श्रेणी-मापदण्डका तल्ला एाकइ अर्थात् रूपिम र शब्दका रूपमा निपात सार्थक हुन्न, तर माथ्ला एकाइ अर्थात् पदसमूह, उपवाक्य र वाक्यमा क्रियाशील हुँदा चाहिं सार्थक हुन्छ। अव्ययका अन्य उपवर्ग र निपातका माझ एउटा भेदकता यो नै हो। अन्य अव्यय चाहिं रूपिम र शब्द एकाइमा एक्लै पनि सार्थक हुन्छन्, तर निपात यस स्तरमा अर्थवान् हुन्न। यसैले अन्य अव्ययलाई सार्थक हुनाका निमित्त वाक्यमा प्रयुक्त भइरहने दरकार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्दैन, तर निपात चाहिं वाक्यमा प्रयुक्त नभई सार्थक नै हुन्न । यस तथ्यलाई तल [र] को प्रयोगबाट स्पष्ट गरिएको छ–

र^1 → काम र कुरो मिल्यो ।

र^2 → काम-कुरो मिल्यो र ।

शब्द एकाइका रूपमा [र^1] को अर्थ **तथा** हो र यसले वाक्यमा दुई नाम (**काम, कुरो**) लाई जोड्ने **योजक**को कार्य गरेको छ । वाक्यभित्र यसको जे अर्थ छ त्यो वाक्यबाहिर एक्लै हुँदा पनि यसमा कायम नै रहन्छ । योजकको अर्थबोध गराउन वाक्यमा प्रयुक्त भइरहनु नपर्ने [र^1] स्वतन्त्र रूपमा सार्थक अव्यय हो, जसलाई **संयोजक उपवर्ग**मा राखिन्छ । दोस्रो वाक्यमा प्रयुक्त [र^1] ले [र^1] को अर्थ नदिएर **जिज्ञासा**लाई सूचित गरेको छ । जसरी [र ^{1}] लाई वाक्यबाट बाहिर झिक्दा त्यसको **तथा** भन्ने अर्थ कायम रहिरहन्छ त्यसैगरी [र^1] लाई वाक्यबाट बाहिर झिक्दा यसको **जिज्ञासात्मक** अर्थ कायम रहन्न । एक्लै हुँदा अर्थ कायम नरहने अभिलक्षण निपातको भएकाले [र^2] संयोजक उपवर्गको अव्यय नभएर निपात उपवर्गको अव्यय हो । वाक्यमा प्रयुक्त नभए पनि सार्थक रहने र वाक्यमा प्रयुक्त नभई सार्थक नहुने आधारमा निपात र अन्य अव्ययका माझ स्पष्ट विभाजक-रेखा कोर्न सकिन्छ, जस्तै– [र^2] निपात हो र [र^1] चाहिं निपात होइन ।

ख. **वाक्यात्मक संरचनामा निपात कुनै एक शब्द अथवा पुरै वाक्यको आश्रित हुन्छ ।** निपात जुन शब्दको आश्रित **हुन्छ** त्यसैका पछाडि रहन्छ । पुरै वाक्यको आश्रित भएका खण्डमा चाहिं कि त्यसका सिरानमा कि पुछारमा आउँछ । वाक्यात्मक संरचनामा निपात कसैको आश्रित छैन भने यसको केही अर्थ हुन्न, **जस्तै–**

नै → अ. राम **नै** घर गयो ।

आ. राम घर **नै** गयो ।

इ. राम घर गयो **नै** ।

सके → **सके** राम घर गयो ।

वाक्य (अ) मा {**राम**} को, (आ) मा {**घर**} को र (इ) मा {**गयो**} को आश्रित भएर [**नै**] ले **निश्चयात्मक धारणा**को अभिव्यक्ति गरेको छ । यसैगरी [**सके**] ले पुरै वाक्य # **राम घर गयो** # को आश्रित भएर **संभावना**को अभिव्यक्ति गरेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्य (अ) बाट {राम} लाई झिक्दा [नै] सार्थक रहन्न, किनभने #---नै घर गयो # मा यसलेकुनै शब्दको आश्रित हुन पाउन्न, तर(आ)बाट {राम} लाई झिक्दा पनि यो सार्थक रहन्छ, किनभने # --घर नै गयो # मा यो {राम} को आश्रित नभएर {घर} को आश्रित छ। यसबाट{घर}लाई झिक्दा #--- ---नै गयो # मा [नै]आश्रयहीन भएकाले फेरि निरर्थक हुन पुग्छ। यसका विपरीत(इ)बाट{राम,घर} लाई झिक्दा पनि #--- ---गयो नै # मा यो सार्थक छ, किनभने यसमा यो {राम, घर} मध्ये कुनैको आश्रित नभएर {गयो} को आश्रित छ। यसबाट [नै] लाई झिक्दा #-- ---गयो--- # मा जसरी {गयो} मात्र सार्थक रहन्छ, त्यसरी {गयो} लाई झिक्दा #--- --- ---नै # मा [नै] चाहिं सार्थक रहन्न, किनभने यस स्थितिमा यसले कसैको आश्रय प्राप्त गर्दैन। माथि उदाहरणस्वरूप प्रस्तुत अन्तिम वाक्य #सके राम घर गयो # बाट{गयो}लाई झिक्दा #सके राम घर--- # मा वाक्यको संरचना नै भत्किने हुँदा त्यसो गर्नासाथ पुरै वाक्यमा आश्रित हुने निपात [सके] निरर्थक हुन पुग्छ । निपातबाहेक अन्य अव्यय वाक्यात्मक संरचनामा यस प्रकार कसैका आश्रित हुन्नन्।

ग. वाक्यात्मक संरचनामा प्रयुक्त हुँदा निपातले अन्य प्रकारको अर्थ होइन, वाक्यात्मक धारणाको अभिव्यक्ति र त्यसको पोषण गर्छ। वाक्यात्मक धारणा भनेको **निश्चय, आग्रह, अवधारणा, स्वीकृति, संभावना, अनुमति** आदि हो, जस्तै—

वाक्यात्मक धारणा

अ. **निपातरहित वाक्य** ↓ | आ. **निपातयुक्त वाक्य** ↓

उ स्वाँठ हो ←—(**निश्चय**)——→उ स्वाँठ न हो।
तपाइँ जानोस् ←—(**आग्रह**)——→तपाइँ जानोस् न।
तिमी भित्र जाऊ←–(**अनुमति**)——→ल, तिमी भित्र आऊ।
म आउँछु←———(**स्वीकृति**)——→ल, म आउँछु।
राम आउला←——(**संभावना**)——→सके राम आउला।
राम गयो←———(**अवधारणा**)——→राम गयो त।

अ. वर्गका निपातरहित वाक्यमा जुन-जुन वाक्यात्मक धारणा छ तिनैको टड्कारो अभिव्यक्ति (आ) वर्गका निपातयुक्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यहरूमा भएको छ । (अ)मा केही मधुरो भएर रहेका **निश्चय** आदि धारणालाई (आ)मा निपातले चर्को तुल्याएर छलंङ्याएको छ । माथि उही निपात [**न**]ले # उ स्वाँठ **न** हो # मा **निश्चय** को र # तपाईं जानोस् **न** # मा **आग्रह**को अभिव्यक्ति गरेकाबाट के स्पष्ट हुन्छ भने निपातले त्यस वाक्यात्मक धारणाको अभिव्यक्ति र पोषण गर्छ जो निपातरहित स्थितिमा पनि वाक्यमा हुन्छ । यसरी वाक्यात्मक धारणाका अनुरूप ढालिएर (जस्तै–**निश्चय** [उ स्वाँठ न हो] →**आग्रह** [तपाईं जानोस् न], **अनुमति** [ल, तिमी भित्र जाऊ] →**स्वीकृति** [ल, म आउँछु]) स्वयं अभिव्यक्त गर्ने र सो धारणाको पोषण गर्ने काम अव्यय वर्गका अन्य सदस्यले गर्दैनन् । अन्य अव्ययले त वाक्यगत धारणाको अभिव्यक्ति होइन, आफ्नै अर्थको बोध गराउँछन्, जस्तै– **सुरी** (बिरालालाई बोलाउने शब्द), **च्यूँ-च्यूँ** (कुकुरलाई बोलाउने शब्द), **हह** (पशुलाई भन्ने शब्द)ले सम्बोधन-संग सम्बन्धित आफ्नै अर्थको स्पष्ट बोध गराउने हुँदा **बिस्मयादि-बोधक** उपवर्गका अव्यय हुन् ।

वाक्यात्मक धारणाका अतिरिक्त आफ्नो पनि अर्थ अभि-व्यक्त गर्ने निपात नेपालीमा थोरै छन्, जस्तै– कथन-उद्धरण गरेको जनाउ दिने **अरे, ब्यारे, क्यारे**..., कथन सच्च्याएको जनाउ दिने **आच्चे, ब्यारे**... । थेगो चाहिं पुरै निरर्थक भएर प्रयुक्त हुने निपात हो ।

घ. निपात वाक्यात्मक संरचनामा निक्षिप्त अंश सरह हुन्छ । वाक्यमा कोष्ठकभित्र वा दुई निर्देशक रेखाका माझमा राखिएको अंशलाई निक्षिप्त भनिन्छ । जसरी कोष्ठकभित्रका अंशलाई झिक्दा वाक्यको संरचनामा वा व्याकरणिकतामा कुनै दखल पर्दैन, त्यसैगरी वाक्यबाट निपातलाई झिक्दा पनि वाक्यको संरचना भत्किन्न र बहिस्तलमा अर्थ पनि त्यतिबिध्न फेरिन्न; जस्तै–

उसले किताप पो किन्छ ।

(कर्ता + कर्म + क्रिया →सरल वाक्य)

उसले किताप किन्छ ।

(कर्ता + कर्म + क्रिया →सरल वाक्य)

यसका विपरीत अन्य अव्यय चाहिं वाक्यमा निक्षिप्त अंश सरह हुन्नन् । अव्यय वर्गका अन्य सदस्यलाई झिक्दा कि वाक्यको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संरचनामा भत्किन्छ कि अर्थमा परिवर्तन हुन्छ, जस्तै–

अ. राम जान्छ **वा** श्याम जान्छ ।

आ. राम जान्छ... श्याम जान्छ ।

माथि (अ)को संरचना **प्रधान उपवाक्य** + **प्रधान उपवाक्य** → **संयुक्त वाक्य** हो । यसबाट विकल्पबोधक संयोजक [**वा**] लाई झिक्दा यो संरचना भत्किन्छ र (आ)मा दुई **सरल वाक्य** प्राप्त हुन्छन् । वाक्यबाट निपातलाई झिक्दा चाहिं यस प्रकारको संरचनात्मक परिवर्तन हुँदैन ।

यसका अतिरिक्त अर्थका स्तरमा पनि परिवर्तन भएको स्पष्टै देख्न सकिन्छ । (अ)बाट राम र श्याममध्ये **कुनै एक** जाने अर्थको बोध हुन्छ भने (आ)बाट **दुवै नै** जाने अर्थको बोध हुन्छ ।

उपर्युक्त अभिलक्षणका आधारमा निपातलाई अन्य अव्ययबाट टड्कारै बेग्ल्याउन र यसको सही पहिचान गर्न सकिन्छ ।

२. निपातको वर्गीकरण

२.१ बर्मेली, स्यामेली, तिब्बतेली भाषा झैं नेपाली निपात-प्रधान भाषा होइन । नेपालीमा विभिन्न निपातको व्यवहार त गरिन्छ, तर यसको प्रयोग अनिवार्य नभएर ऐच्छिक छ । निपातविना वाक्यको ढाँचा नै खडा नहुने स्थिति नभएकाले नेपालीमा निपात वाक्यात्मक संरचनाको आधार नभएर कथनमा बलसल दिने तत्त्व मात्र हो । यसैले नेपालीका अधिकांश निपातहरू **अवधारणाबोधक** छन् ।

२.२ नेपालीमा निपात **अव्यय वर्ग**को एउटा **उपवर्ग** हो । निपात उपवर्गमा पर्ने जति जम्मै अव्ययहरू निपात हुन् । नेपालीमा केही अव्यय स्थायी रूपमा निपात उपवर्गका सदस्य छन्, जस्तै– **नि, नै, पो** ..., तर केही चाहिं यस वर्गका स्थायी सदस्य छैनन्, जस्तै– **र, रे, ए, त, कि** ... । **निपातीय प्रयोगमा** मात्र निपात हुने दोस्रा खाले अव्यय चाहिं **सीमावर्ती निपात** (हेर्नू : तल–३.१) हुन् ।

२.३ निपात किसिम-किसिमका हुन्छन् । नेपालीमा यिनको वर्गीकरण विभिन्न आधारमा गर्न सकिन्छ । वाक्यात्मक संरचनामा निपात कसैका आश्रित भएर प्रयुक्त हुन्छन् र यस आधारमा यिनको दुई वर्ग हुन्छ–**शब्दाश्रित निपात** र **वाक्याश्रित निपात** । शब्दाश्रित निपात ती हुन् जो कुनै शब्दका आश्रित भएर मात्र प्रयुक्त र अर्थवान् हुन्छन्, जस्तै– **त, न, नि, नै, पो** ... ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्याश्रित निपात चाहिँ ती हुन् जो एउटा शब्दका आश्रित नभएर पुरै वाक्यका आश्रित हुन्छन्, जस्तै–**अँ, अरे, ए, कि, के, क्या, क्यार, खै, नाइँ, ब्यारे, ल, लौ, र, रे, सके, हँ, हगि, है**...।

२.४ निपातको अर्को वर्गीकरण वाक्यात्मक संरचनामा प्रयुक्त हुने स्थानका आधारमा गर्न सकिन्छ। यस दृष्टिबाट निपातहरू तीन खालका हुन्छन्–**पूर्ववर्त्ती निपात, मध्यवर्ती निपात र अन्त्यवर्त्ती निपात**। पूर्ववर्त्ती निपात ती हुन् जो वाक्यका प्रारम्भमा आउँछन्, जस्तै– **अँ, खै, ल, लौ, सके, हँ**...। यसका विपरीत अन्त्यवर्ती निपात चाहिँ ती हुन् जो वाक्यका पुछारमा आउँछन्, जस्तै–**अरे, ए, कि, के, क्या, क्यार, नाइँ, ब्यारे, र, रे, हगि, है**...। सिरान र पुछारमा होइन, वाक्यात्मक संरचनाका माझ-माझमा आउने चाहिँ मध्यवर्ती निपात हुन्, जस्तै– **त, न, नि, नै, पो**...। वाक्यका सिरानमा आउने केही पूर्ववर्त्ती निपातको वितरण पुछारमा र पुछारमा आउने केही अन्त्यवर्त्ती निपातको वितरण सिरानमा पनि हुन्छ। मध्यवर्त्ती निपात क्रियाका आश्रित छन् भने पुछारमा पनि आउँछन्। संक्षेपमा के भने वाक्याश्रित निपात पूर्ववर्त्ती वा अन्त्यवर्त्ती हुन्छन् र शब्दाश्रित निपात चाहिँ मध्यवर्त्ती हुन्छन्।

२.५ निपातले अर्थको स्पष्ट वोध गराउँदैनन् तापनि अर्थका दृष्टि-बाट तीन भेद गर्न सकिन्छ–**पोषक निपात, अर्थक निपात र निरर्थक निपात**। पहिला प्रकारका निपात ती हुन् जसले वाक्यात्मक धारणाको पोषण गर्छन्, जस्तै–**अँ, ए, ल, लौ, न, नि, नै, पो, त, खै**...। यिनलाई प्रयोगअनुसार **निश्चयबोधक, अवधारणाबोधक, आग्रहबोधक, सहमतिबोधक, स्वीकृतिबोधक** आदिमा बाँड्न सकिन्छ। दोस्रा प्रकारका निपात ती हुन् जसले वाक्यात्मक धारणाका अतिरिक्त आफ्नै पनि केही अर्थ प्रकट गर्छन् जस्तै–**अरे, रे, क्यार, ब्यारे, आच्चे, है, हगि**...। तेस्रा प्रकारका निपात ती हुन् जो वाक्यमा पुरै निरर्थक हुन्छन्, जस्तै-- **चाहिने, केरे, हजुरको, तपाइँको, जोसो** (थेगाहरू)...।

२.६ निपातको वर्गीकरण अच्छेर गनेर **एकअच्छरे, दुइअच्छरे**... भन्ने पनि गर्न सकिन्छ, तर यस वर्गीकरणको खास प्रकार्यात्मक महत्त्व चाहिँ देखा पर्दैन।

३. सीमावर्त्ती निपात

३.१ नेपालीमा निपात उपवर्गका केही अव्यय सीमावर्त्ती निपात हुन्। **सीमावर्त्ती निपात खासमा अन्य उपवर्गका त्यस्ता अव्यय हुन् जसको निपातीय**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रयोग पनि हुन्छ । जुनसुकै उपवर्गको अव्यय भए पनि निपातीय प्रयोग हुँदा चाहिँ त्यो निपात हुन्छ, जस्तै–

अरे → अ. अरे बेहोसी, टाँक त लगा । (विस्मयादिबोधक)
आ. त्यो कलम पनि हरायो अरे । (निपातीय प्रयोग)

ए → अ. ए दाइ, म पनि जान्छु । (विस्मयादिबोधक)
आ. उ त मुखै नदेखाई गएछ ए । (निपातीय प्रयोग)

कि → अ. त्यो देखिएको सर्प कि डोरी हो । (संयोजक)
आ. भित्र आऊँ कि । (निपातीय प्रयोग)

के → अ. त्यसले के खाने हो ? (सर्वनाम)
आ. म त अहिल्यै खान्छु के । (निपातीय प्रयोग)

त → अ. पानी पर्छ त बाली सप्रन्छ । (संयोजक)
आ. घडी त पिटिक्कै भाँचियो । (निपातीय प्रयोग)

न → अ. न उ आयो, न म गएँ । (संयोजक)
आ. उ चोर न हो । (निपातीय प्रयोग)

नाइँ → अ. नाइँ म जान्न । (क्रियाविशेषण)
आ. भन्छौ भने जाउँला नाइँ । (निपातीय प्रयोग)

र → अ. कलम र कपी ल्याऊ । (संयोजक)
आ. आगो भन्दैमा पोल्छ र । (निपातीय प्रयोग)

रे → अ. रे उल्लू, बालुवाबाट तेल निस्किन्न । (विस्मयादिबोधक)
आ. फेरि भुइँचालो जान्छ रे । (निपातीय प्रयोग)

सके → अ. रामले सके रामले खान्छ । (क्रियाविशेषण)
आ. सके यो नै उसको घर हो । (निपातीय प्रयोग)

वाक्य (अ) मा प्रयुक्त जति जम्मै निपात उपवर्गका नभएर अन्य वर्ग वा उपवर्गका शब्द हुन्, तर वाक्य (आ) मा यिनैले निपातको कार्य गरेका छन् । अन्य वर्ग वा उपवर्गका भए पनि निपातीय प्रयोग समेत हुने अरे, ए, कि, के... जस्ता अव्यय नै सीमावर्त्ती निपात हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. निपातीय प्रयोग

४.१ निपातको निपातका रूपमा प्रयोग निपातीय प्रयोग हो । तल नेपालीका केही निपातको वाक्यमा निपातीय प्रयोग गरिएको छ ।

अँ → अँ देखिन्छ त्यत्रो बिरालो ।
अरे → त्यहाँ धारो राखिन्छ अरे ।
आच्चे → उसले छोरी आच्चे छोरो पाई ।
ए → यो बोट पनि सुकेछ ए ।
कि → अब उठौं कि ।
के → यो कलम राम्रो छैन के ।
केरे → त्यसरी भनेको केरे म सहन्नँ ।
क्या → मैले ख्याल-ख्याल गरेको क्या ।
क्यार → रामले ढोका थुन्यो क्यार ।
खै → खै, म पनि हेरौं ।
चाहिने → जे होस् चाहिने म जान्छु ।
त,ता → डसना त सुकाएको छैन ।
न → गरीब पनि मानिस न हो ।
नाइँ → दुई अच्छेर भए पनि कोर्छु नाइँ ।
नि → नाफा खालास् नि ।
नै → यस काममा राम नै वेस होला ।
पो → त्यो बाटो बाङ्गो पो छ ।
ब्यार → त्यसले खायो ब्यार ह्योइन ।
ब्यारे → त्यसले दिन्छ ब्यारे ।
र → मानिसको पुच्छर हुन्छ र ।
रे → हिमालमा यती देखियो रे ।
ल,लौ → भोलि पनि आऊ, ल ।
सके → त्यहाँ गोष्ठी हुँदैछ सके ।
हँ → के भन्छ हँ ।
हगि → उसको नियुक्ति भयो हगि ।
है → त्यस कचकचे कहाँ म जान्न है ।

४.२ उपर्युक्त निपातका निपातीय प्रयोग अन्य किसिमवाट पनि गर्न सकिन्छ ।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पन्ध्र

□

प्राविधिक (पारिभाषिक) शब्द

१. अर्थ, स्वरूप र कार्य

१.१ भाषाका **मानक** स्वरूपको विकास र स्थिरीकरणमा प्राविधिक शब्दको ठुलो भूमिका हुन्छ । आधुनिक **भाषा-योजनाविद्हरू** कुनै भाषाको मानक भाषाका रूपमा स्तरीकरणका निमित्त प्राविधिक शब्दको निर्माणलाई महत्त्वपूर्ण बुँदा ठान्दछन् ।

प्राविधिक शब्दले संसारमा भएका आधुनिकतम विकासलाई बोधगम्य तुल्याउँछ । आज कुनै भाषाले नयाँ-नयाँ प्राविधिक शब्दको **निर्माण, स्वीकार, रुपान्तर** वा **लिप्यन्तर** गर्दैन भने सो भाषा र सो भाषाभाषीहरू राजनीति, अर्थ-शास्त्र, समाजशास्त्र, भाषा विज्ञान, कृषि, विज्ञान आदिका क्षेत्रमा भएका नवीन प्रगतिलाई अभिव्यक्त गर्न असमर्थ हुन्छन् र अविकसितावस्थातिर लाग्छन् । विकासका प्रत्येक सद्य:चरणको अभिव्यक्तिका निमित्त प्रत्येक भाषाले प्राविधिक शब्दको निरन्तर निर्माण र स्वीकार गरिरहनु पर्ने हुँदा यसलाई भाषाको **अन्त्यहीन प्रक्रिया** भनिन्छ ।

प्राविधिक शब्द सामान्य होइन मानक प्रयोगमा चलन गरिने शब्द हो । यसको निर्माण **देशज** र **विदेशज** दुवै स्रोतबाट गरिन्छ तापनि सकेसम्म देशज स्रोतकै उपयोग गर्नु राम्रो ठानिन्छ । प्राविधिक शब्दको निर्माण र स्वीकार जुनसुकै स्रोत-बाट गरिए पनि यसमा बोधगम्यता हुनु आवश्यक छ ।

१.२ ज्ञान, विज्ञान, कला व्यवसाय आदिका विक्षेष क्षेत्रमा विशिष्ट अर्थमा प्रयुक्त हुने शब्दलाई प्राविधिक शब्द भनिन्छ । यसैलाई **पारिभाषिक शब्द**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि भनिन्छ । काव्यशास्त्रको प्राविधिकतालाई प्रकट गर्ने **काव्यशास्त्रका प्राविधिक शब्द** हुन्, जस्तै– **छन्द, रस, अलङ्कार, त्रासदी, निर्वैयक्तीकरण, व्यक्ति-चरित्र ...।** यसैगरी इतिहासको प्राविधिकतालाई प्रकट गर्ने **इतिहासका प्राविधिक शब्द** हुन्, जस्तै– **प्रस्तरयुग, पुरातत्त्व, अभिलेख, शिलालेख...** । अनि विज्ञानको प्राविधिकतालाई प्रकट गर्ने चाहिं **विज्ञानका प्राविधिक शब्द** हुन्, जस्तै– **विद्युताघात, चालकशक्ति, प्रतिरोपण, परागण, कीटाणु, दूरदर्शन, सापेक्षिक आर्द्रता, सारणीकरण ...।** उपर्युक्त प्रकारका यावत् शब्दहरू निश्चित अर्थमा परिभाषित हुन्छन्, तसर्थ **पारिभाषिक शब्द** हुन् ।

१.३ प्राविधिक शब्दको सामान्य प्रयोग हुन्न । उदाहरणका निम्ति **उत्प्रेषण, सहवरण, प्रत्याह्वान, अतिस्वन, अङ्कित मूल्य, तरङ्ग-दैर्घ्य, गणक, रूपध्वनिप्रक्रिया, संपरीक्षण, निर्जीवीकरण, अभिकर्ता, परमाधिपति, भू-राजनीति, उद्दीपन, व्यभिचारी भाव** .. जस्ता शब्दको प्रयोग सामान्य नेपालीमा नभई मानक नेपालीमा हुन्छ ।

कुनै प्राविधिक शब्दको उपयोग सामान्य भाषामा गरिन्छ भने पनि त्यसको प्रयोग विशिष्ट अर्थमा नभएर **साधारण अर्थमा** हुन्छ । उदाहरणका निम्ति **{किनारा}** को सामान्य प्रयोग **छेउ वा तटका** अर्थमा गरिन्छ, तर कानुनका क्षेत्रमा यसको प्रयोग **कुनै मुद्दाबारे अदालतबाट गरिने अन्तिम निर्णय** भन्ने विशिष्ट अर्थमा हुन्छ । सामान्य भाषामा **{घन}** ले **ठुलो मारतोल**लाई बुझाउँछ, तर गणितमा यसले **लमाइ, चौडाइ र गहिराइ वा मोटाइको गुणनफल**लाई जनाउँछ । **{उद्देश्य}** को सामान्य अर्थ **लक्ष्य** हो, तर व्याकरणमा यसको अर्थ **वाक्यको त्यो खण्ड हो जसमा कर्ता हुन्छ ।**

१.४ ज्ञान, विज्ञान, कला, व्यवसायका भिन्न-भिन्न फाँटमा प्रयुक्त हुने प्राविधिक शब्द प्रायः भिन्न-भिन्न हुन्छन् । कुनै शब्दको चलन एकभन्दा बढी फाँटमा हुन्छ भने त्यसको अर्थ बेग्लाबेग्लै क्षेत्रमा बेग्लाबेग्लै हुन्छ । गणितमा **{अङ्क}** ले **संख्या**लाई बुझाउँछ भने साहित्यमा यसले **नाटकको विभाजन**लाई जनाउँछ । **{गुण}** को अर्थ व्याकरणमा **इ →ए, उ →ओ, ऋ →अर्** हो भने काव्यशास्त्रमा **ओज, प्रसाद, माधुर्य** र दर्शनमा **सत्त्व, रज, तम** हो । यसैगरी राजनीतिको **{सन्धि}** व्याकरणको **{सन्धि}** भन्दा भिन्न हुन्छ ।

१.५ प्राविधिक शब्दका गुण वा विशेषता निम्नलिखित हुन्–

क. **यो निश्चित सीमामा बाँधिएको हुन्छ ।** यसको तात्पर्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

के हो भने एउटा क्षेत्रमा प्रचलित शब्दको प्रयोग प्रायः अर्को क्षेत्रमा गरिन्न र गरिन्छ भने पनि बेग्लै अर्थमा ।

ख. **यसमा मितव्ययिता हुन्छ ।** धेरै शब्दहरूमा व्यक्त हुने कुरालाई एक-दुई शब्दमै भन्न सकिन्छ ।

ग. **यसमा स्पष्टता हुन्छ ।** प्राविधिक शब्दको अर्थ खास, निश्चित र निर्धारित भएकाले अस्पष्टता हुन्न । कुनै दुई पारिभाषिक शब्दको अर्थ समान नहुने हुनाले पनि स्पष्टता हुन्छ ।

घ. **यसले एउटै मात्र अर्थ बुझाउँछ ।** प्राविधिक शब्द **अनेकार्थी** हुन्नन् । यस्ता शब्दको सामान्य अर्थ भए पनि त्यससंग पारिभाषिक रूपमा कुनै सम्बन्ध हुन्न ।

१.६ प्राविधिक शब्द प्रायः **सापटी शब्द** हुन्छन् । नेपालीमा प्रचलित अधिकांश प्राविधिक शब्द पनि सापटी शब्द हुन् ।

२. प्राविधिक शब्दको संरचना

२.१ प्राविधिक शब्दको निर्माण शब्द-रचनाका विभिन्न पद्धतिहरूबाट हुन्छ । केही प्राविधिक शब्द रूपान्तरित र केही चाहिं लिप्यन्तरित पनि हुन्छन् ।

२.२ प्राविधिक शब्दको संरचना निम्नमध्ये कुनै एक प्रकारको हुन्छ–

क. रूपिम → बिगो, राग, गण, कित्ता, कुत, पर्ती, ऊर्जा, कण, छत्र, बट्टा, इन्धन, वर्ग, ध्वनि, रुजु, मसौदा ... ।

ख. शब्द → अ. अधिमूल्यन, स्मारिका, अनुसूची, परिवहन, बेरुजु, लेखा, मुद्दती, चलानी, कटानी, निकासी, रथी, छपान, निकुन्ज, आरक्ष, कुपोषण, अभिलेख... **(सर्गद्वारा)** ।

आ. कार्यविधि, धनादेश, हिमनद, शिलालेख, लालमोहर, कीटाणु, बोलपत्र, नशच्छेदन, कालोपत्र, आकाशगङ्गा, तारापुन्ज, जीवकोष, जीवावशेष, शताङ्क, प्रश्नावली, मूल्याङ्कन, बहुमुखी, दूरसञ्चार... **(समासद्वारा)** ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. **पदसमूह** →घाटाको अर्थव्यवस्था, बिजुलीको लाइन, भुक्तानी दिने अधिकृत, उपकुलपतिको कार्यालय, कलाका निम्ति कला...।

३. प्राविधिक शब्दको प्रयोग

३.१ ज्ञान, विज्ञान कला र व्यवसायका फाँटैपिच्छे प्राविधिक शब्दको अर्थ भिन्न र विशिष्ट हुने हुँदा यसको प्रयोग उचित सन्दर्भमा हुनु आवश्यक छ। प्राविधिक शब्दको प्रयोग सामान्य अर्थमा गरिन्न।

३.२ तल विभिन्न फाँटमा प्रचलित केही प्राविधिक शब्दको वाक्यमा प्रयोग गरिएको छ–

अभिलेख → नेपालीमा हालसम्म प्राप्त सबैभन्दा पुरानो **अभिलेख** अशोकचल्लको ताम्रपत्र हो।

अम्ल → सुन्तलाको रसलाई नरम खालको **अम्ल** मानिन्छ।

अलङ्कार → सामान्य कथनलाई विशिष्ट तुल्याउनाका निमित्त आधुनिक साहित्यमा पनि **अलङ्कार**को प्रयोग गरिन्छ।

आकाशगङ्गा →जुन तारापुञ्जमा यस पृथ्वीको सौरमण्डल रहेको छ त्यसको नाउँ **आकाशगङ्गा** हो।

आपूर्ति → नेपालमा मासु र माछाको **आपूर्ति** आन्तरिक स्रोतबाहेक आयातबाट पनि गरिन्छ।

आवासीय → अब त विद्यालयको मात्र होइन, **आवासीय** विद्यालयको पनि संख्या बढ्दो छ।

इन्धन → उद्योगको विकासमा **इन्धन** ज्यादै महत्त्वपूर्ण कुरो हो।

उपभोक्ता → बढ्दो महँगीले गर्दा **उपभोक्ता**को क्रयशक्ति घट्दो छ।

ऊर्जा → सूर्यबाट प्राकृतिक **ऊर्जा** प्राप्त हुन्छ।

ऋणात्मक कण →परमाणुलाई टुक्र्याउने तीन मूलभूत कणमध्ये एउटा चाहिं **ऋणात्मक कण** हो।

ऐलानी → नदीकाट कसैको स्वामित्व नभएको **ऐलानी** जग्गा हुन्छ।

कालोपत्र → अहिले यस सडकको आधी मात्र पक्की गरिएको छ, आधीमा **कालोपत्र** ओछ्याउन बाँकी नै छ।

गण → आज सेनाको सिंहनाद **गण**ले खेल देखाउने कार्यक्रम छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुल्म → सेनाको प्रत्येक गण **गुल्म**मा विभाजित हुन्छ ।

छत्र → यस चौताराका रूखको **छत्र** सारै रम्म परेको छ ।

छन्द → आधुनिक कविताले **छन्द**को बन्धनलाई चुँडालेको छ ।

जीवाणु → एउटाबाट दुइटा, दुइटाबाट चारौटामा विभाजित हुने गुणात्मक क्रमबाट **जीवाणु**हरूले आफ्ना संख्याको वृद्धि गर्छन् ।

जीवावशेष → सिवालिकका ढुङ्गाहरूमा छापाका रूपमा केही जन्तुहरूको **जीवावशेष** प्राप्त भएको छ ।

तापक्रम → काठमाडौंमा आजको अधिकतम **तापक्रम** १८° सेन्टिग्रेड र २०° सेन्टिग्रेडका बीचमा रह्यो ।

तारापुञ्ज → सबैभन्दा समीपवर्ती देवयानी **तारापुञ्ज** पृथ्वीबाट २५ लाख प्रकाश वर्ष टाढा छ ।

तारेख → अहिले जो-जो **तारेख**मा छोडिएका छन्, तिनको फैसला हुन त बाँकी नै छ ।

दीक्षान्त समारोह → विश्वविद्यालयको **दीक्षान्त समारोह**मा स्नातकहरूलाई प्रमाणपत्र दिइन्छ ।

धनादेश → हुलाकद्वारा रुपियाँ पठाउने **धनादेश** सेवा नेपालमा पनि उपलब्ध छ ।

ध्वनि → मानिसले **ध्वनि**को उच्चारणबाट संवादको आदान-प्रदान गर्छन् ।

नशच्छेदन → परिवार नियोजनका निमित्त पुरुषहरूले आफ्नो **नशच्छेदन** गराउँछन् ।

नामाङ्कन → उम्मेदवारीका निमित्त **नामाङ्कन** गराउने मितिको घोषणा भोलि हुनेछ ।

निकुञ्ज → वन्य-जन्तु र बोट-बिरुवाको संरक्षणका निमित्त राष्ट्रिय **निकुञ्ज**को स्थापना गरिन्छ ।

निक्षेप → मान्छेमा बचतको भावना जति बढ्छ त्यति नै ब्याङ्कमा धन **निक्षेप**को मात्रा बढ्छ ।

निदान → उचित **निदान**द्वारा रोग ठम्म्याउन सकेमा बिरामी निको हुन कति बेर लाग्छ र !

परिशिष्ट → यस पुस्तकको **परिशिष्ट**मा सन्दर्भग्रन्थको सूची पनि छ ।

पारपत्र → विदेश जाने प्रत्येक व्यक्तिले **पारपत्र** लिनु आवश्यक छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारवहन →	अन्य देशबाट माल-सामान ल्याउन नेपालले भारतमा **पारवहन** सुविधा प्राप्त गरेको छ ।
पुरातत्त्व →	सङ्ग्रहालयमा **पुरातत्त्व**को राम्रो सङ्ग्रह देख्न पाइन्छ ।
पुनःपरीक्षा →	सत्रान्त परीक्षामा अनुत्तीर्ण भएका विषयमा **पुनःपरीक्षा** दिन पाउने व्यवस्था छ ।
प्रतिरोपण →	अब त हृदयको पनि सफल **प्रतिरोपण** गरिन्छ ।
प्रविष्टि →	नेपाली शब्दकोशहरूमा प्राविधिक शब्दको उस्तो **प्रविष्टि** देखिन्न ।
प्रसारण →	रेडियो नेपालको **प्रसारण** विहान ६ बजेदेखि आरम्भ हुन्छ ।
बहिरङ्ग →	भर्ना नभई उपचार गराउने **बहिरङ्ग** रोगीहरूको जाँच सबै सार्वजनिक अस्पतालमा गरिन्छ ।
बहुद्देश्यीय →	विभिन्न प्रकारका व्यावसायिक शिक्षा दिनु **बहुद्देश्यीय** विद्यालयको विशेषता हो ।
बहुमुखी →	एकभन्दा बढी अध्ययन संस्थानका विषयहरूको पढाइ हुने **क्याम्पस** बहुमुखी हो ।
बिगो →	हिजो भएको चोरीमा **बिगो** रू. ३५००। देखाइएको रहेछ ।
बिहार →	बौद्ध भिक्षुहरू बस्ने मठलाई **बिहार** भनिन्छ ।
बेरुजु →	लेखापरीक्षणमा **बेरुजु** निस्केका खण्डमा फस्यौंट गराउनु पर्ने हुन्छ ।
बोलपत्र →	कार्यालयमा चाहिने सरसामानका निमित्त **बोलपत्र** आह्वानको सूचना अखबारमा प्रकाशित गरिएको छ ।
भाषिका →	नेपालीको एउटा **भाषिका** पूर्वीय नेपाली हो ।
भूक्षय →	वृक्षारोपण **भूक्षय**लाई रोक्ने महत्त्वपूर्ण उपाय हो ।
मुद्दती →	ब्याङ्कमा **मुद्दती** खाता खोल्दा बढी ब्याज पाइन्छ ।
मूल्याङ्कन →	क्याम्पसमा उत्तरपुस्तिकाहरूको **मूल्याङ्कन** शिक्षकद्वारा गरिन्छ ।
यौगिक →	हाइड्रोजन र अक्सिजन दुई भिन्न पदार्थबाट बन्ने हुनाले पानीलाई **यौगिक** मानिन्छ ।
रक्तचाप →	**रक्तचाप**का रोगीहरूको हृदयगति बन्द भएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकस्मिक मृत्यु हुने संभावना बढी हुन्छ ।

रस → रसवादीहरू **रस**लाई काव्यको आत्मा मान्दछन् ।

लवण → **लवण**को संरचनामा अम्ल र क्षार हुन्छ ।

विद्युतीकरण → चालू आर्थिक वर्षमा गाउँको पनि **विद्युतीकरण** गर्ने लक्ष्य राखिएको छ ।

व्यक्तिवृत्त → प्रकाशन गर्नका निमित्त शिक्षकहरूको **व्यक्तिवृत्त** सङ्कलित गरिँदैछ ।

वृत्तचित्र → 'परालको आगो'मा आधारित **वृत्तचित्र**को निर्माण दार्जिलिङ्गमा भएको हो ।

शल्यचिकित्सा → औषधीबाट निको नहुने रोगको उपचार **शल्य-चिकित्सा**द्वारा गरिन्छ ।

शिलालेख → मन्दिरहरूमा अझै **शिलालेख** राख्ने चलन छ ।

शिलान्यास → यस सार्वजनिक भवनको **शिलान्यास** एक वर्ष अघि भएको हो ।

संक्रामक → कुष्ठलाई **संक्रामक** रोग मानिन्न ।

सर्वेक्षण → यहाँ पुल बनाउने ठाउँको **सर्वेक्षण** भइसकेको छ ।

सामान्यीकरण → प्रत्येक उपन्यासकारले आफ्ना चरित्रहरूको **सामान्यीकरण** गरेको हुन्छ ।

सापेक्षिक आर्द्रता → रेडियो नेपालद्वारा प्रसारित मौसमको विवरणमा आज बिहानको **सापेक्षिक आर्द्रता** ९८% बताइयो ।

स्तूप → बौद्धलाई नेपालको उत्कृष्ट **स्तूप** मानिन्छ ।

स्थपति → आधुनिक ढपको घर बनाउन कुनै **स्थपति**संग सम्पर्क राख्नु पर्छ ।

४. प्राविधिक शब्दको अर्थ

४.१ नेपालीमा प्रचलित केही प्राविधिक शब्द र तिनको अर्थ तल दिइएको छ–

अंश (Degree) →समकोणको ९० औं भाग ।

अङ्क (Act) →नाटकलाई टुक्र्याउने मुख्य अङ्ग । (यसभन्दा सानो अङ्ग दृश्य (Scene) हो ।

अङ्कित मूल्य (Face value) →त्यो मूल्य जो कुनै मुद्रा वा ऋन-पत्रमा अङ्कित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ, तर बेला-बेला विशेष कारणले गर्दा घट-वढ पनि हुने गर्छ।

अक्षांश (Latitude) →भूमध्य-रेखा र ध्रुवहरूका बीचको दुरी; कुनै ठाउँको उत्तर-दक्षिण स्थिति वा विस्तार।

अङ्क पुगेको →सबुत बुझी किनारा लगाउन प्रमाण पुगेको मुद्दा।

अन्तर्राष्ट्रिय तिथि-रेखा (International Date Line) →१८०° देशान्तर नाघ्दा तिथि र समयमा हुने एकदिने घट-वढ सपार्न निर्धारण गरिएको काल्पनिक रेखा।

अन्तर्राष्ट्रिय मुद्राकोष (International Monetary Fund) →राष्ट्र-संघका रेखदेखमा थापिएको त्यो कोष जसले सदस्य-देशका मुद्राको विनिमय-मूल्य स्थिर राख्न सघाउ पुऱ्याउँछ र खाँचो पर्दा आफूले पाउने भाग-भन्दा वढी विदेशी-मुद्रा झिक्ने सहुलियत दिन्छ।

अकर्ण, अकर्न →पुरानो कर्मचारीले सो पदमा नियुक्त नयाँ कर्मचारीलाई आफ्ना जिम्मामा रहेको मालसामान बुझाउँदा लेखिदिने कागत।

अतिस्वन (Supersonic) →शब्दभन्दा पनि छिटो चालले उड्ने (हवाइ-जहाज)।

अधिकरण शुल्क (Court-Fee) →न्यायालयमा निवेदन दिंदा लाग्ने महसुल, अड्डाखानाको टिकट-दस्तुर।

अधिप्रतिनिधित्व (Weightage) →अल्पसंख्यक वर्ग वा समुदायलाई दिइने त्यस्तो प्रतिनिधित्व जो उसको संख्याको अनुपातभन्दा वढी हुन्छ।

अधिकारपृच्छा (Quo warranto) →कुनै व्यक्ति वा निगमित संस्थासंग कुन अधिकारद्वारा उसले पद वा मताधिकारको दावी गरेको हो भनी सोध्न सर्वोच्च अदालतले दिएको लिखित आदेश।

अधिवर्ष (Leap-year) →बढी दिन भएको वा मलमास परेको वर्ष, जस्तै— ३१ दिने फाल्गुन भएको सौर-वर्ष, मलमास परेको चान्द्र-वर्ष, २९ दिने फरवरी भएको ईसवी सन्।

अधिशुल्क, अधिभार (Surcharge) →खास परिस्थितिमा वा खास कार्यका लागि लिइने विशेष दस्तुर वा शुल्क।

अध्ययन संस्थान (Institute) →ज्ञान, विज्ञानको कुनै एक फाँटमा पर्ने विभिन्न विषयहरूको उच्च शिक्षा दिने संकाय जो विश्वविद्यालयको स्वतन्त्र अङ्ग हुन्छ।

अध्यादेश (Ordinance) →विशेष आवश्यकता परिआउँदा निर्धारित अवधिका निमित्त राष्ट्रका सर्वोच्च सत्ताले विशेषाधिकारको प्रयोग गरी जारी गरेको कानुनसरह मान्य आज्ञा-पत्र।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनिवार्य भर्ना (Conscription) →सैनिक सेवामा अनिवार्य र आवश्यक रूपमा भर्ना गर्ने घोषणा र काम।

अन्तःशुल्क (Excise-duty)→स्वदेशी उत्पादनमा सोही देशभित्र आफ्नै सरकारद्वारा लगाइने कर; उत्पादन-शुल्क ।

अबाध बेपार, मुक्त व्यापार (Free Trade) →विदेशसंग गरिने त्यो व्यापार जो निकासी र पैठारी-सम्बन्धी सबै बाधा वा करबाट मुक्त हुन्छ ।

अभावग्रस्त क्षेत्र (Deficit area) →त्यो जिल्ला वा इलाका जहाँ खाद्यान्न आदिको कमी भएको हुन्छ ।

अलिफास्र्या →म्यादभित्र रुपियाँ बुझाउन नसक्दा कबोलअनुसार धितो फार्से हुने कागत वा त्यस्तो व्यवहार ।

अवमूल्यन (Devaluation)→कुनै सरकारद्वारा अरू देश वा देशहरूको मुद्राको दाँजामा आफ्नो मुद्राको मूल्य घटाउने काम, मुद्राको विनिमय-मूल्य घटाउने काम ।

अश्रु-ग्याँस (Tear gas) →उपद्रवी भीडलाई छ्यान्न-ब्यान्न पार्न उपयोग गरिने त्यो विषालु ग्याँस जो आँखामा पर्दा ज्यादै पिरो लाग्छ र आँसु निस्केर हेर्नै अप्ठ्यारो पर्छ । (यसको उपयोग लडाइँमा शत्रु-सेनाको बाटो रोक्न पनि गरिन्छ ।)

असैनिकीकरण (Demilitarisation) →कुनै ठाउँ वा इलाकालाई सैन्यविहीन गर्ने कारवाई ।

अहस्तक्षेप-नीति (Laissez faire) →देशको बन्द-बेपार आदि आर्थिक मामलामा सरकारले ठचाम्मै हस्तक्षेप गर्नु हुन्न भन्ने अर्थशास्त्रीय सिद्धान्त ।

आज्ञप्ति (Decree) →देवानी मुद्दामा अदालतद्वारा कसैका पक्षमा दिइएको निर्णय; कुनै उच्चाधिकारी वा संगठनको त्यस्तो आदेश जो व्यवस्था आदिका सम्बन्धमा हुन्छ र जसलाई मान्न आवश्यक हुन्छ ।

आतङ्क-युद्ध (War of nerves) →प्रचार आदिद्वारा यस्तो त्रास वा आतङ्क फिंजाउनु जसले वैरी देशको नैतिक साहसलाई भताभुङ्ग पारी उसको युद्ध-क्षमतालाई टुटाओस् ।

आपात (Emergency) →अपर्झट् आइपरेको संकटको स्थिति; आकस्मिक आवश्यकता ।

आयत (Rectangle) →त्यो समानान्तर चतुर्भुज जसको प्रत्येक कोण समकोण हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आयोग (Commission) →कुनै विशेष कार्य सम्पन्न गर्नाका निम्ति गठित वा नियुक्त व्यक्ति वा व्यक्तिहरूको मण्डल ।

आस्थगन (Abeyance) →केही समयका निम्ति स्थगित गरिदिनु वा लागू नगर्नु ।

इच्छापत्र (Will) →मर्नुअघि लेखिएको त्यो पत्र जसमा कुनै व्यक्तिले आफ्ना सेकपछि सारा सम्पत्ति यस तवरले फलाना-फलानामा बाँड्नु र अन्त्येष्टि–क्रिया फलाना ठाउँमा फलाना रितले गर्नु भन्ने अन्तिम इच्छाको खोलुवा दिएको हुन्छ ।

इत्तलायनामा (Summon) →देवानी मुद्दामा १५ दिने म्याद दिई प्रतिवादी लाई हाजिर हुन बोलाउने अदालतको पुर्जी ।

इलेक्ट्रन, ऋण-विद्युदणु, ऋणात्मक कण (Electron) →ऋण-विद्युत् शक्तिको-नटुक्रिने एकाइका रूपमा रहने ती कण जो परमाणुको धन-विद्युत शक्ति कणका चारैतिर सूर्य-मण्डलका ग्रह झैं घुमिराख्छन् ।

उच्चायुक्त (High Commissioner) →राष्ट्रमण्डलमा पर्ने कुनै एक देशको राजदूत जो त्यस मण्डलका अरू कुनै देशमा आफ्ना देशको प्रतिनिधि भएर बस्छ ।

उत्प्रेषण (Certiorary) →उजुरी परेको कुनै मुद्दासम्बन्धी मिसिल मातहतका अदालतबाट विचारार्थ सर्वोच्च अदालतले झिकाउने काम ।

उन्मुक्त बन्दरगाह (Free Port) →त्यो बन्दरगाह जहाँ व्यापारिक वस्तुमा कुनै तरहको कर, दस्तुर, महसुल आदि लगाइन्न र जो सबै राष्ट्रको व्यापारका लागि उत्तिकै खुल्ला हुन्छ ।

उष्ण-कटिबन्ध (Torrid Zone) →विषुवत्-रेखाका दुवैतिर पर्ने त्यो ज्यादै गर्मी हुने भूभाग जो उत्तरपट्टि कर्क-रेखा र दक्षिणपट्टि मकर-रेखामा टुङ्गिन्छ ।

उष्णाङ्क (Calory) →तापको त्यो मात्रा जसले एक ग्राम पानीलाई एक अंश सेन्टिग्रेडसम्म तातो पार्न सक्छ । (Calory को व्यवहार पोषणको मात्राका लागि पनि गरिन्छ ।)

ऋजुकोण (Straight-angle) →त्यो कोण जो दुई समकोणका बराबरहुन्छ ।

एकाधिकार (Monopoly) →कुनै वस्तुको व्यापारमा एउटै व्यक्ति वा कम्पनीको पूर्ण अधिकार ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक्सप्रेस (Express) →नरोकिई वा कम ठाउँमा रोकिई छिटो कुद्ने (सवारी गाडी), नरोकी तुरुन्तै पठाइने (हुलाक) ।

औद्योगिकीकरण (Industrialization) → अनेक कल-कारखाना, उद्योग-धन्धा आदिको स्थापना र विस्तार गरी देशलाई उद्योगप्रधान बनाउनु ।

कच्चावारी →स्रेस्तामा रकम-कलमका प्रत्येक महलको देहाय-वमोजिम तपसील, फाँटवारी ।

कट्टा-प्रस्ताउ, कटौती-प्रस्ताव (Cut Motion) →कुनै सरकारी विभागको काम सन्तोषजनक नभएमा सोप्रति असन्तोष जनाउन माग गरिएको रकमबाट कुनै छोटो कलम घटाउने प्रस्ताउ ।

कपाली, कपाली-तमसुक →कुनै तरहको धितो नराखी सापट लिइएको रिन; त्यस्तो तमसुक ।

कार्य समिति (Working Committee) → कुनै संस्थाका सदस्यहरूको त्यो छोटो-छरितो समिति जसको गठन कार्य-सञ्चालनका निमित्त गरिन्छ ।

कार्य-सूची (Agenda) → बुँदाहरू वा कार्यहरूको त्यस्तो सूची जो कुनै सभा, समिति आदिमा छलफल वा निर्णयका लागि राखिन्छ ।

कालदोष (Anachronism) →कुनै वस्तु, व्यक्ति वा घटनालाई वास्तविक समयभन्दा धेरै अघि वा धेरै पछि भएको लेख्नु वा देखाउनु, काल-गणनासम्वन्धी भूल ।

किनारा →कुनै मुद्दावारे अदालतबाट गरिने अन्तिम निर्णय ।

किलोवाट (Kilowatt) →बिजुलीको त्यो नापो जसमा एक हजार युनिट शक्ति हुन्छ ।

कुचालक (Bad Conductor) →त्यो वस्तु जसमा बिजुली वा तापको परिचालन सुगमतासाथ हुँदैन ।

कोण (Angle) → वेग्लावेग्लै दिशावाट आएर एउटै बिन्दुमा मिल्ने दुई सरल रेखाका मध्येको फरक ।

क्रेटर (Crator) →ज्वालामुखी पहाडको टुप्पामा हुने नली जस्तो त्यो प्वाल (मुख) जसबाट तातो खरानी, लावा, ग्याँस, पत्थर र वाफ वाहिर निस्किन्छ ।

क्ष-किरण, क्ष-रश्मि, एक्सरे (X-rays) →विद्युत्-धारा (करेन्ट) का ती अदृश्य किरण जसद्वारा शरीर वा ठोस वस्तुको भित्री भागको फोटो उतारिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खेल प्रतियोगिता (Tournament) →कुनै खेलमा भाग लिने कुशल खेलाडी-हरूमाझ हुने खेलको होडबाजी ।

खेल-मध्यस्थ, खेल-निर्णायक (Umpire, Referee) →खेल-प्रतियोगितामा दुवै दल वा पक्षका खेलको तटस्थ निरीक्षण गर्ने र विवाद परेमा निर्णायकको काम गर्ने व्यक्ति । (यस्तो व्यक्तिलाई खासगरी क्रिकेटमा 'अम्पायर' र फुटबल, हकी आदिमा 'रेफरी' भनिन्छ ।)

खालिसा →कसैको मोहियानी हक नभएको त्यो जिमिन जो सरकारका अधीन र प्रबन्धमा रहन्छ ।

गणपूर्ति (Quorum) → सदस्यहरूको कम्तीमा त्यो संख्या जो कुनै सभा, बैठक आदिको कार्य-संचालित गर्न तोकिएको हुन्छ ।

गतिरोध, गत्यावरोध (Dead-lock) →वार्ता आदिमा यस्तो जटिल स्थिति वा बाधा उब्जिनु जसले गर्दा कुरा अघिसर्ने संभावना नै नदेखियोस् ।

गभर्नर, महापाल (Governor) →ब्याङ्कको सर्वोच्च अधिकृत, जसको नोट आदिमा सही हुन्छ ।

गादी-मुबारख →राज्याभिषेक पछि पहिलो पल्ट राजगद्दीमा बसी जन-साधारणलाई दर्शन दिंदा राजामा जनताद्वारा चढाइने भेटी, त्यस्तो राजकर ।

घन, घन-फल (Cube) →लमाइ, चौडाइ र गहिराइ वा मोटाइको गुणन-फल; कुनै अङ्कलाई सोही अङ्कले पालैसंग दुई पल्ट गुन्दा निस्किने गुणन-फल ।

घाँटी-रेट्वा होड (Cut-throat competition) →गला रेट्ने खालको सारै कडा र गहिरो प्रतियोगिता ।

चक्के गाडी, चक्रयान, सवारी (Vehicle) → मान्छे वा माल ओसार-पसार गर्ने पाङ्ग्रा भएको जुनसुकै गाडी ।

चक्र-छापा (Cyclostyle) →टुँडामा सानो चक्र भएको कलमले लेखिएको विशेष खालको कागतद्वारा त्यसका धेरै प्रति छाप्ने मेसिन ।

चक्र-पथ (Ring-road) →चक्र झैं वाटुलो घुमेको वाटो वा सडक ।

चक्रेटो →जुनसुकै चक्के-गाडी आउ-जाउ गर्न सक्ने फराकिलो र सम्म बाटो, त्यस्तो कच्ची वा पक्की सडक ।

चलान (Chalan) →न्यायका लागि अभियुक्तलाई प्रहरीद्वारा अदालतमा पठाउने काम ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चलानी बिल (Invoice) →कुनै माल एक ठाउँबाट अर्को ठाउँमा पठाउँदा त्यसका साथ लगत लेखी पठाइने पुर्जी ।

छाला-कमोट (Tanning) →विशेष प्रकारका घोलमा डुबाएर वा अरू कुनै प्रक्रियाद्वारा जुत्ता, ब्याग, बाकस आदि बनाउने छालालाई नरम पार्नु वा कमाउनु ।

छेभडेल →त्यो अड्डा जसले सरकारी घर, भवन, सत्तल आदि बनाउने काम गर्छ ।

जन्म-दर (Birth-rate) →आवादीको हजार व्यक्तिपिच्छे जन्मिने बालखहरूको दर वा गति ।

जलातङ्क (Hydrophobia) →बौलाहा कुकुर, स्याल आदिले टोक्दा सर्ने त्यो उन्माद-रोग जसमा पानी देख्दा सारै डर लाग्छ ।

जीवाणु (Bactaria) →अतिसूक्ष्म एक-कोषीय कीटाणु जसमध्ये केही रोग उब्जाउने र केही शरीरलाई फाइदा पुऱ्याउने हुन्छन् ।

जीवाणुनाशक (Antibiotic) →रोग उब्जाउने जीवाणुलाई नास्ने (ओखती आदि) ।

जीवावशेष, पुरावशेष (Fossil) →भुइँको भित्री तहबाट निकालिएको प्राचीन-कालका जीव, वनस्पति आदिको छापा वा ढाँचा वा रहेको अंश ।

ज्ञापन, स्मरण-पत्र (Memorandom) →सम्झना गराउन कसैलाई दिइने त्यो पत्र जसमा चाहिंदा सबै बुँदाहरू छोटकरीमा टिपिएको हुन्छ; घटनाहरूको त्यो छोटकरी टिपोट जो पछि उपयोग गर्न राखिएको हुन्छ ।

झण्डे-टाउको, पताका-शीर्षक (Banner-heading) →अखबारको पहिलो पानामा यो छेउदेखि ऊ छेउसम्म ठुला–ठुला अक्षरमा छापिएको झण्डाझैं फहराउँदो सबभन्दा प्रधान शीर्षक ।

टक्सार (Mint) →विभिन्न धातुबाट रुपियाँ-पैसा बनाउने सरकारी अड्डा ।

टिपैटा →सरकारले आफ्नै खर्चमा रुख कटाई बिक्री गर्ने व्यवस्था ।

टुपिन (Tow-pin) →बिजुलीको करेन्टलाई छुट्याउने वा जोर्ने औजार ।

टेक →गीतको त्यो हार (गेडो) जसलाई पटक–पटक दोहोऱ्याइन्छ ।

टेन्डर, निविदा (Tender) →ठेकदारले खुलाएर दिएको त्यो दर-रेट जसमा ठेक्काको काम लिन ऊ तयार छ ।

ट्रान्सफरमर (Transformer) →बिजुलीको शक्ति बढाउने यन्त्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ट्रान्समिसन (Transmission) →एक ठाउँमा उत्पन्न गरिएको ध्वनि, गति आदिलाई विद्युत्-तरङ्ग, प्रकाश-लहरी आदिद्वारा टाढा-टाढासम्म पुऱ्याउने काम।

ट्रान्समिटर, संञ्चार यन्त्र (Transmitter) →ट्रान्समिसन गर्ने यन्त्र।

ट्रेड-मार्क, बेपार-चिनो (Trade-mark) →व्यापारिक कम्पनी, कारखाना आदिले आफ्ना मालमा अङ्कित गर्ने विशेष चिनो।

तदर्थ-समिति (Ad hoc Committee) →कुनै विशेष कामका लागि गठित त्यो समिति जो काम पुरा हुनासाथ आफैं विघटित हुन्छ।

तरङ्ग-दैर्घ्य (Wave-length) →अकासमा प्रसारित भिन्न-भिन्न विद्युत्-चुम्ब-कीय तरङ्गको लमाइ (रेडियो—केन्द्रहरूले वेग्लावेग्लै तरङ्ग-दैर्घ्यमा कार्यक्रम प्रसारित गर्ने हुनाले रेडियोमा कार्यक्रम समाउन र सुन्न अप्ठ्यारो पर्दैन।)

तालाबन्दी (Lock-out) →कामदारमाथि दबाउ हाल्ने उद्देश्यले मिल-मालिक-द्वारा कारखानाको मुख्य ढोकामा ताल्चा ठोकेर उनीहरूलाई बाहिरै राख्ने काम।

दण्डादेश (Sentence) →कुनै अपराधीलाई न्यायाधीशद्वारा सजाइँ सुनाइने आदेश वा निर्णय।

दक्षता-बार (Efficiency bar) →नोकरीमा तलब-वृद्धिको बाटो थुन्ने त्यो बार वा बाधा जो आवश्यक योग्यता वा दक्षता नपुग हुँदा आइलाग्छ।

दीक्षान्त समारोह (Convocation) →आफ्ना स्नातकहरूलाई प्रमाण—पत्र वा उपाधि दिन कुनै विश्वविद्यालयद्वारा आयोजित समारोह।

दृश्याभास (Spectrum) →आफूले देखेको दृश्य, वस्तु आदिको त्यो चित्र, प्रति-बिम्ब वा आभास जो आँखा चिम्लिँदा पनि झल्झली देखिन्छ।

देशान्तर (Longitude) →ग्रिनविच-रेखा र पूर्वी तथा पश्चिमी गोलार्धमाझको दुरी; कुनै ठाउँको पूर्व-पश्चिम स्थिति र विस्तार।

द्वैराज्य (Condominium) →त्यस्तो देश जसमाथि दुई देशको प्रभुत्व रहन्छ। (मिश्र र इङ्गल्यान्डको प्रभुत्व रहेका बेला सुडानमा द्वैराज्य थियो।)

धात्विक मूल्य, वास्तविक मूल्य (Intrinsic Value) →टक, मोहर आदिमा मिसाइएको धातुको बजार-भाउअनुसार मूल्य, जो अङ्कित मूल्यभन्दा कम वा बढी हुनसक्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नागरिक हवाइ-व्यवस्था (Civil Aviation) →नागरिकहरूले गर्ने हवाइ-यात्राको देखरेख र प्रवन्ध ।

निगम, संस्थान (Corporation) →स्वतन्त्र अस्तित्व भएको त्यो निकाय वा संस्था जसले ऐन-कानुनबमोजिम व्यक्तिसरह काम गर्ने अधिकार रितपूर्वक पाएको छ ।

निजी-सचिव (Private Secretary) →त्यो व्यक्ति जसले ठुला-बडा मानिस-हरूको निजी वा घरायसी कामको देखरेख र पत्र-व्यवहार आदि गर्छ ।

नियमापत्ति (Point of order) →बैठक, सभा आदिमा कार्यप्रणालीको मान्य परम्परा वा स्वीकृत नियमका विरुद्ध कुनै कुरो हुँदा उठाइएको आपत्ति ।

निवृत्तिभरण (Pension) →तोकिएको अवधिसम्म सेवा गरेर पदबाट निवृत्त भएपछि सरकार, संस्थान, कम्पनी आदिद्वारा दिइने रकम विशेष ।

निहित-स्वार्थ (Vested interest) → व्यवसाय, व्यापार, जिमिन आदिमा रुपियाँ लगाएर प्राप्त गरिएको स्थिर स्वार्थ ।

न्यायाधिकरण (Tribunal) →कुनै विशेष मामला वा विवादग्रस्त विषयका सम्बन्धमा न्यायिक निर्णय गर्ने व्यक्ति; त्यस्तो उद्देश्यले स्थापित न्यायालय; न्यायाधीशको आसन ।

न्यूनकोण (Acute angle) →त्यो कोण जो समकोणभन्दा सानो हुन्छ ।

पञ्चखत →ज्यान सजाइँ हुने, डामल हुने, मुडिने, घटी जातमा मिलाई खोपिने र जात-पतित हुने आदि पाँच किसिमका दण्ड दिइने अपराध वा खत ।

पटाक्षेप (Drop-scene) →नाटक मञ्चस्थ गर्दा एउटा अङ्क सकिएपछि (अर्थात् कुनै दुई अङ्कका बीचमा) खसाइने सबभन्दा अघिल्लो पर्दा; नाट-कको अन्तिम दृश्य ।

पत्र-मञ्जूषा (Letter-box) →डाँकका साधारण चिट्ठी-पत्र हुलाक दाखिल गर्ने ठाउँ-ठाउँ राखिएको रातो बाकस ।

पदेन (Ex-officio) →व्यक्तिगत रूपमा होइन, कुनै पदमा रहेको वा काम गर्दै रहेको नाताले (अरुतिर पनि सदस्य, पदाधिकारी आदि हुनु) ।

परकाय प्रवेश (Transmigration) →आत्माले एउटा शरीर वा जुनी छाडेर अर्को शरीर वा जुनी फेर्ने काम ।

परमादेश (Mandamus) →तल्लो अदालत, संस्था, अधिकृत आदिलाई कुनै विशेष काम गर्न सर्वोच्च अदालतले दिने आदेश ।

परीक्षण काल (Probation) →त्यो निर्धारित अवधि, जसभित्र नयाँ नियुक्त कर्मचारी कामलाएक वा पदयोग्य छ-छैन भनेर जाँचिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पितृ मनोग्रन्थि (Electra complex) →मनोविज्ञानअनुसार छोरीको वावु-प्रति विशेष आकर्षण र गहिरो प्रेम हुनु ।

पुनरालोकन (Review) →दण्डसम्वन्धी आदेश वा निर्णयवारे फेरि विचार्ने काम; वितेका घटनाको छोटो आलोचना ।

पुर्नानिर्देशित (Redirected) →प्राप्तकर्ताले ठाउँ वदलेको हुँदा डेलिभरी हुन नसकेर उसको नयाँ ठेगानामा पठाइएको (चिठी, हुलाक-वस्तु आदि) ।

पुलिन्दा (Parcel) →हुलाक, रेल, मोटर, हवाइजहाज आदिवाट पठाइने माल-मत्ताको पोको ।

पुष्पिका (Colophon) →पुस्तकका पुछारमा रहने त्यो वाक्य वा श्लोक जसमा रचनाकारको नाउँ, रचना-समय, रचना-स्थान आदिको उल्लेख हुन्छ; अध्यायका अन्त्यमा रहने त्यो भाव वा वाक्य जसले त्यस अध्यायमा वर्णित प्रसङ्ग टुङ्गिएको जनाउ दिन्छ ।

पूर्णविराम (Full- Stop) →वाक्य टुङ्गिएको जनाउन त्यसका अन्त्यमा दिइने चिह्न ।

पेटेन्ट, एकस्व (Patent) →आफूले बनाएको वा आविष्कार गरेको कुनै वस्तुबाट हुने आम्दानीको एकाधिकार दिलाउने सरकारी पत्र ।

प्रज्ञापन-पत्र (Declaration Form) → त्यो प्रपत्र जसमा कुनै कुराको यावत् विवरण खोलेर सरकारमा जनाइएको हुन्छ; त्यो औपचारिक प्रपत्र जसमा विदेशबाट माल झिकाउन सोसम्बन्धी आवश्यक विवरण खुलाइ-एको हुन्छ ।

प्रतिवादी (Defendent)→ वादीका कुराको विरोधमा जवाफ दिने व्यक्ति वा पक्ष । (प्रत्युत्तर-पत्रका निम्ति पनि यस शब्दको प्रयोग हुन्छ) ।

प्रतिशेध (Prohibition) → अधिकारभन्दा वाहिरको कारवाई भएमा सर्वोच्च अदालतले मातहतका अदालत वा सम्बन्धित व्यक्तिहरूलाई सो कारवाई रोक्नबारे दिने आदेश ।

प्रत्यादेश → त्यो आदेश जो माथ्लको कुनै अधिकृतले आफूभन्दा माथिल्लो अधि-कृतबाट पाउँछ र आफूभन्दा तलका अधिकृतहरूलाई दिन्छ ।

प्रत्याह्वान (Recall) → कुनै ठाउँ, पद आदिबाट कुनै अधिकारी, प्रतिनिधि आदिलाई फिर्ता बोलाउनु ।

प्रवक्ता (Spokesman) → सरकार, संस्था आदिका तर्फबाट आधिकारिक रूपमा कुनै कुरो भन्ने व्यक्ति ।

प्रवर-समिति (Select Commitee) → छनौट गरिएका विशेषज्ञ सदस्य-हरूको त्यो समिति जसले कुनै विषयवारे पुरा खोजीनीति र छलफल गरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निश्चित मत दिन्छ ।

प्रविष्टि (Entry) → पुस्तक, खाता आदिमा लेख्ने, टिप्ने वा दर्ता गर्ने काम; त्यो वस्तु जो यस प्रकार लेखिन्छ वा दर्ता गरिन्छ ।

प्राथमिक उपचार (First-aid) → उपयुक्त डक्टरको सहायता प्राप्त गर्नुअघि घाइते व्यक्तिलाई गरिने उपचार ।

प्राश्निक (Question-Setter) → लिखित जाँचका लागि कुनै विषयको प्रश्न छनोट गर्ने वा प्रश्न-पत्र बनाउने (व्यक्ति) ।

प्रूफ (Proof) → छापा-मेसिनमा पुस्तक, पत्रिका आदि छापिनुअघि जाँचिने त्यो नमुना जसमा कम्पोज गर्दा भएका अशुद्धिहरू सच्च्याइन्छ ।

प्रेस-वक्तव्य (Press-Statement) → खबरकागत आदिमा छाप्न दिइएको वक्तव्य ।

प्रेस-सचिव (Press-Secretary) → कुनै कार्यालयको वा कुनै विशेष व्यक्तिको समाचार वा प्रकाशन-सम्बन्धी काम गर्ने सचिव ।

प्रेस-सम्मेलन (Press-Conference) → कुनै कुराको प्रचार, स्पष्टीकरण आदिका निम्ति गराइएको पत्र-प्रतिनिधिहरूको भेला ।

प्यारासुट, हवाइ-छाता (Parachute) → उड्दै गरेको हवाइजहाज वा अग्लो ठाउँबाट हामफाल्दा उपयोग गरिने छाता जस्तो विशेष उपकरण ।

प्यारोडी (Parody) → त्यस्तो रचना जसमा कुनै लेखक वा लेखकवर्गको रङ्ग-ढङ्ग, चाल-चलन वा भावको हाँसउठ्दो पाराले नक्कल गरिएको हुन्छ ।

प्यारोल (Parole) → थुनामा रहेको व्यक्तिले खास काम परेर बाहिर जानुपर्दा भाग्ने छैन वा यति दिनभित्र फर्किआउँला भनी दिएको वचन; पहरा बसेका प्रहरीले नरोकून् भनेर उपयोग गरिने सङ्केत-शब्द ।

प्रेस्क्रिप्सन (Prescription) → डक्टरले रोगीलाई दिएको त्यो लिखित निर्देश जसमा ओखती, मात्रा, सेवन-विधि आदिको उल्लेख हुन्छ ।

प्रोटन, धन-विद्युदणु, धनात्मक कण (Proton) → धन-विद्युत्-शक्तिको त्यो एकाइ जसलाई परमाणुको मध्य-बिन्दु मानिन्छ र जसका चारैतिर ऋण-विद्युदणुले फन्का लाउँछ ।

फरासखान, फर्रासखान → त्यो कार्यालय जसले ओछ्यान, बिछ्यौना र बस्नौटो-सम्बन्धी काम गर्छ ।

फिङ्गर-प्रिन्ट, औंठा छाप (Finger-Print) → वैज्ञानिक विधि र साधन-द्वारा घटनास्थलमा अपराधीले छाडेको छाप उठाउनु; त्यस्तो छाप ।

फिर्ती रसीद (Acknowledgment) → रजिस्टर्ड हुलाक-वस्तुका साथ पठाइने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो पुर्जी जसमा प्राप्तकर्ताको सही गराइन्छ र प्रेषककहाँ फिर्ता पठाइन्छ।

फेल-जमानी →त्यो जमानी जसमा कसैले स्वीकारेको काम पुरा गराउने कबोल गरिन्छ; राम्रो चाल-चलनको जमानी।

फोर्स्ड ल्यान्डिङ, बलादवतरण (Forced Landing) → इन्जिन बिग्रेर वा अरू कुनै कारणले एक्कासि हवाइजहाजलाई जस्तोसुकै ठाउँमा बलजफ्ती ओराल्ने काम।

बक-पत्र → त्यो कागत जसमा वादी वा प्रतिवादीको साछीले बकेका कुरा वा वयान लेखिएको हुन्छ।

बन्द-सवाल →त्यो लिखित जवाफ जो कारणवश हाजिर हुन नसक्ने व्यक्तिसंग अदालतले प्रश्नहरू पठाएर मगाउँछ।

बन्दीप्रत्यक्षीकरण (Habeas Corpus) →कारवाईका निम्ति थुनामा परेको व्यक्तिलाई न्यायाधीश अगाडि वा अदालतमा हाजिर गराउन दिइएको लिखित आदेश।

बफर स्टेट, अन्तराल राज्य (Buffer state) →दुई देशका माझ रहेको त्यो स्वतन्त्र राज्य जसले गर्दा दुवैमा सोझो सम्पर्कको स्थिति आउँदैन।

बिजुली-घर (Power House) →त्यो घर जहाँ वितरण गर्ने बिजुली उत्पन्न गरिन्छ।

बैरङ्ग, बैरन (Baring) →त्यस्तो चिठी जसमा हुलाक टिकट टाँसिएकै छैन वा चाहिंदोभन्दा थोर मूल्यको टिकट टाँसिएको छ।

बोनस, अधिलाभांश (Bonus) →त्यो लाभांश जो कुनै मिल, कारखाना, व्यापारी-संस्था, संस्थान वा निगमले आफ्ना कर्मचारी वा सक्रियारहरूमा तलब वा साधारण लाभांशबाहेक बाँड्छ।

भन्सार (Custom) →त्यो कार्यालय जहाँ निकासी र पैठारी हुने माल-सामानमा लाग्ने सरकारी कर असुल गरिन्छ; त्यो कर जो निकासी वा पैठारी गरिने माल-सामानमा लगाइन्छ।

भाउचर, बीजक (Voucher) →त्यस्तो रसीद जो रुपियाँ दिएको, जम्मा गरेको वा धरोट राखेको प्रमाण हुन्छ।

भाकापत्र (Promissory Note) →तोकिएको म्यादभित्र कुनै काम पुरा गर्ने कबुलियत।

भिटामिन, पोषक-तत्त्व (Vitamin) →प्राकृतिक खाद्य-पदार्थमा पाइने त्यो सूक्ष्म-तत्त्व जो स्वास्थ्य र शरीर-वृद्धिका लागि आवश्यक हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोग-बन्धक →त्यो बन्धक जसमा साहूट दिएका रुपियाँको व्याजका सट्टा साहूले धिताकै उपभोग गर्न पाउँछ; त्यस्तो तमसुक ।

महामहिम (His Excellency) →राजदूत, मन्त्री आदिका लागि प्रयुक्त कदर जनाउने शब्द ।

महामान्य (His Majesty) →कुनै स्वतन्त्र नरेश वा सम्राट्का लागि प्रयुक्त कदर जनाउने शब्द ।

महावाणिज्यदूत (Consul-general) →अरू कुनै देशको राजधानीमा नियुक्त त्यो वाणिज्यदूत जो त्यस देशमा नियुक्त आफ्ना देशका अरू वाणिज्यदूत-हरूको प्रधान हुन्छ ।

महाप्रबन्धक (General Manager) →व्यक्तिगत प्रशासनको प्रशासकीय प्रमुख ।

माइक्रोफोन (Microphone) →त्यो यन्त्र जसमार्फत कुनै ठाउँमा गरेको भाषण, ध्वनि आदिलाई विद्युत्-प्रक्रियाद्वारा चारैतिर फिजाइन्छ ।

मातृ-मनोग्रन्थि (Oedipus Complex) →मनोविज्ञानअनुसार छोराको आमाप्रति विशेष आकर्षण र प्रेम ।

मानसुन, पावस (Monsoon) →त्यो मौसमी समुद्री हावा जो ६ महिना थलवाट समुद्रतिर र ६ महिना समुद्रवाट थलतिर बग्छ ।

मास्केवारी →स्रेस्तामा महिनाभरि गरेका कामको संक्षिप्त फाँटवारी ।

मिति-छाडा, तिथि-संक्रामी (Defaulter) →तोकिएको मितिलाई छाड्ने (सो मितिमा अदालतमा हाजिर नहुने वा ऋण आदिको किस्ता नबुझाउने ।)

मिसा-खत →विहे वा यौनसम्बन्धवारे आइमाईले लुकी-छिपी गरेको अभियोगमा लाग्ने खत ।

मिसिल (File) →कुनै विषयमा कारवाई भएका कागत-पत्रको ठेली ।

मिसिल फाँट →त्यो कार्यालय जसले काम सकिएका पुराना कागत-पत्र राख्छ ।

मुलुकीखाना →देशभरिको आम्दानी जम्मा हुने सरकारी ढुकुटी ।

मुद्रा-स्फीति (Inflation) →कुनै देशको नोट (Paper currency) असाधारण रूपमा प्रचलनमा आउनु, जसले गर्दा वस्तुहरूको भाउ एकदमै चर्को हुनपुग्छ ।

मिनट-बुक, कार्य-विवरण पुस्तिका (Minute-book) →त्यो रजिस्टर जसमा कुनै सभा, समिति आदिको संक्षिप्त कार्य-विवरण टिपिन्छ ।

मौखिक परीक्षा (Viva voce) →लेखेर होइन, मौखिक रूपमा लिइने जाँच ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युद्धरत, युद्धलिप्त (Belligerent) → त्यो राष्ट्र वा गुट जो नियमित ढङ्गले कसैका विरुद्ध लडाइँ मोलेर युद्ध-कार्यमा लागेको छ ।

युद्ध-विराम, युद्ध-स्थगन (Cease-fire) → त्यो स्थिति जसमा स्थायी वा अस्थायी सन्धि हुनुअघि चल्दै गरेको युद्धलाई रोकिइन्छ ।

युद्ध-भोको, युद्ध-पिपासु (War-monger) → यस्तो नीति वा कारवाई अपनाउने व्यक्ति जसले गर्दा लडाइँ पर्न संभव हुन्छ वा लडाइँ झन् चर्किन्छ ।

रजिस्टरी (Registry) → साधारणभन्दा बढी महसुल तिरी चिठी, पुलिन्दा आदिलाई हुलाक-रजिस्टरमा दर्ता गराएर पठाउने काम; त्यसरी पठाइएको चिठी वा पुलिन्दा ।

राजपत्र (Gazette) → त्यो सरकारी पत्रिका जसमा सरकारी कारवाई, जनाउ आदि औपचारिक र आधिकारिक रूपमा छापिन्छ ।

राजपत्राङ्कित (Gazetted) → राजपत्रमा प्रकाशित (नाम, दर, पद, जनाउ आदि) ।

रायल्टी, स्वामित्व, स्वत्वस्व (Royalty) → त्यो लाभांश जो कुनै वस्तुको कर्त्ता वा स्वामीलाई दिइन्छ ।

राहदानी, पारपत्र (Passport) → स्वदेशबाट विदेश जाँदा वा विदेशबाट स्वदेश आउँदा सरकारसंग लिइने अनुमति-पत्र ।

रेडार (Radar) → त्यो यन्त्र जसद्वारा कुनै हवाइजहाज कताबाट आउँदैछ वा कहाँ आउँदैछ भन्ने पत्तो लगाइन्छ ।

लाउड-स्पीकर, ढ्वाङ, ध्वनिविस्तारक (Loud-Speaker) → ध्वनि वा अवाजको तीव्रता बढाउने ढ्वाङ जस्तो साधन ।

लासघर (Mortuary) → त्यो ठाउँ जहाँ अकाल वा दुर्घटना आदिमा परी मर्नेको लास चिरफार वा जाँच गरेर मृत्युको वास्तविक कारण पत्ता लगाइन्छ ।

लासजाँच (Post-mortem) → मृत्युको वास्तविक कारण पत्ता लगाउन लासघरमा लगी मर्नेको चिरफार गर्ने वा जाँच्ने काम ।

लेखन-सामग्री (Stationary) → कागत, मसी, पिन, फाइल आदि यावत् सामग्री जसको खाँचो लेख्ने काम गर्दा पर्छ ।

ल्याप्चे (Thumb-impression) → बुढीऔंलाको सही छाप ।

वाटर-मार्क, पानी-छाप (Water-mark) → विशेष प्रक्रियाद्वारा नोट, कागत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदिमा बनाइएको त्यो छाप, चिनो वा अच्छेर जो उज्यालातिर फर्काएर हेर्दा मात्रै देखिन्छ ।

वादी (Plaintiff) →अदालतमा उजुर गर्ने व्यक्ति वा पक्ष ।

वारुण-यन्त्र (Fire-engine) →आगलागी हुँदा आगो निभाउने यन्त्र ।

विनियोग-विधेयक (Appropriation bill) →त्यो विधेयक जसमा राजस्वको कति अंश कुन फाँटमा खर्च गरिन्छ भन्ने विवरण पनि दिइएको हुन्छ ।

विमान-परिचारिका (Air-hostess) →उड्दै गरेको हवाइजहाजमा यात्रुहरूको देखरेख, सेवा आदि गर्ने महिला कर्मचारी ।

विवरण-पुस्तिका (Brochure) →यस्तो पुस्तिका जसमा कुनै खास आयोजनको कार्यक्रम, विवरण र अन्य जानकारीको विवरण खुलाइएको हुन्छ ।

विसंस्कृतीकरण (Contra-culturation) →उत्तिकै सबल दुई संस्कृति सम्पर्कमा आउँदा तीमध्ये कुनै पनि झुक्न वा विलीन हुन नचाहेकाले दुवैमाझ संघर्ष परेर उब्जेको विरोधको प्रक्रिया ।

विटो (Power of Veto) →पाँच महान् राष्ट्रले पाएको त्यो विशेषधिकार जसद्वारा राष्ट्रसंघको सुरक्षापरिषद्ले स्वीकृत गरेको कुनै प्रस्तावलाई अमान्य वा कार्यान्वित हुनबाट रोक्का गरिन्छ ।

शासनादेश (Mandate) →जर्मनी र टर्कीका कब्जामा रहेका उपनिवेश वा भूक्षेत्रबारे आफैं शासन गर्नसक्ने नहुन्जेलसम्म शासन गर्न भनी ब्रिटेन, फ्रान्स आदि विजेता राष्ट्रहरूलाई राष्ट्रसंघले पहिलो विश्वयुद्धपछि दिएको आदेश ।

शीतयुद्ध (Cold war) →राष्ट्रहरूमाझ मैत्रीभाव समाप्त हुने त्यो स्थिति जसमा सेना र हातहतियारको प्रयोग नभए तापनि एक-अर्काका विरुद्ध प्रचार-कार्य र आर्थिक-विध्वंशको प्रयत्न भने भरमग्दुर गरिन्छ ।

श्रमिक-दिन (Man-days) →एक दिनमा एउटा मान्छेले गर्ने कामलाई एकाइ मानेर हडताल आदि हुँदा नोक्सानीको हिसाब लगाई झिकिएको दिनको संख्या ।

संवाददाता (Press-reporter) →त्यो व्यक्ति जसले खबरकागतका निम्ति समाचार बटुल्छ ।

संस्करण (Edition) →एक पटक छापिँदा कुनै एक पुस्तक, पत्रिका आदिको सम्पूर्ण संख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतीकरण (Acculturation) →दुई संस्कृति सम्पर्कमा आउँदा निर्धो चाहिँ बलियामा विलीन भएर त्यसकै रूप धारण गर्ने प्रक्रिया ।

संक्षिप्त-लिपि, शीघ्र-लिपि (Short-hand) →लेख्ने त्यो छोटो-छरितो ढङ्ग वा प्रणाली जसमा ध्वनिहरूका लागि साना-साना चिह्नहरू तोकिएका हुन्छन् ।

समर्पण (Dedication) →कृति पुरा भएपछि कृतिकारद्वारा आफ्ना प्रिय वा श्रद्धेय व्यक्तिका नाउँमा सम्झना वा उद्‌गारकासाथ अर्पित गर्ने काम ।

समाह्वान (Summon) →फौजदारी मुद्दामा १५ दिने म्याद दिई प्रतिवादी-लाई हाजिर हुन बोलाउने अदालतको चिठी ।

सर्वाधिकार, कृतिस्वाम्य (Copyright) →पुस्तक, चित्र, नक्सा आदि कृतिको प्रकाशन र बिक्री गर्ने सम्पूर्ण अधिकार ।

साधन (Reference) →आफूले निकास दिन नभिल्दा त्यसका सम्बन्धमा माथिका अधिकृतसंग गरिएको जाहेरी; छिन्ने अधिकारभन्दा बाहिरको मुद्दा-मामलामा राय लेखी माथिका अदालत वा अधिकृतलाई पठाएको रिपोट ।

सामासिक संस्कृति, समासीकरण (Composite-culture) →दुई सबल संस्कृति सम्पर्कमा आउँदा दुवै नै केही-केही बदलिएर व्यवस्थित हुने प्रक्रिया ।

सावधिक (Periodical) →तोकिएको अवधिमा हुने वा निस्किने (पत्र-पत्रिका आदि) ।

सेन्सरसिप (Censorship) →चिठी, किताब, फिल्म आदिको जाँच गरी उत्तेजक र आपत्तिजनक अंश झिकिदिने काम ।

सैनिक सहचारी (Military Attache) →राजदूतसंग रहने त्यो सैनिक कर्मचारी जसलाई सैनिक विषयको विशेष जानकारी हुन्छ ।

स्याहा (Ledger) →त्यो वही जसमा आम्दानी-खर्चको हरहिसाब लेखिन्छ ।

हर (Denominator) →भिन्नमा धर्कामुनिको संख्या, जस्तै ३/२ मा २; भिन्न-राशिमा भाग दिने संख्या ।

हर्सन्दा →त्यो रकम जो विशेष काजका लागि सरकारी ढुकुटीमा जगेडा राखि-छोडिन्छ ।

हर्स-पावर, अश्व-शक्ति (Horse-power) →प्रति सेकेण्ड ५५० पौण्ड (पौने सात मन) ओजनलाई एक फुट माथि उचाल्ने शक्ति ।

हवाइ-पत्र (Aerogramme) →हवाइ डाकद्वारा पठाइने चिठी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाइ-ज्याक, विमान.अपचालन (Hi-jack) →लुट्ने, अनुचित माग गर्ने वा अरू कुनै विध्वंशक काम गर्ने उद्देश्यले चालक वा कर्मचारीहरूलाई हातहतियार वा धम्कीद्वारा विवश पारी निश्चित गन्तव्यतर्फ उड्दै गरेको हवाइ-जहाजलाई अपचालित गरेर आफूले भनेको ठाउँमा ओराल्न वाध्य गराउने काम ।

हिमनदी (Glacier) →टाकुरामा हिउँ थुप्रिँदै जाँदा भार बढी भई पहाडको सतहदेखि खस्केर बिस्तार-बिस्तार तल बग्न थालेको हिउँ ।

हिम-रेखा (Snow-line) →उँचो भूमिको त्यो सीमा-रेखा जसदेखि मास्तिर हिउँ पग्लँदैन र सदा-सर्वदा जमिरहन्छ ।

हिमाङ्क (Freezing point) →त्यो तापमान जहाँ पानी जमेर हिउँ बन्न थाल्छ (फरेनहाइटको ३२ अंश वा सेन्टीग्रेडको शून्य अंश ।)

हीराकसी →फलामको त्यो विकार जो गन्धकको रासायनिक प्रक्रियाबाट तयार हुन्छ ।

हीरक-जयन्ती (Diamond Jubilee) →साठी वर्षमा मनाइने विशेष उत्सव ।

हुलाक-आदेश (Poste restante) →'माग नगरेसम्म रोक्ने' 'मार्फत हुलाक हाकिम,' वा 'ठेगानावाला नआइपुगेसम्म रोक्ने', आदि लेखिएको त्यो चिठी जो हुलाकका हाकिमका मार्फत हुलाक अड्डाकै ठेगानामा मगाइएको हुन्छ ।

५. प्राविधिक शब्दको सूची

५.१ नेपालीमा प्रचलित प्राविधिक शब्दको छोटो सूची तल दिइएको छ। प्रत्येक शब्दकासाथ त्यसका प्रतिरूपको पनि उल्लेख गरिएको छ ।

अङ्गरक्षक →Aide-de-camp, Body-guard.
अग्रिम →Advance. अतिक्रमण →Encroachment.
अतिरिक्त लाभ →Excess profit. अधकट्टी →Counterfoil.
अधिकार-पत्र →Charter. अधिकार-क्षेत्र →Jurisdiction.
अधिकार प्रत्यायोजन →Delegation of Power.
अधिग्रहण →Acquisition. अधिनियम →Act.
अधिवक्ता→ Advocate. अनधिकृत →Unauthorized.
अनाक्रमण-सन्धि →Non-aggression pact.
अनायास विजय →Walk-over. अनावरण →Unveiling.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुच्छेद →Article, paragraph. अनुदान →Grant.
अनुपूरक →Supplement, Supplementary.
अनुमोदन→ Approval.
अनुसूची →Scedule. अनौपचारिक →Informal.
अपराध-विज्ञान ←Criminology. अभिभाषण →Address.
अभियोग →Accusation. अभिलेख →Record.
अभिवक्ता →Pleader. अराजपत्रित→ Non-gazetted.
अर्जित बिदा →Earned-leave.
अविश्वास-प्रस्ताव→ Motion of no-confidence.
अवैतनिक→ Honorary. अहस्तान्तरणीय →Not-transferable.

आकाशवाणी,आ०वा० →Wireless. आचरण-संहिता →Code of Conduct.
आणविक →Atomic. आतङ्कवादी →Terrorist.
आनुपातिक प्रतिनिधित्व →Proportional representation.
आप्रवासी →Emigrant. आयकर →Income-tax.
आयव्ययक, बजेट →Budget.
आशुलिपिक→ Stenographer. आसन्न-कोण Adjacent-angel.

इतिवृत्त →Chronicle. इन्जिनियर, अभियन्ता →Engineer.
इन्जेक्सन, सुई →Injection. इन्सपेक्टर, निरीक्षक →Inspector.

ईथर →Ether.
उत्खनन →Excavation. उद्घोषणा →Proclamation.
उद्धरण →Extract. उन्मूलन →Abolution. उपकर→ Cess.
उपधारा, उप-दफा →Sub-section. उपनियम→ Sub-rule.
उपनिर्वाचन →Byelection. उपराजदूत →Legate.
उपवाणिज्यदूत →Pro-consule. उप-विधि →Bye-law.
उर्वरक →Fertiliser.

एकपक्षीय →Unilateral. एकीकरण →Unification.
एजेन्ट →Agent. एजेन्सी →Agency.
एम्बुलेन्स, बिरामी गाडी →Ambulance-car. एरियल →Aerial.

औपचारिक →Formal.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कबुलियत →Bond. कम्पाउन्डर →Compounder.
कम्पोजिटर →Compositor. कर-निर्धारण →Assessment.
कर्कट-रेखा →Tropic of cancer.
कायम-मुकायम →Acting, officiating.
कारागार →Jail. कार्यकारिणी समिति →Executive Committee.
कार्यपालिका प्रमुख →Chief-executive.
कार्यञ्चालन समिति →Steering Committee.
कार्यस्थगन प्रस्ताव →Adjournment motion.
किस्ताबन्दी →Instalment. कुलपति →Chancellor.
कृत्रिम गर्भरोपण → Artificial Insemination.
कृषि-अर्थशास्त्र →Agro-economics.
कैफियत →Remarks. कोटा, नियतांश →Quota.
कोरीखाना →Leper-asylum.
क्रय-शक्ति →Purchasing power. क्यालेन्डर, भित्तेपात्रो →Calendar.
क्लिनिक, औषधि–घर →Clinic. क्षेत्रफल →Area.
क्षेत्रधिकार →Jurisdiction. क्षेपक →Interpolation.
क्षेप्यास्त्र →Rocket.

खपत →Consumption. खानतलासी→ House-search.

गतिशील →Dynamic. गर्भपात →Abortion.
गाथा →Ballad. गुटबन्दी→ Coalition. गुठी →Trust.
गुप्तचर →Detective, Spy. गुरुकपी, पाण्डुलिपि → Manuscript.
गुरुत्वाकर्षण →Gravitation. गृहयुद्ध →Civil-war.
गृह-विज्ञान →Home-Science, Domestic-Science.
ग्रन्थमणि →Masterpiece. ग्राह्यता →Admissibility.
गोस्वारा हुलाक →General Post Office.

घरेलु-उद्योग →Cottage-industry.
घोषणा-पत्र, नीति-घोषणा →Manifesto.
चक्रवृद्धि व्याज →Compound interest.
चलचित्र →Movie cinema. चलानी→ Despatch. चाप →Pressure.
चित्रशाला Studio. चेक→ Cheque.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन्द →Metre. छात्रवृत्ति →Scholarship.
छात्रावास →Boarding house, hostel. छुटकारा →Release.

जगेडा → Reserve.
जन्तु-विज्ञान →Zoology. जन-कल्याण → Public welfare.
जन-गणना →Census. जन-निर्देश, जन-मत →Referendum.
जन-संख्या →Population. जन-सम्पर्क →Public-relation.

टाइप-राइटर, टङ्कणयन्त्र →Type-writer.
टेलिग्राफ →Telegraph. टेलिग्राम →Telegram.
टेलिप्रिन्टर →Teleprinter. टेलिफोन →Telephone.
टेलिविजन, दूरदर्शन →Television.

ढाट →Cattle pound.

तटस्थीकरण →Neutralisation. तनाउ →Tension.
तापक्रम, तापमान →Temperature.
ताप-विकीरण →Radiation. तालिका →Table.
तेलवाहक पोत →Tanker. त्रिज्या, अर्द्ध-व्यास →Radius.
त्रिकोण, त्रिभुज →Triangle.

थाना, ठाना → Police Station. थुना →Lock-up
थोक →Wholesale.

दण्ड-न्यायालय, फौजदारी अदालत→ Criminal Court.
दण्डविधान → Penal code. दण्डात्मक →Punitive.
दरपीठ →Endorsement. दलनेता →Captain.
दर्ता →Registration.
दायकर →Inheritance tax. दायित्व →Liability.
दिग्दर्शक-यन्त्र, दिशासूचक-यन्त्र →Compass.
दूरवीक्षण-यन्त्र →Telescope.
देशनिकाला →Banishment, deportation.
देशी, देशज →Indigenous. दौत्यकर्म →Legation.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वैध-शासन →Diarchy.

धनादेश →Money order.
धरना →Picketing. धर्मतन्त्र →Theocracy.
धर्मनिरपेक्ष →Secular. धर्मस्व →Endowment.
धातु-विज्ञान →Metallurgy. धारा, दफा →Section.
धितो →Mortgage. ध्वंसावशेष→ Wreckage.

नगर-आयोजन →Town-Planning.
नगर-भवन, सभागृह →Town-hall.
नवीकरण →Renewal, Renovation.
नाकाबन्दी →Blockading.
नामाङ्कन-पत्र→ Nomination-paper. निकाय →Body.
निजामती→ Civilian.
निन्दा-प्रस्ताव→ Vote of censore. निन्दात्मक लेख →Libel.
निरस्त्रीकरण →Disarmament.
निर्णायक-मत→ Casting-vote. निर्देशक →Director.
निर्देशनालय →Directorate.
निर्यात, निकासी →Export. निर्वचन →Interpretation.
निर्वाचन-आयोग →Election-Commission.
निर्वाचन-सूची→ Electoral-roll. निलम्बित →Suspended.
निवृत्ति →Retirement. निषेधाज्ञा →Injunction, Inhibition.
निस्कने बाटो, बहिर्गमनद्वार →Exit. नोट →Paper Currency.
न्यायपालिका →Judiciary.

पत्रकार →Journalist
पत्र-प्रतिनिधि →Press-representative.
पदव्याख्या →Parsing. परमाणु →Atom.
पदोन्नति, बढुवा →Promotion.
परामर्शदात्री समिति →Advisory committee.
परिपत्र →Circular. परियोजना →Project.
परिवहन →Transport.
परिवहन-बाधा, उत्पादन-बाधा →Bottleneck.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिषद् →Council. परोपजीवी→ Parasite.
पर्यवेक्षक →Observer. पशुधन →Live-stock.
पशुपालन →Husbandry.
पारिश्रमिक →Remuneration, Emolument.
पुनरावेदक →Appellant. पुनरावेदन→ Appeal.
पुनर्मूल्यन →Revaluation. पुनर्वास →Rehabilitation.
पूर्णाधिकारप्राप्त दूत→ Minister Plenipotentiary.
पूर्णाधिवेशन →Plenary-session.
प्रकाशन→ Publication.
प्रचार, प्रचारकार्य →Propoganda. प्रतिनियुक्त →Deputed.
प्रतिरूप →Specimen, Counter-part.
प्रतिलिपि →Copy, duplicate, transcript.
प्रतिवेदन →Report. प्रतिव्यक्ति कर→ Capitation tax.
प्रत्युत्तर →Rejoinder.
प्रदर्शन →Demonstration, show. प्रपत्र →Form.
प्रभार →Charge. प्रभारी →Incharge.
प्रभारी राजदूत →Charge-de-affairs. प्रसाधन →Toilet.
प्रसारण→ Broadcasting. प्राविधिज्ञ →Technician.
प्राज्ञ→ Academician. प्राज्ञपरिषद् →Academic council.

फांट →Branch.

बट्टा, छुट →Discount.बडापत्र →Charter. बमवर्षक →Bomber.
बाहिर →Out. बाली-विज्ञान →Agronomics.
बोधार्थ →Forwarded to. बोल-पत्र →Quotation.
ब्यारेक, सैन्यावास →Barrack.
ब्यारोमिटर, वायुभारमापक यन्त्र →Barometer.

भविष्य-निधि, संचित-कोष →Provident fund.
भूकम्प-विज्ञान→ Seismology. भूदृश्य →Landscape.
भूमि-संरक्षण →Soil conservation.
भ्रमण-भत्ता →Travelling allowance.

मतदाता-सूची →Voter-list. मतदान-कक्ष →Polling-booth.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मतदान-केन्द्र →Polling-Station. मतपेटी → Ballot-box.
मताधिकार →Franchise, suffrage.
मध्यान्तर-रेखा → Meridian. मसलन्द → Miscellaneous.
मसौदा →Draft.
महाभियोग → Impeachment.
महान्यायाधिवक्ता →Attorny-general.
महालेखापाल →Accountant-general.
महाशाखा →Division.
मानचित्रावली →Atlas. मानहानि →Defamation.
मालपोत →Revenue. मित्रराष्ट्र → Allied-power.
मुक्तियुद्ध →War of liberation. मुकुट, राजमुकुट →Crown.
मुखपत्र →Organ. मुल्तवी →Pending. मूलपाठ →Text.
मूल्यनियन्त्रण →Price-control. मूल्याङ्कन → Valuation.
मौज्दात →Balance.

यन्त्रज्ञ → Mechanic. यान्त्रिक →Mechanical, Machanist.
याचिका →Petition. यातायात →Traffic.
यातायात कर →Tariff. यौगिक → Compound.

रक्तचाप →Blood-pressure. रजत-जयन्ती →Silver Jubilee.
रजतपट →Silver-screen. रणनीति → Strategy.
राजदूत →Ambassador. राजदूतावास →Embassy.
राजस्व →Public-finance,Revenue.
राजीनामा →Resignation. रातो-फित्ता-नीति →Red-tapism.
रन-वे, अवतरण-पथ, धावन-मार्ग → Run-way.
रासन, सीदा →Ration.
राष्ट्रपति →President. राष्ट्रियकरण →Nationalisation.
रुजु →Regular.
रूपान्तर, रूपान्तरण →Transformation.

लम्ब → Perpendicular.
लाभ-विभाजन योजना →Profit-sharing Scheme.
लाभांश →Dividend. लेखा →Account.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखा-परीक्षण →Audit. लेखापाल →Accountant.
लेभी, करारोपण →Levy.
लोकसेवा आयोग →Public Service Commission.

वनपाल →Conservator.
वयस्क मताधिकार →Adult Franchise.
वर्गपहेली, कोठेपद पहेली →Crossword puzzle.
वाचन →Reading. वाणिज्य दूतावास→ Consulate.
वादक-वृन्द, वृन्द वाद्य →Orchestra.
वार्षिकी →Annuity. विकेन्द्रीकरण →Decentralisation.
विजयोपहार→ Trophy. विधि→ Law.
विमान-घर →Hangar. विमान-चालन विज्ञान →Aeronautics.
वितरक →Distributor.
विशुद्ध-आय →Net-income.
विश्वास-प्रस्ताव →Motion of Confidence.
विषविज्ञान →Toxicology.
विषयसमिति →Subject Committee.
व्यास →Diametre. वृक्षारोपण →Afforestation.

शपथपत्र →Affidavit.
शरणार्थी→ Refugee. शल्यक्रिया →Surgery.
शल्य-चिकित्सक →Surgeon. शिक्षणशास्त्र →Pedagogy.
शिष्टाचार महापाल →Chief of Protocol.
शिष्ट-मण्डल →Delegation. शुद्धिपत्र →Errata. शैली ←Style.

सङ्केत-चिह्न→ Abbreviation.
सङ्घर्ष-समिति →Action Committee.
सञ्चार →Communication.
सम्पर्क-अधिकारी →Liaison-officer. सम्पुष्टि →Corroboration.
संयोजक →Convener. संविधान →Constitution.
सचेतक →Whip. सभा-त्याग →Walk-out.
सटही, विनिमय →Exchange.
समसामयिक→ Contemporary.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सममूल्य–Par value.
सवारी भत्ता→Conveyance allowance.
सर्वसञ्चित कोष→Consolidated Fund.
सहगान →Chorus. सहचारी →Attache.
सहायक अनुदान →Grant-in-aid. सांख्यिकी →Statistics.
सांस्कृतिक सहचारी →Cultural Attache.
सिफारिश →Recommendation. सुपरीक्षण →Supervision.
सूचीपत्र →Catalogue. स्थायी समिति→ Standing Committee.
स्मारक ग्रन्थ →Commemoration volume.
स्वयंसेवक →Volunteer.
स्वागत-समिति →Reception Committee.

हवाइ लिखत →Air Document. हवाइसेवा →Airlines.
हवाइ-पट्टी →Air-strip. हस्तान्तरण→ Transference.
हस्तकला →Manual Art. हस्ताक्षरकर्ता →Signetory.
हाजिरी-जवाफ प्रतियोगिता →Quiz.

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोर

□

टुक्का र उखान

१. टुक्काको अर्थ, स्वरूप र कार्य

१.१ अर्थका दृष्टिबाट प्रत्येक टुक्कालाई एउटा-एउटा **कोशीय एकाइ** मान्न सकिन्छ । कोशमा सूचीबद्ध गर्नाका निमित्त {आँखा} एउटा र {तर्नु} अर्को एकाइ हो भने {आँखा तर्नु} तेस्रो एकाइ हो । कोशमा {आँखा} र {तर्नु} को प्रविष्टिबाट {आँखा तर्नु}को अर्थ व्यक्त नहुने हुँदा र तेस्रो अर्थमा {आँखा} वा {तर्नु} झैं {आँखा तर्नु}को पनि एकता भएको हुँदा टुक्कालाई अर्थका दृष्टिबाट शब्द झैं एउटा कोशीय एकाइ मान्नुपरेको हो ।

अर्थात्मक दृष्टिका विपरीत व्याकरणात्मक दृष्टिबाट चाहिं टुक्का एउटा एकाइ होइन । व्याकरणिक संरचनामा टुक्का श्रेणी-मापदण्डको तेस्रो एकाइ **पदसमूह** भएकाले र पदसमूहको रचनामा एकभन्दा बढी मुक्त शब्द रहने हुनाले यसका संरचनामा पनि एकभन्दा बढी शब्द एकाइ हुन्छन्, जस्तै– टुक्का {आँखा तर्नु} का संरचनामा **नाम**+**क्रिया** गरी स्पष्टतः दुइटा व्याकरणिक एकाइ देख्न सकिन्छ ।

निचोर के भने अर्थात्मक दृष्टिबाट एउटा कोशीय एकाइ हुनु, तर व्याकरणात्मक दृष्टिबाट एकभन्दा बढी एकाइबाट संरचित हुनु टुक्काको खास विशेषता हो ।

१.२ शब्दका मुक्त रूपको संग्रथित संरचना भएको त्यस पदसमूहलाई टुक्का भनिन्छ जो अभिधेय नभएर विशिष्ट अर्थमा रूढ हुन्छ, जस्तै–

झिंगा धपाउनु→ बढुवाका निम्ति अचेल रामे हाकिमको **झिंगा** धपाएर हिंड्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दलिन गर्नु → यस पाठबाट जे सोध्रे पनि रामे त **दलिन गर्न** थाल्छ ।

टुक्कालाई नेपालीमा **वाक्यांश, वाक्पद्धति, वाग्धारा, मुहावरा** आदि पनि भनिन्छ । यसको पहिचान गराउने खास-खास अभिलक्षण चाहिं निम्नलिखित हुन्–

क. **टुक्का श्रेणी-मापदण्डको तेस्रो एकाइ पदसमूह हो ।** पदसमूहको पहिचान के हो भने यसका संरचनामा एकभन्दा बढी मुक्त शब्द हुन्छन् र सबैले मिलेर एउटै व्याकरणात्मक कार्य गर्छन् । पदसमूह भएकाले टुक्काका संरचनामा पनि एकभन्दा बढी मुक्त रूप हुन्छ, जस्तै–

अ. **शब्द-१ + शब्द-२ → टुक्का**

↓	↓	↓
बगली	मार्नु	बगली मार्नु
धुलो	झार्नु	धुलो झार्नु...

आ. **शब्द-१ + शब्द-२ + शब्द-३ → टुक्का**

↓	↓	↓	↓
पेटको	किरा	मार्नु	पेटको किरा मार्नु
कसैको	झिंगा	धपाउनु	कसैको झिंगा धपाउनु
ठुलो	भाग	खानु	ठुलो भाग खानु...

एकभन्दा बढी शब्दबाट निर्मित भए पनि टुक्काका संरचनामा रहेका शब्दले वेग्लावेग्लै कार्य नगरेर एउटै व्याकरणात्मक कार्य गर्छन्, जस्तै–

बाटो हेर्नु → अ. रामेले आउँछु भनेको समय बित्यो तापनि एकछिन अझै **बाटो हेरौं** ।

आ. यहाँबाट निस्किने **बाटो हेरौं** ।

वाक्य (अ) मा {**बाटो हेर्नु**} टुक्का हो, किनभने {**हेर्नु**} क्रियाका साथ मिलेर [**बाटो**] ले पनि संयुक्त रूपमा {**बाटो हेर्नु**} क्रियाको कार्य गरेको छ, तर (आ) मा [**बाटो**] ले नामको र [**हेर्नु**] ले क्रियाको कार्य वेग्लावेग्लै गरेको छ। निष्कर्ष के भने दुई भिन्न शब्दले एउटा व्याकरणात्मक कार्य नगरेका खण्डमा टुक्का

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्न, जस्तै– (आ) को **बाटो हेरौं**। दुवै मिलेर एउटा व्याकरणात्मक कार्य गरेका खण्डमा चाहिं टुक्का हुन्छ, जस्तै– (अ) को **बाटो हेरौं**।

ख. टुक्का एकभन्दा बढी मुक्त रूपको संग्रथित संरचना हो। यसको तात्पर्य के हो भने टुक्काका संरचनामा रहेका शब्दहरू एकअर्कासंग बलियो गरी गाँथिएका हुन्छन् र तिनको नित्य संस्थिति हुन्छ। एउटा शब्दको अर्को शब्दसंग स्थिर एवम् नित्य सम्बन्ध वा संस्थिति रहने हुनाले टुक्काका संरचनामा रहेका शब्दको छुट्टाछुट्टै प्रयोग गर्दा वा कुनै एक शब्दलाई झिकेर त्यसका ठाउँमा त्यस्तै अर्को शब्द राख्दा साबिक अर्थ कायम नरही टुक्काको संरचना भताभुङ्ग हुन्छ, जस्तै–

अ. पेट **काट्नु**	आ. **पेट** काट्नु
भुँडी **काट्नु**	**पेट** चिर्नु
उदर **काट्नु**	**पेट** रेट्नु

[पेट] र **[काट्नु]** दुई शब्दको अनुक्रमबाट **{पेट काट्नु}** टुक्काको रचना भएको छ जसको विलक्षण अर्थ यस वाक्यमा देख्न सकिन्छ–

पेट काट्नु → मैले आफ्नो **पेट काटेर** छोरालाई पढाएको हुँ।

प्रथम अनुक्रमा आएको **[पेट]** का समानार्थक शब्द **भुँडी** र **उदर** हुन् (अ), तर सो अनुक्रममा **[पेट]** का सट्टा ती शब्द राख्नासाथ टुक्काको विशिष्ट अर्थ नष्ट हुन्छ। दोस्रो अनुक्रममा आउने **[काट्नु]** शब्दका सट्टा **चिर्नु** वा **रेट्नु** (आ) राख्दा पनि **{पेट काट्नु}** को टुक्कात्मक अर्थ कायम नरही सखाप हुन्छ। टुक्काका प्रत्येक शब्द एकअर्कासंग बलियो गरी संग्रथित, स्थिरतासंग संबद्ध र नित्य संस्थित रहने हुनाले समानार्थक शब्दबाट पनि परवर्तनीय हुन्नन्। परिवर्तन गरेमा त्यसले टुक्काको विशिष्ट अर्थ नदिएर सामान्य अर्थ दिन्छ।

ग. टुक्काको अर्थ अभिधेय नभएर विशिष्ट र रूढ हुन्छ। सामान्य पदसमूहको शब्दगत अर्थ हुन्छ, जसले गर्दा त्यो अभिधेय हुन्छ, तर टुक्काको शब्दगत अर्थ नहुने हुँदा अभिधेय हुन्न। टुक्का आफ्ना संरचनामा रहेका शब्दको अर्थभन्दा भिन्न र विलक्षण अर्थमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूढ हुन्छ, जस्तै–

कम्मर कस्नु → अ. म पनि घर बनाउन **कम्मर कस्छु** ।

आ. म पनि पटुकाले **कम्मर कस्छु** ।

माथि (अ) को {**कम्मर कस्नु**} टुक्का हो, तर (आ) को चाहिं होइन । (आ) मा [**कम्मर**]को अर्थ **शरीरको मध्य भाग** र [**कस्नु**] को अर्थ **बेसरी बाँध्नु** भएकाले दुवै आआफ्ना शाब्दिक अर्थबाट अभिधेय छन् । यस शाब्दिक अर्थबाट (अ) को {**कम्मर कस्नु**} को अर्थबोध हुन्न, किनभने यसको अर्थ शरीरको मध्य भाग पनि होइन, बेसरी बाँध्नु पनि होइन, **तयार हुनु** हो । तयार हुनुको विशिष्ट अर्थमा यो टुक्का रूढ भएकाले शब्दगत अर्थबाट यसको अर्थबोध हुन्न । शब्दगत अर्थबाट अर्थबोध नहुने र विशिष्ट अर्थमा रूढ भएका (अ) जस्ता पदसमूह नै टुक्का हुन् ।

घ. वाक्यमा टुक्काको प्रयोग केही प्रतिबन्धका साथ हुन्छ । टुक्कामा लागू हुने प्रतिबन्धबाट सामान्य पदसमूह चाहिं मुक्त हुन्छ, जस्तै–

अ. **वचनमा परिवर्तन हुन्न,** जस्तै–

जरो हाल्नु → उ त त्यहीं **जरो हालेर** बस्यो ।

(उ त त्यहीं **जराहरू** हालेर बस्यो ।)

झिंगा धपाउनु → उ जसको पनि **झिंगा धपाएर** हिंड्छ ।

(उ जसका पनि **झिंगाहरू धपाएर** हिंड्छ ।)

माथि अकोष्ठित **जरो** (एकवचन) **हालेर** टुक्काको कोष्ठित **जराहरू** (बहुवचन) **हालेर** प्रयोग प्रतिबन्धित छ । यही कुरो **झिंगा धपाएर,** अनि **झिंगाहरू धपाएर**मा पनि छ । सामान्य पदसमूह चाहिं यस प्रकारको प्रतिबन्धबाट मुक्त हुन्छ, जस्तै–

सामान्य पदसमूह → यो बोट **जरो** हालेर फिंजियो ।

यो बोट **जराहरू** हालेर फिंजियो ।

यो **झिंगो** धपाएर ढोका थुन ।

यी **झिंगा** धपाएर ढोका थुन ।

आ. कर्त्ता र क्रियासंग टुक्काका भेदकको पनि मेल हुन्छ, जस्तै–

कम्मर कस्नु →घर बनाउन मैले आफ्नो **कम्मर कसें** ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(घर बनाउन मैले **उसको कम्मर** कसें ।)

(घर बनाउन उसले **मेरो कम्मर** कस्यो ।)

माथि कोष्ठकबाहिरको प्रयोगमा [भेदक → **आफ्नो**] को [कर्त्ता → **मैले**] र [क्रिया → **कसें**] संग मेल भएकाले यो टुक्कात्मक प्रयोग हो, तर पहिलो कोष्ठकभित्रको वाक्यमा [भेदक → **उसको** (अन्य पुरुष)] को [कर्त्ता → **मैले** (उत्तम पुरुष)] र [क्रिया → **कसें** (उत्तम पुरुष)] संग मेल छैन। यसैगरी दोस्रो कोष्ठक भित्रको वाक्यमा पनि [भेदक → **मेरो** (उत्तम पुरुष)] को [कर्ता → **उसले** (अन्य पुरुष)] र [क्रिया → **कस्यो** (अन्य पुरुष)] संग सङ्गति छैन। मेल नभएकाले नै कोष्ठकभित्रका दुवै वाक्यहरूमा {**कम्मर कस्नु**} को टुक्कात्मक प्रयोग हुन सकेको छैन ।

भेदकको प्रयोगमा प्रतिबन्ध नभएका टुक्कामा यसको संकेत [**कसैको** .] द्वारा दिइएको हुन्छ, जस्तै–

कसैको झिंगा धपाउनु,

कसैका बावुको बिहे देखाउनु,

कसैका आँखामा छारो हाल्नु ...।

इ. **क्रियाबाहेक** टुक्काका **अन्य** पदको **शून्य रूपायन** (○) हुन्छ, जस्तै–

पेट काट्नु → मैले **पेट काटेर** छोरो पढाएँ ।

(मैले **पेटलाई** काटेर छोरो पढाएँ ।)

टुक्कात्मक प्रयोगमा [**पेट**] को रूपायन [**पेटलाई** ...] मा हुन्न ।

टुक्काको प्रयोगमा उपर्युक्त प्रकारका अन्य विभिन्न व्याकरणात्मक प्रतिबन्धहरू पनि लागू हुन्छन् ।

ङ. **टुक्काको व्याकरण, तर्क र अर्थका दृष्टिबाट विलक्षण संरचना हुन्छ**। #, **दाइ कसमा** हुनुहुन्छ, # मा {**कसमा हुनु**} व्याकरणात्मक दृष्टिबाट सामान्यतः प्रयुक्त हुने संरचना होइन । # **यो कुरो मैले उसको मन चोरेर बुझेको हुँ** # मा {**मन चोर्नु**} लाई तर्कद्वारा पुष्ट गर्न सकिन्न, किनभने **मन** अदृश्य कुरो भएकाले यसलाई चोर्ने प्रश्न उठ्दैन । यसैगरी # **हेर्दाहेर्दै उसले त डाँडा काट्यो** # मा {**डाँडा काट्नु**} को अर्थमा विलक्षणता छ, किनभने यसको अर्थ **काट्नु** नभएर **पार गर्नु** हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

च. वाक्य वा उपवाक्यमा प्रयुक्त हुँदा मात्र टुक्काले आफ्ना विशिष्ट अर्थको बोध गराउँछ जस्तै– माथि १.२ क–अ ।

२. टुक्काको संरचना

२·१ पदसमूहअन्तर्गत जुन पायो उही शब्दलाई भेला गर्दैमा टुक्का हुन्न । खास-खास शब्दहरूको अनुक्रम हुँदा मात्र टुक्काको रचना हुन्छ । टुक्काका रचनामा शब्दहरूको अनुक्रम यस प्रकार देख्न सकिन्छ–

अ. मुख खोल्नु	आ. कहर काट्नु
मुख चल्नु	जरो काट्नु
मुख चिलाउनु	नाम काट्नु
मुख छाड्नु	लख काट्नु
मुख जोगाउनु	पेट काट्नु
मुख टाल्नु	बाटो काट्नु
मुख थुन्नु	कपाल काट्नु
मुख पर्नु	डोरो काट्नु
मुख लाग्नु	डाँडा काट्नु
मुख सुँध्नु	लगत काट्नु
मुख हेर्नु ... ।	नदी काट्नु ... ।

२·२ टुक्काको संरचना विभिन्न हुन्छ तापनि नेपालीमा निम्न संरचना भएका टुक्का बढी देखापर्छन्–

क. नाम + क्रिया → टुक्का

नाम	क्रिया	टुक्का
↓	↓	↓
जिब्रो	टोक्नु	जिब्रो टोक्नु
टाउको	फोर्नु	टाउको फोर्नु

ख. विशेषण + क्रिया → टुक्का

विशेषण	क्रिया	टुक्का
↓	↓	↓
तातो	लाग्नु	तातो लाग्नु
जान्ने	हुनु	जान्ने हुनु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. अव्यय + क्रिया → टुक्का

अव्यय	क्रिया	टुक्का
ठहरै	पर्नु	ठहरै पर्नु
ढुक्क	हुनु	ढुक्क हुनु

घ. भेदक + भेद्य + क्रिया → टुक्का

भेदक	भेद्य	क्रिया	टुक्का
कुहिराको	काग	हुनु	कुहिराको काग हुनु
सुनमा	सुगन्ध	हुनु	सुनमा सुगन्ध हुनु

ङ. (भेदक) + भेद्य + क्रिया → टुक्का

(भेदक)	भेद्य	क्रिया	टुक्का
(कसको)	झिंगा	धपाउनु	(कसैको) झिंगा धपाउनु
(कसैको)	जरो	उखेल्नु	(कसैको) जरो उखेल्नु

घ. विशेषण + विशेष्य + क्रिया → टुक्का

विशेषण	विशेष्य	क्रिया	टुक्का
ठुलो	मुख	गर्नु	ठुलो मुख गर्नु
टेढो	आँखा	गर्नु	टेढो आँखा गर्नु

नेपाली टुक्काका उपर्युक्तबाहेक अन्य विभिन्न संरचना पनि छन् ।

३. उखानको पहिचान

३·१ **वाक्य स्तरको संरचना हुने त्यस सूत्रात्मक उक्ति वा कथनलाई उखान भनिन्छ जसको अर्थ त्यसका उत्ससंग सम्बद्ध हुन्छ ।** उखानको उत्स कुनै कथा, घटना, अनुभव आदि हुनसक्छ । यो अनुप्रासात्मक, अनि अलङ्कारात्मक पनि हुन्छ । उखानको आशय सोझो ढङ्गमा फ्यास्स नफुकेर रूपक, उपमा, उत्प्रेक्षा दृष्टान्त आदिको भोटो फेरी घुमाउरो पाराले व्यक्त भएको हुन्छ । कुनै-कुनै उखानमा वाक्यका सबै अवयव नभए पनि प्रयोग चाहिं वाक्य झैं नै हुन्छ । उखानलाई लोकोक्ति पनि भनिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३·२ उखानको वाक्यसमान संरचना यस प्रकार देखाउन सकिन्छ–



३·३ उखानको दँजनी मौरीसंग गरिएको पाइन्छ। यसले एकातिर मौरी कैं खिल्छ भने अर्कातिर मौरी कैं मह पनि दिन्छ, अनि यसको आकार पनि मौरी कैं सानो हुन्छ। यिनै गुणले गर्दा उखानलाई सर्वत्र बढी महत्त्व दिइएको देखिन्छ। उखानहरू कतै **प्राचीन पाण्डित्यका टुक्राहरू मानिन्छन्** भने कतै **दैनन्दिन अनुभवका छोरीहरू** ठानिन्छन्। कतै चाहिं यसलाई त्यही महत्त्व दिइएको पाइन्छ जो **भोजनमा नुनको** हुन्छ। तर्क र अनुभवका कसीमा घोटिएर खारिएका र पाका भएका उखानलाई नेपालीमा पनि भाषाको महत्त्वपूर्ण निधि ठानिन्छ।

४. उखान र टुक्कामा फरक

४·१ उखान र टुक्का एउटै कुरा होइनन्। यी दुवैमा मुख्य फरक निम्नलिखित देखापर्छन्–

क. उखानको संरचना वाक्य स्तरको हुन्छ, तर टुक्काको संरचना पदससूहात्मक हुन्छ।

ख. टुक्काको प्रयोग वाक्यमा हुन्छ, तर उखानको प्रयोग स्वतन्त्र वाक्यका रूपमा हुन्छ।

ग. टुक्काको विलक्षण अर्थ वाक्यमा प्रयुक्त भएपछि मात्र खुल्छ। उखानको अर्थ प्रयुक्त हुँदा वा नहुँदा फरक-फरक नभई एउटै हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घ. टुक्का वाक्यभित्र टम्म मिल्ने अवयव हो, तर उखान चाहिं टम्म नमिलेर फरक रहन्छ। उद्धृत अंश झैं वाक्यमा उखानको सत्ता पृथक् रहन्छ ।

ङ. टुक्कालाई झिक्दा वाक्यको संरचना भत्किन्छ, तर उखानलाई झिक्दा न संरचना भत्किन्छ न अर्थ परिवर्तित हुन्छ ।

च. उखान प्रायः व्यञ्जनात्मक हुन्छ, तर टुक्का चाहिं लक्षणात्मक हुन्छ ।

५. टुक्काको प्रयोग

५.१ टुक्काको अर्थ विशिष्ट, विलक्षण र रूढ हुन्छ, तसर्थ वाक्य वा उपवाक्यमा यसको उचित प्रयोग हुनु आवश्यक ठानिन्छ। यसको अर्थ शब्दगत नभएर सन्दर्भगत, अनि अभिधेय नभएर लक्षणामूलक भएकाले वेठीक प्रयोग भएमा अर्थको अनर्थ पनि हुनसक्छ । टुक्काको अर्थ वाक्यमा नै खुल्ने हुँदा यसको चाहिंदो प्रयोग गर्नु ज्यादै खाँचोपर्दो कुरा हो ।

५.२ तल केही टुक्काहरूको प्रयोग वाक्यमा गरिएको छ–

कहर काट्नु → **कहर काट्नै** परे पनि एउटा रेडियो नकिनी त भएन ।
कान काट्नु → ती सबै सारीको **कान काट्ने** त यो पो हो ।
कुरा काट्नु → रामे त जोसंग पनि आफ्ना दाजुको **कुरा काटेर** हिंड्छ ।
टुपी काट्नु → दशैं पनि गरीबको त **टुपी काट्न** आउने न हो ।
डाँडो काट्नु → यस पुस्तकलाई बुझाउने मितिले त **डाँडो काटिसकेछ** ।
नाक काट्नु → त्यसरी जथाभावी गरेर हिंड्दा **नाक काटिएला** है ।

आलु खानु → रामेले जाँचमा फेरि **आलु खाएछ** ।
उमेर खानु → मान्छे कलिलै भए पनि रामेले **उमेर खाएको छ** ।
कपाल खानु → अहिले हिसाब मिलेन भने पछि **कपाल खान्छ** ।
कान खानु → उसका कचकचले मेरो **कान खायो** ।
कुरा खानु → कसैको **कुरा नखाएर** उसले आफ्नो जीवन बिगार्‍यो।
कुर्चा खानु → रामे वर्षौंदेखि **कुर्चा खाई** नासुमै डल्लिएको **छ** ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घर खानु →अब त छोरी पनि **घर खाने** भइसकी ।
हावा खानु →आज पानी पर्छ भन्ने कुराले **हावा खाला** जस्तो छ ।

कुरा खेल्नु →काम फत्ते नहुन्जेल मनमा **कुरा खेल्नु** स्वाभाविक हो ।
पिङ खेल्नु →बिहेको कुरो सुनेदेखि रामेको मन **पिङ खेल्न** थालेको छ ।

आँखा चोर्नु →अनुत्तीर्ण भएदेखि रामे सबैसंग **आँखा चोरेर** हिड्छ ।
कागको फुल चोर्नु →उ कुराले त **कागको फुल चोर्न** सक्छ ।
नाउँ चोर्नु →रामेले तेरो **नाउँ चोरेर** पसलबाट माल लिएछ ।
मन चोर्नु →मैले उसको **मन चोर्न** यस्ता उल्टा कुरा गरेको हुँ ।

जिउ छाड्नु →रामे मेरो काम बिगार्न **जिउ छाडेर** लागेको छ ।
ठाउँ छाड्नु →ठुलाबडाका सामु **ठाउँ छाडेर** कुरा गर्नु राम्रो होइन ।
मुख छाड्नु →रामे त साना-साना कुरामा पनि **मुख छाडिहाल्छ** ।
हात छाड्नु →त्यसरी **हात छाडेर** केटाकेटी कुट्नु राम्रो हो त !

काम टार्नु →यो वर्ष यसै कोटबाट **काम टार्छु** ।
गाल टार्नु →म काम गर्न आएको हुँ, **गाल टार्न** होइन ।
झारा टार्नु →गरेपछि राम्रै होस्, किन **झारा टार्ने** !

आँखा तान्नु →यो फोटो त सारै **आँखा तान्ने** रहेछ ।
खुट्टा तान्नु →लौ, यस पाठाले त च्याँ पनि नगरी **खुट्टा तान्यो** ।

काँध थाप्नु →आफूले नजानेका कुरामा **काँध थाप्नु** छैन ।
कान थाप्नु →यस्ता कुरा त उ **कान थापेर** सुन्छ ।
हात थाप्नु →जस्तै सकस परे पनि कसैका अगाडि **हात थाप्न** जाइन्न ।

कान दिनु →आजको पाठ **कान दिएर** सुन ।
गालामा दिनु →धेर जान्ने हुँदा अहिले **गालामा दिउँला** ।
घोट्टा दिनु →यत्रो **घोट्टा दिएर** पढेको, कसो पास नहोइएला ।
ज्यान दिनु →समारोह सफल पार्न रामेले **ज्यान दिएको** छ ।
आन्द्राभुँडी देखनु→ यसरी कोठा खुल्ला राखे जसतसले **आन्द्राभुँडी देख्छ** ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टाढा देख्नु →अचेल मलाई आफन्तले पनि **टाढा देख्न** थालेका छन् ।
बाबुको बिहे देख्नु →मैले भनेको नमाने तैंले पनि आफ्ना **बाबुको बिहे देख्लास्** ।

आँखामा पर्नु →रामे त हाकिमका **आँखामा परेको** मानिस हो ।
कुरा पर्नु →ऊ मकहाँ नआउनुमा **कुरा परेको** छ ।
घाँटी पर्नु →पुस्तक आजै फिर्ता गरिनस् भने मलाई **घाँटी पर्छ** ।
थला पर्नु →यस पालि बाथले गर्दा पुरै **थला परें** ।
सत्र पर्नु →मालिक नभएकाले नोकरहरूको **सत्र परेको** छ ।

कान पाक्नु → उसको गनगन सुन्दा-सुन्दा मेरो **कान पाकिसक्यो** ।
जागिर पाक्नु → पाँच वज्नुको मतलब हो **जागिर पाक्यो** ।
मन पाक्नु →उसको कुचाला देख्दा मेरो **मन पाकेर** आउँछ ।

छाती फाट्नु → त्यस दुखीको बिलौना सुन्दा **छाती फाट्छ** ।
मन फाट्नु →ठीकसंग अंसबण्डा भएन भनेर दाजु-भाइको **मन फाटेको** छ ।
बाटो फाट्नु →अस्ति कुटाकुट परेदेखि हाम्रो **बाटो फाटेको** छ ।
राय फाट्नु →यस विषयमा **राय फाट्नु** स्वाभाविक हो ।

चित्त बुझ्नु →मानिसको पुर्खाबारे डार्विनको सिद्धान्त **चित्त बुझ्दो** छ ।
हिसाब बुझ्नु → यो मेसिन चलाउने **हिसाब बुझ्न** गारो छ ।

आगो मार्नु →पहिला नै **आगो मारेको** भए यत्रो सखाप हुने थिएन ।
आड मर्नु →त्यस्तो दुर्वचन सुन्दा पनि उसको **आड मरेनछ** ।
आस मार्नु → नालापानीका वीरहरू जिउको **आस मारेर** लडे ।
काँढा मार्नु →यसलाई उमाल्ने होइन, **काँढा मारेर** ल्याउनू ।
माछा मार्नु →भऱ्याङमा खुट्टा रड्केर आज त **माछा मारियो** ।

कुरा मिल्नु →यत्रो धामासाहीपछि बल्ल **कुरा मिल्ला** जस्तो छ ।
मन मिल्नु →मैले त त्यो काम **मन मिल्दो** नभएर छाडें ।
ताल मिल्नु →हाँसका बथानमा बकुल्लाको **चाल मिल्दैन** ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाउँ राख्नु →बुद्धले संसारभरि नेपालको **नाउँ राखे** ।

नाक राख्नु →रामेले प्रथम भएर घर भरिको **नाक राख्यो** ।

पानी राख्नु →त्यस धमासपिटुवाले यस खेलमा पनि **पानी राख्न** सकेन ।

कुरा राख्नु →ठुलाबडाको **कुरा राख्न** पो हुन्छ भनेको थिएँ ।

कान लगाउनु →ठुलाबडाका कुरा **कान लगाएर** सुन ।

कुरा लगाउनु →मैले के गरें र आमासंग **कुरा लगाउन** पुगिस् ।

तेल लगाउनु →आफ्नो काम पर्दा रामे **तेल लगाउन** चुक्दैन ।

मुख लगाउनु →उसले **मुख लगाएर** नोकर-चाकर बिगारिसकेको छ ।

आँखा लाग्नु →यति खाजाले उसलाई **आँखा लाग्दैन** ।

खुट्टा लाग्नु →भर्खर यहाँ राखेको रुमाल कता **खुट्टा लागेछ** ।

टाउको लाग्नु →उसले हराएको माल पनि मेरै **टाउको लाग्ने** भयो ।

तातो लाग्नु →जाँच नआई उसलाई पढ्ने **तातो लाग्दैन** ।

हावा लाग्नु →अचेल रामेलाई टिकट जम्मा पार्ने **हावा लागेको** छ ।

कुरो हार्नु →रामेले **कुरो हार्न** त जानेकै छैन ।

वचन हार्नु →अहिले पनि **वचन हार्न** नसकेर मात्र आएको हुँ ।

मन हार्नु →एक पटक भएन भन्दैमा **मन हार्नु** हुन्न ।

कथा हाल्नु →हजुरबाले **कथा हाल्दा** सारै रमाइलो हुन्छ ।

काँध हाल्नु→ अरूहरूले **काँध हालेर** उसबाट यो काण्ड गराएका हुन् ।

घान हाल्नु →उसले त्यस निर्दोषलाई व्यर्थै **घान हालेछ** ।

हात हाल्नु →रामेले **हात हालेपछि** काम फत्ते नहोला भन्ने छैन ।

बाटो हेर्नु →म भरेसम्म उसको **बाटो हेर्छु** ।

मुख हेर्नु →**मुख हेरेर** काम गर्दा पक्षपात हुन्छ ।

६. टुक्काको अर्थ

६.१ नेपालीमा प्रचलित केही टुक्काहरूको अर्थ तल दिइएको छ—

अँध्यारोको काम →नजानी गरेको काम, पार नपाइने काम, ठीकसंग पार नलागेको काम ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अँध्यारामा ढुङ्गा हान्नु →अडकल काट्नु, अंसारले गर्नु, हुन्छ कि भनेर गरिटोपल्नु ।
अँध्याराको जँघार →डरमर्दो कुरो, पछि आफैंलाई बिगार गर्ने कुरो ।
अकासको फल→नपाइने कुरो, नहुने वस्तु, असंभव ।
अकासको चरो खसाल्नु →सारै बाठो हुनु ।
अण्ठेरामा फलेको फर्सी →बाँउठो
अरिंगालको गोलामा हात हाल्नु →आफैं जोखिम मोल्नु ।
अल्छीको पिण्ड हुनु →सारै अल्छी हुनु ।
असारको पन्ध्र →कामको औधि भीड वा चपेटा ।

आँखाको कसिङ्गर →पटक्क मन नपर्ने व्यक्ति, दुख दिने व्यक्ति ।
आँखामा राखदा पनि नबिझाउने →सारै भलादमी ।
आँखा मिलेको मान्छे →ठ्याम्मै मन मिलेको मान्छे ।
आधा मासु हुनु →पिरोलिएर दुब्लाउनु ।
आन्द्रा-भुँडी बुहुनु (देखनु)→गोप्य कुरो थुत्नु, सबै देख्नु ।

उपरमाथि थुपर →थपमाथि थप ।
उम्रँदै तीन पात →बिछट्टको, मापाको ।
उही डचाङको मुला →उस्तै, एकै ।

एउटा हाँसको फुल फुटचो फुटचो →धेरैमध्ये एउटा बिग्रिदा के हुन्छ र !

ओठ निचर्दा दूध झर्ने →कलिलो, कम उमेरको ।

औंसीको जुन →नहुने कुरो ।
औंसी र पुर्ने लाग्नु →दुख र सुख संगसंगै आउनु, कहिले रिसाउनु र कहिले खुसाउनु ।

कण्ठको प्राण →अति प्यारा ।
कमानी खुस्केको →सन्काहा ।
कमिनीको कण्ठश्री →मनचिन्ते झोली ।
कागको गुँडबाट फुल चोर्ने →ज्यादै चङ्ख ।
कागले छेरे जस्तो →नराम्रो अच्छेर ।
कागतको घोडा दगुराउनु →लिखित कारवाई मात्रै गर्नु ।
काट्न बारको →मापाको, सारै बदमास ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कानमा तेल हाल्नु →सुनेको नसुनें गर्नु, चासो नलिनु ।
कामीको आरन जस्तो →सारै फोहोर ठाउँ ।
कामीको लँगौटी जस्तो →सारै फोहर लुगा ।
कालीमाटीमा लात्तले हाने जस्तो →कालो र कुरूप ।
काशीमा मुख धोएर आउनु →नदिन थापिएको खोचे, अयोग्यलाई हुप्दाको भनोट।
कुकुर काशी गए झैं →धेर बियाँलो गर्नु ।
कुकुर-बिरालो जस्तो →पटक्कै नमिल्ने (मानिस) ।
कुकुर जस्तो बुद्धि →छोटो बुद्धि ।
कुकुर भुके जस्तो →नटेरे पनि कराइरहनु ।
कुहिराको काग →मेसो नपाई अन्योलमा परेको व्यक्ति ।
कुवाको व्याङ (भ्यागुतो) →सीमित जानकारी भएको मानिस ।

गति-न-पतिको हुनु →नराम्रो, बेकम्मा, हीन ।
गलाको हार →अति प्यारो ।
गल्लीको कुकुर →डुकुलन्ठन, डुलुवा, ज्यादै हलुका मान्छे।
गाई जस्तो →धेरै सुदो ।
गिद्धे आँखा →सारै तिखा आँखा, लोभी आँखा ।
गुहुको टिका लाउनु →खुनी हुनु, दागी लाग्नु, बात लाग्ने काम गर्नु ।
गुहे चाट्ला जस्तो गर्नु →अघ्घोर माया गर्नु ।
गोबर-गणेश हुनु →गोजेङ्ग्रे, मूर्ख हुनु ।
गोरु बेचेको साहिनु →टाढाको साहिनु ।

घण्टको रालो जस्तो →चकचके, उरन्ठेउलो ।
घडीको घन्याँस हुनु →भसक्क समय बित्नु।
घाँटीको पासो →झयाउ काम, छोरा-छोरी ।
घिउ काट्ने →एकदमै भुत्ते हतियार।
घैंटोमा घाम लाग्नु →चेत्नु, बुद्धिको दैलो उघ्रिनु ।

चन्द्रमा दाहिने हुनु →भाग्य जाग्नु ।
चमेरो जस्तो →दुवैतिर लाग्ने ।
चांदीको जुत्ताले हान्नु →घुस-पेस गर्नु ।
चिम्टा जस्तो मुख →टयाप्प कुरो समाउने मान्छे।
चुहुने घैला जस्तो →केही पनि नअडिने, धेर बेर नटिक्ने।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चूक घोप्टचाए जस्तो →निस्पट्ट अँध्यारो, ज्यादै कालो ।
चैतका गोठाला →फोहर कुरा गर्ने व्यक्ति, सारै छिल्लिने व्यक्ति ।
चैते-बाँदर जस्तो →ज्यादै दुब्लो ।
चोरमाथि चकार →चोरमाथि चोर ।
च्यापुले माटो खानु →घोप्टो पछारिनु ।

छन्द-न-बन्दको हुनु →ढाँचा-काँचा नमिलेको ।
छातीमा मुड्कीले हान्नु →मुटु दरो पार्नु ।
छिपाको च्याम्पो फुट्नु →विरलै हुने कुरोबारे हल्ला पिट्नु ।
छेपाराको उखान →गर्छु-गर्छु भन्नु, तर कहिल्यै नगर्नु ।
छ्वाली (पराल) को घोडा चढ्नु →कच्चा काम गर्नु, लहै-लहैमा लाग्नु ।

जंघारको लहुरो →पर्दा खुबै काम दिने, तर अघिपछि बिर्सिने कुरो ।
जम्बू मन्त्री→सारै चङ्ख ।
जाँड खाएको सार्की जस्तो →जथाभावी बोल्ने, धरमर गरेर हिंड्ने ।
जुँगाको सास्ती→फोस्रो धक्कु लाउने काम ।
जुवाडेको किरिया →पोचो बाचा ।
जुको ढाडिए जस्तो →पुक्क मोटाएको ।
जोगीको तुम्वा →सिरिखुरी, रित्तो भाँडो ।
ज्यालामा नमिलेको डुम जस्तो→अड्भाँगे मानिस ।

झाराको खेतालो →मन लाएर राम्रो काम नगर्ने मान्छे ।
झिगे दाउ →दिन कटनीका निम्ति गरिएको सानो-तिनो काम ।
झोलीको देउता →पाइकपर्दो मानिस ।

टुप्पाबाट पलाएको →नाप्पिएको, एक्कासी माथि पुगेको ।
टिकाको ठेउवा →धेरै दिनपछि झुल्किने मान्छे ।

डाँडाको जुन (घाम) जस्तो →सकिन आँटेको, बुढेस कालमा पुगेको ।
डामेको साँढे जस्तो →छाडा ।
डिम्के चिउरा → पिट्टा ।

ढाल जत्रो छाती गर्नु →मुटु दरो गर्नु ।
ढोका बलियो हुनु →धनी हुनु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीन जेठ काट्नु →कहर जति काटिसक्नु ।
तीन त्रिभुवन (त्रिलोक) देख्नु →तिरीमिरी-झ्याइँ हुनु ।
तीन पाथी छेर्नै →डरछेरुवा, पानीभान्द्रे ।
तीन सहर घुमाउनु →बेइज्जती गर्नु ।

दलिन गन्नु →नाजबाफ हुनु ।
दनुवार जस्तो अनुहार →सारै नराम्रो, कुरूप।
दान गरेको हात्ती जस्तो → सिकुटे ।
दाहिने हात →खास मान्छे, मुख्य सहायक ।
दुई मुख (जिब्रो) भएको →बोलीको ठेगान नभएको ।
दैवको लाठी →ईश्वरी न्याय ।
द्रौपदीको फरिया (चीर) →कहिल्यै नसकिने, झन्-झन् लम्मिदै जाने ।

धापको किलो →जता पनि ढल्किने ।
धोती-न-टोपी हुनु →केही नरहनु, बिचल्लिनु ।

नाकका चालले →वाध्य भएर ।
नाक-मुख देखाउनु →देखा पर्नु ।
नुन खाएको कुखुरो जस्तो →झोक्रिएको ।

पच्छिमबाट सूर्य उदाउनु →धेरै दिनपछि देखा पर्नु, नहुने हुनु ।
पानीमा लेखेको जस्तो →व्यर्थ (प्रयास) ।
पोल्दापोल्दै उम्केको जस्तो →च्वाँट कालो ।

फरियाको नाता →आइमाईका भरमा काम बनाउनु ।
फियाको घाउ→ सारै पुल्पुलाएर पालेको सन्तान, लाठी भएकी कन्ने छोरी ।
फलामको चिउरा →गारो काम ।
फुटेको हांडी→ छुट्टिएको परिवार, झगडिया मान्छे ।
फुलको थुँगो जस्तो→सारै हलुको ।

बलीको (पर्सेको) बोको →वलिदानका निम्ति बाध्य गराइएको ।
बाँदरको घाउ →कहिल्यै निको नहुने ।
बांस जस्तो ठिङ्ग →ठाडो, लामो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाढको बिहे देखाउनु →कम्तविजोग पार्नु, जात्रा देखाउनु ।
बाखीको पुच्छर खाएर जन्मेको →असाध्यै चकचके ।
बाठीको मुढो → ठुलो भर ।
बिरालाको नाक जस्तो →सारै चिसो ।

भालुको कनपट →छोडिसक्नु-न-गरिसक्नु ।
भिरको मौरी →अप्ठ्यारो काम ।
भुसको थैली →लट्ठक, मूर्ख ।

मनको लड्डु घिउसंग चपाउनु →कल्पना मात्रै गर्नु ।
माखाको पित्त जत्रो चित्त →छोटो चित्त ।
मुखै नदेखे जस्तो गर्नु →कहिल्यै नपाएको वा नदेखेको जस्तो गर्नु ।
मुजुरको खुट्टा जस्तो →सारै नराम्रो, विरक्तलाग्दो ।
मुतको न्यानो → एकछिनको रमाइलो ।

रातो मुख → लाज, विवशता ।
रिठ्ठो जस्तो कालो →सारै कालो ।
रुद्रघण्टी नभएको →कुरा पचाउन नसक्ने ।

लाटीको म्वाइँ खाए जस्तो →बेफ्वाँके काम ।
लाटीको साल जस्तो →धेरै लतारेर लगाएको लुगा ।
लिखा टिपाइ →झर्कोलाग्दो काम ।

विना दौराको बगली →निराधार ।

सपनाको कुरा →टाढाको कुरा, असत्य कुरा, नपाइने कुरा ।
सस्यूँभित्र हात्ती थुन्नु →ज्यादै बाठो हुनु, अचम्म गर्नु ।
सास मात्र कुन्डिएको→ अन्तिम अवस्थामा पुगेको ।
सिन्की खाँदेजस्तो →कोचकाच पारेर राखिएको ।
सुदामाको चामल (तन्डुल) →गरीबको कोसेली ।
सुनको चरो →फाइदा दिने मानिस वा बस्तु ।
सुनको ढुकुर →जतनसाथ राखिएको बस्तु ।
सुनको मिर्ग →असंभव कुरो ।
सुनमाथि सुगन्ध →झन् राम्रो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हातको मयल → रुपियाँ-पैसालाई हियाएर भनेको ।
हात्तीको कान जस्तो → चकचके, अस्थिर ।
हुटिट्याउँले स्वर्ग थामेझैं → आफ्नो बढी मूल्याङ्कन गर्नु, नहुँदो कल्पना गर्नु ।

७. उखानको प्रयोग

७·१ कथनलाई स्पष्ट पार्न उखानको प्रयोग उपयोगी हुन्छ । यसद्वारा भनाइलाई बढी **प्रामाणिक, युक्तिसङ्गत, प्रभावशाली र रोचक** तुल्याउन सकिन्छ । उखानहरू **कथनलाई पुष्ट** पार्ने महत्त्वपूर्ण उपकरण हुन् ।

७·२ तल केही उखानहरूको प्रयोग वाक्यमा गरिएको छ—

(क)

अकबरी सुनलाई कसी लाउनु पर्दैन →
यस कम्पनीको उत्पादन सारै असल हुन्छ भन्दै रामेले आँखा चिम्लेर त्यो रेडियो किन्यो । हो त, **अकबरी सुनलाई कसी लाउनु पर्दैन** ।

अगुल्टाले हानेको कुकुर बिजुलीदेखि तर्सिन्छ →
पोहोर चोरी भएदेखि रामे ज्यादै चनाखो भएर सुत्छ र अलिकत सन्याक-सुरुक हुँदैमा जागा भइहाल्छ । किन नहोस्, **अगुल्टाले हानेको कुकुर बिजुलीदेखि तर्सिन्छ** ।

अड्को-पड्को तेलको धुप →
अहिले नयाँ जुत्ता किन्ने हविगत छैन, यिनै थोत्रालाई टालटुल पारेर लगाउनु पर्ला । के गर्नु, **अड्को-पड्को तेलको धुप** ।

अकासको फल आँखा तरी मर →
गच्छे हुनेले त इलेक्ट्रनिक घडी पनि भिरेर हिंडेका छन्, तर आफूलाई त मामुली घडी पनि **अकासको फल आँखा तरी मर** भएकोछ ।

आफू नमरी स्वर्ग देखिन्न →
घर व्यवहारमा नभिजी गृहस्थी चलाउन कति गारो हुन्छ भन्ने बुझिन्न । साँच्चै हो, **आफू नमरी स्वर्ग देखिन्न** ।

इन्द्रका अगाडि स्वर्गको बयान →
रामे जस्तो खग्गू बेपारीलाई बेपार यसरी गर्नु पर्छ भनेर बताउनु **इन्द्रका अगाडि स्वर्गको बयान** गर्नु हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक हातले ताली बज्दैन →

हेर रामे, तँलाई गारो-साँघुरो पर्दा मैले जहिले पनि सघाएको छु, आज मलाई पर्दा सघाइनस् भने अबदेखि म पनि तेरो कुनै काम गर्दिन । याद राख्, **एक हातले ताली बज्दैन** ।

ओरालो लागेको मिर्गलाई बाच्छाले खेद्छ →

रामेले कमाएर ल्याउन्जेल घरभरिकाले उसलाई थाप्लामा राख्थे, तर आज नोकरी छुटेको दुई दिन पनि भएको छैन सबैले पर-पर गर्न थालेका छन् । के त, **ओरालो लागेको मिर्गलाई बाच्छाले खेद्छ** भनेको यही हो ।

कहिले सासूको पालो कहिले बुहारीको पालो →

हिजो तिमीले खान बोलाएर मलाई रुक्यायौ भने आज मैले सिनेमा हेर्न बोलाएर तिमीलाई रुक्याएँ । यस्तै हो, **कहिले सासूको पालो कहिले बुहारीको पालो** ।

काग कराउँदै छ पिना सुक्दैछ→

घरभरिले उग्र विरोध गरे तापनि रामेले आफ्ना इच्छानुसार अन्तर्जातीय बिहे गऱ्यो । **काग कराउँदै छ पिना सुक्दैछ** भन्नेले विरोधको वास्ता गरेर आफ्नो काम रोक्दैन ।

कानो गोरुलाई औँसी-न-पुर्ने →

रामे, घरमा कति मान्छे आए, कति मान्छे गए, तँ चाहिं अझै यहीं धुमधुम्ती बसिरहेको छस् । **कानो गोरुलाई औँसी-न-पुर्ने**, के चाला हो यो ?

कुरो र कुलो जता लग्यो उतै लाग्छ →

अहिलेसम्म यहाँ दर्शनको गम्भीर गफ चल्दै थियो, तर रामेले छुस्स यौन के भनेको थियो छिल्लिएका कुरा पो हुनथाले । साँचै हो, **कुरो र कुलो जता लग्यो उतै लाग्छ** ।

खाने मुखलाई जुंघाले छेक्दैन →

घरबाट खर्च पठाउन बन्द भए पनि रामेले ट्यूसन गरेर दुख-सुख आफ्नो पढाइ पुरा गऱ्यो । ठिकै हो, **खाने मुखलाई जुँघाले छेक्दैन** ।

छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेडी →

ब्याङ्क ब्यालेन्स छउन्जेल बुढाका वरिपरि ख्याल मनिस रुम्मिन्थे, अहिले रित्तिए पछि त मुसो पनि चिहाउन जाँदो रहेनछ के त, **छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेडी** रुठो हो र !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जति जोगी आए कानै चिरेका →

यसलाई खेल्ने तरिका रामेसंग सोधें उसले जान्दिन भन्यो, श्यामेसंग सोधें उसले पनि जान्दिन भन्यो, अहिले तँसंग सोध्दा तँ पनि जान्दिन भन्छस् । आ, **जति जोगी आए कानै चिरेका !**

जसले मह काढ्छ उसले हात चाट्छ →

रामेले मरी-मरी काम गऱ्यो, पुरस्कार पनि पायो । हो त, **जसले मह काढ्छ, उसले हात चाट्छ ।**

जो होचो उसका मुखमा घोचो →

रामे जुन काम पनि नाईं-नास्ति नगरी खुरुखुरु गर्छ, तर उसैले जाँगरमरूवा भन्ने कचकच सुन्नु पर्छ । उस्, **जो होचो उसका मुखमा घोचो !**

ताक परे तेवारी नत्र गोतामे →

जुनसुकै हाकिम आए पनि रामेलाई उत्तिकै मोज छ । ऊ **ताक परे तेवारी नत्र गोतामे** हुन त खुबै जान्दछ नि !

तँ रानी मै रानी को भर्ला कुवाको पानी →

त्यति बजार गएर चीनी ल्याइदेओन भनेको त एउटा मेरो कपाल दुखेको छ रामेलाई पठाउनु भनेर सुत्यो, अर्को चाहिं मेरो खुट्टा दुखेको छ श्यामेलाई पठाउनु भनेर बस्यो । ओहो, **तँ रानी मै रानी को भर्ला कुवाको पानी !**

देख्नेका आँखा फुटे सुन्नेको सही →

त्यहाँ धमाधम मटीतेल वाँडेको म देखेर आउँदै छु, तँ चाहिं घरै बसी-बसी पाइन्न भन्छस् । क्यावात्, **देख्नेका आँखा फुटे सुन्नेको सही !**

नपत्याउने खोलाले बगाउँछ →

यस मामुली क्यामेराले के फोटो खिच्ला भन्ने लागेको थियो, तर यसैका फोटा राम्रा छन् । कहिलेकाहीं त **नपत्याउने खोलाले बगाउँछ** है !

नाच्न नजान्ने आँगन टेढो →

तँलाई त्यो मेसिन चलाउन आएन, उसै बिग्रेको छ भन्छस् । **नाच्न नजान्ने आँगन टेढो** भनेको यही हो ।

बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्तैन →

रामेले त फाइँफुइँ गरेर टूरमा जान नाउँ लेखाएछ, तँ चाहिं नभनी बसिस् होलास्, कसले पुछ्दछ ? लाटा, **बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्तैन** भन्ने थाहा छैन !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मरेपछि डुमै राजा →

म छउन्जेल त्यो संस्था क्या मजाले चलेको थियो, अहिले त भाँडिएर के पो भइसकेछ ! के गर्ने त, **आफू मरेपछि डुमै राजा !**

(ख)

अर्थ-न-बर्थ गीत गोविन्द गाइ →

म त ठुलो जादुगर हुँ भनी-भनी हिंड्ने रमेशले जादु देखाउन पर्दा फूसम्म गर्न सकेन । अनि त सबैले उसको फोस्रो धाकलाई **अर्थ-न-बर्थ गीत गोविन्द गाइ** ठाने ।

आलु खाएर पेडाको धाक →

रामे, तैंले दुई-चार थोक किन्दैमा दोकानै किनें भन्नु त **आलु खाएर पेडाको धाक लाउनु** हो ब्यारे !

आए आँप गए झटारो →

परेको खण्डमा पुरै चासीस हजार आउने चिट्ठा हरिहरले **आए आँप गए झटारो** सोची ख्यास्स एक रूपियाँ तिरेर किनिटोपल्यो ।

इन्द्रसंग वर्षाको कुरा →

जसलाई पुरै रामायण मुखाग्र छ, उसलाई दशरथका छोराहरूको नाउँ बताउनु **इन्द्रसंग वर्षाको कुरो** गर्नु हो ।

उर्लेको खहरे कति रहन्छ र →

चाकडीका भरमा अयोग्य व्यक्ति पनि एकैपटक माथि त पुग्छन्, तर छिटै नै हुत्तिएर तल पनि आइपुग्छन् । हो त, **उर्लेको खहरे कति रहन्छ र !**

एक कान दुई कान मैदान →

गोविन्दका पेटमा पटक्कै कुरो पच्दैन । उसंग कसैले खुसुक्क साउती गरेको छ भने पनि उसले त्यस कुरालाई **एक कान दुई कान मैदान** पारिदिन्छ ।

एक माघले मात्र जाडो जाँदैन →

उडन्ताहरू जोगाउन जान्दैनन् र पछि खाँचाले फत्रक-फत्रक पर्छन् । **एक माघले मात्र जाडो जाँदैन** भन्ने सुद्धि अघि नै राखे त यस्तो कहिल्यै हुँदैन ।

ओठ चल्यो कुरा बुझ्यो →

गोफ्ले जस्तो सारै चङ्ख केटालाई विस्तारमा केही बताइरहनु पर्दैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उसले त ओठ चल्यो कुरा बुझ्यो !

आँसो दिंदा डुँडुल्को निल्ने →

रात परेर बिचल्लिएको जात्रुलाई फत्तेमानले आफ्ना घरमा वास दियो, तर त्यस जात्रुले चुटेर फत्तेमानलाई नै उसका घरबाट निकालिदियो। के गर्नु, **आँसो दिंदा डुँडुल्को निल्ने** यस्तै हुन्छन् !

कसैलाई काखा कसैलाई पाखा →

न्यायको एउटै आँखा हुन्छ। त्यसले **कसैलाई काखा कसैलाई पाखा** गर्दैन।

झाँक्रालाई थाँक्रो दियो थाँक्रै धनी →

सुरक्षित रहन्छ भनेर धेरैले रूपियाँ-पैसा साहु-महाजनकहाँ राख्छन्। पैसा राख्ने दुब्लाउँदै जान्छन्, तर सोही पैसाका भरमा साहु-महाजनहरू चाहिं मोटाउँदै जान्छन्। यस्तै छ संसारको रित, यहाँ **झाँक्रालाई थाँक्रो दियो थाँक्रै धनी** हुन्छ।

काम गर्ने कालू मकै खाने भालू →

खेतमा हाड घोटेर किसान अन्न उब्जाउँछन्, तर त्यसबाट नाफा कमाउने चाहिं बेपारीहरू हुन्छन्। कस्तो त, **काम गर्ने कालू मकै खाने भालू** !

काम सन्यो भाँडो अफाल तेरो ठाँडो →

जाँचका बेलामा रामेले श्यामेको किताप खुब पढ्यो, जाँच सकिए पछि त ला पनि नभनी फ्यात्त फालेर गयो। यस्तै हो, **काम सन्यो भाँडो अफाल तेरो ठाँडो** !

कुकुरलाई मासु पेंचो →

दलबहादुर अर्कासंग लिएका कुरा फर्काउन भने जान्दै जान्दैन। उसलाई केही दिनु त **कुकुरलाई मासु पेंचो** दिए जस्तै हो।

के खोज्छस् कानो आँखा →

बाटामा लुखुर-लुखुर हिंडिरहेको किस्नेलाई रामेले आफ्नो भटभटे रोकेर पछाडि बसाल्यो। दैलैसम्म पुग्ने भटभटे चढ्न पाएपछि त किस्नेलाई **के खोज्छस् कानो आँखो** भइहाल्यो नि।

खरानी घस्तैमा जोगी हुन्न →

भरपर्दो कुरा गऱ्यो भन्दैमा त्यस नयाँ मानिसका हात त्यत्रो माल पठाउन हुन्नथ्यो। **खरानी घस्तैमा जोगी हुन्न** न्यार, त्यसले माल पुऱ्याउने हो वा पच पार्ने हो !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खान-न-पाइ छालाको टोपीलाइ →

बुद्धे र फुर्से मा हानाहान पर्दा लखने छुट्ट्याउन गयो । छुट्ट्याउँदा दुई-चार लबटा भेटेकाले उसलाई पो खाइ-न-पाइ छालाको टोपीलाइ भयो ।

खुकुरीभन्दा कर्द लाग्ने →

रेडियो मर्मत गर्ने काममा रामेभन्दा उसको छोरो पो खप्पिस छ । हो त, **खुकुरीभन्दा कर्द लाग्ने** भएर आएको छ ।

खुकुरीले बिर्सन्छ अचानाले सम्झन्छ →

खाँचै भएर च्यान्टेले प्यान्टेसंग धानको बिउ सापट लिएको थियो । धेरै दिनपछि दुवैको भेट हुँदा च्यान्टेले सो कुरा भुसुक्कै बिर्सेको थियो तर प्यान्टेले उसलाई त्यसको सम्झना गरायो । हो त, **खुकुरीले बिर्सन्छ अचानाले सम्झन्छ ।**

गधा मलेर गाई हुँदैन →

भैरेलाई कुबाटाबाट हटाएर सुबाटामा लगाउन उसका आमा-बाबुले भरमग्दुर गरे, तर जसरी **गधा मलेर गाई हुँदैन** त्यसैगरी भैरे पनि मानिस हुन सकेन ।

गाई दुब्लो छ भनी बाछाले दुध खान छाड्दैन →

एउटा वैज्ञानिक विफल भयो भन्दैमा अर्को वैज्ञानिकले सो खोजी थाम्ने होइनन् । **गाई दुब्लो छ भनी बाछाले दुध खान छाड्दैन** क्यारे ?

घाँटी हेरी हाड निल्नु →

कमल जुन काम पनि आफ्नो गच्छे बिचारी गर्छ, किनभने उसको **घाँटी हेरी हाड निल्ने** बानी छ ।

घोडा चढ्ने लोट्छ काम गर्ने बिराउँछ →

नेपोलियनले ठुला-ठुला लडाइँ जितेर दुनियाँलाई छक्क पारे, तर उनको युद्धमै भयङ्कर हार भयो । के त, **घोडा चढ्ने लोट्छ काम गर्ने बिराउँछ !**

चिची पनि पापा पनि →

दिनेश पैसा खर्च गर्न पटक्कै चाहन्न, तर मिठो-मिठो खान चाहिं खोज्छ । **चिची पनि पापा पनि** कहाँ हुन्छ र !

चुहिने भाँडाले भान्सा बिगार्छ →

सन्तेको खराब बानीबेहोरमा परेर उसका भाइहरू पनि भाँडिदाछन् । हो त, **चुहिने भाँडाले भान्सा बिगार्छ !**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जता मल्को उतै ढल्को →

अचेलका मानिसहरूको त भरै हुन छाडयो। जो पनि **जता मल्को उतै ढल्को** गर्छन्।

जसको तरवार उसको दरबार →

लखबीरे टोलको नामुद गुन्डो हो, कसैले चाइँचुइँ गऱ्यो भने बङ्गारा भत्काइहाल्छ। **जसको तरवार उसको दरबार,** उसैले बिराए पनि कसले चुँक्क गर्ने ?

जात फाल्नु गहतको झोलमा →

देशसेवा गर्ने तम्सिनेहरू पनि साना-साना प्रलोभनमा फँसेका देखिन्छन्। **जात फाल्नु गहतको झोलमा** त आजको सामान्य कुरो हो।

जिउँदाको जन्ती र मर्दाको मलामी →

खासमा आफन्त भनेको त त्यो हो जो **जिउँदाको जन्ती र मर्दाको मलामी** हुन्छ।

जुन गोरुको सिङ छैन उसको नाउँ तिखे →

आफू सिकुटे, ख्याउटे, फुकिढल भए पनि धने जोसुकैसंग जोरी खोज्दै हिँड्छ। कस्तो उदेक, **जुन गोरुको सिङ छैन उसको नाउँ तिखे !**

झिंगाको सरापले डिंगा मर्दैन →

आफू शैक्षिक भ्रमणमा जान नपाउने हुँदा रामे उसका साथीहरू पनि जान नपाउन भनेर चिताउँथ्यो। **झिंगाको सरापले डिंगा मर्दैन,** उबाहेक सबै नै शैक्षिक भ्रमणमा गए।

टेक्ने हाँगो न समाउने डालो →

सेर्पा बुढाको आफ्नो भनेको कोही छैन। बिचरा **टेक्ने हाँगो न समाउने डालो** भएर बाँचेको छ।

तित्राको मुखै बैरी →

ठाडठाडै जवाफ लाउने बानीले गर्दा रजनीलाई कसैले मन पराउन्न। के गर्नु, **तित्राको मुखै बैरी !**

थोतो मुखलाई पानको बिडा →

यत्रा विद्वान्का अगाडि त्यस टापटिपेलाई सभापति बनाउनु त **थोतो मुखलाई पानको बिडा** होला है।

दमाईंका लुगामा तना छिनेको →

लखपतीले पनि एक पैसा छैन भनेर कल्पिनु **दमाईंका लुगामा तना छिनेको** होइन त ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुधको साछी बिरालो →

मिलीमतो गरेर सेते र माधेले डुङ्गा हानी क्यालको सिसा फुटाले। पछि आमाले कत्ति खैं गर्दा पनि न सेतेले माधेको, न माधेले सेतेको नाउँ बतायो। **दुधको साछी बिरालो,** उनीहरू एकअर्काको नाउँ किन भन्थे र !

धान खाने मुसो चोट पाउने भ्यागुतो →

व्यापारीहरू कालोबजार गर्छन्, तर डँडाल्नो सेकिन्छ जनताको। यस्तामा बजार-नियन्त्रण नहुँदा त **धान खाने मुसो चोट पाउने भ्यागुतो** हुनजान्छ।

पशुपतिको जात्रा सिद्राको बेपार →

साथीलाई पुऱ्याउन केशव माई खोलासम्म गयो। फर्किंदा उसले खोलाबाट ठुला-ठुला माछा पनि मारेर ल्यायो। माई जानु त उसका निम्ति **पशुपतिको जात्रा सिद्राको बेपार** जस्तै भयो।

फाली मासी सियो →

गणेश र नरेशले कलम साटासाट गरे। पछि नरेशले गणेशलाई भन्यो– "तैंले **फाली मासी सियो** लिइस् ! तेरो कलम दस रुपियाँ घटीको छैन, मेरो चाहिं दुई रुपियाँको हो।"

बाँदरका हातमा नरिवल →

दीपूलाई उसका दाजुले व्याटरीद्वारा चल्ने रेलगाडी ल्याइदिएका थिए, तर उसले एकछिनमै किचकाच पारेर बिगाऱ्यो। **बाँदरको हातमा नरिवल** परेपछि यस्तै हुन्छ।

बेल पाकेर कागलाई हर्क-न-बिस्मात →

जति राम्रो सर्कस आए पनि हामीले हेर्न पाउने होइनौं क्या रे! यो खबर हाम्रा निम्ति त **बेल पाकेर कागलाई हर्क-न-बिस्मात** जस्तै हो।

मेरो गोरुको बारै टक्का →

दले जहिले पनि आफ्नै कुरा माथि पार्न खोज्छ। उसको जेमा पनि **मेरो गोरुको बारै टक्का** गर्ने बानी छ।

रात रहे अग्राख पलाउँछ →

चुनाउ हुने एकदिन अगाडि रमेशले नै जित्छ भनेर सबै निर्धक्क भए, तर उसले भने प्रयास गर्न छाडेन। चुनाउका मामलामा **रात रहे अग्राख पलाउँछ** भन्ने उसलाई राम्रो अनुभव छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८. उखानको अर्थ

८.१ नेपालीमा प्रचलित केही उखानहरूको अर्थ तल दिइएको छ–

अँध्यारोको काम खोलाको गीत →कहिल्यै नतुरिने वा पुरा नहुने काम ।

अकासलाई थुके आफ्नै मुखमा छिटा →ठुलाको बदख्वाइँ गर्दा आफ्नै कुभलो हुन्छ ।

अगुल्टो पनि नठोसी बल्दैन → कर गर्नु, प्रेरणा दिनु ।

अगुल्टाले हानेको कुकुर बिजुलीदेखि तर्सन्छ →चोट परेकाले चेत राख्छ ।

अघाएको भन्छ डाँडापारि खाउँ भोको भन्छ डाँडावारी खाउँ → दरकार पर्नेलाई बढी हतार हुन्छ ।

अगाडि खोलो पछाडि भड्खालो →यता पनि आपत् उता पनि आपत् ।

अघि खायो खिरैखिर पछि हिँड्यो तिरैतिर →अघि मोज गर्नु, पछि दुख पाउनु ।

अघि-पछि स्याहार चोर आएको दिन बिस्याहार →अघि-पछि फैं बिग्रने बेलामा रेखदेख नपुऱ्याउनु ।

अचानोको पिर अचानाले बुझ्छ →पिर परेकाले मर्का पनि बुझ्छ ।

अच्छ्युँ खायौं बच्छ्युँ खायौं झुसे बारुलो →सारै होच्याउनु ।

अजम्मरी खाएर कोही आएको हुन्न →नमर्ने कोही हुन्न ।

अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ →काम नगर्ने पनि भोको पर्दैन ।

अड्को पड्को तेलको धुप →जसै-तसै काम टार्नु ।

अन्धाका हातमा बट्टाइ → दैवसंजोगले हुनु ।

अन्धो देशमा आँखा चिम्लिनु, लँगडो देशमा खुट्टा खुम्च्याउनु →स्थिति हेरी काम गर्नु ।

अरिमठेको खुट्टा भाँचिएर हिँड्न खाँचो हुँदैन →धेरै हुनेको केही नासिए पनि काम अड्किन्न ।

अरुको लाख आमाको काख →आमाको काखभन्दा न्यानो केही हुन्न ।

अर्काको बाछो चाटी मुखभरि रौं →अर्काको भलो गर्दा आफ्नो कुभलो ।

अर्कालाई खनेको खाडलमा आफैं पर्नु →अर्कालाई बिगार्न खोज्दा आफैं बिग्रिनु ।

अर्तीको कुरा घर्तीको पनि लिनु →साना-ठुलाको भेदभाउ नगरी असल कुरा लिनु ।

अल्छीका ओठमा आहानका झुप्पा →कामभन्दा कुरा बढी ।

अष्टमी बाँचे नवमी देखिन्छ →बाँचिरहे धेरै देख्न-सुन्न पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आँ गर्दा अंसार (अलङ्कार) बुझिन्छ →छिटै मनसाय बुझ्नु ।
आग लागी झुपडी डेढ घडि भद्रा →हतारका बेलामा नचाहिंदो अलमल गर्नु ।
आगो भन्दैमा मुख डढ्दैन →भन्दैमा केही हुँदैन ।
आङको जुम्राभन्दा सरेको जुम्राले खान्छ →जानेको काम छाडी देखासिकी गर्दा बढी बिगार हुन्छ ।
आज मर्‍यो भोलि ओखती →मौकामा चाहिंदो नपाउनु ।
आठ आनाको लिन-दिन, नौ आनाको खान-पिन →आम्दानीभन्दा खर्च बढी, नाफाभन्दा नोक्सान बढी ।
आड नपाई कुकुर भुक्दैन→ अर्काको भरमा चम्कनु ।
आफू भलो त सबै भलो →असलसंग असलै व्यवहार ।
आफू मरेपछि डुमै राजा →आफू पछि जे होस् ।
आफू त मागी-मागी छोराको बिहे→ माग्नेमाथि माग्ने ।
आफू नमरी स्वर्ग देखिंदैन→ हन्डर नखाई सुख पाइन्न ।
आफूले खनेको खाडलमा आफैं पर्छ→ हेर्नूः अर्कालाई खनेको खाडलमा ... ।
आफूले पालेको कुकुरले आफैंलाई टोक्छ →बैगुनीले गुन गर्नेलाई नै बिगार्छ ।
आफैं त महादेव उत्तानो टाङ के देलान् वर →नहुनेले दिन सक्दैन ।
आफ्नो आङ कन्यायो आफैंलाई छारो →आफ्नो औजस आफैं गर्न खोज्नु ।
आफ्नो आङको भैंसी नदेख्ने अर्काका आङको जुम्रो देख्ने →आफ्नो होइन, अर्काको मात्र खोट देख्ने ।
आफ्नो दुनु आफैंले सोझ्याउनु पर्छ→ आफ्नो काम आफैं बनाउनु पर्छ ।
आसेको घरमा मुसाको खर्बर →आसेको घरै अशान्त ।

इन्द्रका अगाडि स्वर्गको बयान →जान्नेका अगाडि नजान्नेले परिपाठ लाउनु ।
ईश्वर दाहिने भए सबै थोक हुन्छ →पुर्पुरामा भए जे पनि हुन्छ ।

उँभो पित्र न उँधो पुत्र →तनहा ।
उत्ताउली गाई बाघले खाइ→ आफ्नो सोभाउले गर्दा दुख पाउनु ।
उनिउँको हलो-जुवा फटयाङग्राको गोरु →नहुने कुरो कप्नु ।
उमेरमा स्याल पनि घोर्ले हुन्छ→ वैंसमा कुरूप पनि राम्रो देखिन्छ ।
उल्टो चोर कटुवाल डाँट→ बिराउनेको ठुलो डाँको ।

एउटाको नाक एउटाको सन्ध्या →अर्काको कामबाट फाइदा लिनु ।
एक कानले सुन्नु अर्काले उडाउनु →सुने झैं गर्नु, तर कुरो नखानु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक त खुर्सानी उसमाथि जिरे →झारै मापाको ।
एक थुकी सुकी हजार थुकी नदी → एकता नै बल हो ।
एक दामको उपति छैन, सय दामको खति→ हेर्नू : आठ आनाको लिन-दिन ।
एक दिनको पाहुना मिठो-मिठो खा →कम पाहुना लाग्ने व्यक्तिको बढी कदर हुन्छ ।
एक हातको चिचिंण्डाको बार हातको बिउ →नाफाभन्दा लगानी बढी, असंभव ।
एक हातको जोरी छैन भालुसंग मित्यारी →हुतिभन्दा बढी गर्न खोज्नु ।
एक हातले छर्नु दुई हातले सोहोर्नु →थोरै दिनु, धेरै पाउनु ।
एक हातले दिनु अर्को हातले लिनु →लिन-दिन तुरुन्त गर्नु ।
एक हातले ताली बज्दैन →फुट्टाले केही गर्न सक्दैन ।
एकै ताउलाको भात कोही काँचो कोही पाको →ठाउँ उही भए पनि कोही असल, कोही कम्सल हुन्छ ।

ओखती मिठो हुँदैन →ओखती जस्तो कुरो गुनिलो हुन्छ, स्वादिलो हुन्न ।
ओठमा लाउने चिल्लो छैन धसिङ्गरे पुवा →केही नभएकाले धेरै र असल माल खोज्नु ।
ओरालो लागेको मिर्गलाई बाछाले खेद्छ →बिग्रेकालाई जसले पनि सताउँछ, हियाउँछ ।
ओस उब्राई घैला भरिन्न →सीमित साधनद्वारा ठुलो काम पुरा हुन्न ।

कमिलालाई प्वाँख उम्रेको →काल आएको ।
कमिलालाई मुतको पैरो →सानालाई जाबै कुराले बित्याँस पार्छ ।
कलको बिउ कुरा →कुराले झगडा गराउँछ ।
कसैको आहारा कसैको बिख →एउटाको फाप अर्काको अफाप हुनसक्छ ।
कसैको काम कसैको नाम →अर्काको कामबाट जस कमाउनु ।
कसैलाई भने मरी-मरी कसैलाई भने परी-परी→ कसैलाई दुखैदुख, कसैलाई सुखै-सुख ।
कहाँ जालास् माछा मेरै ढडिया (सिप्लिङ) → पौंजाबाट उम्किन नसक्ने वस्तु वा व्यक्ति ।
कहिले घाम कहिले पानी →कहिले दुख, कहिले सुख ।
कहिले भातैभात कहिले पातैपात →कहिले सुख, कहिले दुख ।
काँक्रो चोरलाई मुड्कीको सास्ती→ बिरामभन्दा बढी सजाइँ ।
कागभन्दा कोइली चङ्ख →धेरै बाठो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काग र कोइली छुटयाउने बोली→गुनी र बेगुनी बोलीले चिनिन्छ ।
काट्ने-कुट्ने दाँत स्वाद पाउने जिब्रो→हेर्नु : काम गर्ने कालू... ।
काठको देउतालाई पिनाको नैवेद→जस्तालाई तस्तै, ग्याङमा ठयाङ ।
कानो गोरुलाई औंसी-न-पुर्ने→वेला-वखतको ख्यालै नराखी एकनास गर्ने ।
काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर→कामको पसारो छाडी अर्कातिर लाग्नु ।
काम छ भाँडो काम छैन ठाँडो→काम पनि खतम, चासो पनि खतम ।
काम सऱ्यो दुख बिर्स्यो→(उही अर्थ) ।
काम छोडी कैफत कुकुरलाई नैवेद→काम छोडी अर्कातिर लाग्नु हुन्न ।
काम साँची आफूलाई खान साँची अर्कालाई→साँचेको काम आफ्नै टाउकामा पर्छ, साँचेको खाना अर्कालि उडाइदिन्छ ।
काममा हिरा फोर्नु वेकाममा नुनढिकी नफोर्नु→काम परे हात फुक्का पार्नु, वेकाममा मुठी कस्नु ।
कामीको बिहेमा अठार खाँचो→हरिपको काममा नपुगं-नपुग ।
कालो कागको सेतो फुल→कम्सलभित्र पनि असल हुनसक्छ, असंभव पनि संभव हुनसक्छ ।
कालो जान्छ गोरो आउँछ→कसैले छाड्दा कसैको काम रोकिन्न ।
कालो पोते नपाउनेलाई तिलहरीको रहर→हेर्नू : ओठमा लाउने चिल्लो छैन... ।
कि कोक्रो कि धोक्रो→सफलता-विफलताको चिन्ता नगरी आँट गर्नु ।
कि खान्छ आँटले कि खान्छ ढाँटले→आँटीले फत्ते पाउँछ ।
किन चाउरिस् मरिच आफ्नै पिरले→आफ्नै पिरोलामा भुङ्ग्रिएको मान्छे ।
कुकुर कुटी पाहुना तर्साउनु→एकातिर गरेर अर्कातिर पेंच पार्नु ।
कुकुरको पुच्छर बार वर्ष ढुङ्ग्रामा हाले पनि बाङ्गाको बाङ्गै→नसुध्रिने व्यक्ति जति गरे पनि सुध्रिन्न ।
कुकुर भुक्तैछ हात्ती जाँदैछ→सानाको अड्काले ठुलो रोकिन्न ।
कुकुरलाई घिउ नपचेको→कुठाउँमा परेको चिज अडिन्न ।
कुन अदुवाको पात कुन सुठाको पात→सबै उस्तै ।
कुबेरको घरमा धनको दुख→पत्यार नपर्ने कुरो, नहुने कुरो ।

खर काट्ने र पराल काट्ने एकै भाउ→अप्ठ्यारो र सजिलो काम गर्नेलाई उत्तिकै गन्नु ।
खन्दो मुसो बस्दो सर्प→हेर्नू : काट्ने-कुट्ने दाँत... ।
खाने-पिउने रामे चोट पाउने चामे→(उही अर्थ) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खाँडीको बिछ्यौनालाई मलमलको कुल →अमिल्दो, नसुहाउँदो, औकातभन्दा बढी हुनु ।

खुइलिएको कपाललाई मखमलको टोपी →(उही अर्थ) ।

गधाको घाँटीमा महुवाको माला →(उही अर्थ) ।

गधा नुहाई गाई हुँदैन →जो जस्तो छ त्यस्तै रहन्छ ।

गाँठीमा दाम छैन बजारको डेरा →फोस्रो धाक ।

गाई मारी जुत्ता दान →बिगारेको दाँजामा पूर्त्ति चाहिं कम ।

गाग्री किनी घैंटो फोसा →त्यसै आउने छोटो-मोटो नाफा ।

गुलियाले मर्नेलाई तितो किन →सजिलै हुन्छ भने बल किन गर्नु ।

घन घसी बन्चरो →लागिराखे जे पनि हुन्छ ।

घरको बाघ बनको स्याल →घरभित्रै सुरो हुने लाछी ।

घर पोले खरानीको के दुख →ठुलो नोक्सानी गरेर सानो फाइदा उठाउनु ।

घिउ के मा पोखियो दालमा →बिग्रे पनि उस्तो खती नहुनु ।

घिउ-न-तेल पका बुढी सेल→ जे छैन त्यसैको ढिपी गर्नु ।

घोप्टे हातको जस्तो हिसी उत्तानो हातको हुँदैन →माग्नेभन्दा दिने ठुलो ।

चकचके गोरुका चावला दाम →नचाहिंदो फुर्त्ति झिक्ने बढी ङिस्सिन्छ ।

चरालाई सुनको पिंजराभन्दा जङ्गलै प्यारो →परतन्त्रताभन्दा स्वतन्त्रता प्यारो हुन्छ ।

चरीको धन चुच्चो →सीमित साधन भएको, असहाय ।

चितुवा कराउनु बाख्रो हराउनु →संजोग पर्नु, काकताली पर्नु ।

चिन्नु-न-जान्नु घचेटिमाग्नु →बिरानुसंग काम पटचाउन खोज्नु ।

चोरको खुट्टा काट् भन्दा खुट्टा थुत्ने →बिराउने व्यक्ति संखालु हुन्छ ।

चोरलाई चौतारो साधुलाई सुली →खरापलाई सुख,-असललाई दुख ।

चौटा खान आएकी बुढी झोलैमा डुबी →ठुलो भाग खोज्दा झन् बिचल्लिनु ।

च्यै नभने कुकुर पनि आउँदैन →आफूले नपुछे अरुले पनि वास्ता गर्दैनन् ।

छेपाराको मन्त्र नजान्ने सर्पको दुलामा हात हाल्ने →केही नजान्ने, तर ठुलो काम गर्न तम्सिने ।

छोरी कुटी बुहारी तर्साउनु→ एउटालाई डर देखाई अर्कालाई तर लाउनु ।

छोरो छ काखामा खोज्छ पाखामा→ आँखा अघाडि रहेको कुरालाई अर्कैतिर खोज्नु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जग लाउने कोहो-कोहो गजुर लाउने स्यो →एउटाको कामबाट अर्कालि नाउँ कमाउन् ।

जति कालो मेरै बाउको सालो →अर्काको उस्तै कुरालाई आफ्नै भन्नु ।

जति जोगी आए कानै चिरेका →सबै उस्तै ।

जति भाँडो उति चुबुर्को →मान्छेपिच्छे कुरा, कुन् अव्यवस्था ।

जसको नाटिकुटी उसको भस्मभुटी →बढी संखा गर्नेको काम भताभुङ्ग हुन्छ ।

जसलाई तिर्खा लाग्छ उहीं खोलो धाउँछ→ पर्नेले गर्छ ।

जसले मह काढ्छ उसले हात चाट्छ →काम गर्नेले मोज पनि गर्छ ।

जस्तो देश उस्तो भेस →स्थिति हेरी काम गर्नु, मिल्नु ।

जहाँ जान्छेस् आरी फर्कलाको घारी →अभागीलाई जहीं पनि दुख ।

जिउँदो बाघका अघि पर्न नसक्ने मरेका बाघको जुँघा उखेल्ने →फोस्रो फुइँ देखाउने काथर ।

जुत्ताको घाउ जुत्तैले निको हुन्छ→ जेले बिगारेको छ त्यसैले बनाउँछ ।

जुनकिरीको पिंदले स्वर्ग उज्यालो हुँदैन →सानोबाट ठुलो काम हुन्न ।

जे ब्रे-न-सेब्रे उसै ओठ लेब्रे →त्यसै पनि तम्सिने ।

जो अगुवा उही बाटो हगुवा →जान्नेले बिगार्नु ।

जो होचो उसैका मुखमा घोचो →सानालाई सबैले हेप्छन् ।

जोगीको घरमा सन्यासी पाहुना →माग्नेकहाँ पाहुना आउनु ।

जो चोर उसैको ठुलो सोर →हेर्नू : उल्टो चोर कटुवाल... ।

टपरीमा सिता भए कागको के दुख →धन भए केहीको कमी हुँदैन ।

ढाँटेको कुरा काटे मिल्दैन →झुटो कहिल्यै साँचो हुँदैन ।

ढोका छाडी झ्यालबाट पस्नु →वेकाइदा गर्नु ।

तँलाई खाने बाघले मलाई पनि खान्छ →एउटालाई पिर्नेले अर्कालाई पनि पिर्छ ।

तरवारको काम सियाले दिन्न →उचित ठाउँमा उचित साधनको प्रयोग ।

तातै खाऊँ जलिमरूँ →हतार गर्दा बिगार हुन्छ ।

तीन सुकाको खुकुरी नौ सुकाको बिंड→ हेर्नू : आठ आनाको लिन-दिन... ।

तेलको ठेकी सँधै चिल्लो→ असलको सङ्गतले फाइदा हुन्छ ।

तेल पनि दिनु खुट्टामा पनि दल्नु →दोहोरो मार ।

तेल-पानी एकै पिना राँड बाहिर →झगडापछि आफन्त जति मिलिहाल्छन् ।

दिउँसो तेल दिंदा नखाने राति कोल चाट्ने → अघि मान जताउने पछि खोज्ने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुख पाइस् मङ्गले आफ्नै ढङ्गले →आफूखुसी गरेर दुख पाउनु ।
दुई घरको पाहुना भोकै पर्छ →दुईतिर लाग्ने नासिन्छ ।
दुध दिने गाईको लात सहनु पर्छ →दिनेको टरको पनि खप्नु पर्छ ।
देख्नेका आँखा फुटे सुन्नेको सही →देख्नेभन्दा सुन्ने जान्ने हुनु ।

धन देख्दा महादेवको तीन नेत्र बल्छ →धनमा जो पनि लोभिन्छ ।
धान पाके निहुरिन्छ कोदो पाके ठाडो हुन्छ →ठुलो बढ्दा विनयी हुन्छ, छोटो चाहिं कन् दुच्छर हुन्छ ।
धामीभन्दा मधौरु बलियो →गर्नेभन्दा गराउने जान्ने ।
धेरै बिराली मुसा नमारी →धेरै जना हुँदा काम भाँडिन्छ ।

नचिल्ने माहुरीले मह दिंदैन →दुई कुरा नसुनाउनेले केही दिंदैन ।
नजाने गाउँको बाटै नसोध्नु →नचाहिंदाको चासै राख्नु हुन्न ।
नटोक्ने कुकुर धेरै भुक्छ →वढी हल्ल-खल्ल गर्नेले काम गर्दैन ।
नदिने बराजु बुधबार बार्छन् → नदिनेले अत्तो मात्रै थाप्छ ।
नमच्चिने पिङ्को सय ऋडका→ नगर्नेले धेरै स्वाङ पार्छ ।
नहुने मामाभन्दा कानो मामा निको →भएकैमा सन्तोष गर्नु ।
नाउँ-न-जस खरानी घस् →वित्थाको ऋर्को ।
नाङ्लो ठटाउँदा हात्ती तर्सिन्न →नचाहिंदो अत्ताले बाधा पार्दैन ।
न्याउरी मारी पछुतो →नसोची ऋट्ट गरेका कामले हानि गर्छ ।

पल्केको झिल्के घरि-घरि भिल्के →पल्केपछि दुख दिन्छ ।
पाँच औंला पनि बराबर हुन्नन् →सबै एकैनास हुँदैनन् ।
पाडो खानेले बाच्छो राख्दैन →हेर्नू : तँलाई खाने बाघले...।
पोहोर मरी सासू अहिले आयो आँसु→ धेरै पछि पछुतो गर्नु ।

वनको बाघले खाओस्-न-खाओस्, मनको बाघले खाने →त्यसै आत्तिने ।
बलेको आगो नतापी निभेको आगो को ताप्छ →जसले पनि धनीमानीकै ओत खोज्छ ।
बाँदरको पुच्छर लौरो-न-हतियार →काम नलाग्ने ।
बाघको छालामा स्यालको दाइँ →आड लिएर अयोग्यले रजाइँ गर्नु ।
बाघ बुढो र स्याल तन्नेरी →दाँजो हुन नसक्ने स्थिति ।
बार वर्षमा खोलो फर्कन्छ →समय लागे पनि कुरो दोहोरिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालुवा निचोरी तेल आउन्न →व्यर्थ प्रयास ।
बिग्रेको मानिसको भत्केको घर →गरिबको कतै सप्रेको हुन्न ।
बिना चालले कुकुर भुक्दैन बिना सिनु गिद्ध झुम्दैन →कारण विना कार्य हुन्न ।
बोकाको मुखमा कुभिन्डो →धेरै भएपछि पोखिन्छ ।

भाग्यमानीको भुतै कमारो →भाग्यमानीलाई जतातते फाइदा ।
भाङ पेल धतुरो पेल ले मेरो तेल→ कडिकडाउसाथ आफ्नो मतलब पुरा गर्नु ।
भाङग्राको टोपीलाई गुहेंलीको फुल →हेर्नू: खाँडीको बिछ्यौनालाई...।
भालुको मन खन्युमाथि →घरि-घरि उही काम वा कुरो गर्नु ।
भित्ताको पनि कान हुन्छ →गोप्य कुरो सुटुक्क भन्नुपर्छ ।

मच्चियो-मच्चियो आफैं थच्चियो →बढी फुर्ति झिक्ने आफैं हिस्सिन्छ ।
म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो →यसो गर्न खोज्दा उसो भइदिनु ।
मरेको भोलिपल्ट दुई दिन→ मरेकाको संझना घट्दै जान्छ ।
माझीको मतो गर्दा सात गाउँ डुब्यो →कहिलेकाहीं जान्नेको साउतीले पनि बिताउँछ ।
मुसाकी छोरी मुसालाई →उस्ताको उस्तै ।

यो तिलमा तेल छैन →फोस्रो, वेकम्मा ।

रातभरि करायो दछिना हरायो →गरेअनुसार फल नपाउनु ।

लगनको बेलामा हगन →कामका बेलामा अर्कै चटारो पर्नु ।
लङ्का हान्ने हनुमान्, जस पाउने ढेडु →हेर्नु: काट्ने-कुट्ने दाँत...।
लहरो तान्दा पहरो गर्जन्छ →साना कुराले ठुलो भाउँतो ल्याउँछ, सानो काम गर्दा ठुलो हल्लखल्ल हुनु ।
लाटो देशमा गाँडो तन्नेरी →अबुझहरूका माझ थोरै जान्नेले पनि मान पाउँछ ।
लुटको धन, फुपूको सराध्दे →कुबाटाको कमाइ त्यसै खेर जान्छ ।
लोभीको भाँडो उभिन्डो →लोभी भोकै पर्छ ।

सराद्धे गर्नुभन्दा सिधा पुन्याउन गारो→ कामभन्दा थान्को मिलाउन गारो ।
सर्पको खुट्टा सर्पैले देख्छ →जानिफकारले सजिलै पहिल्याउँछ ।
सर्प पनि मरोस् लट्ठी पनि नभाँचियोस् →खती नगरी काम बनाउनु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सस्तो बेसाहा पेट लागी मर् → सस्तो माल बढी हानिकारक हुन्छ ।
साँढेको जुधाइ बाछाको मिचाइ → ठुलाको लडन्तमा साना त्यसैं घान पर्छन्।
सुनलाई खोल हाल्नु पर्दैन → असललाई सिंगार-पटार चाहिन्न ।
सुसारभन्दा मुसार ठुलो → चाकरीभन्दा चापलुसी महत्त्वपूर्ण ।
सूर्य निक्ले तारा बेपत्ता → ठुला अघिसरेपछि साना त्यसैं दबिन्छन् ।
सोझो औंलाले घिउ आउँदैन → बाङ्गो नभई काम बन्दैन ।

हतपतको बेलामा लतपत → हतारमा काम बन्दैन ।
हराएको गाई सूर्यलाई दान → नासिएको कुरो तर लाउनु ।
हर्रो नपाउँदो जाइफल धाउँदो → हेर्नू : कालो पोते नपाउनेलाई ... ।
हात्ती आयो, हात्ती आयो फुस्सा → ठुलो हल्ल-खल्ल, तर परिणाम चाहिं केही-न-केही ।
हात्तीको चपाउने दाँत बेग्लै देखाउने दाँत बेग्लै → काम र कुरामा फरक ।
हात्तीको मोल हात्तीले खान्छ → ठुलाको ठुलैं खर्च ।
हात्ती छिऱ्यो पुच्छर अड्क्यो → थोरैले अड्कनु ।
हिंड्न नजान्ने दगुर्न खोज्ने → हुतीभन्दा बढी गर्न खोज्नु ।
हिङ नभए पनि हिङको टालो त छ → फोस्रो धाक ।
हिस्स बुढी, खिस्स (हरिया) दाँत → भनेजस्तो नहुँदा ङिस्सिनु ।
हिराको मोल गधाले जान्दैन → अबुझले पारख गर्न जान्दैन ।
हुने बिरुवाको चिल्लो पात नहुने बिरुवाको फुस्रो पात → सप्रिने-नसप्रिने लच्छिन अघिबाटै थाहा पाइन्छ ।
हुने बेलामा गोरु पनि ब्याउँछ → हेर्नू : भाग्यमानीको भुतैं ... ।
हुलमुलमा जिउ जोगाउनु अनिकालमा बिउ जोगाउनु → हुलहालमा आफ्नो सुरक्षा पहिले गर्नु पर्छ ।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्र

□

वर्ण-विन्यास

१. वर्ण-विन्यास के हो

वाक्-प्रतीकको स्वेच्छ व्यवस्थालाई भाषा भनिन्छ, जो आफ्ना मूल रूपमा उच्चार्य-श्रव्य हुन्छ। भाषाको अर्को रूप दृश्य चाहिं श्रव्यकै स्थूल रूपान्तरण मात्र हो। प्रकृत अवस्थामा उच्चरित मात्र हुने भएकाले सूक्ष्म रूपमा रहेको भाषा वा वाणीलाई आँखाले देखिने मूर्त्तता दिई श्रव्यबाट दृश्य पनि तुल्याउनु ठुलो र लामो प्रयास र प्रक्रियाको परिणाम हो। भाषालाई श्रव्यबाट दृश्य पनि अथवा कर्णगोचरबाट दृष्टिगोचर पनि अथवा सूक्ष्मबाट स्थूल पनि तुल्याउने अथक प्रयास बेफ्वाँकमा गरिएको काम नभएर त्यसका पछाडि ठुलो प्रयोजन रहेको छ। यो प्रयोजन हो भाषालाई देश र कालको जखडबन्दीबाट उम्काउनु।

भाषा यस्तो व्यवस्था र साधन हो जसद्वारा एउटा भाषा-समाजका सबै व्यक्तिले पारस्परिक क्रियाकलाप गर्छन्। पारस्परिक क्रियाकलापको माध्यम भए-काले वैयक्तिक स्तरमा अभिव्यक्तिका निमित्त र सामाजिक स्तरमा सम्प्रेषणका निमित्त यसको चलन गरिन्छ, तर यी दुवै व्यवहारमा श्रव्य भाषा देश र कालको पासाले अँठ्याइएको हुन्छ। कालको बन्धनले गर्दा श्रव्य भाषा क्षणस्थायी हुन्छ, किनभने विचार अभिव्यक्त गर्ने उद्देश्यले मुखबाट निकालिएको ध्वनि बोल्नासाथ विलाएर जान्छ। त्यसलाई अर्को पटक प्राप्त गर्नु पर्दा त्यसको फेरि आवृति गर्नु-बाहेक अरू कुनै उपाय हुँदैन। देशको बन्धनले गर्दा भाषा अव्यापी हुन्छ, किनभने श्रव्य भाषा बोलिएको ठाउँ र त्यसको सेराफेरामा सीमित हुन्छ। यसले गर्दा विचारको अभिव्यक्ति र सम्प्रेषण सो ठाउँको छोटो सेराफेराबाहेक अन्यत्र वा टाढा-टाढा हुँदैन। यिनै दुई बन्धनहरूबाट फुत्क्याउने प्रयासमा भाषालाई दृश्य पारिएको हो। यस प्रयासमा लिपिको खोजीलाई महान् उपलब्धि मान्नुपर्छ, जसले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रव्य रूपमा क्षणस्थायी र अव्यापी रहने भाषालाई दृश्य रूपमा चिरस्थायी र व्यापक पारी देश र कालको बन्धनबाट मुक्त गराएको छ ।

वाणीको उच्चार्य-श्रव्य एवं अस्थायी रूपको व्यवस्थित ढङ्गमा मूर्त्त एवं स्थायी प्रतिनिधित्व नै 'लेखन' हो । उच्चरित भाषा वा वाणीलाई दृश्य तुल्याएर स्थायित्व र व्यापकता प्रदान गर्ने **माध्यम वा साधनलाई 'लिपि' भनिन्छ जो वाक्-प्रतीकलाई दृष्टिगोचर तुल्याउने वर्ण-प्रतीकहरूको परम्परागत तर स्वेच्छ व्यवस्था हो ।** वाक्-प्रतीकको स्वेच्छ व्यवस्था भाषालाई मूर्त्त वा दृश्य रूप प्रदान गर्ने प्रतीकको स्वेच्छ व्यवस्था लिपिमा उच्चारणअनुरूप रूपान्तरण गरिन्छ । भाषालाई उच्चारणअनुरूप लिपिमा रूपान्तरित गर्ने अर्थात् लेख्ने प्रक्रियामा केही नियम व्यवस्था वा प्रविधिको पालना गर्नु पर्ने हुन्छ । **वर्ण-प्रतीकहरूको नियमबमोजिम लेखनको यही विधान 'वर्ण-विन्यास' हो,** जसलाई नेपालीमा **हिज्जे, खिप्ती, वर्तनी, अक्षरी, अक्षर-विन्यास, लेख-नियम, वर्ण-देशना** आदि पनि भनिन्छ ।

२. लेखिकी र लेखन-पद्धति

भाषा-विज्ञानको त्यस शाखालाई **लेखिकी** (लेखन-विज्ञान) भनिन्छ जो **उच्चार्य-श्रव्य भाषाको मूर्त्त वा दृश्य अभिलेखसँग सम्वद्ध हुन्छ ।** लेखिकीको खास विषय-क्षेत्र चाहिं **लेखन-पद्धति** हो । कुनै पनि लेखन-पद्धति **प्रतीक समूह** र **नियम-समूह** गरी दुई भागमा विभाजित हुन्छ । लेखन-पद्धतिअन्तर्गत पर्ने **प्रतीक समूह** भनेको यस्ता रूढ दृश्य-प्रतीकहरूको समूह हो जसको प्रयोग वाणीका केही पक्षको लेखनमा प्रतिनिधित्वका निमित्त गरिन्छ । अर्को भाग **नियम समूह** चाहिं यस्ता नियमहरूको समूह हो जसवाट उपर्युक्त प्रतीकहरूलाई समूहित र क्रमित गर्ने ढङ्गको नियन्त्रण गरी वाणीका अन्य पक्षको लेखनमा प्रतिनिधित्व गरिन्छ ।

ध्वनिलाई दृश्य आकारमा परिवर्तित गर्ने विभिन्न लेखन-पद्धति छन्, जसमध्ये मुख्य-मुख्य चाहिं निम्नलिखित हुन्—

क. शाब्दिक लेखन-पद्धति :

यस पद्धतिमा प्रत्येक **शब्दका** निमित्त व्यतिरेकी आकारको एउटा-एउटा **लेखिम** (लेख्य चिह्न) हुन्छ, जस्तै— % = प्रतिशत, × = योग, ÷ = भाग ... ।

ख. रूपिमिक लेखन-पद्धति :

यस पद्धतिमा भाषामा संभव सबै न्यूनतम **सार्थक एकाइ** अर्थात् **रूपिमका** निमित्त एउटा-एउटा लेखिम हुन्छ, जस्तै— **चिनियाँ लेखन-पद्धति ।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. आक्षरिक लेखन-पद्धति :

यस पद्धतिमा भाषामा संभव प्रत्येक **अक्षर** (अच्, हल्–अच्, अच्–हल्, हल्–अच्–हल् ...) का निमित्त एउटा-एउटा लेखिम हुन्छ, जस्तै– **जापानी लेखन-पद्धति।**

घ. स्वनिमिक लेखन-पद्धति :

यस पद्धतिमा भाषामा संभव प्रत्येक **सार्थक ध्वनि** (स्वनिम) का निमित्त एउटा-एउटा लेखिम हुन्छ, जस्तै–**अङग्रेजी लेखन-पद्धति।** यसलाई **स्थूल लेखन** पनि भनिन्छ।

ङ. स्वनिक लेखन-पद्धति :

यस पद्धतिमा भाषाका सार्थक वा निरर्थक सबै श्रव्य ध्वनिका निमित्त एउटा-एउटा लेखिम हुन्छ, जस्तै– **अन्तर्राष्ट्रिय स्वनिक वर्णमाला।** यसलाई **सूक्ष्म लेखन** पनि भनिन्छ।

उपर्युक्त विभिन्न पद्धतिहरूको केही मात्रामा मिश्रण भए तापनि **नेपाली लेखन-पद्धति** मुख्यतः **स्वनिमिक लेखन-पद्धति** हो। यसलाई **वर्णात्मक लेखन** पनि भनिन्छ।

नेपाली लेखन-पद्धतिमा लेखनको **दिग्विन्यास** तेर्सो **अक्ष** (——)मा दायाँबाट निरन्तर बायाँ **दिशा** (→) तर्फ गरिन्छ र एउटा हरफ सकिएपछि अर्को वा अर्का हरफहरूको **पंक्तीकरण** तलतिर (→ →) गरिन्छ। नेपाली लेखन-पद्धतिको संरचनामा क्रियाशील हुने वर्ण-विन्यासात्मक मुख्य-मुख्य एकाइहरू निम्नलिखित देखापर्छन्, जसलाई लेखप्रक्रियात्मक **श्रेणी-मापदण्डमा** यस प्रकार क्रमित गर्न सकिन्छ–

श्रेणी-मापदण्ड (← साना एकाइ : ठूला एकाइ →)

एकाइ	चिह्नक
अनुच्छेद	पार्श्व-अन्तराल (रिक्त ठाउँ)
पूर्णविराम	[।], [?], [!]
उपविराम	[:], [;], [,]
शब्दविराम	शब्द-अन्तराल
योजक	[–]
वर्ण	[अ, आ .. क, ख ..],[१,२,३ ...], [।, ?, : ...], [%, +, × ...]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. स्तरीकरण के हो

कुनै पनि भाषाको सचेत विकास गराउने तर्जुमालाई **भाषा-योजना** वा **भाषा-अभियान्त्रिकी** भनिन्छ । यस योजनामा भाषाको **मानक** एवम् परिनिष्ठित रूपको उन्नयन र स्थिरीकरणका निमित्त योजनाबद्ध तरिकाले कार्यक्रम आयोजित गरिन्छ। यसरी निर्धारित गरिने विभिन्न महत्त्वपूर्ण कार्यक्रममध्ये एउटा चाहिं भाषाको स्तरीकरण हो ।

उच्चरित र लिखित दुवै खाले भाषाका मानक रूपको सचेत विकासका निमित्त अँगालिने प्रक्रिया **स्तरीकरण**को अर्थ हो भाषाको प्रयोगमा सर्वत्र एकरूपता स्थापित गर्नु । यसैअनुरूप प्रस्तुत सदर्भमा **स्तरीकरण शब्दको चलन शैक्षिक, प्रशासनिक, कानुनी फाँट र जनसञ्चारका माध्यमहरूमा प्रयोग गर्नाका निमित्त नेपाली वर्ग-विन्यासमा एकरूपमा ल्याउनु** भन्ने अर्थमा गरिएको छ ।

४. वर्ण-विन्यासको स्तरीकरण किन

कुनै पनि भाषाको लेखन जब आफ्नो लेखन-विधानदेखि यताउता सर्छ, तलमाथि हुन्छ वा टाढा जान्छ, अनि वर्ण-विन्यासमा अनेकरूपता आउँछ र त्यसको जगजगी क्रमशः बढ्दै जान्छ । वर्ण-विन्यासको यस अनेकरूपतालाई सो भाषाको लेखनमा उब्जेको सबभन्दा गहिरो खोट र ठूलो रुमलो भनिन्छ । यसबाट के स्पष्ट हुन्छ भने अनेकरूपता नै वर्ण-विन्यासको वास्तविक र मूल समस्या हो ।

नेपाली वर्ण-विन्यासमा अनेकरूपताको भँगालो मात्र फुटेको छैन, सम्पूर्ण लेखनलाई यसले छयालब्याल पनि पारेको छ । लेखनलाई अनेकरूपताले यसरी घप्लक्क छोप्नु भाषाका निम्ति ठूलो बिगार हो तापनि अस्वाभाविक चाहिं होइन, किनभने संस्कृत जस्तो मौलाएको भाषा र अङ्ग्रेजी जस्तो मुलुक खाएको भाषा पनि अनेकरूपताबाट फरक रहन सकेका छैनन् । यस दृष्टिबाट नेपाली भाषाउपर विचार गर्दा यसको वर्ण-विन्यासमा अनेकरूपता आउनु निम्नलिखित कारणहरूबाट स्वाभाविक देखिन्छ–

क. नेपाली भाषाको उपयोग नेपालभित्र र नेपालबाहिर हुने भएकाले यसको प्रयोग ज्यादै व्यापक र विस्तृत क्षेत्रमा हुन्छ । भाषा स्वभावैले ठाउँ-पिच्छे केही बदलिने हुँदा देश-भेदका प्रभावले वर्ण-विन्यासमा पनि फरक आउनु स्वाभाविक हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. व्यापक र विस्तृत क्षेत्रमा प्रयुक्त हुने नेपालीको चलन अनेक भाषा-भाषीहरूद्वारा गरिन्छ । अनेक भाषाभाषीहरूका आ-आफ्ना उच्चारणको नेपालीमा प्रभाव पर्नु र यस उच्चारण-भेदले वर्ण-विन्यासमा पनि फरक आउनु स्वाभाविक हो ।

ग. विभिन्न शब्दहरूको उच्चारणमा फरक आइसक्दा पनि तिनको परम्परित वर्ण-विन्यासमा भने परिवर्तन आएको हुन्न । वर्ण-विन्यासले प्रायः उच्चारणलाई पछयाउने हुँदा काल-भेदका कारणबाट परम्परित पुरानो वर्ण-विन्यासमा फरक आउनु स्वाभाविक हो ।

घ. सिद्धान्तमा वर्ण-विन्यासले प्रायः उच्चारणलाई पछयाउँछ, तर व्यवहारमा उच्चारणको ठ्याम्मै अङ्कन कुनै लिपिमा पनि सम्भव छैन । संसारका जुनसुकै लिपिमा पनि उच्चारणका बढी छिमेकमा रहने रूपको अङ्कन गर्ने प्रयास गरिन्छ, जसलाई नाटीकुटी उही रूप भन्न सकिन्न । यो प्रत्येक लिपिको सीमा हो र यसले गर्दा वर्ण-विन्यासमा केही फरक आउनु स्वाभाविक हो ।

ङ. नेपाली भाषा संस्कृत, प्राकृत र अपभ्रंशबाट विकसित भएको हो । फलस्वरूप नेपालीमा यी पूर्ववर्त्ती भाषाका शब्द र तिनका वर्ण-विन्यासको प्रभाव परी अनेकरूपता आउनु स्वाभाविक देखिन्छ ।

माथि देखाइएका कारणहरूबाट नेपाली वर्ण-विन्यासमा अनेकरूपता आउनु स्वाभाविक हो, तर यसको अर्थ त्यसलाई भाषामा पाल्नु-पोस्नु पर्छ भन्ने चाहि होइन । अनेकरूपतालाई जस्ताको त्यस्तै रहन दिएर त्यसतर्फबाट आँखा चिम्लेका खण्डमा अनेक भ्रम, अल्झा, अप्ठ्यारा, जटिलता र समस्याहरू तेर्सिंदै जान्छन्, जसमध्ये मुख्य-मुख्य चाहिं निम्नलिखित हुन्–

क. वर्ण-विन्यासको अनेकरूपताले बढी सकस तिनलाई पार्छ जो भाषा सिक्ने तर्खरमा हुन्छन् । शब्दका प्रचलित अनेक रूपमध्ये कुन चाहिं ठीक र ग्राह्य हो तथा कुन चाहिं बेठीक र अग्राह्य हो भन्ने छुट्याउन उनीहरूलाई गारो पर्छ ।

ख. नेपाली भाषाको प्रयोग सामान्य मात्र नभएर साहित्यिक र शास्त्रीय विवेचनाका निमित्त पनि हुन्छ । यस्ता विवेचनको बोधका निमित्त अनेक-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपता बाधक हुन्छ, किनभने यसले विवेचनको स्पष्टतालाई सखाप पार्छ। अनि यो अर्थका निमित्त पनि घातक हुन्छ, किनभने यसले अर्थभेद उत्पन्न गरेर अर्थ-बोधको सहजतालाई सोतर पार्छ।

ग. यसले भाषाको स्वत्व, सौष्ठव र त्यसको वैज्ञानिकतालाई मास्छ। फलस्वरूप अनेकरूपताले गर्दा एकातिर भाषा विरूप हुन्छ भने अर्कातिर त्यसको अध्ययन पनि जटिल हुन जान्छ।

घ. वर्ण-विन्यासको अनेकरूपताले भाषामा आफूखुसी प्रयोगको ओहिरो लाग्छ, जसले गर्दा अनेक भ्रम, अल्झा र जटिलताहरू उत्पन्न हुन्छन्।

ङ. मुद्रणतर्फ टाइप-विन्यासमा पनि अनेक कयाउला र अप्ठ्याराहरू आउँछन्।

वर्ण-विन्यासमा अनेकरूपता देखिनु स्वाभाविक भए पनि उपर्युक्त कारणहरूले गर्दा अभीष्ट चाहिँ हुँदैन।

५. स्तरीकरणका समस्याहरू

नेपाली वर्ण-विन्यासको एकरूपता अर्थात् स्तरीकरणसंग गाँसिएका अनेक समस्याहरू छन्, जसमध्ये मुख्य चाहिँ निम्नलिखित हुन्–

क. देवनागरी-वर्णमालासम्बन्धी,
ख. ह्रस्व-दीर्घसम्बन्धी,
ग. अनुनासिक र अनुस्वारसम्बन्धी,
घ. उच्चारण-भिन्नतासम्बन्धी,
ङ. परम्परागत-लेखनसम्बन्धी,
च. संस्कृत (तत्सम) शब्दसम्बन्धी,
छ. आगन्तुक शब्दसम्बन्धी,
ज. पदयोग र पदवियोगसम्बन्धी,
झ. वर्णेतर चिह्नसम्बन्धी।

प्रत्येक वर्गका समस्याहरूको खोलुवा तल विस्तारसाथ प्रस्तुत गरिएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६. देवनागरी वर्णमालासम्बन्धी

नेपाली भाषाको लिपि देवनागरी हो। नेपाली वर्ण-विन्यासमा देखा परेका केही अनेकरूपताको सोझो साइनो यसै लिपिको वर्णमालासंग छ। हालसम्म पनि नेपालीका निमित्त मानक लिपिमालाको निर्धारण गर्ने कुनै वैज्ञानिक र व्यावहारिक प्रयास गरिएको देखिन्न जसले गर्दा देवानागरी वर्णमालासँग गाँसिएका नेपाली वर्ण-विन्यासको स्तरीकरणका समस्याहरू उत्पन्न भएका हुन्। यसतर्फ "व्यञ्जन व्यञ्जन जोड्ने काइदा–मोडेको रेफ"[1] लाई अत्यन्त सीमित प्रयास भन्न सकिन्छ। देवानागरी-वर्णमालाले नेपाली वर्ण-विन्यासको स्तरीकरणमा निम्नलिखित समस्याहरू ल्याएको छ–

क. वर्णका एकभन्दा बढी रूप

देवनागरी-वर्णमालामा केही वर्ण यस्ता छन् जसका एकभन्दा बढी रूप पाइन्छन्, जस्तै–

अ. झ ꣾ झ, ण ण, ल ल, श श श।
आ. ख ख, ध ध, ब ब, भ भ, व व़।

यिनमा (अ) वर्गका वर्णहरूको एकभन्दा बढी रूप धेरै अघिदेखि चलिआएको हो र (आ) वर्गका वर्णहरूको द्विरूप हालसाल देखिएको हो।

व्यवजोका[2] मा / झ / का तीनै रूप / झ[3] ꣾ[4] झ[5] / ले ठाउँ पाएका छन्। लेखनमा / झ ꣾ / रूपको प्रयोग कम र / झ / रूपको प्रयोग बढी गरिएको पाइन्छ।

---

१. पुष्करशमशेर जङ्गबहादुर राणा, नेपाली सजिलो व्याकरण, पाँचौं संस्करण (नेपाल : नेपाली भाषाप्रकाशिनी समिति, २००१) पृ० ८७।

२. ऐजन, "व्यञ्जन व्यञ्जन जोड्ने काइदा–मोडेको रेफ" को सङ्केताक्षर।

३. ऐजन, (ख) को पहिलो हरफ, आठौं अक्षर।

४. ऐजन, पृ० ८९, (ङ) को दोस्रो हरफ पुरै।

५. ऐजन, पृ० ८७, (क) को दोस्रो हरफ, अन्तिम अक्षर।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवजोकामा / ण / का दुवै रूप / ण[६] ण[७] / को उपस्थिति छ । यी दुवै रूपमध्ये लेखनमा पहिलाको बढी र दोस्राको कम चलन भएको पाइन्छ ।

/ श / का दुई रूप / श[८] श[९] / मात्र व्यवजोकामा देखाइएको छ । लेखनामा / श / को आंशिक र / श / को कम चलन भएको पाइन्छ। यी दुवैभन्दा बढी चलन तेस्रो रूप / श / को गरिन्छ, जसको व्यवजोकामा नाकमुखै देखिन्न ।

यसैगरी / ल / को पनि द्विरूप / ल[१०] ल[११] / देखाइएको छ, जसमध्ये / ल / को आंशिक चलन मात्र पाइन्छ ।

ब्राह्मीबाट विकसित देवनागरीमा एउटा मात्र / भ[१२] / पाइन्छ, तर 'नेपालका समस्त बालबालिकाले पढ्ने पहिलो पुस्तक'[१३] ले भारत सरकारको शिक्षा-विभागद्वारा उब्ज्याइएको / भ[१४] / पनि बोकेर ल्याएको छ । / ख ख[१५] / तथा / ध ध[१६] / को पनि यही कथा हो । / झ / को चौथो रूप / झ[१७] / पनि यसमा देखा परेको छ ।

धेरै समयपछि बृहद् नेपाली व्याकरण[१८] ले / व़ / को दर्शन गराएको छ । यसले गर्दा / ब / का दुई रूप / ब व[१९] / तथा / व / का दुई रूप / व व़[२०] / देखिन आएका छन् ।

६. ऐजन, (ख) को तेस्रो हरफ, तेस्रो अक्षर ।
७. ऐजन, पृ० ८९, (च) को तेस्रो हरफ, तेस्रो अक्षर ।
८. ऐजन, (च) को दोस्रो हरफ, प्रारम्भका पाँच अक्षर ।
९. ऐजन, (च) को दोस्रो हरफ, अन्तिम तीन अक्षर ।
१०. ऐजन, पृ० ८८, (ग) को पहिलो हरफ, आठौं अक्षर ।
११. ऐजन, (ग) को पहिलो हरफ, अन्तिम अक्षर ।
१२. Gaurishankar Hirachand Ojha, **The Palaeography of India**, Third Edition (Delhi: Munshi Ram Manohar Lal, 1959), plate LXXXII.
१३. श्री ५ को सरकार, शिक्षा मन्त्रालय, **महेन्द्र माला**, भाग १, पाँचौं संस्करण (काठमाडौं: जनक शिक्षा सामग्री केन्द्र, २०३२), पृ० समर्पण ।
१४. ऐजन, पृ० ६, हरफ ५ बाहेक सर्वत्र / भ / को प्रयोग छ ।
१५. ऐजन, पृ० २, हरफ ५ बाहेक सर्वत्र / ख / को प्रयोग छ ।
१६. ऐजन, पृ० ९, हरफ ६ बाहेक सर्वत्र / ध / को प्रयोग छ ।
१७. ऐजन, पृ० ८, हरफ ४ बाहेक सर्वत्र / झ / को प्रयोग छ ।
१८. व्याकरण समिति, **बृहद् नेपाली-व्याकरण**, पहिलो संस्करण (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३३) ।
१९. ऐजन, / ब / का ठाउँमा सर्वत्र / व / को प्रयोग छ ।
२०. ऐजन, / व / का ठाउँमा सर्वत्र / व़ / को प्रयोग छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एउटै वर्णका दुई, तीन वा चारसम्म रूप देखापर्नु नेपाली वर्ण-विन्यासको स्तरीकरणका निमित्त ठूलो समस्या हो।

ख. उच्चारण-भेद भएका केही वर्ण

नेपालीमा केही वर्णका उच्चारणगत भेद पाइन्छन् जस्तै– / ड, ड़ /, / ढ, ढ़ /। त्यसो त / क, क़ /, /ख, ख़ /, / ग, ग़ /, /ज, ज़ /, / फ, फ़ / मा पनि भेद नपाइने होइन, तर यो भेद नेपाली आगन्तुक शब्दको मूल उच्चारणमा मात्र छ, नेपाली उच्चारणमा छैन । यसका विपरीत / ड, ड़ / तथा / ढ, ढ़ / चाहिं नेपाली तद्भव शब्दमा पाइन्छन् र तिनमा आएको / ड़ / तथा / ढ़ / को उच्चारण पनि / ड / तथा / ढ / भन्दा वेग्लै प्रकारले गरिन्छ ।

नेपाली शब्दमा / ड, ड़ / तथा / ढ, ढ़ / को जोडी समान स्थितिमा आउने हुँदा र यिनमा जहींतहीं मुक्त-परिवर्तनको अवस्था पनि देखा नपर्ने हुँदा **स्वल्पान्तर युग्मको** अभाव छ। यस अभावले गर्दा / ड / देखि / ड़ / को तथा / ढ / देखि / ढ़ / को आपसमा अर्थभेदकता देखाउन सकिन्न तापनि **व्यतिरेकी वितरण** र उच्चारणगत भिन्नताका आधारमा / ड / भन्दा / ड़ / लाई तथा / ढ / भन्दा / ढ़ / लाई वेग्लो मान्न कर लाग्छ। शब्दमा जसरी / ड / अन्य ठाउँबाहेक दुई स्वरका माझमा पनि आउँछ त्यसैगरी / ड़ / अन्य ठाउँबाहेक दुई स्वरका माझमा पनि आउँछ । यस रूपमा / ड /, / ड़ / का बीच व्यतिरेकी वितरण भएकाले दुवैमा विरोध छ।

यस्तै व्यतिरेकी वितरण /ढ/ र / ढ़ / का माझ पनि छ। परिपूरक वितरण नभएर व्यतिरेकी वितरण हुनु दुवैको भिन्नताको प्रमाण हो। अनि / ड /, / ड़ / दुवै नै **अल्पप्राण, घोष, मूर्द्धन्य** र **प्रतिवेष्टित** भए पनि / ड / **स्पर्श व्यञ्जन** र / ड़ / **उत्क्षिप्त व्यञ्जन** भएकाले दुवैमा उच्चारणगत भिन्नता छ। यसैगरी / ढ /, / ढ़ / दुवै **महाप्राण, घोष, मूर्द्धन्य** र **प्रतिवेष्टित** भए पनि / ढ / **स्पर्श व्यञ्जन** र / ढ़ / **उत्क्षिप्त व्यञ्जन** भएकाले यी दुवैमा पनि उच्चारणगत भिन्नता छ। नेपाली भाषाका निमित्त प्रयुक्त देवनागरी-वर्णमालामा / ड / तथा / ढ / ध्वनिको प्रतिनिधित्व भएको छ, तर उच्चारणगत भेद भएका / ड़ / तथा / ढ़ / को समावेश भने भएको छैन ।

नेपाली शब्द-कोशमा / ड /, / ढ / को उच्चारण नभई / ड़ /, / ढ़ /

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उच्चारण हुने ठाउँमा सोअनुरूप / ड़ /, / ढ़ / को प्रयोग गरिएको पाइन्छ,[२१] जस्तै–

अँड़ीर, उड़ालु, ओड़ा, कुँड़े, खड़ेरी, गुँड़, घुँड़ा, घोड़ा, जाँड़, ढड़िया, डाँड़ो, ठाड़ो, भाड़ा, माड़ ... ।
ओढ़ो, गढ़ी, डाढ़, डढ़ेलो, पढ़न्ते, साँढ़ा, साँढ़े ... ।

माथि भनिए झैं / ड़ /, / ड़ / मा र / ढ /, / ढ़ / मा व्यतिरेकी वितरण भएको हुँदा उपर्युक्त शब्दको उच्चारण यस रूपमा गरिन्न–

अँडीर, उडालु, ओडा, कुँडे, खडेरी ...।
ओढो, गढी, डाढ, डढेलो, पढन्ते ... ।

७. ह्रस्व-दीर्घसम्बन्धी

नेपाली उच्चारणमा ह्रस्व र दीर्घको त्यस्तो विभेद पाइन्न जस्तो संस्कृत र अङ्ग्रेजीमा छ । उदाहरणका निमित्त तल दिइएका शब्दहरूमा इकारको उच्चारण हेर्नसकिन्छ–

अङ्ग्रेजी		संस्कृत		नेपाली	
लेखन	उच्चारण	लेखन	उच्चारण	लेखन	उच्चारण
Sheep	ee = i:	शीला	ी = i:	सीसा	ी = i
Ship	i = i	शिला	ि = i	सिसौ	ि = i

२१. "क़, ख़, ग़, ज़, ड़, ढ़, फ़ आदिका साथै यूरोपीय शब्दका उच्चारणमा आवश्यक ॅ को प्रयोग पनि भारतीय भाषामा चलिसकेको छ । हुनत ड एवं ढ वर्ण शब्दका मध्य र अन्तमा आएका, केही अपवादका स्थलमा बाहेक, हाम्रा मुखबाट पनि ड़ एवम् ढ़ उच्चारित हुन्छन्, तथापि संस्कृत तत्सम शब्दको उच्चारणमा यो लागू हुन्न । यसै कारण मुद्रण-व्यवस्थाले बाधा नपारेसम्म, आवश्यक ठाउँमा उच्चारण-निर्देशनका निमित्त माथि जनाइएका चिह्नहरूको प्रयोग गरिएको छ ।"

–बालचन्द्र शर्मा (सम्पा०), नेपाली शब्द-कोश, पहिलो संस्करण (काठमाडौं : रायल नेपाल एकेडेमी, २०१९), पृ० ११ (प्रस्तावना) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली उच्चारणमा ह्रस्व-दीर्घको फरक नगरिए पनि लेखाइमा भने फरक गरिन्छ । यसले गर्दा शब्दमा आउने ह्रस्व स्वरमध्ये /इ/, /उ/ तथा यिनका मात्रा-चिह्न / ि /, / ु / र दीर्घ स्वरमध्ये /ई/, /ऊ/ र यिनका मात्रा-चिह्न / ी /, / ू / को नेपाली वर्ण-विन्यासमा बढी बेथिती पाइन्छ, जस्तै–तितो, तीतो; भालु, भालू... । ध्वनि-तत्त्वका आधारमा यी चारै स्वरहरूका दुई जोडी हुन्छन् /इ, ई/ को एक जोडी र /उ, ऊ/ को अर्को जोडी । /इ, ई/ दुवै नै **संवृत अग्र प्रसृत स्वर** भएकाले एक जोडी र /उ, ऊ/ दुवै नै **संवृत पश्च वर्तुल स्वर** भएकाले अर्को जोडी पारिएको हो । जोडीका प्रत्येक स्वरहरूमा जहाँ उपर्युक्त समानता छ त्यहीं, तिनमा फरक पनि छ । फरक चाहिं के छ भने दुवै जोडीका अघिल्ला स्वरहरूको मात्राकाल वा परिमाण थोर र पछिल्ला स्वरहरूको बढी छ । यस आधारमा प्रत्येक जोडीका अघिल्ला स्वरहरू ह्रस्व र पछिल्ला चाहिं दीर्घ हुन् । माथि देखाइएका समानता र फरकले ह्रस्व-दीर्घको समस्यालाई चर्को बनाएको छ । एकातिर प्रत्येक जोडीका स्वरहरूको समानताले गर्दा ती वा तिनका मात्रा-चिह्न भएका शब्दलाई लिपिमा अङ्कित गर्दा उल्टो-पाल्टो हुने बढी सम्भावना देखिन्छ, जस्तै– /इ = ि / को /ई = ी/ वा /ई = ी/ को /इ = ि / तथा /उ = ु/ को /ऊ = ू/ वा / ऊ = ू / को /उ = ु / । अर्कातिर मात्राकालका आधारमा एक जोडीका दुवै स्वरहरू फरक-फरक भएकाले ह्रस्वलाई ह्रस्वै र दीर्घलाई दीर्घै लेख्नुपर्ने हुन्छ । ह्रस्व-दीर्घमा अर्थभेदकता भएकाले केही स्थितिमा उल्टा-पाल्टा गर्न पनि मिल्दैन, जस्तै– **दिन** (चौबीस घन्टाको समय), **दीन** (दुखी); **फुल** (डिम्मा), **फूल** (पुष्प) ... ।

नेपाली लेखनमा यसको समाधानका निमित्त रुल-नियम बोकेर आउने **चन्द्रिका**[२२] हो र यसलाई नै नेपाली वर्ण-विन्यासको जेठो मानक पनि भनिन्छ ।[२३] पछि यसैको **केवल पदविचार प्रकरणको मात्र सार खिचो**[२४] तयार पारिएको **नेपाली कसरी शुद्ध लेख्ने ?** लाई शिक्षा क्षेत्रका निमित्त आधिकारिक मानक घोषित गरी

---

२२. हेमराज पाण्डे, **चन्द्रिका**, पहिलो संस्करण (काठमाडौं : हेमराज पाण्डे, १९६९) ।

२३. Churamani Bandhu, **Transcription And Orthography:** Seminar Papers in linguistics, (Kathmandu: INAS, T.U; 1974), p. 107.

२४. नेपाली भाषाप्रकाशिनी समिति, **नेपाली कसरी शुद्ध लेख्ने ?**, (काठमाडौं: नेपाली भाषाप्रकाशिनी समिति, २०१७), पृ० गाताको भित्री पातो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागू गरिएको पाइन्छ ।[२५] त्यहाँदेखि हालसम्म जुन रूपमा भए पनि नेपाली वर्ण-विन्यास यसैबाट डोरिएको छ ।

नेकशुले[२६] को ह्रस्व-दीर्घ छुट्याउने विभिन्न आधारमध्ये एउटा चाहिं व्याकरण हो । यस आधारबाट व्याकरणिक वर्गहरूका पदान्तमा ह्रस्व र दीर्घको बण्डा निम्नबमोजिम गरिएको देखिन्छ–

ह्रस्व → { नाम, नामयोगी, संयोजक, मिलित क्रियाको अघिल्लो पद

दीर्घ → { नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण

नामलाई ह्रस्व-दीर्घ दुवै फाँटमा राख्ने कारण के हो भने नेकशुलेले केही नाम ह्रस्व र केही नाम दीर्घ लेख्ने व्यवस्था दिएको छ । यस व्यवस्थामा ह्रस्व-दीर्घको भेदक आधार चाहिं लिंग छ, जस्तै– पुल्लिंगको पदान्तमा रहेका इकार र उकार ह्रस्व (बाबु, दाइ, भाइ, गोरु, नाति, पनाति, जुवाइँ...[२७]) र स्त्री-लिंगका पदान्तमा रहेका दीर्घ (गाई, छोरी, बहिनी, धोबिनी, सासू, दिदी, स्वास्नी, सन्धिनी, घर्तिनी, पण्डित्नी, भुनी, साही, थरुनी, मैजू...[२८]) । ह्रस्व-दीर्घको यो आधार सर्वत्र लागू नभएर त्यस्ता स्त्री नाममा मात्र लागू भएको देखिन्छ जसका विपरीत लिंगको पदान्तमा इकार वा उकार हुन्न, जस्तै–

लोग्ने →स्वास्नी,	**काका →काकी,**	**राङो →भैंसी,**
मुखिया→ मुखेनी,	**सुब्बा →सुब्बेनी,**	**काँठे →कँठिनी,**
वीर →भुनी,	**जुर्रा →साही,**	**फाँक्र →मुडुली,**
नेपाल →नेपाल्नी,	**अर्ज्याल→ अर्ज्याल्नी**	**कुकुर→ कुकुर्नी**
चखेवा →चखेवी,	**भँगेरा →भँगेरी,**	**पाखे →पखिनी**
देवर →देवरानी,	**द्वारे →द्वार्नी**	**छोरो →छोरी**
पाडो →पाडी,	**फौ →फौनी**	**घोडो→ घोडी ...।**

---

२५. "सूचना– संवत् १९९९ सालदेखिको परीक्षामा यही नियमबमोजिम शुद्धाशुद्धि जाँचिनेछ ।– डाइरेक्टर जनरल अब पब्लिक इन्स्ट्रक्शन्, नेपाल ।"–ऐजन ।

२६. ऐजन, सङ्केताक्षर ।

२७. ऐजन, पृ० १ ।

२८. ऐजन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ह्रस्व-दीर्घ विभाजनको यो आधार पदान्तमा इकार वा उकार भएका त्यस्ता नाममा पनि सदर रहेको देखिन्छ जसका विपरीत लिंगी शब्द व्युत्पन्न नभएर मूल हुन्छन्, जस्तै–

भाइ →बहिनी,	**भाइ** → बुहारी	**दाजु** →भाउज्यू
दाइ →दिदी	**गोरु** →गाई	**जुवाइँ** →छोरी ...।

लिंगका आधारमा गरिएको ह्रस्व-दीर्घको यो विधान दिगो नभएकाले त्यस्ता नाममा काएम रहन नसकी भताभुङ्ग भएको छ जसका पदान्तमा इकार वा उकार छ र विपरीत लिंगी शब्द पनि त्यसैबाट व्युत्पन्न हुन्छ, जस्तै–

जैसी →जैसिनी	**ज्यामी** →ज्यामिनी,	**दमाई** →दमिनी
घर्ती → घर्तिनी,	**माली** →मालिनी,	**सम्धी** →सम्धिनी
धोबी →धोबिनी,	**ज्यापू** →ज्यापुनी,	**साहू** → साहुनी
गुभाजू →गुभाजुनी	**कौ** →कौनी	**काजी** →काजिनी
सार्की →सार्किनी	**कामी** →कमिनी	**हात्ती** →हात्तिनी
माझी →माझिनी,	**गोही** → गोहिनी,	**कुलू** →कुलुनी ...।

विपरीत लिंगी शब्द नहुने **मारुनी, खसी**... जस्ता शब्द पनि यस रुलका अपवाद भएका छन् ।

नैकशुलेमा भाववाचक नामको इकार ह्रस्व लेख्ने नियम बाँधिएको छ, जस्तै– **पढाइ** ...।[२९] यो रुल बनाउने उद्देश्य के देखिन्छ भने नाम वर्ग र क्रिया-विशेषण वर्गका उही शब्द (जस्तै–**पढाइ, पढाई**...)लाई छुट्टयाउनु । यस रुलले यो उद्देश्य त पुरा गरेको छ, तर स्वयं रुल नै एकाङ्गी हुन पुगेको छ। एकाङ्गी हुने कारण के हो भने यो रुल भाववाचक नामको कृदन्त फाँटमा त लागू हुन्छ, तर तद्धित फाँटमा लागू हुन्न । तद्धित फाँटका सारा भाववाचक नाम यस रुलबाट बिच्ल्याँटिएर दीर्घ भएका छन्, जस्तै–**बैगुनी खुनी, गरिबी** ...।[३०]

क्रियाविशेषणको पदान्त दीर्घ, जस्तै–**गरी बक्सियो, भनी देऊ, राखी छाड**...[३१] र मिलितक्रियाको अघिल्लो पद ह्रस्व, जस्तै–**गरिबक्सियो, भनिदेऊ, राखिछाड**...[३२] गर्ने व्यवस्था पनि यी दुवै खाले पदको फरक छुट्टयाउने उद्देश्यले

२९. ऐजन ।
३०. ऐजन, पृ० २।
३१. ऐजन, पृ० ५।
३२. ऐजन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएको देखिन्छ, तर इकारान्त नामयोगीको उही पदले नाम र क्रियाविशेषण जस्ता अन्य कोटिको कार्य गरेमा दीर्घ पनि गर्ने व्यवस्था छैन ।

नेकशुलेमा ह्रस्व-दीर्घको व्यवस्था दिने दोस्रो आधार **अभिव्यक्तिको ढङ्ग** रहेको देखिन्छ । यसको विशेषण फाँटमा **'प्रकरण हेरी ह्रस्व दीर्घ दुवै'** हुने स्थिति बाँधिएको छ, जस्तै– **अमिलो, अमीलो; पीरो, पिरो; अलिकति, अलीकति...**।[33] प्रकरण हेरी कम जोड दिनु छ भने **पिरो** र बढी जोड दिएर बलात्मक तुल्याउनु छ भने **पीरो** लेख्ने अनुमति यसले दिएको छ । शब्दमा जोड दिने र नदिने कुरो अभिव्यक्तिको ढङ्गमा भर पर्ने हुँदा यसको आवश्यकता विशेषणमा मात्र नभएर सबै प्रकारका शब्दहरूमा पर्छ । तसर्थ प्रकरणअनुरूप नाममा **ढिडो, ढीडो,** सर्वनाममा **तिमी, तीमी,** क्रियामा **जान्छिन्, जान्छीन्,** क्रियाविशेषणमा **कति, कती,** नामयोगीमा **सित, सीत** किन नगर्ने ? विशेषणमै पनि **सानो, कालो** जस्तालाई समेत प्रकरणले गर्दा बलात्मक तुल्याउने खण्ड आउँछ र सोका निमित्त यिनका पनि दुई-दुई रूप हुनु आवश्यक देखिन्छ । यस्ता शब्दमा दोस्रो अर्थात् बलात्मक रूप चाहिं कुन प्रकारले लेख्ने हो, गुरु-चिह्न दिएर **साऽनो, काऽलो** वा प्लुत-चिह्न झैं कुनै अङ्क राखेर **सा२नो, का२लो** वा बीचमा योजक-चिह्न राखेर **सा-नो, का-लो** वा अरू नै कुनै प्रकारले ? यसैगरी मिलितक्रियाको अघिल्लो पद **"सातत्य बुझाउने 'रहनु' क्रियासंग जोडिएमा दीर्घ पनि हुन्छ, जस्तैः– गरिरहन्छ, गरीरहन्छ; पढिरहन्छ, पढीरहन्छ इ०"**[34] भन्ने रुलको आधार पनि अभिव्यक्तिको ढङ्ग नै रहेको छ ।

नेकशुलेमा ह्रस्व-दीर्घको निर्क्योल गर्ने तेस्रो आधार **शब्दको पूर्व–इतिहास** वा व्युत्पत्तिलाई बनाइएको छ । यसको **'विशेष शब्दविचार'** अन्तर्गत **हात्ती, सम्धी, कीरो** आदिलाई तद्भव अपवादको फाँटमा[35] दर्ता गर्नुबाट यो कुरो स्पष्ट हुन्छ । **हस्ती, सम्बन्धी, कीट** आदि शब्द आफ्ना पूर्व-इतिहास (संस्कृत) मा दीर्घ रहेकाले सोही आधारमा नेपालीमा पनि **हात्ती, सम्धी, कीरो** आदिलाई दीर्घै पारिएको टड्कारै देखिन्छ ।

समितिको नियमका नामले पनि प्रसिद्ध र अहिलेसम्म मानकका रूपमा चल्दै गरेको उपर्युक्त व्यवस्थामा ह्रस्व-दीर्घको ठहर गर्ने मुख्य आधार ध्वनि–तत्त्वलाई नबनाएर सोभन्दा इतर तत्त्व, जस्तै– **व्याकरण, अभिव्यक्ति-प्रणाली** र **शब्दको पूर्व-इतिहास** आदिलाई बनाइएको देखिन्छ ।

---

३३. ऐजन, पृ० ३ ।
३४. ऐजन, पृ० ५ ।
३५. ऐजन, पृ० ७ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८. अनुनासिक र अनुस्वारसम्बन्धी

संस्कृत अनुस्वार-प्रधान भाषा हो, तर त्यसबाट विकसित नेपाली चाहिँ अनुनासिक-प्रधान भाषा हो। नेपाली अनुनासिक-प्रधान भाषा भए पनि यसको लेखाइमा भने अनुस्वारकै साम्राज्य देखिन्छ। अनुनासिकका सट्टा अनुस्वार लेख्न सजिलो र छिटो भएकाले नै यसले सर्वत्र आफ्नो जगजगी फिजाएको हो। अनुनासिक (ङ, ञ्, ण्, न्, म्) र अनुनासिकता (ँ) का ठाउँमा पनि अनुस्वार (ं) को जथाभावी प्रयोगले नेपाली वर्ण-विन्यासमा द्विरूपताको ओहिरो लगाएको छ, जस्तै—

अ.		आ.		इ	
लिङ्ग,	लिंग	आँप,	आंप	भनेँ,	दिइथेँ
वेञ्च,	बेंच	भाँडा,	भांडा	दुहेँ,	तैँले...[३८]।
लण्ठ,	लंठ	काँठे,	कांठे		
पन्त,	पंत	यहाँ,	यहां		
भान्जी,	भांजी	कहाँ,	कहां		
सन्धी,	संधी,	दिएँ,	दिएं		
अम्वा,	अंवा	गएँ,	गएं		
सम्वन्धी,	संवन्धी...[३६]।	तँ,	तं		
		हुँ,	हुं...[३७]।		

अनुनासिक व्यञ्जनका ठाउँमा अनुस्वारको पनि प्रयोग गरिएको हुँदा(अ) हुलका शब्दहरू द्विरूप भएका हुन्। अनुनासिक व्यञ्जनका दाँजामा अनुस्वारको सिरबिन्दु लेख्न बढी सुविधाजनक भएकाले पलाएको यस प्रवृत्तिले गर्दा जहाँ यी अनुनासिक वर्णहरू स्ववर्गीय व्यञ्जनका अघि आउँछन् त्यहाँ पनि प्रायः अनुस्वारकै प्रयोग गरिएको पाइन्छ, जस्तै—अंकुसे, अङ्कुसे; चङ्ख, चंख; ढङ्ग, ढंग; सङ्घ, संघ; पञ्च, पंच; लाञ्छना, लांछना; कुञ्ज, कुंज; फञ्झा, फंझा; लडन्त, लडंत; पन्त, पंत; बन्द, बंद; अन्धो, अंधो; घण्ट, घंट; कण्ठी, कंठी; डण्ड, डंड; चम्पा, चंपा;

३६. यस हुलका सबै उदाहरणहरू सोमनाथ शर्मा, मध्य–चन्द्रिका, तेस्रो संस्करण (काठमाडौं : सोमनाथ शर्मा, २००१) बाट।

३७. यस हुलका सबै उदाहरणहरू पनि ऐजनबाट।

३८. यस हुलका सबै उदाहरण नेकशुले (पाद-टिप्पणी २४) बाट।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डम्फू, डंफू; गुम्बा, गुंबा; रम्भा, रंभा...। अनुनासिकका ठाउँमा अनुस्वार राख्दा माथि भनिए फैं लेख्ने काममा त निकै होलो भएर आउँछ, तर यसबाट भाषा, लिपि र वर्ण-विन्यासको वैज्ञानिकता भने मासिन्छ, किनभने ध्वनिवैज्ञानिक दृष्टिबाट /ङ/ र/ ं /, /ञ/ र/ं/, /ण/ र/ं/, /न्/ र/ं/ तथा /म्/ र/ं/ ले बेग्ला-बेग्लै ध्वनिहरूलाई जनाउँछन् ।

(आ) हुलका शब्दहरूमा द्विरूपता आउने कारण हो अनुनासिकता अर्थात् चन्द्रबिन्दुका ठाउँमा पनि अनुस्वारकै प्रयोग। स्वरसंग गाँसिने गुण भएकाले सोभित्र अन्तर्लीन रहने अनुनासिकता, अनि अघिल्लो स्वर वा पछिल्लो ध्वनिसंग संयोग नराख्ने अयोगवाह अनुस्वार बेग्लाबेग्लै हुन् तापनि लेखाइका दृष्टिले चन्द्रबिन्दुका ठाउँमा सिरबिन्दु लेख्नु नढी छरितो भएकाले यो चलन आएको देखिन्छ ।

नेपालीमा मास्तिर मात्रा-चिह्न नभएका वर्णमा चन्द्रबिन्दु र मात्रा-चिह्न भएका वर्णमा सोका ठाउँमा सामान्यतः सिरबिन्दु लेख्ने चलन छ, तर यसमा पनि एकरूपताको निर्वाह गरिएको पाइन्न। (इ) हुलका उदाहरणमा माथि मात्रा-चिह्न भएका वर्णमा चन्द्रबिन्दु (जस्तै– भनेँ, दुहेँ) र अनुस्वार (जस्तै– दिइथें, तैंले) दुवैको आफूखुसी प्रयोग भएको छ ।

९. उच्चारण-भिन्नतासम्बन्धी

नेपाली भाषाको चलन गरिने क्षेत्र ज्यादै विस्तृत छ र यसको चलन गर्नेहरूको समुदाय पनि उत्तिकै व्यापक छ । नेपाली मातृभाषा हुने र नहुने, अनि तिनमा पनि शिक्षित र अशिक्षित दुवै वर्गका विभिन्न स्तरका व्यक्तिले यसको प्रयोग गर्छन् । स्थानभेदका साथै व्यक्तिभेद, स्तरभेद आदिले गर्दा नेपालीका थुप्रै शब्दहरूको उच्चारणमा बहुरूपता आएको छ। उच्चारणको बहुरूपताले वर्ण-विन्यासलाई पनि विथोल्छ, किनभने सैद्धान्तिक रूपमा वर्ण-विन्यासले उच्चारणको अनुसरण गर्छ ।

भाषामा केही शब्दको उच्चारण स्थिर हुन्छ र केहीको हुन्न। जुन शब्दको उच्चारण स्थिर भइसकेको हुन्छ तिनको उच्चारणमा देशभेद र व्यक्तिभेद हुँदा पनि प्रायः अनेकरूपता उब्जेको पाइन्न । यसका विपरीत जुन शब्दको उच्चारण स्थिर भएको हुन्न तिनको उच्चारणमा अनेकरूपताले टाउको उचालेको पाइन्छ। नेपालीमा विभिन्न स्रोतबाट शब्द आएका हुँदा र तीमध्ये अनेकको उच्चारणमा स्थिरता आउन बाँकी रहेको हुँदा तिनको वर्ण-विन्यासमा पनि अनेकरूपता देखिन्छ, जस्तै–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टर्नर	शर्मा
अपुतालि	अपताली, अपुताली, औताली
अलिस, अल्छि, आल्छि	अल्सी, अल्छी
उँग्, उँघ्, उङ	उँग, उँघ, उङ
कानिकोर्सि, कानेकोर्सि, कानिपर्सि, कानेपर्सि	कानेकोर्सि, कानेपर्सि
कोपि, कोबि, गोवि, गोभि	कोपी, कोबी, गोबी, गोभी
खरिदार्, खर्दार्	खरदार, खर्दार, खरिदार, खरीदार
गर्दन्, गर्धन्	गर्दन, गर्धन
गलेबन्ध, गलबन् (दार्जी०) -	गलबन्द, गलबन्दी, गलेबन्द, गलेबन्दी
चिट्ठि, चिठि	चिट्ठी, चिठि, चीठी
जिभि	जिउरी, जीबी, जिभ्री, जिब्री
जेवल्, ज्यावल	ज्याभल, ज्यावल
तिख्रो, तिग्रो, तिघ्रो	तिघ्रो
देउरानि, देवरानि	देउरानी, देवरानी, द्यौरानी
निउँरो, निगुरो, निघुरो, निङुरो	निगुरो, निहुरो
फार्से,	फार्से, फार्शे, फार्छे
वियान, बिहान्, बेहान्	बिहान, बेहान
बिप्लेँटो, बिप्ल्याँटो, बिब्लेँटो, बिब्ल्याँटो	बिप्लेंटो, बिप्ल्याँटो, बिब्लेंटो, बिब्ल्याँटो
साँगुरो, साँघुरो	साँगुरो, साँघुरो, साङ्ग्रो
सिँवालि, सिमालि, सामलि, सेँवालि[३९]	सिवाली, सिमाली[४०]

उच्चारणको भिन्नताले वर्ण-विन्यासमा पलाएको अनेकरूपतालाई पन्छाउन वैज्ञानिक र व्यावहारिक आधारमा कुनै एक रूपलाई मानक तोकी अरूलाई बिदा दिनु युक्तिसङ्गत हुन्छ । यस रितले अस्थिर उच्चारण भएका शब्दहरूको वर्ण-विन्यास एकपटक स्थिर गरेपछि त्यसको प्रभाव उच्चारणमा पनि पर्छ, जसले गर्दा शब्दहरूको भिन्नरूपता बिलाएर जान्छ । वर्ण-विन्यासले उच्चारणको भिन्नता-

---

३९. Ralph Lilley Turner (ed.), **A Comparative And Etymological Dictionary of the Nepali Language,** Reprint (London: Routledge & Kegan Paul Limited, 1955).

४०. बालचन्द्र शर्मा, उही, पाद-टिप्पणी २१।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई यस तवरबाट कज्याउने हुँदा नै यसलाई भाषाको ज्यादै महत्त्वपूर्ण कुरो ठानिन्छ ।

१०. परम्परागत लेखनसम्बधी

भाषाका खास बेहोराहरूमध्ये एउटा परिवर्तनशीलता पनि हो । यसले गर्दा भाषाका उच्चरित र लिखित दुवै रूपमा परिवर्तन आउँछ, तर दुवैको परिवर्तन-गतिमा भने ठुलो अन्तर हुन्छ । भाषा नैसर्गिक रूपमा उच्चरित भएकाले परिवर्तनको नैसर्गिक प्रवृत्ति पनि पहिला यसको उच्चरित रूपमा देखापर्छ । परिवर्तनको यस अनिवार्य क्रममा अन्य कुराका साथै ध्वनिमा पनि परिवर्तन आउँछ जसले उच्चारणमा भेद र विविधता ल्याउँछ । भाषाको लिखित रूप पनि उच्चरित रूपकै अङ्कन भएकाले उच्चारणमा परिवर्तन हुँदा लिखित रूपमा पनि परिवर्तन आउँछ, तर यसमा उच्चरित रूपभन्दा बढी स्थायित्व र अचरता भएकाले त्यो परिवर्तन धेरै पछि मात्र देखापर्छ । यसबाट के सिद्ध हुन्छ भने उच्चरित भाषामा कम स्थायित्व भएकाले त्यो बढी परिवर्तनशील र लिखित भाषामा बढी स्थायित्व भएकाले त्यो कम परिवर्तनशील हुन्छ । दुवैको यस भिन्नताले गर्दा नै एउटाको परिवर्तनको गति ज्यादै चलाक र अर्काको ज्यादै सुस्त हुन्छ । परिणामस्वरूप भाषाको उच्चरित रूपमा परिवर्तन आइसक्दा पनि लिखित रूपमा परिवर्तन आएको हुन्न । यो नै त्यो कारण हो जसले गर्दा उच्चारण र वर्ण-विन्यासमा फरक पर्न जान्छ, जस्तै–नेपालीमा [भात] को उच्चारण [भात] नै गरिने हुँदा सोअनुरूप लेखाइमा पनि [भात] नै हुन आएको हो । अहिले [भात] को उच्चारण परिवर्तन भएर [भात्] भइसकेको छ , तर यो परिवर्तन लेखाइमा नआएकाले आज पनि [भात्] नलेखेर परम्परित अचर वर्ण-विन्यासअनुसार [भात] नै लेखिन्छ । यसरी जब उच्चारित रूप र लिखित रूपमा खाडल बढ्दै गएर ज्यादै ठुलो हुन्छ र उच्चारणमै नभएको अतिरिक्त भार लेखाइमा खेपिरहनुपर्ने हुन्छ, तब एकातिर उच्चारणअनुरूप लेख्ने आग्रहको प्रबलता र अर्कातिर परम्परित लेखनको निर्वाहका चापले वर्ण-विन्यासमा अनेकरूपता आउँछ, जस्तै–

(अ)	(आ)	(इ)	(ई)
दाह्रा, दारा	चूल्हो, चूलो	सह्माल्नु समाल्नु,	चिह्नो, चिनो
आह्री, आरी	दैह्लो, दैलो	कुह्माले, कुमाले	चिह्नारी, चिनारी
थोह्रै, थोरै	कैह्लो, कैलो	कुह्मालकोटी,कुमालकोटी	गह्नाउनु, गनाउनु
इतह्रिनु, इतरिनु	वैह्ला, बैला	ह्मास्नु, मस्नु ... ।	चिह्ना, चिना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चिह्निनु, चिढिनु ओह्ल्र्नु, ओर्ल दाह्र्नु, दार्नु...।
ओह्रालो, ओरालो टोह्लाउनु, टोलाउनु...।
पह्र, पढ
तेह्रौंते, तेरौंते (उ) (ऊ)
गह्रो, गारो कन्डै, क्रन्नै भिन्दै, भिन्नै...।
सिह्रान, सिरान...। उन्डाइस, उन्नाइस...।

माथि (अ) देखि (ई) हुलसम्मका शब्दहरूको समकालीन उच्चारणमा /ह/ ध्वनिको लोप भइसकेकाले सोविना र परम्परित लेखनमा लोप नभएकाले सोसहित लेखिन्छ, जसले गर्दा यस्ता र यस्तै अन्य (हुल (ए), (ऐ) आदि) शब्दको वर्ण-विन्यासमा द्विरूपता आएको छ।

११. संस्कृत (तत्सम) शब्दसम्बन्धी

अरू आधुनिक आर्य–भाषासरह नेपाली पनि संस्कृतको सन्तान हो। सन्तानले माउका श्री-सम्पत्तिको बढी उपभोग गर्नु सामान्य कुरो भएकाले नेपालीले संस्कृतका बढी शब्दहरूको चलन गरेको छ। नेपाली भाषामा संस्कृत-बाट लिइएका शब्दहरूको प्रयोग तीन रूपमा गरिन्छ–

तत्सम	अर्द्धतत्सम	तद्भव
कृष्ण	कृस्न	किस्न
बिकाश	विकास	बिकास
यशोदा	जशोदा	जसुदा
उज्ज्वल	उज्वल	उजालो
ऋण	ऋन	रिन

उपर्युक्त तीन रूपमध्ये तद्भवलाई चाहिं नेपालीको आफ्नै शब्द मानिन्छ र यस खालका शब्दहरूको उच्चारण तथा वर्ण-विन्यासमा खास फरक पनि पाइन्न। तद्भव शब्दमा निकै नै स्थिरता आइसकेकाले यिनमा त्यतिविघ्न समस्या पनि देखिन्न। यसका विपरीत नेपालीमा आएका तत्सम शब्दमा भने थरि-थरिका समस्या देखिन्छन्।

नेपालीमा तत्सम शब्दको मूल समस्या के हो भने आज अधिकांश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत शब्दको नेपाली उच्चारण ठीक त्यही रूपमा गरिंदैन जुन रूपमा त्यो लेखिन्छ अथवा शब्दको जस्तो परम्परागत संस्कृत वर्ण-विन्यास छ त्यस्तो उच्चारण गरिंदैन । संस्कृतबाट नेपालीमा आएका यस्ता तत्सम शब्दहरू मुख्यत: दुई खालका छन् । पहिलो खालभित्र ती शब्द पर्छन् जसमा भएका केही ध्वनिहरू नेपाली उच्चारणमा अलप भइसकेका छन्, जस्तै– **ऋण, कृपा, विष, शान्त, रक्षा, ज्ञान, चिह्न, ब्राह्मण, दु:ख**... को समकालीन उच्चारण अधिकांशद्वारा **रिन, क्रिपा, बिस-बिख, सान्त, रच्छे-रक्छे, ग्याँन, चिन्ह, ब्रम्हण, दुख**... का रूपमा गरिन्छ । उपर्युक्त तत्सम शब्दमा भएका /**ऋ, ष, श, क्ष, ज्ञ, ह्न, ह्म, विसर्ग**... / ध्वनिहरू नेपाली उच्चारणमा क्रमश: / **रि, स, स, च्छ-क्छ, ग्यँ, न्ह, म्ह, शून्य**.../ मा परिवर्तित भएका छन् । तसर्थ यी ध्वनिहरू भएका तत्सम शब्दको वर्ण-विन्यासमा अनेकरूपता देखिन्छ । दोस्रो खालभित्र संस्कृतका ती शब्द पर्छन् जसमा व्यञ्जनको द्वित्व हुन्छ, जस्तै– **महत्त्व, तत्त्व, उज्ज्वल कर्त्ता**... । अधिकांशले नेपालीमा यिनको उच्चारण **महत्व, तत्व, उज्वल, कर्ता**... का रूपमा गर्छन् र यही रूपमा लेख्छन् पनि ।

संस्कृत शब्दसम्बन्धी अर्को समस्या ती शब्दसंग जोडिएको छ जो तत्सम रूपमा हलन्त छन्, जस्तै– **विद्वान्, महान्, भगवान्, श्रीमान्, परिषद्, विराट्, किञ्चित्, कदाचित्, पृथक्, अर्थात्**...। यस्ता शब्दको नेपाली हलन्त उच्चारणमा भिन्नता आएको छैन तापनि यिनको वर्ण-विन्यासमा भने द्विरूपता देखिन्छ, जस्तै– **विद्वान्, विद्वान**... ।

१२. आगन्तुक शब्दसम्बन्धी

विभिन्न विदेशी भाषाका थुप्रै आगन्तुक शब्दलाई नेपाली भाषाले आफ्ना घरमा बास दिएको छ । नेपालीमा **अरबी, फारसी, तुर्की, अंग्रेजी, पोर्तुगाली, फ्रेन्च, जर्मन, रसियाली** आदि भाषाका शब्दहरू पाहुना लाग्न आएका छन् जसमध्ये अन्तिम तीन भाषाबाट आएका शब्दहरूको संख्या भने निकै कम छ ।

पाहुना लाग्न आएका शब्दमध्ये केही **तद्वत्** र केही **तद्भिन्न**का रूपमा प्रयुक्त हुन्छन् । तद्भिन्न ती आगन्तुक शब्द हुन् जो मूलभन्दा फेरिएर नेपालीमा आएका छन् । यस्ता शब्दहरू नेपाली ध्वनिमा ढालिएर स्थिर भइसकेका हुँदा वर्ण-विन्यासमा पनि प्राय: अनेकरूपता देखिन्न, जस्तै– **ऐन, परमाङ्गी, बटन, फेटा, बाल्टी, कैंची, लालटिन, कारतुस**...। तद्वत् चाहिं ती आगन्तुक शब्द हुन् जो नेपालीमा आएर पनि पटक्कै फेरिएका छैनन् । यस खालमा पनि त्यस्ता शब्दको वर्ण-विन्यासमा अनेकरूपता देखिन्न जसको ठ्याक्क मिल्ने ध्वनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीमा छ, जस्तै– **बस, स्कूल, सेमिनार, कुपन, रेल, प्लेन, हिटर, मिटर** ...।
आगन्तुक शब्दमा वर्ण-विन्यासको अनेकरूपता मात्र त्यस्ता तद्वत् शब्दमा देखिन्छ
जसको ध्वनि नेपाली ध्वनिका अनुकूल हुन्न, जस्तै–

अ. कल, काल; बल, बाल; हल, हाल;
डक्टर, डाक्टर; कलेज, कालेज ...।

आ. अम्रीका, अमरिका, अमेरिका, एमरिका;
बैंक, ब्याङ्क, बङ्क;
पिपरमेन्ट, पिपरमिन्ट, पेपरमेन्ट, बेपरमिन्ट;
रूस, रसा, रसिया;
चीन, चाइना, चीना;
बृटिश, ब्रिटिश, ब्रीटीस; ब्रिटिस,
एन्ड, यान्ड, आएन्ड;
मैजिस्ट्रेट, म्याजिस्ट्रेट;
गजेट, गजट;
बजेट, बजट ...।

यी र यस्तै अन्य आगन्तुक शब्दका सम्बन्धमा दुई प्रकारका समस्याहरू देखिन्छन् । (आ) हुलमा परेका वा सो जस्ता अन्य शब्दका बहुरूपमध्ये कुनै एक रूपलाई स्थिर गर्नु एउटा समस्या हो । अर्को समस्या हो (अ) हुलका वा सो जस्ता अन्य शब्दका निमित्त कुनै चिह्नको निर्धारण गर्नु, किनभने यस हुलका केही शब्दको नेपालीमा अर्थभेदकता पनि पाइन्छ, जस्तै–

कल (यन्त्र), **काल** (समय); **बल** (शक्ति) **बाल** (बच्चो);
हल (हलो), **हाल** (अहिलेको समय) ...।

१३. पदयोग र पदवियोगसम्बन्धी

नेपाली वर्ण-विन्यासमा डिको दिनु लर्तरो काम होइन । डिको वा शिरोरेखा तान्ने काम पदयोग र पदवियोगसंग सम्बन्धित भएकाले एकभन्दा बढी खण्ड हुने पदलाई कहाँ युक्त गरी एउटै डिकामा लेख्ने र कहाँ वियुक्त गरी बेगला-बेग्लै डिकामा लेख्ने भन्ने कुराले नौनारी गाल्छ । नेपालीमा पदयोग र पदवियोग गर्ने आधार एउटा मात्र नभएर विभिन्न छ, जसमध्ये वाक्यमा पदको अर्थ र त्यसको व्याकरणिक कार्यलाई मुख्य आधार भन्न सकिन्छ । वाक्यअन्तर्गतका कुनै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि पदमा डिको दिंदा यी दुवै दृष्टिबाट विचार पुऱ्याउनु अनिवार्य भएकाले यो काम ज्यादै जटिल भएको हो ।

पदको अर्थका आधारमा डिको दिंदा उही पद पनि वाक्यमा अर्थको फरकले संयुक्त र वियुक्त दुवै हुन्छ, जस्तै–

अ. लेखिहाल (झट्ट लेख), लेखी हाल (लेख अनि हाल),

आ. बस्नेछ (सामान्य भविष्यत्), बस्ने छ (बस्ने व्यक्ति वा वस्तु छ),

इ. गरेछ (अज्ञात भूत), गरे छ (गर्ने भए छ),

ई. हिजोआज (अचेल), हिजो आज (दुवै दिन) ... ।

वाक्यमा एउटा व्याकरणिक वर्गले अर्को व्याकरणिक वर्गको कार्य पनि गर्छ । पदको यस व्याकरणिक कार्यका आधारमा पनि उही पद संयुक्त र वियुक्त दुवै हुन्छ, जस्तै–

अ. धुलामाथि नकार (नामयोगी), धुलो माथि नफार (क्रियायोगी);

आ. नदेख्ने (अकरण), न देख्ने न सुन्ने (संयोजक);

इ. किनभने (संयोजक), किन भने (क्रिया विशेषण र क्रिया) ... ।

उपर्युक्त दुई आधारबाहेक अन्य कारणबाट पनि उही पद संयुक्त र वियुक्त दुवै रूपमा लेखिन्छ, जस्तै–

अ. लौन (क्रियामा जोड दिन आएको निपात),
स्वाँठ न हो (क्रियाबाहेक अन्य पदमा जोड दिन आएको निपात);

आ. सर्नेछ, सर्ने थियो ... ।

माथिका उदाहरणहरूबाट के स्पष्ट हुन्छ भने सम्यक् रूपमा पदयोग र पदवियोग गरी ठीकसंग डिको दिनाका निमित्त सम्पूर्ण नेपाली व्याकरण घोकेर पानी पार्नु जति आवश्यक छ, वाक्यमा पदको अर्थ छुट्याउने पिताम हुनु पनि त्यति नै आवश्यक छ ।

१४. वर्णेतर चिह्नसम्बन्धी

नेपाली लेखनमा केही वर्णेतिर चिह्नहरूको पनि अत्यन्त महत्त्वपूर्ण भूमिका छ । यस्ता चिह्नहरू दुई खालका छन्– विराम चिह्न र विरामेतर चिह्न । दुवैमध्ये पहिला खाले चिह्नहरू वर्णजत्तिकै अनिवार्य ठानिन्छन्, किनभने लेखाइ र बोलाइमा यिनको अर्थभेदक मूल्य हुन्छ ।

विराम चिह्नको प्रयोग कि वाक्यका अन्त्यमा कि मध्यमा हुन्छ । वाक्यमा प्रयुक्त हुने स्थानका आधारमा विराम चिह्नहरू निम्न दुई वर्गका हुन्छन्–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. अन्त्य विराम → { सामान्य पूर्णविराम —→ [।]
प्रश्नसूचक पूर्णविराम- → [?]
विस्मयसूचक पूर्णविराम→ [!] }

ख. मध्य विराम → { अल्पविराम → [,]
सापेक्ष विराम → [:]
अर्द्ध विराम → [;] }

योजक चिह्न → [-] यो चाहिं रूपिमिक चिह्न हो ।

उपर्युक्त विराम चिह्नका विपरीत निम्नलिखित विरामेतर चिह्न चाहिं अर्थभेदक मूल्यका हुन्नन् । यिनको प्रयोग लेखाइमा मात्र हुन्छ, बोलाइमा चाहिं हुन्न । लेखनमा स्पष्टताका निमित्त यिनलाई आवश्यक मानिए पनि अनिवार्य चाहिं ठानिदैन । यसै कारणले केही विरामेतर चिह्नहरू विकल्पात्मक पनि छन्, जस्तै–

उद्धरण चिह्न → [' '], [" "]

निर्देशक चिह्न → [—], [:—], [:]

कोष्ठक → ( ), [ ], { }

अपूर्णतासूचक चिह्न → [...], [× × ×]

ऐजन चिह्न → [,,]

संक्षेपक चिह्न → [०]

नेपाली वर्णेतर चिह्नहरू, खासगरी विराम चिह्नहरूको प्रयोगमा भएका अलमलहरूलाई पन्छाउने खास प्रयास अझै नभएकाले यिनको उपयोगमा एकरूपता पाइन्न ।

१५. उपसंहार

माथिका स्थितिले ठाडै औंल्याएको तथ्य के हो भने हाल नेपाली मानक र बहुमान्य भएर प्रचलित वर्ण-विन्यासको स्वरूप र प्रयोगमा ठुलो बिल्लिबाँठ रहेको छ । यस बिल्लिबाँठको निर्क्योल गर्नका निमित्त भाषालाई मूर्त्तता प्रदान गर्ने साधन लिपिबाट कुरो उप्क्याउनु बेस होला । नेपाली भाषालाई दृष्टिगोचर तुल्याउने माध्यम देवनागरी लिपि हो, जसको वर्णमालाका कम्तीमा नौ वर्णहरू एकभन्दा बढी रूपमा प्रचलित छन् । कुनै वर्णका तीन-तीन रूप (जस्तै– श) र कुनै वर्णका चार-चार रूप (जस्तै– ञ) देखा पर्नु त झन् बहुरूपताको पराकाष्ठा नै हो । त्यसो त रोमनजस्तो लिपिमा पनि एउटा वर्णका तीन रूप [R, r, r] सम्म देखा नपर्ने होइन तापनि यसलाई चाहिंदो स्थिति चाहिं भन्न सकिन्न, किनभने वर्ण-विन्यास भाषालाई लिपिमा रूपान्तरण गर्ने विधान भएकाले वर्णहरूको बहुरूपता यस विधानका निमित्त हितकर हुँदैन । नेपालीमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एउटै वर्णका विभिन्न रूपहरू यसरी छाडा तवरमा प्रचलित हुनुवाट कुनै एक रूपको स्थिरीकरण नभएको तथ्य प्रकट हुन्छ ।

ह्रस्व-दीर्घ र अनुनासिक-अनुस्दार चाहिँ ध्वनि-तत्त्वसंग गाँसिएका कुरा हुन् । शब्दको वितरणको स्थिति, सुर, तान र आघात आदिमा निर्भर गर्ने हुँदा यसको निक्र्योल र निर्धारण गर्ने कसी ध्वनि-विश्लेषणमा आधारित हुनुपर्ने हो, तर त्यसो नभएर नेपालीमा ह्रस्व-दीर्घको व्यवस्था व्याकरण, अभिव्यक्तिको ढङ्ग र व्युत्पत्तिजस्ता इतर तत्त्वमा आधारित छ । ह्रस्व-दीर्घको टुङ्गो लगाउन राखिएको चर नै अवैज्ञानिक भएकाले नेपाली लेखन-पद्धतिको यो फाँट अपवादको घर हुन पुगेको छ । यसैगरी अनुस्वारको जथाभावी प्रयोगले नेपाली लेखाइमा ठूलो भद्रगोल ल्याएको छ । अनुनासिक व्यञ्जनका ठाउँमा अनुस्वारको प्रयोग गर्दा लेखाइमा केही हौलो अवश्य हुन्छ, तर यसमा वैज्ञानिकता र व्यावहारिकताको अभाव छ । अनुस्वारको सर्वत्र अविचारित प्रयोग किन अव्यावहारिक छ भने यसले तिनलाई बढी फसाद र अलमलमा पार्छ जो भाषा सिक्दै गरेका हुन्छन् । लिंग, पंत, संघी ... जस्ता शब्दमा अनुस्वारको उच्चारण एउटै नभएर फरक-फरक छ र पञ्चमाक्षरका ठाउँमा पनि अनुस्वारकै प्रयोग गर्दा यस फरकलाई ठम्याउन खासगरी सिकारुहरूलाई धौ पर्छ ।

नेपालीका धेरै शब्दहरूको उच्चारण स्थिर भइसकेको छ, तर धेरैको अस्थिर पनि छ । स्थानभेद र व्यक्तिभेदले गर्दा अस्थिर शब्दको उच्चारणमा हुने विभिन्नताका कारणबाट यस्ता शब्दको वर्ण-विन्यासमा पनि अनेकरूपता देखापरेको छ । शब्दको उच्चारणमा निकै फरक आइसक्दा पनि तिनको परम्परित वर्ण-विन्यासमा सुधार गर्ने जमर्को नभएकाले नेपाली लेखनमा अनेकरूपताले बेग्लै रजाइँ चलाइएको देखिन्छ । अधिकांश संस्कृत (तत्सम) शब्दको जस्तो वर्ण-विन्यास छ त्यस्तो नेपालीमा उच्चारण नगरिने हुँदा र संस्कृतको परम्परित वर्ण-विन्यासबारे नेपालीमा सरल नियमहरू पनि सुलभ नहुने हुँदा लेखनमा ठूलो गन्जागोल आएको देखिन्छ । नेपाली ध्वनिमा पाइक नपर्ने आगन्तुक तद्वत् शब्द-हरूको अस्थिरताले पनि लेखाइमा उत्तिकै अनेकरूपता ल्याएको देखिन्छ । पदयोग र पदवियोगसम्बन्धी जटिलता र डिको दिने काइदाको अनियमितताले नेपाली वर्ण-विन्यासमा अनिश्चिततालाई जन्माएको स्पष्ट देख्नसकिन्छ । विराम चिह्नहरूको जथाभावी प्रयोगले पनि लेखनमा अनेकरूपतालाई नै पोसेको छ ।

माथिका निक्र्योलको निचोर के हो भने नेपाली वर्ण-विन्यासको सम्पूर्ण फाँट नै अनेकरूपता, अनियमितता, अनिश्चितता, अवैज्ञानिकता र अव्यावहारिकताद्वारा सिकिस्त पारिएको छ । नेपाली वर्ण-विन्यासलाई यस विकट स्थितिबाट उकास्ने एकमात्र उपाय यसको सर्वाङ्ग र सर्वमान्य स्तरीकरण हो । □

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट–क

वर्ण-विन्यास र चिन्ह-परिचय

(लेखकको "शब्द-रचना र वर्ण-विन्यास" बाट जस्ताको तस्तै उद्धृत ।)

१. वर्ण–विन्यास

(क) ह्रस्व-दीर्घ

बाइमात्रा वा तर्कुले लागेको थोरै बेर उच्चारण हुने वर्ण ह्रस्व हो र दाहिना वा बर्धन्ने लागेको धेरै बेर उच्चारण हुने वर्ण दीर्घ हो । ह्रस्व र दीर्घको यस फरकलाई तलको कोठे-बेहोराले अझै स्पष्ट पारेको छ–

किसिम	ह्रस्व		दीर्घ	
भेद	बाइमात्रा	तर्कुले	दाहिना	बर्धन्ने
सङ्केत-चिह्न	ि	ु	ी	ू
उच्चारण	इ	उ	ई	ऊ
उदाहरण	कि	कु	की	कू
	खि	खु	खी	खू
	गि	गु	गी	गू
	रि	रु	री	रू

नेपाली भाषामा ह्रस्व अच्छेर भएका शब्द बढी छन् र दीर्घ अच्छेर भएका सारै थोरै छन् । यसैले ह्रस्व-सम्बन्धी जति नियम छन्, त्यति दीर्घ-सम्बन्धी छैनन् । बुझ्न, दाँज्न र प्रयोग गर्न सजिलो होस् भन्ने मनसायले ह्रस्व-दीर्घका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै प्रचलित र बहुमान्य नियम र उदाहरणहरू एउटै कोठे-बेहोराभित्र सङ्गालिएको छ। यसले रस्व र दीर्घको फरक राम्ररी खुट्याउन-छुट्याउन र शुद्ध हिज्जे गर्न सुगम तर व्यवस्थित पाराले सघाउनेछ।

[हेर्नू : पाना ३३६ मा रस्व-दीर्घको कोठे–बेहोरा]

(ख) खुट्टो काट्नु र फुन्ड्याउनु

खुट्टो काटिएको अच्छेरलाई 'हल्' भनिन्छ। हल् भनेको आधा अच्छेर लेख्ने र बोल्ने काइदा हो। हल्-वर्णको उच्चारण पूरा होइन, आधा मात्र गरिने हुनाले यस्तो अच्छेर लेख्दा हल्-चिन्ह अर्थात् छड्के धर्को [्] लाउनु पर्छ। पूरा अच्छेर लेखेर सो अच्छेरमुनि दाहिनेतर्फ छड्के परेको धर्को लाउनु नै खुट्टो काट्नु हो, जस्तै– क् , ख् , ग् , घ् , ङ / छड्के धर्को नलाई आधा अच्छेर लेखेर अर्कोमा फुण्ड्याउनु पनि हल् नै हो, जस्तै– व [बच्छ], ख [ख्याति], ग [भाग्य], घ [सुघ्घर] आदि।

शब्दको अघिल्लो वा बीचको अच्छेर हल् छ भने प्रायः फुन्ड्याइन्छ, तर अन्तेको अच्छेर हल् छ भने खुट्टो नै काटिन्छ। केही अच्छेर यस्ता पनि छन् जो अघाडि वा बीचमा आए पनि सबै वर्णसंग फुन्ड्याउन मिल्दैनन्। केही वर्णमा मात्र फुन्डिन जाने यस्ता अच्छेर जहाँ आए पनि नेपालीमा प्रायः खुट्टो काट्ने नै चलन छ। सबै अच्छेरसंग फुन्ड्याउन मिल्ने र नमिल्ने हल् वर्णलाई तल (पृष्ठ ३३७ मा) छुट्टा–छुट्टै देखाइएको छ–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रस्व-दीर्घको कोठे-बेहोरा

शब्दको किसिम	पछाडि — रस्व	पछाडि — दीर्घ	अघाडि — रस्व	अघाडि — दीर्घ	बीचमा — रस्व	बीचमा — दीर्घ
नाम (संज्ञा)	१. भाले—नाति, पनाति, ज्वाइँ, पोइ, भाइ, दाइ, दाजु, वराजु, भिनाजु, बाबु, बाउ, गुरु, गोरु आदि । अपवाद—हात्ती, सम्धी, स्वामी । २. उकारान्त नपुंसक— गाउँ, हिउँ, घिउ, स्याउ, केराउ, आलु, तालु, पिंडालु, धनु, गानु, जिम्बु, किम्बु, मासु आदि । ३. भाववाचक— (आइँ) कजाइँ, रजाइँ, पुरेत्याइँ, उल्ल्याइँ, कपटचाइँ, बसाइँ, बढाइँ, लडाइँ, रोपाइँ; (आइ) बकाइ, ढल्काइ, जोताइ, पढाइ, भनाइ, सिचाइ, ओगटाइ; (आउ) घेराउ, अडाउ, पक्राउ, भनाउ, जनाउ, सघाउ; (नु) रुनु, हाँस्नु, खानु आदि । ४. पुछारमा निम्न अच्छेर भएका इकारान्त तत्सम— त–शांति, जाति, कृति, गति, भक्ति, ध–विधि, निधि, औषधि, परिधि, न–हानि, ग्लानि, मुनि, शनि, द्ध–बुद्धि, वृद्धि, सिद्धि, ऋद्धि प–लिपि, कपि, व–कवि, रवि, छवि, हवि, ष–कृषि, ऋषि, ष्ट–सृष्टि, वृष्टि, पुष्टि, दृष्टि, अन्य–रुचि, त्रुटि, अस्थि, त्राहि, नाभि आदि ।	१. पोथी—दिदी, बैनी, नैनी, रानी, भोटेनी, कमिनी, गुरुङसेनी, छोरी, बुहारी, स्वास्नी, बाहुनी, कुटुनी, गाई, भैंसी, कान्छी, जेठी, सती, श्रीमती, नाठी, राँडी, भाउजू, बोजू, आमाजू, फुफू, सासू आदि । २. इकारान्त नपुंसक—आली, क्याली, जुनेली, जुरेली, कोइली, फर्सी, रक्सी, औंसी, कौसी, औंठी, कैंची, स्याँगी, चिम्टी, पानी, मिठाई, सलाई आदि । ३. इकारान्त भाववाचक—गरीबी, इमान्दारी, लाली, बेहोसी, जवानी, चाकरी, डक्टरी, चलाखी आदि । ४. निम्न कुरा जनाउने — वतन—काठमाण्डू, भास्सू, जम्मू, कास्की, गुल्मी आदि । जाति—नेपाली, भारतेली, फ्रान्सेली, हिन्दू आदि । जात —जैसी, छेत्री, थारू, धामी, कामी, दमाई, सार्की, नाऊ, धोबी, साल्मी, माझी आदि । थर—रेग्मी, अधिकारी, गुरागाईं, लोहनी, भण्डारी, तेवारी, केसी, (खत्रीछेत्री) ज्यापू, सैंजु आदि । पेसा—खेती, हलो, बेपारी, नोकरी, विद्यार्थी, जजमानी पुजारी, पादरी, सिकारी, थरी, सिकर्मी, डकर्मी, हुलाकी, तबल्ची, सराफी, जोहरी, नालबन्दी, जाँचकी, धामी आदि । दर्जा—मन्त्री, काजी, विचारी, खजान्ची, प्रहरी, सिपाही, सेक्रेटरी, चपरासी, सन्त्री आदि । ५. डब्लिएका वा खप्टिएका अच्छेर भएका उकारान्त— चक्कू, लक्कू, पक्कू, धक्कू, बक्खू, रफ्फू, लड्डू, कट्टू, उल्लू, पन्यू, कुन्यू, गुन्यू, घ्यू आदि । ६. ठूलोबाट सानो बनाइएका—थाली, थैली, गोली, फूली, चोली, कचौरी, घैंटी, गेडी, घ्याम्पी आदि । ७. आदरार्थी—रामजी, कृष्णजी, शिवजी, शर्माज्यू, थापाज्यू, दाज्यू, सचिवज्यू आदि ।	१. नेपालीका सबै जसो— निचोर, किताब; भिउँट, सिन्को, दिन, तिहुन, दियो, तिरो, ढिँडो, ढिक्री, डिको, डिम्मा, छिमेक, छिपा, चिना, चिप्लेटी, पित्तल, बिर्को, मिजास, मिति, सुर, हुमेलो, मुन्द्री, सुन्टो, मुजुर, सुकुल, पुर्खा, भुत्लो, छुरा, छुद्दे, ढुकना, डुइँया, दुलो, दुवा, कुकुर, गुज्जा, सुब्बा आदि । २. 'नी', 'वि' उपसर्ग लागेका तत्सम— निरोध, निर्गम, निपात, निखिल, निर्णय, निश्चय, नियम, निर्माण, विक्रम, विरुद्ध विद्रोह, विकल्प, विज्ञान, विदेश, विशाल, विकास, विषय आदि । अपवाद— नीयत, नीलम, नीहार आदि ।	१. केही तत्सम र तद्भव—ईँट, ईथर, ईमान ईख, ईर्ष्या, ईश्वर, ईसा, ऊँट, ऊन, ऊर्जा, ऊष्म, कीचक, कीट, कीरा, कीमत, कीर्ति, कूची, कूट, कूत, कूप, क्रीडा, क्षीर, खीप, खीर, खील, खून, गीत, गीता, गीर्वाण, गूठी, चींज, चीत्कार, चीनी, चीफ, चीर, चील, चूक, चूडा, चूना, चूर, चूर्ण, छीट, छूट, जीन, जीरा, जीव, जीवन, जून, जूही, झीङा, झील, झूल, झूस, टीका, टीठ, डील, डूंड, तीज, तीर, तीर्थ, तूथो, तूफान, थूक, दीक्षा, दीप, दूत, द्वीप, धूप, धूम, धूलो, नीति, नीम, नीर, नील, नून, नूर, न्यून, पीठ, पीडा, पींप, पीपल, पीपा, पीयूष, पीर, पूजा, पूँजी, पूतना, पूरण, पूर्त्ति, पूर्व, पूष, प्रीति, फीस, प्रीति, फूल, फूलो, फूली, बीच, बीज, बीउ, बीडा, बीडी, बीमा, बूझ, बूटा, बूटी, बूता, बूँद, बूंदा, भीक, भीड, भीति, भीमसेन, भीष्म, भूकम्प, भूखण्ड, भूगोल, भूत, भूमी, भूमि, भ्रूण, मीत, मीन, मीमांसा, मील, मूगा, मूङ, मूढो, मूढेबल, मूत, मूम, मूर्त्ति, मूर्च्छा, मूल, मूला, मूल्य, यूँ, यूनान, यूरोप, रीति, रूख, रूप, रूस, लीखा, लीग, लीची, लीला, लू, लूट, लूतो, वीणा, वीर, वीर्य, शीत, शीतला, शीतांग, शीर्षक, शील, शीशी शूकर, शूद्र, शून्य, शूर, शूर्पणखा, शूली, श्री, सीङ, सीटी, सींढी, सीता, सीमा, सूचना, सूची, सूजीकार, सूठो सूँड, सूतक, सूत, सूत्र, सूद, सूप, सूर्य, स्कूल, स्तूप, हीङ, हीरा, हूण, हूल आदि ।	१. नेपालीका सबै जसो— अँजुली, अक्किल, उछित्तो, उत्तिस, उधुम, कँठिनी, गिडुल्को, कचिंगल, गुन्द्रुक, खुकुन्डी, गुजुल्टो, गलफुलो, घोक्रेसुत्ती, चिउरा, चितुवा, छकुवन्जार, जोगिनी, ठिगुरो, ढुकुर, डोबिल्को, ताकिता, तोडिम, तोरियाँ, दनुवार, दाइजो, धुपिस, नलुवा, पच्छिम, पटुका, पागुर, पाङ्दुर, पुरिया, पुर्पुरो, फतुरो, फरिया, वकुल्ला, बटुको, बटुल-बाटुल, भित्रिनी, मकुन्डो, लच्छिन, रनिवास, रनभुल्ल, लरियो, साइपाटो, साउती आदि ।	१. केही तत्सम र तद्भव— अंगूठी, अंगूर, अँडीर, अछूत, अणुवीक्षण, अद्वितीय, अधीन, अनीति, अपील, अभीष्ट, अफीम, असूल, अहीर, आत्मीय, आलपीन, आरारूट, आलूचा, आलूबखडा, इस्तीफा, ईसामसीह, उत्पीडन, उदासीनता, उद्दीपन, उलूक, एकरूपता, कन्जूसी, कन्दमूल, कपूत, कपूर, कबीर, कबूल, कमीज, कश्मीरा, कस्तूरी, कसूर, काटकूट, कानून, कारतूस, काश्मीर, किरीट, कुतूहल, कूपमंडूक, खजूर, खरीद, खरीदार, खरबूजा, गंजीफा, गांडीव, छानबीन, जंजीर, जगदीश, जन्मभूमि, जासूस, जिमीन, जुलूस, झारफूक, झासफूस, झिटीमिटी, ढुटोमाटी, तकदीर, तकलीफ, तज-बीज, तपसील, तसवीर, तहकीकात, तहरीर, तहबील, तहसील, तातील, तानपूरा, तामचीन, तामील, तारपीन, तारीख, तारीफ, तालीम, तुलसीपत्र, त्रिशूल, तेरौंते, दस्तूर, दूरबीन, दौडधूप, धतूरो, नमूमा, निरूपण, पंचसूत्र, पतलून, पनीर, परीक्षा, परीक्षण, पश्मीना, पसीना, पीयूष, पुदीना, प्रतीक, प्रतीक्षा, प्रतीति, प्रदीप, फकीर, फजूल, बन्दूक, बहीदार, बाजीमाथ, बतील, बारूद, ब्रह्ममुहूर्त्त, भगीरथ, मंजूरी, मंसीर, मजदूर, मजमून, मयूर, मरीच, महीप, मसूरो, मस्तूल, महसूल, मूहूर्त्त, मोतीचूर, यकीन, रंगरूप, रसीद, राजीनामा, लंगूर, वकील, वजीर, वसीयत, वसूल, विभीषण, विदूषक, शरीर, शरीक, शार्दूल, शिरीष, संगीत, सईस, सन्दूक, सपूत, सबूत, समीकरण, समीर, समूह, सागूदाना, सिन्दूर, सुग्रीव, सूचीपत्र, सूजीकार, स्पष्टीकरण, स्वरूप, स्वाधीनता, हकीम, हट्टीवाल, हवाईजहाज आदि ।
सर्वनाम	१. परिमाणवाचक— यति, उति, जति, कति, त्यति आदि ।	१. परिमाणवाचकबाहेक सबै जसो—हामी, तिमी, उनी, यिनी, आफू, ती, यी, ऊ, तपाईं आदि ।	१. निम्न— तिमी, यिनी, तिनी, उनी ।	१. एक अच्छेरे— ती, यी, ऊ आदि ।	× ×	१. तीन अच्छेरका— हजूर, मौसूफ आदि ।
विशेषण	१. निम्न प्रत्यय लागेर बनेका— आरु–सिकारु, निम्तारु बजारु आलु–विखालु, मैतालु, उडालु एलु–घरेलु, बनेलु आदि । २. परिमाणवाचक— 'केही' र 'अरू' बाहेक जम्मै ।	१. सबै जसो— अल्छी, कोर्काली, बैंगुनी, पूर्वेली, हिमाली, दङाली, गँजडी, नाफारी, गफडी, आँटी, धाँसी, पुस्त्यौली, एकलौटी, उपरी, अन्यत्री, छट्टू, ढड्डू, लागू चालू आदि । २. पोथी सबै—पातली, च्याँसी, गोरी, राम्री, कैली, बूढी, थसुल्ली तिनौटी, मुडुली आदि । ३. संख्यावाचक सबै—साठी, असी, एकासी, उनासी आदि ।	१. नेपालीका सबै जसो— जुस्सो चिम्सो, सुइँखुट्टे सिकुटे, हुल्याहा, पिराहा ढुकुवा आदि ।	१. 'र्ण' र 'य' अघाडिको अच्छेर—जीर्ण, पूर्ण, पूज्य, पूजनीय आदि । अपवाद— निर्णय, प्रिय । २. संख्यावाचक—बीस, तीस, तीन आदि । ३. केही तत्सम र तद्भव—ईसवी, कूँजो, क्रूर, गीलो, क्षीण, झूटो, ठूलो, ढीलो, तीक्ष्ण, तीतो, दीन, दीर्घ, धूर्त, नीच, पूरक, बूढो, बूढी, भीरु, मीठो, मीर, मूक, रूखो, लूते, शीतल, हीन आदि ।	१. निम्न प्रत्यय जोडिएर बनेका— इक– मौखिक, इत– पतित, इम– आदिम, इलो– मलिलो, उवा– चरुवा ।	१. अरू बनौटे— अचूक, अछूत, अजीब, अजीव, अटूट, अतीत, अदूर, अदूरदर्शी, अधीन, अनुकूल, अधीर, अधूरो, अनुकूल, अपूतो, अपूरो, अपूर्व, अमूल्य, ईश्वरीय, उत्तीर्ण, एकदेशीय, एकपक्षीय, कन्जूस, खृष्टीय, गरीब, ग्रामीण, तृतीय, द्वितीय, धुरीण, नवीन, प्रणीत, प्रतिकूल, प्राचीन, प्रवीण, मजबूत, रमणीय, विपरीत, संकीर्ण, समीप आदि । २. संख्यावाचक-- चालीस, चौवालीस, पैंतीस आदि ।
क्रिया	१. उत्तम पुरुष एकवचन वर्तमान कालमा प्रयुक्त हुने—हेर्छु, जान्छु, भन्छु आदि ।	१. इच्छा र अरोट जनाउने—जाऊँ, खाऊँ, हेरूँ, फोरूँ, देऊ, लैजाऊ, बसाऊ, बस्नू, जानू, खानू आदि । २. स्त्रीलिंगी—गई, हिंडी, हाँसौली, पाउली आदि ।	१. सबैजसो— गुटमुटिनु, लियो, हुर्रिनु, छिनियो आदि ।	× ×	१. अन्तेमा 'न्' आएको स्त्रीलिंगी— गइन्, बसुन्, बसिन् आदि ।	१. संयुक्त-क्रियामा जोड दिनु पर्दा-- गरीबक्सियो, हेरीदिनु, लगीदिनु आदि । २. विध्यर्थक--हेरून्, बसून् आदि ।
अव्यय	१. प्रायः सबै— अघि, पछि, माथि, अनि, भोलि, नेरि, पटि, लागि, फेरि, चाहिं अस्ति, बाजि, चोटि, बरु आदि ।	१. 'अरी' 'तरी' प्रत्यय लागेका—यसरी, उसरी, कसरी, वेसरी, रामरी, सुस्तरी, यस्तरी, जस्तरी, आदि । २. 'एर' र 'अरी' अर्थ दिने—पढी, खामी, गई, हेरी, रोई, कलकली, दनदनी, दनदन्ती आदि । ३. अन्तेमा 'ही' भएका—यही, उही, केही, त्यहीं, जहीं सोही आदि ।	१. सबै जसो— तिर, सित, कि, धिक्कार, छि, पुनः आदि ।	× ×	१. सर्वनामबाट बनेका– उहिले, कहिले, जहिले आदि । २. अव्ययबाट बनेका– मुन्तिर, मास्तिर अघिल्तिर आदि ।	१. केही मात्र-- आमूल, ढलीमली आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बोल्दा —छल्छाम्, कन्फट्टा, तर्वार्हनैया, श्रम्रहित्, इँजार्घर्, धन्पिचास्, हर्दिन्, पोहोर् ।

लेख्दा— छलछाम, कनफट्टा, तरवारहनैया, श्रमरहित, इँजारघर, धनपिचास, हर-दिन, पोहोर ।

३. अनुकरणात्मक समस्त-शब्दका पदान्त वा पदान्तहरू खुट्टो काटेरै बोलिन्छ, तर लेख्ता त्यसो गर्नु हुन्न, जस्तै—

बोल्दा— फ्रम्फ्रम्, खल्खल्, सक्सक्, दन्दन्, भटाभ्ट्, कोर्कार्, ख्यास्ख्यास्, टिल्पिल्, कुरुङ्कुरुङ्, मल्याक्मुलुक्, लस्याङ्पस्याङ् ।

लेख्दा— फ्रमफ्रम, खलबल, सकसक, दनदन, भटाभट, कोरकार, ख्यासख्यास, टिलपिल, कुरुङ्कुरुङ, मल्याकमुलुक, लस्याङपस्याङ ।

अनुकरणात्मक शब्दमा अघिल्लो र बीचको अच्छेरलाई आधा फुन्डचाउने वा खुट्टो काट्ने काम भने उच्चारणअंसार नै गरिन्छ, जस्तै—

थक्क, चप्प, गम्म, फ्लल, ट्वाक्क, फ्याम्म, ड्वाँड्वाँ, घुप्लुक्क, खिन्रिङ्ग, फिर्लिङ्ग, चकमन्न ।

अनुकरणात्मक शब्दका माझमा एउटै अच्छेर भेसो नबिराई दोहोरिए-तेहोरिएको छ भने अन्तिमभन्दा अघिल्लो (उपान्त) अच्छेर उच्चारणअंसार फुन्डिने र नफुन्डिने दुवै हुन्छ, जस्तै—

नफुन्डिएको—सललल, खलल, खततत, भननन, हसस, दननननन, फनन, गलललल ।

फुन्डिएको—सल्ल, खल्ल, खतत्त, भनन्न, हस्स, दननन्न, फन्न, गललल्ल ।

४. क्रियामा अन्तिम अच्छेरको उच्चारणअंसार खुट्टो काटिन्छ र बीचमा आधा अच्छेर पनि फुन्डचाइन्छ, जस्तै—

खालास्, जालान्, रुन्छन्, भन्छिन्, गर्, दिएस्, बस्, उठ्, डढ्छ, कुद्छ, हिंड्ला ।

मध्यम पुरुषको 'तिमी' का लागि आउने क्रियाको खुट्टो कहिल्यै काटिँदैन । यसको उच्चारण पनि खुट्टो नकाटेरै गरिन्छ, जस्तै—

गर, सर, बस, सुत, उठ, हिंड आदि ।

५. शब्दको पुछारमा आउने 'र' को उच्चारण खुट्टो काटेर गरिन्छ, तर लेख्दा काट्नु हुन्न, जस्तै—

बोल्दा— मतियार्, सख्यिार्, लठिगर्, घसिगर्, रहर्, मगर्, शरीर्, चार्, घर्, भर्, धर् ।

लेख्दा— मतियार, सख्यिार, लठिगर, घसिगर, रहर, मगर, शरीर, चार, घर, भर, धर ।

मध्यम पुरुषको 'तँ' का लागि आउने क्रियाका पुछारमा 'र' छ भने खुट्टो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काटिन्छ, जस्तै--

तँ गर्, तँ मर्, तँ सर्, तँ छेर्, तँ सोर् ।

कुनै शब्दको बीचमा 'र' हल् भएर आएको छ भने रेफ [̍] का रूपमा अर्को अच्छेरको टाउकोमा चढ्न पुग्छ, जस्तै--

सूर्य, पूर्ण, दुर्गा, सर्प, गर्धन, खर्पन, अर्न्तर्नु, हर्रर, दर्र, दुर्भाग्य, बर्कौलो, सर्कस आदि ।

६. 'वान्' र 'मान्' प्रत्यय जोडिएर बनेका विशेषणहरूको खुट्टो काटिन्छ, जस्तै--

श्रीमान्, मतिमान्, बुद्धिमान्, लक्ष्मीवान्, बलवान्, गुणवान्, धनवान्, पहलमान्, गाडावान् ।

तर उपर्युक्त प्रत्यय लागेर बनेका शब्दको प्रयोग नामका रूपमा भएको छ भने खुट्टो काट्न हुन्न, जस्तै—

पहलमानसिंह स्वाँर, सुब्बा बुद्धिमान, बलवान उप्रेती, इन्द्रमान शाक्य, डिट्ठा रूपवान, काजीमान कन्दङ्वा ।

७. खुट्टो काट्नै पर्ने केही शब्द—

अकस्मात्, अनेकन्, अर्थात्, अलख-बम्, अवाक्, असत्, अहम्, आपत्, आपद्, आशिष्, आशिस्, इदम्, इस्, ईषत्, उपनिषद्, उस्, एवम्, ओम्, कथञ्चित्, कदाचित्, करोडन्, किंचित्, कैयन्, चतुर्दिक्, जगत्, जाग्रत्, झन्, तस्मात्, दण्डवत्, दैवात्, धत्, परम्, परिषद्, पश्चात्, प्राक्, पृथक्, बृहत्, भविष्यत्, महत्, महान्, यावत्, वाक्, विद्युत्, विपद्, विराट्, शरत्, शाश्वत्, शुभम्, षट् (षट्-नदी, षड्यंत्र), संवत्, संसद्, सत्, सभासद्, सम्यक्, सम्राट्, सुहृत्, स्वयम्, स्वागतम्, हजारन्, हठात्, हत्, हल् आदि ।

(ग) य, ए आदिको निर्णोल

'य, यि, इ; यी, ई; ये, ए' अच्छेरहरू उस्तै किसिमले बोलिए पनि लेख्दा फरक छुट्टचाएर ठीक-ठीक लेख्नुपर्छ । माथिका जोडीहरूमध्ये कुनैमा पनि एउटा अच्छेरका ठाउँमा अर्को लेख्नु बेठीक हो, किनभने सो जोडीको एउटा अच्छेरको सट्टा अर्को आउन्न, जस्तै—

अशुद्ध— इनको, यिज्जत; अनुयाई, भयी; येक, एनकेन ।

शुद्ध— यिनको, इज्जत; अनुयायी, भई; एक, येनकेन ।

उपर्युक्त अच्छेर भएका शब्द लेख्दा प्रायः भूल गरिएको देखिन्छ । भूल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुने मुख्य कारण के हो भने जम्मै जोडीको उच्चारण फन्नै-फन्नै उस्तै हुन्छ । 'इ, ई' स्वर र 'य' व्यञ्जन तालव्य भएकाले यिनको उच्चारण तालुबाट गरिन्छ । 'ए' को उच्चारण ठाउँ कंठ-तालु भएकाले यसको पनि तालुसंग सम्बन्ध छँदैछ । उच्चारण ठाउँको यस तरहको समानता भएकाले नै फरक नछुट्ट्याई लेख्ने भूल प्रायः गरिन्छ, तर एउटा रहने ठाउँमा अर्को अच्छेर राख्ने भूल कहिल्यै गर्नु हुन्न । यिनको प्रयोग निम्न प्रकारले गर्नुपर्छ--

य

१. सर्वनाम र सर्वनामबाट बनेका शब्दहरूमा हम्मेसि 'य' नै लेखिन्छ, जस्तै--

यता, यति, यही, यसो, यसै, यस्तो, यस्तै, यस, यसले, त्यस, त्यस्तो, त्यसरी, यत्रो, त्यत्रो, त्यहाँ, त्यति, यसरी, त्यतिन्जेल, यतिन्जेल आदि ।

२. निम्न अर्थ बुझाउन व्युत्पन्न गरिएका संस्कृत शब्दका अन्तेमा 'य' लेख्नुपर्छ—

योग्य अर्थ— गेय, पेय, देय, शिष्य, दृश्य, हास्य, कार्य, वाक्य, वाच्य, पाठ्य, गद्य, पद्य, खाद्य, क्षम्य, भृत्य, स्तुत्य, सह्य, दर्शनीय, रमणीय, आदरणीय, स्मरणीय, विचारणीय, माननीय, शोचनीय, पूजनीय, पठनीय, रमणीय, कर्त्तव्य, द्रष्टव्य, भवितव्य, वक्तव्य, ज्ञातव्य, दातव्य, गन्तव्य आदि ।

भाववाचक— धैर्य, वीर्य, जय, माधुर्य, चातुर्य, पांडित्य, वाणिज्य, स्वास्थ्य, आधिपत्य, वैधव्य, आतिथ्य, नैपुण्य, लावण्य, शौर्य, सौन्दर्य आदि ।

गुणवाचक— राष्ट्रिय, क्षत्रिय, स्वकीय, परकीय, राजकीय, नामधेय आदि ।

संबन्धवाचक— भवदीय, पाणिनीय, नारदीय, अमात्य, नित्य, पाश्चात्य, ग्राम्य, मूल्य, मुख्य आदि ।

अपत्यवाचक— मनुष्य, आदित्य, दैत्य, चाणक्य, मार्कन्डेय, गांगेय, कौन्तेय आदि ।

विकार र व्याप्ति अर्थ—जलमय, अन्नमय, काष्ठमय, विष्णुमय, शिवमय, हिरण्यमय, स्वर्णमय, वाङ्मय, तेजोमय, बालुकामय आदि ।

हित अर्थ— स्वर्ग्य, आयुष्य आदि ।

३. केही तत्सम र तद्भव शब्दका अघाडि 'य' आउँछ, जस्तै—
यकीन, यहूदी, यक्ष, यजमान, यज्ञ, यत्न, यथा, यथार्थ, यदु, यन्त्र, यम, यमक, यश आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यि

१. नेपालीमा 'यि' अच्छेर भएका निम्न सर्वनाम शब्द मात्रै छन्, जस्तै—

यिनी, यिन ।

२. उपर्युक्त सर्वनाममा विभक्ति चिह्न लागेर बनेका रूपहरूमा पनि 'यि' नै हुन्छ, जस्तै—

यिनको, यिनलाई, यिनमा, यिनबाट, यिनले, यिनीले, यिनीलाई आदि ।

३. 'ता' प्रत्यय लागेर बनेका भाववाचक नाममा 'यि' लेख्नुपर्छ, जस्तै—

रचयिता, मितव्ययिता, साम्प्रदायिकता आदि ।

४. संस्कृतका केही स्त्रीलिंगी शब्दका माझमा पनि 'यि' नै हुन्छ, जस्तै—

गायिका, नायिका, शायिका आदि ।

इ

१. धातुबाट बनेका भाववाचक नामका अन्तेमा 'इ' लेखिन्छ, जस्तै—

हिंडाइ, बसाइ, लेखाइ, पढाइ, रुवाइ, गराइ, हँसाइ, बोलाइ, हेराइ, आदि ।

२. केही तत्सम र तद्भव शब्दका अगाडि 'इ' लेखिन्छ जस्तै—

इँजार, इङ्गल्यान्ड, इङ्गित, इच्छा, इजलास, इज्जत, इत्तलायनामा, इति, इतिहास, इत्यादि, इनाम, इन्कार, इन्टरभ्यू, इन्द्र, इन्द्रिय, इन्धन, इबी, इलम, इलेक्ट्रिक, इस्तिहार, इष्ट, इस्तिरी, इस्तिफा, इह, इहलौकिक आदि ।

यी

१. संस्कृत विशेषणका अन्तेमा 'यी' लेखिन्छ, जस्तै—

सुखदायी, दुःखदायी, प्रेरणादायी, अनुयायी, श्रद्धामयी, स्वर्णमयी, हिरण्मयी आदि ।

ई

१. धातुबाट बनेका अव्ययहरूमा 'ई' लेख्नुपर्छ, जस्तै—

गई, खाई, रोई, दिई, लगाई, लाई, लिई, हँसाई, फँसाई, लेखाई, फुकाई आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. नामबाट बनेका नामका अन्तेमा पनि 'ई' नै लेखिन्छ, जस्तै—

दोहाई, एकाई, सवाई आदि ।

३. केही तत्सम र तद्भव शब्दका अघाडि 'ई' अच्छेर आउँछ, जस्तै—

ईश, ईश्वर, ईसाई, ईसवी, ईसा, ईख, ईथर, ईर्ष्या, ईशान, ईरान आदि ।

यै

१ यस अच्छेरको प्रयोग नेपालीमा हुन्न, मोरिएका संस्कृत शब्दमा हुन्छ, जस्तै—

ज्येष्ठ, ध्येय, मध्ये, प्रत्येक आदि ।

ए

१. क्रियामा 'ए' लेखिन्छ, जस्तै—

लिए, गए, आए, पाए, लाएँ, छोएँ, देखाएँ, पढाएँ, दिएस्, रोएन आदि ।

२. धातुबाट बनेका अव्ययमा पनि 'ए' लेखिन्छ, जस्तै—

गएर, खाएर, फोएर, भएर, छरिएर, कोतरिएर, सुनिएर, लस्किएर आदि ।

३. धातुबाट बनेका विशेषणमा पनि 'ए' लेख्नुपर्छ, जस्तै—

कुल्चिएको, दिएको, रोएको, हराएको, पाएको, लाएको, सिङारिएको आदि ।

४. संख्यावाचक शब्दमा पनि 'ए' नै लेखिन्छ, जस्तै—

एक, एउटा, एक्काइस, एकचालीस, एकाउन्न, एकसरो, एक्लै, एकलास, एकनास, एकान्त आदि ।

(घ) श, ष, स को फरक

वर्णमालामा तीनौटा 'स' छन्— श, ष, स । तीनटैको बोलिने ठाउँ फरक-फरक भएकाले नाउँ पनि फरक-फरक छ । तालुबाट बोलिने तालव्य 'श' हो, मूर्धाबाट बोलिने मूर्धन्य 'ष' हो र दन्तबाट बोलिने दन्त्य 'स' हो । नेपालीमा मोटो 'श', पेटफाऱ्यो 'ष' र पातलो 'स' भनिन्छ ।

नेपालीमा तीन 'स' को टन्टा पटक्कै छैन, किनभने देशज वा फर्रा शब्दमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पातलो 'स' मात्र हुन्छ । 'स' को टन्टा ती शब्दहरूमा भने अवश्य पर्छ जो अरू भाषाबाट नेपालीमा आएका छन् र नफेरिई जस्ताको त्यस्तै बसेका छन् । यस्ता तत्सम शब्दहरूमा मूलकै झैं 'स' लेखिन्छ ।

अंग्रेजी, अर्बेली, फार्सेली, उर्दू आदि भाषाबाट नेपालीमा आएका शब्दहरूमा 'श'र'स'पाइन्छ, तर 'ष' पाइन्न । 'sh' र 'tion' अच्छेर भएको अंग्रेजी शब्द नेपालीमा लेख्दा 'श' हुन्छ, जस्तै––कोटेशन (Quotation) शेम,(Shame) आदि । यी दुई ठाउँ छाडी अरूतिर प्रायः पातलो 'स' नै हुन्छ । अर्बेली, फार्सेलीमा तालव्य उच्चारण हुने जति जम्मै शब्दमा 'श' हुन्छ, जस्तै–– किश्ता, इश्तिहार आदि । तीनोटै 'स' चाहिं संस्कृत शब्दमा मात्रै पाइन्छ । नेपालीमा लेख्दा पनि संस्कृत तत्सम शब्दमा 'स' को फरक खुट्याइने चलन भएकाले कहाँ कुन 'स' लेख्ने भन्ने छोटो जिकी तल गरिएको छ ।

श

१. शब्दको मुखैमा दुई 'स' छ भने दुवै नै मोटो 'श' हुन्छन्, जस्तै––
शिशु, शिशुपाल, शशि, शशिधर, शशक, शशाङ्क, शिशिर, शश्वत्, शाश्वत, शिश्न, शिंशपा, शैशव, शुश्रूषा आदि ।

अपवाद––

क. शोषक, शासक, शेष, शस्त्र, शास्त्र, शिष्ट, शुष्क, शष्य, श्रेष्ठ, संसद् आदि ।

ख. 'सु' उपसर्ग छन् भने दुवै मोटा 'श' हुँदैन, जस्तै––
सुशिक्षित, सुशोभित, सुश्री, सुसज्जित, सुशील, सुसमाचार, सुसम्पन्न, सुस्वास्थ्य, सुसेवक आदि ।

२. शब्दको माझमा वा पुछारमा दुइटा 'स' छन् भने तीमध्ये पहिलो चाहिं प्रायः मोटो 'श' हुन्छ, जस्तै––
आशीष, प्रशंसा, आश्वस्त, विशेष, प्रशासक, प्रशस्ति, विशिष्ट, विशेषण, परिशिष्ट, प्रश्वास, विश्वास, आश्वास, आश्वासन, संश्लेषण, विश्लेषण, नृशंस, वैशेषिक आदि ।

३. शब्दका पुछारमा दबासबिन्दु [:] छ भने त्यसका लगत्तै अघि रहेको 'स' मोटो 'श' हुन्छ, जस्तै––
क्रमशः, शब्दशः, प्रायशः, अक्षरशः, बहुशः आदि ।

४. 'आ, इ, ई, ए, ऐ, क, द, न, प, य, व' आदि अच्छेरका साथमा वा ठीक अघाडि वा लगत्तै पछाडि रहेको 'स' प्रायः मोटो 'श' हुन्छ, जस्तै––

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आशक्ति, आशङ्का, आशय, आशा, आशीर्वाद, आशु, आशय, आशौच, आश्रम, आश्रय, शाके, शाखा, शारदा, शालिग्राम, श्राद्ध, श्रावण, शिखा, शिशा, शिल्प, शिव, शिविर, शिक्षा, दिशा, राशि, रश्मि, ईश, ईशान, ईश्वर, शीघ्र, शीत, शील, शीर्षक, श्री, श्रीखण्ड, शेखर, शेफाली, श्रेणी, श्रेय, श्रेष्ठ, ऐश्वर्य, शैथिल्य, शैक्षिक, शैया, शैल, शैली, शैव, शैवाल, शैव्या, काशी, कुश, कुशल, केश, केशव, कोश, अंकुश, अवकाश, शकुन, शकुन्तला, शक्ति, शंका, शुक्ल, शुक्र, शोक, अशोक, दशा, दशरथ, दर्शन, देश, उपदेश, उपदंश, प्रदर्शनी, शब्द, शुद्ध, शूद्र, नाश, निशा, निशि, प्रश्न, शनि, शान्त, शून्य, श्वान, श्रान्त, पुनश्च, पश्चात्, पश्चिम, पुरश्चरण, निश्चय, आश्चर्य, शोचनीय, शौच, शुचि, पशु, पाश, पराशर, पिशाच, यश, यशोदा, यशोधरा, श्याम, दृश्य, विश्व, विशाल, वश, वंश, वंशी, वैश्य, वेश्या, वैशाख, आवेश, आश्विन, आवश्यक, उपनिवेश, नश्वर, शव, श्वास, श्वेत आदि ।

अपवाद--

उत्सुक, कुसुम, सकल, आषाढ, आसुरी, नष्ट, न्यास आदि ।

ष

१. स्वर-वर्णका लगत्तै पछि आउने 'स' प्रायः पेटफाऱ्यो 'ष' हुन्छ, जस्तै--

अष्ट, अष्टम, अष्टावक्र, आषाढ, इष्ट, ईषत्, ईर्ष्या, उषा, उष्ट्र, उष्ण, उष्म, ऊषर, ऊष्मा, ऋषभ, ऋषि, ऋष्य, ओष्ठ, औषधी आदि ।

२. 'ट, ठ, ड, ढ, ण, र, प' आदि मूर्धन्य व्यञ्जन-वर्णसंग पेटफाऱ्यो 'ष' आउँछ, जस्तै—

कष्ट, नष्ट, दुष्ट, पुष्ट, रुष्ट, तुष्ट, संतुष्ट, शिष्ट, हृष्ट, धृष्ट, दृष्टि, सृष्टि, राष्ट्र, दृष्टान्त, खृष्टीय, निर्दिष्ट, लोष्ट, काष्ठ, श्रेष्ठ, ज्येष्ठ, कनिष्ठ, गरिष्ठ, पृष्ठ, निष्ठा, प्रतिष्ठा, प्रतिष्ठान, अनुष्ठान, निष्ठुर, शर्मिष्ठा, विष्णु, धृष्णु, कृष्ण, तृष्णा, निष्णात, विशेषण, आषाढ, षष्ठ, षष्ठी, षोडशी, रोष आदि ।

३. कवर्गका अघाडि वा पछाडि पेटफाऱ्यो 'ष' आउँछ, जस्तै--

कृषि, कृषक, कोष, कोष्ठ, कोष्ठक, कषाय, काषाय, आकर्षण, विकर्षण, उत्कर्ष, मानुषिक, पराकाष्ठा, दूषक, विदूषक, निष्कासन, निष्क्रमण, निष्क्रय, ग्रीष्म, घोष, उद्घोष, घोषणा, संघर्ष आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. पवर्गका अघाडि वा पछाडि पनि पेटफाऱ्यो 'ष' आउँछ, जस्तै––

पोष, पोष्य, पौष, पौष्टिक, पुष्टकारी, पाषाण, प्रेषक, निष्पत्ति, बाष्प, भाष्कर, भाष्य, भाषा, भाषण, भीष्म, भूषण, भूषा, भूषित, अभिषेक, अभीष्ट, मेष, निमेष, माष, मिष्ट, परमेष्ठ आदि ।

५. 'व' र 'ह' अच्छेरका अघि-पछि पनि प्रायः 'ष' नै आउँछ, जस्तै–

वर्ष, विष, विषय, विषम, विषाद, वृष, विष्टा, विष्कम्भक, आविष्कार, हर्ष, महर्षि, महिष आदि ।

६. 'ष' बाट शुरू हुने केही शब्द––

षट्, षट्कोण, षट्चक्र, षट्पदी, षडङ्ग, षडज, षडानन, षड्ऋतु, षड्यन्त्र, षाण्मासिक, षष्ठ, षष्ठी, षाडव, षोडश, ष्ठीवन आदि ।

स

१. तीनौटा 'स' मध्ये पातलो 'स' भएका शब्द नै कता-कता बढी छन् । 'श' र 'ष' बारे माथि बताइएका फाइदाबाहेक अरू सबैतिर पातलो 'स' आउँछ ।

२. दन्त्य-वर्ण (त, थ, द, ध, न, ल, स) संग खासगरी पातलो 'स' नै लेखिन्छ, जस्तै–

सती, सुत, साधारण, स्थापत्य, दास, सदन, साधन, सधवा, साधु, सनातन, स्नान, उल्लास, सलिल, संसार, संस्था आदि ।

तीनै 'स' बारे माथि बताइएका नियमहरू मोटामोटी हुन्, तोकुवा वा किटुवा होइनन् । अतः अपवादहरू मनग्गै भेटिने छन् ।

(ङ) 'ब' र 'व' को फरक

लेख्दाखेरि 'ब' र 'व' ले धेरै अलमल्याउँछन्, तर पेट चिर्ने ठाउँमा नचिर्ने र नचिर्ने ठाउँमा चिर्ने चाहिं गर्नु हुन्न । दुवै अच्छेरलाई छुट्ट्याउने गाँठीकुरो बोलिने ठाउँ हो । 'ब' को उच्चारण ओठबाट मात्र गरिन्छ, तर 'व' को उच्चारण ओठ र दाँत दुवैबाट संगसंगै गरिन्छ । बोल्ने ठाउँ राम्ररी पहिल्याई सोअंसार दुवैमध्ये जुन चाहिं हुनु पर्ने हो त्यो नै लेख्नुपर्छ ।

ब

१. सबै फर्सी र तद्भव शब्द, जस्तै––

बँदेल, बकपत्र, बकस, बकुल्लो, बक्खु, बक्सिस, बखत, बखान, बगम्फुस,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बङ्गारो, बगर, बञ्चरो, बच्छी, बच्छ्यूँ, बजार बजे, बजेट, बथान, बदर, बन्धकी, बबुरो, बाइफाले, बाइस्कोप, बाउन्ने, बाडुली, बिगो, बीमा, बुइँगल, बुजो, बेत, बेर्नो, बोहोता, देब्रे, मुलतबी, लाबर, रबड, हिसाब, पिसाब, अबगाल, अबजस, अबस्से, अबीर, अबुफ, बन्देज आदि ।

२. क्रिया र कृदन्त-शब्द, जस्तै––

बक्नु, बक्सनु, बखान्नु, बग्नु, बच्नु, बजार्नु, बटार्नु, बल्झनु, बस्नु, बाँच्नु, बाऋनु, बिसंनु, बोल्नु, भबाउनु, ओबाउनु, बँडाइ, बँधुवा, बग्ने, बचत, बसाइँ, बुनोट, बोलक्कड, बढालु आदि ।

३. 'बि', 'बे' र 'बद' उपसर्ग लागेका शब्द, जस्तै––

बिकाम, बिकामी, बिखर्ची, बिचेत, बिच्छुक, बिछोड, बिजोग, बिजोडा, बिजोर, बिढङ्गी, बितलब, बित्पात, बिथात, बिथान्को, बिथाहा, बिथिति, बिथोला, बिसन्चो, बिस्याहार, बेअदप, बेइज्जत, बेइलम, बेइमान, बेउजूर, बेकम्मा, बेकाइदा, बेकाम, बेकार, बेजोड, बेदाना, बेनामी, बेपत्ता, बेफाइदा, बेफिक्री, बेफ्वाँक, बेमज्जा, बेमौका, बेरीत, बेलायक, बेवारिस, बेवास्ता, बेसाँध, बेसुर, बेस्वाद, बेहोश, बदख्वाइँ, बदनाम, बदमास, बदहजमी आदि ।

४. 'ध,' 'ल,' 'ह,' 'ह्म' अच्छेर भएका तत्सम शब्द, जस्तै––

बध, बधिर, बधू, बाधा, बाध्य, बुद्ध, बुद्धि, बुध, बोध, बोधि, प्रतिबन्ध, बल, बलि, बली, बाल, बाला, बालिका, बाल्य, बिल्व, बहिर, बहिरङ्ग, बहिर्मुख, बहिष्कार, बहु, बहुधा, बहुलता, बहुव्रीहि, बहुसंख्यक, बाहु, बाहुल्य, बाह्य, ब्रह्म, ब्रह्मचारी, ब्रह्मर्षि, ब्रह्मा, ब्रह्माण्ड, ब्राह्म, ब्राह्मण, ब्राह्मी आदि ।

५. आधा 'म' (म्) कुन्डिएको शब्द ('स' बाट शुरूभएको छ भने 'ध' पनि हुनुपर्छ), जस्तै––

अम्बर, अम्बा, अम्बिका, अम्बुज, कुटुम्ब, चुम्बक, चुम्बन, चुम्बी, जाम्बवान, ताम्बूल, तुम्बुरु, सम्बद्ध, सम्बन्ध, सम्बन्धी, सम्बोधन, विडम्बना, अवलम्ब आदि ।

६. नेपाली उच्चारणमा ढालिएका शब्द, जस्तै––

बेपार (व्यापार), बेवहार (व्यवहार), बेबसाय (व्यवसाय), बेबस्था (व्यवस्था), अबस्से (अवश्य), दिचारी (विचारी), बेथा (व्यथा), बन (वन), बेभिचार (व्यभिचार), बेग्र (व्यग्र) आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७. आधा 'ब' (ब) भएका केही शब्द--

अब्द, अब्धि, क्षुब्ध, शकाब्द, शब्द, शताब्दी, अब्बल, ब्याटरी, ब्याड-मिन्टन, ब्यालेन्स, ब्यांक, ब्याज (बँज), ब्यारेक, ब्यारिस्टर, ब्यालेट, ब्याले, ब्याग, ब्याङ, ब्याइते, ब्याँसी, ब्यास, ब्यू, ब्याड आदि ।

८. केही अव्यय, जस्तै--

अब, तब, कब, जब, बित्तिकै, बिस्तारै, बुरुक्क, बेग्लाबेग्लै, बेर, बेसरी, ब्यारे आदि ।

व

१. केही फर्सी र तद्भव शब्द, जस्तै--

वकालत, वकील, वफादार, वरणी, वरदी, वर, वरी (देखीवरी), वलक, वलेट, वसूल, वस्ताद, वाइवा, वाक्नु, वाक्-वाक्, वाङ, वाङ्ग्रा, वाजखाम, वार, वारि, वारी (रखवारी), वारेस, वास्लात, वास्कट, वाल्ल, ट्वाल्ल, छ्वाल्ल, घ्वाल्ल, ट्वाँट, ग्वाँक आदि ।

२. 'उवा', 'वाला' र 'आवट' प्रत्यय लागेर बनेका शब्द, जस्तै--

करुवा, चरुवा, छेरुवा, गेरुवा, गँसुवा, टाँसुवा, खोसुवा, चुसुवा, खोलुवा, टहलुवा, ढुकुवा, फुकुवा, चुटुवा, मडुवा, फाँटवाला, हकवाला, बहालवाला, हालवाला, भाडावाला, ढिपीवाल, खेतीवाल, जिम्मावाल, बोलावट, देखावट, बनावट, सजावट आदि ।

३. 'वि', 'वै', 'रेफ' र 'ऋकार' भएको तत्सम शब्द, जस्तै--

विकट, विकर्षण, विकल, विकल्प, विकार, विकिरण, विकृत, विक्रम, विक्षिप्त, विक्षेप, विख्यात, विगत, विग्रह, विघटन, विघ्न, विचरण, विचलित, विचार, विचित्र, विच्छेद, विजय, विज्ञ, विज्ञान, विज्ञापन, विडम्बना, वितरण, वित्त, विदित, विदुर, विदूषक, विदेश, विद्या, विद्युत्, विद्रोह, विद्वत्ता, विद्वान्, विधा, विधाता, विधान, विधि, विनियोग, विनिमय, विनीत, विपुल, विभक्ति, विमर्श, विरोध, विरक्त, विराट, विराम, विलीन, विवर, विवाद, विशाल, वैकल्पिक, वैकुण्ठ, वैज्ञानिक, वैतनिक, वैतरणी, वैदिक, वैदेशिक, वैदेही, वैद्य, वैधव्य, वैधानिक, वैभव, वैमनस्य, वैयाकरण, वैर, वैराग, वैरी, वैवाहिक, वैशाख, वैश्य, वैषम्य, वैष्णव, वर्ग, वर्गीकरण, वर्गीय, वर्जन, वर्तमान, वर्ती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निकटवर्ती) वर्तुल, वर्मा, वर्ष, वार्णिक, वार्ता, वार्षिक, वृक्ष, वृत्त, वृत्ति, वृत्तान्त, वृथा, वृद्धि, वृहत्, वृहस्पति आदि ।

४. 'वर,' 'तव्य,' 'त्व', 'वत्', 'वान्,' 'वती,' 'विन्' प्रत्यय लागेर बनेका शब्द--

नश्वर, ईश्वर, भास्वर, ज्ञातव्य, कर्त्तव्य, द्रष्टव्य, वक्तव्य, गन्तव्य, प्रभुत्व, नेतृत्व, स्त्रीत्व, सतीत्व, गुरुत्व, लघुत्व, कवित्व, मित्रत्व, आत्मवत्, पुत्रवत्, मातृवत्, गुणवान्, धनवान्, बलवान्, भगवती, सौभाग्यवती, तपस्वी, यशस्वी, तेजस्वी, मेधावी आदि ।

५. केही अपत्यवाचक शब्दका पुछारमा, जस्तै--

मानव, दानव, राघव, यादव पाण्डव, वैष्णव, पार्थिव, जाह्नवी, वासुदेव आदि ।

६. 'सं' उपसर्गका पछाडि, जस्तै--

संवत्, संवत्सर, संवरण, संवर्धन, संवाद, संविधान, संवृत्त, संवेग, संवेदन, संवैधानिक आदि ।

७. माथिका कुनै पनि नियम नलाग्ने शब्द, जस्तै--

वंश, वक्र, वचन, वंचित, वत्स, वय, वयस्क, वर, वराह, वल्लभ, वश, वाक्, वाचन, वाहन, वेग, वेणि, वेद, वेध, वेश, व्यञ्जन, व्यय, व्यवस्था, व्याख्या, व्यापक, व्यायाम, व्यूह, व्योम, व्रण, व्रत, व्रतबन्ध आदि ।

(च) चन्द्रबिन्दु र सिरबिन्दु

अनुनासिकको चिनो चन्द्रबिन्दु (ँ) हो र अनुस्वारको चिनो सिरबिन्दु (ं) हो । दुवैको उच्चारण नाके नै हो, तापनि दुवैमा फरक छ । अनुस्वारको उच्चारणमा नाकबाट मात्र सास निस्किन्छ, तर अनुनासिक उच्चारणमा मुख र नाक दुवैबाट सास निस्किन्छ ।

चन्द्रबिन्दु

१. 'अ, आ, इ, उ, ऊ' स्वरमास्तिर प्रायः चन्द्रबिन्दु (जूनटीको) लेखिन्छ, जस्तै--

अँगार, अँगाल, अँगेरी, अँजुली, अँध्यारो, अँहँ, आँक, आँकुरो, आँट, आँटा, आँठ, आँत, आँधी, आँप, आँसु, इँजार, रजाइँ, कजाइँ, आरिस्याइँ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उइँटो, उँघ, उँचो, उँधो, उँभो, नाउँ, गाउँ, ठाउँ, स्याउँस्याउँ, उँट आदि ।

२. माथिका स्वर भएका व्यञ्जन-वर्णमा पनि चन्द्रबिन्दु हुन्छ, जस्तै—
कँठिनी, कँधेउली, खँजहा, खँदिलो, गँगटो, गँडचौलो, गँउत, चँगेरी, चँदुवा, छँडुवा, छँडुलो, जँघार, पँधेरो, बँदेल, लँगडो, सँधियार, हँसिया, हँस्यौली, काँक्रो, काँचो, काँठ, काँढा, खाँचो, खाँडो, खैराँते, गाँठो, गाँड, गाँस, घाँघर, घाँटी, चाँजो, चाँडो, चाँदी, चाँप, छाँट, छाँटा, छाँद, जाँच, भाँडा, ताँती, पाँगो, पाँच, बाँदर, बाँस, लकाँसी, लाँक्रो, साँचो, साँढे, हाँक, हाँडी, कुँडे, खुँगे, खुँडा, गुँड, गुँडुल्को, गुँद, घुँडा, चुँक्क, पुँडे, लुँडो, लुँदो, सुँक्क, सुँगुर, हुँ, हुँडलो, हुँदो, कूँजो, सूँड, सूँप आदि ।

३. उत्तम पुरुष र अन्य पुरुषका निम्ति आउने क्रियामा चन्द्रबिन्दु लेखिन्छ, जस्तै—

आएँ, गएँ, लिएँ, दिएँ, गरुँला, हेरुँला, भनुँला, सोधुँला, खाउँला, गाउँछ, देखाउँछ, हिर्काउँछ आदि ।

३. अनुनासिक वर्ण (ङ, ञ, ण, न, म) का अघाडि चन्द्रबिन्दु लेखिन्न, जस्तै—

अशुद्ध— अँङार, सँङालो, दँतुर, पँञ्च, घँण्टा, दाँम्लो आदि ।
शुद्ध— अङार, सङालो, दन्तुर, पञ्च, घण्टा, दाम्लो आदि ।

सिरबिन्दु

१. 'अं' उच्चारण हुने ठाउँमा सिरबिन्दु (सिरटीको) हुन्छ, जस्तै—
अंश, एवं, कंस, दंभ, दंश, विलंब, उपालंभ, संस्कृत, संयम, स्तंभ, स्वयं आदि ।

२. अनुनासिक वर्ण हल् छ भने विकल्पले सिरबिन्दु हुन्छ, जस्तै—
अंग, अङ्ग; अंक, अङ्क; अहंकार, अहङ्कार; शंकर, शङ्कर; नंगा, नङ्गा; बांगो, बाङ्गो; पंखा, पङ्खा; पंच, पञ्च; अंचल, अञ्चल; संचार, सञ्चार; संजोग, सञ्जोग; गुंजन, गुञ्जन; संचय, सञ्चय; कंठ, कण्ठ;

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डंड, डण्ड; चंडाल, चण्डाल; चिंडे, चिण्डे; पंडित, पण्डित; घंटा, घण्टा; कमंडलु, कमण्डलु; कंकट, कन्कट; मंत्री, मन्त्री; जंती, जन्ती; लखंतरे, लखन्तरे; अंध, अन्ध; थुंको, थुम्को; संपत्ति, सम्पत्ति; नंबर, नम्बर; कंप, कम्प; लंफा, लम्फा; नांलो, नाम्लो आदि ।

३. 'इ, ई, ए, ऐ, ओ, औ' स्वर वा स्वरयुक्त व्यञ्जन-वर्णमा सिरबिन्दु लेखिन्छ, तर उच्चारण भने चन्द्रबिन्दुकै गरिन्छ, जस्तै—

ठिंगुरो, ठाहिंलो, डिंगो, फिंक्रो, फिंज, त्यहीं, कहीं, उहीं, ईंट; चुलेंसी, बलेंसी, गेंवरा; दसैं, भैंसी, कैंची, गलैंचा, फलैंचा, भैंफट्टा; खोंच, फोंक्र; खिरौंलो, बर्कौंलो, चौबीसौं, एकसट्ठीऔं, सन्तानब्बेऔं, पांचौं, हजारौं, तेरौंते, हलौं, कसौंडी, पौंजा आदि ।

४. क्रियामा सिरबिन्दु लेखिन्न, जस्तै—

अशुद्ध— जांछ, हुंन, हुकिंछ, जांदैन, भंदैनन्, गरिंदिन, गराइंछ आदि ।
शुद्ध— जान्छ, हुन्न, हुकिन्छ, जान्दैन, भन्दैनन्, गरिदिन्न, गराइन्छ आदि ।

२. चिह्न-परिचय

छोटो अडान [,]

छोटो अडान (Comma) लाई 'अल्प-विराम,' 'पाद-विराम' र 'प्राथमिका' पनि भनिन्छ । यसको प्रयोग निम्न ठाउँमा गरिन्छ—

१. वाक्यमा उही किसिमका पद वा वाक्यांश मेलैसंग आएका छन् भने (अन्तिम दुई पद वा वाक्यांशका माझमा समुच्चयबोधक छ भने सो ठाउँ छाडी), जस्तै—

क. अर्कै पनि वातावरणमा मादल, सारंगी, सनै, कलाँट र मुर्चुंगाको संयुक्त सोर रगमगिएकै छ । (नाम)

ख. उ त सारै दुच्छर, रिसाहा, फोंकी र अटेरी पो छ । (विशेषण)

ग. अकासमा चंगा उड्छ, मडारिन्छ, बटारिन्छ, लठारिन्छ र चुंडिन्छ । (क्रिया)

घ. कालो-नीलो भएर, गड्याङ-गुडुङ गरेर, विजुली चम्केर ठूलो पानी पऱ्यो । (वाक्यांश)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. वाक्यमा केही पद जोडी भएर आएका छन् भने प्रत्येक जोडी पछि, जस्तै—

क. संसारको जुन कुनामा गए पनि रीस र राग, डाह र ईर्बी, जाल र झेल, थिचो र मिचो त छँदैछ।

ख. उसको लवाइ-खुवाइ, बोली-वचन, बानी-बेहोरा सारै असल छ।

३. समानाधिकरण पद वा वाक्यांशका साझमा, जस्तै—

क. नेपालीका आदि-कवि, भानुभक्त आचार्यले घाँसीबाट प्रेरणा पाएका थिए। (पद)

ख. टाइगर, मेरो प्यारो कुकुर, हरायो। (वाक्यांश)

४. संबोधन कारका अघाडि वा पछाडि, जस्तै—

क. राम, यता आऊ। (पछाडि)

ख. यता आऊ, राम ! (अघाडि)

५. समुच्चयबोधकले जोडिएका पदमा विशेष जोड दिनु छ भने, जस्तै—

क. यो घडी असल, तसर्थ दामी छ।

ख. ओखती तीतो, तर गुनिलो हुन्छ।

६. उद्देश्य अंश धेरै लामो छ भने सो पछि, जस्तै—

क. गडचाङ-गुडुङ गर्दै तेत्रो तोडले परेको पानी, टक्कै अडियो।

७. उदाहरण दिँदा प्रयोग गरिने 'जस्तै,' 'यथा' शब्द अघाडि, जस्तै—

क. कुनै-कुनै फलको बाहिरिया बोक्रा सारै कडा हुन्छ, जस्तै—ओखर।

ख. कपडा धेरै किसिमका हुन्छन्, यथा—ऊनी, सूती, रेशमी, टेरीकटन आदि।

८. वाक्यको शुरुमा 'हो, हँ, नाइँ' आदि शब्द छ भने सो पछि, जस्तै—

क. हो, यो घडी रामकै हो।

ख. नाइँ, म त्यहाँ जान्न।

९. मिश्र-वाक्यको प्रधान उपवाक्य र अप्रधान उपवाक्यका साझमा (संज्ञा उपवाक्य छाडी), जस्तै—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. यो पुस्तक उसैलाई दिन्छु, जसले यसलाई बुझ्न सक्छ ।

ख. श्यामे रिसाएर आगो भयो, किनभने उसको खूबै खिल्ली उडाइयो ।

१०. संज्ञा उपवाक्य समुच्चयबोधकद्वारा जोडिएको छैन भनें, जस्तै—

क. पाँचै औंला एकनास हुन्नन्, यो सत्य हो ।

ख. मैले सोचें, अब उसका सुदिन फिर्ने भए ।

११. संयुक्त-वाक्यका प्रधान उपवाक्यहरूमा, जस्तै—

क. उसले कलम झिक्यो, कागत अघाडि राख्यो, एकछिन गम्यो, अनि लेख्नथाल्यो ।

ख. दिन ढल्यो, साँझ पऱ्यो, तारा उदाए, रात आयो ।

आधा अडान [;]

आधा अडान (Semicolon) लाई 'अर्ध-विराम,' 'अर्धच्छेद' र 'सामिका' पनि भन्छन् । यसको प्रयोग निम्न ठाउँमा गरिन्छ—

१. कुरो स्पष्ट पार्न विभिन्न उदाहरण राखिएका प्रत्येक वाक्यांश वा उपवाक्यका पछाडि, जस्तै—

क. महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्य-कृतिमध्ये 'शाकुन्तल,' 'सुलोचना,' 'प्रमेथिस,' 'महाराणा प्रताप,' 'वनकुसुम' आदि महाकाव्य हुन्; 'मायाविनी सर्सी,' 'मुना-मदन,' 'म्हेन्दु,' 'लूनी,' 'राजकुमार प्रभाकर,' 'कुञ्जिनी,' 'बसन्ती,' 'कटक' आदि खण्डकाव्य हुन्; 'आकाश बोल्छ,' 'छाँगासंग कुरा,' 'भावना गांगेय,' 'भिखारी', 'सुनको विहान,' 'गाइने गीतहरू,' 'चिल्ला पातहरू,' 'आँसु' आदि कविता-सङ्गला हुन्; 'नव-रस' रस-काव्य हो ।

२. विभिन्न उपवाक्यहरूमा घनिष्ठ सम्बन्ध छैन भने, जस्तै—

क. उ घोटिएर खेती-किसानी गर्छ, खुसीको कुरो हो; तर उसको बाली त्यति सप्रिदैन, दुखको कुरो हो ।

थोप्ले अडान [:]

थोप्ले अडान (Colon) लाई 'सापेक्ष-विराम,' 'अपूर्ण-विराम' र 'न्यून-विराम' पनि भनिन्छ । यसलाई प्रयोग गर्ने तोकुवा ठाउँ वा नियम छैन । तसर्थ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'आधा अडान' भन्दा बढी अडान लिनु पर्दा लेखकहरू स्वविवेकले यसको प्रयोग गर्छन् । यसको मुख्य प्रयोग निम्न रूपमा गरिएको पाइन्छ—

१. वाक्य वा शीर्षकमा भनिसकिएको कुरालाई अझै खुलस्त्याउनु पर्दा वा व्याख्या गर्नु पर्दा वा बल दिनु पर्दा, जस्तै—

क. आँखा छ भने संसारै रंगीचंगी छ, छैन भने संसारै कालो हुन्छ : मान्छेले पाएको यस अमूल्य वरदानको खूबै संभार गर। (वाक्य)

ख. नेपालीका पहिला कवि : सुवानन्द दास। (शीर्षक)

ठाडो धर्को [।]

ठाडो धर्को (Full stop or Period) लाई 'पूरा अडान,' 'पूर्ण-विराम' र 'वाक्य-विराम' पनि भनिन्छ। यसको प्रयोग सबै सामान्य वाक्यको पुछारमा गरिन्छ, जस्तै—

क. उ जुन कुरा पनि हाँसेरै टार्छ।

ख. जसले मह काढ्छ, उसले हात चाट्छ।

प्रश्न-चिन्ह [?]

प्रश्न-चिन्ह (Note of Interrogation) लाई 'प्रश्नवाचक-चिन्ह,' 'प्रश्नसूचक-चिन्ह' र 'प्रश्नबोधक-चिन्ह' पनि भनिन्छ।

१. यो चिनो प्रश्न जनाउने प्रायः सबै वाक्यका पुछारमा लगाइन्छ, जस्तै—

क. यो कलम कसको हो ?

ख. उ कहाँ बस्छ, तँलाई थाहा छ ?

२. प्रश्न जनाए पनि आज्ञार्थक वाक्यमा भने यसको प्रयोग गरिन्न, जस्तै—

क. आफ्नो नाउँ बताऊ।

ख. मेची अंचलको सदर-मुकाम भन।

आसर्जे चिनो [!]

आसर्जे-चिनो (Note of Exclamation) लाई 'आश्चर्य-चिन्ह', 'विस्मयादिबोधक-चिन्ह' र 'उद्गार-चिन्ह' पनि भनिन्छ। यसको प्रयोग निम्न ठाउँमा गरिन्छ—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१. विस्मयादिबोधक अव्ययका पछाडि, जस्तै—

क. ओहो ! क्याबात् ! कठै ! छचा ! आत्थ !

ख. शिव, शिव ! हरे, हरे ! राम, राम !

२. विभिन्न मनोभावलाई जनाउने शब्द वा वाक्यांश वा वाक्यका पछाडि, जस्तै—

क. बिचरा ! बेस्सरी चुटियो !

ख. ज्या ! मैले त भुसुक्कै बिर्सेछु !

३. संबोधनका निम्ति पनि यसै चिन्नको उपयोग गरिन्छ, जस्तै—

क. रामे ! ए रामे !

ख. तिमीहरू घर गएनौ, केटा हो !

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट–ख

नेपाली तद्भव र आगन्तुक शब्दको वर्ण-विन्याससम्बन्धी नियमको सामान्यीकरण

(त्रि० वि०, पा० वि० के० द्वारा लिथो गरी प्रकाशित "अनिवार्य नेपाली शिक्षण निर्देशन, २०३६" बाट साभार।)

१. ह्रस्व र दीर्घको नियम

क. ह्रस्व (इ, उ)

अ. शब्द (निर्विभक्तिक) का आदि र मध्यमा, जस्तैः–

१. व्युत्पन्न नाम– (व्युत्पादक प्रत्यय लागी बनेका) बुढचाइँ, मितेरी, सिङौरी, धुपौरो, सिलौटो, सम्धिनी, पुजारी...।

२. व्युत्पन्न विशेषण (व्युत्पादक प्रत्यय लागी बनेका), जस्तैः– पिराहा, नुनिलो, दुधालु, भित्रिया...।

३. संख्यावाचक समस्त शब्दको पदादिमा मात्र– त्रिचालीस, त्रिहत्तर, उन्नाइस, उनन्तीस...।

४. व्युत्पन्न अव्यय, जस्तैः– उहिले, पछिलितर, मास्तिर, त्यतिन्जेल, उहाँ...।

५. सम्पूर्ण धातु, जस्तैः– दिनु, खानु, हुनु, उभिनु, चम्किनु, बुहुनु...।

६. सर्वनाम (पदादिमा मात्र)–

(अ) तिर्यक् रूपमा, जस्तैः– उस, तिन, यिन...।

(आ) सरल रूपमा, जस्तैः– उनी, तिनी, तिमी, यिनी उहाँ...।

७. आगन्तुक (संस्कृतबाहेक अन्य स्रोतबाट आएका) शब्दमा, जस्तैः–हजुर, इन्जिनियर, डिभिजन, हाजिर, तरिका, नतिजा...।

आ. विशेषणबाहेक अन्य अव्युत्पन्न (मूल) शब्दका आदि र मध्यमा, जस्तैः–

१. नाम– कुकुर, सुजुर, सहुरा, घिउ, हिउँ, कुनो, गुन, मानिस,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जिब्रो, भानिज, भतिज...।
(सीङ, मीत, दूध, पीठो, फूल (पुष्प) जस्ता शब्दबाहेक)।

द्रष्टव्य:–

क. संस्कृत अवस्थामा शब्दका मध्यमा रहेका संयुक्त व्यञ्जनहरू प्राकृत अवस्थामा समीभवनको प्रक्रिया बेहोरी आधुनिक आर्य भाषा कालमा समीभूत एक व्यञ्जनको लोप भई अग्रवर्ती स्वर दीर्घ हुन गएको मान्ने शिष्ट परम्पराअनुरूप यी शब्दको दीर्घ वर्ण-विन्यास स्वीकारिएको हो, जस्तै:–

शृङ्ग →सिङ्ग →सीङ
दुग्ध →दुद →दूध
मित्र →मित →मीत
पृष्ठ →पिट्ठ →पीठो...।

ख. संस्कृतका केही शब्दहरू नेपालीमा आई परिवर्तित हुँदा पनि संस्कृतअनुसार नै दीर्घ स्वर लेख्ने शिष्टहरूको परम्परा चलेको छ, जस्तै:–

संस्कृत–पीडा	**नेपाली**–पीर
कर्पूर	कपूर

२. संख्यावाचक (पदादिमा मात्र), जस्तै:– दुई मात्र।

३. अव्यय (नामयोगी र निपातसमेत), जस्तै:– भित्र, तिर, सित, निर, इस्, उस्, किन, हिजो, बाहिर, लु...।

इ. कृदन्त र मिलित क्रियाका पदमध्यमा, जस्तै:–

१. कृदन्त– गरिएको, गरिने, गरिंदै, गरिंदा...।

२. मिलित क्रिया र क्रियापद– गरिरहनु, दिइराख्नु, गइहाल्नु...।

३. मिलित क्रियामूलक कृदन्त– गरिरहेको, गरिछाडेको, दिइसकेको...।

ई. 'आइ, आई, आउ, आलु, एलु, नु' प्रत्ययद्वारा व्युत्पन्न शब्दका अन्त्यमा, जस्तै:–

नाम– पढाइ, एकाइ, बसाई, अटेन्याई, जानु...।
विशेषण– सिकाउ, बिखालु, घरेलु...।

उ. अव्युत्पन्न अव्यय (नामयोगी र निपातसमेत) का अन्त्यमा, जस्तै:–
अघि, पछि, अनि, पनि, कि, छि, देखि, बरु, फेरि, झोली, अस्ति,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाहिं... (लाई... बाहेक)।

ऊ. 'ति' अन्त्यमा आउने सार्वनामिक शब्दका अन्त्यमा, जस्तैः– यति, उति, कति, त्यति, जति...।

ए. १. नाताबोधक पुलिङ्ग शब्द– नाति, पनाति, जुवाइँ, पोइ, भाइ, दाइ, दाजु, बराजु, भिनाजु, बाबु... (सम्धी... बाहेक)।

२. जनावरवाचक (पुलिङ्ग)– गोरु, भालु, (हात्ती, खसी बाहेक)।

ऐ. नपुंसक नाम (उकारान्त)– गाउँ, हिउँ, घिउ, धनु, हाउ, भाउ, ठाउँ, घाउ...।

ख. दीर्घ (ई, ऊ)

अ. उपर्युक्त (दफा १–(क) को (अ) देखि (ऐ) सम्म व्यवस्था भएको) बाहेक अन्य सबै शब्दमा, जस्तैः–

नाम– (आदिमा) बूढ, पीर, भीत, नून, दूध, सीङ, जीउ, सूत, (मध्यमा) कपूर, रजपूत, अछूत, मङ्सीर..., फीरो..., (अन्त्यमा) जैसी, थारू, छोरी, सासू, साहू, हली, बिचारी, जाँचकी, रेग्मी, नेपाली, कास्की, गुल्मी, जवानी, चाकरी, ठेकी, थाली, थैली, मित्री, छिमेकी, जुरेली, कौसी, धुरी, सिक्री, फर्सी...।

सर्वनाम– (अन्त्यमा) हामी, तिमी, तिनी, यिनी, आफू, ऊ, तपाईं...।

विशेषण– (आदिमा) मीठो, तीतो, कूठो, बूढो, ठूलो... (दुब्लो, हरियो... जस्ता शब्द बाहेक), (अन्त्यमा) गँजडी, लाली, नेपाली, फोर्काली, अरू, केही, गुनी...।

संख्यावाचक–(आदिमा) बीस, तीस, तीन (दुई... बाहेक); (मध्यमा) चालीस, छत्तीस, बयालीस; (अन्त्यमा) दुई, असी, साठी...।

क्रिया (विध्यर्थक)–जानू, खानू, गर्नू...।

अव्यय(व्युत्पन्न)– (अन्त्यमा) यसरी, कसरी, देखी, भनी, कहीं, त्यहीं, रात्त्री, बेसरी, त्यस्तरी, दनदन्ती, सरासरी, बर्सेनी... (अगाडि, पछाडि... जस्ता शब्द बाहेक)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रष्टव्य :–

प्रचलित नेपाली वर्ण-विन्याससम्वन्धी नियमहरूको सामान्यीकरण गर्ने यस प्रयासअन्तर्गत ह्रस्व इ, उ सम्बन्धी नियम विस्तारमा प्रस्तुत गरी दीर्घ ई, ऊ सम्बन्धी नियमको उदाहरण मात्र दिइएको छ तापनि सुविधाका दृष्टिले पदान्तमा दीर्घ ई, ऊ सम्बन्धी मुख्य-मुख्य केही नियमहरूलाई यस प्रकार राख्न सकिन्छ, जस्तैः–

१. जात – ज्यापू, कामी, दमाई ...,
२. पेसा – साहू, धोबी ...,
३. थर – रेग्मी, अधिकारी, राई ...,
४. वतन– ठिमी, गुल्मी, डोटी ...,
५. स्त्रीलिङ्ग – दिदी, सासू, घर्तिनी ...,
६. आदरार्थी – जी, ज्यू,
७. ईकारान्त नपुंसक लिङ्गी–कौसी, धुरी, खरानी ...,
८. सम्वन्धबोधक तद्धित – चाकरी, खुनी, नोकरी ...
९. कृदन्त – भनी, हेरी, देखी ...,
१०. स्त्रीलिङ्गी क्रिया – गरी, गर्दथी ...,
११. इत्यादि ।

२. 'श, ष, स' को नियम

क. तद्भव र आगन्तुक शब्दमा 'स' मात्र हुन्छ—
सय, दस, सेतो, ससुरा, सुगा, सिकार, पोस, रासन, स्टेसन, पैसा, बेस ...।

३. 'ब' र 'व' को नियम

क. तद्भव र आगन्तुक शब्दमा उच्चारणअनुसार 'ब' र 'व' लेख्ने ।

ख. 'व' लेखिने शब्दका केही उदाहरणहरू–

अ. संयुक्ताक्षर भएमा 'ब', जस्तैः–छ्वाल्ल, ह्वाल्ल, द्वाँट, ग्वाँक ...,

आ. 'आवट, उवा, ला, वार, वारी' प्रत्ययद्वारा व्युत्पन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्दमा 'व', जस्तै:– बोलावट, ढुकुवा, फाँटवारी, उमेदवार...,

इ. केही अव्ययमा 'व,' जस्तै:–

वर, वारि, वरिपरि, वाक्क, वाल्ल...,

ई. केही नाममा 'व', जस्तै:–

वकिल, कछुवा, वारेस...।

ग. तद्भव र आगन्तुक शब्दमा नेपाली जिब्राले 'ब' उच्चारण हुने ठाउँमा उच्चारण अनुसार 'ब' नै लेख्नुपर्छ, जस्तै:– बाक्लो, बकुल्लो, बापत, ब्लक...।

४. हलन्तको नियम

नेपाली तद्भव र आगन्तुक शब्दहरूको अन्त्यमा (नाम, सर्वनाम र विशेषण तथा अनुकरणात्मक शब्दहरू हल् उच्चारण हुने ठाउँमा पनि) 'अ' स्वर सहित लेखिन्छ, अन्यत्र चाहिं उच्चारणअनुसार हल् भए हलन्त र अच् भए अजन्त नै लेखिन्छ, जस्तै:–

नाम	सर्वनाम	विशेषण	अनुकरणात्मक
कपाल	त्यस	असल	गडबड
कलम	यस	इमान्दार	फलफल

अन्यत्र–

उच्चारणअनुसार अजन्त –तर, पर, अब, गर, मन, बाट...।

उच्चारणअनुसार हलन्त–

अ. क्रियापदको मध्यम पुरुष एकवचन (जस्तै:– गर्, खालास्, खाइस्...) तथा अन्य पुरुषको बहुवचन (जस्तै:–खान्छन्, जाऊन्, खानेछन्...),

आ. अन्य पुरुषकै विध्यर्थक एकवचनमा पनि (जस्तै:– आओस्, खाओस्, जाओस्...),

इ. अव्यय शब्दमा (जस्तै:–कन्, हजारन्, इस्, उस्...)।

हलन्तको नियम

क. हलन्त हुने-- क्रियापदका मध्यम पुरुषको एकवचनमा अनि अन्य पुरुषको बहुवचनमा र अन्य पुरुषकै विध्यर्थक एकवचनमा, जस्तै:–गर्, गरिस्, खालास्, खान्छस्, खाओस्, खाऊन्, खान्छन्...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. पदयोग र पदवियोगको नियम

क. पदयोग

अ. विभक्ति, जस्तैः–देखेकामा, गरेदेखि, रामले, छाना-बाट, घरअगाडिबाट ...,

आ. नामयोगी, जस्तैः– त्यसपछि, देब्रेपट्टि, यसबाहेक, छानामन्तिर ...,

इ. समस्त शब्द, जस्तैः–केटाकेटी, आजभोलि, गाईगोठ, हाँसउठ्दो, गरिहाल ...,

ई. द्वित्व शब्द, जस्तै :– घरघर, भातसात, मालताल, मरमसला, फैफगडा, ऐंचोपेंचो ...,

उ. अकरणको 'न,' जस्तैः– नखेल, नराम्रो, नजान्ने ...,

ऊ. कालसूचक प्रत्यय, जस्तैः–भन्छ, भन्यो, भन्ला, भनेछ ..।

ख. पदवियोग

अ. प्रत्येक शब्द छुट्टाछुट्टै लेखिन्छ,

आ. विभक्ति पछाडिको नामयोगी, जस्तैः– रामको पछि, घरदेखि बाहिर, त्यसभन्दा बाहेक ...,

इ. निपात, जस्तै– राम नै, ऊ त, यो चाहिँ ...,

ई. कृदन्तीय काल (पक्ष) जनाउने पद, जस्तै–खाँदो छु, पढेको छ, हेर्ने थियो, जानु छ, खोजी थियो ...,

उ. विभाजक 'न,' जस्तैः– न ऊ न म ...,

ऊ. बीचमा अवधारणाबोधक शब्द आएमा मिलित क्रिया-पद तथा मिलित क्रियामूलक कृदन्त पनि, जस्तैः– जानु नै पर्छ, खाने नै छ ...,

ए. माथि (क) पदवियोगमा नपर्ने।

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट–ग

संस्कृतमा सन्धिका नियम

(संस्कृतमा सन्धिका मुख्य तीन भेद छन्– **स्वरसन्धि**, **व्यञ्जनसन्धि**, र **विसर्गसन्धि**। यी सबै सन्धिहरूका सामान्य नियम तल दिइएका छन्। नियम-हरूको सामान्यीकरण गर्दा अपवादहरूलाई छाडिएको छ।)

१. स्वरसन्धि

क. दीर्घसन्धि

अ. $\left\{\begin{matrix}\text{अ}\\\text{आ}\end{matrix}\right\} + \left\{\begin{matrix}\text{अ}\\\text{आ}\end{matrix}\right\} \rightarrow [\text{आ}]$

उदाहरण– दाव + अनल → **दावानल**...
हिम + आलय → **हिमालय**...
विद्या + अर्थी → **विद्यार्थी**...
महा + आशय → **महाशय**...।

आ. $\left\{\begin{matrix}\text{इ}\\\text{ई}\end{matrix}\right\} + \left\{\begin{matrix}\text{इ}\\\text{ई}\end{matrix}\right\} \rightarrow [\text{ई}]$

उदाहरण– अभि + इष्ट → **अभीष्ट**...
अधि + ईश → **अधीश**...
मही + इन्द्र → **महीन्द्र**...
नारी + ईश्वर → **नारीश्वर**...।

इ. $\left\{\begin{matrix}\text{उ}\\\text{ऊ}\end{matrix}\right\} + \left\{\begin{matrix}\text{उ}\\\text{ऊ}\end{matrix}\right\} \rightarrow [\text{ऊ}]$

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदाहरण– भानु + उदय → भानूदय...
लघु + ऊर्मि → लघूर्मि...
वधू + उत्सव → वधूत्सव...
भू + ऊर्ध्व → भूर्ध्व...।

ई. [ऋ] + [ऋ] → [ॠ]
उदाहरण– पितृ + ऋण → पितॄण...।[1]

ख. गुणसन्धि

अ. {अ, आ} + {इ, ई} → [ए]

उदाहरण– सुर + इन्द्र → सुरेन्द्र...
देव + ईश → देवेश...
महा + इन्द्र → महेन्द्र...
रमा + ईश → रमेश...।

आ. {अ, आ} + {उ, ऊ} → [ओ]

उदाहरण– चन्द्र + उदय → चन्द्रोदय...
समुद्र + ऊर्मि → समुद्रोर्मि...
महा + उत्सव → महोत्सव...
महा + ऊरु → महोरु...।

इ. {अ, आ} + [ऋ] → [अर्]

---

१. (क-अ) देखि (क-ई) सम्मका नियमहरूलाई एउटै नियमद्वारा यस प्रकार निर्देशित गर्न सकिन्छ–

{ह्रस्व आक्षरिक, दीर्घ आक्षरिक} + {ह्रस्व आक्षरिक, दीर्घ आक्षरिक} → [दीर्घ आक्षरिक]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदाहरण– देव + ऋषि → **देवर्षि**...
महा + ऋषि → **महर्षि**...।

ग. वृद्धिसन्धि

अ. {अ / आ} + {ए / ऐ} → [ऐ]

उदाहरण– एक + एक → **एकैक**..
मत + ऐक्य → **मतैक्य**...
सदा + एव → **सदैव**...
महा + ऐश्वर्य → **महैश्वर्य**...।

आ. {अ / आ} + {ओ / औ} → [औ]

उदाहरण– परम + ओजस्वी → **परमौजस्वी**...
परम + औषध → **परमौषध**...
महा + ओजस्वी → **महौजस्वी**...
महा + औत्सुक्य → **महौत्सुक्य**...।

घ. यण्सन्धि

अ. {इ / ई} → [य्] / —[असवर्ण[२]]

उदाहरण– अति + अन्त → **अत्यन्त**...
इति + आदि → **इत्यादि** ...
प्रति + उपकार → **प्रत्युपकार**...
नि + ऊन → **न्यून**...
प्रति + एक → **प्रत्येक**...

२.**सवर्ण–** एउटै उच्चारण स्थान भएका, जस्तै– अ, आ (सवर्ण कण्ठ्य); इ, ई (सवर्ण तालव्य); उ, ऊ (सवर्ण ओष्ठ्य); ऋ, ॠ (सवर्ण मूर्धन्य)।
असवर्ण– एउटै उच्चारण स्थान नभएका, जस्तै– अ (कण्ठ्य), इ (तालव्य), उ (ओष्ठ्य), ऋ (मूर्धन्य)...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नदी + अर्पण → नद्यर्पण...
देवी + आगम → देव्यागम ...
नदी + ऊर्मि → नद्यूर्मि...
देवी + ऐश्वर्य → देव्यैश्वर्य...।

आ. {उ, ऊ} → [व्] / —[असवर्ण]

उदाहरण– अनु + अय → अन्वय...
सु + आगत → स्वागत...
अनु + इत → अन्वित ..
वधू + आगम → वध्वागम...।

इ. [ऋ] → [र्] / —[असवर्ण]

उदाहरण– पितृ + अनुमति → पित्रनुमति...
मातृ + आदेश → मात्रादेश...।

ङ. अयादिसन्धि

अ. [ए] → [अय्] / —[असवर्ण]

उदाहरण– ने + अन → नयन...
चे + अन → चयन...।

आ. [ऐ] → [आय्] / —[असवर्ण]

उदाहरण– नै + अक → नायक...
गै + अन → गायन...।

इ. [ओ] → [अव्] / — [असवर्ण]

उदाहरण– भो + अन → भवन...
पो + इत्र → पवित्र...
गो + ईश → गवीश...।

उ. [औ] → [आव्] / — [असवर्ण]

उदाहरण– नौ + इक → नाविक...
भौ + उक → भावुक...
पौ + अक → पावक...।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. व्यञ्जनसन्धि

अ. [अघोष अल्पप्राण[३]] → [घोष अल्पप्राण[४]] / — { घोष[५] / स्वर[६] }

उदाहरण– दिक् + अम्बर → **दिगम्बर...**
वाक् + जाल → **वाग्जाल...**
दिक् + भ्रम → **दिग्भ्रम...**
अच् + अन्त → **अजन्त...**
षट् + दर्शन → **षड्दर्शन...**
षट् + रिपु → **षड्रिपु...**
तत् + रूप → **तद्रूप...**
जगत् + बन्धु → **जगद्बन्धु...**
अप् + घट → **अब्घट ...**
अप् + इन्धन → **अबिन्धन...**
वाक् + हरि → **वाग्घरि...**
उत् + हार → **उद्धार...।**

आ. [अघोष अल्पप्राण] → [सवर्गीय नासिक्य[७]] / —[नासिक्य]

उदाहरण– वाक् + मय → **वाङ्मय...**
षट् + मास → **षण्मास...**
जगत् + नाथ → **जगन्नाथ...**
अप् + मय → **अम्मय...।**

इ. [म्] → [ं / सवर्गीय नासिक्य] / — [स्पर्श[८]]

उदाहरण– सम् + कल्प → **संकल्प / सङ्कल्प...**
सम् + गम → **संगम / सङ्गम... ।**

---

३. **अघोष अल्पप्राण** — क्, च्, ट्, त्, प् ।
४. **घोष अल्पप्राण** — ग्, ज्, ड्, द्, ब् ।
५. **घोष** — ग्, ज्, ड्, द्, ब्, घ्, झ्, ढ्, ध्, भ्, य्, र्, ल्, व्, ह् (नासिक्यबाहेक) ।
६. **स्वर** — अ, आ...।
७. **नासिक्य** — ङ्, ञ्, ण्, न्, म्, । **सवर्गीय नासिक्य** —क् ख् ग् घ् →ङ्, च् छ् ज् झ् →ञ्, ट् ठ् ड् ढ् →ण्, त् थ् द् ध् →न्, प् फ् ब् भ् →म् ।
८. **स्पर्श** — **क्** देखि **म्** सम्म ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पम् + चम → पंचम / पञ्चम...
किम् + चित् → किंचित् / किञ्चित्...
सम् + तोष → संतोष / सन्तोष...
सम् + पूर्ण → संपूर्ण / सम्पूर्ण...।

ई. [म्] → [ं] / — { अन्तःस्थ[9] / ऊष्म[10] }

उदाहरण– किम् + वा → किंवा...
सम् + योग → संयोग...
सम् + हार → संहार...।

उ. { त् / द् } → [ल्] / — [ल्]

उदाहरण– उत् + लास → उल्लास...।

ऊ. [छ्] → [च्छ्] / [ह्रस्व स्वर] —

उदाहरण– परि + छेद → परिच्छेद...।

३. विसर्गसन्धि

अ. [:] → [श्] / — { च् / छ् }

उदाहरण– निः + चय → निश्चय...
निः + छल → निश्छल...।

आ. [:] → [ष्] / — { ट् / ठ् }

उदाहरण– धनुः + टङ्कार → धनुष्टङ्कार...
ततः + ठकार → ततष्ठकार...।

---

९. अन्तःस्थ — य्, र्, ल्, व् ।
१०. ऊष्म — श्, ष्, स्, ह् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इ. [:] → [ष्] / { इ, उ } — { क्, ख्, प्, फ् }

उदाहरण– नि: + काम → निष्काम...
नि: + पाप → निष्पाप...
नि: + फल → निष्फल...
दु: + कर → दुष्कर... ।

ई. [:] → [स्] / — { त्, थ् }

उदाहरण– दु: + तर → दुस्तर...
दु: + थकार → दुस्थकार... ।

उ. { इः, उः } → [दीर्घ] / — [र्]

उदाहरण– नि: + रस → नीरस...
नि: + रोग → नीरोग...
दु: + राज → दूराज... ।

ऊ. [:] → [र्] / { –अ[११], –आ } — { स्वर, घोष }

उदाहरण– नि: + गुण → निर्गुण...
नि: + अर्थक → निरर्थक...
नि: + जल → निर्जल...
दु: + गन्ध → दुर्गन्ध...
दु: + नीति → दुर्नीति... ।

---

११. { –अ, –आ } को अर्थ हो यी स्वर ऋण – भएमा अर्थात् अ र आ बाहेक अन्य स्वर भएमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ए. [:] → [ओ] / [अ] — [घोष]

उदाहरण– मनः + भाव → **मनोभाव...**
मनः + योग → **मनोयोग...**
यशः + धरा → **यशोधरा...**
यशः + दा → **यशोदा...**
सरः + वर → **सरोवर...**
पुरः + हित → **पुरोहित...**
अधः + गति → **अधोगति...**
तेजः + राशि → **तेओराशि...**
तेजः + पुञ्ज → **तेजोपुञ्ज...**
वयः + वृद्ध → **वयोवृद्ध...।**

ऐ. [:] → [:] / [अ] — { क्, ख्, प्, फ् }

उदाहरण– प्रातः + काल → **प्रातःकाल...**
पयः + पान → **पयःपान...**
अन्तः + पुर → **अन्तःपुर...।**

ओ. [:] → [○] / [अ] — [–अ]
उदाहरण– अतः + एव → **अतएव...।**

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट–घ

पारिभाषिक शब्द-सूची

(यस पुस्तकमा प्रयुक्त पारिभाषिक शब्दावली र तिनको अङ्ग्रेजी प्रतिरूप)

[अ]

अकर्मक— Intransitive
अक्षर— Syllable
अक्षरमाला— Syllabary
अच्— Vowel
अधिकरण— Locative
अनुकरणात्मक— Onomatopoetic
अनुनासिक— Nasal
अन्तर्राष्ट्रिय स्वनिक वर्णमाला— International Phonetic Alphabet
अन्य पुरुष— Third Person
अपूर्ण (सापेक्ष) विराम— Colon
अभिलक्षण— Feature
अर्थ (वृत्ति)— Mood
अलुक् समास— Improper Compound
अल्पविराम— Comma
अव्यय— Indeclinable

अक्ष—Axis
अक्षरात्मक—Syllabic
अघोष— Unvoiced
अगणनीय— Noncount
अनिवार्य संरचना तत्त्व—Obligatory Element of Structure
अनुक्रम— Sequence, Succession
अन्तर्भाषिक— Intralinguistic
अन्तःस्थ— Sonant
अन्तराल—Indent, Space
अपादान— Ablative
अमानवीय— Inhuman
अभिव्यक्ति— Expression
अर्द्धविराम— Semi-colon
अल्पप्राण— Non-aspirated
अवयव— Organ, Constituent
अव्ययीभाव समास— Adverbial Compound

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[आ]

आक्षरिक लेखन-पद्धति— Syllabic Writing System
आदेश— Substitute
आगन्तुक शब्द— Loan Word
आश्रित— Subordinate
आघात— Accent
आधार तत्त्व— Base Element
आगम— Augment, Intrusion

[उ]

उखान— Proverb
उच्चारण— Articulation, Pronunciation
उत्तम पुरुष— First Person
उद्धरण चिह्न— Inverted Commas, Quotation Marks
उपवाक्य— Clause
उपसर्ग— Prefix
उच्चार— Utterance
उत्क्षिप्त—Flapped
उद्देश्य— Subject
उपवर्ग— Subclass
उपव्यवस्था— Subsystem

[ऊ]

ऊर्ध्व, उक्लँदो —Rising
ऊष्म— Sibilant, Spirant

[ए]

एकवचन— Singular
एकाइ— Unit

[ऐ]

ऐच्छिक—Optional
ऐतिहासिक— Historical, Diachronic

[क]

कथन— Discourse
करण कारक— Instrumental Case
कतर्नी-शब्द— Clipped Words
कर्ता कारक— Nominative Case
करणवाचक— Instrumental
कर्तन— Clipping
कर्ता— Subject
कर्तृवाचक— Agentive

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्तृवाच्य — Active Voice
कर्म कारक — Accusative Case
कर्मवाच्य — Passive Voice
काल — Tense
कोशीय — Lexical
क्रमबद्धता — Concatination
क्रिया पदसमूह — Verb Phrase
कर्म — Object
कर्मधारय समास — Appositional Compound
कारक — Case
कोष्ठक — Bracket
क्रम — Order
क्रिया — Verb
क्रियाविशेषण — Adverb

[ख]

खण्ड, टुक्रा — Segment
खण्डेतर, उपरिखण्डीय — Supra Segmental
खण्डीय — Segmental

[ग]

गणनीय — Count
ग्रहण — Borrowing
गुच्छ — Cluster
ग्राही — Reciever

[घ]

घोष — Voice
घोषीकरण — Vocalisation

[ज]

जातिवाचक — Common
जोड, बल — Emphasis

[ट]

टुक्का — Idiom
टुक्कात्मक — Idiomatic

[त]

तत्पुरुष समास — Determinative Compound
तिर्यक् कारक — Oblique Case
तत्त्व — Element
तुलनावाची शब्द — Comparables

[द]

दिशा — Direction
दिग्विन्यास — Orientation

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दीर्घ— Long
दीर्घीकरण— Lengthening
द्वन्द्व समास— Copulative Compound
द्वितीय व्युत्पन्न शब्द— Secondary Derivative
द्विरुक्त शब्द— Reduplicative Word
दीर्घता— Length
देशज— Indigenous
द्विगु समास— Numeral Compound
द्वित्व— Reduplication, Doubling

[ध]

धातु— Root
ध्वनि, स्वन— Phone
ध्वनिसंवेदन— Phonaesthesis
धातुसर्ग— Primary Suffix
ध्वनिप्रक्रियात्मक संपरिवर्तक— Phonological Alternant

[न]

नाभिक, केन्द्रक— Nucleus
नामधातु— Nominal Root, Denominative
नामयोगी— Preposition
नित्य— Habitual
निरर्थक— Insignificant
निर्जीव— Inanimate
निर्धारक— Determiner
नाम— Noun
नाम पदसमूह— Noun Phrase
नासिक्य— Nasal
निपात— Particle
निर्गत— Output
निर्देशक चिह्न— Dash
निवेश— Input

[प]

पंक्ति—Line
पक्ष— Aspect
पद-विज्ञान— Morphology
पदसमूहात्मक— Phrasal
परिधीय— Peripheral
परिवेश— Context
पश्च सर्ग— Post Position
पंक्तीकरण—Lining
पद— Inflected Word, Word
पदसमूह— Phrase
परसर्ग— Suffix
परिपूरक वितरण— Complimentary Distribution
पर्याय— Synonym

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पार्श्व-अन्तराल —Indent
पार्श्व— Margin
पुनरावर्ती— Recursive
पुनरावर्तक— Recurrent
पुनस्थापन— Replacement
पुनरावर्तन— Recurrence
पूरक— Compliment
पुरुष— Person
प्रकार्य— Function
पूर्ण विराम— Full Stop, Period
प्रकृति— Base
प्रकार्यात्मक — Functional
प्रजनन— Generation
प्रजनक— Generative
प्रतिनामीकरण— Antonomasia
प्रजनित— Generated
प्रश्नवाचक पूर्णविराम— Note of Interrogation
प्रथम व्युत्पन्न शब्द— Primary Derivative
प्रातिसर्ग— Secondary Suffix
प्रातिपदिक— Stem
प्रेरणार्थक— Causative
प्राविधिक शब्द, पारिभाषिक शब्द— Technical Term
प्लुत, अतिदीर्घ— Ultralong

[ब]

बद्ध— Bound
बहिर्भाषिक— Extralinguistic
बहिस्तल— Surface
बहुव्रीहि समास— Attributive Compound
बहुवचन— Plural

[भ]

भविष्यत्— Future
भाववाचक— Abstract
भाषा-अभियान्त्रिकी— Language Engineering
भाषा-योजना— Language Planning
भिन्नकालिक, कालक्रमिक, ऐतिहासिक— Diachronic
भूत— Past

[म]

मध्यम पुरुष— Second Person
महल— Column
महाप्राण— Aspirated
मात्रा— Duration
मानक— Standard
मानवीय— Human
मिश्रण— Blending
मिश्रित शब्द— Blended Word
मुक्त— Free
मुक्त-परिवर्तन— Free Variation
मूर्द्धन्य— Cerebral, Retroflex
मूल शब्द— Radical

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेल, सङ्गति— Agreement, Concord

[य]

योजक चिह्न— Hyphen

योजक चिह्नन— Hyphenation

[र]

रूप— Form, Morph

रूपात्मक— Morphological

रूपायन— Inflection

रूपावली— Paradigm

रूपिम-शृङ्खला — String of Morphemes

रूपध्वनिप्रक्रियात्मक— Morphophonemic

रूपायक सर्ग— Inflectional Suffix

रूपायित— Inflected

रूपिम— Morpheme

रूपिमिक लेखन-पद्धति—Morphemic (Morphographic) Writing System

[ल]

लिङ्ग— Gender

लिपि-विज्ञान— Graphetics

लेखन-पद्धति— Writing System

लेख-प्रक्रिया— Graphology

लेखिम— Grapheme

लिपि— Script

लेखन— Writing

लेखिकी– Graphics, Graphology

लेख-प्रक्रियात्मक—Graphological

लोप— Elision

[व]

वचन— Number

वर्ण— Letter

वर्ण-विन्यास— Spelling, Orthography

वर्णात्मक लेखन— Alphabetic Writing

वाक्— Speech

वाक्य-विज्ञान— Syntax

विकार— Change

विभक्ति— Inflexion

वर्ग— Class

वर्णमाला— Alphabet

वर्ण-विन्यासात्मक— Orthographic

वर्तमान— Present

वाक्यात्मक— Syntactic

वाच्य— Voice

वितरण— Distribution

विराम— Punctuation

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराम चिह्न— Punctuation Mark
विशेषक— Modifier
विशेषण— Adjective
विस्मयादिबोधक— Interjection
विस्मयबोधक पूर्णविराम— Note of Exclamation
व्यञ्जन—Consonant
व्यञ्जन-गुच्छ— Consonant Cluster
व्यक्तिवाचक— Proper
व्यतिरेकी— Contrastive
व्यवस्था— System
व्याकरण— Grammar
व्याकरणात्मक—Grammatical
व्याकरणिक कोटि— Grammatical Category
व्युत्पत्ति— Derivation, Etymology
व्युत्पादक सर्ग— Derivational Suffix
व्युत्पादन— Derivation
व्युत्पन्न, व्युत्पादित— Derivative
व्युत्पन्न शब्द— Derived Word

[श]

शब्द— Word
शब्द-रचना— Word-formation
शब्द-अन्तराल— Word-Space
शब्द-विभाग, पद-विभाग— Parts of Speech
शब्द-वर्ग— Word-Class
शब्दावली— Glossary
शाब्दिक लेखन-पद्धति— Logographic Writing System
शून्य सर्ग— Zero Affix
श्रेणी-मापदण्ड— Rank-Scale

[स]

संक्षेप-पद्धति— Acronymy
संक्षेपित शब्द—Acronym
संपरिवर्तक— Alternant
संयोजक— Conjunction
संरचना— Structure
संरचना-तत्त्व— Element of Structure
संस्थिति— Collocation
सकर्मक— Transitive
सजीव— Animate
सदस्य— Member
सन्निकट अवयव, सन्निहित अवयव— Immediate Constituent
समकालिक, एककालिक— Synchronic
समस्त शब्द— Compound Word
समानाधिकरण— Apposition

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समास— Compound
समूहवाचक— Collective
सम्बन्ध कारक— Genitive Case
सरल कारक— Direct Case
सर्ग-वैपरीत्य— Suffix-opposition
सहायक क्रिया— Auxiliary Verb
सार्थकता— Significance
सीमावर्ती— Marginal
स्तरीकरण— Standardization
स्पर्श— Stop
स्वनिक— Phonetic
स्वनिम— Phoneme
स्वल्पान्तर युग्म— Minimal Pair
स्वेच्छ— Arbitrary
समूह— Mass
सम्प्रदान कारक—Dative Case
सम्बोधन कारक— Vocative Case
सर्ग, गांस— Affix
सर्वनाम— Pronoun
सार्थक— Significant
सार्थक एकाइ— Meaningful Unit
सूक्ष्म लेखन— Narrow Writing
स्थूल लेखन— Broad Writing
स्वर— Vowel
स्वनिक लेखन पद्धति— Phonetic Writing System
स्वनिमिक लेखन-पद्धति—Phonemic Writing System
स्रोत भाषा— Source Language

[ह]

हल्— Consonant
ह्रस्व— Short

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट–ङ

विशिष्ट चिन्हहरू

(यसमा निम्नलिखित चिह्नहरू निम्न विशिष्ट अर्थमा प्रयुक्त भएका छन् । अन्य चिह्नहरू चाहिं सामान्य प्रचलित अर्थमा प्रयुक्त भएका छन् ।)

चिह्न	अर्थ	उदाहरण
{ }	सिद्ध, प्रयुक्तरूप	{ लेखाउला }
[ ]	रचना-प्रक्रिया, बद्ध रूप	[घर् + एलु → घरेलु], [–एलु]
. . .	अरू पनि, इत्यादि	गहूँ, मकै, फापर...
#	विभाजक	राम # को
→	बाट, मा बदलिन्छ	हु → भ, अ + आ → आ
← →	दुवैबाट दुवै, दुवैसंग सम्बन्धित	ए ← → इनी
*	अव्याकरणिक, अप्रयुक्त रूप	*बोलैयाक्कड
∽	संपरिवर्तक	काम् ∽ कम् ∽ कम्म्
↑	प्रमुख आघात	↑ राम
↓	गौण आघात	↓ राम
- - -	खाली, रिक्त	घर् + - - -
/ /	ध्वनि	/ग्/
/	वा, र	व्युत्पादन/रूपायन
–	बद्ध	नि–, –आलु
○	शून्य	पैंचो: प् → ○ : ऐंचो

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्दर्भग्रन्थ-सूची

(अध्याय–१७ का पाद-टिप्पणीमा उल्लिखितवाहेक)

1. Adams, Valerie, An Introduction to Modern English Word-Formation, London: Longman Group LTD, 1973.

2. Allwood, J. et al, Logic in Linguistics, London: Cambridge University Press, 1977.

3. Anderson, John M., On Case Grammar, London: Croom Helm LTD., 1977.

4. Barber, Charles, Linguistic Change In Present-Day English, Edinburgh : Olwer & Boyd, 1964.

5. Berry, Margaret, Introduction to Systemic Linguistics, 1 Structure and Systems, London: B. T. Batesford LTD., 1975.

6.——, Introduction to Systemic Linguistics, 2 Levers and Links, London : B. T. Batesford LTD., 1977.

7. Carey, G. V., Mind The Stop, London : Penguin Books LTD., 1971.

8. Chao, Yuen Ren, Language and Symbolic Systems, Cambridge: Cambridge University Press, Reprint, 1974.

9. Davis, Marianna, Transformational Grammar and Written Sentences, The Hague: Mouton & Co., 1973.

10. Dil, Anwer S. (ed.), Language in Sociocultural Change (Essays by Joshua A. Fishman), California: Standfor University Press, 1972.

11. Dillon, George L., Introduction to Contemporary Linguistic Semantics, New Jersey: Prentice-Hall, Inc., 1977.

12. Dinneen, Francis P., An Introduction to General Linguistics, New York: Holt, Rinehart and Winston, Inc., 1967.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

13. Elson, Benjamin & Pickett, Velma, An Introduction to Morphology and Syntax, California: Summer Institute of Linguistics, 1969.

14. Falk, Julia S., Linguistics And Language: A Survey of Basic Concepts And Implications, New York: John Wiley & Sons, Second Edition, 1978.

15. Fishman, Joshua A. (ed.), Advances in Language Planning, The Hague : Mouton & Co., 1974.

16. —, Advances in the Creation and Revision of Writing System, The Hague : Mouton & Co., 1977.

17. Gelb, I. J., A Study of writing, Chicago : The University of Chicago Press, Second Edition, 1965.

18. Gleason, H.A., An Introduction to Descriptive Linguistics, New Delhi : Oxford & IBH Publishing Co., Fourth Indian Reprint, 1974.

19. Halliday, M. A. K. et al, The Linguistic Sciences and Language Teaching, London : The ELBS and Longman Group LTD., 1970.

20. Hocket, Charles F., A Course in Modern Linguistics, New Delhi : Oxford & IBH Publishing Co., Third Indian Reprint, 1976.

21. Householder, Fred W., Linguistic Speculations, London : Cambridge University Press, 1971.

22. Jones, Daniel, An Outline of English Phonetics, Cambridge : Cambridge University Press, Reprint, 1978.

23. Leggett, Glenn et al, Essentials of Grammar and Composition, New Delhi : Prentice-Hall of India Private Limited, 1978.

24. Lester, Mark, Introductory Transformational Grammar, New Delhi : The Macmillan Company of India LTD., Second Edition, 1977.

25. Malmberg, Bertil, Manual of Phonetics, Amsterdam : North-Holland Publishing Company, 3rd Printing, 1974.

26. Marchand, Hans, The Categories and Types of Present-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Day English Word-Formation, Munich : C. H. Beck, Second Edition, 1969.

27. Markova, Ivana, The Social Context of Language, Chichester : John Wiley & Sons, 1978.

28. Matthews, P. H., Inflectional Morphology, Cambridge : Cambridge University Press, 1972.

29. ——, Morphology, London : Cambridge University Press, 1974.

30. Meetham, A. R. (ed.), Encyclopaedia of Linguistics, Information and Control, Oxford : Pergamon Press LTD., 1969.

31. Milewski, Tedeusz, Introduction to the Study of Language, The Hague : Mouton & Co., 1973.

32. Muir, James, A Modern Approach to English Grammar: An Introduction to Systemic Grammar, London : B. T. Batesford, Reprint, 1976.

33. Nida, Eugene A., Morphology : The Descriptive Analysis of Words, Ann Arbor : The University of Michigan Press, Tenth Printing, 1967.

34. Partridge, Eric, You Have A Point There, London : The ELBS and Hamish Hamilton LTD., Sixth Impression, 1963.

35. Pike, Kenneth Lee, Phonemics : A Technique for Reducing Language to Writing, Michigan : University of Michigan Press, 1948.

36. ——, Phonetics : A Critical Analysis of Phonetic Theory and a Technic for the Practical Description of Sounds, Michigan : University of Michigan Press, 1943.

37. Platt, John T., Grammatical Form and Grammatical Meaning, Amsterdam : North-Holland Publishing Company, 1971.

38. Stageberg, Norman C., An Introductory English Grammar, New York : Holt, Rinehart and Winston, Third Edition, 1977.

39. Quirk, Randolph et al, A Grammar of Contemporary English, London : Longman Group LTD., Sixth Impression, 1976.

40. Robins, R. H., General Linguistics, An Introductory

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Survey, London : Longman Group Limited, New Impression, 1976.

41. Rubin, Joan & Shuy, Roger (ed.), Language Planning : Current Issues and Research, Washington : Georgetown University Press, 1973.

42. Scott, F. S., English Grammar, A Linguistic Study of its Class and Structures, London : Heinemann Educational Books LTD., Reprint, 1973.

43. Wallwork, J. F., Language and Linguistics, London : Heinemann Educational Books LTD., Reprint, 1971.

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुक्रमणिका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अङ्ग्रेजी उपसर्ग, १५७–१५८
टेलि, १५८
ट्रान्स, १५७
भाइस, १५७
सब, १५७
सर, १५७
अङ्ग्रेजी परसर्ग, १६७–१६८
अर, १६७
अरी, १६७
आइज, १६७
इक, १६७
इङ, १६७
इज, १६७
इज्म, १६७
इयर, १६७
इस, १६७
इस्ट, १६७
एज, १६७
एरी, १६७
कल, १६८
नेस, १६८
मेन्ट/मन्ट, १६८
सन, १६८
अनिवार्य संरचना-तत्त्व, ७
अनुकरण-पद्धति, २५, २२४–२३४
अनुच्छेद एकाइ, ३१०
अनुनासिक, ३२२–३२३, ३४८–३५०
अनुस्वार, ३२२–३२३, ३४८–३५०
अनूदित सापटी शब्द, १७०
अन्त्य विराम, ३३०
सामान्य पूर्णविराम, ३३०, ३५३
प्रश्नसूचक पूर्णविराम, ३३०, ३५३
विस्मयसूचक पूर्णविराम, ३३०, ३५३
अन्त्यवर्त्ती निपात, २४०
अन्य पुरुष, १५–१६
अपवाद, ११४
अपूर्ण पक्ष, १७
अप्रधान अवयव, १७८
अरबी उपसर्ग, १५६–१५७
गैर, १५६
बिल्, १५७
ला, १५७
अरबी परसर्ग, १६०–१६२
अर्थ (वृत्ति), १७
अर्थक निपात, २४०
अलुक् समास, २१४
अव्यय, १४
अव्ययीभाव समास, १७९, १८१, १९८–२०१
अव्यय+अव्यय, २००–२०१
अव्यय+नाम, २०१
नाम+ अव्यय, २००
नाम+ नाम, २००
भेदक+भेद्य, १९९–२००
विशेषण+विशेषण, २००
विशेषण+विशेष्य, २००

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आक्षरिक लेखन-पद्धति, ३१०
आगन्तुक शब्द, १९–२३,
१५९–१७०
अङ्ग्रेजी, २१–२२,
१५७–१५८
अरबी, २०–२१,१६०–१६२
इटालियन, २२
ग्रीक, २२
चिनियाँ, २३
जर्मन, २३
डच, २२
तुर्की, २१
पुर्तगाली, २२
फारसी, २१, १५६–१५७,
१६३–१६६
फ्रेन्च, २३
रूसी, २३
ल्याटिन, २२
संस्कृत, २०, ८३–८८,
११५–१२०, १३३–१५८
आगन्तुक शब्दको लेखन, ३२७–३२८
आगन्तुक सर्ग, १५९
आगम, ११४
आज्ञार्थ, १७
आदेश, ११४
आधार तत्त्व, ७, ३३–३५
आधार तत्त्व संपरिवर्तक, ४०
आधेय तत्त्व, ६, ३५–३६
आधेय तत्त्व संपरिवर्तक, ४०

उखान, २८०–२८२, २९१–३०७
को अर्थ, २९९–३०७
को पहिचान, २८०–२८१
को प्रयोग, २९१–२९८
को संरचना, २१८
र टुक्कामा फरक, २८१–२८२
उच्चारण-भिन्नता, ३२३–३२५
उत्तम पुरुष, १५–१६
उपपद समास, १८५
उपवाक्य, २–३
उपविराम एकाइ, ३१०
उपसर्ग, ८, ३६, १२१–१५८
अङ्ग्रेजी, १५७–१५८
अरबी, १५६–१५७
नेपाली, १३०–१३२
फारसी, १५६–१५७
संस्कृत, १३२–१४५
को वितरण (संस्कृत),
१५३–१५६
उपसर्गवत् (संस्कृत शब्द),
१४५–१४८
अधस्, १४५–१४६
अन्तर्, १४६
कु/का/कद्, १४६
नञ्, १४६–१४७
पुरस्, १४७
पुनर्, १४७
पुरा, १४७
प्राक्, १४८
स, १४८
सत्, १४८
स्व, १४८
स्वयम्, १४८

एक वचन, १४–१५
एकशेष, १८५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कतर्ना-शब्द, २५–२६
कर्तन-पद्धति, २५–२६
कर्तृवाच्य, १७
कर्मधारय समास, १७९, १८४,
  १९२–१९६
  आरोप्य+आरोप,
  १९५–१९६
  उपमान+उपमेय, १९५
  उपमेय+उपमान, १९५
  नाम+नाम, १९४
  विशेषण+नाम, १९४
  विशेषण+विशेषण, १९५
कर्मवाच्य, १७
काल, १६
  भविष्यत्, १६
  भूत, १६
  वर्तमान, १६
कारक, १६
  तिर्यक्, १६
  सम्बोधन, १६
  सरल, १६
कोटिहरू, १४–१७
क्रिया, १४
कृत्, ६६, ८०, ८१
कृदन्त, ६७, ८०–८८
क्षुद्रतावाचक शब्द, १०७–१०८

टुक्का, २७४–२८०,२८१–२९१
  को अर्थ, २८५–२९१
  को प्रयोग, २८२–२८५
  को संरचना, २७६–२८०
  र उखानमा फरक,
  २८१–२८२

तत्पुरुष समास, १७९, १८३,
  १८६–१९२, २१२, २१३
  अधिकरण, १९२
  अपादान, १९०
  करण, १८९
  कर्म, १८९
  सम्प्रदान, १९०
  सम्बन्ध, १९१–१९२
तत्सम, १९
तद्भव, १९
तिर्यक् कारक, १६
तद्धित, ८९
तद्धितान्त, ९०

दिग्विन्यास, ३१०
दीर्घ ३१७–३२१, ३३४–३३६
देवनागरी वर्णमाला, ३१४–३१७
देशज शब्द, १९
द्वन्द्व समास,१७९,२०१–२०४,२११
  विपरीतार्थक २०४
  सादृश्यार्थक, २०२–२०४
द्विगु समास, १७९, १८३,
  १९६–१९८
द्वितीय व्युत्पन्न शब्द, ८९–१११
  अव्यय, ९३–१०३
  नाम, ९३–१०३
  विशेषण, ९३–१०३
  सर्वनाम, १०३–१०६
द्वित्व, २१५
द्वित्व-पद्धति, २५, २१५–२२३,
  २२६
  को प्रयोजन, २१७
द्विरुक्त शब्द, २१५–२२३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

का रचना-विधान,
२१७–२२२
द्विरुक्ति, २१६

धातु, ३४, ५५–५९
मूल, ३४, ५५, ५९
व्युत्पन्न, ३४, ५५, ५९
धातुसर्ग, ३६, ६६–७९
क्रियाविशेषण व्युत्पादक–
इन्जेल/उन्जेल, ७८
ई, ७८
एको, ७८
एर, ७९
ता(तँ)/दा(दँ), ७९
तो/दो, ७९
न, ७९
नै, ७९
नाम व्युत्पादक–
अ, ७३
अत, ७३
अन, ७३
अनी, ७३
अन्त, ७४
आ, ७४
आइँ, ७४
आइ, ७४
आउ, ७४
आउनी, ७४
आन, ७४
आनी, ७४
आर, ७४
आरी, ७५
आरो, ७५
आलो, ७५
ई, ७५
उ, ७५
उवा, ७५
एँसो, ७५
एटो, ७५
एत्रो, ७५
एलो, ७५
एरो, ७५
एस, ७५
एसो, ७५
ओ, ७५
ओट/औट/आवट, ७५
औटो, ७६
औलो, ७६
नु, ७६
ती, ७६
विशेषण व्युत्पादक–
अ, ७६
अक्कड, ७६
अन्ता, ७६
अन्ती, ७६
अन्ते, ७६
अल, ७७
आउने, ७७
आउरो/औरो, ७७
आर, ७७
आरु, ७७
आलु, ७७
आस, ७७
आहा, ७७
इलो, ७७
उवा, ७७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एको, ७८
एत्रो, ७८
ऐया, ७८
औटो, ७८
तो/दो, ७८
ने, ७८
र प्रातिसर्गमा फरक,
९१–९२
ध्वनिप्रक्रियात्मक परिवर्तन, ३९
ध्वनिप्रकियात्मक संपरिवर्तक, ४०,
१८२
ध्वनि-संवेदन, २२७–२२८

नञ् समास, १८५
नाम, ११–१२
र सर्वनाममा फरक, १३
नामधातु, १०८–१०९
निक्षिप्त, २३८–२३९
निजी शब्द, १८–२०
निपात, २३५–२४२
अन्त्यवर्त्ती, २४०
अर्थक, २४०
निरर्थक, २४०
मध्यवर्त्ती, २४०
पूर्ववर्त्ती, २४०
पोषक, २४०
वाक्याश्रित, २३९
शब्दाश्रित, २३९
सीमावर्त्ती, २३९,
२४०–२४१
निपातन, ११४
निपातीय प्रयोग, २४०–२४१,
२४२
निरर्थक निपात, २४०
निश्चयार्थ, १७
नेपाली उपसर्ग, १३०–१३२
अ, १३०
अन, १३१
औ, १३१
उन्, १३१
कु/कुइ/क, १३१
दु, १३१
नि, १३१
पर, १३१
बि, १३२
बँ, १३२
स, १३२
सु, १३२

पंक्तीकरण, ३१०
पक्ष, १७
पद, ४५
पदयोग, ३२८–३२९, ३६०
पदवियोग, ३२८–३२९, ३६०
परम्परागत लेखन, ३२५–३२६
पद-विज्ञान, २
पदसमूह, २–३
पदसमूहात्मक समस्त शब्द,
२११–२१४
परसर्ग, ८, ७३–७९, ९२–१११
धातुसर्ग, ७३–७९
प्रातिसर्ग, ९२–१११
परिधीय संरचना-तत्त्व, ७
परिपूरक वितरण, ४०–४१
पारिभाषिक शब्द, २४३–२४४,३६९
पार्श्व-अन्तराल, ३१०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुनरावर्तक, ६३–६४
पुनरावर्तन, ६२–६४
पुनरावर्त्ती, ६३–६४
पुनरुक्त शब्द, २१६
पुनरुक्ति, २१६
पुनर्स्थापन, ६२–६३
पुरुष, १५–१६
अन्य, १६
उत्तम, १६
मध्यम, १६
पुरुषवाचक सर्ग, ११०–१११
पुलिङ्ग, १५
पूर्ण पक्ष, १७
पूर्णविराम एकाइ, ३१०
पूर्ववर्त्ती निपात, २४०
पोषक निपात, २४०
प्रकृति, ७
प्रजनक, २१६
प्रजनित, २१६
प्रतिनाम शब्द, २८
प्रतिनामीकरण, २८
प्रधान अवयव, १७८
प्रत्यय, ७
प्रथम व्युत्पन्न शब्द, ६७–७९
क्रियाविशेषण, ७८–७९
नाम, ७३–७६
विशेषण, ७६–७८
प्रश्नसूचक पूर्णविराम, ३३०
प्रातिपदिक, ३४, ५९–६१
मूल, ३४, ५५, ५९
व्युत्पन्न, ३४, ५५, ५९
प्रातिसर्ग, ३६,८९–१११
क्षुद्रतावाचक,१०७–१०८
नाम, विशेषण, अव्यय-
व्युत्पादक, ९३–१०३
नामधातु व्युत्पादक,
१०८–१०९
पुरुषवाचक, ११०–१११
संख्यावाचक, १०६–१०७
सार्वनामिक, १०३–१०६
स्त्रीवाचक, ११०–१११
प्रादि समास, १८५
प्राविधिक शब्द, २६५–२७३
को अर्थ, २४४,२४९–२६५
का गुण, २४४–२४५
को प्रयोग, २४६–२४९
को प्रयोजन, २४३
को संरचना, २४५–२४६
र सामान्य शब्द, २४४

फारसी उपसर्ग, १५६–१५७
कम, १५६
दर, १५६
ना, १५६
बद, १५७
बर, १५७
बे, १५७
सर, १५७
हर, १५७
फारसी परसर्ग, १६३–१६६
परसर्गवत् प्रयुक्त शब्द,
१६५–१६६

बद्ध रूपिम, ५
बहुउपसर्गी शब्द (संस्कृत),
१४९–१५३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बहुवचन, १४–१५
बहुव्रीहि समास,१७९, १८१,
　　२०४–२१०
　　उपमार्थी/रूपकार्थी,
　　२०८–२०९
　　परिमाणार्थी, २१०
　　व्यतिहार, १८५, २१०
　　सम्बन्धार्थी, २०६–२०८

भविष्यत् काल, १६
भाववाच्य, १७
भाषा-अभियान्त्रिकी, ३११
भाषा-योजना, ३११
भूत काल, १६

मध्यम पुरुष, १५–१६
मध्यविराम, ३३०
　　अल्प, ३३०, ३५०–३५२
　　अर्द्ध, ३३०, ३५२
　　सापेक्ष, ३३०, ३५२–३५३
मध्यवर्ती निपात, २४०
मिश्रण-पद्धति, २७
मिश्रित-शब्द, २७
मुक्त रूपिम, ५
मूल तत्त्व, ५२–६५
मूल धातु, ३४, ५५, ५९
मूल प्रातिपदिक, ३४, ५५, ५९
मूल शब्द, १०
मौखिक र लिखित भाषा,
　　३०८–३०९

योजक एकाइ, ३१०
योजक चिह्न, ३३०

यौगिक शब्द, १०, १७१

रचना-तत्त्व, ५२
रूपप्रक्रियात्मक परिवर्तन, ३९
रूपप्रक्रियात्मक संपरिवर्तक, ४०,
　　१८२
रूपध्वनिप्रक्रिया, ३९–४३
रूपध्वनिप्रक्रियात्मक परिवर्तन,३९,
　　६९–७१, १८१–१८२
　　का नियम, ६९–७१
रूपात्मक संरचना, १–३
रूपायक सर्ग, ४५
रूपायन, २९, ४३–५१
रूपावली, ४५
रूपिम, ३–९
रूपिमिक (योजक) चिह्न, ३३०
रूपिमिक लेखन-पद्धति, ३०९

लिङ्ग, १५
लिपि, ३०९
लेखन, ३०९
लेखन-पद्धति, ३०९–३१०
　　आक्षरिक, ३१०
　　रूपिमिक, ३०९
　　शाब्दिक, ३०९
　　सूक्ष्म, ३१०
　　स्थूल, ३१०
　　स्वनिक, ३१०
　　स्वनिमिक, ३१०
लेखन-विज्ञान, ३१०
लेखनको अनेकरूपता, ३११–३१३
　　बाट उत्पन्न समस्याहरू,
　　३१२–३१३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

का कारणहरू, ३११–३१२
लेखप्रक्रियात्मक श्रेणी-मापदण्ड, ३१०
लेखिकी, ३०९–३१०
लोप, ११४

वचन, १४–१५
विरामचिह्न, ३२९–३३०,३५०–३५४
प्रश्नसूचक, ३१०, ३३०
विस्मयसूचक, ३१०, ३३०
सामान्य, ३१०,३३०
विरामेतर चिह्न, ३२९–३३०
अपूर्णतासूचक, ३३०
उद्धरण, ३३०
ऐजन, ३३०
कोष्ठक, ३३०
निर्देशक, ३३०
संक्षेपक, ३३०
वर्ग (शब्द), ११–१४
वर्ण एकाइ, ३१०
वर्णको अनेकरूपता, ३१४–३१६
वर्ण-विन्यास, ३०८–३३१,
३३४–३५४, ३५५–३६०
वर्तमान काल, १६
वाक्य, २–३
वाक्यात्मक धारणा, २३७–२३८
वाक्यात्मक संरचना, १–३
वाक्याश्रित निपात, २३९–२४०
वाच्य, १७
विकल्प, ११४
विकसित सर्ग, ७३
विग्रह, १८०–१८१
विदेशी शब्द, १६८
विशेषण, १३–१४
विस्मयसूचक पूर्णविराम, ३१०,३३०
वाक्य-विज्ञान, २
व्यतिरेकी वितरण, ४०
व्याकरण, १
व्याकरणात्मक उपव्यवस्था, १–३
व्याकरणात्मक एकाइ, १–३
व्याकरणात्मक कोटिहरू, १४–१७
व्युत्पत्ति, ३
व्युत्पन्न तत्त्व, ५२–६५
धातु, ३४
प्रातिपदिक, ३४
शब्द, १०, ५३
व्युत्पादक सर्ग, ४३
व्युत्पादन, २९, ४३–५१
र रुपायनमा भिन्नता,४९–५१
वृद्धि, ११३–११४

शब्द, २–३, १०
को सापट, १६८–१७०
भण्डार, १८
रचना, १, २–३, ११
रचनाका पद्धति, २३–२८
वर्ग, ११–१४
शब्द-अन्तराल, ३१०
शब्दाश्रित निपात, २३६
शब्दविराम एकाइ, ३१०
शाब्दिक लेखन-पद्धति, ३०९
श्रेणी-मापदण्ड, २–३, १७३,३१०

संख्यावाचक शब्द, १०६–१०७
संक्षेप-पद्धति, २६–२७
संक्षेपित शब्द, २६–२७
संपरिवर्तक, ३९–४३, १८२
संरचना-तत्त्व, १, ७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत उपसर्ग, १३२–१४५
अति, १३३
अधि, १३३
अनु, १३३–१३४
अप, १३४
अभि, १३४
अव, १३५
आ, १३५–१३६
उत्/उद्, १३६–१३७
उप, १३७–१३८
दुर्/दुस्, १३८
नि, १३८–१३९
निर्/निस्, १३९–१४०
परा, १४०
परि, १४०
प्र, १४०–१४१
प्रति, १४१–१४२
वि, १४२–१४३
सम्, १४३–१४४
सु, १४५
संस्कृत कृदन्त, ८०–८८
संस्कृत कृत् सर्ग, ८०–८८
अङ/अ, ८३
अच्/अ, ८३
अप्/अ, ८३
घञ्/अ, ८४
ण्वुल्/अक, ८४–८५
ल्युट्/अन, ८५
अनीयर्/अनीय, ८५
टाप्/आ, ८५
णिनि/ई, ८५
उक, ८६
ऊक, ८६
क्त/त, ८६
तृच्/तृ, ८७
क्तिन्/ति, ८७
यत्/य, ८७
क्यप्/य, ८७
ण्यत्/य, ८७
ल्यप्/य, ८७
संस्कृत तद्धितान्त, ११३–१२०
संस्कृत तद्धित सर्ग, ११२–१२०
अण्/अ, ११५
आलुच्/आलु, ११५
ठक्/इक, ११५
इतच्/इत, ११६
डिमच्/इम, ११६
इमनिच्/इमा, ११६
घ/इय, ११६
इलच्/इल, ११६
इष्ठन्/इष्ठ, ११६
इनी/ई, ११६
खञ्/ईन, ११७
छ/ईय, ११७
ष्कन्/क, ११७
चित्, ११७
ट्युल्/तन, ११७
तमप्/तम, ११७
तरप्/तर, ११७–११८
तसिल्/ तः, ११८
त्रल्/त्र, ११८
तल्/ता–त्व, ११८
थाल्/था, ११८
दा, ११८
धा, ११८
म, ११८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मयट्/मय, ११८–११९
मतुप्/मान्, ११९
यञ्/य, ११९
ण्य/य, ११९
र, ११९
लच्/ल, ११९
वति/वत्, ११९
वतुप्/वान्, ११९–१२०
विन्/वी, १२०
शस्/शः, १२०
संस्कृत शब्दको लेखन, ३२७–३२८
सङ्केतार्थ, १७
सन्देहार्थ, १७
सन्धि, ३९, ६९, १८१–१८२,
१८३, परिशिष्ट–ग
सन्निकट अवयव, ८, १७७–१७८
समस्त शब्द, १७१–२१४
समास, १७१–२१४
अलुक्, २१४
अव्ययीभाव, १९८–२०१
कर्मधारय, १९२–१९६
तत्पुरुष, १८६–१९२
द्वन्द्व, २०१–२०४
द्विगु, १९६–१९८
पदसमूहात्मक, २११–२१४
बहुव्रीहि, २०४–२१०
का प्रयोजनहरू,
१८२–१८३
समास-पद्धति, २४, १७१–२१४
सम्बोधन कारक, १६
सम्भावनार्थ, १७
सरल कारक, १६
सर्ग, ७, ३५, ६१–६५
पद्धति, २३, २९–५१,२२६
विधान, ३६–३९
वैपरीत्य, ११०–१११
सर्वनाम, १२–१३
सह समास, १८५
सापटी शब्द, १९, १५९, १६८
सापेक्ष विराम, ३१०, ३३०,
३५२–३५३
सामान्य पक्ष, १७
सामान्य पूर्णविराम, ३१०, ३३०,
३५३
सीमावर्त्ती निपात, २३९,
२४०–२४१
सूक्ष्म लेखन, ३१०
स्तरीकरण, ३११
स्त्रीलिङ्ग, १५
स्त्रीवाचक सर्ग, ११०–१११
स्रोत, स्रोत-भाषा, २०
स्थूल लेखन, ३१०
स्वनिक लेखन-पद्धति, ३१०
स्वनिमिक लेखन-पद्धति, ३१०

हलन्त, ३३५–३३९, ३५९
ह्रस्व-दीर्घ, ३१७–३२१,
३३४–३३६, ३५१–३५८

□

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाम : मोहनराज शर्मा

जन्म-मिति : १०।१०।१९४० ई०

जन्म-स्थान : दलकाप, धर्मस्थली, काठमाडौं

पद : सह-प्राध्यापक (नेपाली)

शिक्षा : एम्० ए० (इतिहास), काशी हिन्दू विश्वविद्यालय, १९६०ई०
एम्० ए० (नेपाली), त्रिभुवन विश्वविद्यालय, १९६५ ई०

कार्य : उप-प्राध्यापक, मेची महाविद्यालय, भद्रपुर, २०२५ वि०
क्याम्पस-प्रमुख, मेची क्याम्पस, भद्रपुर, २०३१ वि०
सह-प्राध्यापक, कीर्तिपुर बहुमुखी क्याम्पस, २०३४ वि०

प्रकाशन : च्याँखे-धर्ना (२०२४ वि०)
रस-चिनारी (२०२५ वि०, 'नवरस'मा गाभिएको)
नेपालीका केही आधुनिक साहित्यकार (२०२६ वि०)
शब्द-रचना र वर्ण-विन्यास (२०३१ वि०)
नेपाली साहित्यको संक्षिप्त इतिहास (२०३४ वि०, सहलेखन)
कथाको विकास-प्रक्रिया (२०३५ वि०)

Jayatu Sanskritam, Kathmandu, Nepal